## विश्वासीहरूका निम्ति लेखिएको
## पवित्र बाइबलको टिप्पणी

# पुरानो नियमको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:

**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:

**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
पश्चिम बंगाल
भारत

Please visit our webpage for additional literature.
These publications are available as pdf files from:
www.nbcinepal.org
or write to: nbcinepal@gmail.com

Printed at:

# सूचिः


| | पृष्ठ सङ्ख्याः |
|---|---|
| पुरानो नियमको भूमिका | ९ |
| **पेन्टटुकः** | |
| पेन्टटुकको भूमिका | २१ |
| उत्पत्तिको पुस्तकको टिप्पणी | ३१ |
| प्रस्थानको पुस्तकको टिप्पणी | १२१ |
| लेवीको पुस्तकको टिप्पणी | २०३ |
| गन्तीको पुस्तकको टिप्पणी | २५९ |
| व्यवस्थाको पुस्तकको टिप्पणी | ३११ |
| **ऐतिहासिक पुस्तकहरूः** | |
| ऐतिहासिक पुस्तकहरूको भूमिका | ३६९ |
| यहोशूको पुस्तकको टिप्पणी | ३७५ |
| न्यायकर्ताहरूको पुस्तकको टिप्पणी | ४११ |
| रूथको पुस्तकको टिप्पणी | ४५५ |
| १ शमूएलको पुस्तकको टिप्पणी | ४७१ |
| २ शमूएलको पुस्तकको टिप्पणी | ५१७ |
| १ राजाहरूको पुस्तकको टिप्पणी | ५६१ |
| २ राजाहरूको पुस्तकको टिप्पणी | ६१९ |
| १ इतिहासको पुस्तकको टिप्पणी | ६७५ |
| २ इतिहासको पुस्तकको टिप्पणी | ७११ |
| एज्राको पुस्तकको टिप्पणी | ७५३ |
| नहेम्याहको पुस्तकको टिप्पणी | ७७३ |
| एस्तरको पुस्तकको टिप्पणी | ७९७ |
| **कवितासंग्रहका पाँचवटा पुस्तकहरूः** | |
| कवितासंग्रहका पाँचवटा पुस्तकहरूको भूमिका | ८१९ |
| अय्यूबको पुस्तकको टिप्पणी | ८२९ |
| भजनसंग्रहको पुस्तकको टिप्पणी | ८८१ |
| हितोपदेशको पुस्तकको टिप्पणी | १२४५ |
| उपदेशकको पुस्तकको टिप्पणी | १३८७ |
| श्रेष्ठगीतको पुस्तकको टिप्पणी | १४५३ |

| क्रमशः | पृष्ठ सङ्ख्याः |
|---|---|
| **भविष्यवक्ताहरूका पुस्तकहरूः** | |
| भविष्यवक्ताहरूका पुस्तकहरूको भूमिका | १४७१ |
| ***क)*** *मुख्य भविष्यवक्ताहरूका पुस्तकहरू* | |
| यशैयाको पुस्तकको टिप्पणी | १४७९ |
| यर्मियाको पुस्तकको टिप्पणी | १५६९ |
| विलापको पुस्तकको टिप्पणी | १६२३ |
| इजकिएलको पुस्तकको टिप्पणी | १६३७ |
| दानियलको पुस्तकको टिप्पणी | १७०१ |
| | |
| ***ख)*** *साना भविष्यवक्तहरूका पुस्तकहरू* | |
| होशेको पुस्तकको टिप्पणी | १७३३ |
| योएलको पुस्तकको टिप्पणी | १७५३ |
| आमोसको पुस्तकको टिप्पणी | १७६५ |
| ओबद्याहको पुस्तकको टिप्पणी | १७८१ |
| योनाको पुस्तकको टिप्पणी | १७९१ |
| मीकाको पुस्तकको टिप्पणी | १८०३ |
| नहूमको पुस्तकको टिप्पणी | १८१७ |
| हबक्कूकको पुस्तकको टिप्पणी | १८२७ |
| सपन्याहको पुस्तकको टिप्पणी | १८४१ |
| हाग्गैको पुस्तकको टिप्पणी | १८५३ |
| जकरियाको पुस्तकको टिप्पणी | १८६१ |
| मलाकीको पुस्तकको टिप्पणी | १८८९ |

## विषयबद्ध लेखहरू र प्रतिपादयितहरूः


| | पृष्ठ सङ्ख्याः |
|---|---|
| १) पवित्र धर्मशास्त्र बाइबलमा प्रस्तुत गरिएका मुख्य करारहरू | ५३ |
| २) खतनाको चिन्ह | ७४ |
| ३) समलिङ्गी यौनको सम्बन्धको विषयमा पवित्र बाइबलको शिक्षा के हो ? | ७६ |
| ४) प्रतीकात्मक व्याख्या | १०८ |
| ५) युग-युगअनुसार परमेश्वरका विभिन्न प्रबन्धहरू के-के हुन् ? | १५६ |
| ६) निवासस्थानः ख्रीष्ट येशूको चित्रण गर्ने परमेश्वरको नमुना | १८१ |
| ७) शरण-नगरहरू | ४०२ |
| ८) परमप्रभुका दूत | ४२८ |
| ९) राज्यको विभाजन | ५९२ |
| १०) देखा परेका अमेलहरूको विषयमा गरिने छलफल | ७१७ |
| ११) मसीह राजा सम्बन्धित भजनहरू | ८८५ |
| १२) अभिशापका भजनहरू | ११४७ |
| १३) हजार वर्षको राज्यमा चढ़ाइने बलिदानहरू | १६९३ |
| १४) पुरानो नियम र नयाँ नियमको बीचमा भएको अन्तराल समय | १९०३ |

# रेखा-चित्र र नक्साहरूः


| | पृष्ठ सङ्ख्याः |
|---|---|
| १) आदमको वंशावली | ६१ |
| २) उत्पत्ति १० अध्यायमा उल्लेख गरिएका जातिहरूको भौगोलिक विभाजन | ६२ |
| ३) अब्राहाम जिइरहेको उहिलेको संसारको भूभाग | ६६ |
| ४) प्रतिज्ञा गरिएको देश | ६७ |
| ५) यूसुफको मिस्र देशतर्फको यात्राको बाटो | १०१ |
| ६) मोशा मिद्यान देशमा भागेको र मिस्र देशमा फर्केको यात्रा | १३५ |
| ७) इस्राएलीहरूले मिस्र देशदेखि कनान देशसम्म पूरा गरेको प्रस्थानको जम्मै यात्रा | १४६ |
| ८) उजाड़स्थानमा भएको निवासस्थान | १७३ |
| ९) उजाड़स्थानदेखि कनान देशको छेउसम्म इस्राएलीहरूले गरेको यात्रा | २९३ |
| १०) कनान देशको आसपास | ३०५ |
| ११) यहोशूले कनान देशमाथि चढ़ाइ गरेका सैनिक अभियानहरू | ३८८ |
| १२) इस्राएली जातिका न्यायकर्ताहरू | ४१५ |
| १३) इस्राएलका दमनकर्ताहरू र छुटकारा दिने न्यायकर्ताहरू | ४२३ |
| १४) राजा शाऊलले दाऊदलाई खेदो गरेका ठाउँहरू | ५०० |
| १५) दाऊदको राज्य | ५५२ |
| १६) राजा सुलेमानको राज्य | ५७५ |
| १७) यहूदा र इस्राएलका राजाहरू र भविष्यवक्ताहरू | ५८८ |
| १८) इस्राएलको विभाजित राज्य | ५९१ |
| १९) भविष्यवक्ता एलियाको जीवन | ६०३ |
| २०) बेबिलोनको साम्राज्य | ६६४ |
| २१) यहूदामाथि नबूकद्नेस्सरका आक्रमणहरू | ६७१ |
| २२) निर्वासनबाट फर्केकाहरूका यात्राहरू | ७६० |

| क्रमशः | पृष्ठ सङ्ख्याः |
|---|---|
| २३) फारसको साम्राज्य | ८०० |
| २४) कवितासंग्रहअन्तर्गत तीनवटा बुद्धि-साहित्यका पुस्तकहरू र कबिताका अरू दुईवटा पुस्तकहरू कालक्रमअनुसार प्रस्तुत गरिएको | ८२३ |
| २५) नवीकरणमा पुर्‍याउने बाटोका चारवटा कदमहरू | १६२८ |
| २६) इजकिएल एक अध्यायमा प्रस्तुत गरिएको दर्शनअनुसार लेखकले कल्पना गरेका सिंहासनरूपी रथको नक्सा | १६४७ |
| २७) इजकिएलले दर्शनमा देखेको मन्दिरको नक्सा | १६८६ |
| २८) सिकन्दर महान्को ग्रीक साम्राज्य | १७२४ |
| २९) प्यालेस्टाइनचाहिँ टोलेमीहरूको नियन्त्रणमा रहेको | १७२५ |
| ३०) प्यालेस्टाइन सेल्यूकीहरूको नियन्त्रणमा रहेको | १७२६ |
| ३१) प्यालेस्टाइन रोमी नियन्त्रणमा रहेको | १७२७ |
| ३२) आमोसको पुस्तकअनुसार परमेश्वरको न्यायमा परेका ठाउँहरू | १७७२ |
| ३३) अश्शूरको साम्राज्य | १७९५ |

# पुरानो नियमको भूमिका

*'हाम्रो विचारमा, पुरानो नियमले ख्रीष्ट येशू स्वयम्‌बाट सर्वोच्च मान्यता पाएको छ; ... अनि जुन कुरा हाम्रा मुक्तिदाता प्रभुको निम्ति नभई नहुने अनिवार्य कुरा हुन्थ्यो, त्यो कुरा हामी उहाँका मुक्ति पाएका जनहरूको निम्ति झन् बढ़ी अपरिहार्य हुन्छ।'*

*प्राध्यापक श्री जे. ए. स्मिथ*

### क) पुरानो नियमको नाम कहाँबाट आयो ?

पुरानो नियमको गहन बाइबल-अध्ययन गर्नुभन्दा अघि अथवा त्यसको एउटा सानो अंश अर्थात् त्यसको कुनै एउटा पुस्तक मात्र अध्ययन गर्नुभन्दा अघि 'पुरानो नियम' नामक पवित्र धर्मशास्त्रको सम्बन्धमा केही सामान्य तथ्यहरूको विषयमा जानकारी पाउनु समुचित र लाभदायक देखिन्छ।

यो 'नियम' भन्ने शब्द 'बेरित'[1)] भन्ने हिब्रू शब्दबाट अनुवाद गरिएको हो। अनि नयाँ नियममा करार, वाचा र इच्छा-पत्र एकै ग्रीक शब्दबाट अर्थात् 'डिअथेके' नामक शब्दबाट अनुवाद गरिएको छ। अनि निस्सन्देह, पवित्र धर्मशास्त्र बाइबलको सम्बन्धमा 'नियम' भन्नुभन्दा 'करार' वा 'वाचा' भन्नु अवश्य बढ़ी अर्थपूर्ण र बढ़ी उपयुक्त हुनेथियो; किनभने पवित्र धर्मशास्त्रअन्तर्गत परमेश्वर र उहाँको प्रजाको बीचमा स्थापित गरिएको सन्धि, सम्झौता, वाचा वा करार पेश गरिएको छ।

नयाँ नियमबाट छुट्ट्याउनका निम्ति यो करार 'पुरानो नियम' भनिएको हो। तर अघि प्रस्तुत गरिएको हाम्रो उक्त तर्कअनुसार पवित्र बाइबलको यस खण्डको शीर्षक 'नयाँ करारभन्दा अघिको करार' भन्नु उचित हुनेथियो; किनकि कति मानिसहरूको विचारमा, पुरानो भइसकेको र प्रचलित हुन छोड़ेको कुरा किन पढ़िबस्नु त? योचाहिँ तिनीहरूको निम्ति अर्थहीन हुनेथियो। तर आत्मिक दृष्टिकोणमा यो एउटा प्राणघातक त्रुटि हुनेथियो, अँ, ऐतिहासिक वा सांस्कृतिक हिसाबले पनि यो एउटा ठूलो गल्ती ठहरिनेथियो। किनभने पुरानो नियम र नयाँ नियम, यी दुवै नियमहरू परमेश्वरको प्रेरणाको फल हुन्, र यही कारणले सबै ख्रीष्ट-विश्वासीहरूका निम्ति अति लाभदायक हुन्छन्। पवित्र बाइबलको नयाँ नियम खोलेर ख्रीष्ट-विश्वासीले घरिघरि हाम्रा प्रभु येशूको जीवनको वृत्तान्त पढ्नुमा, उहाँको मण्डलीको विषयमा आफ्नो ज्ञान बढ़ाउनुमा र उहाँको चेलाको चाल कस्तो हुनुपर्छ, सो जान्नुमा कुनै गल्ती छैन नै; तर कुनै ख्रीष्ट-विश्वासी आत्मिक तवरले पूरा सुसज्जित हुनु हो भने, उसका निम्ति पुरानो नियमको ज्ञान हासिल गर्नु अति महत्त्वपूर्ण हुन्छ; यस कुरामाथि बढ़ीभन्दा बढ़ी जोर दिनु आवश्यक छ।

तब पुरानो नियम र नयाँ नियमको बीचको सम्बन्ध केजस्तो छ? हामी यो सन्त ओगस्टीनको शब्दमा भन्छौं, जसले यी

कराारहरूको बीचको सम्बन्ध निम्न उपयोगी शब्दले व्यक्त गरेका छन्:

> *'नयाँ नियमको प्रकाश पुरानो नियममा लुकिएको छ;*
> *अनि पुरानो नियमको अर्थ नयाँ नियममा खोलिएको छ।'* [2)]

**ख) पुरानो नियमको कानुन कसरी बन्यो त ?**

कानुन भन्ने शब्द ग्रीक भाषाको शब्द हो, जसको शाब्दिक अर्थचाहिँ नापतौल वा मूल्याङ्कन गर्ने 'मापक' हो। यसर्थ पुरानो नियमको कानुनचाहिँ उहिलेदेखि नै इस्राएली जातिका आत्मिक अगुवाजनहरूको मान्यता प्राप्त भएका, परमेश्वरको प्रेरणायुक्त र यसकारण ईश्वरीय अधिकार प्राप्त ऐनकानुन मानिएका पुस्तकहरूको सङ्ग्रह हो। तर पुरानो नियमरूपी दिव्य कानुन मानिएका पवित्र पुस्तकहरू केवल यी नै हुन् र यी उनन्चालीसवटा पुस्तकहरूमध्ये एउटा पनि बढ़ी भएको छैन भन्ने कुरा हामी कसरी जान्न सक्छौं ? किनकि उहिले प्राचीन कालमा लेखिएका अरू धार्मिक लेखहरू छँदैछन्, विधर्म मानिएका पुस्तकहरू पनि छन्। तब यी पवित्र पुस्तकहरूको विषयमा यी बिलकुल सही हुन् भनेर हामी कसरी सुनिश्चित हुन सक्छौं त ?

यस विषयमा धेरैजसो सुन्नमा आएको कुरा यस प्रकारको छः इस्वी संवत्को पहिलो शताब्दीमा एउटा यहूदी सभा बसेको थियो, र त्यस सभाले यो कानुनी सूचि तयार गरेको हो। तर खास कुरा अर्को छः यी पुस्तकहरू लेखिनासाथ कानुन ठहरिएका थिए; किनभने शुरुदेखि नै समझदार यहूदी भक्त जनहरूले पवित्र धर्मशास्त्रका यी पुस्तकहरू परमेश्वरको प्रेरणाद्वारा लेखिएका पुस्तकहरूको रूपमा चिनिहाले। तर एस्तर, उपदेशक, श्रेष्ठगीतका पुस्तकहरूको विषयमा केही समय ती सभासद्हरूको बीचमा विवाद चलेको थियो।

यहूदीहरूले पुरानो नियम तीन भाग गरे; तिनीहरूले तोरा, भविष्यवक्तहरूका पहिलेका र पछिका लेख अनि अन्य लेखहरूको बीचमा छुट्ट्याए।[3)]

दानियलको पुस्तकको विषयमा विभिन्न धारणा पाइन्छन्, जस्तैः 'यो भविष्यवक्ताको लेख कहाँ हो र? यो पुस्तक भविष्य-वक्ताहरूका लेखहरूमा होइन, तर अन्य लेखहरूको खण्डमा राख्नुपर्छ' भन्ने विचार-धारणा छ। यो उदारवादी विद्वान्हरूको सर्वमान्य धारणा हो। यी विद्वान्हरू दानियलले आफ्नो पुस्तक लेख्ने बेलामा त्यो दोस्रो खण्ड बन्द भइसकेको ठान्छन्; यो पुस्तक पछि लेखिएको हुनाले यस दोस्रो खण्डमा हालिन ढिलो भइसक्यो भन्छन्। (यस सम्बन्धमा अधिक जानकारी पाउनको निम्ति तपाईंले कृपया दानियलको पुस्तकको भूमिका पढ्नुहोला।)

कति बाइबल-संरक्षकहरूको धारणा यस प्रकारको छः उनीहरूले दानियलको पुस्तक तेस्रो खण्डमा हाल्नु उचित किन देख्छन् भने, किनभने तिनी तिनको बोलावटअनुसार भविष्यवक्ता थिएनन्, तर राजनेता थिए, जसलाई परमेश्वरले यो भविष्यवाणी लेख्न प्रयोग गर्नुभएको थियो। तर डा. मेरिल एफ. उङ्गरले सिकाएअनुसार पुरानो नियमका यी तीन खण्डहरू लेखकहरूको पदमाथि निधारित भई सुनिश्चित गरिए।[4)]

> 'यो संरक्षकहरूको धारणा हो; अनि हामी विश्वास गर्छौं कि यो सठीक धारणा हो। पुरानो नियमका सबै पुस्तकहरू एउटा विशेष उद्देश्यले, अँ, ईश्वरीय कानुनको रूपमा पवित्र मानिएका हुन् भन्ने मनसायले लेखिएका हुन्। यसकारण यी लेखहरूको पहिलो प्रकाशन हुने बेलादेखि नै यी पवित्र लेखहरूमाथि प्रामाणिकताको छाप थियो। यसकारण

बुझ्नुहोस्ः पुरानो नियमका यी तीनवटा खण्डहरू यिनमा ईश्वरीय धेरथोर प्रेरणाको दृष्टिकोणले छुट्ट्याइएनन्, न ता यी खण्डहरू यिनका सामग्रीहरूमा भएका भिन्नताहरू वा यी पुस्तकहरू लेखिएको कालक्रमको फल थियो, तर यी पवित्र लेखहरू तीनवटा खण्डमा भिवाजन गर्नुचाहिँ लेख्ने लेखकहरूको औपचारिक पद र तिनीहरूको महत्त्वको फल थियो।' [5)]

अनि अब त्यस उक्त यहूदी सभाको कुरा आयो। त्यस सभाले औपचारिक रूपले हाम्रो हातमा आएको कानुन पारित त गर्‍यो; तर त्यसले यसरी खास गरी सयौं वर्षअघिदेखि सर्वमान्य भइसकेको र सबैद्वारा स्वीकार गरिएको कुरा मात्र पुष्टि गर्‍यो। त्यस सभाले ईश्वरीय प्रेरणाद्वारा प्रेरित भई लेखिएका पुस्तकहरूको सूचि तयार त गर्‍यो; तर त्यो सूचिचाहिँ परमेश्वरको प्रेरणाको फल थिएन होला।

तर यस सम्बन्धमा हामी इसाईहरूको निम्ति योभन्दा अर्को कुरा अझै महत्त्वपूर्ण छः हाम्रा प्रभु येशूले घरिघरि पुरानो नियमका यी तीनवटा खण्डहरूबाट केही न केही अंश उद्धृत गर्नुभयो र यी तीनवटा भागहरूमा समावेश भएका सबै पुस्तकहरूमा भएको कानुनी अधिकार मान्नुभयो। तपाईंले यसको उदाहरणको रूपमा लूका २४:२७ र ४४ पद हेर्नुहोला! अनि हामी यो कुरा पनि याद गरौंः ख्रीष्ट येशूले 'अपोक्रूफा' नामक पुस्तक-हरूबाट कहिल्यै, अँ, कहिल्यै कुनै खण्ड उद्धृत गर्नुभएन।

## ग) अपोक्रूफा के हो?

परम्परासम्मत पूर्वीय अर्थोडक्स चर्च, रोमन क्याथोलिक चर्च र प्रोटेस्टेण्ट चर्चका बाइबल-विद्वान्‌हरू सबैले नयाँ नियमका सत्ताइस पुस्तकहरू कानुनको रूपमा मान्छन्।[6)] अनि नयाँ नियमका पुस्तकहरूको सूचिको क्रम सर्वमान्य छ; अनि यी पुस्तकहरूका दुई सय साठीवटा अध्याय-हरूको यथार्थतामा कुनै शङ्का छैन। तर पुरानो नियमको विषयमा कुरा यति सजिलो छैन, तर निक्कै जटिल छ।

प्रोटेस्टेण्ट मण्डलीहरू र यहूदीहरूको बीचमा पुरानो नियमको सामग्रीको विषयमा एकमत छ; तर पूर्वीय अर्थोडक्स चर्च र रोमन क्याथोलिक चर्चले कति गैर-कानुनी पुस्तकहरू[7)] पनि स्वीकार गर्छन्, जुनचाहिँ यहूदी इतिहास र तिनीहरूको कविता-रचना हुन्। ती किताबहरूको नाम डोइटेरो-कानुनी राखिएको छ, जुन ग्रीक-शब्दको अर्थ उप-कानुनी हो। तर प्रोटेस्टेण्टहरू र यहूदी-हरूले ती गैर-कानुनी किताबहरूको नाम 'अपोक्रूफा' अर्थात् अप्रामाणिक ग्रन्थ राखे। (ग्रीकमा अपोक्रूफोस्‌को अर्थ गोप्य हो[8)])।

वर्तमान के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरू[9)], साथै अन्य विश्वासयोग्य प्रोटेस्टेण्ट बाइबल-संस्करणहरूमा पुरानो नियमका जुन उनन्चालीस पुस्तकहरू समावेश गरिएका छन्, ठीक ती उनन्चालीस पुस्तकहरू हिब्रू बाइबलमा पनि हालिएका चौबीस पुस्तकहरू हुन्। पुस्तकहरूको सङ्ख्यामा किन हेरफेर भएको छ? किनभने यहूदी बाइबलका संस्करणहरूमा शमूएलका दुईवटा पुस्तक, राजाहरूका दुईवटा पुस्तक र इतिहासका दुईवटा पुस्तक केवल तीनवटा पुस्तक भएका छन्; अनि 'साना भविष्यवक्ताहरू'का पुस्तकहरूको नाम 'बाह्रजनाका लेखको पुस्तक' भनिएको छ र यी बाह्रवटा पुस्तकहरू एउटै पुस्तकको रूपमा गनिएका छन्।

यहूदीहरूले उहिलेदेखि नै धेरै अन्य धार्मिक किताबहरू लेख्ने गर्थे, र अझै पनि लेख्ने गर्छन्। तर तिनीहरूले यी किताबहरू कहिल्यै परमेश्वरको प्रेरणाको फल सम्झेनन्, अँ, कानुनको योग्य ठानेनन्। ती किताबमध्ये

पहिलो र दोस्रो मक्काबीहरूका पुस्तक पढ्न लायक छन्; किनकि पुरानो नियम र नयाँ नियमको बीचको समयको इतिहास ती किताबहरूमा उल्लेख गरिएको छ। तर 'बेल र अजिङ्गर' आदि किताबहरू विवेकशील मानिसहरूको निम्ति मात्र केही हदसम्म पढ्न उचित होला, जसले ती किताबहरूको गैर-कानुनी रचना तत्कालै देख्छन्, बुझ्छन् र यतिमा राख्छन्।

यस यहूदी साहित्यका कमसल किताबहरू 'प्सेउडो-एपिग्राफा' भन्ने नामले चिनिन्छन्, जसको अर्थ 'झूटा लेखहरू' हो; तीमध्ये अलिक स्तरीय किताबहरूको नाम 'अपोक्रूफा' हो। केही प्राचीन यहूदी र इसाई-हरूले, अनि विशेष गरी मिस्र देशका गूढ़ज्ञानवादीहरूले पुरानो नियमको कानुन बढ़ाउन खोजे र यी गैर-कानुनी किताब-हरूमध्ये कुनै-कुनै यसमा समावेश गरे। अनि जब डमसस नाम गरेका रोमका बिशपले पण्डित श्री जेरोमलाई, जो इस्वी संवत् ३४७-४२० सालमा बाँचे, 'वुल्गेट' नामक ल्याटिन बाइबलको अनुवाद गर्दा अपोक्रूफाका किताबहरू पनि अनुवाद गर्नुपर्छ भन्ने आग्रह गरे, तब तिनले त्यस कुराको निक्कै विरोध गरे; किनभने तिनले हिब्रू साहित्य राम्ररी जान्दथिए, र अपोक्रूफाका ती किताबहरू यहूदी पवित्र कानुनका अलि कति योग्य थिएनन् भन्ने कुरा पनि जान्दथिए। तब के गर्ने? यी किताबहरूको रचनाको निम्न स्तर जान्दा-जान्दै र नचाहँदै पनि तिनले यी किताबहरू 'वुल्गेट' नाम गरेको ल्याटिन बाइबलमा अनुवाद गरेर समावेश गरे। वर्तमान समयमा यी अपोक्रूफाका किताबहरू कति रोमन क्याथोलिक बाइबल-संस्करण-हरूमा, जस्तैः New American Bible and The Jerusalem Bible मा; साथै एकुमेनिकल बाइबल-संस्करणहरूमा, जस्तैः New English Bible, The Revised English Bible and New Revised Standard Version मा समावेश गरिएका छन्।

अनि यो कुरा पनि हामी भनिहालौंः रोमन क्याथोलिक चर्चले पनि धेरै समयसम्म अपोक्रूफाका किताबहरू कानुनी मानेको थिएन; केवल धर्मसुधारको विरोधमा चलेको आन्दोलनको समयमा अर्थात् इस्वी संवत् १५०० सालतिर[10)] तिनीहरूले अपोक्रूफाका किताबहरू कानुनी ठहराए। यसो गरेको मुख्य कारण के थियो भने, मरेकाहरूका निम्ति प्रार्थनाहरू चढ़ाउनुपर्छ भन्ने शिक्षा र अरू केही अन्य झूटा शिक्षाहरू पुष्टि गर्न वेटिकनले यस अपोक्रूफाको सहारा लिनुपरेको थियो।

वास्तवमा अपोक्रूफाचाहिँ मोटामोटी यहूदी साहित्य हो, यहूदी इतिहास पनि हो, तर इसाई शिक्षाको सम्बन्धमा यसको महत्त्व केही पनि छैन। ठिक्कै छ, यी किताबहरू ईश्वरीय प्रेरणाको रचना नभए पनि सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणले पढ्न सकिन्छ, यसमा केही लाभ होला। तर अपोक्रूफामाथि ध्यान दिन जानुभन्दा पहिले पुरानो नियमका ईश्वरीय प्रेरणा भएका पुस्तकहरूसित, अँ, हिब्रूहरूको यस पवित्र कानुनसित सुपरिचित हुनुहोस्!

### घ) पुरानो नियमका लेखकहरू को-को हुन्?

पवित्र आत्माचाहिँ पुरानो नियमको ईश्वरीय लेखक हुनुहुन्छ। उहाँले मोशा, एज्रा, यशैया र अन्य अज्ञात लेखकहरूलाई तिनीहरूले के-के लेख्नुपर्छ, सो सम्बन्धमा अगुवाइ गरेर तिनीहरूलाई लेख्ने प्रेरणा दिनुभयो। उहाँले यो कसरी गर्नुभयो होला भन्ने प्रश्नको सरल र सुस्पष्ट जवाफ हामी यस प्रकारको दिन्छौंः पुरानो नियमको एक-एक पुस्तकको रचना दुईजना लेखकहरूको संयुक्त रचना हो। पुरानो नियमको रचनामा मानिसको केही अंश र परमेश्वरको केही अंश

भएको होइन, तर यसको कृति पूरा मानवीय र सम्पूर्ण रूपले ईश्वरीय, एउटा संयुक्त रचना भन्नुपर्छ; किनभने परमेश्वरले मानवी लेखक-हरूलाई कुनै गल्ती गर्नदेखि रोक्नुभएको थियो। फलस्वरूप त्रुटिरहितको एउटा विशुद्ध पुस्तकको रचना भयो; अनि मूल पाण्डुलिपिहरूको विषयमा यसो भन्न सम्पूर्ण रूपले सठीक हुन्छ।

लिखित वचन दुईजनाको संयुक्त रचना हो भन्ने कुरा कुन प्रकारले बुझ्न सजिलो होला? यसको निम्ति हामी उपयुक्त सादृश्यको निम्न उदाहरण दिन्छौं: हाम्रो प्रभु येशू ख्रीष्ट, जो जीवित वचन हुनुहुन्छ। उहाँ केही मात्रामा मानिस र केही मात्रामा परमेश्वर हुनुहुन्नथियो, जसरी ग्रीक पुराणकथाहरूमा केही उदाहरण पाइन्छ। तर उहाँ सम्पूर्ण रूपले मानिस र सम्पूर्ण रूपले परमेश्वर हुनुहुन्थ्यो र हुनुहुन्छ। अनि उहाँमा भएको ईश्वरीय स्वभावले उहाँलाई कुनै प्रकारको गल्ती वा कुनै पाप गर्नदेखि रोकिराख्थ्यो।

## ङ) पुरानो नियमको लेख्ने मिति

नयाँ नियमको पुस्तक लेख्न पचास वर्ष लाग्यो, अर्थात् इस्वी संवत् ५०-१०० सालभित्र त्यो जम्मै पुस्तक लेखियो। तर पुरानो नियम यस्तो भएन। यो जम्मै पुस्तक लेख्न लगभग एक हजार वर्ष लाग्यो, अर्थात् ख्रीष्टपूर्व १४००-४०० सालसम्म [11)]। पुरानो नियमको पहिलो लेखिएको पुस्तक कि त पेन्टटुक हो, कि त अय्यूबको पुस्तक हो। पेन्टटुकचाहिँ ख्रीष्टपूर्व १४०० सालतिर लेखियो भने, अय्यूबको पुस्तकको लेख्ने मिति जानिँदैन, तर अय्यूबको पुस्तकको अन्तर्वस्तु विचार गर्दा यसको लेख्ने मिति व्यवस्था दिइएको समयभन्दा अघि भएको हुनुपर्ला। अरू पुस्तकहरूको लेख्ने मिति यस प्रकारका छन्: ख्रीष्टपूर्व ६०० सालतिर भएको यहूदीहरूको निर्वासन हुनुभन्दा अघि यहोशूको पुस्तकदेखि शमूएलका पुस्तकहरू लेखिए भने, विलापको पुस्तक र इजकिएलको पुस्तक निर्वासनको समयमा लेखिए। अनि इतिहासका पुस्तकहरू, हाग्गै, जकरिया र मलाकीको पुस्तक निर्वासनपछि लेखिए; मलाकीको पुस्तक ख्रीष्टपूर्व ४०० सालतिर लेखियो।

## च) पुरानो नियमका अन्तर्विषयहरू

प्रोटेस्टेण्ट-बाइबलका संस्करणहरूमा अपनाइएको क्रममाथि नजर राखेर हामी पुरानो नियमका विषयवस्तुहरू यस प्रकारले त्यसको संक्षिप्त बयान गर्छौं:

**क)** *पेन्टटुक:*
उत्पत्तिको पुस्तकदेखि व्यवस्थाको पुस्तकसम्म

**ख)** *ऐतिहासिक पुस्तकहरू* [12)]:
यहोशूको पुस्तकदेखि एस्तरको पुस्तक-सम्म

**ग)** *कविता:*
अय्यूबको पुस्तकदेखि श्रेष्ठगीतको पुस्तकसम्म

**घ)** *भविष्यवाणीका पुस्तकहरू:*
यशैयाको पुस्तकदेखि मलाकीको पुस्तक-सम्म

अनि 'विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक पुस्तकमा तपाईंले यी चारवटा मुख्य खण्डहरूको शुरुमा यसको छुट्टै भूमिकाको लेख पाउनुहुनेछ।

जुन ख्रीष्ट-विश्वासी हरेक असल कामको निम्ति सुसज्जित हुन चाहन्छ, त्यो ख्रीष्ट-विश्वासी पुरानो नियमका यी पुस्तकहरूको विस्तृत ज्ञान पाएको हुनुपर्छ, साथै नयाँ नियमको प्रकाश राम्ररी बुझेको हुनुपर्छ, जुन नयाँ नियमको प्रकाश समयको हिसाबले पछि आएको हो, तर यसको प्रकाश पुरानो नियमको भन्दा पूर्ण छ।

तपाईंको जीवन हरेक असल कामको निम्ति सुसज्जित भएको होस्, र तपाईंको जीवनमा 'विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक यस किताबको ठूलो योगदान भएको होस् भन्ने तपाईंको निम्ति हाम्रो विनम्र प्रार्थना छ।

## छ) पुरानो नियम लेख्दा प्रयोग गरिएका भाषाहरू

*अ) हिब्रू भाषाः*

पुरानो नियमको प्रायः जम्मै पुस्तक हिब्रू भाषामा लेखिएको हो। थोरै खण्डहरू अरामी भाषामा लेखिए, जुन अरामी भाषा एउटा सामी[13)] उपभाषा हो।

परमेश्वरले आफ्नो वचनको पहिलो खण्डका निम्ति एउटा उपयोगी भाषा प्रयोग गर्नुभएकोमा हामी अचम्म मान्दैनौं; किनभने हिब्रू भाषाको व्यञ्जना-शक्ति ठूलो छ – यो एउटा रसले पूर्ण रङ्गीन भाषा हो, जसको मुहावरा, टुक्का र वाग्धाराको स्रोत विशाल छ। यसकारण हिब्रू भाषाचाहिँ परमेश्वरको प्रेरणायुक्त वृत्तान्तहरू, कविता र धर्मनियमहरू लेख्न अति उपयोगी भाषा हो; किनभने यी वृत्तान्त, कविता र धर्मनियमहरूद्वारा पुरानो नियमको गठन भएको हो। हिब्रू भाषाचाहिँ अति प्राचीन भाषाहरूमध्ये एक हो; अनि एकमात्र प्राचीन भाषा हो, जुनचाहिँ हराएको छैन, तर जसको रक्षा अद्‌भुत प्रकारले भएको हो; किनभने हिजोआज इस्राएल देशको दैनिक बातचितमा हिब्रू भाषा आधुनिक शैलीमा[14)] अझै पनि बोलिन्छ।

हिब्रू भाषाचाहिँ दाहिनेदेखि लेखिन्छ, र शुरुमा त्यसका व्यञ्जनहरू मात्र लेखिन्थे। अनि हिब्रूको कुनै लेख पढ्दाखेरि शब्दहरूमा चाहिएको स्वर-वर्ण हालिन्थ्यो; यसो गर्नका निम्ति भाषाको ज्ञान भएको हुनुपर्छ। तर यस दिव्य प्रबन्धअनुसार हिब्रू लेखहरू धेरै शताब्दीहरूसम्म सजिलो पढ्ने रहे। किनभने एक शताब्दीदेखि अर्को शताब्दीमा र एउटा देशदेखि अर्को देशमा अनि एउटा क्षेत्रदेखि अर्को क्षेत्रमा प्रायः स्वर-वर्ण बदली हुँदा रहेछन्।[15)]

यस सम्बन्धमा अर्को चलन के थियो भने, जे लेखिएको थियो, त्यो 'केतिव'चाहिँ अति पवित्र सम्झिन्थ्यो; यसकारण परमेश्वरको नाम[16)] आदि पवित्र मानिएका शब्दहरूको उच्चरण गरिँदैनथियो, तर पृष्ठको मार्जिनमा त्यसको बदलीमा उच्चरण गर्नुपर्ने 'खरे'-रूप लेखिन्थ्यो। पृष्ठका मार्जिनहरूमा त्यो 'खरे'अन्तर्गत प्रतिलिपिकारहरूले गरेका भूलहरू सुध्रिन्थे र शताब्दीहरू बित्दै जाँदा समयको अन्तरालमा अशिष्ट मानिएका शब्दहरूको सट्टामा सुहाउँदा शब्दहरू हालिन्थे।

इस्वी संवत्‌का शुरुका शताब्दीहरूमा केही यहूदी विद्वान्‌हरू उठे, जसलाई अहिले 'मसोरेटेस' भन्ने नामले चिनिन्छन्; किनभने तिनीहरूले मसोरह अर्थात् परम्परामा बढ़ी ध्यान दिन्थे। हिब्रू भाषा हराउँला भन्ने डरले र पुरानो नियमको पवित्र धर्मशास्त्रको सही पठनको संरक्षा गर्ने इच्छाले प्रेरित भई तिनीहरूले एउटा अप्ठ्यारो स्वर-प्रणाली आविष्कार गरे। यस स्वर-प्रणालीअनुसार तिनीहरूले हिब्रूका व्यञ्जनहरूदेखि माथि र मनि नेपालीका मात्राहरूजस्तै स्वर-चिन्हको रूपमा थोप्ला र धर्काहरू लगाए। यसरी एक-एक शब्दको सठीक उच्चरण सुनिश्चित भयो। वर्तमान समयमा पनि हिब्रूको यो पुरानो स्वर-प्रणाली बढ़ी वैज्ञानिक र सठीक मानिन्छ, अँ, अङ्ग्रेजी, फ्रान्सेली वा जर्मन भाषाको भन्दा उत्तम हुँदो रहेछ।

पुरानो नियमको व्यञ्जनहरू मात्र लेखिएको लेखचाहिँ कति ठाउँहरूमा विवादास्पद भएको छ; किनभने कुनै विशेष व्यञ्जनहरू भएको शब्दमा अर्को स्वर-वर्ण लाउँदा त्यस शब्दको अर्को माने निस्कन्छ।

तर यस विषयमा सामान्य नियम यस प्रकारको छः प्रायःजसो सन्दर्भले शब्दको सठीक अर्थ स्पष्ट पारिदिन्छ; तर शब्दको अर्थ बुझ्न कहिलेकाहीं मात्र सन्दर्भको सहारा लिन सकिँदैन। यसकारण उत्पत्तिको पुस्तक र इतिहासको पुस्तकमा नामहरूको हिज्जे फरक भएकोमा हामीले अचम्म मान्नुपर्दैन। (बढ़ी जानकारीको निम्ति तपाईंले इतिहासको पुस्तकको टिप्पणीमा हेर्नुहोला)। यो कुरा धेरैजसो स्वर-वर्णको समस्याको फल हो रहेछ।

तर प्रायःजसो पुरानो नियमको मसोरेट लेख, यस परम्परागत लेखको संरक्षा सराहनीय छ। यहूदीहरूले परमेश्वरको लिखित वचन कति ठूलो सम्मान गर्थे, यो मसोरेट लेख त्यसको जीवित साक्षी हो। पुरानो नियमको 'तर्गुम' अरामी संस्करण, त्यसको 'सेप्टुवजिन्त' नामक ग्रीक अनुवाद र 'वुल्गेट' भन्ने ल्याटिन अनुवाद – यी तीनवटा प्राचीन संस्करणहरूले समस्या भएको खण्डमा हामीलाई सठीक अर्थ पत्ता लगाउन निक्कै मद्दत गर्छन्। अनि बीसौं शताब्दीको बीचदेखि मृत-सागरका मुट्ठाहरू वा बेरुवा पुस्तकहरू छँदैछन्, जुन बेरुवा पुस्तकहरूबाट हामीले हिब्रू लेखको विषयमा अझै बढ़ी जानकारी पाएका छौं, विशेष गरी मसोरेट लेखको विशुद्धताको विषयमा हामी सुनिश्चित भएका छौं।

हामी अङ्ग्रेजी बाइबल पढ्नेहरू कति भाग्यमानी रहेछौं; किनभने हिब्रू भाषाबाट अङ्ग्रेजीमा अनुवाद गर्न अति सजिलो छ, अँ, ल्याटिनमा अनुवाद गर्न सजिलो छ। यो कुरा श्री विलियम टिनडेलले सङ्केत गरे, जुन महान् धर्मसुधारक र बाइबल-अनुवादक इस्वी संवत् १४९४-१५३६ सालमा जिउँथे।

यस टिप्पणीमा हामी श्री विलियम टिनडेलले तयार गरेको पुरानो नियमको अनुवाद चलाइरहेका छौं। किनभने इस्वी संवत् १५३६ सालमा तिनलाई बाइबल अनुवाद गरेको आरोपमा धर्म-परीक्षणद्वारा आगोको खाँबामा न्यायिक मृत्युदण्ड दिइएको थियो। त्यस बेलासम्म तिनले उत्पत्तिको पुस्तकदेखि इतिहासका पुस्तकहरूसम्म पुरानो नियम अनुवाद गर्न सके, साथै कविताको खण्ड र भविष्यवाणी नामक खण्डका कति पुस्तकहरू समेत अनुवाद गरे। पुरानो नियमको अनुवादको सम्बन्धमा तिनले जुन काम शुरु गरेका थिए, त्यो काम अरूले सिद्ध्याए र सच्याए पनि। अनि अन्तमा, इस्वी संवत् १६११ सालमा के.जे.वी. बाइबलको रूपमा त्यसको प्रकाशन भयो; अनि वर्तमान समयमा अर्थात् इस्वी संवत् १९८२ सालमा न्यू के.जे.वी. बाइबलको रूपमा प्रकाशित भएको छ।

***आ) अरामी भाषाः***

हिब्रू भाषाजस्तै अरामी भाषाचाहिँ सामीको एउटा उपभाषा हो। तर अन्यजातिका मानिसहरूले यो अरामी भाषा बोल्थे। पुरानो समयमा अरामी भाषा धेरै शताब्दीहरूसम्म बोलिने एउटा खूब चल्ती भाषा थियो। अनि समयको हेरफेरमा यहूदीहरूले आफ्नो हिब्रू भाषा बोल्न र बुझ्न छोड़े। यसकारण तिनीहरूका निम्ति पुरानो नियम अरामी भाषामा अनुवाद गर्नुपरेको थियो, जुन अरामी भाषा हिब्रूसँग निक्कै मिल्थ्यो, र पनि एउटा भिन्नै भाषा थियो; किनभने यहूदीहरूको बीचमा पनि अरामी चल्ती भाषा बनेको थियो। अनि जुन लिपि हामी हिब्रू लिपि भन्छौं, त्यो खास गरी अरामी लिपि हो, अनि लगभग ख्रीष्टपूर्व ४०० सालदेखि हिब्रू भाषाको निम्ति प्रयोग गरिन्थ्यो; पछि त्यो लिपि विकसित भयो र त्यसले एउटा कलात्मक रूप पायो र वर्तमान समयमा हिब्रू सिक्ने विद्यार्थीहरूद्वारा वर्ग-आकारका अक्षर-हरूको रूपमा चिनिन्छ।[17)]

जुन कुराहरू हामीले पुरानो नियमका हिब्रू लेखहरूको विषयमा भनेका छौं, ती कुराहरू पुरानो नियमका अरामी भाषामा लेखिएका खण्डहरूको विषयमा पनि सत्य ठहरिन्छन्। यी अरामी लेखका खण्डहरू थोरै छन्, अनि इस्राएली जातिको सम्बन्ध छिमेकी अन्य-जातिहरूसित भएको समयमा, विशेष गरी बेबिलोनमा लगिएको समयदेखि यता लेखिए। [18)]

### ज) बाइबल-अनुवाद गर्ने तरिकाहरू

अङ्ग्रेजी भाषामा थुप्रै-थुप्रै बाइबल-अनुवादहरू पाइन्छन्; यो आशिषको कुरा हो। तर बाइबलको नयाँ नियमका अनुवादहरू थुरै छन् भने, पुरानो नियमका अनुवादहरू कम्ती छन्। ती बाइबल-अनुवादहरू चार किसिमले छुट्ट्याउन सकिन्छ, जस्तैः

*बढ़ी शाब्दिक, अक्षरशः अनुवादः*

१८८२ सालमा श्री जी. एन. डार्बीले अनुवाद गरेको पुरानो नियम 'नयाँ अनुवाद' नामक अनुवादमा प्रकाशित भयो भने, १८८१ सालमा प्रकाशित इङ्लिश रिवाइस्ड व्यार्शन्, साथै १९०१ सालमा पहिलो पल्ट छापिएको अमेरिकन् स्ट्यान्डर्ट व्यार्शन् ज्यादै शाब्दिक अनुवादहरू हुन्। यी बाइबलहरू लिएर बाइबल-अध्ययन गर्न लाभदायक होला, तर मण्डलीको सभामा पढ़ेर सुनाउनलाई र पदहरू कण्ठस्थ गर्नलाई त्यत्ति उपयोगी नहोला। तर यिनको तुलनामा १६११ सालमा प्रकाशित भएको के.जे.वी.मा महानता र सुन्दरता छ; यसैकारण धेरैभन्दा धेरै इसाईहरूले के.जे.वी.-बाइबल पढ्न छोड़ेका छैनन्।

*विश्वासयोग्य समकारिक अनुवादः*

के.जी.वी., आर.एस.वी., एन.ए.-एस.बी. र एन.के.जे.वी.जस्तै यस किसिमले अनुवाद गरिएका बाइबलहरू अङ्ग्रेजी भाषासित जहाँ मिल्न सम्भव थियो, त्यहाँ हिब्रू र ग्रीक मूल-पाण्डुलिपिहरूमा अड़ेस लाएर बनाइएका शाब्दिक अनुवादहरू हुन्; तर जहाँ-जहाँ असल प्रकारको शैली र मुहावराले गर्दा भाषालाई कर लाग्यो, त्यहाँ-त्यहाँ अनुवादकहरूले स्वतन्त्रता लिए। नयाँ नियममा प्रायः भरपर्दो अनुवाद आर.एस.वी. हो, तर अभाग्यवशः त्यसको पुरानो नियमको अनुवाद यस्तो एउटा कमसल पाण्डुलिपिबाट गरिएको छ, जसका प्रभु येशूसित सम्बन्धित धेरै भविष्यवाणीहरू त्रुटिपूर्ण छन्। यही खतर्नाक झुकाव हामी अचेल यी विद्वान्-हरूमा पनि देख्दछौं, जसले अघि कुनै समयमा खाँटी शिक्षा दिन्थे, तर अब यसो गर्दैनन्। **विश्वासीहरूका निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी** नामक किताब एन.के.जे.वी.सित मिल्न तयार गरिएको हो; किनकि एन.के.जे.वी.ले चाहिँ के.जे.वी.मा पाइने सुन्दर अनुवाद, तर पुरानो अप्रचलित भाषा अनि हिजोआज प्रयोग गरिएको अङ्ग्रेजी भाषाको बीच व्यवहार गर्दछ; किनभने त्यसको अनुवादमा 'thee' र 'thou' आदि शब्द प्रयोग गरिएका छैनन्। [19)]

*गतिशील समकारिक अनुवादः*

अघि बताइएका विश्वासयोग्य बाइबल-अनुवादहरूबाट बेग्लै भएर गतिशील समकारिक अनुवादले अनुवाद गर्दा अझ बढ़ी स्वतन्त्र लिएको छ, र कहिलेकाहीं भावात्मक हुन पुगेको छ। भाव अनुवाद पनि मूल्यवान् अनुवाद गर्ने तरिका हो, यदि पाठकले यो कुरा याद गर्छ भने। मोफ्फतको अनुवाद, एन.ई.बी., एन.आई.वी. र यरूशलेम-बाइबल आदि यस प्रकारका अनुवादहरू हुन्। यस्ता अनुवादकहरूको कोशिश के थियो भने, तिनीहरूले यस किसिमका शब्द र शैली

प्रयोग गर्न खोजे, जुन शब्द र शैली मोशा र यशैयाले आज अङ्ग्रेजीमा आफ्ना लेखहरू लेख्दा चलाउनेथिए। यसो गर्दा तिनीहरूले शब्दहरू होइन, तर यस खण्डले के भन्न चाहेको हो, सो कुरा बुझ्न प्रयास गरेर अनुवाद गरे, अनि बाइबलमा लेखिएको कुरा लिएर त्यसलाई एउटा नयाँ, आधुनिक भाषाको रूप दिए। यही तरिका तबसम्म मात्र उचित र लाभदायक देखिन्छ, जबसम्म पाण्डुलिपिको अर्थ राम्ररी रक्षा गरिन्छ। तर धेरै अनुवादक-हरू शैक्षिक हिसाबले बन्धनमुक्त हुन्छन्; अनि यस अनुवाद गर्ने तरिकाभन्दा तिनीहरूले अनुवाद गर्दा अपनाएको तिनीहरूको यस दृष्टिकोणबाट बढ़ी खतरा आउँछ।

*भाव अनुवादः*

पाण्डुलिपिमा पाइने इरादा-इरादा लिएर त्यसलाई भावात्मक रूप दिने कोशिश 'भाव अनुवाद' भनिन्छ। यसो गर्दा अनुवादकहरूले बढ़ता स्वतन्त्रता लिएका छन् र कति कुरा थपेका छन्। तिनीहरूले पाण्डुलिपिको भाषा र शैली टाढ़ाबाट छोड़ेका हुनाले यस प्रकारको अनुवादको खतरा यही होः बढ़ी अर्थ लगाउने काम गरिन्छ। इवान्जेलिकल् लिविङ बाइबलमा चाहिँ यस प्रकारको शङ्कापूर्ण अर्थ लगाउने काम गरिएको छ, जसले केवल नचाहिँदा वादविवादहरू पैदा गर्दछ।

बाइबल-अध्ययन गर्दा दुई-तीन किसिमले अनुवाद गरिएका बाइबलहरू आफ्नो साथमा राख्न सकिन्छ; किनकि यसरी नै एउटा अनुवाद अर्को अनुवादसित तुलना गर्न मिल्छ। तर विस्तृत र गहन बाइबल-अध्ययन गर्नको लागि विश्वासयोग्य प्रकारले अनुवाद गरिएको बाइबल चाहिन्छ। हामीले यस्तो विश्वासयोग्यतासाथ अनुवाद गरिएको बाइबल यस टिप्पणीमा चलाएका छौं; किनकि यसमा बढ़ी सुरक्षा छ।

### फ) पवित्र धर्मशास्त्र परमेश्वरको प्रेरणाको फल हो

यी थुप्रा-थुप्रा ऐतिहासिक र तकनीकी बेलीबिस्तारहरूमा हराउनुभन्दा हामीले निम्न शब्दहरूमा ध्यान दिनु उचित छ, जुन शब्दहरू प्रख्यात ब्याप्टिस्ट प्रचारक श्री चार्लस् हड्डोन स्पर्जनले बोलेका हुन्, जसले यसो भनेका छन्ः

> 'यो पवित्र धर्मशास्त्रको पुस्तक जीवित परमेश्वरको रचना हो, जसको एक-एक अक्षर सर्वशक्तिमान्‌को औंलाले लेखिएको हो, अनि त्यसको हरेक शब्द अनन्त परमेश्वरका ओठ-बाट निस्केको हो। त्यसको हरेक वाक्य पवित्र आत्माको निर्देशनको फल हो। मोशाको उग्र कलम काममा लगाएर परमेश्वरले तिनलाई प्रयोग गर्नुभयो; तर यसो गर्दा उहाँले तिनको त्यो कलम पूरा नियन्त्रणमा राख्नुभयो। अब राजा दाऊदको कुरा आयोः उनले आफ्नो विणा बजाए, र मीठो, मधुर रागमा आफ्ना भजनहरू रचे; तर परमेश्वरले उनका हातहरू सुनको यस विणाका तारहरू कहाँ-कहाँ छोएर बजाउनुपर्छ, सो अगुवाइ गर्नुभयो। अनि सुलेमान ? तिनले प्रेमका गीतहरू गाए, अँ, तिनले उच्च बुद्धिका वचनहरू बोले, तर परमेश्वरले तिनका ओठहरू बोल्नुमा डोऱ्याउनुभयो र यसरी ती प्रचारकलाई पूरा पोख्त तुल्याउनुभयो। चाहे म गर्जनदार भविष्यवक्ता नहूमको गहकिलो दर्शन मनन गरूँ र तिनलाई आफ्ना घोड़ाहरू लिएर समुद्रको पानी जोतेको कल्पना गरूँ, चाहे म हबक्कूकको दर्शन लिऊँ, जसले कुशानका पालहरू कष्टमा परेको देखे, अथवा म मलाकीको पुस्तक पढूँ, जसको वाणीअनुसार पृथ्वीचाहिँ एक दिन भट्टीभैँ दन्कनेछ, तब यी भविष्यवाणीहरूमा म परमेश्वरको सोर सुन्छु, मानिसहरूको सोर होइन; किनभने यी वचनहरू परमेश्वरका वचनहरू हुन्, अँ, अनन्त, अदृश्य, सर्वशक्तिमान् परमेश्वरका विशुद्ध वचनहरू हुन्; किनभने उहाँ यस पृथ्वीको परमप्रभु हुनुहुन्छ।' 20)

**ENDNOTES:**

**1)** It appears in the name of the Jewish organization called „B´nai B´rith" („Sons of the Covenant")

**2)** His words (in Latin) have also been translated:

*The New is in the Old contained;*
*The Old is in the New explained.*

**3)** The order of the twenty-four OT books as found in a Hebrew Bible or a Jewish translation is as follows:

*I. The Law (Tôrâh)*

Genesis
Exodus
Leviticus
Numerus
Deuteronomy

*II. The Prophets (Nevî´îm)*

1. The Former Prophets

Joshua
Jugdes
Samuel
Kings

2. The Latter Prophets

Isaiah
Jeremiah
Ezekiel
The Book of the Twelve (Hosea through Maleachi)

*III. The Writings (Ketûvîm)*

Psalms
Job
Proverbs
Ruth
Song of Songs
Ecclesiastes
Lamentations
Esther
Daniel
Ezra, Nehemia
Chronicles

**4)** Merrill F. Unger, *Introductory Guide to the Old Testament*, p. 59.

**5)** Ibid.

**6)** However, the Russian NT has a somewhat different order after the Gospels, for example.
**7)** See the Introduction to the New Revised Standard Version with Apocrypha for books added to the Canon by these groups. (They do not agree among themselves on all books, either.)
**8)** The idea of "spurious" has become associated with this word.
**9)** Early editions of the KJV in the seventeenth century contained the Apocrypha, but sandwiched in between the OT and NT to indicate their inferior status. It shocks many people who look on the KJV as the only true Bible when (and if) they find out that it actually once contained whole books that are not of divine origin!
**10)** At the Council of Trent, held between 1545 and 1563 (with intermissions) at Trento, Italy.
**11)** Less conservative scholars move the dates later but end up with a similar period of time.
**12)** Many Bible students prefer to put these two together (Genesis through Esther) and label them historical.
**13)** Semitic (or Shemitic) are languages which were or are spoken largely by the descendants of Shem. They include Arabic, Phoenician, and Akkadian, as well as Hebrew.
**14)** Language experts, using French, English, and freshly-coined words based on ancient Hebrew roots, as well as new constructions, helped to bring this ancient tongue into the twentieth century.
**15)** For example, an English-speaking person is aware of the different sounds in a word such as past, as pronounced at Oxford, Boston, Dallas, and Brooklyn. The consonant sounds remain the same, but the "a" is pronounced quite differently in each city!
**16)** For example, where the KJV/NKJV reads LORD (all capitals, representing the publicly read Hebrew word Adoµnai), the written form is actually the sacred "tetragrammaton" (four letters, YHWH) that spell the covenant name of God, Yahweh, or in English tradition, Jehovah.
**17)** Merrill F. Unger, *Introductory Guide to the Old Testament*, p. 124
**18)** The Aramaic portions are: Ezra 4:8—6:18; 7:12–26; Jeremiah 10:11; Daniel 2:4—7:28.
**19)** For example, the similar (but less literary) NASB retains thee's and thou's in prayer and in some poetry.
**20)** Charles Haddon Spurgeon, *Spurgeon's Sermons*, I:28. The word "dictated" should not be taken in the modern secretarial sense. As the rest of the quotation shows, Spurgeon believed in the orthodox teaching of inspiration—dual authorship (human and divine) of each book.

# पेन्टटुकको टिप्पणी

(उत्पत्ति, प्रस्थान, लेवी, गन्ती र व्यवस्थाका पाँचवटा पुस्तकहरू)

# पेन्टटुकको भूमिका

*'वर्तमान समयका आलोचकहरू पवित्र धर्मशास्त्र बाइबलका प्रायः सबै पुस्तकहरूको कुरा काट्न र तिनमा लेखिएका कुराहरूमाथि हमला गर्नदेखि डराउँदैनन्। तिनीहरूको प्रमुख दुःसाहसी हमला पेन्टटुकमाथि आइलागेको छ, त्यसपछि दानियलको भविष्यवाणीको पुस्तकमाथि परेको छ। ... यसकारण यस सम्बन्धमा हाम्रो अड़ान के-कसो हो ? ख्रीष्ट येशूको अधिकारमाथि आधारित हाम्रो ठहर अति बलियो, अति सुदृढ़, अँ, एकदम सुनिश्चित छ; किनभने उहाँले हाम्रा निम्ति यस सवालको सठीक उत्तर दिइसक्नुभयो। के उहाँ तपाईंको निम्ति देहधारी परमेश्वर हुनुहुन्छ ? तब उहाँ तपाईंको निम्ति यस सवालको जवाफ पनि हुनुहुन्छ।'*

*श्री विलियम केल्ली*

*'पेन्टटुक के हो त ? यो त परमेश्वरको सम्पूर्ण वचन परिचय दिने आवश्यक प्रस्तावना हो। यो पुस्तक जहाँबाट शुरु गर्छ र जहाँबाट कुरा उठाउँछ, त्यहाँबाट पछि कुरा अगाड़ि लैजानिन्छ र खुलस्त पारिन्छ; अनि पेन्टटुकदेखि हाम्रो आशा बढ़ाउँदै लगिन्छ र त्यो आशा गरिएको कुरा अझै निक्कै टाढ़ा भए पनि, अन्तमा, त्यसले हामीलाई त्यस सुनिश्चित टुङ्गोमा पुर्‍याइदिन्छ।'*

*श्री सामुएल रिडो*

मोशाले लेखेका पाँचवटा पुस्तकहरूमध्ये एक-एक पुस्तकको अध्ययन गर्नुभन्दा अघि हामीले यस पेन्टटुकको विषयमा केही जानकारी दिन चाहन्छौं; किनभने यो अंश बाइबलीय प्रकाशको अति आधारभुत खण्ड हो।

### क) पेन्टटुकका विभिन्न नामहरू के-के हुन् ?

पवित्र बाइबलका पहिला पाँचवटा पुस्तकहरूको नाम 'पेन्टटुक' हो; यो प्रायः सर्वविदित कुरा हो। तर प्राचीन समयमा यी पुस्तकहरू बेरुवा पुस्तकहरू थिए, जसका पन्नाहरू थिएनन्। ग्रीक भाषाको कुरा होः किताब 'कोडेक्स' भनिन्थ्यो भने, यी बेरुवा पुस्तकहरूको नाम 'तेउखोइ'[1] राखिन्थ्यो; अनि ती बेरुवा-पुस्तकहरू म्यानरूपी भाँड़ाहरूभित्र हालिन्थे। अनि पाँचवटा बेरुवा-पुस्तकहरूको ग्रीक शब्द 'पेन्टतेउखोस' हो, जसबाट पेन्टटुकको शब्द आयो।

तर यहूदीहरूले यी पाँचवटा पुस्तकहरूको नाम 'तोरा' भन्छन्, जुन हिब्रूको शब्दको अर्थ कि त 'व्यवस्था', कि त 'शिक्षा' हो। तिनीहरूको विचारमा पवित्र बाइबलको सबैभन्दा महत्त्वपूर्ण खण्ड यही 'तोरा' हो।

पेन्टटुकको अर्को तेस्रो सर्वमान्य नाम पनि छः 'मोशाका पुस्तकहरू'। यस सम्बन्धमा हामी यो तिनीहरूलाई छेड़ हान्ने दुःखलाग्यो कुरा पनि पेश गर्छौंः उत्तर युरोपका कति देशहरू छन्, जहाँका मानिसहरूको बीचमा 'पेन्टटुक मोशाले लेखेको पुस्तक होइन' भन्ने धारणा प्रचलित छ, ठीक ती देशहरूमा पेन्टटुकका पुस्तकहरू उत्पत्ति, प्रस्थान, लेवी, गन्ती र व्यवस्था भन्ने नामले चिनिँदैनन्, तर ती पुस्तकहरूका नाम 'मोशाको पहिलो पुस्तक', 'मोशाको दोस्रो पुस्तक', 'मोशाको

तेस्रो पुस्तक', 'मोशाको चौथो पुस्तक' र 'मोशाको पाँचौं पुस्तक' भनिन्छन्।

गन्तीको पुस्तक छोड़ेर हामी पेन्टटुकका अरू चारवटा पुस्तकहरू 'सेप्टुवजिन्ट'को ग्रीक अनुवादमा प्रयोग गरिएका नामहरू चलाइरहेका छौं। तर गन्तीको पुस्तकको नाम 'अरिथ्मोइ' नामक ग्रीक शब्दबाट र 'नुमेरी' भन्ने ल्याटिन शब्दबाट आएको हो। (यी पुस्तकका नामहरूको अर्थ तपाईंले यस टिप्पणीअन्तर्गत यी पाँचवटा पुस्तकहरूको एक-एक पुस्तकको भूमिकामा हेर्नुहोला)।

यहूदीहरूको के चलन थियो भने, तिनीहरूले कुनै किताबको नाम त्यस किताबका पहिला केही शब्दअनुसार राख्ने गर्थे। यसको उदाहरण उत्पत्तिको पुस्तक हो, जसको शुरुमा यसरी लेखिएको छः 'शुरुमा ...', जसबाट हिब्रूमा यस पुस्तकको नाम '*Berçshîth*' भयो।

### ख) पेन्टटुकका अन्तर्वस्तुहरू के-के हुन्?

'तोरा'को शाब्दिक अनुवाद 'व्यवस्था' हो; तर इसाईको दृष्टिकोणले हेर्नु हो भने, व्यवस्था भन्नुभन्दा यी पाँचवटा पुस्तकहरूको नाम 'पेन्टटुक' राख्नु उचित छ; किनभने यसरी नै यी पाँचवटा पुस्तकहरूको 'पाँचबाट एक ग्रन्थ'को ठूलो महत्त्व व्यक्त गरिन्छ।

#### अ) उत्पत्ति

उत्पत्तिको नाम यस पुस्तकको निम्ति उपयोगी र सुहाउँदो नाम हो। किनभने उत्पत्तिको अर्थ सृष्टिको शुरु हो। अनि पवित्र बाइबलको यस पहिलो पुस्तकमा सृष्टिको शुरु, पृथ्वीको उत्पत्ति, मानिसको सृष्टि, पहिलो विवाह, पहिलो पाप, पहिलो सत्धर्म, जातिहरूको उत्पत्ति, विभिन्न भाषाहरूको शुरुआत र पहिलो चुनिएको जातिको वर्णन छ। उत्पत्तिको पुस्तकका पहिला एघार अध्यायहरूमा मानव-इतिहासको मुख्य धारा कहाँबाट कहाँसम्म बगेको हो, सो प्रस्तुत गरिन्छ। त्यसपछि बाह्र अध्यायदेखि पचास अध्यायसम्म अब्राहामको परिवारको वृत्तान्त, इसहाक, याकूब र तिनका छोराहरूको वृत्तान्त उल्लेख गरिएको छ।

#### आ) प्रस्थान

प्रस्थानको अर्थ र निकासको अर्थ प्रायः मिल्छ; किनभने 'एक्सोडुस' ग्रीक शब्दको अर्थ 'निक्लिने बाटो' हो। यस पुस्तकमा के बयान गरिएको छ भने, अब्राहामको परिवार चार सय वर्षभित्र एउटा जाति बन्यो, जुन जातिलाई मिस्र देशमा फाराओको अधीनतामा बेगारीमा खूबै जोतिन्थ्यो। अनि यस पुस्तकमा मिस्र देशको दासत्वबाट मोशाको हातद्वारा यहूदीहरूको दिव्य छुटकाराको वर्णन पनि गरिएको छ। यस पुस्तकको बाँकी भागमा मोशाको व्यवस्था दिइएको घटनाको बयान दिइएको र भेट हुने पालका सामग्रीहरूको बेलीबिस्तार पेश गरिएको छ।

#### इ) लेवी

लेवीको पुस्तकचाहिँ यसको नामले बताएअनुसार लेवीहरूको नियमावली पुस्तक हो। त्यस पुस्तकमा यी आवश्यक विधिहरू बयान गरिएका छन्, जुन विधिहरू अपनाएर त्यस जमानाका पापी मानिसहरूले पवित्र परमेश्वरसित सङ्गति गर्न पाउँथे। अनि यस पुस्तकमा ख्रीष्ट येशूको सर्वोच्च बलिदान चित्रण गर्ने कतिवटा प्रतीक र छायाचित्रहरू समावेश गरिएका छन्।

#### ई) गन्ती

गन्तीको नामले सुझाउ दिएअनुसार यस पुस्तकमा परमेश्वरका जनहरूको गन्ती, तिनीहरूको जनगणना गरिएको वर्णन उल्लेख छ। यस पुस्तकको शुरुमा एक जनगणना र

त्यसको अन्तमा दोस्रो जनगणना लेखिएको छ। हिब्रू भाषामा यस पुस्तकको नाम ‘बेमिबार’ हो, जसको अर्थ ‘उजाड़स्थानमा हुँदा’ हो। अनि मलाई के लाग्छ भने, यो हिब्रू नाम अझै अर्थपूर्ण हो; किनभने यस गन्तीको पुस्तकमा खास गरी इस्राएलीहरूका ऐतिहासिक घटनाहरूको त्यो वृत्तान्त उल्लेख गरिएको छ, जब तिनीहरूले चालीस वर्षसम्म उजाड़स्थानमा घुमफिर गर्थे।

### ङ) व्यवस्था

‘डोइटेरो-नोमिअ’ यस पुस्तकको ग्रीक नाम हो, जसको अर्थ ‘व्यवस्था दोस्रो पल्ट’ दिइएको हो। तर यस पुस्तकमा यहूदी जातिको नयाँ पुस्तालाई व्यवस्था फेरि सुनाइएको कुरा, र त्योभन्दा अरू बढ़ी कुराहरू लेखिएका छन्। अनि यस पुस्तकले अनुक्रममा यसपछिका ऐतिहासिक पुस्तक-हरूसित आफ्नो सम्बन्ध जोर्छ; किनभने यसमा मोशाको मृत्युको बयान छ, साथै उनको बदलीमा यहोशू उनको स्थानमा आएको जानकारी दिइन्छ।

श्री ग्रिफ्फिट थोमसले आफ्नो सुस्पष्ट, सुबोधगम्य, संक्षिप्त शैलीले मोशाले लेखेका पुस्तकहरूका अन्तर्वस्तुहरूको बयान यस प्रकारले गरेका छन्ः

> ‘पेन्टटुकका पाँचवटा पुस्तकहरू छन्, जसले परमेश्वरको सत्धर्म यस संसारमा कसरी आयो, सो बताउँछन्। अनि यस पेन्टटुकको एक-एक पुस्तकले परमेश्वरको योजनाको विषयमा एउटा विशेष अवस्थाको बयान गर्छ; तर सँगै यी पुस्तकहरू एउटा सिङ्गै एकाइ बनेका छन्। उत्पत्तिको पुस्तकले सत्धर्मको शुरु कहाँबाट भएको हो, सो बयान गर्छ भने, त्यस पुस्तकले कुन जातिको माध्यमद्वारा यस सत्धर्म दिइयो, सो पनि प्रकट गर्छ; किनभने परमेश्वरले आफ्नो निम्ति यहूदी जाति छान्नु-भयो। प्रस्थानको पुस्तकले परमेश्वरको जाति कसरी एउटा राष्ट्र बन्यो, साथै यस जातिसित परमेश्वरले कुन प्रकारको सम्बन्ध स्थापित गर्नुभयो, सो वर्णन गर्छ। परमेश्वरसितको सम्बन्ध कसरी कायम राखिन्छ, सो कुरा लेवीको पुस्तकले प्रकट गर्छ। गन्तीको पुस्तकमा यहूदी जाति प्रतिज्ञा गरिएको देशमा पुगेर परमेश्वरको यो सत्धर्म आफ्नो जीवनमा व्यवहारमा ल्याउने हेतु कुन प्रकारले संगठित भयो, सो बताइएको छ। अनि यस पुस्तकमा इस्राएली जातिको विफलता सफासँग बताइएको छ, र त्यसको फलस्वरूप परमेश्वरको यस योजनामा कत्रो ढिलाइ भएको र यही कारणले तिनीहरूलाई दोस्रो पल्ट संगठन गर्नुपरेको कुरा उल्लेख छ। अनि इस्राएली जाति प्रतिज्ञा गरिएको देशको सिमानामा बसेको र त्यसभित्र प्रवेश गर्न कसरी तयार भएको, सो कुरा व्यवस्थाको पुस्तकमा व्यक्त गरिएको छ; किनभने तिनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए।’ 2)

### ग) पेन्टटुकको पुस्तकको महत्त्व

पुरानो नियम, अँ, सम्पूर्ण पवित्र बाइबल यस पेन्टटुकका यी पाँचवटा पुस्तकहरूमाथि आधारित छ। यसकारण सत्धर्मको प्रकाशको सम्बन्धमा पेन्टटुकको महत्त्व अति ठूलो छ, त्यसमा बढ़ी जोर दिन सकिँदैन। विश्वास नगर्ने दिमागी धर्मविद्वान्हरू यी पाँचवटा पुस्तकहरूको अक्षरशःता र प्रामाणिकतामा शङ्का पैदा गरेर हाम्रो विश्वास हल्लाउन वा कमजोर पार्नमा सफल भए भने, यहूदीधर्मको अस्तित्व हराउँछ, र हामी यस विषयमा अनिश्चितताको सागरमा डुबेर हराउँछौं। इसाई भाइबहिनीहरूहो, यो बुझ्नुहोस्, कि यस प्रकारका हमलाहरूले हाम्रो विश्वास नराम्रो असर गर्छन्-गर्छन्; किनभने नयाँ नियमले, र विशेष गरी हाम्रा प्रभु येशूले मोशाका यी पुस्तकहरूका कति खण्डहरू उद्धृत गर्नुभयो। यसकारण यी पुस्तकहरू बिलकुल सत्य र विश्वास गर्न योग्य छन्।

डा. मेरिल एफ. उङ्गरले यो मामिला धेरै स्पष्ट रूपले यसो राखेका छन्ः

> 'पेन्टटुकचाहिँ प्रकट भएको सारा सत्यताको सत्‌आधार हो, र यो पुस्तक परमेश्वरको मुक्ति ल्याउने योजनाको जग मानिन्छ। यसकारण बुझ्नुहोस्ः यदि यो जग भरपर्दो छैन भने सारा पवित्र बाइबल पनि भरपर्दो नभएको ठहरिनेथियो।' [3]

### घ) पेन्टटुकको लेखक को हुन्?

धेरै शताब्दीहरूदेखि यहूदीजगत् र इसाई-जगत्का प्रायः सबै परम्परासम्मत जनहरूले मोशा पेन्टटुकको लेखक हुन् भन्ने विश्वास कायम राखे, र वर्तमान समयमा पनि यो धारणा कायम राखेका छन्। इसाई युगको शुरुमा कसै-कसैले एज्राचाहिँ [4] तोराको लेखक हुन् भन्ने सुझाउ दिए।

#### अ) मोशा पेन्टटुकको लेखक हुन्

'पवित्र लेखहरूको विषयमा गरिएको परिकल्पना' नामक सिद्धान्त छ, जसले मोशा पेन्टटुकको लेखक होइन भन्ने दाबी गर्छ, त्यस झूटो सिद्धान्तको जाँच शुरु गर्नुभन्दा अघि हामी यहाँ मोशा नै पेन्टटुकको लेखक हुन् भन्ने तर्क पुष्टि गर्ने प्रमाणहरू पेश गर्छौं।

*१) मोशाका योग्यताहरू*

उन्नाइसौं शताब्दीमा जर्मन आलोचक श्री हार्टमान्‌ले मोशा पेन्टटुकको लेखक हुन सक्दैनन् भन्ने कुरा सिकाउन थाले; किनभने तिनको तर्कअनुसार र त्यस अवधिमा जिउने अरू धेरै मानिसहरूको धारणाअनुसार मोशाको जमानामा लेख्ने कला अझै आविष्कार भएको थिएन; यसकारण त्यस बेलामा यो पुस्तक लेख्नु असम्भव थियो अरे। तर पुरातत्वको अनुसन्धानले के पत्ता लगायो भने, मोशाले हिब्रूको प्रारम्भिक लिपि, मिस्री चित्र-लिपि वा अक्कडी कुनाइरूपी लिपि प्रयोग गर्न सक्थे। अनि यो सुनिश्चित छ, कि प्रेरित ७ः२२ पदले पुरातत्व-ज्ञानले पत्ता लगाएको समयभन्दा धेरै अघि भनिसक्योः मोशालाई मिस्रीहरूको सम्पूर्ण ज्ञानको विद्या दिइएको थियो। जब हामी मोशाले पेन्टटुकको पुस्तक लेखे भनी भन्छौं, तब यसको अर्थ यस प्रकारको छः तिनले उत्पत्तिको पुस्तक लेख्दा सम्भवतः यसभन्दा अघि पाइसकेका लेखहरूको सहारा लिएर लेखे होलान्। अनि हामी यो पनि भनौंः शताब्दीहरू बित्दै जाँदा हिब्रू लिपि बदली भयो; यसैले परमेश्वरको देखरेख र अगुवाइमा संपादकीय आधुनिकीकरणको निम्ति हाम्रो यस भनाइमा ठाउँ छँदैछ। पुरातत्वको ज्ञानले के भन्यो त? मोशाले पेन्टटुकको पुस्तक लेख्न सक्थे। सक्नु र गर्नुमा फरक छ नि, यो सुनिश्चित छ। तर के तिनले साँच्चै यो पुस्तक लेखे त? तब आफै सोच्नुहोस्ः तिनी यहूदीधर्मको पिता थिए; यसकारण तिनले परमेश्वरबाट पाएको प्रकाश आउँदा पुस्ताहरूका निम्ति छोड्न चाहँदा कुनै न कुनै सुनिश्चित, स्थायी उपाय अपनाउनु-परेको थियो; यो अनिवार्य कुरा हो। यसबाहेक परमेश्वर स्वयम्‌ले तिनलाई यो पुस्तक लेख्ने आज्ञा दिनुभयो।

*२) पेन्टटुकभित्र पाइने दाबीरूपी प्रमाण-हरू*

तोराको लेखभित्र यसो लेखिएको छः मोशाले बेला-बेलामा परमेश्वरबाट लेख्ने आदेशहरू पाउने गर्थे, जस्तैः प्रस्थान १७ः१४, २४ः४ र ३४ः२७, साथै गन्ती ३३ः२ र व्यवस्था ३१ः१९।

*३) पवित्र धर्मशास्त्र बाइबलका अन्य ठाउँहरूमा गरिएका दाबीहरू*

पवित्र धर्मशास्त्र बाइबलका अन्य भागहरूमा मोशाले पेन्टटुक लेखेका थुप्रै

सन्दर्भ-पदहरू छन्, जस्तैः यहोशू १ः७ र १ राजाहरू २ः३; अनि नयाँ नियममा लूका २४ः४४ र १ कोरिन्थी ९ः९ ।

*४) ख्रीष्ट येशूको गवाही*

अनि हामी ख्रीष्ट-विश्वासीहरूका निम्ति यो तर्क यसैमा टुङ्गो भएको छः हाम्रा प्रभु येशूले 'मोशाले पेन्टटुक लेखे' भन्नुभयो । प्रभु येशू मानिस हुनुभएको हुनाले उहाँ विज्ञान र इतिहासको विषयमा अनजान हुनुहुन्थ्यो भन्ने धारणा ख्रीष्ट-विश्वासीहरूका निम्ति कुनै हालतमा पनि ग्रहणयोग्य हुँदैन । अथवा प्रभु येशूका देशवासीहरू अनजान थिए, पूर्व-आग्रही मानिस थिए; यसकारण हाम्रा प्रभुले आफूलाई तिनीहरूसित बराबर तुल्याउनुभयो भन्ने विचार हामीले पूरा अस्वीकार गर्नुपर्छ ।

*५) पुरातत्वको अनुसन्धानबाट पाइएका प्राप्तिहरू*

उदारवादी आलोचकहरूले के भन्थे भने, पेन्टटुकमा प्रयोग गरिएका धेरै दस्तुर, शब्द र नामहरू अनि ऐतिहासिक र सांस्कृतिक विवरणहरू मोशाको जमानाभन्दा धेरै पछि भएका कुराहरू हुन् अरे । तर पुरातत्वको अनुसन्धानले के पत्ता लगायो भने, यी कुराहरू पछि भएका कुराहरू होइनन्, तर मोशाको जमानाभन्दा सयौं वर्ष अघिका कुराहरू पो हुन् । यस प्रकारका प्राप्तिहरूले मोशालाई लेखकको रूपमा स्थापित गर्न सक्दैनन्, यो ठिक्कै हो । तर यी प्राप्तिहरू परम्परागत धारणासँग बढ़ी मिल्छन्; होइन, होइन, तर बरु मोशाको समयदेखि धेरै शताब्दीहरू पछि जिउने सम्पादकहरूले यी सबै विवरणहरू सठीक ढङ्गले जोरे भन्ने मिथ्या धारणा विश्वासलाग्दो हुँदैन; किनभने त्यस बेलासम्म सबै विवरणहरू हराइ-सक्नेथिए ।

**आ) पवित्र लेखहरूको विषयमा गरिएको परिकल्पना**

इस्वी संवत् १७५३ सालको कुरा होः फ्रान्सेली डा. जान अस्ट्रूकले आफ्नो परिकल्पना पेश गरे । यस धारणाअनुसार मोशाले उत्पत्तिको पुस्तक दुईवटा लेख-हरूबाट संकलन गरे अरे । उत्पत्तिको पुस्तकका जुन खण्डहरूमा परमेश्वरको निम्ति 'यहोवा' भन्ने नाम प्रयोग गरिएका थिए, ती खण्डहरू तिनले एउटा लेखको स्रोतबाट लिए; तर 'एलोहिम' भन्ने शब्द जहाँ-जहाँ प्रयोग गरिएको छ, ती खण्डहरू अर्को लेखबाट भएको हुनुपर्छ अरे । तिनले एउटा लेखको नाम *य.* अनि अर्को लेखको नाम *ए.* भन्थे ।

पछिबाट अरू उदारवादी विद्वान्हरूले यो धारणा निक्कै विकास गरे । तिनीहरूले आफ्नो धारणा पुष्टि गर्ने स्रोत मानिएका लेखहरू मोशाको समयदेखि निक्कै पछिका थिए । अरूले के प्रस्ताव गरे भने, कति लेखहरू तिनीहरूले 'डोइटेरो-नोमिअ'को नामअनुसार लेख *डी.* भन्ने गर्थे भने, अरू लेखहरूको नाम *पी.* भयो, जुन नाम 'पूजाहारीगत'बाट लिइएको थियो । तिनी-हरूको विचारमा, पेन्टटुकचाहिँ विभिन्न स्रोत-हरूबाट लिइएका टुक्राटुक्रीहरूले बनेको रचना हो । अनि यो रचना ख्रीष्टपूर्व नौवौं वा दसौं शताब्दीभित्र रचिएको थियो अरे । अनि यो परिकल्पना पछि *य.ए.डी.पी.*को नामले चिनियो र लोकप्रिय भयो ।

उन्नाइसौं शताब्दीमा बाँचिरहेका विद्वान्-हरूका निम्ति यो परिकल्पना किन आकर्षित थियो ? किनभने एक त, यो परिकल्पना श्री चार्लस् डार्विनको विकासको सिद्धान्तसँग खूब मिल्यो, जुन सिद्धान्त जीवविज्ञानमा मात्र होइन, तर अरू धेरै क्षेत्रहरूमा लागू गराइएको

थियो। दोस्रो कुराः अलौकिकताको विरोध त्यस जमाना जारी रहेको थियो, जुन विरोधी तत्त्वले पवित्र बाइबलका सबै अलौकिक कुराहरू लौकिक, भौतिक स्तरमा उतारेर तल मानवीय निम्न स्तरमा ल्याउन खोज्थ्यो। तेस्रो कुराः मानवतावादका विभिन्न प्रवृत्तिहरू यस सिद्धान्तसित राम्रोसँग मिल्थे, जुन मानवता-वादअनुसार मानिसका प्रयत्नहरूले चाहिँ परमेश्वरको प्रकाशको ठाउँ लिए।

इस्वी संवत् १८७८ सालमा खूब चालाक र अति धूर्त भएका श्री जुलियस वेल्लहाउसनको कपटपूर्ण प्रयास 'पवित्र लेखहरूको विषयमा गरिएको परिकल्पना' एकदम लोकप्रिय तुल्याउन सफल भयो।

यस सिद्धान्तको विरोधमा[5] हामी यहाँ केवल केही मुख्य बुँदाहरू परिचयको रूपमा पेश गर्छौं। यस सिद्धान्तका गम्भीर समस्याहरू हामी निम्न कुराहरूमा देख्छौं, जस्तैः

*१) पाण्डुलिपिहरूको अभाव*

प्रमाणस्वरूप यस्तो कुनै पाण्डुलिपि नै छैन, जुन पाण्डुलिपिले यो *य.ए.डी.पी.*-सिद्धान्त पुष्टि गर्छ। तब सम्पादकीय काम भएको अनुमानको निम्ति प्रमाण खोइ, कहाँ छ?

*२) परस्पर विरोध गर्ने र व्यक्तिपरक खण्डीकरण*

विद्वान्हरूले पेन्टटुकको पुस्तक खण्ड-खण्डमा छुट्ट्याउने गर्छन्, तर तिनीहरूमध्ये हरेकले अर्को प्रकारले यसो गरेका छन्। यसबाट कुरा सुस्पष्ट भएको छ, कि यो अरू केही पनि होइन, तर तिनीहरूको व्यक्तिगत दृष्टिकोण मात्र हुँदो रहेछ। यस मिथ्या सिद्धान्तको निम्ति खास समर्थन गर्ने कुनै प्रमाण नै छैन।

*३) यस सिद्धान्तको निम्ति पुरातत्वको सहयोग छैन।*

पेन्टटुकका लेख्ने शैली, दस्तुरहरू र धार्मिक ज्ञान अति प्राचीनका भएका हुनुपर्छ भन्ने कुरा पुरातत्व-ज्ञानले पुष्टि गरेको छ। यसकारण यो पवित्र लेख श्री जुलियस वेल्लहाउसनले यस रचनाको निम्ति प्रस्ताव गरेको समयभन्दा धेरै पहिले लेखिएको हुनुपर्छ।

*४) भाषा-विज्ञान*

अब पेन्टटुकमा प्रयोग गरिएको भाषाको कुरा आयोः यस सिद्धान्तको तर्कअनुसार पेन्टटुकमा प्रयोग गरिएका भाषाको रूप र व्यक्तिगत नामहरूले यो पुस्तक पछिको समयको रचना हो भन्ने प्रमाण दिन्छन् रे। तर वास्तविक कुरा के हो भने, मोशाको जमानाभन्दा अघिका कतिपय लेखहरूमा भाषाको यही रूप र यी नामहरू पाइएका छन्। 'एब्लाका पाटीहरू' यसको उदाहरण हुन्, जुन पाटीहरू इस्वी संवत् १९७४/७५ सालमा फेला पारिएका हुन्। यी पाटीहरूमा पेन्टटुकमा प्रयोग गरिएका थुप्रै नामहरू पाइएका छन्।

*५) पेन्टटुकको एकाइ*

सम्पादकीय दृष्टिकोणले हेर्नु हो भने, पेन्टटुकका पाँचवटा पुस्तकहरू आपसमा धेरै राम्रोसँग मिलेका छन् र तिनीहरूको बीचमा एकता र सुसङ्गतता पनि छ। तब यी पुस्तकहरूका मूलपाण्डुलिपिहरूका स्रोत-हरूको सम्बन्धमा विकासवादले अपनाएको कथित 'cut and paste' गर्ने तरिकाको निम्ति कुनै ठावैं रहँदैन।

*६) आत्मिक दिवालियापन*

अन्तमा, यी कुराहरू आत्मिक दृष्टिकोणले हेर्नु हो भने, कुरा सुस्पष्ट छः

यस सिद्धान्तलाई पुरातत्व-ज्ञानद्वारा वा अन्य परिकल्पनाहरूद्वारा जति सिँगारियो भए पनि यी पवित्र पुस्तकहरूमा प्रस्तुत गरिएका यति महान् र परमसुन्दर सत्यताहरू छन्, जुन सत्यताचाहिँ यस मिथ्या परिकल्पना वा बित्थाको सिद्धान्तमाथि एकक्षण ध्यान दिनुको अलिकति पनि योग्य हुँदैनन्। डा. मेरिल एफ. उङ्गरका शब्दअनुसार यी मानिसहरूका झूटा सिद्धान्तहरू र परिकल्पनाहरूलाई विश्वास गरे पेन्टटुक त परमेश्वरको रचना होइन, तर पूरा अप्रमाणिक, अऐतिहासिक र भर पर्न नसकिने एउटा पूरापूर मानवीय रचना हुनेथियो। [6)]

### ङ) पेन्टटुक लेख्ने मिति के हो ?

पेन्टटुकको अन्तर्वस्तुहरूले हामीलाई सृष्टिको शुरुमा लान्छन्; तर उत्पत्तिको वर्णन हजारौं वर्षपछि मात्र लेखियो। यसकारण स्पष्ट बुझिन्छ, कि पेन्टटुकको लेख्ने मिति-चाहिँ त्यसको लेखकको विषयमा हाम्रो धारणा के हो, सो कुरामाथि भर पर्छ।

उदारवादी विद्वान्हरूले यी पवित्र लेखहरूको विषयमा अपनाएको आफ्नो सिद्धान्तअनुसार य.-लेख, ए.-लेख, डी.-लेख र पी.-लेखका निम्ति भिन्न-भिन्नै लेख्ने मिति दिन्छन्, जस्तैः य.-लेखको निम्ति ख्रीष्टपूर्व ८५० साल, ए.-लेखको निम्ति ख्रीष्टपूर्व ७५० साल, डी.-लेखको निम्ति ख्रीष्टपूर्व ६२१ साल[7)] र पी.-लेखको निम्ति ख्रीष्टपूर्व ५०० साल।

तर पवित्र बाइबलको संरक्षा गर्ने विद्वान्हरूले चाहिँ पेन्टटुकको लेख्ने मिति प्रस्थानको समयतिर लगाइदिन्छन्, अर्थात् ख्रीष्टपूर्व पन्ध्रौं शताब्दीमा तोकिदिन्छन्। तर तिनीहरूमध्ये कतिजना छन्, जसले यसको लेख्ने मिति १५० वर्ष यता सार्छन्।

तर हाम्रो विचारमा, पवित्र बाइबलभित्र पेश गरिएका जानकारीहरूमाथि नजर राखेर पेन्टटुकको लेख्ने मिति ख्रीष्टपूर्व १४५०-१४१० सालको बीचमा लगाउन सठीक देखिन्छ। यस विषयमा बढ़ी जानकारी चाहेमा तपाईंले यस टिप्पणीमा पेन्टटुकको एक-एक पुस्तकमा दिइएको टिपणटिकाहरू हेर्नुहोला।

### च) हामीले भन्न खोजेको तात्पर्य र निष्कर्ष यो हो।

पेन्टटुकको भूमिका र परिचय हामी यतिमा राख्छौं, र अन्तमा, पुरानो नियमको सम्बन्धमा कनाडाको सबैभन्दा पोख्त विद्वान् आर. के. ह्यारिसनका शब्दहरू यहाँ पेश गर्छौं, जसले यसो भनेका छन्ः

‘पेन्टटुकचाहिँ पाँचवटा पुस्तकहरूले बनेको समशील रचना हो, अनि संयोगवशले कहीं कता कुनै न कुनै हिसाबले अस्पष्ट, आपसी हल्का सम्बन्ध भएका विभिन्न रचनाहरू होइनन्। मान्यता प्राप्त इतिहास यसको विश्वासनीय पृष्ठभूमि हो। अनि परमेश्वरले आफूलाई मानिसहरूकहाँ कसरी प्रकट गर्नुभयो र इस्राएली जाति आफ्नो प्रजाको रूपमा कसरी छान्नुभयो, सो कुरा यस पुस्तकले बयान गर्छ; किनभने यस इस्राएली जातिको कर्तव्य ठूलो थियोः तिनीहरूले परमेश्वरको विशेष सेवा गर्ने जिम्मेवारी पाउनुको साथै तिनीहरू सारा मानव इतिहासभरि संसारको निम्ति गवाही बन्नु थियो। तब कुरा स्पष्ट छः यस सायित्य-कोषको रचनामा मोशाको हात ठूलो थियो। अनि मोशालाई इस्राएली जातिको महाकाव्य लेख्नुमा, साथै तिनलाई यस प्राचीन व्यवस्थाको महान् मध्यस्थको रूपमा यहूदीहरू र इसाईहरूको बीचमा उच्च आदरको स्थान दिन र तिनलाई सम्मान गर्न हर तरहले उचित छ र पूरा सुहाँउछ।’ [8)]

## ENDNOTES:

**1)** The word *teuchos* originally meant a tool or implement, and then a roll of material to write on.

**2)** W. H. Griffith Thomas, *The Pentateuch,* p. 25.

**3)** Merrill F. Unger, *Unger´s Bible Handbook,* p.35.

**4)** The Jewish philosopher Spinoza also chose Ezra as the author.

**5)** A Christian approach can be found in R. K. Harrison, *Introduction to the Old Testament* (Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1966). The Jewish American novelist Hermann Wouk exposes the theory in *This Is My God* (Garden City, NY: Doubleday & Co., 1959).

**6)** Merril F. Unger, *Unger´s Bible Handbook,* p.35.

**7)** Many liberals posit such a specific date from the mistaken belief that Josiah conveniently „found" (fabricated) what is now called 'Deuteronomy' in order to promote a central sanctuary in his capital Jerusalem.

**8)** R. K. Harrison, *Introduction to the Old Testament,* p. 541.

# उत्पत्तिको पुस्तकको टिप्पणी

# उत्पत्तिको पुस्तकको भूमिका

*'पवित्र बाइबलको पहिलो पुस्तकचाहिँ पवित्र धर्मशास्त्रका पुस्तकहरूमध्ये हामीलाई मनमुग्ध गराउने सबैभन्दा चाखलाग्दो खण्ड हो; यसको निम्ति निम्न कारणहरू छन्, जस्तैः ग्रन्थ-सूचिमा यसको विशेष स्थान, पवित्र बाइबलका अरू पुस्तकहरूसित यसको सम्बन्ध, अनि यस पुस्तकमा समावेश गरिएका भिन्न-भिन्नै, आकर्षक विषयहरू र तिनका विशेषताहरू। यी विभिन्न कारणहरूले यस पुस्तकलाई पवित्र धर्मशास्त्रका अरू सबै पुस्तकहरूभन्दा प्रमुख स्थान प्रदान गर्छन्। यसकारण युगौंयुगका परमेश्वरका जनहरू जब तिनीहरूले वास्तविक अध्यात्मिक अन्तर्दृष्टिको साथ यस पुस्तकसित आफ्नो रुचि राख्थे र गम्भीरतासाथ यसमाथि आफ्नो ध्यान लगाइदिन्थे, तब तिनीहरूले सठीक काम गरे।'*

*श्री डब्लू. एच. ग्रिफिथ् थोमस्*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

ग्रीक भाषामा उत्पत्तिको पुस्तकको नाम 'शुरुआत' भनिन्छ भने, यहूदीहरूले यस पुस्तकको नाम हिब्रूमा 'बेरेशित' अर्थात् 'शुरुमा' भन्ने नाम राखेर यस पुस्तकको निम्ति सही शब्द प्रयोग गरेका छन्; किनभने पवित्र बाइबलको यस आकर्षक खण्डले सृष्टिको उत्पत्तिको एकमात्र सत्य विवरण पेश गर्छ; किनकि एकमात्र सृष्टिकर्ता परमेश्वरले नै सबै कुराहरू सृष्टि गर्नुभयो; अनि शुरुमा उहाँ मात्र हुनुहुन्थ्यो।

अनि पवित्र आत्माले परमेश्वरको दास मोशाद्वारा यस पुस्तकमा पुरुष र स्त्रीको सृष्टि, विवाह र घर-परिवारको शुरु, पाप र बलिदानको आरम्भ, साथै शहरहरू, व्यापार-वाणिज्य, खेतीपाती, संगीत, परमेश्वरको आराधना, संसारका भाषाहरू, जातिहरू र राष्ट्रहरू कसरी शुरु भए, सो सुस्पष्ट रूपरेखा प्रस्तुत गर्नुभएको छ। यी सबै कुराहरू उत्पत्तिको पुस्तकका पहिला एघारवटा अध्यायहरूमा पढ्न पाइन्छ।

त्यसपछि, उत्पत्तिको पुस्तकको बाह्र अध्यायदेखि पचास अध्यायसम्म हामी इस्राएली जातिको शुरुआतको विषयमा पढ्न पाउँछौं – परमेश्वरको यस प्रयोगशालारूपी जाति कहाँबाट शुरु भएको थियो, सो देख्दछौं, जुन जातिबाट संसारका सबै जाति-हरूको आत्मिक सूक्ष्म दर्शन मिल्छ। कुल-पिताहरू अब्राहाम, इसहाक, याकूब र उनका बाह्रैजना छोराहरूका जीवनीहरूले, अँ, विशेष गरी ईश्वरभक्त यूसुफको आकर्षित तुल्याउने जीवनीले साना नानीहरूदेखि लिएर बाइबलका ठूला-ठूला विद्वान्हरूसम्म अनगिन्ती ठूलासाना मानिसहरूलाई प्रेरणा प्रदान गरेका छन्।

पवित्र बाइबलका बाँकी पैंसट्ठी पुस्तकहरू राम्ररी बुझ्नु हो भने हामीले पहिले उत्पत्तिको पुस्तकको ठोस अर्थ बुझ्नैपर्छ; किनकि यस पुस्तकरूपी सुन्दर, आयामिक, साहित्यिक आधारमाथि बाइबलका सबै बाँकी पुस्तकहरू निर्माण गरिएका छन्।

### ख) यस पुस्तकको लेखक को हुन्?

यहूदीहरू र इसाईहरूको प्राचीन शिक्षा-अनुसार मोशाले उत्पत्तिको पुस्तक संकलन गर्नको साथै यो पुस्तक लेखेका हुन्। अनि हामी यो तथ्य सहर्षसाथ स्वीकार गर्छौं। उनी परमेश्वरका दास र शास्त्रकार हुन्, जसद्वारा परमेश्वरले इस्राएली जातिलाई व्यवस्था दिनुभयो। उत्पत्तिको पुस्तकमा उल्लेख गरिएका सबै घटनाहरू मोशाको समयभन्दा पहिले नै घटेका थिए; यसकारण निस्सन्देह पवित्र आत्माबाट मिलेको प्रकाश र मार्ग-दर्शनअनुसार उनले पुराना लेखहरू र, हुन सक्छ, पुर्खाहरूका मौखिक बयानहरू पनि प्रयोग गरी लेखे। मोशा नै उत्पत्तिको पुस्तकको लेखक थिए भन्ने सम्बन्धमा अझ बढ़ी जानकारी चाहेमा तपाईंले 'पेन्टटुकको भूमिका'मा हेर्नुहोला।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

प्रायः सबै बाइबल संरक्षक विद्वान्‌हरू प्रस्थानको पुस्तकको लेख्ने मिति ख्रीष्ट-पूर्व १४४५ सालतिर लगाइदिन्छन्। यसो हो भने, उत्पत्तिको पुस्तक ख्रीष्टपूर्व १४४५ साल र मोशाको मृत्यु हुने सालको बीचमा, अर्थात् यी चालीस वर्षको बीचमा लेखिएको अनुमान लगाउन सकिन्छ। तर यो पनि सम्भव देखिन्छ, कि पेन्टटुकको यो पहिलो पुस्तकचाहिँ प्रस्थानको पुस्तकभन्दा अघि नै लेखिएको थियो; किनभने उत्पत्तिको पुस्तकमा उल्लेख गरिएका सबै घटनाहरू कालक्रमको हिसाबले प्रस्थानका महान् घटनाहरूभन्दा अघि घटेका थिए। यसको विषयमा तपाईं 'पेन्टटुकको भूमिका' पढ़ेर अझै बढ़ी जानकारी पाउन सक्नुहुन्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन्?

यहूदीहरू र इसाईहरूमध्ये, जसको मनमा पवित्र बाइबलको विरुद्ध कुनै झुकाउ छैन, तिनीहरू सबैको बीचमा एकमत छः उत्पत्तिको पुस्तकचाहिँ अति प्राचीन समय-हरूका घटनाहरूको आकर्षक सत्य विवरण हो, जसमा यूसुफको जीवनीको मनोरम ऐतिहासिक कथाजस्तै अरू अन्य वृत्तान्तहरू छन्।

पवित्र बाइबलको यस पहिलो पुस्तकको सन्दर्भ के हो त? अथवा छोटकरीमा भन्नु हो भने, यस पुस्तकको पृष्ठभूमि के हो त?

'परमेश्वर यथार्थ व्यक्ति हुनुहुन्छ' भन्ने कुरा सरासर इन्कार गर्ने व्यक्तिहरूले प्रायः उत्पत्तिको पुस्तक दन्त्यकथाहरूको संग्रहको दर्जामा राख्छन् र यी कथाहरू केवल मेसोपोटामियावासी अन्यजातिहरूका पौराणिक कथाहरूको रूपान्तर गरिएका रचनाहरू हुन् भन्छन्। तिनीहरूको नास्तिक विष लागेको धारणाअनुसार, यहूदीहरूले यी कथाहरूबाट बहुईश्वरीय तत्त्वहरू हटाएर ती कुराहरू एकेश्वरीय तत्त्व तुल्याए र हिब्रूहरूको रस र स्वादको निम्ति पच्ने बनाए अरे।

अरू मानिसहरू छन्, जसले उत्पत्तिको पुस्तकलाई यस प्रकारको शङ्कापूर्ण दृष्टिले हेर्दैनन्। तिनीहरूले उत्पत्तिको पुस्तक गाथाहरू र पौराणिक कथाहरूको संग्रहको रूपमा हेर्छन्, जुन कथाहरूमा केही ऐतिहासिक अर्थ छ।

अरू मानिसहरू पनि छन्, जसको विचारमा, उत्पत्तिको पुस्तकचाहिँ प्रकृति र संस्कृतिसित सम्बन्धित कुराहरू कहाँबाट आएका हुन्, सो कुराको स्पष्टीकरण गर्ने कथाहरूको संगालो हो रे। पवित्र बाइबलको पुरानो नियममा विशेष गरी शुरुआतहरूको

विषयमा लेखिएको यस प्रथम पुस्तकमा उत्पत्ति र हेतुको विज्ञानअन्तर्गत पर्ने कति सत्य वृत्तान्तहरू छँदैछन्, जस्तैः पापको शुरुआत भएको, आकाशमा पहिलो पल्ट ईन्द्रेणी देखा परेको, इस्राएली जाति अस्तित्वमा आएको इत्यादि; तर यी कथाहरू अऐतिहासिक वृत्तान्तहरू हुन् भन्न मिल्दैन ।

उत्पत्तिको पुस्तकको बयान इतिहास नै हो । अरू सबै इतिहासका विवरणहरूजस्तै उत्पत्तिको पुस्तकमा पनि विभिन्न अर्थ लगाउन सकिन्छ । उत्पत्तिको पुस्तक धर्मशास्त्रीय इतिहास हो; किनभने यस पुस्तकमा बताइदिइएका तथ्यहरू ईश्वरीय योजनाअन्तर्गत प्रस्तुत गरिएका छन् । अङ्ग्रेजीमा यस प्रकारको मज्जाको भनाइ छः 'History is His story' अर्थात्  'इतिहासचाहिँ उहाँको कथा हो ।'

उत्पत्तिको पुस्तक 'तोरा' नामक धर्मनियमको पहिलो पुस्तक भए ता पनि यसमा कानुनी केही पनि छैन । ('तोरा'को शाब्दिक अर्थ निर्देशन हो ।) तर यस पुस्तकले प्रस्थानको पुस्तकदेखि लिएर व्यवस्थाको पुस्तकसम्म धर्मशास्त्रको त्यस खण्डको निम्ति, साथै परमेश्वरले पछि मोशाद्वारा दिनुभएको दस आज्ञाहरूरूपी व्यवस्थाको निम्ति उपयोगी जग तयार गर्दछ । वास्तवमा, उत्पत्तिको पुस्तकले बाइबलीय इतिहासको निम्ति, र मानव-इतिहासको निम्ति पनि उचित, सुयोग्य जग बसाल्छ ।

उत्पत्तिको पुस्तकको रचना दुईवटा तथ्यहरूले – आशिष र श्रापरूपी धागोहरूले होशियारसाथ र खूबै सुन्दर ढङ्गमा बुनेको छ । अनि यो कुरा सम्पूर्ण पवित्र बाइबलको विषयमा पनि सत्य ठहरिएको छः आज्ञाकारिताले प्रचुर आशिष ल्याउँछ भने अनाज्ञाकारिताले यसको ठीक विपरीत कुराहरू अर्थात् यी अनाज्ञाकारी मानिसहरूमाथि श्रापहरू ल्याउँछ ।

पापको पतनबाट आएका ठूला श्रापहरूचाहिँ विश्वव्यापी जलप्रलय हो, र बाबेलमा संसारको भाषाको खलबल पनि हो । अनि महान् आशिषहरूचाहिँ मुक्तिदाता दिन्छु भन्ने परमेश्वरको प्रतिज्ञा र मानिसहरूको बाँकी भाग जलप्रलयबाट भएर बाँचेको, साथै परमेश्वरले छान्नुभएको इस्राएली जातिद्वारा उहाँको अनुग्रहको धारा बगिरहेको ।

यदि उत्पत्तिको पुस्तक वास्तविक इतिहास हो भने, मोशाले कसरी यी उहिलेका वंशावलीहरू, यी प्राचीन मानिसहरूको बीचमा चलिरहेका बातचितहरू, त्यस बेलामा घटेका घटनाहरू र ती घटनाहरूको सठीक अर्थ जान्न सके ?

पहिले हामी सफासँग यो भन्छौंः उत्पत्तिको पुस्तकमा उल्लेखित पितापुर्खाहरू र उनीहरूका प्रथाहरूको विषयमा पुरातत्वको खोजले उत्पत्तिको पुस्तकको वृत्तान्त धेरै क्षेत्रहरूमा पुस्टि गरेको छ । यस पुरातत्वका अनुसन्धानहरू प्रमाणको रूपमा नलिए ता पनि यी अनुसन्धानहरूले कम्तीमा यस दिव्य वृत्तान्तको समर्थनको काम त गर्छन् र विभिन्न तत्त्वहरू उदाहरणहरूको रूपमा पेश गरेर कुरा स्पष्ट पार्छन् ।

उन्नाइसौं शताब्दीमा बाँचिरहेका अन्टोन हार्टमन्‌ नाम गरेका उदारवादी विद्वान्को शिक्षाअनुसार मोशाले पेन्टटुक लेखेनन् अरे; किनभने त्यस बेलासम्म लेख्ने कला विकसित भएको थिएन ।[1)] तर वर्तमान समयमा प्राप्त ज्ञानअनुसार मोशाले मिस्र देशको विद्या हासिल गरेका थिए; यसकारण उनले प्राचीन लिपिहरूमध्ये कुनै एउटा प्रयोग गरी पेन्टटुक लेख्न सके ।

यूसुफले छोड़िदिएका लिखित वर्णनहरू, ढुङ्गाका पाटीहरू, चर्मपत्रमा लेखिएका पुस्तकहरू र प्राचीन मेसोपोटामियाबाट अब्राहाम र तिनका सन्तानहरूले एक पुस्तादेखि अर्को पुस्तालाई सुम्पिएका मौखिक

बयानहरू लिएर मोशाले उत्पत्तिको पुस्तक लेख्न प्रयोग गरेका हुन्; यस कुरामा कुनै शङ्का छैन। पितापुर्खाहरूका वंशावलीहरूको विषयमा, विशेष गरी 'आदमको वंशावलीको पुस्तक' नामक खण्ड र अरू यस्ता खण्डहरूको विषयमा उक्त कुरा पनि लागू हुन्छ।

यति भनेमा हाम्रो विश्लेषणको कुराको अन्त भएको छैन। किनभने हामीले भन्नुपर्छः पवित्र आत्मा परमेश्वरले मोशालाई यथार्थ र सठीक सामग्रीहरू चुनेर प्रयोग गर्ने, तर अरू बाँकी सबै सामग्रीहरू रद्द गर्ने प्रेरणा दिनुभएको हो। अनि हुन सक्छ, अलौकिक प्रकाशद्वारा मोशाले कतिपय बातचितहरू र अन्य बेलीबिस्तारहरूको विषयमा ज्ञान हासिल गरेर यी कुराहरू यस उत्पत्तिको पुस्तकमा पनि पेश गरे होलान्।

यस सम्बन्धमा हाम्रो निष्कर्ष यस प्रकारको छः यो सब विश्वासमा आधारित तथ्य हो। के परमेश्वर आफ्नो दास मोशाद्वारा उत्पत्तिको पुस्तकको रचना गर्न सक्षम हुनुहुन्छ? मानव-इतिहासको शुरुदेखि नै आजको दिनसम्म पुस्तौंपुस्ताका सबै विश्वासीहरूले परमेश्वर सत्य हुनुहुन्छ भन्ने तथ्यमाथि आफ्नो मोहर-छाप लगाएका छन्।

पुरातत्वका अनुसन्धानहरूले हामीलाई उत्पत्तिको समयमा बाँचिरहेका पितापुर्खा-हरूको संस्कृति के-कस्तो थियो, सो कुरा बताएर बाइबलका वर्णनहरू सजीव पार्न सहयोग गर्लान्,[2)] तर पवित्र आत्माले मात्र उत्पत्तिको पुस्तकमा प्रकट गरिएको सत्यता हाम्रो हृदयमा र हाम्रो दैनिक जीवनमा उज्ज्वल तुल्याउन सक्नुहुन्छ।

जब तपाईं उत्पत्तिको पुस्तक अथवा पुरानो नियमको अरू कुनै पनि पुस्तकको विषयमा यस 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक पुस्तकमा पढ्नुहुन्छ, तब तपाईंले यी टिका-टिप्पणी-हरूबाट आत्मिक लाभ उठाउनको निम्ति पवित्र आत्माको प्रकाशमाथि निर्भर गर्नुहोस्, तब तपाईंले सीधा पवित्र वचनबाट अमूल्य आशिषहरू उठाउनुहुनेछ। पवित्र बाइबलको जुनै पनि असल टिप्पणीचाहिँ सीधा हाम्रो निम्ति आशिष प्राप्त गर्ने माध्यम हुने खोज्ने होइन, तर त्यसले बाणको काम गर्छ, जुन बाणले *'परमप्रभु यसो भन्नुहुन्छ'* भन्ने वाक्य-माथि हाम्रो ध्यान खिज्न खोज्छ।

# रूपरेखाः

**खण्ड १) उत्पत्ति १-११ः पृथ्वीका प्रारम्भिक युगहरू**

**क) उत्पत्ति १-२ः** सृष्टिको उत्पत्ति

**ख) उत्पत्ति ३ः** मानिसको परीक्षा र पतन

**ग) उत्पत्ति ४ः** कयिन र हाबिल

**घ) उत्पत्ति ५ः** सेत र तिनका सन्तानहरू

**ङ) उत्पत्ति ६-८ः** विश्वव्यापी पाप र जलप्रलय

**च) उत्पत्ति ९ः** जलप्रलयपछि नूहको जीवन

**छ) उत्पत्ति १०ः** जातिहरूको सूचि

**ज) उत्पत्ति ११ः** बाबेलको धरहरा

**खण्ड २) उत्पत्ति १२-५०ः इस्राएलका पितापुर्खाहरू**

**अ) उत्पत्ति १२ः१-२५ः११ः** अब्राहाम

- **क) उत्पत्ति १२ः१-९ः** अब्राहामको बोलावट
- **ख) उत्पत्ति १२ः१०-१३ः४ः** मिस्र देशमा अब्राहामको प्रवेश र कनानमा तिनी फर्केको
- **ग) उत्पत्ति १३ः१-१४ः२४ः** लूत र मेल्किसेदेकसँग गरेका अब्राहामका अनुभवहरू
- **घ) उत्पत्ति १५ः** अब्राहामलाई प्रतिज्ञा गरिएको उत्तराधिकारी
- **ङ) उत्पत्ति १६-१७ः** इश्माएलचाहिँ शरीरअनुसार अब्राहामको सन्तान हो
- **च) उत्पत्ति १८-१९ः** सदोम र गमोरा
- **छ) उत्पत्ति २०ः** अब्राहाम र अबिमेलेक
- **ज) उत्पत्ति २१ः** इसहाकचाहिँ प्रतिज्ञा गरिएको पुत्र हुन्
- **झ) उत्पत्ति २२ः** इसहाकरूपी बलिदान
- **ञ) उत्पत्ति २३ः** अब्राहामको परिवारको निम्ति निर्धारित कब्रस्तान
- **ट) उत्पत्ति २४ः** इसहाकको निम्ति एउटी दुलही
- **ठ) उत्पत्ति २५ः१-१८ः** अब्राहामको वंश

**आ) उत्पत्ति २५ः१९-२६ः३५ः** इसहाक

- **क) उत्पत्ति २५ः१९-३४ः** इसहाकको परिवार
- **ख) उत्पत्ति २६ः** इसहाक र अबिमेलेक

**इ) उत्पत्ति २७ः१-३६ः४३ः** याकूब

- **क) उत्पत्ति २७ः** एसाव याकूबद्वारा ठगिएका
- **ख) उत्पत्ति २८ः** याकूब हारानमा भागेर गएका
- **ग) उत्पत्ति २९ः१-३०ः२४ः** याकूब, उनका पत्नीहरू र उनका छोराछोरीहरू
- **घ) उत्पत्ति ३०ः२५-४३ः** याकूबले बुद्धिद्वारा लाबानलाई जितेका

**ङ) उत्पत्ति ३१ः** याकूब कनान देशमा फर्केका

**च) उत्पत्ति ३२-३३ः** याकूब र एसावको मेलमिलाप

**छ) उत्पत्ति ३४ः** शेकेममा हुन गएका पापहरू

**ज) उत्पत्ति ३५ः** याकूब बेतेलमा फर्कन्छन्

**झ) उत्पत्ति ३६ः** याकूबको दाजु एसावका सन्तानहरू

**ई) उत्पत्ति ३७ः१-५०ः२६ः** यूसुफ

**क) उत्पत्ति ३७ः** यूसुफ कमारा हुनलाई मिस्र देशमा बेचिएका

**ख) उत्पत्ति ३८ः** यहूदा र तामार

**ग) उत्पत्ति ३९ः** यूसुफको परीक्षा र विजय

**घ) उत्पत्ति ४०ः** यूसुफले मिस्रका राजाका मद्य टक्राउने नोकर र रोटी पकाउने नोकरका सपनाको अर्थ खोलिदिएका

**ङ) उत्पत्ति ४१ः** यूसुफले मिस्रका राजाका सपनाहरूको अर्थ खोलिदिएका

**च) उत्पत्ति ४२-४४ः** यूसुफका दाजुभाइहरू मिस्र देशमा आएका

**छ) उत्पत्ति ४५ः** यूसुफले आफूलाई आफ्ना दाजुभाइहरूकहाँ प्रकट गरेका

**ज) उत्पत्ति ४६ः** आफ्ना परिवारसँग यूसुफको पुनर्मिलन

**झ) उत्पत्ति ४७ः** मिस्र देशमा भएको यूसुफको परिवार

**ञ) उत्पत्ति ४८ः** याकूबले यूसुफका छोराहरूलाई आशीर्वाद दिएका

**ट) उत्पत्ति ४९ः** आफ्ना छोराहरूको सम्बन्धमा याकूबको भविष्यवाणी

**ठ) उत्पत्ति ५०ः** मिस्र देशमा याकूबको मृत्यु र त्यसपछि यूसुफको मृत्यु

# उत्पत्तिको पुस्तकको टिप्पणी

## खण्ड १

## उत्पत्ति १-११:

### पृथ्वीका प्रारम्भिक युगहरू

#### क) उत्पत्ति १-२: सृष्टिको उत्पत्ति

**उत्पत्ति १:१:** *'शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ...'* पवित्र बाइबलका यी पहिला शब्दहरूचाहिँ हाम्रो विश्वासको सत्‌आधार हुन्। तपाईंले यी शब्दहरू विश्वास गर्नुभयो भने, तपाईंले पवित्र बाइबलमा लेखिएका अरू सबै कुराहरू विश्वास गर्न सक्नुहुन्छ। उत्पत्तिको पुस्तकले सृष्टिको उत्पत्तिको एकमात्र साधिकारयुक्त वर्णन प्रस्तुत गर्दछ, जुन वर्णनचाहिँ सबै उमेरका मानिसहरूको निम्ति अर्थपूर्ण हुन्छ, र जसको अर्थ कसैले पनि पूरा पत्ता लगाएर निकाल्न सकेको छैन। यस ईश्वरीय वर्णनले परमेश्वरको अस्तित्व प्रमाण गर्ने कोशिश गर्दैन, तर बरु उहाँको अस्तित्वको अपेक्षा गर्छ। परमेश्वरको अस्तित्व इन्कार गर्नेहरूका निम्ति पवित्र बाइबलले 'मूर्ख' भन्ने विशेष उपाधि दिएको छ (भजन १४:१ र ५३:१)। जसरी पवित्र बाइबल परमेश्वरबाट शुरु भएको छ, त्यसरी नै हाम्रो जीवन पनि उहाँबाट शुरु भएको हुनुपर्छ अर्थात् उहाँले हाम्रो जीवनमा पहिलो स्थान पाउनुपर्छ।

**उत्पत्ति १:२:** यस पुस्तकमा दिइएको सृष्टिको विवरणमा अर्थ लगाउने संरक्षक धारणाहरूमध्ये एउटाचाहिँ सृष्टिको पुनर्रचना भनिन्छ। त्यस धारणाअनुसार उत्पत्ति १:१ पद र १:२ पदको बीचमा एउटा अन्तराल समय आएको थियो, जुन समयमा एउटा महा-विपत्ति घटेको थियो; हुन सक्छ, त्यस समयमा शैतानको पतन भएको हुनुपर्ला (इजकिएल २८:११-१९)।[3] अनि यही घटनाद्वारा परमेश्वरले सिद्धतामा सृजना गर्नुभएको उहाँको प्रारम्भिक मूलसृष्टि आकारविहीन र शुन्य हुन गयो; हिब्रूमा यस परिस्थितिलाई 'तोहू-व-बोहू' भनिन्छ। यशैया ४५:१८ पदअनुसार परमेश्वरले पृथ्वीलाई उजाड़ र व्यर्थको सृष्टि गर्नुभएन; यसकारण त्यहाँ कुनै बलजफतकारी प्रकोप वा दुर्घटना घटेको हुनुपर्छ, जुन प्रकोपको फलस्वरूप पृथ्वीचाहिँ आकारविहीन र शुन्य अवस्थामा ल्याइएको र उत्पत्ति १:२ पदमा बताइएअनुसारको स्थितिमा आइपुगेको थियो। यस धारणाका समर्थकहरूले के भन्छन् भने, उत्पत्ति १:२ पदमा हिब्रूमा जुन *hâyethâ* भन्ने शब्द 'थियो' भनेर अनुवाद गरियो, त्यो शब्द 'हुन गयो वा बन्यो' भनेर पनि अनुवाद गर्न सकिन्छ।[4] यसर्थ

'पृथ्वीचाहिँ आकारविनाको र शून्य हुन गयो' भन्न मिल्दो रहेछ ।

*'परमेश्वरको आत्मा पानीको सतह-माथि घुमिरहनुहुन्थ्यो;'* हामी यहाँ पवित्र आत्माको क्रियाशीलता देख्दछौं, जो एउटा सृजनात्मक कामद्वारा पृथ्वीलाई पुनर्निमाण गर्ने तयारीमा हुनुहुन्थ्यो । यस अध्यायका बाँकी पदहरूले सृष्टिका छ दिनहरू वर्णन गर्छन्, जुन समयभित्र परमेश्वरले पृथ्वीलाई मानिसको वासस्थान हुनका निम्ति पुनर्निमाण गर्नुभयो ।

**उत्पत्ति १ः३-५ः** *पहिलो दिनः* पहिलो दिनमा परमेश्वरले अन्धकारबाट ज्योति चम्किनिस्कोस् भनेर आज्ञा गर्नुभयो, अनि दिन-रातको नित्य क्रम स्थापित गर्नुभयो । उहाँले पहिलो दिनमा उज्यालो सृजना गर्नुभएको कार्य र चौथो दिनमा सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभएको कार्यको बीचमा हामी अल्मलिनुहुँदैन । २ कोरिन्थी ४ः६ पदमा प्रेरित पावलले परमेश्वरले अन्धकार-बाट ज्योति चम्काइदिनुभएको कार्य र एकजना पापी मानिस पापको अन्धकारदेखि ख्रीष्ट येशूकहाँ फर्केर आएको कुरामा केही समानता देखेका छन् ।

**उत्पत्ति १ः६-८ः** *दोस्रो दिनः* सृष्टिको दोस्रो दिन हुनुभन्दा अघि पृथ्वी बाक्लो पानीको तहले पूरा ढाकिएको बुझिन्छ; हुन सक्छ, त्यो पानीको तहचाहिँ बाक्लो वाफको रूपमा थियो, कि कसो हो ? दोस्रो दिनमा परमेश्वरले त्यस पानीको तहलाई दुई भाग लगाउनुभयो र बीचमा वायुमण्डल हालि-दिनुभयो । मुनिको भागको पानीले पृथ्वीलाई पुरेको थियो भने, पानीको अर्को भागचाहिँ बादलहरू बन्यो । अनि पृथ्वीमाथिको पानी र आकाशमा भएको पानीको बीचमा वायु-मण्डलीय तहहरू थिए, जसलाई अन्तर वा गुम्बज भनिएको छ । परमेश्वरले त्यस अन्तरलाई 'आकाश' भन्नुभयो, जुन आकाश-चाहिँ पृथ्वीदेखि उभो फैलिएर गएको खाली भाग हो; सूर्य, चन्द्रमा र ताराहरू भएको ठाउँ आकाशमण्डल भनिन्छ भने स्वर्ग अथवा तेस्रो स्वर्गचाहिँ परमेश्वरको वासस्थान हो । उत्पत्ति १ः२० पदअनुसार स्पष्ट बुझिन्छ, कि यो आकाशचाहिँ वायुमण्डल हो, जहाँ पक्षीहरू उड्छन् ।

**उत्पत्ति १ः९-१३ः** *तेस्रो दिनः* त्यसपछि परमेश्वरले पृथ्वीरूपी ग्रहलाई ढाकिदिने पानीबाट सुक्खा जमिन देखा पर्ने तुल्याउनु-भयो । यसरी भूभाग र समुद्र अस्तित्वमा आए । अनि यही तेस्रो दिनमा उहाँले किसिम-किसिमका हरिया वनस्पति र रूखहरू पनि यस भूभागबाट उमार्नुभयो ।

**उत्पत्ति १ः१४-१९ः** *चौथो दिनः* चौथो दिन नभएसम्म परमप्रभुले आकाशमा सूर्य, चान्द्रमा र ताराहरू राख्नुभएन, जुन नक्षत्रहरू पृथ्वीमा उज्यालो प्रदान गर्ने र ऋतु, वर्ष, महिना इत्यादि ठहऱ्याउने अर्थात् मानव जातिको निम्ति तारिख-सूचि स्थापित गर्ने माध्यम बने ।

**उत्पत्ति १ः२०-२३ः** *पाँचौं दिनः* पाचौं दिनमा समुद्रको पानी सबै प्रकारका माछा र जलजन्तुहरूले भरियो भने, भूभागदेखि मास्तिरको वायुमण्डलचाहिँ सबै प्रकारका पक्षीहरू र कीराफटेंग्राहरूले भरियो । यहाँ 'पक्षीहरू' भनेर अनुवाद गरिएको शब्दको अक्षरशः अर्थचाहिँ 'पखेटादार' हो, जुन पखेटा भएका प्राणीहरूमा चमेराहरू र अन्य उड्ने कीराहरू पनि समावेश हुन्छन् ।

**उत्पत्ति १ः२४-२५ः** *छैटौं दिनः* छैटौं दिनमा परमेश्वरले सबै प्रकारका पशुप्राणी र जमिनमा घस्रने जन्तुहरू सृजना गर्नुभयो । अनि प्रजननको नियम यहाँ *'आ-आफ्नो जातअनुसार'* भन्ने शब्दहरूद्वारा घरिघरि प्रस्तुत गरिएको छ । सबै पशुप्राणी र जीवजन्तु-हरूचाहिँ किसिम-किसिमका हुन्छन्; तिनी-हरूमा थरिथरिका उपजातहरू हुन्छन् । तर

कुनै प्राणी र कुनै जीवजन्तुले आफ्नो जात नाघेको छैन, अँ, कुनै जीव अर्को जात बनेको पनि छैन ।

**उत्पत्ति १ः२६-२८ः** परमेश्वरको कामको ताजचाहिँ मानिस हो, जसलाई उहाँले आफ्नै स्वरूपमा र आफ्नो समानतामा सृष्टि गर्नुभयो। यसर्थ मानिस यस पृथ्वीमा परमेश्वरको प्रतिनिधि गर्छ, र मानिस कतिपय कुराहरूमा परमेश्वरतुल्य हुन्छ। परमेश्वर त्रिएक हुनुहुन्छ अर्थात् पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ; ठीक त्यस्तै मानिस पनि आत्मा, प्राण र शरीर भएको त्रिएक प्राणी हो । परमेश्वरमा भएझैं मानिसमा पनि समझ र विवेक छ, उसमा एउटा नैतिक स्वभाव छ र अरू मानिसहरूसँग बातचित गर्ने क्षमता छ। अनि मानिसमा भावनात्मक स्वभाव पनि छ, जुन भावनात्मक स्वभावचाहिँ अरू प्राणी-हरूमा भएको सहजज्ञानभन्दा धेरै उच्च स्तरको हुन्छ। मानिस परमेश्वरको समानतामा सृष्टि गरियो भन्नाले यहाँ कुनै शारीरिक समानता बुझ्नुहुँदैन। तर मानिस पशु होइन; किनकि मानिसले परमेश्वरको आराधना गर्छ; उसले शब्दद्वारा आफ्ना विचारहरू व्यक्त गर्न सक्छ; अनि मानिसमा भएको सृजनात्मक शक्ति ठूलो हुन्छ ।

उत्पत्ति १ः२६ पदचाहिँ त्रिएकतासूचक पद हो; किनभने यसरी लेखिएको छः *'अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरूपमा, हाम्रै समानतामा बनाऔं!" '* हिब्रूमा यस वाक्यमा 'परमेश्वर' भन्ने संज्ञा बहुवचनमा, 'भन्नुभयो' भन्ने क्रियापद एकवचनमा र 'हामी' भन्ने सर्वनाम फेरि बहुवचनमा छ ।

परमेश्वरले मानिसलाई *'फल्दै-फुल्दै र वृद्धि हुँदै जाओ'* भन्ने आज्ञा गर्नुभयो। यसकारण पवित्र बाइबलअनुसार मानिसको पुलिङ्ग र स्त्रीलिङ्गचाहिँ परमेश्वरको सृजनात्मक काम हो। 'क्रमागत विकास' नामक सिद्धान्तले मानिसलाई पुरुष र स्त्री छुट्ट्याउने लिङ्गहरू कहाँबाट आए, सो कुरा अहिलेसम्म बताउन सकेको छैन ।

परमेश्वरले मानिसलाई सारा सृष्टि वशमा राख्ने र त्यसमाथि प्रभुत्व जमाउने अधिकार सुम्पनुभयो, र उसलाई सृजिएका सबै कुराहरू प्रयोग गर्न दिनुभयो, तर दुरुपयोग गर्न चाहिँ होइन। वर्त्तमान संसारमा भइरहेका वातावरण सम्बन्धी समस्याहरू मानिस जातिको लोभ-लालच, स्वार्थीपन र बेपरवाहको कारण नै भएका हुन् ।

**उत्पत्ति १ः२९-३०ः** यी पदहरूबाट यो कुरा स्पष्ट भएको छ कि सबै पशुप्राणीहरू सृष्टिदेखि नै मांसाहारी थिएनन्, साघपात खाने प्राणी थिए, र मानिस पनि शाकाहारी थिए। तर उत्पत्ति ९ः१-७ पदको खण्ड-अनुसार जलप्रलयपछि सबै प्राणीहरूको खानपान गर्ने आदतमा केही परिवर्त्तन आयो ।

के सृष्टिका छ दिनहरूचाहिँ चौबीस घण्टाको अवधि भएका दिनहरू थिए त? अथवा के ती दिनहरू भूविज्ञानद्वारा तोकिएका निर्दिष्ट युगहरू थिए? अथवा के ती दिनहरू प्रभावशाली दर्शन पो थिए कि, जुन दर्शनद्वारा परमेश्वरले मोशालाई सृष्टिका विवरणहरूको प्रकाश दिनुभयो? सृष्टिका ती छ दिनहरू-चाहिँ सौरजगत्का वास्तविक दिनहरू नै थिए भन्ने धारणाको विरुद्ध आजको दिनसम्म कुनै यस्तो एउटै वैज्ञानिक प्रमाण पनि पाइएको छैन, जसद्वारा यो धारणा खण्डन गर्न सकिन्थ्यो। तर वचनले के भन्दछ? *'अनि साँझ पर्‍यो र बिहान भयो।'* यसबाट के बुझिन्छ भने ती दिनहरू चौबीस घण्टाको अवधि भएका दिनहरू थिए। पवित्र बाइबलको पुरानो नियमभरि नै जताततै 'दिन' भन्ने शब्दले सौरजगत्का सामान्य दिनहरू थिए ।

यस सम्बन्धमा आदमको कुरा आयोः सृष्टिको सातौं दिन लगायत आदम नौ सय तीस वर्षसम्म बाँचे; यसकारण सृष्टिको सातौं दिनचाहिँ भूविज्ञानद्वारा तोकिएको कुनै निर्दिष्ट युग हुन सक्दैन।

अब हिब्रूको भाषाको कुरा आयोः पवित्र बाइबलमा जहाँ 'दिन' भन्ने शब्दसित कुनै सङ्ख्या प्रयोग गरिएको छ, जस्तैः 'पहिलो दिन' आदि, त्यहाँ त्यो दिन सधैं एउटा सामान्य दिन भएकै हो। उदाहरणको निम्ति, जब परमेश्वरले इस्राएलीहरूलाई विश्राम-दिनमा विश्राम गर्नू भन्ने आज्ञा दिनुभयो, तब उहाँले छ दिनसम्म परिश्रम गर्नुभएपछि सातौं दिनमा विश्राम गर्नुभएको तथ्यमाथि आधारित यो आज्ञा दिनुभएको हो (प्रस्थान २०:८-११)। यसकारण हाम्रो व्याख्यामा अनुकूलता हुनु हो भने हामीले 'दिन'को अर्थ लगातार एउटै अर्थमा दिनुपर्छ।

तर यस कुरामा एउटा समस्या रहेको छः जसरी हामी सौरजगत्‌को चौबीस घण्टा भएको दिन जान्दछौं, त्यस प्रकारको दिन त सृष्टिको चौथो दिनसम्म चालू भएको थिएन (उत्पत्ति १:१४-१९)।

पवित्र बाइबलबाट विदितै छ, कि आकाश र पृथ्वीको सृष्टिको उत्पत्तिको मिति, दिन र तारिख दिइएको छैन। यसरी नै मानिसको सृष्टिको मिति पनि तोकिएका छैन। यसो भए ता पनि बाइबलमा मानिसका विभिन्न वंशालवीहरू दिइएका छन्; अनि यी वंशावलीहरूको बीचमा अन्तराल समयहरू लगाइदिएर पनि मानिस लाखौं वर्षहरू यस पृथ्वीमा बसेको थिएन भन्ने कुरा पुष्टि हुन्छ। विकास-सिद्धान्तवादीहरूले दाबी गरेको कुरा कहाँ गयो त?

यूहन्ना १:१ र १४ पद, अनि कलस्सी १:१६ र हिब्रू १:२ पदहरूबाट हामी यो जानकारी पाउँछौं कि प्रभु येशू ख्रीष्ट सृष्टिको काममा क्रियाशील कर्ता हुनुहुन्थ्यो, र उहाँविना कुनै थोक पनि हुन आएन। उहाँको सृष्टिका कहिल्यै अन्त नहुने अचम्मका कामहरूको निम्ति उहाँ अनन्त-अनन्तसम्म आराधना पाउन योग्यको हुनुहुन्छ।

**उत्पत्ति १:३१:** सृष्टिका छ दिनहरूको अन्तमा परमेश्वर आफूले सृष्टि गर्नुभएको प्रत्येक थोक जाँचेर हेर्नुभयो, र ती सबै थोकहरू साँच्चै साह्रै असल थिए।

**उत्पत्ति २:१-३:** *सातौं दिनः* सातौं दिनमा परमेश्वरले सृष्टि गर्नुभएका सबै कामहरूबाट विश्राम लिनुभयो। तर यो विश्राम धेरै परिश्रम गरेपछि थकाइ मार्नको निम्ति लिने विश्राम थिएन, तर उहाँको विश्रामचाहिँ सुन्दर र असल ढङ्गमा र सिद्ध रूपले काम गरि-सिद्ध्याइसकेपछि सन्तुष्टि लिएको विश्राम थियो। तर याद रहोस्ः यस बखतमा परमेश्वरले मानिसलाई विश्राम-दिन पालन गर्ने आज्ञा दिनुभएन; ता पनि उहाँले यहाँ सात दिनहरूमध्ये कुनै एउटा दिनमा सबै परिश्रमका कामहरूबाट विश्राम लिनुपर्ने पाठ र नियम सिकाइदिनुभयो।

**उत्पत्ति २:४-६:** मानिसको सृष्टि भइसकेपछि मात्र यहाँ उत्पत्ति २:४ पदमा पहिलो पल्ट 'परमप्रभु परमेश्वर' भन्ने नाम पढ्‌न पाइन्छ। हिब्रूमा 'याह्वे एलोहिम' अर्थात् 'परमप्रभु परमेश्वर'। 'एलोहिम' शब्दको अर्थ सृष्टिकर्ता हो भने, 'याह्वे' भन्ने शब्दको अर्थ यस प्रकारको छः परमेश्वरचाहिँ 'याह्वे' भन्ने नामअनुसार मानिससँग करारबद्ध सम्बन्धमा रहनुहुन्छ। बाइबलका कतिजना आलोचक-हरूले यो कुरा नबुझेर परमेश्वरका यी विभिन्न नामहरू प्रयोग गरेको अर्थ सठीक रूपले लगाउन सकेनन्; किनकि तिनीहरूको विचारमा, यी भिन्न नामहरूले विभिन्न लेखकहरूको माग गर्छन् अरे।

उत्पत्ति २:४ पदमा *'सृष्टिको विवरण यही हो'* भनेर लेखिएको वाक्यले उत्पत्ति एक अध्यायमा लेखिएका सृष्टिको वृत्तान्त सङ्केत

गरेको हो। अनि उत्पत्ति २ः५ पदले उत्पत्ति १ः१० पदमा बयान गरिएको अवस्था वर्णन गर्दछ; किनभने त्यस पदमा यसो लेखिएको छः *'तबसम्म पृथ्वीमाथि मैदानमा कुनै बोटविरुवा थिएन र मैदानको कुनै सागपात अझै पनि उम्रेको थिएन।'* यसकारण यो बयान त्यस समयमा फर्केको छ, जुन बेलामा कुनै वनस्पति देखा परेको थिएन, तर पृथ्वीको भूभाग मात्र देखा परेको थियो। त्यस बेलामा पृथ्वीमाथि पानी परेको थिएन, तर कुइरोको ओसले समस्त भूमिलाई भिजाउने गर्थ्यो।

**उतपत्ति २ः७ः** यस पदमा मानिसको सृष्टिको पूर्ण वृत्तान्त दिइएको छ। परमेश्वरले मानिसको शरीर माटोबाट बनाउनुभयो, तर उहाँको श्वास मानिसभित्र पसेपछि मात्र ऊ एउटा जीवित प्राणी भयो। मानिस रातो माटोबाट बनिएको कारणले पहिलो मानिसको नाम आदम राखियो। हिब्रूमा आदमको अर्थ कि त 'रातो', कि त 'माटो' हो।

**उतपत्ति २ः८-१४ः** परमेश्वरले अदन नामक ठाउँमा एउटा बगैंचा लगाउनुभयो, जुन बगैंचा अदनको पूर्वपट्टि परेको थियो। पूर्व भन्नाले इस्राएल देशको पूर्वतिर परेको बुझिन्छ; किनभने पवित्र बाइबलमा समस्त ठाउँहरूका दिशाचाहिँ ती ठाउँहरू केन्द्र-विन्दुरूपी इस्राएल देशदेखि कहाँ-कहाँ पर्ने गर्थे, सही दृष्टिले बयान गरिन्थ्यो। यसर्थ अदनको बगैंचाचाहिँ मेसापोटामिया देशमा, हिद्देकेल अर्थात् टिग्रिस र यूफ्रेटिस महा-नदीहरूको छेउमा अवस्थित थियो।

अनि असल र खराबको ज्ञान दिने रूखले मानिसको जीवनमा आज्ञाकरिताको जाँच खड़ा गर्‍यो। यस रूखको फल खानु नहुने एकमात्र कारणचाहिँ परमेश्वरले 'नखानू' भन्नुभएको थियो। अनि यो पनि बुझ्नुहोस्ः विभिन्न रूपमा परमेश्वरले 'नखानू' भन्नु-भएको यो फल आजको दिनमा पनि अझै हामीसित छँदैछ।

**उत्पत्ति २ः१५-२३ः** परमेश्वरले दिनु-भएको आज्ञा उल्लङ्घन गरेको दण्डचाहिँ मृत्यु थियो (उत्पत्ति २ः१७); अनि यहाँ, यस ठाउँमा मृत्यु भन्नाले तत्कालिक आत्मिक मृत्यु र विस्तारै हुने शरीरको प्रगतिशील मृत्यु बुझिन्छ।

पशु र पक्षीहरूको नामीकरण गर्दाखेरि आदमले यो कुरा थाह गरेको हुनुपर्छ कि ती सबै पशुप्राणीहरू भाले र पोथी हुँदा रहेछन्। प्रत्येक जातको पशुप्राणीको निम्ति आफूजस्तै भएको र पनि फरक जोड़ी थियो। यस कुराले आदमलाई 'मलाई पनि मसँग मेल खाने एउटी सहयोगीको खाँचो परेको छ' भन्ने बोध गराएको हुनुपर्छ। तिनकी दुलहीचाहिँ तिनी घोर निद्रामा परेको बेलामा तिनका करङ्गहरूबाट निकालिएको एउटा करङ्गबाट बनिएकी थिई। ठीक योजस्तै ख्रीष्ट येशूको छातीबाट मण्डली अर्थात् उहाँकी दुलही निकालिएकी हो, जब उहाँले असीम कष्टको साथमा त्यसका निम्ति बगाउनुभएको आफ्नो अमूल्य रगतद्वारा त्यसलाई प्राप्त गर्नुभयो। त्यो स्त्री आदमको टाउकोबाट निकालिएर बनिएकी होइन; नत्र ता स्त्रीले पुरुषलाई अधीनतामा राख्नेथिई होली। त्यो न खुट्टाबाट निकालिएकी थिई, नत्र ता परुषको खुट्टाले थिचिएर र पेलिएर ऊ अवहेलित अवस्थामा बाँच्नुपर्नेथियो होला। तर त्यो स्त्री आदमको पाखुरामनिको ठाउँबाट, अँ, तिनको मुटुको छेउको करङ्गबाट निकालिएर यस हेतुले बनिएकी थिई, कि आदमले उसलाई सधैं प्रेम गरेका होऊन्, र उसले सदैव तिनको सुरक्षा पाएकी होस्।

मानिसमा पाप प्रवेश हुनुभन्दा पहिले परमेश्वरले आदमलाई पत्नीको शिर तुल्याइ-सक्नुभयो। १ कोरिन्थी ११ः८-९ पदमा प्रेरित पावलले यस विषयमा आफ्नो तर्क पेश गर्दा एक, सृष्टिको क्रमबाट र दुई, सृष्टिको उद्देश्यबाट आफ्ना दुईवटा बुँदाहरू प्रस्तुत

गरेका छन्। किनकि एक, पुरुष पहिले सृष्टि गरिएको थियो; अनि दुई, स्त्रीचाहिँ पुरुषकै निम्ति सृजिएकी थिई। अनि यस विषयमा कुरा साँचो छ, कि हव्वाले पहिले पाप गरेकी थिई; यसो भए पनि पवित्र बाइबलमा के लेखिएको छ भने, आदमद्वारा नै पाप यस संसारमा प्रवेश भएको हो; किनकि आदम शिर थिए र यही कारण तिनी जिम्मेवार थिए।

उत्पत्ति २:१९ पदको क्रियापदचाहिँ पूर्ण भूतकालमा[5)] छ, जब यसो लेखिएको छः *'अनि परमप्रभु परमेश्वरले मैदानको हरेक पशुलाई र आकाशको हरेक पक्षीलाई भूमिबाट* ***रच्नुभएको थियो****।'* यसर्थ उहाँले मानिसलाई सृष्टि गर्नुभन्दा अघि नै सबै वनपशु र आकाशका सबै पक्षीहरू बनाउनु-भएको रहेछ।

**उत्पत्ति २:२४:** यस पदअनुसार एकजना पुरुषले एउटै मात्र स्त्रीलाई विवाह गर्ने एकपत्नीक विवाहको विधि परमेश्वरले स्थापना गर्नुभयो। अनि अरू सबै ईश्वरीय विधिहरूजस्तै यो विधि पनि मानिसको भलाइको निम्ति स्थापित गरिएको हो; यसकारण दण्ड नपाई कसैले पनि यो पवित्र विधि उल्लङ्घन गर्नेछैन नै। अनि विवाहको बन्धनले येशू ख्रीष्ट र उहाँको मण्डलीको बीचमा भएको सम्बन्ध चित्रण गर्दछ (एफेसी ५:२२-३२)।

**उत्पत्ति २:२५:** आदम र हव्वा अदनको बगैंचामा नाङ्गा थिए तापनि तिनीहरू लजाउँदैनथिए।

## ख) उत्पत्ति ३: मानिसको परीक्षा र पतन

**उत्पत्ति ३:१-६:** हव्वाकहाँ देखा परेको साँपचाहिँ शैतान थियो। परमेश्वरको वचनले पछिबाट यो कुरा प्रकट गरेको छ (प्रकाश १२:९ पद हेर्नुहोस्!)। जुन मानिसहरूले पवित्र बाइबललाई दन्त्यकथामुक्त पार्न खोजेका छन्, ती मानिसहरूको विश्वास-अनुसार यो घटना अक्षरशः होइन, तर काल्पनिक हो रे। मानिसको सोरमा बोल्ने साँपचाहिँ तिनीहरूको तर्कको प्रमाण हो। के साँपले हव्वालाई छक्याएको यो वर्णन वास्तविक तथ्यको रूपमा स्वीकार गर्न सकिन्छ? प्रेरित पावलले यो बयान वास्तविक ठानेका छन् (२ कोरिन्थी ११:३)। प्रेरित यूहन्नाले पनि यो बयान वास्तविक र सत्य नै ठानेका छन् (प्रकाश १२:९ र २०:२)। पवित्र धर्मशास्त्र बाइबलमा पशुप्राणीले बोलेको एकमात्र सन्दर्भ यो पनि होइन। किनभने गन्तीको पुस्तकको बाईस अध्यायमा परमेश्वरले बालामको गधालाई बोल्न लगाउनुभयो, ताकि त्यसले यी अगमवक्ताको मूर्खतामा लगाम लगाओस्। अनि प्रेरित पत्रुसले फेरि यो वृत्तान्तको यथार्थता स्वीकार गरेका छन् (२ पत्रुस २:१६)। यी तीनै प्रेरितहरूले जे लेखे, यिनीहरूले त्यो पवित्र आत्माको प्रेरणा पाएर लेखे। यसकारण जुन व्यक्तिले मानिसको पतनको विवरण इन्कार गर्छ, त्यस व्यक्तिले पवित्र धर्मशास्त्रचाहिँ पवित्र आत्माको प्रेरणाको फल हो भन्ने कुरा पनि सरासर इन्कार गर्छ। पवित्र बाइबलमा रूपक र दृष्टान्तहरू नभएका होइन, तर यहाँ उल्लेख गरिएको यो घटना कुनै दृष्टान्त नै होइन।

यहाँ मानिस पापमा पतित भएका ती खुड्किलाहरू विचार गर्नुहोस्! पहिलो कदमः पहिले शैतानले 'के परमेश्वरले साँच्चै भन्नुभएको हो र?' भन्ने प्रश्न गरेर मानिसको हृदयमा परमेश्वरको वचनप्रति शङ्का हालि-दियो। त्यसले परमेश्वरलाई उहाँले आदम र हव्वालाई प्रत्येक रूखबाट खान मनाही गर्नुभएको जस्तो रूप दिएर उहाँलाई बेठीक तरिकाले प्रस्तुत गर्न खोजेको थियो। दोस्रो कदमः हव्वाले साँपलाई यसो भनीः 'होइन, होइन, हामी बगैंचाका सबै रूखहरूबाट खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखको

फलचाहिँ खानुहुँदैन र छुनु पनि हुँदैन।' तर परमेश्वरले असल र खराबको ज्ञान दिने रूख छुनुहुँदैन भन्ने विषयमा केही पनि भन्नुभएको थिएन (उत्पत्ति २:१७)। तेस्रो कदमः शैतानले सरासर परमेश्वरको कुरा खण्डन गऱ्यो, र 'अनाज्ञाकारीहरूमाथि परमेश्वरको न्याय कहाँ आइपर्नेछ र' भनेर त्यसले परमेश्वरको सुस्पष्ट वचन काटिहाल्यो। ठीक त्यस्तै आज पनि शैतानका कर्मठ अनुयायीहरूले नरक र अनन्त दण्डको वास्तविकता अस्वीकार गर्दछन्। शैतानले यहाँ परमेश्वरलाई कुन झूटो रूप दियो त? त्यसले परमेश्वरलाई उहाँले आदम र हव्वाबाट तिनीहरूलाई भलाइ गर्ने कतिपय कुराहरू रोकिराख्नुभएको चित्रणमा पेश गऱ्यो।

हव्वा तीनमुखी परीक्षामा फसीः *'खानको निम्ति असल'* भनेको शरीरको अभिलाषा बुझिन्छ भने, *'आँखाको निम्ति मनोहर'* भनेको आँखाको अभिलाषा बुझिन्छ, अनि *'बुद्धिमान् बनाउनका निम्ति त्यो रूख चाहना गर्न लायकको रहेछ'* भन्ने वाक्यले जीवनको सेखी सङ्केत गर्छ। पापको परीक्षासित हारेर हव्वाले आदम आफ्नो शिरदेखि स्वतन्त्र भएर काम गरी। उसले आदमको अधिकार नाघ्नु होइन, तर तिनीसँग सल्लाह लिनुपर्नेथियो। *'तब हव्वाले त्यसको फलबाट टिपेर खाई'* भन्ने शब्दहरूमा व्याख्याको चाबी छः सबै प्रकारका रोगबिमारहरू, सबै दुःखकष्ट र डरत्रासहरू, सबै दोष र मृत्यु कहाँबाट आए, त्यसको निम्ति सठीक उत्तर यहाँ छ; किनकि त्यस समयदेखि उसो यी कुराहरूले मानिस जातिलाई ग्रस्त पारेका छन्। यस विषयमा एकजना अज्ञात भाइले यसो भनेका छन्, 'नष्टभ्रष्ट भएको संसार र असंख्य चिहानहरूले यो साक्षी दिन्छन् कि परमेश्वर सत्य हुनुहुन्छ र शैतानचाहिँ झूटा हो।' हव्वा बहकाउमा परिहाली (१ तिमोथी २:१४); तर आदमले चाहिँ स्वतन्त्र र स्वेच्छापूर्वक परमेश्वरको विरुद्धमा विद्रोह गरे।

'तिमीहरू परमेश्वरजस्ता हुनेछौ' भन्ने शैतानको झूटले सांसारिक मानवतावादमा निरन्तरता पाइरहेको छ।

**उत्पत्ति ३:७-१३:** पापले ल्याएको पहिलो प्रतिफलचाहिँ लाज र डरको भावना थियो। आदम र हव्वाले नेभाराका पातहरू गाँसेर बनाएका वस्त्रले मानिसहरूका व्यर्थका प्रयासहरू सङ्केत गर्छ, जुन मानिसहरूले आफैलाई बलिदानको रगतरहित धर्म अपनाएर बचाउन खोज्छन्। जब परमेश्वरले मानिसहरूको जीवनको लेखा लिनुहुन्छ, त्यस बेलामा पापी मानिसहरूले सधैं बहना निकालिहाल्दा रहेछन्। आदमले यसो भनेः 'जुन स्त्री तपाईंले मलाई मसँग रहन भनी दिनुभएको थियो, त्यस स्त्रीले मलाई त्यस रूखबाटको फल दिई र मैले खाएँ।' यसरी दोष त तिनको होइन, तर परमेश्वरको हुने भयो (हितोपदेश १९:३)। अनि त्यसरी नै हव्वाले भनीः 'त्यस साँपले पो मलाई छल गऱ्यो, र मैले त्यो खाएँ' (उत्पत्ति ३:१३)।

*'तिमी कहाँ छौ?'* भन्ने प्रश्न गर्दै परमेश्वरले पापमा पतित भएका मानिसहरूलाई, उहाँले बनाउनुभएको सृष्टिलाई दया र प्रेमको साथ खोज्नुभयो। यस प्रश्नले दुईवटा कुराहरू प्रमाण गर्छः एक, मानिस हराएको थियो र परमेश्वर हराएकाहरूलाई खोज्न आउनुभयो। दुई, यस प्रश्नबाट मानिसको पाप र परमेश्वरको अनुग्रह प्रमाणित भएको छ।[6] मुक्तिको काममा परमेश्वरले पहिलो कदम चाल्नुहुन्छ – उहाँको प्रेम यस्तो पो छ है! जुन कुराको सम्बन्धमा शैतानले हव्वाको हृदयमा 'परमेश्वरले तिमीहरूलाई प्रेम गर्नुहुन्न' भन्ने शङ्का हालिदियो, त्यस कुरामा परमेश्वर उतीर्ण हुनुभयो।

**उत्पत्ति ३:१४:** परमप्रभु परमेश्वरले साँपलाई श्राप दिनुभयोः त्यसको अधःपतित,

अनादर र पराजय सुनिश्चित भयो। साँप अरू सबै घरेलु पशुहरू र वनका पशुप्राणीहरूभन्दा बढ़ी श्रापित भएको कुराबाट के बुझिन्छ भने, यहाँ प्राथमिक रूपले शैतान श्रापित भएको होइन, तर सबै घस्रने जन्तुहरू पो श्रापित भए।

**उत्पत्ति ३ः१५ः** तर अबचाहिँ यस पदले सीधा शैतानलाई ताकेको छ। यो पद आद्य सुसमाचारको नामले चिनिन्छ, जसको अर्थ 'प्रारम्भिक सुसमाचार' हो। यस पदले शैतान र स्त्रीको बीचमा, अनि शैतानको सन्तान र स्त्रीको सन्तानको बीचमा निरन्तर रहिरहने शत्रुताको बारेमा भविष्यवाणी गरेको छ। यस स्त्रीले यहाँ सारा मानव जातिलाई सङ्केत गर्छ भने, शैतानको वंशचाहिँ त्यसका प्रतिनिधिहरू हुन्, अनि यस स्त्रीको सन्तानचाहिँ ख्रीष्ट येशू हुनुहुन्छ। यस स्त्रीको सन्तानले शैतानको टाउको कुच्याउनेछ; यसर्थ शैतानको टाउकोमा लागेको यस घातक चोटले त्यसको पूरा हार सङ्केत गर्छ। गलगथाको क्रूस त्यो ठाउँ हो, जुन ठाउँमा शैतानलाई यो नश्वर चोट दिइएको थियो; त्यस ठाउँमा मुक्तिदाता प्रभुले शैतानमाथि सुनिश्चित, दीर्घकालीन विजय प्राप्त गर्नुभयो। अनि उक्त पदअनुसार शैतानले यसको सट्टामा ख्रीष्ट येशूको कुर्कुच्चा कुच्याउनेछ। यहाँ येशू प्रभुको कुर्कुच्चा कुच्याइएको त्यस घाउले उहाँको दुःखकष्टको सङ्केत दिनुको साथै उहाँको शारीरिक मृत्यु समेत सूचित गरेको हुन सक्छ, तर ख्रीष्ट येशूको हारचाहिँ होइन। यसकारण ख्रीष्ट येशूले क्रूसमा दुःखकष्ट भोग्नुभयो, र उहाँ मर्नु पनि भयो, तर उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो। परमेश्वरलाई स्तुति होस्! उहाँ मृत्यु, पाप, नरक र शैतानमाथि विजयी हुनुभयो। अनि उहाँ यहाँ, यस पदमा स्त्रीको सन्तान कहलिनुभएको अर्थचाहिँ उहाँको कन्याबाटको जन्म यसको सुझाउ भएको हुन सक्छ। यहाँ, यस पदमा प्रकट भएको परमेश्वरको दयामाथि आफ्नो ध्यान लगाउनुहोस्! किनभने परमेश्वरले उत्पत्ति ३ः१६-१९ पदको खण्डमा न्यायका फैसलाहरू सुनाउनुभन्दा पहिले एकजना मुक्तिदाताको, अँ, ख्रीष्ट येशूको प्रतिज्ञा गर्नुभयो।

**उत्पत्ति ३ः१६-१९ः** पापका अपरिहार्य नतिजाहरू हुन्छन्-हुन्छन्। यस स्त्रीको निम्ति प्रसव-वेदना सहनुको साथसाथै आफ्नो पतिको अधीनतामा बस्नुपरेको थियो। अनि आदमचाहिँ? तिनको निम्ति न्यायको फैसला यस प्रकारको थियोः सिउँडी र काँड़ाहरू उमार्ने श्रापित भूमिबाट तिनले आफ्नो जीविका जलाउनुपरेको थियो; तिनले पसिना बगाएर परिश्रम गर्नुपरेको थियो। तिनको जीवनको अन्तमा, तिनको मृत्यु भएपछि तिनी माटोमा फर्किजानुपरेको थियो। यहाँ हामीले याद गर्नुपर्ने कुरा यो हो, कि तिनले काम गर्नुपरेको कुरा श्राप गनिँदैन। किनभने हाम्रो निम्ति काम गर्नुचाहिँ आशिषको कुरा पो हो। तर कामसित जोड़िएका दुःखकष्ट, परिश्रम, निराशा, पसिनाहरू र थकावटहरूचाहिँ हामीले श्राप मान्नुपर्छ।

**उत्पत्ति ३ः२०-२१ः** आदमले आफ्नी पत्नीको नाम 'हव्वा' राखे, एउटा यस्तो समयमा, जब यस स्त्रीबाट कुनै बालकको जन्म भएकै थिएन। यो कुरा विश्वास भनिन्छ। हव्वाको शाब्दिक अर्थ होः 'सबै जीवितहरूकी आमा।' त्यसपछि एउटा निर्दोष पशु मारियो, अनि परमेश्वरले त्यस पशुको छालाबाट मानिसहरूको निम्ति वस्त्रको प्रबन्ध गर्नुभयो। यस कुराले दोषी पापी मानिसहरूको निम्ति धार्मिकताको वस्त्ररूपी ईश्वरीय प्रबन्ध सङ्केत गर्छ; किनभने प्रभु येशू, परमेश्वरको थुमाले बगाउनुभएको रगतमा हाम्रो निम्ति यो अमूल्य प्रबन्ध गरिएको छ, जुन प्रबन्ध हामीले विश्वासद्वारा ग्रहण गर्नुपर्छ।

**उत्पत्ति ३:२२-२४:** शैतानले बोलेको झूटमा सत्यताको छाया भएको थियो। किनकि मानिस एक प्रकारले परमेश्वरजस्तै हुनेछ; उसले असल र खराब कुरा के हो, सो जान्नेछ (उत्पत्ति ३:५)। किनकि आदम र हव्वाले कठिन अनुभवद्वारा, अँ, तिनीहरूले बटुलेका दुःखद अनुभवहरूद्वारा मात्र असल र खराब कुरा जान्न सके। तिनीहरूले पापी अवस्थामा जीवनको रूखबाट खाएका भए तिनीहरू सधैं जिउनेथिए, तर अनन्त-अनन्तसम्म रोगबिमारको चपेटमा, अधःपतित र कमजोर भएको अवस्थामा मरणशील शरीरहरूमा जिउनुपर्नेथियो। यसकारण परमेश्वरले तिनीहरूलाई अदनमा फर्केर आउन नदिनुभएकोमा हामीले उहाँको कृपा देख्नुपर्छ। करूबहरूचाहिँ स्वर्गीय प्राणीहरू हुन्, जसको काम 'पतित भएको मानिसको हठीपन र अहमबाट परमेश्वरको पवित्रतालाई सुरक्षित राख्नु हो।'[7)]

आदम र हव्वाले निर्णय गर्नुपरेको थियो। झूट बोल्नेचाहिँ कि त परमेश्वर हुनुहुन्थ्यो, कि त शैतान थियो। तिनीहरूले यस ठाउँमा आएर परमेश्वरलाई नै झूट बोल्ने ठहऱ्याए। *'विनाविश्वास परमेश्वरलाई रिझाउनु असम्भव छ।'* यसैकारण तिनीहरूका नामहरू हिब्रूको पुस्तकको एघार अध्यायमा भएको आदर-सूचिमा सामेल भएका छैनन्।

अदनको बगैंचामा वातावरण सिद्ध थियो; तर यस कुराले पापको प्रवेश रोक्न सकेन। यसकारण बुझ्नुहोस्: आज पनि मानिसको निम्ति अनुकूल, सबै प्रकारका सुविधाहरूले भरिपूर्ण वातावरण सृजिएमा उसका समस्या-हरू हल हुनेथिएनन्।

### ग) उत्पत्ति ४: कयिन र हाबिल

**उत्पत्ति ४:१:** *'आदम आफ्नी पत्नी हव्वाकहाँ गए'* भनेको मतलब यो हो कि आफ्नी पत्नीसँग तिनको सम्भोग भयो; अनि हव्वाले कयिनलाई जन्माई। जब उसले कयिनलाई जन्माई, तब त्यसको जन्मचाहिँ परमप्रभुको सहायताले मात्र सम्भव भयो भन्ने कुरा उसले स्वीकार गरी। हव्वाले त्यस बालकलाई 'कयिन' नाम दिई, जसको अर्थ 'प्राप्त गरेको' हो। अनि हुन सक्छ, त्यस बालकलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएको सन्तान सम्झेर उसले त्यसलाई यो नाम दिई कि के हो?

**उत्पत्ति ४:२-६:** उत्पत्ति ३:३ पदको पहिलो खण्डमा लेखिएको 'केही समयपछि' भन्ने वाक्यांशले चाहिँ एउटा निक्कै लामो अवधि देखाउँछ होला, जुन अवधिभित्र संसारको जनसङ्‌ख्या सामान्य रूपले बढ़ेर गएको सम्भव देखिन्छ।

अनि यस्तो समय पनि भएको हुनुपर्छ, जब कयिन र हाबिल दुवैले मानिसको सट्टामा बलि गरिएको कुनै निर्दोष पशुको बलिको रगतको आधारमा मात्र पापी मानिसले पवित्र परमेश्वरलाई भेट्न सक्छ भन्ने पाठ सिक्ने अवसर पाए। कयिनले यो प्रकाश इन्कार गरे र एउटा रगतरहित भेटी, अर्थात् सागपात र फलफूलहरूको भेटी परमेश्वरकहाँ चढ़ाए। तर हाबिलले चाहिँ यो स्वर्गीय निर्देशन विश्वास गरे र केही पशुहरू मारेर तिनीहरूलाई बलिदानको रूपमा चढ़ाए। यसरी नै तिनले आफ्नो विश्वास प्रकट गरे; अनि यस विश्वासको आधारमा परमेश्वरले तिनलाई धर्मी ठहऱ्याउनुभयो (हिब्रू ११:४)। तिनले आफ्नो बगालबाट पहिले जन्मेका पाठाहरू ल्याए; किनकि परमप्रभु सर्वोत्तम वस्तु चढ़ाइन योग्यको हुनुहुन्छ। हाबिलको भेटीले येशूरूपी परमेश्वरको थुमाको मृत्यु सङ्केत गर्छ, जो पापी मानिसहरूको सट्टामा मर्नुभयो र जसले संसारको पाप उठाइलैजानुभयो (यूहन्ना १:२९)।

**उत्पत्ति ४:७:** कयिनको ईर्ष्याले पूर्ण क्रोधचाहिँ प्रारम्भिक हत्या थियो; त्योचाहिँ

हत्या गर्ने पहिलो कदम हो। यसकारण परमेश्वरले उनीसँग प्रेमपूर्वक बोल्नुभयो र उनलाई यसको विषयमा चेताउनी दिनुभयो। उत्पत्ति ४ः७ पद विभिन्न प्रकारले बुझ्न सकिन्छ, जस्तैः

'तिमीले पश्चात्ताप गरेर सठीक काम गऱ्यौ भने तिमी आफ्नो रिस र त्यसको दोषबाट मुक्त हुनेछौ र फेरि आफ्नो अनुहार उठाउन पाउँछौ। तर हाबिललाई अझै पनि घृणा गरेर तिमीले खराब गऱ्यौ भने, पाप तिम्रो ढोकामै तिमीलाई नाश गर्न तयारीको साथमा ढुकिबस्छ। तिमीले सठीक काम गऱ्यौ भने हाबिलले तिम्रो अधिकार किन स्वीकार गर्दैन र? अँ, तिमी उसमाथि शासन गर्नेछौ।'

अथवाः

'तिमीले सठीक काम गरेको भए अर्थात् (सेप्टुवजिन्टको अनुवादले भनेझैं) तिमीले सठीक प्रकारले भेटी चढ़ाएको भए तिमी ग्रहणयोग्य किन हुँदैनौ र?' यसको अर्थ यही हो, कि कयिनले तब सठीक काम गर्नेथिए, जब उनले सठीक बलिदान चढ़ाउनेथिए। हाबिलले सठीक काम गरेका थिए; किनभने तिनले ग्रहणयोग्य बलिदानको सहारा लिएका थिए र त्यस सुयोग्य बलिदानको पछाड़ि लुकेका थिए। कयिनले नराम्रो के पो गरे त? उनले रगतविनाको भेटी चढ़ाए। अनि त्यसपछिको उनको व्यवहार हेर्नुहोस्! त्यो व्यवहार उनको बेठीक आराधनाको उचित प्रतिफल पो थियो।[8)]

आउनुहोस्, हामी आर.एस.वी.-को अनुवाद पनि सुनौं, जहाँ यसो लेखिएको छः 'तिमीले सठीक काम गऱ्यौ भने तिमी किन ग्रहणयोग्य हुनेछैनौ, तिमी अवश्य ग्रहणयोग्य हुनेछौ। तर तिमीले सठीक काम गर्दैनौ भने यो बुझ, कि पाप तिम्रो मनको ढोकामै ढुकिबसेको छ है! तिमीप्रति पापको कुइच्छा हुन्छ-हुन्छ; तर तिमीले जुनै हालतमा पनि पापमाथि राज्य गर्नुपर्छ।'

श्री एफ. डब्लू. ग्राण्टले आफ्नो 'न्यूमरिकल बाइबल'मा यसो लेखेका छन्ः

> 'तिमीले सठीक काम गऱ्यौ भने, एउटा पापबलि तिम्रो ढोकामै तयार छँदैछ।'[9)]

अर्को शब्दमा भन्नु हो भने, यदि कयिनले चाहेका भए परमेश्वरको असल प्रबन्ध उनको निम्ति तयार भएकै थियो।

**उत्पत्ति ४ः८-१२ः** कयिनको ईर्ष्याको आवेग, उनको यो दुष्ट स्वभाव कति चाँड़ै दुष्कर्ममा, आफ्नै भाइको हत्यामा परिणत भयो!! हाबिलको मृत्यु भए तापनि तिनको जीवनले हामीलाई अझ पनि साक्षी दिन्छ कि विश्वासको जीवनचाहिँ परमेश्वरको गन्तीमा आउने खास जीवन हो (हिब्रू ११ः४)। परमप्रभुको प्रेमिलो प्रश्नले पश्चात्ताप नगर्ने कयिनबाट कति रूखो उत्तर पाएको!! यसकारण उहाँले न्यायको फैसला गर्नुभयोः अबदेखि उसो कयिनले खेतीपाती गरेर आफ्नो जीविका चलाउन पाउनेछैनन् नै, तर मरुभूमिहुँदा उनी भगुवा र डुलुवा हुनुपरेको थियो।

**उत्पत्ति ४ः१३-१६ः** के तपाईंले कयिनको अत्यासले पूर्ण शिकायत सुन्नुभयो? उनले आफ्नो दोषको खातिर होइन, तर केवल आफ्नो पापको नतिजाको खातिर खेद प्रकट मात्र गरे। यसो भए पनि परमप्रभु परमेश्वरले कयिनमाथि सुरक्षाको एउटा चिन्ह लगाइदिनुभयो र ती डुलुवालाई मार्ने व्यक्तिमाथि एउटा श्राप लगाइदिनुभयो। यसरी नै उहाँले ती निर्वासित कयिनको मर्ने डर दूर गरिदिनुभयो। कयिन परमेश्वरको उपस्थितिबाट निस्केर गए। परमेश्वरबाट छुट्टिने बिदाइजस्तो अझै बढ़ी दुःख्ने अरू कुनै दुःखदायी बिदाइ नै छैन।

**उत्पत्ति ४ः१७-२४ः** कयिनले आफ्नी बहिनीलाई, नभई साइनु पर्ने आफ्नी कुनै नातादारलाई विवाह गरे। अघि हामीले उत्पत्ति ४ः३ पदअन्तर्गत भनिसक्यौं कि त्यहाँ

जनसङ्ख्या वृद्धि हुने एउटा समय थियो; अनि उत्पत्ति ५:४ पदअनुसार आदमका अरू छोराछोरीहरू थिए। यसर्थ आफ्नै नातादार-भित्र बिहाबारी गर्ने कुरा अझै पनि निषेध गरिएको थिएन, न ता यस प्रकारको विवाह-सम्बन्धबाट कुनै आनुवंशिक खतरा आउनेथियो।

उत्पत्ति ४:१७-२४ पदको खण्डमा कयिनको वंशावली दिनुको साथै पहिले भएका कुराहरूको श्रृंखला प्रस्तुत गरिएको छ, जस्तैः हनोक नामक पहिलो शहर, प्रथम बहुविवाह, पहिलो नियमबद्ध पशुपालन, संगीत कला र धातु शिल्पकलाको शुरुआत; अनि हिंसा र रक्तपातको विषयमा रचिएको प्रथम गीतको रचना। यस गीतमार्फत लेमेकले आफ्ना पत्नीहरूलाई आफ्नो व्यवहारको सफाइ गरे; किनकि तिनले आफ्नो जीवन बचाउन खोज्दा एक जवान मानिसलाई मारेका थिए। तर यो घटना र कयिनले आफ्नो भाइ हाबिलको हत्या गरेको बीचमा निक्कै फरक थियो; किनभने लेमेकले गरेको हत्याचाहिँ योजनाबद्ध थिएन; यसकारण लेमेकचाहिँ प्रतिहिंसाबाट बाँचे; तिनी हत्याको बदलादेखि सुरक्षित रहे।

**उत्पत्ति ४:२५-२६:** यी दुःखलाग्दा घटनाहरूपछि अबचाहिँ सेतबाट ईश्वरभक्त वंशक्रम शुरु भएको कुरा पढ़ेर बल्ल हाम्रो मन बिसाउन पाउँछ। किनकि अन्तमा आएर सेतको वंशबाट नै येशू ख्रीष्टको जन्म हुने नै भयो। अनि जब एनोस जन्मे, (जसको नामको अर्थ 'कमजोर' वा 'मरणशील' हो), त्यस समयदेखि मानिसहरूले परमेश्वरलाई 'परमप्रभु' अर्थात् 'याह्वे' भन्ने नाम दिन थाले। अथवा यो अर्थ पनि सम्भव देखिन्छः हुन सक्छ, त्यस समयदेखि मानिसहरूले सार्वजनिक रूपमा परमप्रभुको नाम पुकार्न थाले।

### घ) उत्पत्ति ५: सेत र तिनका सन्तानहरू

उत्पत्तिको पुस्तकको पाँच अध्यायमा बारम्बार '... *अनि तिनी मरे*' भन्ने वाक्यांश दोहोरिएको कारणले यो अध्याय 'मृत्युको घण्टी बजेकै-बजेको अध्याय' भनिन्छ। यस खण्डमा आदमदेखि नूहको छोरा शेमसम्मको वंशावलीको विवरण उल्लेख गरिएको छ, जुन रगतको नाता र साइनु अन्तिम आएर येशू ख्रीष्टमा टुङ्गिनेथियो (यो अध्याय लूका ३:३६-३८ पदको खण्डसित तुलना गरेर हेर्नुहोस्)।

**उत्पत्ति ५:१-१७:** आदम परमेश्वरको स्वरूपमा सृष्टि गरिएका थिए भने, सेतचाहिँ आदमको स्वरूपमा जन्मे। यी दुईवटा घटनाहरूको बीचमा मानिसको पतन भएको थियो; अनि त्यस पापले परमेश्वरको स्वरूपमा बनेको मानिसको रूप बिगार्‍यो। अनि जुन कुरा परमेश्वरले उत्पत्ति २:१७ पदमा भन्नुभएको थियो, अर्थात् मानिसको शारीरिक मृत्यु हुनेछ, त्यो कुरा यहाँ, उत्पत्ति ५:५ पदमा पूरा भयो। तर आदमले पाप गरेकै दिनमा तिनको आत्मिक मृत्यु भइसकेको थियो।

**उत्पत्ति ५:१८-२४:** यहाँ, यस खण्डमा भनिएका हनोक र लेमेक अनि चार अध्यायमा भएका हनोक र लेमेकको बीचमा हामी अल्मलिनुहुँदैन। उत्पत्ति ५:१८ पदको हनोकचाहिँ आदमदेखि सात पुस्तापछिको मानिस हुन् (यहूदा १:१४)। आदमदेखि तेस्रो पुस्ताको हनोक नाम गरेको मानिस अर्को हनोक हुनुपर्छ। तीन सय वर्षसम्म हनोकले विश्वासद्वारा परमेश्वरको साथ-साथ हिँड़ेर उहाँलाई खुशी तुल्याए (हिब्रू ११:५)। यसो हेर्दा उत्पत्ति ५:२२[क] पदअनुसार मतूशेलह तिनको पुत्रको जन्मले हनोकको जीवन पवित्र पार्ने र खार्ने प्रभाव पारेको हुनुपर्छ। असल रीतिले शुरु गरेको शुरुआत असल कुरा हो,

तर अन्तसम्मै दृढ़तापूर्वक निरन्तर अघि बढ्नुचाहिँ झन् उत्तम कुरा हो। साथ-साथ हिँड्नु भनेको केवल कहिलेकाहीं हुने आकसमिक भेटघाट बुझिँदैन; होइन, तर यस शब्दले एउटा दृढ़ र प्रगतिशील सम्बन्ध बुझाउँछ। परमेश्वरको साथ-साथमा हिँड्नु-चाहिँ हाम्रो जीवनभरिको कर्तव्य हो, र केही क्षणसम्म उहाँसँग गरिने रोमाञ्चक भेटघाट होइन। जसरी हनोक जलप्रलय हुनुभन्दा अघि नै स्वर्गमा उठाइलगिए, ठीक त्यसरी नै ख्रीष्टको मण्डली पनि सङ्कष्टकाल शुरु हुनुभन्दा अघि नै संसारबाट उठाइलगिनेछ (१ थिस्सलोनिकी ४:१३-१८; प्रकाश ३:१०)।

**उत्पत्ति ५:२५-३२:** मतूशेलह अरू सबै मानिसहरूभन्दा बढ़ी समय बाँचे अर्थात् नौ सय उनहत्तर वर्ष बाँचे। यदि श्री जर्च विलियम्सले भनेझैं 'मतूशेलह' नामको अर्थ 'यो पठाइनेछ'[10] हो भने, यो नाम हामीले एउटा भविष्यवाणीको रूपमा लिनुपर्ला; किनभने उनको मृत्यु भएको वर्षमा जलप्रलय आएको थियो। अनि हुन सक्छ, जब लेमेकले आफ्नो छोराको नाम नूह राखे, तब तिनले भविष्यको त्यस दिनको बाटो हेरे होलान्, जुन दिनमा यस संसारको शान्तिदाता आउनुहुनेछ; किनभने प्रभु येशू ख्रीष्टचाहिँ नूहको सबैभन्दा महान् सन्तान हुनुहुन्थ्यो। नूह नामको अर्थ 'विश्राम' हो। अनि समय बित्दै जाँदा मानिसहरूको आयु पनि घट्दै गयो। भजन ९०:१० पदले बताएअनुसार मानिसको सामान्य उमेर सत्तरी वर्ष हुँदो रहेछ।

### ङ) उत्पत्ति ६-८: विश्वव्यापी पाप र जलप्रलय

**उत्पत्ति ६:१-२:** यस अध्यायको दुई पदको विषयमा दुईवटा मुख्य व्याख्याहरू छन्। प्रथम व्याख्या यस प्रकारको छः परमेश्वरका छोराहरू ती स्वर्गदूतहरू हुन्, जसले आफ्ना वासस्थान त्यागे (यहूदा १:६), अनि जसले पृथ्वीमा भएका स्त्रीहरूसँग वैवाहिक सम्बन्ध राखे। तिनी-हरूको बीचमा स्थापित भएको यो अवैध विकाररूपी यौनको सम्बन्ध परमेश्वरको दृष्टिमा अति नै घृणित थियो। यो धारणा अपनाउनेहरूले के भन्छन् भने, परमेश्वरका छोराहरूचाहिँ स्वर्गदूतहरू थिए, जसले अय्यूब १:६ र २:१ पदहरूअनुसार परमेश्वरको उपस्थितिमा प्रवेश गर्न पाउँथे। सेमिटिक भाषाको सामान्य प्रयोगमा स्वर्गदूतहरूलाई 'परमेश्वरका छोराहरू' भनिन्छ। अनि यहूदा १:६-७ पदहरूबाट पाइने सुझाउअनुसार आफ्नो वासस्थान छोड़ेर जाने ती स्वर्गदूतहरू फोहोर यौन-आचरणको सम्बन्धमा दोषी थिए। पतित भएका स्वर्गदूतहरूको वर्णन दिइनेबित्तिकै यहूदा १:७ पदको शुरुमा 'सदोम र गमोरा' भन्ने शब्दहरू लेखिएको कुरा तपाईंले ख्याल गर्नुहोला।

यस व्याख्याको विरोधमा जनाइएको प्रमुख आपत्तिचाहिँ यही हो कि हाम्रो बुझाइ-अनुसार स्वर्गदूतहरूले यौन सम्पर्कद्वारा सन्तान उत्पन्न गर्दैनन्। मत्ती २२:३० पद आफ्नो तर्क पुष्टि गर्ने प्रमाण-स्वरूप लिएर मानिसहरूले भन्छन्, कि स्वर्गदूतहरू विवाह गर्दैनन् भन्ने कुरा प्रभु येशू आफूले सिकाउनुभएको हो। तर यस पदले खास गरी के भन्दछ भने, *स्वर्गमा* स्वर्गदूतहरूले न विवाह गर्छन्, न ता तिनीहरूको विवाह गराइदिइन्छ। एक समयमा मानिसको रूप लिएका स्वर्गदूतहरू अब्राहामकहाँ देखा परे (उत्पत्ति १८:१-५), अनि वचन मनन् गर्दा यस्तो पनि लाग्छ कि सदोम र गमोरामा गएका दुईजना स्वर्गदूतहरूसँग मानिसका शरीरका अङ्गहरू थिए र तिनीहरूसँग मानिसको मनमुद्रा पनि थियो।

यस विषयमा दोस्रो व्याख्या यस प्रकारको छः परमेश्वरका छोराहरूचाहिँ सेतका ईश्वरभक्त सन्तानहरू थिए, र मानिसका छोरीहरूचाहिँ कयिनको दुष्ट वंश थिए। यो धारणा अपनाउनेहरूको तर्क यस प्रकारको छः परमेश्वरको वचनको सन्दर्भअनुसार उत्पत्ति चार अध्याय कयिनको वंशसँग सम्बन्धित छ भने, उत्पत्ति पाँच अध्याय सेतको वंशसँग सम्बन्धित छ। अनि उत्पत्ति ६ः१-४ पदको खण्डले यी दुईजनाका सन्तानहरूको बीचमा अन्तर-विवाह भएको कुरा बयान गर्दछ अरे। यस खण्डमा स्वर्गदूतको शब्द छैन। अनि उत्पत्ति ६ः३ र ५ पदले मानिसहरूको दुष्टता ज्यादा भएको बताउँछ। यसकारण स्वर्गदूतहरूले पाप गरे भने त मानिस जाति किन नाश हुनुपर्ने? व्यवस्था १४ः१, भजन ८२ः६, होशे १ः१० र मत्ती ५ः९ पदमा भक्त जनहरू 'परमेश्वरका छोराहरू' कहलिए; यसो भए पनि उत्पत्ति ६ः२ पदमा प्रयोग गरिएको हिब्रू शब्दको रचनाचाहिँ उक्त खण्डहरूमा प्रयोग गरिएको शब्दको दुरुस्त रूप होइन।

यस व्याख्यामा नमिल्ने कुराहरू धेरै छन्। यस प्रकारको व्याख्याबाट निम्न प्रश्न उठेको छः 'सेतको वंशका पुरुषहरूमध्ये किन सबैजना भक्त जनहरू थिए र कयिनको वंशका सबै स्त्रीहरूचाहिँ किन दुष्ट थिए? अनि सेतको वंशमा जन्मेकाहरू सबैजनाले भक्ति कायम राखे भन्ने प्रमाण खोई, कहाँ छ? परमेश्वरको वचनमा यसको कुनै सङ्केत छैन। अनि सेतका सबै सन्तानहरू भक्त जनहरू थिए भने तिनीहरू किन नाश भए त? अर्को कुराः भक्त पुरुषहरू र भक्तिहीन स्त्रीहरूको वैवाहिक सम्बन्धले किन नेफिलहरूलाई, यी ठूलो-ठूलो कदका मानिसहरूलाई जन्म दियो त?

**उत्पत्ति ६ः३ः** परमप्रभुले चेताउनी दिएर यसो भन्नुभयोः *'मेरो आत्माले मानिससित सधैँभरि विवाद गर्नेछैन; किनकि त्यो पक्का पनि शरीर हो। तैपनि त्यसका दिनहरू एक सय बीस वर्ष हुनेछन्।'* यसर्थ मानिस-हरूमाथि जलप्रलयरूपी न्याय आइपर्नेका निम्ति एक सय बीस वर्ष बाँकी रहेको थियो। परमेश्वर धीरजी हुनुहुन्छ; कोही पनि नाश नहोस् भन्ने उहाँको इच्छा छ; तर उहाँको सहनशीलताको पनि सीमा छँदैछ। जलप्रलय हुनुभन्दा अघि बाँचेका मानिसहरूलाई ख्रीष्ट येशूले नूहद्वारा प्रचार गर्नुभएको तथ्य प्रेरित पत्रुसले हामीलाई आफ्नो पत्रमा बताएका छन् (१ पत्रुस ३ः१८-२०; २ पत्रुस २ः५)। ती मानिसहरूले तिनीहरूलाई प्रचार गरिएको यो सन्देश इन्कार गरे, र अहिले तिनीहरू कैदमा छन्।

**उत्पत्ति ६ः४-५ः** नेफिलहरूचाहिँ, (जसको शाब्दिक अर्थ 'पतित भएकाहरू' हुन्छ), ठूलो-ठूलो कदका मानिसहरू थिए। उनीहरूको विषयमा श्री मेरिल एफ. उङ्गरले यस प्रकारको स्पष्टीकरण दिएका छन्ः

> 'धेर मानिसहरूको विचारमा, नेफिलहरू-चाहिँ आंशिक दैविक शरीर भएका भीमकाय मानिसहरू सम्झिइएका छन्, जो "मानिसका छोरीहरू" र "परमेश्वरका छोराहरू"को बीचको अर्थात् मरणशील स्त्रीहरू र स्वर्गदूत-हरूको बीचको अवैध वैवाहिक सम्बन्धबाट जन्माएका अप्राकृतिक सन्तान हुन्। यस प्रकारको वैवाहिक सम्बन्ध सम्पूर्ण रीतिले अप्राकृतिक र अवैध थियो। यस कुराले परमेश्वरले सृष्टि गरिएका प्राणीहरूको बीचमा स्थापना गर्नुभएका वर्गहरूको क्रम बिगार्‍यो। यसबाट कत्रो आघातलाग्दो असामान्य प्राणीको रचना थियो यो!! यस दुःभाग्यपूर्ण कुराले गर्दा अनिवार्य थियो कि परमेश्वरको न्यायको रूपमा सारा संसारमाथि विश्वव्यापी जलप्रलय आइपर्नु थियो।' **11)**

**उत्पत्ति ६ः६-७ः** *'पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभु पछुताउनुभयो।'*

यसबाट के बुझ्नुपर्छ, त्यसमा हामी होशियार बस्नुपर्छ। परमेश्वर हामीजस्तो मानिस हुनुहुन्न; हामीले मनमानी आफ्नो विचार बदली गर्छौं। तब यहाँ खास कुरा के हो त? परमेश्वरप्रति मानिसको व्यवहारमा हेरफेर आएको कारणले उहाँको मनको विचार बदलिएको हो। उहाँ पवित्र हुनुहुन्छ; यसकारण उहाँले पापप्रति केही न केही प्रतिक्रिया जनाउनैपर्छ।

**उत्पत्ति ६ः८-२२ः** नूहले परमेश्वरको दृष्टिमा अनुग्रह प्राप्त गरे, र उहाँबाट एउटा पानीजहाज बनाउने पूर्वचेताउनी पाए। यस पानीजहाजको नाप हातको नापअनुसार दिइएको छः एक हात बराबर अठार इन्च अर्थात् डेढ़ फीट हुन्छ। यसरी त्यस जहाजको लमाइ ४५० फीट, त्यसको चौड़ाइ ९५ फीट र त्यसको उचाइ ४५ फीट थियो। त्यसका तीन तल्ला थिए। उत्पत्ति ६ः१६ पदमा बताइएको झ्याल त्यसको शाब्दिक अर्थ-अनुसार 'उज्यालोको लागि खाली राखिएको ठाउँ' थियो। यसर्थ यो झ्यालचाहिँ पानी-जहाजको सम्पूर्ण लमाइमा वरपर उज्यालो पस्न र हावा छिर्न सक्ने खुला छोड़िएको भाग थियो।

नूह अनुग्रहद्वारा बचाइएका थिए; यो परमेश्वरको सर्वाधिकारभित्र रहेको कार्य थियो। अनि तिनको उत्तरदायित्व के थियो? परमेश्वरले आज्ञा गर्नुभएअनुसार तिनले सबै कामहरू गर्नुपरेको थियो (उत्पत्ति ६ः२२)। आज्ञाकारिता मानिसको जिम्मेवारी हो। आफ्नो परिवार बचाउनको निम्ति उनले एउटा पानीजहाज बनाए, तर त्यसको ढोका थुन्ने काम परमेश्वर स्वयम्ले गर्नुभयो। परमेश्वरको सर्वाधिकार र मानिसको उत्तरदायित्व एक-अर्कालाई बाहेक गर्दैनन्, तर एक-अर्कोको निम्ति पूरकको काम पो गर्छन्।

पवित्र धर्मशास्त्र बाइबलअनुसार नूह र हनोक – यी दुईजना मात्र परमेश्वरको साथमा हिँड्ने मानिसहरू थिए (उत्पत्ति ५ः२२ र ६ः९)। यदि हनोकले स्वर्गमा उठाइलगिने ख्रीष्टको मण्डलीलाई सङ्केत गर्छन् भने, नूहले ती विश्वासी यहूदीहरूलाई सङ्केत गर्दछन्, जसलाई परमेश्वरले ख्रीष्ट येशूको हजार वर्षको राज्यमा जिउनको निम्ति सङ्कष्टकालबाट भएर बचाउनुहुनेछ।

पवित्र बाइबलको उत्पत्ति ६ः१८ पदमा सबैभन्दा पहिलो करार उल्लेख गरिएको छ। श्री सी. आई. स्कोफिल्डले आठवटा करारहरूको सूचि तयार गरेका छन्, जस्तैः **क)** अदनको बगैंचामा परमेश्वर र मानिसको बीचमा स्थापित भएको करार (उत्पत्ति २ः१६), **ख)** आदमसँग बाँधिएको करार (उत्पत्ति ३ः१५), **ग)** नूहसँग स्थापित गरिएको करार (उत्पत्ति ९ः१६), **घ)** अब्राहामसँग बाँधिएको करार (उत्पत्ति १२ः२), **ङ)** मोशासँग स्थापित भएको करार (प्रस्थान १९ः५), **च)** प्रतिज्ञाको देशको सम्बन्धमा स्थापित भएको करार (व्यवस्था ३०ः३), **छ)** दाऊदसँग बाँधिएको करार (२ शमूएल ७ः१६) र **ज)** नयाँ करार (हिब्रू ८ः८)। यी आठवटा करारहरू, साथै राजा सुलेमानसँग स्थापित गरिएको करार यस पाठमा तल छुट्टै विषयबद्ध लेखको रूपमा गाभिएका छन्। यी करारहरू विभिन्न धर्म-विज्ञानका विद्यालयहरूमा आ-आफ्नै अर्थ लगाएर व्याख्या गरेको कारणले यो एउटा जटिल विषय बन्न गएको छ। अनि यहाँ, यस ठाउँमा हामी यी करारहरूको सम्बन्धमा 'विभिन्न युगहरूका निम्ति परमेश्वरले विभिन्न प्रबन्धहरू गर्नुभएको र हजार वर्षको राज्यभन्दा अघि ख्रीष्टको मण्डली उठाइलगिने' पारम्परिक दृष्टिकोण प्रस्तुत गर्छौं।

**पवित्र धर्मशास्त्र बाइबलमा प्रस्तुत गरिएका मुख्य कारारहरू**

**क) उत्पत्ति १:२८-३० र २:१६-१७:** *अदनको बगैंचामा परमेश्वर र मानिसको बीचमा स्थापित भएको करार*

अदनको बगैंचामा स्थापित भएको करारचाहिँ निर्दोष मानिससित स्थापित भएको थियो। त्यस करारअनुसार मानिसलाई फल्दै-फुल्दै र वृद्धि हुँदै पृथ्वीलाई भरिदिने र त्यसलाई वशमा पारिदिने जिम्मावारी दिइएको थियो। अनि सबै पशुप्राणीहरूमाथि प्रभुत्व जमाउने अधिकार मानिसलाई दिइएको थियो। मानिसले अदनको बगैंचा खनजोत गर्नु र देखरेख गर्नु थियो, साथै त्यस बगैंचाको बीचमा भएको असल र खराब ज्ञान दिने रूखको फलबाहेक त्यहाँ भएका अरू सबै फलफूलहरू खान पाउँथे। 'तिमीले असल र खराब ज्ञान दिने रूखको फल खानुहुँदैन' भन्ने आज्ञा उल्लङ्घन गरेको खण्डमा त्यस अनाज्ञाकारिताले उसमाथि अवश्य मृत्यु ल्याउनेथियो।

**ख) उत्पत्ति ३:१४-१९:** *आदमसँग बाँधिएको करार*

मानिस पापमा पतित भएपछि परमेश्वरले साँपलाई श्राप दिनुभयो अनि स्त्री र त्यसको बीचमा र ख्रीष्ट येशू र शैतानको बीचमा शत्रुता रहिरहने पूर्वजानकारी दिनुभयो। शैतानले ख्रीष्ट येशूलाई चोट पुऱ्याउने भए तापनि उहाँले त्यसलाई नाश गर्नुहुनेथियो। स्त्रीको प्रसव पीड़ा हुनेथियो र ऊ आफ्नो पतिको अधिकारमनि रहनुपर्नेथियो। भूमिमाथि श्राप परेको थियो; यसकारण मानिसले खेतीपाती गर्दा काँड़ा र सिउँड़ीसँग संघर्ष गर्नुपर्नेथियो र उसको काममा पसिना र थकावट हुनेथियो, र अन्तमा ऊ माटोमा फर्केर जानुपर्नेथियो, जहाँबाट ऊ बनिएर आएको थियो।

**ग) उत्पत्ति ८:२०-९:२७:** *नूहसँग स्थापित गरिएको करार*

परमेश्वरले नूहसँग भूमिलाई फेरि नसराप्ने र सम्पूर्ण पृथ्वी जलप्रलयद्वारा फेरि ध्वंस नगर्ने करार बाँध्नुभयो। अनि प्रतिज्ञाको रूपमा उहाँले बादलमा ईन्द्रेणीको धनु राखिदिनुभयो। यस करारअन्तर्गत मानिसहरूको बीचमा शासन गर्ने सरकार स्थापित भएको कुरा पनि हालिएको थियो, जुन सरकारको हातमा मृत्युदण्ड दिने अधिकार थियो। परमेश्वरले विभिन्न समय र ऋतुहरूका नियमहरू कायम राख्ने आश्वासन गर्नुभयो, मानिसलाई पृथ्वी भरिदिने आदेश दिनुभयो र सबै पशुप्राणीहरूमाथि उसको प्रभुत्व पुनर्स्थापना गर्नुभयो। अबदेखि उसो मानिस शाकाहारी भोजन मात्र होइन, तर पशुको मासु पनि खान सक्ने भयो। नूहको वंशको सम्बन्धमा परमेश्वरले हामको छोरा कनानलाई श्राप दिनुभयो; यसकारण त्यो छोराचाहिँ शेम र येपेतको कमारा बन्यो। अनि परमेश्वरले शेमलाई कृपादृष्टिको स्थान प्रधान गर्नुभयो। अनि शेमको वंशक्रम येशू ख्रीष्टमा टुङ्गिएको कुरा हामीलाई थाहा छ। येपेतले चाहिँ शेमको पालमा रहेर ठूलो समृद्धि र प्रशस्त भरपूरी उपभोग गर्ने आशीर्वाद पाए।

**घ) उत्पत्ति १२:१-३; १३:१४-१७; १५:१-८ र १७:१-८:** *अब्राहामसँग बाँधिएको करार*

परमेश्वरले अब्राहामसँग गर्नुभएको करार सर्तरहित थियो। किनभने उत्पत्ति १५:१२-२१ पदको खण्डमा परमेश्वरले आफूलाई एउटा धूवाँ निस्किरहेको अँगेठी र एउटा बल्दै गरेको

राँकोको रूपमा प्रकट गर्नुभयो, जुन अँगेठी र जुन राँको मात्र बलि गरिएको पशुका ती दुईवटा मासुका टुक्राहरूको बीचबाट भएर पार भए; यो अर्थपूर्ण र महत्त्वपूर्ण कुरा हो। जब दुईजना व्यक्तिहरूले आपसमा एउटा करार बाँध्थे, तब ती दुवै व्यक्तिहरू सँगै बलि गरिएका ती दुई मासुका टुक्राहरूको बीचबाट भएर जान्थे, जसको अर्थ यस प्रकारको थियोः ती दुईजनाले आपसमा स्थापित भएको करारका सर्तहरू पालन गर्नेथिए; तिनीहरू आफ्ना सर्तहरूले बाँधिएका थिए। तर यहाँ परमेश्‍वरले अब्राहामसँग करार बाँध्नुहुँदा उनीमाथि कुनै पनि सर्त राख्नुभएन। यसकारण अब्राहामका सन्तानहरू विश्‍वासयोग्य भए-नभए उनलाई प्रतिज्ञा गरिएका सबै ईश्‍वरीय प्रावधानहरू सुनिश्‍चित भए। अब्राहामसित सुनिश्‍चित गरिएका परमेश्‍वरका प्रावधानहरू के-के थिए, तपाईंले निम्न सूचिमा हेर्नुहोला।

'परमेश्‍वरको चुनिएको प्राचीन यहूदी जातिको निम्ति अब कुनै भविष्य छैन' भन्नेहरूले घरिघरि के गर्न कोशिश गर्छन् भने, तिनीहरूले अब्राहामसित बाँधिएको करार, विशेष गरी कनान देशको विषयमा सर्तपूर्ण करार तुल्याउन चाहन्छन्। त्यसपछि तिनीहरूले इस्राएली जातिका सबै आशिषहरू मण्डलीको निम्ति दाबी गर्छन्, र त्यस चुनिएको जातिको निम्ति कुनै आशिष छोड्दैनन्।

अब्राहाम र उनका सन्तानहरूसँग बाँधिएको करारअन्तर्गत निम्न प्रतिज्ञाहरू गाभिएका छन्ः

**क)** एउटा महान् जाति इस्राएल

अब्राहामका निम्ति हुने उनका व्यक्तिगत आशीर्वादहरूः

**क)** एउटा प्रतिष्ठित नाम;

**ख)** उनी अरू मानिसहरूका निम्ति आशिष बन्नेछन् (उत्पत्ति १२ः२);

**ग)** उनका मित्रहरूमाथि ईश्‍वरीय निगाह, तर उनका शत्रुहरूमाथि श्राप आउनेछ;

**घ)** उनीद्वारा सबै जातिका मानिसहरू आशिषित हुनेछन्; यो कुरा येशू ख्रीष्टद्वारा पूरा भयो (उत्पत्ति १२ः३);

**ङ)** एउटा प्रतिज्ञा गरिएको देश, जुन देश कनान देशको नामले सुपरिचित भएको छ, जुनचाहिँ उनको अनन्त उत्तरअधिकारको भाग भएको छ; पछि त्यस देशको नाम 'इस्राएल' र 'प्यालेस्टाइन्' पनि भयो (उत्पत्ति १३ः१४, १५ र १७);

**च)** असङ्ख्य शारीरिक र आत्मिक सन्तानहरू (उत्पत्ति १३ः१६; १५ः५);

**छ)** इसहाक र इश्माएलबाट जन्मेका धेरै जातिहरू र राजाहरूमाथिको पितृत्व (उत्पत्ति १७ः४, ६);

**ज)** परमेश्‍वरसँग विशेष नजिकको घनिष्ठ सम्बन्ध (उत्पत्ति १७ः७[क])।

**ङ) प्रस्थान १९ः५ र २०ः१-३१ः१८ः** *मोशासँग स्थापित भएको करार*

विस्तृत रूपले हेर्दा मोशासँग स्थापित भएको करारअन्तर्गत दस आज्ञाहरू पनि समावेश गर्नु सठीक ठहरिएला, जुन दस आज्ञाहरूमा परमेश्‍वरप्रतिको हाम्रो कर्तव्य व्यक्त गर्नुको साथ-साथै आफ्नो छिमेकीप्रतिको हाम्रो जिम्मेवारी के हो, सो पनि प्रस्तुत गरिएका छन् (प्रस्थान २०ः१-२६); अनि त्यस करारमा इस्राएलीहरूले सामाजिक जीवनमा पालन गर्नुपर्ने कयौं नियमहरू समावेश छन् (प्रस्थान २१ः१-२४ः११); अनि यहूदीहरूको धार्मिक जीवनको सम्बन्धमा दिइएका विस्तृत विधिहरूको विवरण पनि उल्लेख गरिएको छ (प्रस्थान २४ः१२-३१ः१८)।

यो व्यवस्था इस्राएली जातिलाई दिइएको थियो, अन्यजातिका मानिसहरूलाई होइन। मोशासँग स्थापित भएको यो करार सर्तपूर्ण थियो; यसकारण यसमा मानिसको पूरा आज्ञाकारिता चाहिएको छ। यो करार मानिसको आज्ञाकारिताविना पूरा हुन नसकेको कारणले रोमी ८:३ पदअनुसार यो शरीरद्वारा दुर्बल र अशक्त व्यवस्था ठहरिएको थियो। दस आज्ञाहरू कहिल्यै पनि मानिसलाई मुक्ति प्रदान गर्ने सक्ने साधन थिएन, तर यो त मानिसहरूलाई तिनीहरूले बिराएका कुराहरू र तिनीहरूको पापको दोष देखाउनका निम्ति दिइएको थियो। विश्राम-दिन मान्नुपर्ने आज्ञाबाहेक अरू बाँकी सबै नौवटा आज्ञाहरू नयाँ नियममा दोहोराइएका छन् – दण्डको आज्ञासहितको धर्मनियमको रूपमा होइन, तर अनुग्रहद्वारा मुक्ति पाएका मानिसहरूको निम्ति उपयोगी र सुहाउँदो आचरणरूपी मानदण्डको रूपमा प्रस्तुत गरिएका छन्। ख्रीष्ट-विश्वासीहरू अनुग्रहमनि राखिएका छन्, व्यवस्थाको अधीनतामा होइन; यसो भए पनि उनीहरू ख्रीष्ट येशूसित प्रेमले बाँधिएका छन्, उनीहरूको निम्ति आज्ञाकारी हुने कत्रो प्रेरणा!!

**च) व्यवस्था ३०:१-९:** *प्रतिज्ञाको देशको सम्बन्धमा स्थापित भएको करार*

परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको देशको विषयमा यस करारले सम्बन्ध राख्दछ, जुन देश यहूदीहरूले भविष्यमा पूरा अधिकार गर्नेछन्। त्यस देशको साँधसिमाना मिस्रको खहरे खोलादेखि लिएर महानदी युफ्रेटिससम्म जाने रहेछ (उत्पत्ति १५:१८)। इस्राएलीहरूले प्रतिज्ञा गरिएको जम्मै देश कहिल्यै आफ्नो अधिकारमा लिएनन्। राजा सुलेमानको शासनकालमा यस देशको पूर्वीय भागमा पर्ने जातिहरूले कर त तिरे (१ राजा ४:२१, २४); तर यो कुरा यहूदीहरूले प्रतिज्ञा गरिएको देश ओगटेको वा अधिकार गरेको भन्न मिल्दैन।

इस्राएलीहरू आफ्नो अनाज्ञाकारिताको कारणले संसारका सबै जातिहरूको बीचमा तितरबितर हुनेछन्, पछि उनीहरू प्रभुकहाँ फर्कनेछन्, प्रभु येशूको दोस्रो आगमन हुनेछ, उनीहरू आफ्नो देशमा फर्कनेछन्, आफ्नो देशमा उनीहरूले खूबै फलिफाप गर्नेछन्, परमप्रभुलाई प्रेम गर्न र उहाँको आज्ञापालन गर्ने किसिमले उनीहरूको हृदयको परिवर्तन हुनेछ र इस्राएलीहरूका शत्रुहरूमाथि परमेश्वरको सजाय आइपर्नेछ – यी सबै कुराहरू यस करारको पूर्वदृष्टिले प्रकट गरेको छ।

**छ) २ शमूएल ७:५-१९:** *दाऊदसँग बाँधिएको करार*

परमेश्वरले दाऊदलाई के प्रतिज्ञा गर्नुभयो भने, उनको राज्य सदाको निम्ति स्थिर रहने नै छ; यति मात्र होइन, तर निरन्तर रूपले उनको सिंहासनमाथि उनको कुनै न कुनै सन्तान बस्ने नै छ। यो करार सर्तरहित करार थियो, जुन करारले दाऊदको आज्ञाकारिता वा उनको धार्मिकतामाथि कुनै प्रकारले पनि निर्भर गरेको थिएन। मत्तीको सुसमाचारको एक अध्यायअनुसार यूसुफको वंशावलीबाट के बुझिन्छ भने, राजा सुलेमानमार्फत ख्रीष्ट येशू दाऊदको सिंहासनको कानुनी उत्तराधिकारी हुनुहुन्छ। अनि लूकाको सुसमाचारको तीन अध्यायअनुसार मरियमको वंशावलीबाट के देखिन्छ भने, नातानमार्फत प्रभु येशूचाहिँ दाऊदको वंशबाट जन्मनुभएको तिनको साख सन्तान हुनुहुन्थ्यो। उहाँ अनन्त-अनन्तसम्म जीवित रहनुहुनेछ; यसकारण उहाँको राज्यको अन्त कहिल्यै हुनेछैन, तर उहाँको राज्य पनि अनन्त हुनेछ। अनि उहाँको एक हजार वर्षको राज्य परमेश्वरको अनन्त राज्यमा गाभिनेछ।

**ज) २ शमूएल ७ः१२-१५; १ राजा ९ः४-५; २ इतिहास ७ः११-२२ः** *राजा सुलेमानसँग स्थापित गरिएको करार*

अनन्त राज्यको सम्बन्धमा सुलेमानसँग स्थापित गरिएको करार सर्तरहित थियो; तर उनीपछि उनका सन्तानहरूमध्ये को-को त्यस सिंहासनमाथि बस्न पाउनेछ, सो कुरा केही सर्तहरूमाथि निर्भर गर्थ्यो (१ राजा ८ः४-५; २ इतिहास ७ः१७-१८)। उनका सन्तानहरूमध्ये कोनियाहचाहिँ, जो उनको सिंहासनमाथि बसे, तिनको कुनै साख सन्तान पनि दाऊदको सिंहासनमाथि बस्न पाउनेछैन (यर्मिया २२ः३०)। यसकारण बुझ्नुहोस्ः येशू ख्रीष्टचाहिँ राजा सुलेमानको साख सन्तान हुनुहुन्न; नत्र ता उहाँ पनि कोनियाहमाथि परेको श्रापको प्रभावमनि पर्नुहुनेथियो।

**झ) यर्मिया ३१ः३१-३४; हिब्रू ८ः७-१२; लूका २२ः२०ः** *नयाँ करार*

नयाँ करार स्पष्टसँग इस्राएल र यहूदाको घरानासित स्थापित भएको करार हो (यर्मिया ३१ः३१)। यर्मियाले आफ्नो पुस्तक लेख्दा यो घटना अझै पनि भिवष्यमा हुन बाँकी नै थियो (यर्मिया ३१ः३१[क])। यो नयाँ करारचाहिँ मोशासँग स्थापित गरिएको सर्त-सर्तैले पूर्ण करारजस्तै होइन, जुन करार इस्राएलीहरूले उल्लङ्घन गरे (यर्मिया ३१ः३२)। यस करारअन्तर्गत परमेश्‍वरले कुनै सर्त नराखी 'म यो गर्नेछु, त्यो गर्नेछु' भनेर निम्न प्रतिज्ञाहरू समावेश गर्नुभएको छ, जस्तैः

**क)** इस्राएलको राष्ट्रको पूनर्जन्म हुनेछ (इजकिएल ३६ः२५);
**ख)** मानिसहरूको हृदयभित्र पवित्र आत्माले वास गर्नुहुनेछ (इजकिएल ३६ः२७);
**ग)** परमेश्‍वरको इच्छा पालन गर्ने पूरा इच्छुक भएको हृदय उनीहरूको हुनेछ (यर्मिया ३१ः३३[क]);
**घ)** परमेश्‍वर र उहाँका जनहरूको बीचमा एउटा विशिष्ट सम्बन्ध रहनेछ (यर्मिया ३१ः३३[ख])।
**ङ)** इस्राएल देशका सबै मानिसहरूले प्रभुलाई चिन्नेछन् (यर्मिया ३१ः३४[क]);
**च)** उनीहरूका सबै पापहरू क्षमा हुनेछन्, र क्षमा हुनुको साथै पापहरूको सम्झना धरि हुनेछैन (यर्मिया ३१ः३४[ख]); अनि अन्तमा,
**छ)** यस जातिको अस्तित्व सधैंभरि रहिरहनेछ (यर्मिया ३१ः३५-३७)।

इस्राएली जातिले अहिलेसम्म नयाँ करारका यी आशिषहरू र सुविधाहरू प्राप्त गरेका छैन, तर ख्रीष्ट येशूको दोस्रो आगमन भएपछि यी सबै आशिष र सुविधाहरू उपभोग गर्नेछ। त्यस बेलासम्म साँचो ख्रीष्ट-विश्‍वासीहरू यस करारका केही आशिषहरूमा सहभागी भएका छन्। नयाँ करारसित मण्डलीको सम्बन्ध प्रभुभोजबाट स्पष्ट देखिन्छ; किनभने प्रभुभोजको कचौराचाहिँ नयाँ करारको प्रतिनिधि गर्छ भने ख्रीष्टको रगतमा चाहिँ यो नयाँ करार पारित भएको छ (लूका २२ः२०; १ कोरिन्थी ११ः२५)। प्रेरित पावलले आफ्नो सेवकाइको विषयमा र अरू प्रेरितहरूको सेवकाइको विषयमा कुरा गर्दा 'हामी नयाँ करारका सेवकहरू हौं' भनी भनेका छन् (२ कोरिन्थी ३ः६)।

आउनुहोस्, हामी टिप्पणीमा फर्कौं!

नूहले तयार गरेका पानीजहाजभित्र जीवित पशुप्राणीहरूका सबै जातहरूबाट एक-एक जोड़ी ल्याउनुको साथै उनले तिनीहरूको निम्ति चाहिएको आहारा पनि त्यसमा हाल्नुपरेको थियो। यहाँ आलोचकहरूको कुरा आयोः यिनीहरूको विचारमा, सबै प्रकारका पशुप्राणीहरू र तिनीहरूको निम्ति एक वर्ष र सत्र दिनसम्म पुग्ने आहारा अँटाउन नूहको जहाज सानो थियो अरे। तर हुन सक्छ, त्यस जहाजभित्र मूल-प्रकारका पशुप्राणीहरू र पक्षीहरूले मात्र प्रवेश गरे होलान्। यी मूलप्रकारका पशुप्राणीहरूबाट पछिबाट तिनीहरूका प्रशस्त उपजातहरू बने। यसो हो भने, यो जहाजको आकार सबै मूलजातका पशुप्राणीहरू र पक्षीहरू, साथै तिनीहरूका निम्ति चाहिने आहारा अँटाउन पर्याप्त थियो।

**उत्पत्ति ७:१:** यस पदमा पहिलो चोटि 'आऊ' भन्ने शब्द देखा परेको छ। अनुग्रहको सुसमाचारको निमन्त्रणा सुन्नुहोस्: 'तपाईं र तपाईंको घराना सुरक्षा पाउनको निम्ति यस जहाजभित्र आउनुहोस्!'

**उत्पत्ति ७:२-१८:** परमेश्वरले नूहलाई सात जोड़ा शुद्ध पशुप्राणीहरू, तर केवल एक जोड़ी अशुद्ध पशुप्राणीहरू जहाजभित्र ल्याउने आज्ञा किन गर्नुभयो, सो कारण यहाँ बताइएको छैन। यो हाम्रो अनुमानको कुरा होः हुन सक्छ, यी शुद्ध पशुहरू मानिसहरूको अहारा हुनुपरेको थियो कि? अथवा के यी शुद्ध पशुप्राणीहरूचाहिँ पछि परमेश्वरलाई बलि चढ़ाउँदा चाहिएका थिए कि? (उत्पत्ति ८:२० पदमा हेर्नुहोस्!)। जलप्रलयको पानी पर्नुभन्दा र जमिनका मूलहरू फुट्नुभन्दा सात दिनअघि पानीजहाज नूहका परिवार र पशुप्राणीहरूले भरियो। त्यसपछि चालीस दिन र चालीस रातसम्म मुसलधार पानी परिरह्यो। पवित्र बाइबलमा चालीसको सङ्ख्याले प्रायः परीक्षणकाल वा जाँचको अर्थ लिन्छ।

**उत्पत्ति ७:१९-२४:** के यो जलप्रलय केवल स्थानीय बाढ़ पो थियो, जसरी कति मानिसहरूले अनुमान गर्छन्? तब तपाईंले निम्न ठोस तत्त्वका बुँदाहरूमाथि विचार पुऱ्याउनुहोलाः *'सारा आकाशमनि भएका सबै अग्ला-अग्ला पहाड़हरू छोपिए'* (उत्पत्ति ७:१९)। यदि यस खण्डमा उल्लेख गरिएको जलप्रलय सानो मुलुकमा सीमित रहेको साधारण बाढ़ हुँदो हो ता परमेश्वरले नूहलाई यत्रो ठूलो जहाज, एक र आधा फुटबल-मैदानजति ठूलो र लगभग आठ सयवटा रेल-धब्बामा अँटाउने परिमाण भएको जहाज बनाउने आदेश कहाँ दिनुभयो र!! यसको निम्ति कुनै आवश्यकता हुनेथिएन। मुलुकी जलप्रलय हुनु हो भने, उहाँले नूहको आठजनाको परिवार र ती पशुप्राणीहरू संसारको कुनै अर्को ठाउँमा सार्न सक्नुहुनेथियो नि। संसारका सबै क्षेत्रहरूमा विश्वव्यापी जलप्रलयका पौराणिक कथाहरू किन सुन्न पाइन्छ? अरारट पहाड़का टाकुरा-हरूको उचाइ सत्र हजार फिट हो। अनि उत्पत्ति ७:१९-२० पदअनुसार जलप्रलयको पानी ती टाकुराहरूलाई नाघेर तीदेखि पन्ध्र हात माथिसम्म पुग्यो। तब यत्रो पानी मुलुकी तुल्याइदिने यो कस्तो अद्‌भुत आश्चर्यकर्म हुनुपरेको थियो, होइन र? उत्पत्ति ९:१५ पदमा परमेश्वरले के प्रतिज्ञा गर्नुभयो भने, अबदेखि उसो कुनै जलप्रलयको पानीले कहिल्यै सबै प्राणीहरूलाई यस पृथ्वीबाट नष्ट गर्नेछैन। यो घटना घटेपछि संसारका विभिन्न क्षेत्रमा स्थानीय बाढ़रूपी जलप्रलयहरू आइरहे, तर नूहको समयमा जस्तै गरी विश्वव्यापी जलप्रलय फेरि कहिल्यै भएन। अनि यदि उत्पत्तिको पुस्तकको सात अध्यायमा विवरण गरिएको जलप्रलय आजभोलि भइरहेको बाढ़ मात्र भएको भए परमेश्वरले उत्पत्ती ९:१५ पदमा गर्नुभएको आफ्नो प्रतिज्ञा पछि भङ्ग गर्नुभएको हुनेथियो,

र यस प्रकारको निष्कर्षमा आइपुग्न हाम्रो निम्ति असम्भव छ। अब प्रेरित पत्रुसको कुरा आयोः २ पत्रुस ३:६ पदमा तिनले के लेखे भने, जसरी नूहको पालोमा पानीद्वारा पृथ्वी विध्वंस भएको थियो, ठीक त्यसरी नै भविष्यमा पृथ्वी आगोद्वारा नष्ट हुनेछ।

नूहको पानीजहाजले येशू ख्रीष्टको चित्रण गर्छ। अनि जलप्रलयको पानीले परमेश्‍वरको न्याय सङ्केत गर्दछ। गलगथामा प्रभु येशू पानीरूपी परमेश्‍वरको क्रोधबाट भएर जानुभयो। जोजति ख्रीष्ट येशूमा छन्, उनीहरू न्यायबाट बचाइएका छन्, तर ख्रीष्ट येशूदेखि बाहिर भएकाहरू सबै विनाशको निम्ति ठहरिएका हुन्छन् (१ पत्रुस ३:२१)।

**उत्पत्ति ८:१-१९:** यस जलप्रलयको कालक्रम यस प्रकारको छः

- ♦ *उत्पत्ति ७:१०:* नूहले जहाजमा प्रवेश गरेको समयदेखि पानी पर्न शुरु भएको समयसम्म सात दिन बितेको थियो।
- ♦ *उत्पत्ति ७:१२:* चालीस दिन र चालीस रातसम्म पानी परेपछि मात्र थामियो।
- ♦ *उत्पत्ति ८:३:* पानी पर्न शुरु भएको दिनदेखि पानीको स्तर घटेको समयसम्म अर्थात् पानी-जहाज अराराटको पहाड़मा अड़िएको दिनसम्म एक सय पचास दिन थिए। (उत्पत्ति ७:११ पद उत्पत्ति ८:४ पदसित तुलना गर्नुहोस्!)
- ♦ *उत्पत्ति ८:५:* जलप्रलय शुरु भएको दिनदेखि पहाड़हरूका टुप्पाहरू देखा परेको समयसम्म दुई सय चौबीस दिन थिए। (उत्पत्ति ७:११ पद उत्पत्ति ८:५ पदसित तुलना गर्नुहोस्!)
- ♦ *उत्पत्ति ८:६-७:* पहाड़हरूका टुप्पाहरू फेरि देखा परेको समयदेखि नूहले एउटा कागलाई जहाजदेखि उड़ाइपठाएको दिन-सम्म चालीस दिनहरू बिते।
- ♦ *उत्पत्ति ८:६-१०:* अनि त्यस कागलाई उड़ाएको समयदेखि एउटा ढुकुरलाई जहाजदेखि उड़ाएको समयसम्म सात दिन बिते।
- ♦ *उत्पत्ति ८:१०:* नूहले त्यस ढुकुरलाई दोस्रोपल्ट जहाजदेखि उड़ाएको समयसम्म फेरि सात दिन बिते।
- ♦ *उत्पत्ति ८:१०:* नूहले अन्तिम पल्ट त्यस ढुकुरलाई उड़ाइ-पठाइएको समयसम्म सात दिन बिते।
- ♦ *उत्पत्ति ८:१३:* जलप्रलय शुरु भएको समयदेखि पानी रहेर नूहले यस पानीजहाजको छाना उघारेको समयसम्म तीन सय चौध दिन लागेका थिए। (तुलना गर्नुहोस् उत्पत्ति ७:११ पद उत्पत्ति ८:१३ पदसित तुलना गर्नुहोस्!)
- ♦ *उत्पत्ति ८:१४:* जलप्रलय शुरु भएको समयदेखि जमिन सुक्खा भएको समयसम्म तीन सय एकहत्तर दिन बिते। (उत्पत्ति ७:११ पद उत्पत्ति ८:१४ पदसित तुलना गर्नुहोस्!) यस समयमा नूहलाई यस पानीजहाजदेखि बाहिर निस्कने आज्ञा दिइएको थियो।

यो अशुद्ध काग (उत्पत्ति ८:७) र त्यो शुद्ध ढुकुर (उत्पत्ति ८:८) ख्रीष्ट-विश्वासीभित्र भएको उसको पुरानो स्वभाव र उसको नयाँ स्वभाव बुझाउने असल चित्रहरू हुन्। पुरानो स्वभावले फोहोर र सड़ेका कुराले पेट भर्न रुचाउँछ भने, नयाँ स्वभावले मृत्यु र न्यायको दृष्टिबाट कहिल्यै कुनै तृप्ति पाउनेछैन नै। पुनरुत्थानको भूमिमाथि पाइला नटेकेसम्म नयाँ स्वभावले कहीं कुनै विश्राम पाउँदैन।

**उत्पत्ति ८:२०-२२:** नूहले एउटा वेदी निर्माण गरे; यसरी नै उनले परमेश्वरको अनुग्रहप्रति आफ्नो कृतज्ञाता प्रकट गरे, जुन अनुग्रहले उनलाई बचायो। हामी जतिजना आउने क्रोधबाट बचाइएका छौं, हामीले पनि नूहले गरेजस्तै परमेश्वरलाई हाम्रो हार्दिक धन्यवादरूपी आराधना चढ़ाउनुपर्छ। किनभने नूहको दिनमा यो उपासना जति ग्रहणयोग्य थियो, आजको दिनमा पनि हाम्रो विशुद्ध उपासना उहाँको सामु उत्तिकै ग्रहणयोग्य हुनेछ। परमप्रभुले प्रतिज्ञा गर्नुभयोः उहाँले अबदेखि उसो फेरि कहिल्यै भूमिलाई श्राप दिनुहुनेछैन, र नूहको दिनमा गरेझैं उहाँले फेरि कहिल्यै यस पृथ्वीबाट हरेक जीवित प्राणीलाई नाश गर्नुहुनेछैन। अनि पृथ्वी रहुन्जेलसम्म उहाँले नियमित रूपले ऋतुहरू कायम राख्ने प्रतिज्ञा पनि गर्नुभयो।

उत्पत्ति ६:५ र यहाँ, उत्पत्ति ८:२१ पदमा पनि परमेश्वरले मानिसको अति भ्रष्ट हृदयको विषयमा बोल्नुभएको छ। उत्पत्ति छ अध्यायको समयमा यस पहिलो घटनामा परमेश्वरलाई खुशी पार्ने कुनै बलिदान थिएन; फलस्वरूप उहाँको न्याय मानिसहरूमाथि खनियो; तर यहाँ, दोस्रो घटनामा एउटा बलिदान थियो; यसकारण उहाँले मानिससित कृपाले पूर्ण व्यवहार गर्नुभयो।

**च) उत्पत्ति ९: जलप्रलयपछि नूहको जीवन**

**उत्पत्ति ९:१-७:** यसो हेर्दा जलप्रलयपछि पहिलो पल्ट मानिस जातिलाई मांसाहारी हुने अर्थात् मासु खाने अनुमति मिलेको थियो, कि के हो? हरेक जीवधारीको रगत नै त्यसको प्राण भएको कारणले रगत खान मनाही गरिएको थियो र गरिएको छ; किनकि सबै प्राणहरू परमेश्वरका हुन्।

यस खण्डमा मृत्युदण्ड दिने प्रथाको माग के हो भने, यसभन्दा पहिले यसको निम्ति सरकारी अधिकार स्थापित भएको हुनुपर्छ। यदि जोसुकैले पनि हत्याको बदला लिन सक्छ भने, यसको नतिजा अराजकता हुनेथियो। हत्याको बदला गर्नको निम्ति नियुक्त भएको र मान्यता प्राप्त सरकार चाहिन्छ; त्यसले मात्र उचित सजाय दिन्छ। नयाँ नियमले रोमी १३:४ पदमा सरकारको सम्बन्धमा *'...तिनले तरवार व्यर्थमा भिर्दैनन्'* भनेर भन्दा त्यसको मृत्युदण्ड दिने अधिकार पुष्टि गर्छ र कायम राख्छ।

**उत्पत्ति ९:८-१७:** परमेश्वरले यस पृथ्वीलाई फेरि कहिल्यै अर्को जलप्रलयद्वारा नष्ट गर्दिनँ भन्ने प्रतिज्ञाको रूपमा आकाशमा ईन्द्रेणी राखिदिनुभयो।

**उत्पत्ति ९:१८-२३:** परमेश्वरको अनुग्रह नूहमाथि रहेको थियो; यसो भए पनि उनले पाप गरिपठाए; किनभने उनी दाखमद्य पिएर माते र आफ्नो पालमा नाङ्गै सुते। उनको छोरा हामले सो दृश्य देखेर आफ्ना दाजुभाइहरूलाई यो बताइहाले। जब शेम र येपेतले यो कुरा सुने, तब तिनीहरूले आफ्ना बुबाको नग्नता नहेरीकन उनको नाङ्गो शरीरलाई वस्त्रले ढाकिदिए।

**उत्पत्ति ९:२४-२५:** जब नूह निद्राबाट बिउँझे, तब उनले हामका छोरा कनानलाई सरापे। यहाँबाट निम्न प्रश्न उठ्छः 'किन हामको सट्टामा कनानमाथि श्राप पर्‍यो त?'

यसको विषयमा एउटा सम्भावित स्पष्टीकारण यो हुन सक्छः हाममा देखा परेको खराब प्रवृत्ति कनानमा अझै पनि बढ़ी भएको हुन सक्छ। यसो हो भने, कनानको श्राप एउटा भविष्यवाणी पो थियो, जुन भविष्यवाणीको विषयमा कनानको अनैतिक आचरण र त्यस अधर्मसित सुहाउँदो दण्ड भएको रहेछ। अर्को स्पष्टीकरण पनि छः कनान आफैले आफ्नो बाजेको विरुद्धमा केही अश्लील काम गरेको हुनुपर्छ, जुन कामको विषयमा नूहले पछिबाट मात्र थाह पाए। उनले आफ्नो कान्छो छोराले गरेको कर्तुत चाल पाए।

*'नूह आफ्नो दाखमद्यबाट बिउँझे, र उनले आफ्नो सानो छोराले उनकाई के गरेको थियो, सो थाह पाए।'* उत्पत्ति ९:२४ पदको सन्दर्भ सायद नूहको माइला छोरा हाम होइन, तर उनको नाति कनान पो हुन सक्छ; किनकि पवित्र बाइबलमा 'छोरा' भन्ने शब्द नाति वा अरू कुनै साइनु लाग्ने सन्तानको निम्ति प्रयोग गरिएको छ। तर यस घटनाबाट बुझ्नुहोस्ः कनान आफ्नो बुबाको पापले गर्दा होइन, तर आफ्नै पापको कारणले श्रापित भएको हो। तर यस विषयमा अर्को व्याख्या पनि सम्भव देखिन्छः परमेश्वरले आफ्नो अनुग्रहमा नूहलाई हामको वंशको सानो अंशलाई मात्र सराप्ने अनुमति दिनुभयो, नत्र ता संसारका मानिसहरूको तेस्रो भाग श्रापित हुनेथियो।

**उत्पत्ति ९:२६-२९ः** कनानले शेम र येपेतको कमारा बन्ने श्राप पाए। कनानीहरूले इस्राएलीहरूको चाकरी गरेको कुरा यहोशू ९:२३ र न्यायकर्ता १:२८ पदमा उल्लेख गरिएको छ। कालो वर्ण भएका मानिस-हरूलाई दासत्वमनि ल्याएको कुप्रथा पुष्टि गर्न यो खण्ड बेप्रयोग गरिएको छ। तर यस प्रकारको धारणा बिलकुल गलत हो, र यसले परमेश्वरको वचनबाट कुनै खास टेवा पाउँदैन। कनान कनानीहरूका पुर्खा थिए, जुन कनानीहरू इस्राएलीहरूले प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्नुभन्दा पहिले त्यहाँ बसोबास गर्थे। तिनीहरू कालो वर्णका मानिसहरू थिए भन्ने धारणाको निम्ति कुनै प्रमाण छैन। शेम र येपेतले ठूलो अधिकार-क्षेत्ररूपी आशीर्वाद पाए। अनि उत्पत्ति ९:२७ पदले के सुझाउ दिन्छ भने, येपेतचाहिँ शेमको वंशबाट तिनीहरूको आत्मिक आशिषहरूमा सहभागी भए; किनकि इस्राएलीहरू शेमको वंश हुन्।

नूहका छोराहरूमा शेम वा येपेत, यी दुईजनामा को जेठा थिए, यस विषयमा मतभेद रहेको छ। उत्पत्ति १०:२१ पदमा 'दाजु येपेतका भाइ शेम' अथवा 'येपेतको दाजु शेम' भनी पढ्न सकिन्छ। 'येपेतको दाजु शेम' भन्ने अनुवाद बढ़ी सम्भव भएको देखिन्छ; किनकि उत्पत्ति ५:३२ र १ इतिहास १:४ पदमा दिइएको वंशावलीमा शेमको नाम सधैं प्रथम स्थानमा देखा पर्दछ।

### छ) उत्पत्ति १०ः जातिहरूको सूचि

**उत्पत्ति १०:१-३२ः** शेम, हाम र येपेत संसारका सबै जातिहरूका कुलपुरुष भए।

*शेमः* शेमबाट सेमिटिक जातिहरू आए, जस्तैः यहूदी, अरबी, बेबिलोनी, अश्शूरी, अरामी र फोनिसियावासी।

*हामः* हामबाट हामी जातिहरू भए, जस्तैः एथियोपियावासी, मिस्री, कनानी र पलिस्ती, साथै अफ्रिकावासी र पूर्ववासीहरू पनि हामीहरूमा समावेश गर्न सकिन्छ। तर धेरै विद्वान्हरूले पूर्ववासीहरूलाई येपेतका सन्तान भन्ठानेका छन्।

*येपेतः* येपेतबाट जन्मेका येपेती जातिहरू यस प्रकारका छन्ः मेदी, ग्रीक र साइप्रस-वासी इत्यादि। अनि हुन सक्छ, येपेतीहरूमा काफमा बसोबास भएका यूरोपेलीहरू र उत्तर एशियाका विभिन्न जातिहरू समावेश गर्नु-पर्ला। धेरै विद्वान्हरूले येपेतकै सन्तानमा पूर्ववासीहरूलाई पनि गाभ्दछन्।

## उत्पत्ति ४-५ र १० अध्यायअनुसार आदमको वंशावली




यस अध्यायमा नूहका छोराहरूको वंशको क्रम यस प्रकारको दिइएको छः

**क)** उत्पत्ति १०:२-५: येपेतका छोराहरू

**ख)** उत्पत्ति १०:६-२०: हामका छोराहरू

**ग)** उत्पत्ति १०:२१-३१: शेमका छोराहरू

अनि पुरानो नियमको बाँकी भागमा परमेश्वरको आत्मा शेम र तिनका सन्तानहरूमाथि केन्द्रित रहिरहनुहुन्छ। अनि उत्पत्ति १०:५ पदमा *'आ-आफ्नो भाषा-अनुसार'* भनेर जुन भाषाहरू उल्लेख गरिए, ती भाषाहरूले वर्णनको कालक्रम नाघेर पछि बाबेलको धरहरामा घट्न लागिरहेको घटनाको विषयमा हामीलाई एउटा पूर्व-झलक दिएका छन् (उत्पत्ति ११:१-९)।

जातिहरूको विभाजनको सम्बन्धमा यस अध्यायमा दिइएका तीनवटा सान्दर्भित तथ्यहरू विचार गर्नुहोस्ः पहिलो सन्दर्भ उत्पत्ति १०:५ पद हो, जहाँ येपेतका सन्तानहरू कहाँ-कहाँ, कुन-कुन क्षेत्रमा बाँडिए, सो कुरा वर्णन गरिएको छ भने, यसको दोस्रो सन्दर्भ उत्पत्ति १०:२५ पद हो, जब पेलेगको समयमा पृथ्वी बाँडियो। अनि तेस्रो सन्दर्भ-पद उत्पत्ति १०:३२ पद हो, जहाँ

यसो लेखिएको छः *'जलप्रलयपछि पृथ्वीमा नूहका छोराहरूबाट नै जातिहरू बाँड़िए।'* यस वाक्यले उत्पत्ति एघार अध्यायको परिचय दिन्छ, जहाँ बाबेलको धरहरामा भएको घटनाको बयान छ; किनभने त्यस अवसरमा नूहका छोराहरूका घरानाहरू विभिन्न भाषा-सहितका जातिहरूमा विभाजित भए।

**उत्पत्ति १०:८-१०:** निम्रोदको अर्थ विद्रोही हो। जलप्रलयपछि तिनीचाहिँ पृथ्वीमा प्रथम वीर पुरुषको रूपमा देखा परे (उत्पत्ति १०:८); अनि तिनले प्रथम राज्य स्थापना गरे (उत्पत्ति १०:१०)। तिनले परमेश्वरको विरुद्धमा विद्रोह गरेर बाबेल अर्थात् बेबिलोन र अश्शूर देशको नीनवे शहर निर्माण गरे (उत्पत्ति १०:११), जुन नीनवे शहरका मानिसहरू पछि परमेश्वरका जनहरूको कट्टर शत्रु बने।

हामीले अघि बताइसकेका छौं, कि उत्पत्ति १०:२१ पददेखि शेमका छोराहरूको आवली छ; अनि शेमचाहिँ येपेतको दाजु थिए।

ती विभिन्न जातिहरूले कुन-कुन जग्गामा बसोबास गरे, सो कुरा निश्चित रूपले भन्नु असम्भव छ; तर तल उल्लेख गरिएको सूचिचाहिँ हामीले अध्ययन गरिरहेका पाठहरूको निम्ति उपयोगी ठहरिनेछ होला भन्ने आशा छ।

*उत्पत्ति १०:४:* टर्शिशचाहिँ स्पेन हो, अनि कित्तीम साइप्रस हो।

*उत्पत्ति १०:६:* कूशचाहिँ एथोपिया हो; अनि मिस्रचाहिँ मिस्र देश हो। अनि पूतचाहिँ लीबीया हो; कनानचाहिँ पलिस्तीहरूको देश 'प्यालेस्टाइन्' हो।

*उत्पत्ति १०:११:* अश्शूरचाहिँ इराक हो।

*उत्पत्ति १०:२२:* एलामचाहिँ फारस अर्थात् पर्सिया हो; अनि अरामचाहिँ सिरिया र मेसोपोटामिया हो।

**उत्पत्ति १० अध्यायमा उल्लेख गरिएका जातिहरूको भौगोलिक विभाजनः**



**ज) उत्पत्ति ११ः बाबेलको धरहरा**

**उत्पत्ति ११ः१-४ः** हामीले उत्पत्ति दस अध्यायमा उल्लेख गरिएका सूचिहरू कालक्रमअनुसार एघार अध्यायमा घटेको घटनाको समयपछि राख्नुपर्ला, जहाँ लेखिएको छ कि मानिस-जातिचाहिँ आ-आफ्ना भाषाअनुसार विभाजित भयो (उत्पत्ति १०ः ५, २० र ३१)। किनभने अहिले मात्र हामी यस विभाजनको कारण के थियो, सो सिक्न र जान्न पाउँछौं। परमेश्वरको इच्छा-अनुसार नगरेर मानिसहरूले बेबिलोनरूपी शिनार देशमा एउटा शहर र एउटा धरहरा निर्माण गरे। किनभने तिनीहरू वृद्धि हुँदै पृथ्वीभरि फैलिँदै जानुपरेको थियो। तर तिनीहरूले आपसमा भनेः *'आओ, हामी आफ्ना निम्ति एउटा शहर निर्माण गरौं, र टुप्पा आकाशसम्म पुग्ने एउटा धरहरा, र आफ्नो निम्ति एउटा सुनाम कमाइराखौं; नत्रता हामी पृथ्वीको सतहमाथि तितरबितर हुनेछौं।'* आफ्नो निम्ति सुनाम कमाइराख्ने कुरा तिनीहरूको घमण्डको नीति र पृथ्वीको सतहमाथि तितरबितर नहुने तिनीहरूको प्रयासचाहिँ हामीले तिनीहरूको अवज्ञा ठान्नुपरेको छ। अनि त्यो धरहाराचाहिँ? त्यस धरहराले धर्मकर्म गरेर स्वर्गमा पुग्न खोजेको पतित भएको मानिस-जातिको नित्य प्रयास चित्रण गर्दछ। तर के गर्ने? मुक्तिचाहिँ सित्तैंमा पाइने एउटा दान हो, परमेश्वरको निगाहको फल हो।

**उत्पत्ति ११ः५-९ः** परमेश्वरले मानिस-हरूको भाषामा खलबली ल्याउनुभयो र यसरी नै तिनीहरूको न्याय गर्नुभयो। आज यस संसारभरि भएका जेजति भाषाहरू छन्, ती किसिम-किसिमका भाषाहरूको शुरुआत-चाहिँ यही नै हो। तर पेन्टेकोष्टको दिनमा बाबेलको यो कार्य उल्टो गरियो (प्रेरित २ः१-११)। किनभने त्यस दिनमा त्यहाँ उपस्थित भएको हरेक मानिसले आ-आफ्नै भाषामा परमेश्वरका अचम्मका कामहरूको विषयमा सुन्यो। बाबलको अर्थ गड़बड़ हो। अनि यस प्रकारको गड़बड़ परमेश्वरलाई बाहेक गर्ने हरेक संघको नमीठो नतिजा हो; किनभने परमेश्वरको इच्छाअनुसार नभएको हरेक कुरा गड़बड़मा टुङ्गिन्छ।

**उत्पत्ति ११ः१०-२५ः** यी पदहरूले शेम-देखि अब्रामसम्म शेमका वंशको रेखा खिच्दछन्। यसरी नै ऐतिहासिक वृत्तान्त सारा मानिस-जातिदेखि साँघ्रिएर एउटै जातिमा, अँ, शेमको वंशमा टुङ्गिन्छ; अनि त्यहाँबाट अझै घटेर वृत्तान्त एकै व्यक्ति अब्राममा केन्द्रित रहन्छ, जो यहूदी जातिको शिर बने। अनि पुरानो नियमको बाँकी भाग प्रायः यस इस्राएली जातिको इतिहास हो।

**उत्पत्ति ११ः२६-३२ः** अब्राम विश्वासको शूरवीर हुनुको साथै मानव-इतिहासमा अति महत्त्वपूर्ण व्यक्तिहरूमध्ये एक थिए। संसारमा तीनवटा धर्महरूले – यहूदी धर्म, इसाई धर्म र मुसलमान धर्मले अब्रामलाई सम्मान दिन्छन्। पुरानो नियमका सोह्रवटा पुस्तकहरूमा र नयाँ नियमका एघारवटा पुस्तकहरूमा उनको नाम लिइएको छ। अब्राम नामको अर्थ 'उच्च पिता' र उनको परिवर्तित नाम अब्राहामको अर्थ 'धेरैको पिता' हो।

यस खण्डमा एउटा गणितीय समस्या छ। श्री डेरेक किड्नरले आफ्नो स्पष्टीकरण दिँदा यसो भनेका छन्ः

> 'तेरहको मृत्यु भएको समयमा तिनको उमेर दुई सय पाँच वर्ष भएको जुन जानकारी दिइएको छ, त्यस जानकारीले एउटा समस्या सृजना गरेको छ; किनकि यस हिसाबअनुसार तिनको मृत्यु हुने बेलामा तिनको जेठा छोराको उमेर १३५ वर्ष भएको थियो (उत्पत्ति ११ः२६), तर अब्रामको उमेर केवल ७५ वर्ष भएको थियो (उत्पत्ति १२ः४ र प्रेरित ७ः४)। यो समस्या हामी कसरी समाधान गरौं? एउटा

समाधान गर्ने उपायचाहिँ यो होः अब्रामलाई तेरहको कान्छा छोरा मानिलिनु हो, जसको जन्म तेरहको जेठा छोराको जन्मभन्दा साठी वर्षपछि भएको थियो; तर उत्पत्ति ११:२६-२७ पदको खण्डमा भएको वंशावलीमा अब्रामको नाम प्रथम स्थानमा राखियो; किनकि उनी यसमा प्रमुख व्यक्ति थिए। यो त एप्रैम मनस्सेभन्दा पहिले राखिएझैं भयो। दोस्रो उपाय यस प्रकारको छः सामरी नामक पाण्डुलिपिको सहारा लिएर केको नतिजा निस्कन्छ भने, तेरहको उमेर तिनको मृत्यु भएको बेलामा १४५ वर्ष भएको थियो अरे। यो बढ़ी उपयुक्त देखिन्छ। किनकि याद रहोस्, कि उत्पत्ति १७:१७ पदमा अब्रामले मन-मनै आश्चर्य मान्दै गरेको उद्‌गारमा के मतलब हुनेथियो, यदि तेरह उनको बुबाले उनलाई १३० वर्षको उमेरमा जन्माए भने।' 12)

कल्दीहरूको ऊर भन्ने ठाउँ मेसोपोटामियामा अवस्थित थियो (उत्पत्ति ११:३१); अनि यो ऊर भन्ने ठाउँ मूर्तिपूजाको केन्द्र थियो। अनि तेरह र तिनको परिवार त्यहाँबाट निस्केर कनान देशतर्फको उत्तर-पश्चिमको यात्रामा हारानमा पुगे।

# खण्ड २

## उत्पत्ति १२-५०ः इस्राएलका पितापुर्खाहरू

## अ) उत्पत्ति १२:१-२५:११: अब्राहाम

### क) उत्पत्ति १२:१-९ः अब्रामको बोलावट

**उत्पत्ति १२:१-३ः** ऊरमा छँदा अब्रामले परमप्रभुको बोलावट पाएका थिए (उत्पत्ति १२:१; प्रेरित ७:१-२ पदसँग तुलना गर्नुहोस्)। आफ्नो देश, आफ्नो कुटुम्ब र आफ्नो बुबाको घर छोड़ेर प्रवासी जीवन जिउनको निम्ति उनी बोलाइएका थिए (हिब्रू ११:९)। परमेश्वरले उनीसँग अद्‌भुत करार बाँध्नुभयो, जुन करारअन्तर्गत निम्न महत्त्वपूर्ण प्रतिज्ञाहरू समावेश भएका थिएः एउटा देश, अनि त्यो देशचाहिँ कनान देश थियो; एउटा महान् जाति; अनि यो जाति यहूदी जाति थियो; अब्राम र उनका वंशको निम्ति आत्मिक र भौतिक समृद्धि हुनेछ; अब्राम र उनका सन्तानहरूलाई एउटा उच्च नाम प्रदान गरिनेछ; उनीहरू अरू मानिसहरूको निम्ति आशिषको कारण हुनेछन्; इस्राएली जातिका मित्रहरू आशिषित हुनेछन्, तर यहूदीहरूका विरोधीहरू श्रापित हुनेछन्। पृथ्वीका सबै जातिहरू अब्राममा नै आशिषित हुनेछन्। यहाँ यस कुरामा प्रभु येशू ख्रीष्टको पूर्वजानकारी दिइएको छ; किनभने उहाँ अब्रामको वंश भई जन्मनुभयो। अनि समयमा अब्रामसित बाँधिएको यस करारको नवीकरण, विस्तार र वृद्धि उत्पत्ति १३:१४-१७, उत्पत्ति १५:४-६ र उत्पत्ति १७:१०-१४, साथै उत्पत्ति २२:१५-१८ पदका खण्डहरूमा भयो।

**उत्पत्ति १२:४-९ः** अब्रामले हारानमा बिताएका वर्षहरू 'हारानमा बर्बाद भएका वर्षहरू' भन्ने नामले चिनिन्छन्; किनभने यस अवधिमा उनको केही उन्नति भएन। यी वर्षहरू बितेपछि अब्राम आफ्नी पत्नी सारै, भतिजा लूत र अरू आफन्तहरू लिएर आफ्नो धनसम्पत्तिको साथमा कनान देशतिर लागे। तिनीहरू पहिले शेकेममा आइपुगे, जहाँ अब्रामले परमप्रभुको निम्ति एउटा वेदी बनाए। विश्वासको भरमा हिँड़िरहेका जनको निम्ति विरोधी कनानीहरूको उपस्थितिले कति पनि बाधा पुर्‍याएन। त्यसपछि अब्रामले त्यहाँबाट बेतेल र ऐको बीचमा आफ्नो डेरा सारे। (बेतेलको अर्थ 'परमेश्वरको घर' हो)। आफ्नो आदतअनुसार उनले त्यहाँ पनि आफ्नो पाल टाँग्नुको साथै परमप्रभुको निम्ति

एउटा वेदी पनि बनाइहाले। परमेश्वरको जनका प्राथमिकताहरू के-के हुन्, सो कुरा उनीबाट स्पष्ट बुझिन्छ। अनि उत्पत्ति १२ः९ पदअनुसार अब्रामले नेगेवतिर दक्षिण यात्रा गरे।

### ख) उत्पत्ति १२ः१०-१३ः४ः मिस्र देशमा अब्रामको प्रवेश र कनान देशमा उनी फर्केको

**उत्पत्ति १२ः१०-२०ः** कसैको विश्वास सधैं एकनाश रहँदैन। त्यसमा हेरफेर र भूलचूकहरू पनि आउँछन्। जब परमेश्वरले चुन्नुभएको ठाउँमा घोर अनिकाल पुग्यो, तब अब्राम त्यहाँबाट मिस्र देशमा गए; मिस्र देशचाहिँ संसारको आत्मिक चित्र हो। अनि यस यात्राले उनको निम्ति समस्याहरू पैदा गऱ्यो। किनभने 'फाराओले मेरी सुन्दरी पत्नी सारैको कारणले मलाई मारेर उसलाई आफ्नो दरवारमा लैजान्छन्' भन्ने डरले अब्रामलाई छोप्यो। यसकारण अब्रामले सारैलाई 'तिमी मेरी बहिनी हौ' भनेर भन्न पारे। हुनु पनि हो, उत्पत्ति २०ः१२ पदअनुसार तिनी अब्रामकी सौतेनी बहिनी थिइन्, तरै पनि यो एउटा झूट नै थियो; किनकि यसमा उनीहरूको छल गर्ने अभिप्राय थियो। अब्रामको यस छली चालले उनको निम्ति उनलाई चाहिएको काम त गऱ्यो; किनकि यसको इनाम ठूलो थियो। तर यस चालले सारैको विरुद्धमा काम गऱ्यो; फलस्वरूप तिनी फाराओको जनानखानामा पुगिन्। अनि अब्रामको गुप्त चालले फाराओको विरुद्धमा पनि काम गऱ्यो; किनकि एउटा भयानक महामारीले यिनलाई र यिनको परिवारलाई पीड़ित तुल्यायो। अब्रामको व्यवहारभन्दा फाराओको व्यवहार बढ़ी धार्मिक थियो। उनीहरूले गरेको यो छल जब फाराओले थाह पाए, तब यिनले अब्रामलाई हपारे र उनलाई फेरि कनान देशमा पठाए।

यस घटनाले हामीलाई के सिकाउँछ भने, हामीले यहाँबाट आत्मिक लड़ाइँमा शारीरिक हातहतियारहरू चलाउनुहुँदैन भन्ने पाठ सिक्नुपर्छ। अनि लक्ष्य असल भएदेखि त्यहाँ पुऱ्याउने बेठीक साधनहरू पनि सठीक ठहरिन्छन् भन्ने सोच बिलकुल बेठीक हो। अनि यो पनि सुनिश्चित छः आफ्नो पापको दण्ड नपाई हामी छोड़िनेछैनौं।

परमेश्वरले अब्रामलाई छोड्नुभएन; तर उहाँले उनको जीवनमा पापलाई त्यसको काम गर्न दिनुभयो। उनले फाराओबाट खुल्लमखुल्ला हप्काइ खानुपऱ्यो, साथै शर्मको साथ उनी त्यहाँबाट निर्वासित भए।

अर्को कुरा हामीले याद गर्नुपर्छः यहाँ 'फाराओ' शब्दले कसैको निश्चित नाम बोध गर्दैन, तर यो देशको सर्वोच्च अधिकारीलाई दिइने उपाधि हो, जस्तैः राजा, सम्राट वा राष्ट्रपति आदिको निम्ति प्रयोग गरिने उपाधि।

**उत्पत्ति १३ः१-४ः** अब्राम मिस्र देशदेखि बेतेलमा फर्केको अन्तर्निहित उद्देश्यचाहिँ उनलाई परमेश्वरको सङ्गतिमा पुनर्स्थापित गर्नु हो। यसकारण बुझ्नुहोस्ः प्रभुदेखि टाढ़ा गएकाहरू सबैका निम्ति 'परमेश्वरको घरमा फर्क' भन्ने जगजगाउने आव्हान दिइन्छ।

### ग) उत्पत्ति १३ः१-१४ः२४ः लूत र मेल्किसेदेकसँग गरेका अब्रामका अनुभवहरू

**उत्पत्ति १३ः५-१३ः** अब्रामका गोठालाहरू र लूतका गोठालाहरूको बीचमा झगड़ा भयो। उनीहरूका गाईवस्तुको निम्ति चरन गर्ने ठाउँहरू पर्याप्त भएनन्। अब्रामको व्यवहारमा साँचो शिष्टता, दया र निःस्वार्थ थियो; किनभने उनले लूतलाई सारा देशबाट आफ्नो ठाउँ छान्ने मौका दिए। उनको विनम्र हृदयअनुसार उनले अरूलाई आफूभन्दा श्रेष्ठ ठाने (फिलिप्पी २ः३)। तब लूतले यर्दनको

# उहिलेको संसारको भूभाग




अब्राहाम जिइरहेको उहिलेको संसारको भूभाग




प्रतिज्ञा गरिएको देश

मलिलो बेंसी रोजे, जुन बेंसीमा पापले भरिएका सदोम र गमोरा शहरहरू पनि परे। लूत एक साँचो विश्वासी त थिए (२ पत्रुस २:७-८); तर तिनी संसारको सिमानामा जिउने सीमावर्ती व्यक्ति थिए। एकजना अपरिचित भाइले यसो भनेः 'लूतले आफ्नो गाईवस्तुको निम्ति घाँसचाहिँ पाए; तर अब्रामले आफ्ना छोराछोरीहरूको निम्ति परमेश्वरको अनुग्रह प्राप्त गरे (उत्पत्ति १३:२५-२६)।'

*'सदोमका मानिसहरू परमप्रभुको दृष्टिमा साह्रै दुष्ट र पापी थिए'* भन्ने कुरासित लूतले कुनै पर्बाह राख्दैनथिए; यस कुराले तिनलाई कुनचाहिँ भूमि छान्नु हो, सो निर्णय गर्नुमा अलिकति पनि बाधा दिएको रहेनछ। तिनी सांसारिकतामा डुबे; त्यसका कदमहरू विचार गर्नुहोस्!

**क)** *उत्पत्ति १३:७:* तिनका गोठालाहरूले झगड़ा गर्दैथिए;

**ख)** *उत्पत्ति १३:१०:* तिनले आफ्ना आँखाहरू उठाएर यर्दनको मैदान हेरे;

**ग)** *उत्पत्ति १३:११:* तब तिनले आफ्नो निम्ति यर्दनको सारा मैदान रोजे;

**घ)** *उत्पत्ति १३:१२:* तिनले सदोमसम्म आफ्नो पाल टाँगे;

**ङ)** *उत्पत्ति १४:१२:* तिनी सदोममै बस्थे; अर्थात् तिनी परमेश्वरको घर र उहाँको पूजाहारीदेखि निक्कै टाँढ़ा बसे;

**च)** *उत्पत्ति १९:१:* तिनी सदोम शहरको मूलढोकामा बस्थे; तिनको राजनीतिक पद निक्कै बढ़ेको थियो; किनकि लूत त्यस शहरको स्थानीय अधिकारी भए।

**उत्पत्ति १३:१४-१८:** अब्रामले सबैभन्दा असल र मलिलो भूमि इन्कार गरे; तर परमेश्वरले कनान देशको सम्पूर्ण क्षेत्रफल उनलाई र उनका सन्तान-दरसन्तानलाई सधैंको निम्ति दिनुभयो। यसको साथसाथै परमेश्वरले उनीसित असंख्य भावी सन्तानहरू दिन्छु भन्ने प्रतिज्ञा पनि गर्नुभयो। आफ्नो बसाइ हेब्रोनमा सारेपछि अब्रामले तेस्रो चोटि परमप्रभुको निम्ति एउटा वेदी बनाए। उनले परमप्रभुको निम्ति सधैं एउटा वेदी बनाए, तर आफ्नो लागि कहिल्यै एउटा बस्ने घरचाहिँ बनाएनन्।

यहाँ एउटा कुरा याद गर्नुहोस्ः परमेश्वरले अब्रामलाई देशको चारैतर्फ घुम्दै आफ्नो अधिकारको भागरूपी भूमिलाई नियालेर हेर्ने निर्देशन दिनुभयो। यही प्रकारले हामीले पनि परमेश्वरका प्रतिज्ञाहरू विश्वासद्वारा नियालेर हेर्नुपर्छ र आफ्नै तुल्याउनुपर्छ।

**उत्पत्ति १४:१-१२:** यस अध्यायमा घटेको प्रमुख घटनाभन्दा तेह्र वर्षअघिको कुरा होः एलाम अर्थात् फारसको राजा कदोर्लाओमेरले क्षार-समुद्रको समतल भूमिमा बस्ने पाँचजना राजाहरूलाई लड़ाइँमा जितेका थिए। तर तेह्र वर्षपछि यी पाँचजना पराजित राजाहरूले तिनको विरुद्धमा विद्रोह गरे। यसकारण तिनले बेबिलोन क्षेत्रका अरू तीनजना राजाहरूको सहायता लिए, र क्षार-समुद्रको पूर्व किनाराबाट हुँदै दक्षिणतर्फ अघि बढ़े; क्षार-समुद्रको पुच्छरमा पुगेपछि तिनी त्यस समुद्रको पश्चिम किनाराहुँदा उत्तरतिर फर्के र सदोम, गमोरा र त्यस मैदानमा भएका शहरहरूको सामु आइपुगे। तब सिद्दीमको बेंसीमा तिनीहरूको बीचमा घमासान लड़ाइँ चल्यो। सिद्दीमको बेंसी अलकत्राका धापैधापले भरिएको थियो। आक्रमणकारी सेनाहरूले ती विद्रोह गर्ने राजाहरूलाई परास्त गरे। त्यसपछि तिनीहरू आफूले जितेर लुटेका धनमाल र बन्दीहरू लिएर उत्तरतिर फर्के; बन्दीहरूमा विश्वासबाट पतित भएका लूत, अब्रामको भतिजा पनि थिए।

**उत्पत्ति १४:१३-१६:** जब अब्रामले यो खबर पाए, तब उनले तीन सय अठारजना तालिम पाएका लड़ाकुहरूलाई भेला पारे, र त्यस विजयी दललाई देशको उत्तरमा अवस्थित भएको दानसम्म पहिल्याउँदै गए। अन्तमा उनले तिनीहरूलाई सिरियाको दमस्कसनिर भेट्टाएर तिनीहरूलाई परास्त गरे, अनि लूतलाई, तिनका मानिसहरूलाई र अरू सबै धनमालहरू छुटाए। यसकारण बुझ्नुहोस्ः विश्वासबाट पछि हटेको मानिसले आफूमाथि विपत्ति मात्र कहाँ ल्याउँछ र, तर उसले अरूलाई पनि कष्ट दिलाउँछ। यहाँ, यस ठाउँमा अब्रामले लूतलाई तरवारको बलले छुटकारा दिए। केही समयपछि उनले तिनलाई अन्तर्विन्तीद्वारा छुटकारा दिलाउनेथिए (उत्पत्ति १८-१९:)।

**उत्पत्ति १४:१७-१८:** अब्राम विजय प्राप्त गरेर फर्किरहेको बेलामा सदोमको राजा उनलाई भेट गर्न निस्के; मानों शैतानले ठूलो आत्मिक विजय हासिल गरेको ख्रीष्ट-विश्वासीलाई पापको परीक्षामा पारेजस्तै; किनभने शैतानले घरिघरि हाम्रो जीवनमा आफ्नो दुष्ट दाउको निम्ति मौका खोज्दैछ। तर अर्कोतिर शालेमका राजा मल्किसेदेक, जो सर्वोच्च परमेश्वरका पूजाहारी थिए, आफ्नो हातमा रोटी र दाखमद्य लिएर अब्रामलाई बलवन्त तुल्याउनका निम्ति उनलाई भेट्न तयार थिए।

तब के गर्ने ? पवित्र बाइबलमा प्रथम चोटि रोटी र दाखमद्यको विषयमा पढ्न पाउँदा यी वस्तुहरूमा हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको कष्टको साङ्केतिक अर्थ नबुझी हामी सक्दैनौं; किनकि हामीलाई पापदेखि बचाउनको निम्ति उहाँले तिर्नुभएको मोल-माथि जब हामी आफ्नो ध्यान लगाउँछौं, तब हरेक पापको परीक्षाको सामना गरेर त्यसमाथि विजय बन्ने सामर्थ्य हामी आफ्ना प्रभुबाट पाउँछौं।

पवित्र धर्मशास्त्र बाइबलमा भएका नामहरू अर्थपूर्ण हुन्छन्। मल्किसेदेकको अर्थ 'धार्मिकताको राजा' हो भने, शालेमको अर्थ 'शान्ति' हो। (यरूशलेमको छोटो रूप शालेम हो)। यसर्थ शालेमको राजा मल्किसेदेक-चाहिँ धार्मिकताको राजा र शान्तिको राजा थिए। यसरी नै तिनी येशू ख्रीष्टका प्रतीक थिए, जो हाम्रा साँचो धार्मिकताको राजा र शान्तिको राजा हुनुहुन्छ – हाम्रा महान् महापूजाहारी ! किनकि तिनको विषयमा हिब्रू ७:३ पदमा यसो लेखिएको छः *'तिनी विनापिता, विनामाता, विनावंशका हुन्; तिनका न दिनहरूको शुरु छ, न जीवनको अन्त; तर तिनी परमेश्वरको पुत्रतुल्य थिए; तिनी निरन्तर पूजाहारी भएर रहन्छन्।'* यहाँ, यस पदमा उल्लेख गरिएका कुराहरूको सम्बन्ध केवल तिनको पूजाहारी-पदसित सम्बन्धित थियो। प्रायः जसो पूजाहारीहरूले पूजाहारीको पद अधिकारको भागको रूपमा पाउँछन्, र एउटा सीमित अवधिसम्म मात्र पूजाहारीको सेवा गर्छन्। तर यस दिव्य विवरणअनुसार मल्किसेदेकको पूजाहारी-पद अद्वितीय थियो; किनभने तिनले त्यो पद आफ्नो बुबाआमाबाट हासिल गरेनन्, अनि तिनको पूजाहारी-सेवाको कुनै शुरुआत र अन्त पनि थिएन। अनि याद रहोस्ः ख्रीष्ट येशूको पूजाहारी-पद 'मल्किसेदेकको रीति-बमोजिम' भएको छ (भजन ११०:४; हिब्रू ७:१७)।

**उत्पत्ति १४:१९-२०:** मल्किसेदेकले अब्रामलाई आशीर्वाद दिए; त्यसको सट्टामा अब्रामले परमेश्वरको ती पूजाहारीलाई आफूसँग भएका सबै लुटको मालको दशांश दिए। अनि हिब्रूको पुस्तकको सात अध्याय-बाट हामी के सिक्छौं भने, यस कार्यमा एउटा गहिरो अत्मिक अर्थ हुँदो रहेछ। किनकि अब्राम हारूनका कुलपिता भएको हुनाले उनले हारूनवंशी पूजाहारीगिरीको प्रतिनिधित्व

गर्छन्। मल्किसेदेकले अब्रामलाई आशीर्वाद दिएको मतलब के हो भने, मल्किसेदेकको पूजाहारी-पद हारूनको पूजाहारी-पदभन्दा महान् हुँदो रहेछ; किनकि आशीर्वाद दिने व्यक्तिचाहिँ आशीर्वाद लिने व्यक्तिभन्दा श्रेष्ठ हुन्छ। अनि अब्रामले मल्किसेदेकलाई दशांश दिएको कुराले के आत्मिक अर्थ लिन्छ भने, हारूनवंशी पूजाहारीगिरीभन्दा मल्किसेदेकको पूजाहारी-पद उत्कृष्ट हुँदो रहेछ; किनकि सानोले ठूलोलाई दशांश दिन्छ।

**उत्पत्ति १४ः२१-२४ः** सदोमको राजाले अब्रामलाई भन्न खोजेको कुरा यस प्रकारको छः 'मलाई मानिसहरू मात्र दिनुहोस्, तर धनसम्पत्तिचाहिँ तपाईं नै राख्नुहोस्!' यसर्थ बुझ्नुहोस्ः हाम्रो वरिपरि मानिसहरू नाश भइरहेको बेलामा शैतानले आज पनि हामीलाई संसारका नाशवान् 'खेलौना'हरूमा भुलाउने परीक्षा गर्छ। यसैकारण यस विषयमा अब्रामको जवाफ सुन्नुहोस्ः उनले तिनीबाट एउटा धागो अथवा जुत्ताको फिता-सम्म पनि नलिने अठोट गरे।

### घ) उत्पत्ति १५ः अब्रामलाई प्रतिज्ञा गरिएको उत्तराधिकारी

**उत्पत्ति १५ः१ः** उत्पत्ति १४ अध्यायको अन्तिम भागसँग यस पहिलो पदको घनिष्ठ सम्बन्ध छ। कुलपिता अब्रामले सदोमको राजाबाट कुनै पनि इनाम नलिएका, तर त्यो सबै पूरापूर इन्कार गरेका हुनाले परमप्रभु परमेश्वरले उनलाई भन्नुभयोः *'अब्राम, नडराऊ! तिम्रो ढाल र तिम्रो अत्यन्त ठूलो इनाम म नै हुँ।'* यसो भनेर उहाँले अब्रामलाई सुरक्षित र असाध्य धनाढ्य तुल्याएर उनलाई दुईवटा आशिषहरू दिनुभयो।

**उत्पत्ति १५ः२-६ः** अब्राम निःसन्तान भएको कारणले उनलाई उनको दास दमस्कसको एलिएजर नै उनको उत्तराधिकारी बन्छ कि भन्ने डर थियो; किनकि त्यस बेलाको कानुन त्यस्तै थियो। तर परमेश्वरले अब्रामसँग 'तिमीलाई एउटा पुत्रलाई र ताराहरूजत्तिकै अनगिन्ती सन्तानहरू दिन्छु' भन्ने प्रतिज्ञा गर्नुभयो। मानवीय दृष्टिकोणले यो असम्भव थियो; किनभने सारैले गर्भधारण गर्ने उमेर नाघिसकेकी थिइन्। तर अब्रामले परमेश्वरले उनलाई गर्नुभएको प्रतिज्ञा विश्वास गरे, अनि परमेश्वरले उनलाई उनको विश्वासको आधारमा धर्मी ठहऱ्याउनुभयो। विश्वासद्वारा धर्मी ठहरिएको जुन सत्यता यहाँ, यस ठाउँमा प्रकट गरिएको छ, त्यस सत्यताचाहिँ रोमी ४ः३, गलाती ३ः६ र याकूब २ः२३ पदहरूमा फेरि दोहोरिएको छ। उत्पत्ति १३ः१६ पदमा परमेश्वरले अब्रामलाई धूलोसरह असंख्य सन्तान हुने प्रतिज्ञा गर्नुभयो, र यहाँ, उत्पत्ति १५ः५ पदमा चाहिँ तारासरह असंख्य सन्तान हुने प्रतिज्ञा गर्नुभयो। धूलोले अब्रामका प्राकृतिक सन्तानहरूको चित्रण गर्दछ, जो जन्मकै यहूदीहरू हुन्। ताराहरूले अब्रामका आत्मिक सन्तानहरूलाई सङ्केत गर्छन्, जो सबै विश्वासद्वारा धर्मी ठहरिएका हुन्छन् (गलाती ३ः७)।

**उत्पत्ति १५ः७-२१ः** यस खण्डमा परमेश्वरले एउटा अनौठो, तर महत्त्वपूर्ण प्रतीकात्मक कामद्वारा अब्रामका सन्तानको विषयमा र भूमिको विषयमा गर्नुभएका प्रतिज्ञाहरू सुदृढ़ पार्नुभयो। अब्रामका सन्तानको विषयमा गरिएको प्रतिज्ञा उत्पत्ति १५ः१-६ पदको खण्डमा, अनि भूमिको विषयमा गरिएको प्रतिज्ञा उत्पत्ति १५ः७-८ र १८-२१ पदको खण्डमा उल्लेख गरिएको छ। यस सम्बन्धमा श्री डेविड बेरोन्‌ले यसो भनेका छन्ः

> 'अब प्राचीन समयको कुरा आयोः पूर्वीय देशहरूमा करार बाँध्ने चलन यस प्रकारको थियोः कुनै कराभित्र प्रवेश गर्न चाहने दुईवटा दलहरू यस सिलसिलामा मारिएका पशुहरूका

दुई फ्याकहरूको बीचबाट भएर हिँड्नुपर्दथियो। यसरी नै उनीहरूले आपसमा बाँधेको यो करार अवश्य पूर्ण भएको होस् भनेर दुवै दलले आफूले गरेको प्रतिज्ञाको साथसाथै आफ्नो जीवन पनि बन्धक राख्ने गर्थे (यर्मिया ३४:१८-१९)। तर यहाँ उत्पत्ति पन्ध्र अध्यायमा परमेश्‍वर मात्र यी मारिएका बलि-पशुहरूका दुई फ्याकहरूको बीचबाट भएर जानुभयो; जलिरहेको राँको र धूवाँ निस्किरहेको अँगेठीले यहाँ, यस घटनामा परमेश्‍वरको उपस्थिति सङ्केत गर्छन्। अनि अब्रामचाहिँ – उनले केवल यो अद्‌भुत दृश्य हेरिरहे, जुन दृश्यले उनलाई सित्तैंमा दिइएको परमेश्‍वरको अनुग्रह प्रदर्शन गरेको छ।' 13)

यस कुराले अब्रामसँग भएको परमेश्‍वरको यो करार एउटा सर्तरहित करार थियो भन्ने कुरा पुष्टि गर्छ – एउटा यस्तो करार, जसको पूर्ति केवल परमेश्‍वरमाथि निर्भर गर्छ।

यस खण्डको विषयमा अर्को धारणा पनि छ, जस्तैः बलि गरिएका पशुहरूका यी दुई फ्याकहरूले इस्राएली जातिलाई सङ्केत गर्छन् अरे। अनि यी गिद्धहरूले चाहिँ अन्यजाति राष्ट्रहरूलाई चित्रण गर्छन्; अनि निस्सन्देह जुन भूमि तिनीहरूको होइन भनिएको छ, त्यो भूमिचाहिँ मिस्र देश हो। अनि चौथो पुस्ताको समयमा इस्राएली जाति मिस्रीहरूको दासत्वबाट छुटकारा पाई कनान देशमा फर्कन्छ। जलिरहेको राँको र धूवाँ निस्किरहेको अँगेठीले इस्राएली जातिको भाग्य के थियो, सो कुरा सङ्केत गर्छन्; किनभने तिनीहरू कष्ट भोग्न र साक्षी बन्न बोलाइएका थिए।

जुन बेलासम्म एमोरीहरूको अधर्मको नाप पूरा हुँदैनथियो, तबसम्म इस्राएली जातिको छुटकारा हुनेथिएन। यो गैर-यहूदी जाति अन्तिम आएर नामेट हुनुपर्ने रहेछ। तर यस विषयमा धेरै पल्ट कुरा यस्तो छः परमेश्‍वरले जुन खराबीको न्याय गर्न चाहनुहुन्छ, त्यसको न्याय गर्नुभन्दा अघि उहाँले त्यस खराबीलाई आफ्नो दौड़ पूरा गर्ने अनुमति दिनुहुन्छ; अनि उहाँको न्यायको विषयमा त्यो ढिलाइचाहिँ कहिलेकाहीं उहाँका जनहरूको हानि गरेको जस्तै देखा पर्ला। तर यस विषयमा कुरा यस्तो छः परमेश्‍वर धीरजी हुनुहुन्छ; कोही पनि नष्ट नभएको उहाँ चाहनुहुन्छ, यहाँसम्म कि यी भ्रष्ट एमोरीहरू पनि नष्ट भएका उहाँ चाहनुहुन्न (२ पत्रुस ३:९)। उहाँको झट्टै न्याय गरिनहाल्ने अर्को कारण पनि छः उहाँले कुनै खराबीलाई यस हेतुले पूरा विकसित हुन दिनुहुन्छ कि त्यस खराबीको भयानक प्रतिफल के हो, सो सबै मानिसहरूको अघि स्पष्टसँग देखा परोस्। किनकि त्यस बेलामा मात्र उहाँको क्रोध सम्पूर्ण रूपले धार्मिक देखा पर्दछ।

उत्पत्ति १५:१३-१४ पदमा *'तिम्रा सन्तानहरू एउटा पराई देशमा परदेशी भएर बस्नेछन्। ... अनि तिनीहरूले उनीहरूलाई चार सय वर्ष दुःख दिनेछन् ... त्यसपछि उनीहरू धेरै धनसम्पत्ति लिएर निस्किआउनेछन्'* भनेर लेखिएको कुराले कालक्रमको विषयमा हाम्रो सामु एउटा समस्या खड़ा गरेको छ। यी पदहरूले अब्रामका जनहरू विदेशमा चार सय वर्षसम्म कठोर दासत्वमनि पर्ने पूर्वजानकारी दिन्छन्; अनि त्यसपछि तिनीहरू त्यस विदेशदेखि धेरै धनसम्पत्ति लिएर निस्कि-आउनेछन्। अनि प्रेरित ७:६ पदमा पनि यो चार सय वर्षको कुरा दोहोरिएको छ।

तर प्रस्थान १२:४०-४१ पदमा हामीले के पढ्छौं भने, त्यस दिनसम्म मिस्र देशमा बसेका इस्राएलीहरूको बसाइ ट्याक्कै चार सय तीस वर्ष भएको थियो। अनि गलाती ३:१६ पदमा प्रेरित पावलले अब्राहामसँग परमेश्‍वरको करारमा निश्‍चित भएको समयदेखि व्यवस्था दिइएको समयसम्मको अवधि ४३० वर्ष थियो भन्ने कुरा लेखेका छन्। यी

दुईवटा अङ्कहरूले सृजेको समस्या हामी कसरी समाधान गरौं त ?

तब बुझ्नुहोस्ः उत्पत्ति १५ः१३-१४ र प्रेरित ७ः६ पदमा उल्लेख गरिएको चार सय वर्षले इस्राएलीहरूले मिस्र देशमा भोगेको कठोर यातनाको अवधि सङ्केत गर्दछ। याकूब र तिनको परिवार मिस्र देशमा आएको बेलामा शुरुमा दासत्वको बन्धनमा परेका थिएनन्; तर त्यसको ठीक विपरीत उनीहरूलाई राजकीय सम्मान र सुविधा पो मिलेको थियो। अनि प्रस्थानको पुस्तक १२ः४०-४१ पदमा बताइएको ४३० वर्षले इस्राएलीहरूले मिस्र देशमा बिताएको कुलअवधि सङ्केत गर्दछन् अर्थात् मिस्र देशबाट निस्केको दिनसम्म गन्ती गर्दै आएको कुलसमय, त्यसको शुरुदेखि अन्तसम्म भएको जम्मै समयको पूरा हिसाब देखाइएको हो।

अनि गलाती ३ः१७ पदमा उल्लेख गरिएको समय र प्रस्थान १२ः४०-४१ पदमा उल्लेख गरिएको समय – यी चार सय तीस वर्षहरूले लगभग एकै अवधि बयान गरेका छन्। हिसाब कहाँबाट शुरु भयो? परमेश्वरले याकूबसँग अब्रामसित बाँधिएको करार पुष्टि गर्नुभएको समयदेखि, अर्थात् याकूब मिस्र देशमा जान तयार भएको समयदेखि यी वर्षहरूको हिसाब शुरु भएको हो (उत्पत्ति ४६ः१४)। अनि यो हिसाब कहाँ टुङ्गिएको छ? इस्राएलीहरू मिस्र देशबाट निस्केको लगभग तीन महिना मात्र भएको थियो, जब तिनीहरूलाई मोशाको व्यवस्था दिइयो। त्यस बेलासम्म चार सय तीस वर्ष लाग्यो।

उत्पत्ति १५ः१६ पदमा चार पुस्ताको कुरा गरिएको छ। अनि यो कुरा प्रस्थान ६ः१६-२० पदको खण्डमा पूरा भएको देखिन्छः लेवी, कहात, अम्राम र मोशा – चार पुस्ता। उत्पत्ति १५ः१८-२१ पदको खण्डमा प्रतिज्ञा गरिएको भूमिचाहिँ त्यस बेलासम्म अझै पनि इस्राएलीहरूको हातमा आएको थिएन। पछि मात्र राजा सुलेमानले यस भूमिमाथि शासन गरे (१ राजा ४ः२१ र २४)। यी राज्यहरू अधीनतामा त आए, तर इस्राएलीहरूले यी राज्यहरू पूरा कब्जा गर्न सकेनन्। यसकारण जबसम्म ख्रीष्ट येशू ठूलो महिमाको साथ राज्य गर्न यस संसारमा फर्केर आउनुहुनेछैन, तबसम्म यो करार पूरा हुनेछैन। त्यस बेलामा मात्र प्रतिज्ञा गरिएका सबै कुराहरू पूरा हुने नै छन्। परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुरा सुनिश्चित छ, अघिबाटै भइसकेको कुराजस्तो पक्का हुन्छ।

अनि सर्वमान्य धारणा अपनाउनु हो भने, यहाँ, उत्पत्ति १५ः१८ पदमा उल्लेख गरिएको मिस्रको नदी भनेको नील नदी होइन, तर गाजाको दक्षिणमा भएको एउटा सानो खहरे खोला हो, जसलाई 'वादी-एल-अरिश' भन्ने नामले चिनिन्छ।

### ङ) उत्पत्ति १६-१७ः ईश्माएलचाहिँ शरीर-अनुसार अब्रामको सन्तान हो

**उत्पत्ति १६ः१-६ः** यस खण्डमा पापी स्वभावको अधीरता देखिन्छ। परमेश्वरको बाटो हेर्नुको सट्टामा सारैले आफ्ना पति अब्रामलाई आफ्नी कमारी हागारबाट एक बालकलाई जन्माउन उस्काइन्। हुन सक्छ, उनीहरूले हागारलाई मिस्र देशको दुर्भाग्यपूर्ण प्रवासको समयमा पाएका थिए होलान्। परमेश्वर आफ्ना जनहरूको वैवाहिक सम्बन्धमा आएका अनियमितताहरूको वर्णन गर्नुमा उहाँ विश्वासयोग्य हुनुहुन्छ, यद्यपि यस प्रकारका अनियमितताहरू उहाँले कहिल्यै अनुमोदन गर्नुहुन्न। जब हागार गर्भवती भई, तब उसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न थाली; अनि सारैले आफ्ना पति अब्रामलाई यसको दोष लगाइन्। अनि त्यसपछि तिनले हागारलाई घरबाट निकालिदिइन्। यस कुराले अनुग्रहको करार

र व्यवस्थारूपी करारको बीचमा चलिरहेको संघर्षको चित्रण गर्छ। यी दुईवटा करारहरू एकैसाथ रहन सक्दैनन् (गलाती ४:२१-३२), तर एक-अर्कालाई बाहेक गर्छन्। हुन सक्छ, यस खण्डमा बयान गरिएका कति व्यवहारहरू त्यस जमानामा र त्यस बेलाको समाजमा ग्रहणयोग्य थिए होलान्, तर इसाई दृष्टिकोणले पूरापूर अयोग्य ठहरिएका छन्।

**उत्पत्ति १६:७-१५:** हागार घरबाट निकालिएपछि मिस्र देशतिर फर्किरहेकी थिई; अनि परमप्रभुका दूत उसकहाँ देखा पर्दा ऊ शूरको मरुभूमिमा आइपुगेकी थिई। परमप्रभुका दूतचाहिँ प्रभु येशूको पूर्व-अवतारीय प्रदर्शन थिए। (परमप्रभुका दूतको सम्बन्धमा बढ़ी जानकारीको निम्ति तपाईंले न्यायकर्ता छ अध्यायअन्तर्गत लेखिएको निबन्धमा हेर्नुहोला)। परमप्रभुका दूतले हागारलाई उसकी मालिक्नी सारैकहाँ फर्कि-गएर आफूलाई तिनको अधीनतामा सुम्पने सल्लाह दिए र ऊबाट जन्मन लागेको बालकचाहिँ एउटा ठूलो जातिको शिर बन्नेछ भन्ने प्रतिज्ञा गरे। अनि निस्सन्देह यो प्रतिज्ञा-चाहिँ अरबी जातिमा पूरा भएको हो। अनि यो याद रहोस्, कि जस-जससँग परमेश्वरले व्यवहार गर्नुभएको छ, तिनीहरूमध्ये धेरै-जनाको जीवनमा 'फर्क ... र आफूलाई प्रभुको हातमा सुम्प' भन्ने शब्दहरूले ठूलो भूमिका खेलेका छन्, र यी शब्दहरू तिनी-हरूको जीवनको एउटा महत्त्वपूर्ण मोड़ बनेका छन्।

उत्पत्ति १६:१३ पदमा हागारले गरेकी उद्गारको भावानुवाद यस प्रकारले गर्न सकिन्छः ' "मलाई देख्नुहुने परमेश्वर तपाईं पो हुनुहुँदो रहेछ;" किनकि उसले भनीः "के मैले यहाँ पनि उहाँलाई देखेको छु, जसले मलाई देख्नुहुन्छ।" यसकारण तिनले त्यस इनारको नाम 'बेर-लहै-रोइ' राखी, जसको अर्थ होः "जीवित हुनुहुनेको इनार, जसले मलाई देख्नुहुन्छ।" '[14)]

**उत्पत्ति १६:१६:** जुन बेलामा हागारले इश्माएललाई जन्माई, त्यस बेलामा अब्राम छयासी वर्ष भएका थिए। इश्माएलको अर्थ होः 'परमेश्वर सुन्नुहुन्छ'। यस सन्दर्भमा उहाँले हागारको कष्टको पुकारा सुन्नुभयो। यस खण्डको अध्ययन गर्दाखेरि हामीले याद गर्नुपर्ने कुरा यो हो, कि समस्त विवरणभरि हागारले व्यवस्था र व्यवस्थावाद सङ्केत गर्छे भने, सारैले परमेश्वरको अनुग्रहको करार चित्रण गर्छिन् (गलाती ४)।

**उत्पत्ति १७:१-१४:** यस अध्यायको पहिलो पदमा परमेश्वरले अब्रामसँग बोल्नुभएको वचनमा उहाँले उनलाई भन्न खोज्नुभएको निम्न अर्थ लुकिएको थियो, कि कसो हो? 'तिमी आफ्नो बल र बुद्धि लगाएर आफ्नो चलाखी गर्न छोड़! मलाई, सर्वशक्तिमान् परमेश्वरलाई, तिम्रो जीवनमा, तिम्रो पक्षमा काम गर्न देऊ!' यसको लगातै परमेश्वरले अब्रामसँग बाँध्नुभएको जुन अघिको करार थियो, उहाँले त्यस पहिलेको करारको नवीकरण गर्नुभयो; अनि यस सुअवसरमा उहाँले अब्रामको नाम बदली गरेर उनलाई 'अब्राहाम' भन्ने नाम दिनुभयो। अब्रामको अर्थ 'उच्च पिता' हो भने, अब्राहामको अर्थ 'धेरैको पिता' हो। अनि खतनाचाहिँ केको लागि थियो? त्यो त यस ईश्वरीय करारको चिन्हको रूपमा उनलाई र उनका सन्तानहरूलाई दिइएको थियो। खतनाचाहिँ नर-बालकहरूको लिङ्गमा गरिने चिरफार हो, जसद्वारा लिङ्गको टुप्पाको छाला काटिन्थ्यो। यसर्थ खतना शरीरमाथि लगाइएको एउटा चिन्ह थियो, जुन चिन्हद्वारा स्पष्ट बुझिन्थ्यो, कि खतना भएको मानिसचाहिँ पृथ्वीमा परमेश्वरको एकमात्र चुनिएको जातिको सदस्य थियो। खतनाको चलन मध्य-पूर्वी देशहरूमा पहिले पनि थियो,

तर अब्राहाम र उनका परिवारको निम्ति खतनाले एउटा नयाँ अर्थ पायो। यतिखेर अब्राहामको घरानाको प्रत्येक पुरुषको खतना भयो। तर त्यस समयदेखि उसो उनको परिवारमा जन्मिने हरेक नर-बालकको खतना उसको जन्मेको आठौं दिनमा गरिनेथियो, नभई त्यो व्यक्तिचाहिँ आफ्ना जनहरूको बीचबाट नामेट गरिनेथियो अर्थात् इस्राएली जातिबाट बहिष्कार गरिनेथियो। प्रस्थान ३१:१४-१५ पदअनुसार नामेट गर्ने शब्दले चाहिँ मृत्युदण्ड दिने अर्थ लिएको छ। पवित्र बाइबलका अन्य ठाउँहरूमा, यहाँजस्तो, यस शब्दको अर्थ 'प्रतिबन्ध लगाउने' वा 'बहिष्कार गर्ने' अर्थ लाग्छ।

रोमी ४:११ पदमा प्रेरित पावलले होशियारसाथ आफ्नो तर्क पेश गरेका छन्ः अब्राहामको खतना हुनुभन्दा पहिले नै उनी धर्मी ठहरिएका थिए (उत्पत्ति १५:६)। अब्राहामको खतना हुनुभन्दा अघिको अवस्थामा उनको विश्वास थियो; अनि खतनाचाहिँ विश्वासद्वारा उनले हासिल गरेको धार्मिकताको छाप पो थियो। वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरूमाथि यस प्रकारको शारीरिक छाप लगाइँदैन, तर प्रभु येशूकहाँ फर्केको बेलामा उनीहरूमाथि पवित्र आत्माको छाप लगाइन्छ (एफेसी ४:३०)।

**खतनाको चिन्ह**

खतना के हो त? परमेश्वरले आफू र आफ्ना जनहरूको बीचमा स्थापित गर्नुभएको करार एउटा शारीरिक चिन्हद्वारा पुष्टि गर्न रोज्नुभयो (उत्पत्ति १७:१०-१४)। यसरी अब्राहामका सबै सन्तानहरू 'खतनाका' भनिए (प्रेरित १०:४५), र अन्यजातिहरूले चाहिँ 'बेखतनाका' भन्ने नाम पाए (एफिसी २:११)। खतनाचाहिँ यस धार्मिकताको निम्ति एउटा चिन्ह र एउटा छाप थियो, जुन धार्मिकता अब्राहामले विश्वासद्वारा प्राप्त गरे (रोमी ४:५)।

तर पछिबाट 'खतना' र 'खतना भएका' आदि शब्दहरूको अर्थमा धेरै हेरफेर आयो, जस्तैः 'खतना नभएका ओठहरू' (प्रस्थान ६:१२), जसको अर्थ सार्वजनिक रूपले बोल्ने क्षमता नभएको हो। सुन्न नचाहने, प्रेम गर्न नचाहने र प्रभुको आज्ञापालन गर्न नचाहने मानिसहरूका 'खतना नभएका कानहरू' र 'खतना नभएका हृदयहरू' थिए (लेवी २६:४१; व्यवस्था १०:१६ र ३०:६; यर्मिया ६:१०; प्रेरित ७:५१)। इजकिएल ४४:७ पदमा 'शरीरमा खतना नभएका' शब्दले अशुद्ध हुने अर्थ लिन्छ।

अब नयाँ नियमको कुरा आयोः नयाँ नियममा 'ख्रीष्टको खतना' भन्ने शब्दले प्रभु येशूको क्रूसको मृत्यु सङ्केत गर्छ (कलस्सी २:११)। ख्रीष्ट-विश्वासीहरूको आत्मिक खतना त्यस बेलामा गरिन्छ, जुन बेलामा विश्वासद्वारा ख्रीष्ट येशूसँग उनीहरूको एकीकरण हुन्छ। पानीको बप्तिस्माद्वारा उनीहरू ख्रीष्ट येशूको मृत्यु र बौरिउठाइमा सहभागी भएका हुन्छन्। पावलले कुरा गरेको खतनाचाहिँ *'ख्रीष्टमा विनाहातले गरिएको खतना हो, जुन खतनाद्वारा शरीरका पापहरूको देह ख्रीष्टको खतनाद्वारा फालिएको छ'* (कलस्सी २:११)। अनि यस खतनाले पापी स्वभावको लेखि मरेको कुरा गरेको छ। 'ख्रीष्ट येशूमा' हरेक विश्वासीको ठहर पापी स्वभावको लेखि मरेको ठहर रहेछ। तर ख्रीष्ट-विश्वासीहरू यस ठहरअनुसार जिउनुपर्छ, अर्थात् तिनीहरूले आफ्ना शरीरका पापमय कार्यहरूलाई मारेर यो कुरा तिनीहरूको जीवनमा व्यावहारिक बन्नुपरेको छ (कलस्सी ३:५)। अर्को ठाउँमा प्रेरित पावलले ख्रीष्ट-विश्वासीहरूलाई 'साँचो खतना' भनेका छन् (फिलिप्पी ३:३)। यहूदी व्यवस्थावादीहरूको सिलसिलामा तिनले यो भनेका हुन्, जो 'खतनाका' भन्ने नामले सुपरिचित थिए (गलाती २:१२)।

खतना गर्ने नियमजस्तै अरू नियमहरू पनि छन्, जसका प्रतीकात्मक अर्थहरूबाहेक यी नियमहरूबाट अरू लाभहरू पनि छन्। किनभने परमेश्‍वरका कति नियमहरूमा हामी उहाँको दया देख्छौं, जुन नियमहरूद्वारा परमेश्‍वरले आफ्ना जनहरूलाई अन्यजातिहरूको बीचमा फैलिरहेका रोगहरूबाट बचाउन चाहनुभयो। अनि आजभोलि धेरै चिकित्साशास्त्रका विशेषज्ञहरू छन्, जसले मानेका छन् कि खतनाले लोग्ने-पत्नीमा कति प्रकारका क्यान्सरको रोकथाम गर्छ।

**उत्पत्ति १७:१५-१७:** परमेश्‍वरले सारैको नाम बदली गर्नुभयो र तिनको नाम 'सारा' राख्नुभयो। अनि यस अवसरमा उहाँले अब्राहामलाई नब्बे वर्ष पुगेकी उनकी पत्नी साराबाट एउटा छोरा हुनेछ भन्ने प्रतिज्ञा गर्नुभयो। कुलपिता अब्राहाम यो प्रतिज्ञा सुनेर मनमनै हाँसे; तर यो उनको हँसाइचाहिँ एउटा हर्षको, आश्‍चर्य लागेको हँसाइ थियो, अविश्‍वासको हँसाइ होइन; किनभने वचनले भन्दछ, कि उनको विश्‍वास अलिकति पनि डग्मगाएन (रोमी ४:१८-२१)।

**उत्पत्ति १७:१८-२७:** जब अब्राहामले परमेश्‍वरलाई इश्माएलको विषयमा 'ऊ तपाईंको कृपा-पात्र भएको होस्' भनेर विन्ती गरे, तब उहाँले उनलाई 'तिम्रो छोरा इसहाक-द्वारा नै मेरो करार पूरा हुनेछ' भन्ने कुरा बताउनुभयो। तर इश्माएल आशिष नपाउने होइन; ऊ फलवन्त हुनेछ, संख्यामा अत्यन्तै बढ्नेछ र एउटा ठूलो जाति बन्नेछ। तर इसहाकचाहिँ ख्रीष्ट येशूको प्रतीक हो; अनि उहाँद्वारा नै परमेश्‍वरले अब्राहामसँग बाँध्नुभएको करार त्यसको सम्पूर्णतामा पुग्नेछ।

अब्राहामको आज्ञापालनमाथि ध्यान दिनुहोस्! उनले अलिकति पनि ढिलो गरेनन्; किनभने त्यही दिनमा अब्राहामको र उनको छोरा इश्माएलको खतना भयो।

### च) उत्पत्ति १८-१९: सदोम र गमोरा

**उत्पत्ति १८:१-१५:** विगत अध्यायमा घटेको घटनाको केही समयपछि तीनजना मानिसहरू अब्राहामकहाँ देखा परे। वास्तवमा ती तीनजनामध्ये दुईजनाचाहिँ स्वर्गदूतहरू थिए, र एकजनाचाहिँ परमप्रभु आफै हुनुहुन्थ्यो। मध्य-पूर्वीय देशहरूमा अथिति-सत्कारको भूमिका ठूलो छ। यसकारण अब्राहाम र साराले अनजानमा स्वर्गदूत-हरूलाई, अँ, स्वर्गका दूतहरूभन्दा महान् एकजनालाई पनि अथिति-सत्कार गरे (हिब्रू १३:२)। परमप्रभुका दूतले 'आउँदो वर्षमा साराको एउटा छोरा हुनेछ' भनेर अब्राहामलाई भनेको कुरा साराले संयोगवश सुनिन् र तिनी हाँसिन्। तिनको यस हँसाइले तिनको अविश्‍वास प्रकट गर्‍यो। परमप्रभुका दूतले सारालाई हप्काएर तिनलाई सोधेः *'के परमप्रभुको निम्ति कुनै कुरा असम्भव छ र?'* यो तिनको निम्ति तिनको हृदय तलाश गर्ने प्रश्‍न थियो। तिनको शङ्का जेसुकै होस्, परमप्रभुको प्रतिज्ञा दोहोरियोः 'आउँदो वर्षमा साराको एउटा छोरा हुनेछ' (उत्पत्ति १८:९-१५)। तर यो क्षणिक चूकबाहेक हिब्रू ११:११ पदले सङ्केत गरेअनुसार सारा एउटी विश्‍वासकी नारी थिइन्।

**उत्पत्ति १८:१६-३३:** जुन बेलामा परमप्रभुले सदोम र गमोरालाई नाश गर्ने लाग्नुभएको कुरा अब्राहामलाई प्रकट गर्नु-भयो, त्यस बेलामा यी दुईजना स्वर्गदूतहरू ती शहरहरूतिर गइसकेका थिए। यो कुरा सुन्नासाथ अब्राहामले परमप्रभुसँग अन्तर्विन्ती गर्न थाले। तिनको उल्टा-गन्ती पचासबाट शुरु भयोः पचास ...पैंतालीस ... चालीस ... तीस ... बीस ... दस। सदोम र गमोरामा

दसजना धर्मी जनहरू भएदेखि परमप्रभुले ती शहरहरू नाश गर्नुहुनेथिएन।

अब्राहामको यो प्रार्थनाचाहिँ कति प्रभावशाली अन्तर्विन्ती थियो!! हाम्रो निम्ति कति उत्कृष्ट नमुना हो!! यो अन्तर्विन्ती सारा पृथ्वीका न्यायकर्ताको धार्मिक चरित्रमाथि आधारित थियो (उत्पत्ति १८:२५); अनि परमेश्वरसँग बातचित गर्दा यत्रो साहस अब्राहामले कहाँबाट लिए त? अनि उनको गम्भीर नम्रता कहाँबाट आयो? यस प्रकारको साहस र नम्रता केवल परमेश्वरसँगको घनिष्ठ सम्बन्ध र पहिचानबाट आउँछ। अब्राहामले विन्ती गर्न छोड़ेपछि मात्र परमेश्वरले त्यो मामला बन्द गर्नुभयो र बिदा लिनुभयो (उत्पत्ति १८:३३)। हाम्रो जीवनको सम्बन्धमा रहस्यहरू धेरै, तर उत्तरहरू थोरै छन्। उत्पत्ति १८:२५ पदमा प्रकट गरिएको सत्यता यस प्रकारका जवाफहीन प्रश्नहरूको एकमात्र सठीक उत्तर हो।

उत्पत्ति १८:१९ पदमा लेखिएको कुरा हामी ख्याल नगरी सक्दैनौं। *'म उनलाई चिन्छु, कि उनले आफ्ना छोराछोरीहरूलाई र उनको पछि हुने आफ्नो घरानालाई "तिमीहरू धार्मिकता र न्यायको काम गर्दै परमप्रभुको मार्गमा लागिरहनू" भन्ने आज्ञा गर्नेछन्'* भनेर परमेश्वरले अब्राहामको गुणानुवाद गर्नुभयो। उहाँको दृष्टिमा अब्राहाम उत्कृष्ट पारिवारिक मानिस थिए। यो हामी सबैजनाले लालसा गर्नुपर्ने कति योग्यको कुरा हो।

**उत्पत्ति १९:१-११:** 'सदोम'को नाम पशुगमन र समलिङ्गगमनको पापको पर्यायवाचक शब्द बन्न पुगेको छ। तर यस प्रकारको यौन-विकृतिरूपी कुकर्ममा यस शहरको पतन ल्याउने पापहरू सीमित थिएनन्। इजकिएल १६:४९-५० पदको खण्डमा परमप्रभु परमेश्वरले यसो भनेर सदोमका पापहरूको बयान गर्नुभयोः *'त्यसमा घमण्ड, रोटीको भरपूरी र प्रशस्त अल्छीपना थियो।'*

यता सदोममा लूतले ती दुईजना स्वर्गदूतहरूलाई स्वागत गरे। अनि ती पाहुनाहरूको निम्ति यस शहरको सड़कमा बस्न अति खतरा थियो; यो कुरा तिनलाई राम्री थाहा थियो। यसकारण तिनले तिनीहरूलाई तिनको घरमा वास बस्ने आग्रह गरे। यसो भए पनि सदोमका पुरुषहरू यी स्वर्गीय अतिथिहरूमाथि समलिङ्गी बलात्कार गर्न सुरिए। लूतले आफ्ना पाहुनाहरूको बचाउ जसरी पनि गर्ने आतुरीले आत्तिरहेका लूतले सङ्कोच नमानीकन आफ्ना दुईजना छोरीहरूलाई ती दुष्ट मानिसहरूको हातमा सुम्पे। यी स्वर्गदूतहरूले ती सदोमीहरूलाई भ्रमकारी अस्थायी अन्धोपनले प्रहार गरे; केवल यही आश्चर्यकर्मले त्यस दिनको दुर्घटना टरेको थियो।

**समलिङ्गी यौनको सम्बन्धको विषयमा पवित्र बाइबलको शिक्षा के हो?**

पुरानो नियमको उत्पत्ति १९:१-२६; लेवी १८:२२ र २०:१३ पदहरूमा र नयाँ नियमको रोमी १:१८-३२, १ कोरिन्थी ६:९ र १ तिमोथी १:१० पदहरूमा – पवित्र बाइबलका दुवै नियमहरूमा परमेश्वरले समलिङ्गी यौनको सम्बन्ध पाप ठहऱ्याउनुभयो। उहाँले यस किसिमको पापको विरुद्ध आफ्नो क्रोध प्रकट गर्नुभयो अनि सदोम र गमोराका शहरहरू विध्वंस गर्नुभयो। अनि मोशाको व्यवस्थाअन्तर्गत समलिङ्गगामीहरूलाई मृत्युदण्ड दिइन्थ्यो। समलिङ्गी यौनभोगीहरूले स्वर्गको राज्यभित्र पस्न पाउनेछैनन्।

पुरुषगामीहरू आफूले अपनाएको अनैतिक जीवन-शैलीको निम्ति ठूलो मोल चुकाउन परेका छन्। हामी यो कुरा प्रेरित पावलको शब्दमा भनौं! *'यही प्रकारले पुरुषहरूले पनि स्त्रीहरूसितको*

*स्वाभाविक व्यवहार त्यागेर पुरुषहरूले पुरुषहरूसितै शर्मलाग्दो काम गरीकन एक-अर्काप्रति आफ्नो कामुकताले जले,* ***र आफ्नो भ्रष्ट चालको उचित दण्ड आफूमा पाए'*** (रोमी १ः२७)। तिनीहरूले आफ्नो शरीरको लिङ्गमा भोग्नुपर्ने रोगहरूमध्ये यी हुन्, जस्तैः venereal diseases, pneumocystis, Kaposi's sarcoma cancer and AIDS आदि। यो कुरा छोड़ेर यस्ता दुष्कर्म गर्नेहरूलाई भूतले तर्सेझैं यी अपराधका दोषहरूले सताइरहेका हुन्छन्; तिनीहरूको मानसिक सन्तुलन हराउँछ र तिनीहरूको भावनामा गड़बड़ी आउँछ; अनि तिनीहरूको व्यक्तित्वमा पनि असामान्य परिवर्तनहरू आउँछन्।

अरू सबै पापी मानिसहरूले जस्तै पुरुषगामीले र समलिङ्गगामी स्त्रीले पनि आफ्नो पापको विषयमा कायल हुँदै साँचो पश्चात्ताप गरेर र प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेर मुक्ति पाउन सक्छन्। किनकि परमेश्वरले समलिङ्गगमनको पापलाई घृणा गर्नुहुन्छ, तर पुरुषगामीहरू र समलिङ्गगामी स्त्रीहरूलाई प्रेम गर्नुहुन्छ।

समलिङ्गगामी हुनु एउटा कुरा हो, तर समलिङ्गगमनप्रतिको झुकाउ अर्को कुरा हो। पवित्र बाइबलले यस पापप्रतिको झुकाउ दोष्याउँदैन, तर यस पापमा क्रियाशील हुनेहरूलाई अपराधी ठहऱ्याउँछ। यस्ता धेरै मानिसहरू छन्, जो आफ्नै लिङ्ग भएको जातिप्रति आकर्षित भएका हुन्छन्, तर तिनीहरूले यस झुकाउअनुसार काम गर्दैनन्, आफूलाई यस पापमा सुम्पँदैनन्। पवित्र आत्माबाट शक्ति पाएर तिनीहरूले पापको परीक्षामा पर्दा त्यसको विरोध गर्न र शुद्ध जीवन व्यतीत गर्न आफैलाई अनुशासनमा राखिराख्छन्।

> 'समलिङ्गगमनप्रतिको झुकाउ भएका धेरै इसाईहरूले पूरा अफसोसी भई आफ्नो परिस्थितिको बारेमा पछुतो गरेका छन्। आफैलाई बदलाउन नसकेको कारणले तिनीहरूले सहनशील भई सम्पूर्ण शुद्धताको साथ जिउन सक्नको निम्ति पवित्र आत्मामाथि निर्भर रहन सिके। अनि यस्तो कुरालाई व्यावहारिक पवित्रता भनिन्छ। ... । ख्रीष्ट येशूमा तिनीहरूको समर्पण कहाँसम्म जान्छ? परमेश्वरले तिनीहरूलाई आफ्नो काममा प्रयोग गरून् र उहाँको ईश्वरीय शक्ति तिनीहरूको मानवीय दुर्बलतामा सिद्ध भएको होस् भन्ने उद्देश्यले तिनीहरूले आफूभित्र प्रबल भइरहने आफ्नो दुर्बलता परमेश्वरकहाँ सुम्पेका छन्।' [15)]

कसै-कसैले आफू यस प्रकारको झुकाउसित जन्मेकोमा परमेश्वरलाई दोष्याउँछन्; तर यसमा उहाँको गल्ती के पो छ त? यसको गल्ती मानिसको पापमय स्वभावमा छ। यस सम्बन्धमा हामीले बुझ्नुपर्छः आदमका सबै सन्तानहरू तिनका पतित भएका सन्तानहरू हुन्; यसर्थ तिनीहरू सबैमा कुनै न कुनै दुष्टतातर्फ सहजै ढल्किजाने स्वभाव हुन्छ। कसैको दुर्बलता एउटा क्षेत्रमा हुन्छ भने, अर्को मानिसको दुर्बलता अर्कै क्षेत्रमा हुन्छ। पापको परीक्षामा पर्नु पाप होइन, तर परीक्षामा हार्नु अर्थात् कुनै पापकर्ममा आफैलाई सुम्पनुचाहिँ पाप हो।

ख्रीष्ट येशूमा सबै किसिमका दुष्ट अभिलाषाहरूको निम्ति छुटकारा छ। यसकारण समलिङ्गगमन गर्ने भाइबहिनीहो, तपाईंको लागि पनि ख्रीष्ट येशूमा छुटकारा छ। तर हुन सक्छ, तपाईंलाई केही समयको निम्ति ईश्वरीय सरसल्लाह र परामर्शको खाँचो पर्ला; पूरा छुटकारा पाउनको निम्ति तपाईंलाई यस प्रकारको सहायता आवश्यक होला; किनभने यस क्षेत्रमा प्रायः सबैलाई आत्मिक सहायता चाहिन्छ।

अनि हामी इसाईहरूले के गरे ठीक होला? हामीले पुरुषगामीहरू र समलिङ्गगामी बहिनीहरूलाई ग्रहण गर्नुपर्छ, तर तिनीहरूले अपनाएको जीवन-शैलीचाहिँ होइन; किनभने उनीहरूको निम्ति ख्रीष्ट येशू मर्नुभयो। यसकारण हामी ख्रीष्ट-विश्वासीहरूले जसो भए पनि

यस्ताहरूलाई पवित्रताको जीवन जिउनलाई जित्ने कोशिश गर्नुपर्छ। किनभने यसो लेखिएको छः *'पवित्रताको पछि लाग, जुन पवित्रताविना कसैले पनि प्रभुलाई देख्न पाउनेछैन'* (हिब्रू १२ः१४)।

**उत्पत्ति १९ः१२-२९ः** यी स्वर्गदूतहरूले लूतलाई 'तिमी र तिम्रो परिवार यस शहरलाई छोड़िहाल' भन्ने आग्रह गरेर हतार गराए। तर जब तिनले आफ्ना जुवाइँहरूलाई त्यस शहरबाट निस्किजानलाई मनाउन थाले; (अनि हुन सक्छ, आर.एस.वी.को अनुवादअनुसार तिनीहरू तिनका हुनेवाला जुवाइँहरू थिए); तब तिनीहरूलाई तिनले तिनीहरूसँग ठट्टा गरेको लाग्यो। सङ्कष्ट आएको बेलामा लूतको विश्वासबाट पछि हटेको जीवनले तिनको साक्षी धमिल्याइदियो। जब बिहान भयो, तब यी स्वर्गदूतहरूले लूत, तिनकी पत्नी र तिनका छोरीहरूलाई सदोमदेखि बाहिर निस्कनमा साथ दिए। तर यति बेलामा पनि लूतले ढिलो-सुस्ती गरे। तिनले नजिकैको सोअर नाम गरेको शहरमा बस्न खोजे, जुन शहर सदोम र गमोराका छिमेकी शहरहरूमध्ये एउटा थियो। सदोममा धर्मी दसजना मानिसहरू पनि थिएन; यसकारण परमेश्वरले त्यो शहर नाश गर्नुभयो। तर अब्राहामको प्रार्थनाको उत्तरमा यस्तो भयोः *'परमेश्वरले अब्राहामको सम्झना गर्नुभयो; यसैले उहाँले लूतलाई विनाशको बीचबाट निकालिदिनुभयो।'*

लूतकी पत्नीले त्यस शहरलाई चाहिँ छोड़िन्, तर यिनको मन र हृदय अझै पनि सदोममा नै रहेको थियो। यसैले यिनीमाथि परमेश्वरको न्याय पर्‍यो। लूका १७ः३२ पदमा *'लूतकी पत्नीलाई सम्झ'* भन्ने वचन छ। ख्रीष्ट येशूले यिनको खराब उदाहरण लिएर यी सबैजनालाई चेताउनी दिनुहुन्छ, जसले उहाँमा उपलब्ध गरिएको मुक्तिको प्रबन्ध तुच्छ ठान्छन्।

**उत्पत्ति १९ः३०-३८ः** सोअरमा बस्न डराइरहेका लूत भागेर पहाड़को एउटा ओड़ारमा बस्न लागे। त्यहाँ तिनका दुईजना छोरीहरूले तिनलाई मत्त्याए, र तिनलाई मत्त लागेको बेलामा उनीहरूले तिनीसित कौटुम्बिक व्यभिचार गरे। तिनकी जेठी छोरी गर्भवती भई, र यसले तिनको निम्ति एउटा छोरा जन्माई, जसको नाम यसले 'मोआब' राखी; अनि कान्छी छोरीले पनि एउटा छोरा जन्माई, जसको नाम त्यसले 'बेन-अम्मी' राखी। इस्राएलको निम्ति घरिघरि बिझिरहने काँड़ारूपी मोआबी र अम्मोनी जातिहरूको शुरुआत यस प्रकारको भयो। अनि मोआबी स्त्रीहरू नै थिए, जसले पछिबाट इस्राएली पुरुषहरूलाई व्यभिचारमा फसाए (गन्ती २५ः१-३)। अनि अम्मोनीहरूचाहिँ? अम्मोनीहरूले इस्राएलीहरूलाई मिल्कोम अर्थात् मोलेक देवतालाई पुज्न लगाए, जुन पूजामा तिनीहरूले आफ्ना छोराछोरीहरूलाई बलि चढ़ाएर होम गरे (१ राजा ११ः३३; यर्मिया ३२ः३५)।

हामीले २ पत्रुस २ः७-८ पदको खण्डबाट यो जानकारी पाएका छौं, कि लूत धार्मिक मानिस थिए; तर तिनले आफ्नो सांसारिकतामा आफ्नो साक्षी गुमाए (उत्पत्ति १९ः१५), तिनले आफ्नी पत्नीलाई गुमाए (उत्पत्ति १९ः२६); तिनले आफ्ना जुवाइँहरूलाई र आफ्ना इष्टमित्रहरूलाई गुमाए; तिनले आफ्नो आत्मिक सङ्गति गुमाए; किनकि सदोममा यस्तो कुनै सङ्गति नै थिएन। तिनले आफ्नो धनसम्पत्ति गुमाए; किनभने तिनी धनसम्पत्ति सुसम्पन्न भएको अवस्थामा सदोम शहरमा पुगे, तर कङ्गाल भएर तिनी त्यहाँदेखि निस्के। तिनले आफ्नो

चरित्र गुमाए (उत्पत्ति १९:३५), आफ्नो जीवन-कार्य र झण्डै आफ्नो प्राण पनि गुमाइपठाए (उत्पत्ति १९:२२)। अनि तिनका छोरीहरूलाई विचार गर्दा के देखिन्छ भने, तिनीहरूको भ्रष्ट चरित्रले यही स्पष्ट देखाउँछ, कि तिनीहरू सदोमको नीच वातावरणले प्रभावित भए। तिनीहरू त्यसको प्रभावबाट उम्केनन्; किनभने तिनीहरूको निम्ति उम्कन कुनै बाटो नै थिएन (हिब्रू २:३)।

### छ) उत्पत्ति २०: अब्राहाम र अबिमेलेक

**उत्पत्ति २०:१-१८:** अब हाम्रो निम्ति पत्याउनै नसकिने कुरा पढ़िन्छः बीस वर्ष-भित्र अब्राहामले सारालाई फेरि आफ्नी बहिनीको रूपमा पेश गर्छन्, जुन गल्ती उनले अघि फाराओसित गरेका थिए। कति अविश्वसनीय कुरा!! तर बारम्बार पापतिर ढल्किरहने हाम्रो स्वभावको विषयमा कसो हो? यो पनि अविश्वसनीय कुरा हो, होइन र? गरारमा अबिमेलेकसँग भएको यस घटनामा अब्राहामले मिस्र देशमा गरेको गल्ती दुरुस्त रूपमा दोहोरिएको छ (उत्पत्ति १२:१०-१७)। इसहाकको जन्मको विषयमा परमेश्वरका अभिप्राय र उद्देश्यहरू जेजति थिए, ती अभिप्राय र उद्देश्यहरू विफल नहोऊन् भन्ने हेतुले उहाँले फेरि एकपल्ट यहाँ यस परिस्थितिमाथि हस्तक्षेप गर्नुभयो। उहाँले अबिमेलेकलाई मृत्युदण्ड दिन्छु भन्ने धम्की दिनुभयो; किनभने परमेश्वर इतिहासका घटनाहरूको दर्शक मात्र कहाँ हुनुहुन्छ र? उहाँ यसमा मुख्य भूमिका खेल्नुहुन्छ। विशेष गरी आफ्ना जनहरूको पक्षमा तिनीहरूले गरेको खराबी सुधार्नुहुन्छ, आवश्यक परेको खण्डमा उहाँले यसो गर्न नयाँ जन्म नपाएका मानिसहरूलाई प्रयोग गर्नुहुन्छ। यस घटनामा अबिमेलेकको व्यवहार परमेश्वरको मित्र अब्राहामको भन्दा बढ़ी धर्मी थियो। (याद रहोस्: अबिमेलेक कुनै नाम होइन, तर एउटा उपाधि हो)। संसारको मानिसले कुनै ख्रीष्ट-विश्वासीलाई न्यायसँगत हप्कीले हप्काएकोचाहिँ कति लाजमर्दो कुरा हो! जब कुनै अर्धसत्य कुरा सत्य कुराको रूपमा पेश गरिन्छ, तब त्यो कुरा पूरापूर असत्य ठहरिन्छ। हत्, 'परमेश्वरले मलाई आफ्नो बुबाको घर छोड़ेर हिँड्न लाउनुभयो' भनेर आफ्नो केही दोष परमेश्वर-माथि सार्न खोजेका अब्राहाम कस्तो मानिस! उनले तत्कालै आफ्नो दोष मानिलिएका भए योचाहिँ उनको बुद्धि ठहरिनेथियो। तर जेजस्तो भए पनि उनी परमेश्वरको जन नै थिए; अनि यही कारणले परमप्रभुले अबिमेलेकलाई अब्राहामकहाँ, तिनको घरानामाथि जुन बाँझोपन परेको थियो, त्यस बाँझोपनबाट त्यो निको भएको होस् भनी प्रार्थना गर्न पठाउनुभयो।

*'मैले तिम्रा दाजुलाई हजार टुक्रा चाँदी दिएको छु; हेर, त्योचाहिँ तिम्रो निम्ति तिमीसँग भएका सबैजनाको सामु र अरू सबै मानिसहरूको सामु* ***आँखाहरूको पर्दा हुनेछ।'*** उत्पत्ति २०:१६ पदमा 'आँखाहरूको पर्दा हुनेछ' भन्ने वाक्यांशको अर्थ यस प्रकारको छः अबिमेलेकले यस उपहारद्वारा सबैलाई खुशी तुल्याउन खोजे। यसकारण यो पद यसरी पढ्न सकिन्छः 'तिमीलाई दिइएको यस रकमले तिम्रो क्षतिपूर्ति गरेको छ; तिमीसँग भएका सबैजनाको निम्ति र अरू सबै मानिसहरूको निम्ति यस रकमले बैनाको काम गर्छ; किनभने तिम्रो खराबी जेजति गरिएको थियो, यस रकमद्वारा यो सबै सठीक पारिएको हो।'

### ज) उत्पत्ति २१: इसहाकचाहिँ प्रतिज्ञा गरिएको पुत्र हुन्

**उत्पत्ति २१:१-१०:** जब आब्राहाम र साराको निम्ति प्रतिज्ञा गरिएको पुत्र जन्म्यो,

तब परमेश्वरले आज्ञा गर्नुभएअनुसार त्यस हर्षले प्रफुल्लित भएको परिवारले यस बालकको नाम 'इसहाक' अर्थात् 'हाँसो' राखे (उत्पत्ति १७ः१९ र २१)। यस नामले उनीहरूको मनमुद्रा प्रकट गर्नुको साथै यो खबर सुन्नेहरूको मनमुद्रा के हुने हो, सो पनि अवगत गराउँछ। आमाको दूध छुड़ाइएको बेलामा इसहाकको उमेर दुई वर्षदेखि पाँच वर्षभित्र भएको हुनुपर्ला, र इश्माएलको उमेरचाहिँ तेह्र वर्षदेखि सत्र वर्षभित्र भएको हुनुपर्ला। इसहाकले दूध छोड़ेको दिनमा एउटा भोज आयोजित गरियो। त्यस भोजको बेलामा साराले इश्माएललाई आफ्नो छोराको खिल्ली उड़ाएको देखिन्। यसकारण तिनले अब्राहामलाई 'हागार र उसको छोरालाई घरबाट निकाल्नुहोस्' भन्ने आदेश दिइन्। यस कुरामा प्रेरित पावलले निम्न आत्मिक अर्थ देखेका छन्ः मोशाको व्यवस्थाले ख्रीष्ट येशूमा भएको अनुग्रहको करारलाई खेदो गर्दो रहेछ; व्यवस्थारूपी पुरानो करार र अनुग्रहको नयाँ करारको बीचमा खिचड़ी गर्नुहुँदैन; अनि व्यवस्थावाद अपनाएर कसैले पनि आत्मिक आशिषहरू हासिल गर्न सक्दैन (गलाती ४ः२९)।

**उत्पत्ति २१ः११-१३ः** हागार र इश्माएललाई गुमाउनुपरेको कुराले अब्राहामलाई निक्कै दुःखित तुल्यायो; तर परमेश्वरले उनलाई सान्त्वना दिनुभयो र 'इश्माएल पनि एउटा ठूलो जातिको कुलपिता हुनेछ' भन्ने प्रतिज्ञा गर्नुभयो। यसो भए पनि कुरा स्पष्ट थियोः परमप्रभुको दृष्टिमा इसहाकचाहिँ प्रतिज्ञा गरिएको सन्तान थियो; करारमा प्रतिज्ञा गरिएका सबै कुराहरू इसहाकमार्फत पूरा हुनेछन् र उसमै बाँधिएका हुन्छन्।

**उत्पत्ति २१ः१४-२१ः** कनान देशको दक्षिणमा परेको मरुभूमिमा हागार र उसको छोरा तिर्खाले झण्डै मरे; तब परमेश्वरले तिनीहरूलाई एउटा पानीको कुवा फेला पर्नमा मद्दत गर्नुभयो, र तिनीहरू बाँचे। इश्माएल किशोर भइसकेको थियो; यसकारण उत्पत्ति २१ः१५ पदको अर्थ यस प्रकारको हुनुपर्छः हागारले उसलाई उसको शरीरको दुर्बलताले गर्दा एउटै धक्काले त्यहाँका पोथ्रापोथ्रीको एउटामनि धकेली। इश्माएल नामको अर्थ 'परमेश्वर सुन्दै हुनुहुन्छ' हो। अनि उत्पत्ति २१ः१७ पदमा 'परमेश्वरले त्यस केटाको सोर सुन्नुभयो' भनेर दुईपल्ट लेखिएको छ। जवान मानिसहरू र केटाकेटीहरूले यसबाट प्रार्थना गर्ने प्रोत्साहन लिनुपर्छ; किनकि परमेश्वर सुन्नुहुन्छ र हाम्रो प्रार्थना सुन्नुको साथमा त्यसको उत्तर पनि दिनुहुन्छ।

**उत्पत्ति २१ः२२-३४ः** याद रहोस्ः यस बाइसौं पदमा उल्लेख गरिएको अबिमेलेक र उत्पत्ति बीस अध्यायमा उल्लेख गरिएको अबिमेलेक एउटै हुनुपर्दैन। हुन सक्छ, यहाँको अबिमेलेक अर्को व्यक्ति थिए होलान्। यस मुखियाका सेवकहरूले अघि कुनै समयमा अब्राहामका मानिसहरूबाट पानीको एउटा इनार खोसेर लगेका थिए। जब अबिमेलेक र अब्राहामले आपसमा मित्रताको सन्धि गरे, त्यति बेलामा कुलपिता अब्राहामले अबिमेलेकलाई त्यस खोसिएको पानीको इनारको बारेमा जानकारी दिए। फलस्वरूप यस सन्धिअन्तर्गत अब्राहामलाई त्यो इनार फर्काइयो। उनले त्यस इनारको नाम बेर्शेबा अर्थाथ् 'शपथको इनार' राखे। पछिबाट यो ठाउँ एउटा शहर बन्यो, जुन शहरचाहिँ कनान देशको दक्षिणी सिमाना ठहरियो। सम्झनाको निम्ति अब्राहामले त्यहाँ एउटा झ्याउको रूख रोपे।

### झ) उत्पत्ति २२ः इसहाकरूपी बलिदान

**उत्पत्ति २२ः१-१०ः** सायद गलगथाको दृश्य छोड़ेर पवित्र बाइबलमा मोरियाहको दृश्यजस्तो हृदयलाई छुने अरू कुनै पनि दृश्य

छैन होला; अनि यस दृश्यले परमेश्वरको अति प्रिय एकमात्र पुत्रको क्रूसमा भएको मृत्युको सुस्पष्ट पूर्वाभास गराउँछ। अब्राहामको विश्वासको जाँच त्यस बेलामा चरमसीमामा पुग्यो, जब परमेश्वरले उनलाई 'आफ्नो छोरा इसहाकलाई मोरियाह देशमा लगेर होमबलि गर' भन्ने आज्ञा दिनुभयो। अब्राहामले आफ्नो छोरालाई बलि गरेको अभिप्राय परमेश्वरले कहिल्यै गर्नुभएन; किनभने उहाँले सधैं मानवीय बलिदानको घोर विरोध गर्नुहुन्थ्यो र अहिले पनि गर्नुहुन्छ। मोरियाहचाहिँ त्यो पर्वत-माला हो, जुन पर्वत-मालामा यरूशलेम शहर अवस्थित छ (२ इतिहास ३:१); गलगथा पनि त्यही ठाउँमा पर्छ। *'तिम्रो छोरा, तिम्रो एकमात्र छोरा इसहाकलाई लेऊ, जसलाई तिमीले प्रेम गर्छौ'* भनेर अब्राहामलाई भनेको परमेश्वरको यस वचनले उनको मुटुलाई कति छिया-छिया पारेको हुनुपर्छ। त्यस घाउको चोट उनलाई कति दुख्यो, कति हो कति? यसको साध्य छैन। इसहाक कुन हिसाबले अब्राहामको एकमात्र छोरा थियो? ऊ उनको एकमात्र प्रतिज्ञाको सन्तान थियो, उनको अलौकिक जन्म भएको अद्बितीय पुत्र थियो।

पवित्र बाइबलमा पहिलो पल्ट पढ़िएका कति प्रमुख शब्दहरू छन्, जुन शब्दहरूको अर्थ र प्रयोग पछि पवित्र धर्मशास्त्रभरि एकनाश भइरहन्छ। यहाँ, यस खण्डमा उत्पत्ति २२:२ पदमा 'प्रेम' र उत्पत्ति २२:५ पदमा 'आराधना' भन्ने शब्दहरू पहिलो पल्ट पढ़िन्छन्। यसो हो भने, आफ्नो छोराप्रति अब्राहामको प्रेमले प्रभु येशूप्रति भएको परमेश्वर पिताको प्रेम चित्रण गर्छ भने, इसहाकको बलिदानले आराधनाको चरमसीमा कहाँसम्म पुग्छ, सो कुराको सचित्रण गर्छ; किनभने परमेश्वरको इच्छा पूरा गर्नको निम्ति मुक्तिदाता प्रभुको बलिदान हामीले सर्वोच्च आराधना मान्नुपर्छ।

**उत्पत्ति २२:११-१२:** *'अब्राहाम, हे अब्राहाम!'* पवित्र बाइबलमा दस पल्ट कसैको नाम यसरी दुईपल्ट दोहोरिएको पाइन्छ, जसमध्ये 'अब्राहाम, अब्राहाम' भन्नेचाहिँ पहिलो हो। सात पल्टचाहिँ परमेश्वरले मानिसहरूलाई सम्बोधन गर्दा तिनीहरूको नाम दोहोऱ्याउनुभयो, जस्तैः उत्पत्ति २२:११; उत्पत्ति ४६:२; प्रस्थान ३:४; १ शमूएल ३:१०; लूका १०:४१ र २२:३१ अनि प्रेरित ९:४)। मत्ती ७:२१-२२ पदमा 'प्रभु, प्रभु' भन्ने शब्द छ र मत्ती २३:३७ पदमा 'यरूशलेम, हे यरूशलेम' भन्ने शब्द छ र मर्कूस १५:३४ पदमा 'मेरा परमेश्वर, हे मेरा परमेश्वर' भन्ने शब्द छ; यस सन्दर्भमा यी पदहरू यसका अन्तिम तीनवटा पदहरू हुन्। जहाँ-जहाँ कसैको नाम दोहोरिएको हुन्छ, त्यस खण्डमा केही महत्त्वपूर्ण कुरा भनिएको हुनुपर्छ। अनि उत्पत्ति २२:११ पदमा याद गर्नुपर्ने अर्को कुरा पनि छः परमप्रभुको दूतचाहिँ परमेश्वर स्वयम् हुनुहुँदो रहेछ (उत्पत्ति २२:१२)।

**उत्पत्ति २२:१३-१५:** इसहाकलाई होमबलि चढ़ाउनुपर्ने कुरा निस्सन्देह अब्राहामको विश्वासको जाँचको चरमसीमा थियो। परमेश्वरले उनीसँग 'इसहाक तिम्रो छोराद्वारा म तिमीलाई असंख्य सन्तानहरू दिन्छु' भन्ने प्रतिज्ञा गर्नुभएको थियो। अनि यो घटना घटिरहेको बेलामा इसहाक पच्चीस वर्ष पुगेको हुनुपर्ला, र उसको विवाह भएको थिएन। अब्राहामले उसलाई मारेका भए यो प्रतिज्ञा कसरी पूरा हुनेथियो र? हिब्रू ११:१९ पदअनुसार अब्राहामले के विश्वास गरे भने, उनले इसहाकलाई मारे पनि परमेश्वरले उसलाई मरेकाहरूको बीचबाट बौराएर उठाउन सक्नुहुन्छ। उनको यो विश्वास अति असाधारण विश्वास थियो; किनकि त्यस बेलासम्म संसारको इतिहासमा कोही पनि मरेकाहरूको बीचबाट बौरिउठेको थिएन।

यसको निम्ति कुनै ठोस प्रमाणै थिएन। के तपाईंले याद गर्नुभयो? उत्पत्ति २२:५ पदमा उनको विश्‍वास निम्न शब्दद्वारा प्रकट भएको छः *'म र यो केटाचाहिँ – हामी अलिक पर जान्छौं र उपासना गर्नेछौं; त्यसपछि हामी तिमीहरूकहाँ फर्केर आउनेछौं।'* अब्राहाम विश्‍वासद्वारा धर्मी ठहरिए (उत्पत्ति १५:६), त्यसपछि विश्‍वासका कामहरूद्वारा उनको विश्‍वास साँचो विश्‍वास ठहरियो (याकूब २:२१)। उनको विश्‍वास उनलाई मुक्ति दिलाउने माध्यम थियो; अनि उनका कामहरूचाहिँ? उनका कामहरू उनको विश्‍वासको वास्तविकताको प्रमाण थिए। जब इसहाकले यसो भन्दै उनलाई प्रश्‍न गर्‍योः 'हेर्नुहोस्, आगो र दाउरा त छन्, तर होमबलिको निम्ति पाठो कहाँ छ?' तब उनको बुबाले उसलाई उत्तर दिएः 'छोरा, परमेश्‍वर आफैले होमबलिको निम्ति पाठोको प्रबन्ध गर्नुहुनेछ।' यो एउटा दिव्य प्रतिज्ञा थियो, जुन प्रतिज्ञाचाहिँ खास गरी उत्पत्ति २२:१३ पदमा भनिएको भेड़ामा पूरा भएको होइन, तर अन्तमा संसारको पाप उठाइ-लैजानुभएको परमेश्‍वरको थुमामा पूरा भएको हो (यूहन्ना १:२९)।

यस अध्यायमा ख्रीष्ट येशूलाई सङ्केत गर्ने दुईवटा उत्कृष्ट प्रतीकहरू छन्। यसको पहिलो प्रतीक इसहाक हो, त्यो एकमात्र पुत्र, जसलाई उसका बुबाले प्रेम गर्थे, र जो आफ्नो बुबाको इच्छा पूरा गर्न तयार थियो। पछिबाट अब्राहामले उसलाई फिर्ता पाए, मरेकाहरूको बीचबाट बौरिउठेझैं। अनि दोस्रो प्रतीक त्यो भेड़ा हो, त्यो निर्दोष पशु, जुनचाहिँ कसैको सट्टामा बलि भएर मर्‍यो, जसको रगत बहाइयो; अनि जुन भेड़ाचाहिँ परमेश्‍वरको निम्ति सर्वाङ्गीण होमबलि भयो। एकजना अपरिचित भाइले यसो भनेका छन्: 'इसहाकको सट्टामा बलिको पाठोको प्रबन्ध गर्नुभएको परमेश्‍वरले अब्राहामको हृदयलाई एउटा यस्तो पीड़ाबाट जोगाउनुभयो, जुन पीड़ादेखि उहाँ आफू जोगिनुभएन।'

उत्पत्ति २२:११ र १५ पदमा र पुरानो नियमभरि परमप्रभुका दूतचाहिँ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। अब्राहामले त्यस ठाउँको नाम 'यहोवा-यिरे' राखे, जसको अर्थ 'परमप्रभु जुटाउनुहुन्छ' हो (उत्पत्ति २२:१४)। पुरानो नियममा भएका परमेश्‍वरका सातवटा यौगिक नामहरूमध्ये यो एउटा हो। परमेश्‍वरका अरू यौगिक नामहरू यस प्रकारका छन्:

*यहोवा-रोफेकाः* परमप्रभु निको पार्नुहुन्छ (प्रस्थान १५:२६)

*यहोवा-निस्सीः* परमप्रभु मेरो झण्डा हुनुहुन्छ (प्रस्थान १७:८-१५)

*यहोवा-शलोमः* परमप्रभु हाम्रो शान्ति हुनुहुन्छ (न्यायकर्ता ६:२४)

*यहोवा-रोईः* परमप्रभु मेरो गोठाला हुनुहुन्छ (भजन २३:१)

*यहोवा-चिद्केनूः* परमप्रभु हाम्रो धार्मिकता हुनुहुन्छ (यर्मिया २३:६)

*यहोवा-सम्माहः* परमप्रभु उपस्थित हुनुहुन्छ (इजकिएल ४८:३५)

**उत्पत्ति २२:१६-१९:** परमप्रभुले आफ्नै नाममा शपथ खानुभयो; किनभने शपथ खानको निम्ति उहाँभन्दा ठूलो अरू कोही पनि थिएन (हिब्रू ६:१३)। यहाँ परमेश्‍वरको शपथद्वारा सुनिश्‍चित गरिएको उहाँको प्रतिज्ञामा ख्रीष्ट येशूद्वारा अन्यजातिहरूकहाँ आएको आशिष पनि समावेश गरिएको छ (गलाती ३:१६)। अनि उत्पत्ति २२:१७[ख] पदमा परमेश्‍वरले अब्राहामलाई अघिबाट प्रतिज्ञा गर्नुभएको बृहत् आशिषमा यो पनि थप्नुभयोः अब्राहामको वंशले आफ्ना शत्रु-हरूको मूलढोका पनि अधिकार गर्नेछ। यस वाक्यको अर्थ यस प्रकारको छः

> 'उनका भावी सन्तानहरूले उनीहरूलाई विरोध गर्नेहरूमाथि अधिकार जमाउनेछन्। अनि कुनै शहरको मूलढोका कब्जा भएमा यस सारा शहरको कब्जा भएको बुझिन्छ।' 16)

**उत्पत्ति २२ः२०-२४ः** अब्राहामको भाइ नाहोरका बाह्रजना छोराहरू थिए भने, अब्राहामका केवल दुईजना छोराहरू थिए, इश्माएल र इसहाक। यस कुराद्वारा 'तिम्रा सन्तानहरू आकाशका ताराहरूजत्तिकै हुनेछन्' भन्ने परमेश्वरको प्रतिज्ञाको सम्बन्धमा अब्राहामको विश्वास कति धेरै जाँच भयो होला ! हुन सक्छ, यस कुराले उनलाई आफ्नो दास एलिएजरलाई इसहाकको निम्ति एउटी दुलही खोज्न पठाउने उत्साह दिलायो होला (उत्पत्ति २४)। यस सम्बन्धमा उत्पत्ति २२ः२३ पदमा रिबेकाको नाम ख्याल गर्नुहोस् !

### ञ) उत्पत्ति २३ः अब्राहामको परिवारको निम्ति निर्धारित कब्रस्तान

**उत्पत्ति २३ः१-१६ः** जब एक सय सत्ताइस वर्षको उमेरमा साराको मृत्यु भयो, तब अब्राहामले हेब्रोनका बासिन्दाहरूसँग, जो हेतवंशी हित्तीहरू थिए, मक्पेलाको ओड़ार कब्रस्तानको रूपमा किन्न विन्ती गरे। उनको लामो प्रवासी जीवनमा योचाहिँ उनले आफ्नो निम्ति किनेको एकमात्र जमिन थियो। यस खण्डले एउटा मूल्यवान् मोलतोलको विवरण दिन्छ, जुन प्रकारको मोलतोलचाहिँ पूर्वीय देशहरूमा उहिले भइरहन्थ्यो र अहिले पनि भइरहन्छ। शुरुमा यी हित्तीहरूले अब्राहामलाई तिनीहरूका समाधिस्थल-हरूमध्ये कुनै एउटा चुन्ने सल्लाह दिए। पूरा विनीत भएका अब्राहामले शिष्ट रूपले तिनी-हरूको यो सल्लाह इन्कार गरे र एप्रोनसँग भएको ओड़ार पूरा दाम दिएर किन्ने अठोट गरे। पहिले त एप्रोनले त्यस ओड़ारको साथमा त्यसको वरिपरि भएको जम्मै जमिन पनि अब्राहामलाई उपहारको रूपमा दिने कुरा व्यक्त गरे; तर अब्राहामले एप्रोनको कुरा बुझिहालेः यो त तिनको शिष्ट कृत्य मात्र रहेछ। तिनी त्यो जमिन उनलाई त्यसै दिन इच्छुक थिएनन्। तर जब अब्राहाम जमिन किन्ने कुरामा दृढ़ रहे, तब एप्रोनले त्यसको दाम चार सय चाँदीको शेकेल बताए, जुन दाम तिनले एउटा समुचित दाम सम्झे। वास्तवमा, यो मूल्य अति बढ़ी भएको थियो; अनि परिस्थिति अर्को भएको भए, अनि अब्राहामको ठाउँमा अरू कुनै ग्राहक भएको भए, उसले भाउ अझै कस्नेथियो। यसकारण उपस्थित भएका सबैजनाको निम्ति यो एउटा अचम्मको किनबेच थियो; किनकि अब्राहामले मोलतोल नगरी एकैपल्टमा एप्रोनले बताएको मूल्य स्वीकार गरे। अब्राहामले विश्वास नगर्ने मानिसको ऋणी बन्न चाहेनन्; अनि हामी पनि विश्वास नगर्ने कुनै मानिसको ऋणी हुनुहुँदैन।

**उत्पत्ति २३ः९-१७ः** पछिबाट मक्पेलाको ओड़ारचाहिँ अब्राहाम, इसहाक, रिबेका, याकूब र लेआको कब्रस्तान बन्न पुग्यो। यस ओड़ारको परम्परागत स्थानमा हालैमा मुसलमानहरूको एउटा मस्जिद अवस्थित छ।

### ट) उत्पत्ति २४ः इसहाकको निम्ति एउटी दुलही

**उत्पत्ति २४ः१-९ः** अब्राहामले आफ्नो सबैभन्दा जेठो-पाको सेवकलाई शपथ खुवाएर इसहाकको निम्ति एउटी दुलही खोज्न बाध्य तुल्याए; किनभने उनले इसहाकलाई कुनै कनानी स्त्रीलाई विवाह गर्न वा मेसोपोटामियामा बसोबास गर्न दिँदैनथिए। श्री चार्ल्स एफ. फ्फाइफरले उत्पत्ति २४ः२-७ र ९ पदमा वर्णन गरिएको यस शपथ गर्ने पुरानो चलनको स्पष्टीकरण यस प्रकारले गरेका छन्ः

'पवित्र बाइबलमा प्रयोग भएको मुहावरा-अनुसार छोराछोरीहरूचाहिँ बुबाको जाँघ, तिघ्रा वा कम्मरबाट निस्केर आउँछन् (उत्पत्ति ४६:२६)। अनि जाँघमाथि राखिएको हातको अर्थचाहिँ शपथ भङ्ग गरिएको खण्डमा जाँघबाट निस्किआएका वा निस्किआउने सन्तानहरूले यस प्रकारको विश्वासघातको बदला लिनेछन्। यस दस्तुरको नाम "भावी सन्तानको नाममा गरिएको शपथ" भनिएको छ। अनि यहाँको परिस्थितिमा यस प्रकारको शपथ उपयुक्त देखिन्छ; किनभने अब्राहामको सेवकको यस यात्राको मूलउद्देश्यचाहिँ इसहाकद्वारा अब्राहामका भावी सन्तान सुनिश्चित गराउनु थियो।' [17)]

**उत्पत्ति २४:१०-१४:** अब्राहामको यस सेवकले पवित्र आत्मालाई सङ्केत गर्छ, जुन पवित्र आत्मा परमेश्वर पिताले 'स्वर्गीय इसहाक' अर्थात् प्रभु येशूको निम्ति एउटा दुलही खोज्न पठाउनुभयो। यस खण्डमा गरिएको कथनले यात्राको तयारी, यस सेवकले भोग्नुपर्ने उपहारहरू र परमप्रभुले चुन्नुभएको त्यो स्त्री कुन लक्षणले चिनिन्छ, सो विस्तृत विवरण दिएको छ। यसको बारेमा श्री मर्डक क्याम्पबेलले निम्न बेलीबिस्तार गरेका छन्ः

'परमप्रभुले चुन्नुभएको यी स्त्रीलाई चिन्नाउने लक्षणको कुरा आयोः त्यस लक्षणले यी कन्याको चरित्र र स्वभावमाथि धेरै प्रकाश पार्दछ; किनभने यी कन्या आफ्ना मालिक अब्राहामको छोराको निम्ति एउटी सुयोग्य पत्नी हुनु थियो। यस सेवकले केवल एक घुट्की पानी पिउन पाऊँ भन्ने विन्ती गर्नुपरेको थियो, यहाँ प्रयोग गरिएको हिब्रू शब्दको अर्थअनुसार। तर जुन स्त्री परमेश्वरबाट महान् जातिकी आमा र येशू ख्रीष्टको वंशअन्तर्गत उहाँकी प्राचीन पूर्वज-स्त्री हुन चुनिएकी थिइन्, यी स्त्रीले आफ्नो उदारचित्तको स्वभाव र अरूको सेवा गर्ने आफ्नो तत्परता यस प्रकारले प्रकट गर्नेछिन्ः यिनले उसलाई एक घुट्की पानी मात्र होइन, तर प्रशस्त पानी पिउन दिनेथिइन्। यसबाहेक यिनले ऊँटहरूको निम्ति पनि पानी उघाएर दिने प्रस्ताव गरिन्। कति अचम्म!! अब यो कुरा हामी राम्ररी विचार गरौंः ती दसवटा पशुहरूले मरुभूमिको कष्टपूर्ण लामो यात्रापछि कम्तीमा चार पिपा अर्थात् लगभग ६०० लिटर पानी रित्त्याउन सक्नेथिए। तब स्पष्ट देखिन्छ, कि यस मानिस र उसका पशुहरूको सेवा गर्ने यी कन्याबाट प्रकट भएको यिनको तत्कालिक तत्परताले यी कन्यामा भएको एउटा दयावन्त, निःस्वार्थ स्वभाव र उच्चस्तरीय चरित्र दर्साउँछ।' [18)]

**उत्पत्ति २४:१५-५२:** अनि यी सुन्दरी रिबेकाचाहिँ अवश्य पनि यी असल सद्गुणहरूले युक्त कन्या थिइन्, जसले यस सेवकले राखेका सबै सर्तहरू पूरा गरिन् र यसैले यस सेवकका उपहारहरू हासिल गरिन्। यिनले अब्राहामको यस सेवकलाई आफ्नो बुबाको घरमा लगिन्। यी सबै कुराहरू देखेर यस सेवकले बुझिहाल्यो, कि उसको दुलही खोज्ने काम सिद्धिएको थियो। अनि जब रिबेकाले आफ्ना दाजु लाबानलाई यस सेवकसितको भेटमा के-के भइरहेको थियो, सो बताइन्, तब तिनले यस पाहुनालाई खुशीसाथ स्वागत गरे। अनि नभन्दै यस सेवकले तिनीबाट रिबेकालाई आफ्ना मालिकको छोराको निम्ति मागिहाल्यो। अब्राहामको यस सेवकले गरेको प्रार्थनाको उत्तरमा परिस्थितिहरूको अद्‌भुत संयोगले लाबान र रिबेकाका बुबा बतूएललाई ती सबै कुराहरू परमप्रभुले नै मिलाउनुभएको हो भन्ने निश्चयता दिलाए।

**उत्पत्ति २४:५३-६१:** त्यसपछि अब्राहामको यस सेवकले रिबेकाको निम्ति, लाबानको निम्ति र रिबेकाकी आमाको निम्ति अलग-अलग उपहारहरू निकाल्यो र यसरी आफ्नो तर्फबाट यस मगनीको कार्यमाथि आफ्नो छाप लगाइदियो। तर भोलिपल्ट

बिहान रिबेकाको परिवारले केही समयको निम्ति यिनको बिदाइ टार्न खोजे; तर कुरा मिल्यो, किनकि तत्कालै बिदा भएर जान रिबेका राजी भइन्। अन्तमा परिवारको आशीर्वादसाथ रिबेका घरबाट बिदा भइन्।

**उत्पत्ति २४:६२-६७:** इसहाकले मोरियाह-पर्वतमा गरेको अनुभवपछि हामी यहाँ मात्र फेरि इसहाकको विषयमा पढ्छौं, जब तिनी रिबेकालाई भेट्न निस्किरहेका थिए। यसर्थ हाम्रा मुक्तिदाता प्रभुको मृत्यु, दफन, बौरिउठाइ र स्वर्गारोहण भएपछि हामी उहाँलाई त्यस बेलामा मात्र फेरि देख्नेछौं, जब उहाँ आफ्नी चुनिएकी दुलहीलाई दाबी गर्न आउनुहुनेछ (१ थिस्सलोनिकी ४:१३-१८)। रिबेकासँग इसहाकको भेटघाट कति मनोरम दृश्य हो!! तिनले रिबेकालाई अघि कहिल्यै देखेका थिएनन्, तर तिनले यिनलाई तत्कालै विवाह गरे र यिनलाई प्रेम गरे; अनि अरू पुर्खाहरूको चालनको विपरीत रिबेकाबाहेक तिनका अरू पत्नीहरू भएनन्।

### ठ) उत्पत्ति २५:१-१८: अब्राहामको वंश

**उत्पत्ति २५:१-६:** १ इतिहास १:३२ पदअनुसार केतूराचाहिँ अब्राहामकी उपपत्नी थिई। अनि उत्पत्ति २५:६ पदले यो कुरा पुष्टि गर्छ। यसैले अब्राहामकी उपपत्नीको रूपमा उसले उनको घरपरिवारमा पत्नीका सबै विशेषाधिकार र सुविधाहरू उपभोग गर्न पाइन। परमेश्वरले यहाँ यस विवाहको सम्बन्धमा भएका कति अनियमितताहरू वर्णन गर्नुभयो, जसको अनुमोदन उहाँले कहिल्यै गर्नुभएको थिएन।

**उत्पत्ति २५:७-१८:** अब्राहामको उमेर एक सय पचहत्तर वर्ष पुगेर उनले अन्तिम श्वास लिए। अनि हेब्रोनको मक्पेलाको ओड़ारमा गाड़िएकाहरूमध्ये उनी दोस्रो व्यक्ति भए। उत्पत्ति २५:१२-१६ पदको खण्डमा उल्लेख गरिएको बयानमा इश्माएलका बाह्र छोराहरूको सूचि छ, जुन सूचिले अब्राहामसँग परमेश्वरले *'... अनि त्यसले बाह्रजना शासकहरूलाई जन्माउनेछ'* भन्दै गर्नुभएको प्रतिज्ञा पूरा भएको प्रमाणित गर्छ (उत्पत्ति १७:२०)। इश्माएलको मृत्यु भएपछि अब इसहाकचाहिँ ऐतिहासिक मञ्चको केन्द्र बन्छ।

## आ) उत्पत्ति २५:१९-२६:३५: इसहाक

### क) उत्पत्ति २५:१९-३४: इसहाकको परिवार

**उत्पत्ति २५:१९-२६:** प्रायः विवाह भएको बीस वर्षसम्म रिबेका बाँझी रहिन्। त्यसपछि इसहाकको प्रार्थनाको उत्तरमा तिनी गर्भवती भइन्। अनि तिनको गर्भमा जुम्ल्याहा बालकहरूले झगड़ा गरिरहेका रहेछन्। ती दुईजना छोराहरू दुईवटा विरोधी जातिका नायकहरू अर्थात् इस्राएल र एदोमका कुलपिताहरू हुनेछन् भन्ने कुरा परमेश्वरबाट सुनिश्चित नहोउन्जेल यस कुराले तिनलाई निक्कै समयसम्म अन्योलमा पारेको थियो। पहिले जन्मेको बालकको नाम एसाव राखियो, जुन नामको अर्थ 'रवैंरौं भएको भुत्लेदार' हो। अनि दोस्रो छोराको नाम याकूब थियो, जसको अर्थ 'अर्काको कुर्कुच्चा पक्रने' अर्थात् ठगेर अर्काको ठाउँ लिने हो। यी छोराहरूको जन्म हुँदा पनि याकूबले आफ्नो दाजुको कुर्कुच्चा पक्रेर उसबाट फाइदा उठाउन खोजे! इसहाकका यी दुई छोराहरू जन्मेको बेलामा उनको उमेर साठी वर्ष भएको थियो।

**उत्पत्ति २५:२७-२८:** यी दुईजना भाइछोराहरू हुर्किँदै गएपछि एसाव घरमा नरहने, तर वनमा घुमिहिँड्ने निपुण शिकारी भए; अनि याकूबचाहिँ? याकूब आफ्नो पाल कहिल्यै नछोड्ने, शान्त, सुशील मानिस

थिए। इसहाकले एसावलाई बढ़ी माया गर्थे, तर रिबेकाले याकूबलाई बढ़ी माया गर्थिन्। हुन सक्छ, उनी आमाको कुरा मानिहाल्ने तिनका ललित छोरा थिए कि कसो हो ?

**उत्पत्ति २५ः२९-३४ः** एसाव पहिले जन्मेको जेठा छोरा भएका हुनाले तिनी आफ्नो पिताको धनसम्पत्तिको दोबर भागको उत्तराधिकारी थिए। अंश बाँड्दा अरू भाइहरूले एक-एक भाग पाउँथे भने, जेठा छोराले पाउने भाग त्यसको दुईगुना हुन्थ्यो। अनि जेठा छोराचाहिँ आफ्नो कुलको मुखिया वा परिवारको शिर पनि हुन्थ्यो। यस प्रकारको नियमचाहिँ ज्येष्ठ-अधिकार वा पहिले जन्मेको छोराले पाउने जन्मसिद्ध अधिकार भनिन्छ। एसावको विषयमा कुरा यस्तो थियोः तिनी मसिह राजाको वंशावलीमा आउने उहाँको पूर्वज हुनेथिए।

एक दिनमा कुरा यस्तो थियोः एसाव शिकार खेलेर फर्केको बेलामा तिनले याकूबलाई देखे, जसले रातो दालको सुरुवा पकाइरहेका थिए। तिनले त्यस सुरुवाबाट पाऊँ भनेर मागेको-मागेकै हुनाले तिनले 'राते' अर्थात् 'एदोम' भन्ने बोलाउने उपनाम पाए र त्यस समयदेखि उसो तिनको नाम यही भयो; अनि तिनको यस 'एदोम' उपनामअनुसार तिनका भावी सन्तानहरू 'एदोमी' कहलिए। जब याकूबले एसावलाई तिनको ज्येष्ठ-अधिकारको सट्टामा सुरुवा दिन्छु भनेर भने, तब एसाव मूर्ख भए र तिनले यो प्रस्ताव स्वीकार गरे।

> 'असल र खराब ज्ञान दिने रूखको फल खान मनाही गरिएको थियो; त्यो मनाही गरिएको फल सबैभन्दा महङ्गो खानेकुरा ठहरियो; अनि यसको दोस्रो स्थानमा यो सुरुवा आउँछ, जसको निम्ति एसावले धेरै ठूलो रकम चुकाउनुपरेको थियो।' [19]

उत्पत्ति २५ः२३ पदमा *'... अनि जेठाले कान्छाको सेवा गर्नेछ'* भनेर गरिएको भविष्यवाणी उत्पत्ति २५ः२९-३४ पदको खण्डमा आंशिक रूपले पूरा भयो। याकूबले अपनाएको कुनीति परमेश्वर कहिल्यै अनुमोदन गर्नुहुन्न नै। तर यहाँबाट एउटा कुरा स्पष्ट छः याकूबले ज्येष्ठ-अधिकारको मूल्य बुझे र भक्त जनहरूको वंशक्रममा आफ्नो नाम पनि हालिने कुरा अमूल्य ठाने; तर एसावले चाहिँ आत्मिक आशीर्वादहरूभन्दा बढ़ी आफ्नो शारीरिक अभिलाषा तृप्त गर्न रुचाए।

यस अध्यायको अन्तमा एसावले आफ्नो ज्येष्ठ-अधिकार लत्याएको कुरामा बढ़ी जोर गरिएको छ। याकूबले आफ्नो दाजुसँग गरेको कुव्यवहार त्यसको ओझेलमा बसेको छ। अनि हामीले यो पनि याद गर्नुपर्छः एसावका सन्तानहरूचाहिँ इस्राएली जातिका घोर विरोधी शत्रुहरू भए। एदोमीहरूको सम्बन्धमा ओबदियाको पुस्तक पढ्नुहोस्; किनभने तिनीहरूको दुःखदय अन्त यस पुस्तकमा घोषणा गरिएको छ।

### ख) उत्पत्ति २६ः इसहाक र अबिमेलेक

**उत्पत्ति २६ः१-६ः** अनिकालमा परेको परिस्थितिमा इसहाकले आफ्नो बुबाले गरे-जस्तै ठीक त्यस्तै काम गरे (उत्पत्ति १२ र २०)। उनी दक्षिण दिशातर्फ यात्रा गरिरहेका थिए, जब परमप्रभु गरारमा उनीसँग देखा पर्नुभयो, र उनलाई मिस्र देशमा नजाने चेताउनी दिनुभयो। गरारचाहिँ मिस्र देश जाने यात्राको आधा बाटोमा परेको थियो। परमेश्वरले इसहाकलाई गरारमा अस्थायी रूपले बसेर प्रवासमा रहने आज्ञा दिनुभयो, तर उनले त्यहाँ बसोबास गर्न थाले।[20] अनि त्यस बेलामा परमेश्वरले उनीसँग त्यो करार सुदृढ़ गर्नुभयो, जुन करार उहाँले अब्राहामसँग बाँध्नुभएको थियो।

**उत्पत्ति २६ः७-१७ः** इसहाकलाई डर लागेको थियो; अनि आफ्नो डरमा उनले

आफ्नो बुबाले गरेको जस्तैको त्यस्तै काम गरे। अनि उनले आफ्नी पत्नीलाई गरारका मानिसहरूको सामु 'मेरी बहिनी' भनेर गलत रूपमा प्रस्तुत गरे। यो बुबामा भएको दुर्बलता आफ्नो छोरामा फेरि दोहोरिएको दुःखलाग्दो कथा हो। जब इसहाकको छल प्रकट भयो, र उनले यसको निम्ति हप्की खाए, तब उनले आफ्नो गल्ती मानिलिए। पापको स्वीकार गर्ने मानिस आशिषतर्फ गइरहेको छ। इसहाक गरारमा धनाढ्य भए, यतिसम्म कि गरारमा राज्य गर्ने अबिमेलेकले यो सहन नसकेर उनलाई त्यो ठाउँ छोड़ेर जाने आज्ञा गरे। यसकारण इसहाकले गरारको नजिकैको बेंसीमा आफ्नो बसाइ सारे।

**उत्पत्ति २६:१८-२५:** अब्राहामले पहिले खनेका इनारहरू यी पलिस्तीहरूले पुरिदिएका थिए। त्यहाँका बासिन्दाहरूले यस वैरभावपूर्ण व्यवहारद्वारा के देखाए भने, यी बाहिरबाट आएका प्रवासीहरू तिनीहरूको बीचमा स्वागत थिएनन्। इसहाकले यी इनारहरू फेरि खन्न लगाए, फलस्वरूप एसेक र सित्ना भन्ने ठाउँहरूमा पलिस्तीहरूसँग उनको झगड़ा भयो। एसेकको अर्थ 'झगड़ा' हो भने, सित्नाको अर्थ 'वैरभाव' हो। अन्तमा इसहाक पलिस्तीहरूदेखि टाढ़ो गएर अर्कै ठाउँमा बस्न लागे। यसपल्ट पनि उनले एउटा इनार खने, तर यसपालि कुनै झगड़ा भएन; यसकारण उनले त्यस ठाउँको नाम 'रहोबोत' राखे। रहोबोतको अर्थ 'खुला जग्गा' हो। अनि त्यस ठाउँदेखि इसहाकले बेर्शेबामा आफ्नो डेरा सारे, जहाँ परमप्रभुले आशिषको प्रतिज्ञा दिएर उनलाई आश्वासन दिनुभयो। अनि बेर्शेबामा उनले एउटा वेदी बनाए, आफ्नो पाल टाँगे र एउटा इनार खने: यी तीनवटा कुराहरू क्रमैसँग उनले परमेश्वरको आराधना गरेका, स्थाही बसाइ पाएका र ताजापन उपभोग गरेका सङ्केतहरू हुन्। भौतिक हिसाबले पानी अति आवश्यक वस्तु हो, ठीक त्यस्तै आत्मिक जीवनको निम्ति परमेश्वरको वचनरूपी आत्मिक पानी पनि उत्तिकै आवश्यक हुन्छ।

**उत्पत्ति २६:२६-३३:** यी पदहरूको खण्डको बारेमा श्री जर्च विलियम्स्ले यसो भनेका छन्:

> 'जब इसहाकले आफैलाई गरारका मानिसहरूबाट अलग राखे, तब तिनीहरू परमेश्वरबाट आशिष खोज्न उनीकहाँ आउँछन् ...। हे ख्रीष्ट-विश्वासीहरूहो, के तपाईंहरूले संसारका मानिसहरूको निम्ति आशिषको कारण बन्न चाहनुहुन्छ? तब बुझ्नुहोस्: संसारका मानिसहरूका निम्ति हामी तब बढ़ी उपयोगी र उपकारी हुन्छौं, जब हामी संसारबाट अलग रहेर जिउँछौं।' [21)]

जुन दिनमा इसहाकले अबिमेलेकसित आपसमा मेलमिलापमा बस्ने सन्धि गरे, त्यस दिनमै उनका दासहरूले एउटा इनार खन्दाखेरि पानी भेट्टाए। पहिले अब्राहामले त्यस ठाउँको नाम 'बेर्शेबा' राखेका थिए, किनकि उनले त्यस समयको अबिमेलेकसँग एउटा वाचा बाँधेका थिए (उत्पत्ति २१:३१)। अनि अहिले नै इसहाकले उस्तै परिस्थितिमा त्यस ठाउँको नाम 'शेबा' अथवा बेर्शेबा राखे।

**उत्पत्ति २६:३४-३५:** एसावले दुईजना अन्यजाति स्त्रीहरूलाई विवाह गरे: यूदित र बासेमत। यस कुराले तिनका बुबाआमालाई शोकित तुल्यायो। अनि त्यस समयदेखि उसो आजको दिनसम्म असमान जुवामुनि आएकाहरू धेरै छन्, जसले उस्तै-उस्तै दुःखहरू पाएका छन् र आफ्ना बुबाआमाहरूलाई असाध्य पीड़ा दिएका छन्। एसाव ज्येष्ठ-अधिकारको कति अयोग्य थिए, सो यस कुराले झन् प्रष्ट पारेको छ।

## इ) उत्पत्ति २७ः१-३६ः४३ः याकूब

### क) उत्पत्ति २७ः एसाव याकूबद्वारा ठगिएका

**उत्पत्ति २७ः१-२२ः** अघिल्लो अध्यायमा घटेका घटनाहरूदेखि लगभग सैंतीस वर्ष बिते। इसहाक अब एक सय सैंतीस वर्ष पुगे। अनि उनका आँखाहरूले देख्न छोड़ेछन्। यसैले 'अब मेरो मर्ने बेला आइसक्यो' भन्ने उनले ठाने। हुन पनि हो, उनको दाजु इश्माएलको मृत्यु पनि यही उमेरमा भएको थियो (उत्पत्ति २५ः१७)। तर इसाहक अझ तिर्चालीस वर्षसम्म बाँच्नेथिए।

जब इसहाकले एसावसँग 'मृगको मासु खान पाऊँ' भनेर विन्ती गरे र त्यसको निम्ति तिनलाई आशीर्वाद दिने प्रण गरे, तब याकूबलाई खूबै माया गरेकी रिबेकाले सो आशीर्वाद याकूबले पाउनैपर्छ भन्ने उद्देश्यले आफ्नो पतिसँग छल गर्ने युक्ति बनाइन्। यिनको यस युक्तिको निम्ति कुनै आवश्यकता थिएन; किनभने परमेश्वरले याकूबलाई अघिबाटै आशिष दिने प्रतिज्ञा गरिसक्नुभएको थियो (उत्पत्ति २५ः२३[ख])।

रिबेकाले मृगको मासुजत्तिकै स्वादिष्ठ बाख्राको पाठोको मासु पकाइन्, र एसावको नक्कल गर्न यस पाठोको छाला याकूबका पाखुराहरूमा लगाइदिइन्, किनभने एसाव रवैंरौं भएका थिए। अनि इसहाकचाहिँ – उनले आफ्नो भावनामाथि भर परेर गल्ती गरे; किनकि याकूबका रौंदार पाखुराहरू छाम्दा ती एसावकै जस्तै थिए। आत्मिक कुराहरूको सम्बन्धमा हामीले आफ्ना भावनाहरूमाथि भर पर्नुहुँदैन, जस्तो श्री मार्टिन् लुथरले यसरी व्यक्त गरेः

> 'भावनाहरू आउँछन्, भावनाहरू जान्छन्; अनि भावनाहरू धोकापूर्ण हुन्छन्; परमेश्वरको वचन हाम्रो अधिकार हो; अरू कुनै कुरा विश्वास गर्न लायक हुँदैन।' 22)

इसहाकलाई छल गर्ने योजना रिबेकाको थियो; तरै याकूब पनि बराबर दोषी थिए; किनभने उनले यिनलाई यसमा साथ दिए। यसकारण उनले जे छरे, त्यसैको कटनी पनि गरे। यसको विषयमा श्री सी. एच. मेकिन्टोशले आफ्नो विचार यसरी व्यक्त गरेः

> 'हरेक जसले याकूबको जीवन नियालेर हेर्छ, उसले के महसुस गर्छ भने, याकूबले छल गरेर आफ्ना बुबाबाट त्यो आशिष हासिल गरेपछि आफ्नो जीवनभरि केवल कम्ती मात्रामा सांसारिक सुखहरू उपभोग गर्न पाए। किनभने उनको दाजुले उनलाई मार्न खोजे; आफ्नो हत्या हुने कुरा टार्नको निम्ति याकूब आफ्ना बुबाको घरबाट भाग्न बाध्य भए; आफ्नै मामा लाबानले उनलाई छल गरेर धोका दिए। ... गुप्त रूपले मामाबाट भाग्न उनलाई करै लाग्यो। ... आफ्नो जेठा छोरा रूबेनको नीचपना, अनि शिमोन र लेवीले शेकेमवासीहरूप्रति देखाएको विश्वासघात र निर्दयतापूर्ण व्यवहार उनले सहनुपर्‍यो। उनकी प्रिय पत्नी राहेलबाट उनको वियोग र उनले भन्ठानेको यूसुफको असामयिक निधनले उनलाई खूब सतायो; यति मात्र होइन, तर अन्तमा, कनान देशमा परेको अनिकालले उनलाई मिस्र देशमा प्रवासी हुने बाध्यतामा पार्‍यो, अनि त्यहाँ, त्यस विदेशमा उनको मृत्यु भयो।' 23)

**यत्पत्ति २७ः२३-२९ः** इसहाकले याकूबलाई समृद्धि, राज्य गर्ने अधिकार र सुरक्षारूपी आशीर्वाद दिए। अनि यस सम्बन्धमा चाखलाग्दो कुरा के हो भने, इस्राएली पुर्खाहरूले दिएका आशीर्वादहरू भविष्यवाणी-आत्मक थिए; ती सबै आशीर्वादहरू भनेको जस्ताका त्यस्तै हुन आए; किनभने वास्तविक अर्थमा यी पवित्र जनहरूले परमेश्वरको आत्माको प्रेरणाले यी आशीर्वादका वचनहरू बोलेका थिए।

**उत्पत्ति २७:३०-४०:** जब शिकार खेलेका एसाव घर फर्के, र आफ्नो भाइले छल गरेको कुरा थाह पाए, तब तिनले रुँदै-रुँदै आफ्ना बुबाबाट कुनै आशीर्वाद खोजे। तर त्यो आशीर्वाद याकूबलाई दिइसकेको थियो; त्यो फेरि फिर्ता लिइनु असम्भव थियो (हिब्रू १२:१६-१७)। तर इसहाकसँग एसावको निम्ति निम्न वाणी थियोः

*'हेर, पृथ्वीको उत्तम-उत्तम पदार्थ र माथि आकाशको शीतबाट तिम्रो वासस्थान टाढ़ा हुनेछ; अनि आफ्नो तरवारद्वारा तिमीले बाँच्नुपरेको र आफ्नो भाइको सेवा गर्नुपरेको छ; अनि यस्तो हुनेछः जब तिमी बेचैन हुनेछौ, तब तिमीले उसको जुवा आफ्नो गर्दनबाट भाँचेर फाल्नेछौ'* (उत्पत्ति २७:३९-४०)।

यस वाणीबाट पाएको सङ्केतअनुसार एदोमीहरू उजाड़ स्थानहरूमा बस्नेछन्; तिनीहरू लड़ाकु हुनेछन्; तिनीहरू इस्राएली जातिको अधीनतामा बस्नुपर्नेछ, तर एकदिन तिनीहरूले इस्राएलीहरूको यस शासनको विरुद्ध विद्रोह गर्नेछन्। अनि ठीक यही जस्तै यो भविष्यवाणी यहूदाका राजा योरामको शासनकालमा पूरा भयो (२ राजा ८:२०-२२)।

**उत्पत्ति २७:४१-४६:** एसावले आफ्नो बुबाको मृत्यु पर्खनेथिए र शोकको समय सिद्धिएपछि आफ्नो भाइ याकूबलाई मार्नेथिए; यो तिनको योजना थियो। जब रिबेकाले यो थाह पाइन्, तब यिनले याकूबलाई हारानमा आफ्ना दाजु लाबानकहाँ भागेर जाने सल्लाह दिइन्; किनकि यिनलाई के डर थियो भने, याकूबको हत्या हुनुको साथै एसाव घर छोड़ेर जालान्; अथवा रक्तपातको बदला लिनेहरूको हातद्वारा एसाव मारिएलान्, र यिनले एकैपल्टमा दुवै छोराहरूलाई गुमाउनुपर्ला। तर रिबेकाले याकूबलाई हारानमा पठाउनुपर्ने विषयमा इसहाकलाई अर्को कारण दिए र याकूबले पनि एसावले गरेझैं कुनै हित्ती स्त्रीलाई पो विवाह गर्छन् कि भन्ने बहाना गरिन्। अनि याकूबचाहिँ? उनले चाँड़ै घर फर्किआउने आशा गरे। तर उनले आशा गरेको जस्तो भएन। किनभने बीस वर्षभन्दा बढ़ी समय बितेर मात्र उनी घर फर्कनेथिए; अनि त्यस बेलामा उनका बुबा अझै जीवितै रहनेथिए, तर आमाचाहिँको मृत्यु भइसक्नेथियो।

### ख) उत्पत्ति २८: याकूब हारानमा भागेर गएका

**उत्पत्ति २८:१-९:** इसहाकले याकूबलाई बोलाए र उनलाई आशीर्वाद दिएर पद्दन-अराममा यस हेतुले पठाए, कि उनले कनानीहरूको बीचबाट होइन, तर बरु आफ्नी आमाका मानिसहरूको बीचबाट कुनै कन्यालाई विवाह गरून्। पद्दन-अरामचाहिँ मेसोपोटामियाको उत्तरीय प्रदेशमा परेको एउटा जिल्ला थियो, जसमा हारान शहर अवस्थित थियो। यस कुराले एसावलाई आफ्ना बुबाबाट आफूले गुमाइपठाएको आशीर्वाद फेरि प्राप्त गर्ने कोशिश गर्न प्रेरणा दियो; यसकारण तिनले इश्माएलकी छोरीलाई विवाह गरे। असल नतिजा पाउन खोज्दा तिनले एउटा खराब नीति अर्थात् बहुविवाहको चाल अपनाए।

**उत्पत्ति २८:१०-१९:** बेतेलमा आइपुगे-पछि याकूबले एउटा उदेकपूर्ण सपना देखे; त्यस सपनामा उनले एउटा सिँढ़ी वा खुड़किलाहरू देखे, जुनचाहिँ पृथ्वीदेखि स्वर्गसम्म पुगेका थिए।

'यस सिँढ़ीले के सङ्केत गर्छ भने, स्वर्ग र पृथ्वीको बीचमा साँच्ची नै एउटा अटुट र घनिष्ठ सङ्गति स्थापित भएको रहेछ; अनि विशेष गरी स्वर्गको महिमामा विराजमान हुनुभएको परमेश्वर र एक्लोपनमा जिइरहेका

मानिसको बीचमा सुनिश्चित रूपले सङ्गत भएको रहेछ।' 24)

नथनएलसँग प्रभु येशूको भेट हुँदाखेरि उहाँले यस घटनासित आफूले भन्न खोज्नुभएको कुराको सन्दर्भ राखेर यस घटनाको अर्थ आफ्नो दोस्रो आगमनसित र यस हजार वर्षको राज्यको महिमासित जोड्नुभयो (यूहन्ना १:५१)। तर अहिले पनि ख्रीष्ट-विश्वासीहरूले पलपलमा आफ्ना प्रभुसँगको सङ्गतिमा आनन्द उपभोग गर्न सक्छन्। याकूबको हृदयमा बितेको समयमा घटेका घटनाहरूको विषयमा पछुतो लागेको थियो होला, अनि वर्तमान समयमा उनले एक्लोपन महसुस गरे होलान् र भविष्यको विषयमा भइरहेको अनिश्चितताले उनलाई सताइरहेको थियो होला। अनि यति बेलामा अनुग्रही परमेश्वरले उनीसँग अब्राहाम र इसहाकसँग गर्नुभएझैं एउटा करार बाँध्नुभयो। याद गर्नुहोस्ः याकूबसँग बाँधिएको यस करारमा सहचारी मित्रताको प्रतिज्ञा छः *'अनि हेर, म तिम्रो साथमा छु'*; यसमा सुरक्षा दिने प्रतिज्ञा पनि छः *'अनि म तिमीलाई सबै ठाउँहरूमा, जहाँ तिमी जान्छौ, रक्षा गर्नेछु।'* अनि यसमा मार्गदर्शन दिने प्रतिज्ञा छः *'अनि म तँलाई यस भूमिमा फर्काएर ल्याउनेछु;'* अनि यसमा व्यक्तिगत आश्वासन र निश्चयता पनि छः *'जुन कुरा मैले तिमीलाई भनेको छु, सो पूरा नगरुन्जेल म तिमीलाई छोड्नेछैनँ।'* त्यस ठाउँमा परमेश्वरलाई भेटेकै कुरा महसुस गरेका याकूबले त्यस ठाउँको नाम 'लूज'देखि 'बेतेल'मा बदली गरे। लूजको अर्थ 'अलग्याइ' हो भने, बेतेलको अर्थ 'परमेश्वरको घर' हो।

'याकूबले आफूलाई परमेश्वरको भयले छोपेको, आफुलाई आश्चर्य र आनन्द लागेको बेतेलको अनुभव गर्नुभन्दा पहिले परमेश्वरसँग उनको व्यक्तिगत सम्पर्क थिएन, अनि सबै आत्मिक कुराहरू अरू कसैद्वारा उनीकहाँ आउँथे।'

Daily Notes of the Scripture Union

**उत्पत्ति २८:२०-२२ः** यहाँ, यस खण्डमा याकूब परमेश्वरसँग लेनदेन गरेका र भाउ कसेका देखा परे। उत्पत्ति २८:१४ पदमा लेखिएको कुरा हेर्दा उनले वास्तवमा परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुराभन्दा कम कुराको निम्ति भाउ कसिरहेका रहेछन्। 'परमेश्वरले भन्नुभएको उहाँको वचन मेरो लागि विश्वास गर्न यथेष्ट छ' भन्ने बलियो विश्वास उनको थिएन। यसकारण उनले निम्न सर्त हाले र परमेश्वरले यस करार-अनुसार गर्नुभएको खण्डमा 'म दशांश दिन्छु' भन्ने कुरा गरे। तर यहाँ अर्को व्याख्या पनि सम्भव भएको देखिन्छ। हिब्रूको 'यदि' शब्द भाकलमा प्रयोग गरिने शब्द हो, जसको अर्थ 'निश्चय' वा 'अवश्य' हुन सक्छ। तब याकूबले भन्न खोजेको कुराको अर्थ यस प्रकारको छः याकूबले सर्तरहित भाकल गरेर दशांश दिने प्रण गरे। (गन्ती २१:२, न्यायकर्ता ११:३० र १ शमूएल १:११ पदमा याकूबले गरेका जस्तै अरू यहूदीहरूले पनि गरेका भाकलहरू हेर्नुहोस्!)।

### ग) उत्पत्ति २९:१-३०:२४ः याकूब, उनका पत्नीहरू र उनका छोराछोरीहरू

**उत्पत्ति २९:१-१४ः** याकूब बेर्शेबादेखि हारानमा भागेर गएको समयमा उनको उमेर सतहत्तर वर्ष भएको थियो। अनि अबचाहिँ उनले आउँदा बीस वर्ष आफ्नो मामा लाबानको सेवामा बिताउनेथिए। त्यसपछि उनी कनान देशमा फर्केर आउनेथिए र त्यहाँ तेंतीस वर्ष बस्नेथिए, अनि अन्तमा, उनको बाँकी जीवनका सत्र वर्ष मिस्र देशमा बिताउनेथिए।

पद्दन-अराममा पुगेपछि उनी संयोगवश एउटा जग्गामा आइपुगे, जहाँ हारानका

गोठालाहरूले आफ्ना भेड़ाका बगालहरू चराइरहेका थिए। याकूबले यी गोठाला-हरूसित बातचित गरिरहेकै बेलामा, परमेश्‍वरले निर्धारित गर्नुभएको सही समयमा, राहेल आफ्नो भेड़ाको बगाल लिएर त्यहाँ आइपुगिन्। याकूब आफै असल गोठाला भएका हुनाले छक्क परे; किनभने ती बगालहरू चराउनलाई दिनको उज्यालो अझै भइरहेको थियो। तब ती गोठालाहरूले यस इनारमा किन पर्खिबसे होलान्? ती गोठालाहरूले सबै बगालहरू आइनपुगुन्जेल इनारको ढकनी हटाइँदैन भन्ने कुरा गरे। जब याकूबले आफ्नो मामाकी छोरी राहेललाई भेटे, तब यो क्षण याकूबको निम्ति एउटा आवेग र भावनाले पूर्ण समय भएको थियो; ठीक त्यस्तै आफ्नो भानिजसँगको भेट उनको मामा लाबानको निम्ति पनि उत्तिकै आवेगपूर्ण एउटा स्मर्णीय क्षण ठहरियो।

**उत्पत्ति २९:१५-३५:** याकूबले सात वर्ष लाबानको सेवा गरेको सट्टामा तिनी उनलाई आफ्नी छोरी राहेल दिन राजी भए। याकूबले राहेललाई प्रेम गरेको कारणले यी सात वर्ष उनलाई केही दिन जस्तो मात्र लाग्यो। अनि ठीक त्यस्तै हामीलाई प्रभुको सेवा गर्दाखेरि पनि लाग्दैछ र लाग्नुपर्छ।

लेआका आँखाहरू कमजोर थिए, तर राहेलचाहिँ सुन्दरी थिइन्।

त्यस ठाउँ र त्यस जमानाको दस्तुरअनुसार दुलही विवाह गरेको रातमा घुम्टो ओढ़ेकी अवस्थामा दुलहाको कोठामा जानुपर्थ्यो; अनि सायद त्यो कोठा अँध्यारो थियो कि? भोलिपल्ट बिहान जब याकूबले लेआलाई आफ्नी दुलही राहेल होइन, तर लेआ पो भएछिन् भन्ने कुरा फेला पर्दा उनलाई कति झोक चल्यो होला, सो कुरा तपाईं सजिलोसँग कल्पना गर्न सक्नुहुन्छ। लाबानले उनलाई छल गरे; तर तिनले त्यस ठाउँको स्थानीय दस्तुरअनुसार जेठीको विवाह नभई कान्छीको विवाह हुन नसक्ने कुरा बताएर टारे। तब लाबानले याकूबलाई भनेः 'लेआको हप्ता पूरा गरिदेऊ' अर्थात् लेआसँगको वैवाहिक सम्बन्ध पुष्टि गर, ' ..र हामी तिमीलाई अर्की पनि दिइहाल्नेछौं, त्यस सेवाको सट्टामा, जुन सेवा तिमीले मसँग बसेर फेरि अर्को सात वर्ष गर्नुपर्छ।' साता दिनसम्म लागेको विवाहको भोज सकेपछि याकूबले राहेललाई पनि विवाह गरे, र अर्को सात वर्षसम्म लाबानको सेवा गरे। याकूबले अघि छलको बीउ छरेका थिए, र यस घड़ीमा उनले त्यसको कटनी गरिरहेका थिए। अनि जब परमप्रभुले लेआलाई अवहेलित भएकी अर्थात् राहेलको भन्दा कम प्रेम पाएकी देख्नुभयो, तब उहाँले तिनलाई छोराछोरीहरू दिएर त्यसको क्षतिपूर्ति गर्नुभयो। क्षति-पूर्तिको सम्बन्धमा यस प्रकारको ईश्‍वरीय नियम अहिले पनि क्रियाशील छँदैछः कुनै क्षेत्रमा कमी भएका मानिसहरूलाई परमेश्‍वरले अर्को क्षेत्रमा प्रशस्त दिनुहुन्छ। लेआले आफ्ना छोराहरूका नामहरू राखेर ती नामहरूद्वारा परमप्रभुप्रति आफ्नो कृतज्ञता प्रकट गरिन् (उत्पत्ति २९:३२, ३३ र ३५)। लेआबाट नै लेवीमार्फत पूजाहारीगिरी आयो, र यहूदामार्फत राजकीय वंशको क्रम चल्यो, जसको वंशको रूपमा अन्तमा ख्रीष्ट येशू आउनुभयो। यस अध्यायमा हामी याकूबका पहिला चारजना छोराहरूको जन्मको विषयमा पढ्छौं। याकूबका छोराहरूको सम्पूर्ण सूचि यस प्रकारको छः

लेआबाट जन्मेका छोराहरूः

**क)** *उत्पत्ति २९:३२:* रूबेन; रूबेन नामको अर्थ होः 'हेर, एउटा छोरा भयो!'

**ख)** *उत्पत्ति २९:३३:* शिमोन; शिमोनको अर्थ होः 'मेरो सुनाइ भयो।'

**ग)** *उत्पत्ति २९:३४:* लेवी, जसको अर्थ होः 'मिल्ने भयो।'

**घ)** *उत्पत्ति २९:३५:* यहूदा। यस नामको अर्थ 'प्रशंसा' हो।

**ङ)** *उत्पत्ति ३०:१८:* इस्साकार। इस्साकारको अर्थ 'ज्याला' हो।

**च)** *उत्पत्ति ३०:२०:* जबूलून। जबूलूनको अर्थ 'निवास' हो।

राहेलकी दासी बिल्हाबाट जन्मेका छोराहरू:

**क)** *उत्पत्ति ३०:६:* दान। दानको अर्थ 'न्याय' वा 'न्यायकर्ता' हो।

**ख)** *उत्पत्ति ३०:८:* नप्ताली। नप्ताली नामको अर्थ 'मेरो कुश्ती' हो।

लेआकी दासी जिल्पाबाट जन्मेका छोराहरू:

**क)** *उत्पत्ति ३०:११:* गाद। गादको अर्थ 'फौज' वा 'भाग्य' हो।

**ख)** *उत्पत्ति ३०:१३:* आशेर। आशेरको अर्थ 'धन्य' हो।

राहेलबाट जन्मेका छोराहरू:

**क)** *उत्पत्ति ३०:२४:* यूसुफ। यूसुफको अर्थ होः 'उहाँ अझै थप्नुहुन्छ।'

**ख)** *उत्पत्ति ३५:१८:* बिन्यामिन। बिन्यामिनको अर्थ 'मेरो दाहिने हातको छोरा' हो।

**उत्पत्ति ३०:१-१३:** नैराश्यपूर्ण राहेलका निम्ति यिनको काखमा खेलिबस्ने छोरा नभई हुँदैनथियो; यसकारण यिनले आफ्नी दासी बिल्हा याकूबलाई उनकी उप-पत्नीको रूपमा दिइहालिन्। यस्तो प्रथा सामान्य थियो; तर यो चलन परमेश्वरको इच्छाको विरुद्धमा थियो। बिल्हाले दुईजना छोराहरू जन्माइन्ः दान र नप्ताली। 'राहेलले मलाई कुनै हालतमा पनि उछिन पाउँदिन' भन्ने विचारले प्रेरित भएकी लेआले आफ्नी दासी जिल्प याकूबलाई दिइहालिन्, अनि यस सम्बन्धबाट अझ दुईजना छोराहरू जन्मेः गाद र आशेर।

**उत्पत्ति ३०:१४-२४:** अब त्यस बेलाको अन्धविश्वासको कुरा आयोः एकदिन रूबेनले दूधे-फलहरू भेट्टाएको रहेछ। ती दूधे-फलहरूले स्त्रीहरूमा भएको बाँझोपन हटाएर गर्भधारण गर्ने शक्ति प्रदान गर्थे अरे। अनि राहेल बाँझी भएकी हुनाले यिनी ती दूधे-फलहरू खान पूरा उत्सुक थिइन्। ती दूधे-फलहरूको बदलीमा यिनी लेआसित राजी भइन्, कि तिनले केही समय याकूबसँग पत्नीको रूपमा रहन पाइन्। किनभने कुनै अज्ञात कारणवश लेआले पत्नीले पाउनुपर्ने सौभाग्यहरू गुमाएकी थिइन्। त्यसपछि लेआले अझ दुईजना छोराहरू अर्थात् इस्साकार र जबूलूनलाई, र दीना नामक छोरीलाई जन्माइन्। अन्तमा, राहेलले गर्भवती भएर एकजना छोरा जन्माइन्। 'परमेश्वर मलाई अझै पनि अर्को छोरा दिनुहुन्छ' भन्ने विश्वासअनुसार यिनले छोराको नाम 'यूसुफ' राखिन्।

### घ) उत्पत्ति ३०:२५-४३: याकूबले बुद्धिद्वारा लाबानलाई जितेका

**उत्पत्ति ३०:२५-३६:** जब याकूबले लाबानलाई कनान देशमा, आफ्नै घरमा फर्कने कुरा सुनाए, तब उनका मामाले उनलाई अझै केही समय बस्ने विन्ती गरे। लाबानले स्वीकार गरेः हो, याकूबकै कारणले परमप्रभुले तिनलाई आशिष दिनुभएको हो। त्यो कुरा तिनले अनुभवबाट थाह पाएका थिए। अनि याकूब अझै तिनीसँग बसेको खण्डमा उनले मागेको ज्याला तिनले उनलाई दिन स्वीकार गरे। यस सर्तमा याकूब आफ्नो मामाको सेवा गर्न राजी भए। याकूबले भनेः 'मलाई केही नदिनुहोस्, ... आज म तपाईंको सम्पूर्ण बगालको बीचबाट भएर जानेछु, र त्यसबाट सबै छिरबिरे र टाटेपाटे पशुहरू अनि भेड़ाहरूबाट सबै खैरा पाठाहरू र

बाख्राहरूबाट सबै टाटेपाटे र छिरबिरे बाख्राहरू अलग पार्नेछु। यी पशुहरू मेरो ज्याला हुनेछन्।' बगालका अरू सबै पशुहरू लाबानका भए। तब लाबान राजी भए, र यसो भनेः 'हेर, कुरा तिम्रो वचनअनुसार भएको होस्!' तब लाबान गए, र तिनले याकूबको भागमा पर्न सम्भव हुने जत्तिकै पशुहरू बगालबाट अलग पारेर आफ्ना छोराहरूको जिम्मामा सुम्पिदिए। तिनलाई थाहा थियो होला, कि छिरबिरे र टाटेपाटे पशुहरूले प्रायः फेरि छिरबिरे र टाटेपाटे लक्षण भएका पाठाहरू जन्माउँछन्। त्यसपछि लाबानले आफ्ना छोराहरूको हातमा सुम्पेका पशुहरूदेखि तीन दिने यात्राको अन्तरमा आफ्नो बाँकी बगाल याकूबको जिम्मामा सुम्पे। यसरी नै एक-अर्काबाट अलग राखिएका पशुहरू मिसिन असम्भव थियो; लाबानका छोराहरूको हातमा भएका झालेमाले पशुहरू र याकूबको हातमा भएका सिङ्गै रङ्गका पशुहरूको बीचमा प्रजननको सम्बन्ध हुन सक्दैनथियो।

**उत्पत्ति ३०:३७-४३:** अनि याकूबले फेरि पनि आफ्ना मामा लाबानको बगाल लिएर चढ़ाइरहे। तर अब पशुविज्ञानको कुरा आयोः यी पशुहरूको प्रजनन गराउन याकूबले ती पशुहरूको अघाड़ि छिलेका लट्ठीहरू राखिदिन्थे – केही लट्ठीहरूको भित्री भाग सेतो थियो भने, अरू लट्ठीहरूमा उनले धर्का र बुट्टाहरू निकाले। फलस्वरूप बगालबाट पाङ्ग्रे, छिरबिरे र टाटेपाटे पाठाहरू जन्मे; अनि यी झालेमाले पाठाहरू याकूबका भए। के यी धर्का र बुट्टा निकालिएका लट्ठीहरूले पाङ्ग्रे, छिरबिरे र टाटेपाटे पशुहरू जन्मिने कुरा निश्चित गर्थे? के यस प्रकारको तरिकाको निम्ति कुनै वैज्ञानिक ठोस कारण पाउन सकिन्छ? हालमा सुन्नमा आएको कुरा यो होः नयाँ आनुवंशिक प्रमाणले यस प्रकारको तरिका अनुमोदन गर्छ। यस्तो नभएको भए कसरी बगालबाट याकूबले चाहेका जस्तैका त्यस्तै पाठाहरू जन्मे?

एक त, यो एउटा अचम्मको काम हुन सक्नेथियो (उत्पत्ति ३१:१२ हेर्नुहोस्)। दुई, यो याकूबको चतराइपूर्ण युक्ति पनि हुन सक्नेथियो। तर हामीलाई के लाग्छ भने, यस खण्डमा उल्लेख गरिएको बयानअनुसार याकूबसँग आफ्नो इच्छाअनुसारका पाठाहरू पैदा गराउन सक्ने वैज्ञानिक कला थियो। किनभने उनले आफ्नो प्रजनन गराउने तरिकाद्वारा झालेमाले पाठाहरू निकाल्नुको साथसाथै आफ्नो निम्ति बलिया-बलिया पाठाहरू र लाबानको निम्ति दुर्बल पाठाहरू पैदा गराउन सके।

अनि कसले जान्दछ? हुन सक्छ, ती बोक्रा ताछेका लट्ठीहरू याकूबसँग भएको पशुहरू मिसाउने प्रजनन-कला केमा थियो, सो अरूबाट लुकाउने युक्ति थियो कि? यसको निम्ति स्पष्टीकरण जेसुकै होस्, एउटा कुरा स्पष्ट छः याकूबले लाबानलाई सेवा गरेको अन्तिम छ वर्षमा उनको पशुधन असाध्य बढ़ेर गयो।

### ङ) उत्पत्ति ३१: याकूब कनान देशमा फर्केका

**उत्पत्ति ३१:१-१८:** याकूबको धनसम्पत्ति बढ्दै गएकोमा लाबान र तिनका छोराहरू डाही भए र उनीसँग बेखुशी भए। जब याकूबले यो थाहा गरे, तब परमेश्वरले उनलाई 'तिम्रो कनान देशमा फर्कने समय आएको छ' भनी भन्नुभयो। तब उनले राहेल र लेआलाई बोलाए र तिनीहरूसँग यो कुरा छलफल गरे। यस छलफल हुँदा उनले तिनीहरूलाई निम्न कुराहरू सुनाएः कसरी लाबानले उनलाई ठगे र दस पल्टसम्म उनले पाउनुपर्ने ज्याला बदली गरे; तर परमेश्वरले यस परिस्थितिमाथि हस्तक्षेप गर्नुभयो र सधैं

उनकै पक्षमा काम गर्नुभयो र उनको निम्ति बगालबाट पाठाहरू पैदा गराउनुभयो। यसबाहेक परमेश्‍वरले उनलाई उनले बीस वर्षअघि गरेको भाकलको सम्झना गराउनुभयो (उत्पत्ति २८:२०-२२); अनि परमप्रभुले उनलाई 'कनान देशमा फर्क' भन्ने आज्ञा दिनुभयो। याकूबले तिनीहरूलाई यी सबै कुराहरू बताए। उनका पत्नीहरूले माने; हो, तिनीहरूका बुबा लाबानले याकूबसँग इमान्दार व्यवहार गरेनन्।

श्री ग्रिफिथ थोमस्‌ले यस खण्डबाट परमेश्‍वरको मार्गदर्शनको विषयमा सुनिश्‍चित हुने रोचक नियमहरू प्रस्तुत गरेका छन्, जस्तैः

> 'सर्वप्रथम कुराः याकूबसँग घर फर्कने चाहना थियो (उत्पत्ति ३०:२५)। दोस्रो कुराः कुनै न कुनै परिवर्तन हुनुपर्छ भन्ने कुरा परि-स्थितिहरूको माग थियो। तेस्रो कुराः परमेश्‍वरको सुस्पष्ट वचन प्रबलतापूर्वक उनीकहाँ आयो। अनि अन्तमा, छोरीहरू भएका नाताले उनका पत्नीहरूमा आफ्ना बुबाप्रति स्वाभाविक मायाको बन्धन भए ता पनि "यो कुरा परमेश्‍वरबाट नै भएको हो" भन्ने समर्थन उनलाई यी पत्नीहरूबाट मिल्यो।' [25]

अनि याद गर्नुहोस्, परमेश्‍वरको दूत बेतेलको परमेश्‍वर हुनुहुँदो रहेछ (उत्पत्ति ३१:११ र १३)।

**उत्पत्ति ३१:१९-२१ः** याकूब र उनको परिवार सुटुक्क भाग्नुभन्दा अघि राहेलले आफ्ना बुबाका घर-देवताहरू चोरेर ऊँटको काठीमा लुकाइन्। घर-देवताहरू भएको पुरुष घरानाको अगुवा मानिन्थे। अनि एउटी विवाहिता छोरीसँग घर-देवताहरू हुनु हो भने यी घर-देवताहरू उसका बुबाको सम्पत्ति उसका पतिको उत्तराधिकारको भाग हुनेछ भन्ने कुरा सुनिश्‍चित गर्ने बैनाको काम गर्छन्। [26]

जुन बेलामा याकूब कनान देशमा भागे, त्यस बेलामा लाबानका आफ्ना छोराहरू थिए; अनि ती घर-देवताहरू तिनका यी छोराहरूको एकमात्र अधिकार थिए। यसकारण राहेलको चोरीको काम एउटा गम्भीर कुरा थियो। किनकि यसरी नै यिनले आफ्ना पतिको निम्ति लाबानको जायजेथाको प्रमुख हक बचाइराख्न खोजेकी थिइन्।

**उत्पत्ति ३१:२२-३०ः** जब लाबानले याकूब र उनको परिवार भागेको कुरा थाह पाए, तब आफ्ना मानिसहरूलाई साथमा लिएर तिनी उनीहरूलाई सात दिनको बाटो खेद्दै गए। तर परमप्रभुले तिनलाई राति सपनामा 'याकूब र उनीसँग भएका यात्री-दललाई कुनै खराबी नगर्नू' भन्ने चेताउनी दिनुभयो। लाबानले उनीहरूलाई भेट्टाएपछि आफ्ना छोरीहरूलाई धुनधानसित बिदाइ गर्ने मौका किन नदिएको र आफ्ना घर-देवताहरू किन चोरी गरेको कुराबाहेक अरू कुनै गुनासो पोखेनन्।

**उत्पत्ति ३१:३१-३४ः** तिनको पहिलो अभियोगको उत्तरमा याकूबले के भने भने, उनी सुटुक्कै भाग्ने कारण कतै लाबानले उनीबाट बलजफत गरेर राहेल र लेआलाई खोसेर राख्लान् कि भन्ने उनलाई लागेको डर थियो; अनि दोस्रो अभियोगको सम्बन्धमा उनले 'मैले यी मूर्तिहरू चोरेको होइनँ' भने, अनि 'जससँग यी मूर्तिहरू फेला पर्छन्, त्यो अपराधी मृत्युदण्डको योग्य हुन्छ' भनेर घोषणा गरिहाले। लाबानले यात्री-दलको सम्पूर्ण तलाश गरे, तर तिनले कसैबाट केही पनि फेला पारेनन्; किनकि राहेल यी मूर्तिहरूमाथि बसिरहेकी थिइन्। 'मेरो महिनावारी भएको कारणले म उठेर तपाईंको सम्मान गर्न सक्दिनँ' भन्ने बहाना गर्दै यिनी ऊँटको काठीबाट उठिनन्।

**उत्पत्ति ३१:३६-४२ः** अब याकूबको रिसाउने पालो आयो। उनले बीस वर्षसम्म पूरा विश्‍वासयोग्यतासाथ र उदारचित्तले लाबानको सेवा गरिरहेका थिए; तर लाबानले

उनीसित दुर्व्यवहार गरे र उनीमाथि सम्पत्ति चोरी गरेको झूटो अभियोग लगाए। अनि यसमा याकूबले लाबानको दोष देखेर तिनलाई दोष्याए। यस खण्डबाट स्पष्टसँग बुझिन्छ कि याकूब खूब परिश्रम गर्ने मानिस थिए, र उनले गरेका सबै कामहरूमा परमप्रभुको आशिष उनीमाथि रहन्थ्यो। तब हाम्रो विषयमा प्रश्न उठ्छः हामीलाई काम दिने हाम्रा कामका मालिकहरूप्रति के हामी विश्वासयोग्य छौं, अँ, कति विश्वासयोग्य छौं? के परमेश्वरको आशिष हाम्रा कामहरू-माथि रहेको छ?

**उत्पत्ति ३१:४३-५०ः** लाबानले यो कुरा बढ़ाउन चाहेनन्, तर त्यो मुद्दा टार्न खोजे। तिनले आफ्ना छोरीहरू र नातिनातिनीहरूलाई कहाँ हानि गर्नेथिए र? तिनले यस प्रकारको विचारको घोर विरोध गरे। 'होइन, होइन, आऊ, हामी एउटा सन्धि गरौं!' भनेर तिनले सुझाउ गरे। जुन सन्धि तिनले बाँध्न चाहे, त्योचाहिँ 'जबसम्म हामी एक-अर्काबाट अलग रहन्छौ र एक-अर्कालाई फेरि भेट्दैनौं, तबसम्म परमप्रभुले तिमीहरूलाई आशिष दिऊन् र रक्षा गरून्' भन्ने दया र मित्रताको भावनामाथि स्थापित भएको सन्धि थिएन। होइन, तर त्यो त दुईजना ठगहरूको बीचमा बाँधिएको थियो। तिनीहरू एक-अर्काको दृष्टिबाट लुकिरहेको बेलामा पनि दुवैजनाले परमेश्वरको दृष्टिमा जे असल छ, त्यही गर्नुपर्ने सर्तमाथि स्थापित भएको करार थियो। यो खास गरी एउटा अनाक्रमण-सम्झौता थियो, जसमा लाबानले याकूबलाई 'मेरा छोरीहरूप्रति कुनै दुर्व्यवहार गर्न पाउँदैनौ र मेरा छोरीहरूबाहेक अरू स्त्रीहरूलाई विवाह गर्न पाउँदैनौ' भन्ने सर्तहरूले बाँधे। अनि लाबानले साक्षीको निम्ति खड़ा गरिएका ढुङ्गाहरूको नाम अरामी भाषामा 'यगर-सहदूता' राखे भने, याकूबले यी ढुङ्गाहरूको नाम हिब्रूमा 'गलेद' राखे, अरामी र हिब्रू भाषाका दुवै नामको अर्थ 'साक्षीको राश' हो। यस सन्धिअनुसार हानि गर्नको निम्ति यो राश नाघेर याकूब लाबानकहाँ आउनेथिएन, र लाबान पनि खराबी गर्न यो राश नाघेर याकूबकहाँ आउनेथिएन।

**उत्पत्ति ३१:५१-५५ः** तब लाबानले अब्राहामको परमेश्वर, नाहोरको परमेश्वर र तिनीहरूका पिता तेरहको परमेश्वरको नाममा शपथ खाए। यहाँ, यस ठाउँमा अनुवादको कुरा आयोः के लाबानले साँच्चै एकमात्र सत्य परमेश्वरको नाममा शपथ खाए त, जुन एकमात्र परमेश्वरलाई अब्राहामले पछि चिन्न र पुज्न पाए? यो कुरा हिब्रू भाषाका शब्दहरू र तिनको प्रयोगबाट स्पष्ट छैन। यसो हो भने, हुन सक्छ, लाबानले आफ्ना पुर्खाहरूले ऊर देशमा पुजेका देवताहरूको नाममा पो शपथ खाए कि भन्ने अर्थ पनि सम्भव छ।

याकूबले आफ्ना पिता इसहाकका भयको नाममा शपथ खाए, अर्थात् ती परमेश्वरको नाममा शपथ खाए, जसको भय इसहाकले मान्ने गर्थे; किनकि इसहाक कहिल्यै मूर्तिपूजक थिएनन्। पहिले याकूबले परमेश्वरलाई एउटा होमबलि चढ़ाए, त्यसपछि उनले त्यहाँ उपस्थित भएकाहरू सबैलाई भोज दिए, अनि त्यो रात त्यही डाँड़ामा बिताए। भोलिपल्ट बिहानै लाबानले आफ्ना छोरीहरू र आफ्ना नातिनातिनीहरूलाई बिदाइको म्वाइँ खाएर आशीर्वाद दिए, त्यसपछि तिनी आफ्नो घरतर्फ लागे।

### च) उत्पत्ति ३२-३३ः याकूब र एसावको मेलमिलाप

**उत्पत्ति ३२:१-८ः** कनान देशतर्फ यात्रा गरिरहेको बेलामा याकूबले बाटोमा एक दल स्वर्गदूतहरूलाई भेटे; अनि उनले त्यस ठाउँको नाम 'महनैम' राखे, जसको अर्थ 'दुईवटा फौजहरू' वा 'दुईवटा छाउनीहरू' हो। हुन सक्छ, यी दुईवटा छाउनीहरूमध्ये

एउटाचाहिँ परमेश्वरको फौज र अर्कोचाहिँ याकूबसँग भएको यात्री-दल थियो होला (उत्पत्ति ३२ः२)। अथवा 'दुईवाट फौजहरू'को अर्थ 'ठूलो भीड़' पनि हुन सक्छ (उत्पत्ति ३२ः१०)। जब याकूब कनान देशको नजिक आइपुगे, तब उनले आफ्ना दाजु एसावलाई सम्झे र तिनले साटो फेर्छन् कि भनेर उनी तिनीसँग डराए। के एसाव नमीठोसँग ठगिएको र आफ्नो आशीर्वाद खोसिएको कारणले अझै क्रोधित थिए कि ? यसकारण याकूबले पहिले आफ्ना दाजुकहाँ शान्तिको समाचार लाने दूतहरू पठाए। त्यसपछि जब उनले एसाव आफ्ना चार सय मानिसहरूको दलको साथ आउँदै गरेको खबर सुने, तब उनी डरले आतङ्कित भए, र उनले आफूसँग भएका परिवारलाई दुई दलमा बाँड़े, ताकि पहिलो दल मारिए तापनि दोस्रो दलले उम्कने मौका पाओस्।

**उत्पत्ति ३२ः९-१२ः** याकूबले प्रार्थना गरे। याकूबको यो प्रार्थना उनको मनको हताशको फल थियो; किनभने उनलाई ईश्वरीय सुरक्षाको अति आवश्यक थियो। यो उनको प्रार्थना परमप्रभुले उनीसित र उनका पितापुर्खाहरूसित बाँध्नुभएको त्यस करारमाथि आधारित प्रार्थना थियो; यो आत्माको दीनतामा चढ़ाइएको प्रार्थना थियो। उनले आफ्नो विन्ती परमप्रभुको वचनमाथि आधारित गरेर परमेश्वरका प्रतिज्ञाहरू दाबी गरे।

प्रबल भित्री खाँचोबाट सबैभन्दा असल प्रार्थनाहरू जन्मिँदो रहेछन्। तब मानवीय सुरक्षा-प्रणालीहरूभित्र रहेर हामी आफैलाई प्रभावकारी प्रार्थनाको जीवनबाट किन वञ्चित गरिपठाउँछौं ? हामी आफैलाई यस प्रकारको हानि किन गरिरहेका हुन्छौं ?

**उत्पत्ति ३२ः१३-२१ः** त्यसपछि याकूबले एक दलपछि अर्को दल हुने गरी जम्मै तीनवटा दलहरू एसावकहाँ तिनलाई खुशी पार्न पठाए, अर्थात् आफूसँग भएको बगालबाट उनले जम्मा पाँच सय अस्सीवटा पशुहरू उपहार-स्वरूप तिनीकहाँ पठाए। यसरी नै एसावले तीन भागमा आफ्नो उपहार पाउनेथिए। याकूबले अपनाएको यस युक्तिले उनमा भएको अविश्वास प्रदर्शन गरेको छ; नभई यसबाट उनीभित्र विश्वास र अविश्वासको मिश्रण भएको देखिन्छ।

**उत्पत्ति ३२ः२२-३२ः** आफ्नो घर-परिवारलाई यब्बोक खोलाको पारी पठाएपछि याकूबले पनिएलमा एकलै रात बिताए। यब्बोकको अर्थ 'त्यसले रित्याउनेछ' हो। अनि त्यो एकलो बिताएको रातचाहिँ उनको जीवनका अनुभवहरूमध्ये एउटा महान् अनुभव बन्न लागेको थियो। किनकि एकजना मानिस उनीसँग कुस्ती लड़े। अनि होशे १२ः६ पदअनुसार ती मानिस एकजना स्वर्गदूत थिए, खास गरी परमप्रभुका दूत अर्थात् परमप्रभु आफै हुनुहुन्थ्यो। परमप्रभुले बाँकी जीवनभरि खोच्याउँदै हिँड्ने गरी याकूबको जाँघको गेड़ी खुस्काइदिनुभयो। याकूबले यस भिड़न्तबाट शारीरिक हानि उठाए, तापनि उनले एउटा ठूलो आत्मिक जित हासिल गरे। उनले हारद्वारा जित्न र दुर्बलताद्वारा बलवान् हुन सिके। आफ्नो अहम् र आफ्नो चतुर्‍याइँमाथि भर परेको आत्मविश्वासको केही बाँकी नराखीकन उनले आफैलाई 'म याकूब, छल गरेर अर्काको ठाउँ ओगट्ने मानिस हुँ; म एउटा ठग हुँ' भनी स्वीकार गरे। तब परमेश्वरले उनको नाम बदली गरेर 'इस्राएल' राख्नुभयो। इस्राएल नामको अर्थ विभिन्न प्रकारले अनुवाद गरिएको छ, जस्तैः 'परमेश्वर शासन गर्नुहुन्छ', 'परमेश्वरसँग भिड़न्त गर्ने' अथवा 'परमेश्वरको राजकुमार'। याकूबले त्यस ठाउँको नाम 'पनिएल' राखे; किनकि उनले परमप्रभुलाई देखेको कुरा महसुस गरे। पनिएलको अर्थ 'परमेश्वरको अनुहार' हो।

श्री प्फाइफरले उत्पत्ति ३२:३२ पदको विषयमा निम्न टिप्पणी लेखेका छन्:

> 'जुन पशुको मासु परम्परानिष्ठ यहूदीहरूले खानलाई तयार गर्छन्, त्यस मारिएको पशुबाट तिनीहरूले पहिले त्यसको जाँघ वा फिलाको नसो निकालेर फ्याँक्छन्।' [27)]

यसर्थ 'इस्राएलीहरूले आजको दिनसम्म जाँघको जोर्नीमाथि भएको मूल-नसा खाँदैनन्' भनेर त्यस पदमा लेखिएको कुरा अझै पनि जारी रहेको रहेछ।

**उत्पत्ति ३३:१-११:** अनि त्यत्ति बेलामा एसाव आइपुगेका रहेछन्। तब याकूब आफ्नो स्वभावअनुसार आफ्नो पुरानो आदतमा फर्के र भयभीत भए; यसैले उनले बढ़ी प्रेम गरिएका सदस्यहरूलाई सबैभन्दा धेरै सुरक्षा मिलोस् भन्ने हेतुले आफ्नो परिवार त्यसकै ढाँचामा मिलाएर राखे। एसावको छेउमा नपुगुन्जेल याकूब सात चोटि भुइँसम्म घोप्टो परे। उनको तुलनामा एसावचाहिँ आफ्नो भाइलाई भेटेको बेलामा कति कुशल, कति न्यानो र कति स्वतन्त्र देखिन्थे! तिनले पहिले त पशुहरूको यत्रो उपहार लिन अस्वीकार गरे, तर अन्तमा तिनी याकूबको यो सौगात ग्रहण गर्न राजी भए। याकूबले आफैलाई आफ्ना दाजुको सामु 'हजुरको दास' भनेर मानिलिँदा चाहिएको भन्दा बढ़ी दीनता देखाए। कति-जनाको विचारमा, 'परमेश्वरको दर्शन पाएझैं मैले हजुरको दर्शन पाएँ' भन्ने याकूबका यी शब्दहरूमा उनले खुसामाद र बढ़ाइचढ़ाइको झूटो प्रशंसाको आड़ लिइरहेका थिए। अनि अरू पनि छन्, जसले 'मैले तपाईंको अनुहार परमेश्वरको अनुहारजस्तै देखें' भन्ने वाक्यमा मेलमिलापमा आएको शान्त मुहारको अर्थ पो देखेका छन्।

**उत्पत्ति ३३:१२-१७:** जब एसावले आफ्नो भाइलाई 'आऊ, हामी सँगै फर्कौं' भन्ने सल्लाह दिए, तब याकूबले 'कलिला बालबालिकाहरू र मसिना पशुहरूले गर्दा हामी तपाईंहरूसँग-सँगै हिँडून सक्दैनौं भन्ने बहाना गरेर यो कुरा टारिदिए। यद्यपि याकूबलाई यस्तो कुनै विचार नभए ता पनि उनले एसावलाई सेईरमा अर्थात् एदोममा भेट्न आउँछु भन्ने प्रतिज्ञा गरे। अनि 'यसो भए तिम्रो परिवारको साथमा म केही मानिसहरू छोड़िराखूँ' भन्ने एसावको प्रस्तव पनि याकूबले इन्कार गरे; किनकि उनीभित्र अझ पनि आफ्ना दाजुप्रति डर र शङ्का छँदैथियो।

**उत्पत्ति ३३:१८-२०:** दक्षिण दिशा सेईरतर्फ यात्रा गर्नुको सट्टामा याकूब उत्तरी-पश्चिमतर्फ लागे, अनि अन्तमा उनी शेकेममा आइपुगे, जहाँ उनी बस्न लागे। त्यहाँ उनले एउटा वेदी बनाए, जसको नाम उनले 'एल-एलोही इस्राएल' भन्ने नाम दिए। 'एल-एलोही इस्राएल'को अर्थ होः 'इस्राएलको परमेश्वर-चाहिँ परमेश्वर हुनुहुन्छ।' हुन सक्छ, यो नाम उनको अभिमानको फल थियो। बीस वर्षअघि, जब परमेश्वर बेतेलमा उनीकहाँ देखा पर्नुभएको थियो, त्यस समयमा याकूबले 'परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ, अनि परमप्रभुले मलाई दिनुभएका सबै सम्पत्तिको दशांश चढ़ाउनुको साथसाथै बेतेलचाहिँ परमेश्वरको घर तुल्याउनेछु' भन्ने भाकल गरेका थिए (उत्पत्ति २८:२०-२२)। तर बेतेलमा फर्कनुको सट्टामा उनी अब तीस माइल टाढ़ा भएको शेकेमको मलिलो क्षेत्रमा, यो आफ्नो बगालको भलाइ सम्झेर रहन लागे। तर शेकेमचाहिँ संसारलाई सङ्केत गर्छ। अनि केही वर्षसम्म परमेश्वर उनीसँग खुलस्त रूपले बोल्नुभएन। त्यसपछि उहाँले याकूबलाई 'तिम्रो भाकल पूरा गर' भन्ने आह्वान दिनुभयो (उत्पत्ति ३५)। तर अन्तराल समयमा उनको परिवारमा उत्पत्ति ३४ अध्यायमा वर्णन गरिएका दुःखद घटनाहरू घटे।

### छ) उत्पत्ति ३४ः शेकेममा हुन गएका पापहरू

**उत्पत्ति ३४ः१-१२ः** यस सम्पूर्ण अध्यायभित्र परमेश्‍वरको नाम लिइएको छैन। याकूब आफ्नो परिवारको साथ शेकेममा बसेको बेलामा अन्यजाति स्त्रीहरूसँग उनकी छोरी दीनाको सामाजिक हेलमेल भयो। भक्तिहीन मानिसहरूसित सङ्गत नगरेर तिनीहरूबाट आफूलाई अलग राख्‍नुपर्छ भन्‍ने कुरा कहाँ गयो यहाँ? यहाँ परमेश्‍वरको स्पष्‍ट नियम उल्लङ्घन भयो। यस्तो अवसरमा हमोरका छोरा शेकेमले दीनाको बलात्कार गरे; त्यसपछि तिनले उससँग विवाह गर्ने आफ्नो ठूलो इच्छा प्रकट गरे। याकूब र उनका छोराहरू क्रोधित भएको कुरा हमोरले बुझेर यो समस्या शान्तिपूर्ण रूपले समाधान गर्ने प्रस्ताव राखेः इस्राएलीहरू र कनानीहरूले आपसमा अन्तर-विवाह गरून्; अनि यसरी इस्राएलीहरूले त्यस ठाउँको नागरिकता र सबै नागरिक अधिकारहरू हासिल गर्न सक्‍नेथिए। अब उत्पत्ति ३४ः९ पदको कुरा आयोः शैतानले परमेश्‍वरका भक्तजनहरूको वंश अपवित्र पार्न खोज्ने त्यसका दाउपेचहरू अनेक छन्, आफ्नो लक्ष्य पूरा गर्न त्यसले अपनाएका युक्तिहरूमध्ये एउटाचाहिँ यहाँ देखिन्छ। अनि शेकेमले दीनासँग विवाह गर्न दिएको खण्डमा जेजति दाइजो र सौगात मागे पनि तिनी दिन राजी भए।

**उत्पत्ति ३४ः१३-२४ः** आफ्नी बहिनीको विवाह शेकेमसँग गरिदिने याकूबका छोराहरूको इच्छा थिएन; ता पनि उनीहरूले त्यस शहरका सबै पुरुषहरूको खतना भएदेखि आफ्ना छोरीचेलीहरू तिनीहरूलाई दिने सर्त राखे। परमेश्‍वरको करारको निम्ति अलग गरिएको त्यो पवित्र चिन्ह उनीहरूले यसरी नै दुरुपयोग गर्न खोजे। सद्‌भावी हमोर, शेकेम र त्यस शहरका सबै मानिसहरूले यो सर्त पूरा गरे।

**उत्पत्ति ३४ः२५-३१ः** निको हुँदै गरेका शेकेमवासीहरू पीड़ित भएको अवस्थामै याकूबका छोराहरू शिमोन र लेवीले तिनीहरूसित विश्‍वासघात गरीकन तिनी-हरूलाई मारेर तिनीहरूको धनसम्पत्ति लुटे। जब याकूबले यी छोराहरूलाई हल्का गरी हप्काए, तब तिनीहरूले 'त्यसले हाम्री बहिनीसँग वेश्यासँग जस्तै व्यवहार किन गरेको' भन्‍ने कड़ा उत्तर दिए। यसो हेर्दा याकूब शेकेमका मानिसहरूलाई गरिएको यस घोर अन्यायको विषयमा भन्दा आफ्नै भलाइको बारेमा बढ़ी चिन्तित थिए। किनभने उनले 'म', 'मेरो' र 'मलाई' भन्‍ने प्रथम-पुरुषको सर्वनाम उत्पत्ति ३४ः३० पदमा जम्मा आठ पल्ट प्रयोग गरेको तथ्यले यो स्पष्‍ट पारेको छ।

### ज) उत्पत्ति ३५ः याकूब बेतेलमा फर्कन्छन्

**उत्पत्ति ३५ः१-८ः** उत्पत्ति पैंतीस अध्यायको शुरुमा याकूबले परमेश्‍वरबाट 'तीस वर्षअघि गरेको भाकल पूरा गर' भन्‍ने आज्ञा पाए (उत्पत्ति २८ः२०-२२)। परमप्रभुले चौतीस अध्यायमा घटेका दुःखद घटनाहरू प्रयोग गरेर अधिपति याकूबलाई त्यो भाकल पूरा गर्न तयार पार्नुभयो। याद रहोस्ः चौतीस अध्यायमा परमेश्‍वरको नाम एकपल्ट पनि नलेखिएको तुलनामा यस पैंतीस अध्यायभित्र उहाँको नाम बीस पल्ट लेखिएको छ। परमेश्‍वरको आज्ञाअनुसार बेतेलमा फर्कनुभन्दा पहिले याकूबले आफ्नो परिवारलाई 'अन्यजातिहरूका घर-देवताहरू फ्याँकेर सफा वस्त्रहरू पहिराओ' भन्‍ने आदेश दिए। यसो गर्नसाथ उनीहरू अन्यजाति छिमेकीहरूको निम्ति आतङ्कको कारण बने। अनि बेतेलमा आइपुगेपछि याकूबले एउटा

वेदी बनाए। आफ्ना दाजु एसावको हातबाट बचाइराख्नुहुने परमेश्वरको निम्ति 'एल-बेतेल'मा एउटा वेदी बनाएर उहाँलाई दण्डवत् गर्नु उनको निम्ति समुचित ठहरियो।

**उत्पत्ति ३५:९-१५:** परमेश्वरले फेरि एकपल्ट याकूबको नाम 'इस्राएल' भनेर त्यो नयाँ नाम सुदृढ़ पार्नुभयो, अनि उनीसित अब्राहाम र इसहाकसँग बाँध्नुभएको यस करारको नवीकरण गर्नुभयो। अधिपति याकूबले यस पवित्र भूमिमा त्यसको स्मारकको रूपमा एउटा ढुङ्गाको खाँबा खड़ा गरे, र फेरि पनि त्यस ठाउँको नाम 'बेतेल' राखे।

**उत्पत्ति ३५:१६-२०:** याकूब र उनको परिवार बेतेलदेखि दक्षिणतर्फ यात्रा गरिरहेको बेलामा प्रसवमा राहेलको मृत्यु भयो। मृत्युको घड़ीमा तिनले यस बालकको नाम 'बेन-ओनी' अर्थात् 'मेरो वेदनाको छोरा' राखिन्, तर याकूबले आफ्नो बाह्रौं छोराको नाम 'बिन्यामिन' अर्थात् 'मेरो दहिने हातको छोरा' राखे। यी दुईवटा नामहरूले येशू ख्रीष्टको कष्ट र उहाँले कष्ट सहनुभएपछि उहाँले पाउनुभएको महिमाको पूर्वचित्रण गर्छन्। यरूशलेमदेखि बेतलेहेम जाने बाटोमा राहेलको परम्परागत चिहान अझै पनि देख्न सकिन्छ। परम्परागत चिहान भन्नाले तिनको वास्तविक चिहान नभएको सम्भवना देखिन्छ। तर यसभन्दा महत्त्वपूर्ण अर्को कुरा छः किन तिनको लास अब्राहाम, सारा र रिबेकासँगै राखिएन? हुन सक्छ, तिनले परिवारभित्र मूर्तिहरू ल्याएकी हुनाले यसो भएको होला।

**उत्पत्ति ३५:२१-२९:** यहाँ, यस ठाउँमा रूबेनले आफ्ना बुबाकी उपपत्नी बिल्हासँग व्यभिचार गरेको पापको संक्षिप्त वर्णन हालिएको छ, जुन पापले गर्दा तिनले आफ्नो जन्मसिद्ध ज्येष्ठ-अधिकार गुमाइपठाए (उत्पत्ति ४९:३-४)। *'अनि याकूबका बाह्रजना छोराहरू थिए'* भनेर उत्पत्ति ३५:२२ पदको अन्तिम वाक्यसँग एउटा नयाँ अनुच्छेद शुरु भएको छ। अनि यसको लगायत आउँदा दुईवटा पदहरूमा उनका यी बाह्रजना छोराहरूको सूचि दिइएको छ। 'यिनीहरू याकूबका छोराहरू हुन्, जो पद्दन-अराममा उनका निम्ति जन्मेका थिए' भनेर उत्पत्ति ३५:२६ पदमा लेखिएको ता पनि यो विदितै छ, कि बिन्यामिनचाहिँ पद्दन-अराममा जन्मेनन् (उत्पत्ति ३५:२४)। यिनी कनान देशमा जन्मे (उत्पत्ति ३५:१६-१९)। याकूब इसहाक आफ्ना बुबाको मृत्यु हुनुभन्दा हेब्रोनमा फर्केर उनले धन्न तिनलाई भेट्न पाए। याकूबकी आमा रिबेकाको मृत्यु केही वर्षअघि नै भइसकेको थियो। यस अध्याय-भित्र तीनवटा मृत्युहरूको बयान छः रिबेकाकी धाई दबोराको मृत्यु (उत्पत्ति ३५:८), राहेलको मृत्यु (उत्पत्ति ३५:१९), र इसहाकको मृत्यु (उत्पत्ति ३५:२९)।

### झ) उत्पत्ति ३६: याकूबको दाजु एसावका सन्तानहरू

**उत्पत्ति ३६:१-३०:** छत्तीस अध्यायचाहिँ एसावको वंशावलीमा केन्द्रित छ, जुन एसावचाहिँ एदोम देशमा बसे, जुन देश खारा समुद्रको दक्षिण-पूर्वमा अवस्थित थियो। एसावचाहिँ एउटा जातिको शिर बन्नेछ भन्ने प्रतिज्ञा पूरा भएको साक्षी यो वंशावली बसेको छ (उत्पत्ति २५:२३)। एसावका तीनजना, हुन सक्छ, तिनका चारजना पत्नीहरू थिए। हुन सक्छ, तिनका पत्नीहरूमध्ये कसैका दुईवटा नामहरू भएका पनि सम्भव छ (उत्पत्ति २६:३४, २८:९ र ३६:२-३ तुलना गर्नुहोस्!)। अनि उत्पत्ति ३६:२४ पदको कुरा आयोः अनाले तातो पानीका मूलहरू भेट्टाए।

उत्पत्तिको पुस्तकको लेखक मोशाले ईश्वरीय प्रकाशद्वारा के जान्दथिए भने,

अन्तमा इस्राएली जातिबाट राजाहरू उत्पन्न हुने नै छन् (उत्पत्ति ३५:११)। जसरी उत्पत्ति चार अध्यायमा कयिनका सातवटा दुष्ट पुस्ताहरूको वंशावली दिइएको थियो, त्यसरी नै यहाँ, यस खण्डमा पनि एसावका सात दुष्ट पुस्ताहरूको वंशावली दिइएको छ (उत्पत्ति ३६:३३-३९)। सातचाहिँ सम्पूर्णताको अङ्क हो; यसो हो भने, यहाँ यसले एसावको सम्पूर्ण वंशावली यही हो भन्न खोजेको होला। एसावका सन्तानहरूमध्ये एकैजना पनि विश्वासी भएको नाताले परमेश्वरको पञ्जीकरणको पुस्तकमा उल्लेख गरिएको छैन; तिनीहरू सबैजना अन्धकारमा गुमनाम भए, जसरी जीवित परमेश्वरबाट टाढ़ा गएकाहरू हराउँदा रहेछन्। तिनीहरूसँग लौकिक, क्षणभरको धनसम्पत्ति थियो र हुन सक्छ, तिनीहरूसँग यस संसारमा कुनै सुनाम र बितिजाने प्रसिद्धि थियो होला, तर अनन्तताको निम्ति तिनीहरूसँग केही पनि थिएन।

## ई) उत्पत्ति ३७:१-५०:२६: यूसुफ

### क) उत्पत्ति ३७: यूसुफ कमारा हुनलाई मिस्र देशमा बेचिएका

**उत्पत्ति ३७:१-१७:** यस अध्यायको दुई पदमा 'याकूबका वंशहरू यी हुन्' भन्ने वाक्यांश नभन्दै एक्कासी पढ़िएको जस्तै लाग्छ। तर बुझ्नुहोस्: याकूबको इतिहासमा (उत्पत्ति २५-३५:) एसावको वंशावली बीचमा आएको छ (उत्पत्ति ३६:); अनि त्यसपछि उत्पत्ति सैंतीस अध्यायदेखि याकूबका वंशहरूको इतिहास अघि बढ़ेको छ र उत्पत्तिको पुस्तकको अन्तसम्मै विशेष गरी उनका छोरा यूसुफको जीवन-वृत्तान्तले यसमा महत्त्वपूर्ण स्थान ओगटिरहेको छ।

पवित्र बाइबलको पुरानो नियममा यूसुफचाहिँ येशू ख्रीष्टको परम सुन्दर प्रतीक मानिएका छन्, यद्यपि तिनी प्रभु येशूको प्रतीक हुन् भनेर कहिल्यै यस प्रकारको वर्गीकरण गरिएको छैन। यस विषयमा श्री ए. डब्ल्यू. पिङ्कले येशू ख्रीष्ट र यूसुफको बीचमा एक सय एकवटा मिल्ने-जुल्ने सादृश्यहरूको सूचि[28)] बनाएका छन् भने, श्रीमती अदा आर. हेबर्सन्ले एक सय एकाईसवटा सादृश्यहरू भेट्टाएकी छिन्। यहाँ यसको निम्ति एक-दुईवटा उदाहरण दिन्छौं, जस्तैः यूसुफ आफ्ना बुबाको प्रेम गरिएका छोरा थिए (उत्पत्ति ३७:३); तिनले आफ्ना दाजुहरूलाई उनीहरूको पापको विषयमा हप्काए (उत्पत्ति ३७:२); तिनी दाजुभाइ-हरूको दृष्टिमा घृणित भए, अनि शत्रुहरूको हातमा बेचिए (उत्पत्ति ३७:४ र २६-२८); तिनले अन्याय, साथै दण्ड पनि भोगे (उत्पत्ति ३९:); तिनी उच्च पारिए र संसारको मुक्तिदाता बने; किनभने सबै संसारका मानिसहरू अन्न किन्नको निम्ति तिनीकहाँ आउनुपरेको थियो (उत्पत्ति ४१:५७); तिनका दाजुभाइहरूले तिनलाई इन्कार गरिरहेको बेलामा तिनले एउटी अन्यजाति दुलहीलाई प्राप्त गरे (उत्पत्ति ४१:४५) इत्यादि।

त्यो रङ्गबिरङ्गी लबेदा अथवा आर.एस.वी.अनुसार लामा-लामा बाहुला भएको वस्त्रचाहिँ तिनका बुबाले तिनलाई कति बढ़ी माया गर्थे, त्यसको निम्ति एउटा प्रेमको चिन्ह थियो। यसकारण यस लबेदाले तिनका दाजुभाइहरूमा डाहा पैदा गर्‍यो र यसको निम्ति उनीहरूले तिनलाई घृणा गर्न थाले। यूसुफले आफ्नो पहिलो सपनामा के देखे भने, एघारवटा अन्नका बिटाहरूले बाह्रौं बिटालाई ढोगे। पहिलो सपनाचाहिँ एउटा भविष्यवाणी थियो; किनकि एक दिन

तिनका एघारैजना दाजुभाइहरूले तिनलाई ढोग्नुपर्नेथियो ।

तिनको दोस्रो सपना यस प्रकारको थियोः सूर्य, चन्द्रमा र एघारवटा ताराहरूले यूसुफलाई ढोगे । सूर्य र चन्द्रमाले याकूब र लेआलाई सङ्केत गर्छन्; किनभने राहेल मरिसकेकी थिइन् । अनि यी एघारवटा ताराहरूले तिनका एघारजना दाजुभाइहरूलाई सङ्केत गर्छन् (उत्पत्ति ३७ः९-११) ।




**यूसुफको मिस्र देशतर्फको यात्राको बाटो**

**उत्पत्ति ३७ः१८-२८ः** एक दिन यस्तो भयोः यूसुफ आफ्ना दाजुभाइहरूको हाल लिन उनीहरूकहाँ पठाइए । तब उनीहरूले तिनलाई मार्ने मतो गरे; तर रूबेनचाहिँ यस कुरामा सहमत थिएनन्; यसकारण आफ्नो भाइलाई दोतानमा भएको एउटा गहिरो खाड़लमा फ्याँकिदिने यिनको सल्लाह सबैजनाले माने । उनीहरू खाना खान बस्न लागिरहेको बेलामा हेर, इश्माएलीहरूको एक दल मिस्र देशतर्फ गइरहेको उनीहरूले देखे; अनि यहूदाको सुझावअनुसार उनीहरूले आफ्नो भाइलाई ती व्यापारीहरूको हातमा बेचिदिने निर्णय गरे । न्यायकर्ता ८ः२२-२४ पदको खण्डमा जस्तै यहाँ पनि इश्माएलीहरूलाई मिद्यानीहरू पनि भनिएको छ । जब यी मिद्यानीहरू उनीहरूको नजिकबाट भएर गए, तब यूसुफका दाजुभाइहरूले तिनलाई त्यस खाड़लबाट निकाले र तिनलाई ती व्यापारीहरूको हातमा बेचिदिए ।

**उत्पत्ति ३७ः२९-३६ः** यूसुफलाई ती व्यापारीहरूको हातमा बेचिदिने काम रूबेनको अनुपस्थितिमा भएको थियो । यसकारण जब यिनी घटनास्थलमा आइपुगे, तब यिनले यूसुफलाई खाड़लमा नदेख्दा यिनी डराए; किनकि यूसुफ हराएकोमा यिनी आफ्ना बुबाप्रति जवाफदेही थिए । यसकारण उनीहरूले आफ्नो भाइको त्यो लबेदा बाख्राको रगतमा चोपेर निर्दयी हृदयको साथ त्यो वस्त्र आफ्ना बुबाकहाँ ल्याए, जसले जङ्गली पशुहरूले यूसुफलाई मारे भन्ने अड़कल काटे; यो एउटा स्वाभाविक कुरा थियो । याकूबले एक समयमा बाख्राकै छाला लिएर आफ्ना दाजुका पाखुराहरूको नक्कल गरेका र आफ्ना बुबालाई छल गरेका थिए (उत्पत्ति २७ः१६-२३) । अनि ओहो, अहिलेचाहिँ यूसुफको वस्त्रमा लगाइएको बाख्राको रगतद्वारा उनी कति नमीठो गरी ठगिए । छलको पीड़ा कस्तो हुँदो रहेछ, सो उनले फेरि एकपल्ट चाख्नुपर्‍यो । अनि ती मिद्यानीहरूचाहिँ? तिनीहरूले अनजानमा परमेश्वरका उदेश्यहरू पूरा गरे; किनभने तिनीहरूले यूसुफको निम्ति मिस्र देशसम्म निःशुल्क यातायातको प्रबन्ध गरे, र तिनलाई त्यहाँ फाराओका भारादार, तिनका अङ्गरक्षकहरूका प्रधान पोतिफरको हातमा बेचिदिए । यसरी परमेश्वरले मानिसको क्रोध आफ्नो प्रशंसा गर्ने तुल्याउनुहुन्छ, र जुन कुराले उहाँलाई प्रशंसा गर्दैन, त्यो कुरा उहाँले रोकिराख्न जान्नुहुन्छ (भजन ७६ः१० पद हेर्नुहोस्!) ।

## ख) उत्पत्ति ३८ः यहूदा र तामार

**उत्पत्ति ३८ः१-११ः** जब हामी येशू ख्रीष्टको जन्म यहूदा-कुलबाट भएको कुरा विचार गर्दछौं, तब यहूदाले तामारसँग गरेको पापको यस घिनलाग्दो कथाले परमेश्वरको अनुग्रह महिमित तुल्याउने काम गर्छ (लूका ३ः३३)। मत्तीको सुसमाचारको पहिलो अध्यायमा येशू ख्रीष्टको वंशावलीको सूचिमा भएका पाँचजना स्त्रीहरूमध्ये तामार एउटी हुन्; ती पाँचजना स्त्रीहरूमध्ये तीनजनालाई व्यभिचार गरेको दोष लागेको थियोः तामार, राहाब (मत्ती १ः५) र बेतशेबा (मत्ती १ः६)। तब अरू दुईजना स्त्रीहरू बाँकी रहे। एउटीचाहिँ अन्यजाति रूथ थिइन् (मत्ती १ः५), र मरियम थिइन् – एउटी ईश्वरभक्त कन्या (मत्ती १ः१३)। श्री ए. डब्ल्यू. पिङ्कले यहूदाको नैतिक पतन प्रस्तुत गरेको यस कथाको विषयमा अझ गहिरा अर्थहरू निकालेर यसो टिप्पणी गरेका छन्ः

> 'उत्पत्ति सैंतीस अध्यायको अन्तमा याकूबका छोराहरूले आफ्नो भाइ यूसुफलाई कसरी मिद्यानीहरूको हातमा बेचे, र ती मिद्यानीहरूले तिनलाई लगेर फेरि मिस्र देशमा बेचे, सो विवरण दिइएको छ। यस कुरामा निम्न सङ्केतात्मक अर्थ छ; किनकि इस्राएली जातिले कसरी ख्रीष्ट येशूलाई तिरस्कार गरेर अन्यजातिहरूको हातमा सुम्पिदियो, सो यस कुराले चित्रण गर्छ। किनभने यहूदीहरूका अगुवाहरूले आफ्ना ख्रीष्ट राजालाई राज्यपाल पिलातसको हातमा सुम्पेको समयदेखि यताचाहिँ उहाँसित यहूदीहरूको कुनै सरोकार छैन, राष्ट्रको रूपमा; अनि परमेश्वर-चाहिँ? उहाँ यहूदीहरूबाट तर्केर अन्यजाति-हरूकहाँ फर्कनुभयो। यसकारण बुझ्नुहोस्ः सङ्केतात्मक दृष्टिले हेर्नु हो भने, यो कथा एउटा महत्त्वपूर्ण मोड़मा आइपुगेको छ। अब यूसुफ अन्यजातिहरूको हातमा परेका छन्। अनि मिस्र देशमा पुगेपछि यूसुफलाई के-के भयो, सो कुराको विषयमा हामीलाई जानकारी दिनुभन्दा अघि पवित्र आत्माले हामीलाई त्यस अविधिको विषयमा यहूदीहरूको इतिहासको रूपरेखा दिनुहुन्छ, जुन अवधिमा ख्रीष्ट येशूको प्रतिरूप लिएका यूसुफचाहिँ निज देशमा अनुपस्थित थिए।' 29)

यसकारण उत्पत्ति अठतीस अध्यायमा यूसुफको जीवनीमा अन्तराल आएकोमा आत्मिक अर्थ हुँदो रहेछ। किनभने यूसुफको परिवारका अन्य सदस्यहरूको अप्रशंनीय व्यवहारको विपरीत तिनको सुचरित्र एउटा घिनलाग्दो, नीच संसारमा उज्यालो ज्योति-जस्तै चम्किरहेको छ।

यहूदाको पहिलो गल्ती के थियो भने, तिनले अदुल्लामवासी शूअकी छोरी, एउटी कनानी स्त्रीलाई विवाह गरे। यिनले यहूदाको निम्ति तीनजना छोराहरू जन्माइन्ः एर, ओनान र शेलाह। एरले तामार नाम भएकी एउटी कनानी स्त्रीलाई विवाह गरे; तर उनले गरेको कुनै अज्ञात दुष्टताको खातिर परमप्रभुले उनलाई प्रहार गरेर उनको प्राण लिनुभयो। अनि त्यस जमानाको परम्परा यस प्रकारको थियोः मृतकको भाइ वा अरू कनै नजिकको नातेदारले सो विधवा स्त्रीलाई विवाह गरीकन मरेको दाजुको निम्ति सन्तान खड़ा गर्नुपर्थ्यो। अब ओनानको कुरा आयो। ओनानले एकपल्ट मात्र होइन, तर हिब्रू भाषाअनुसार निरन्तर यसो गर्न अस्वीकार गरे; किनभने पहिले जन्मेको छोरा तिनको होइन, तर कानुनी हिसाबले आफ्ना दाजु एरको हुनेथियो अर्थात् एरको उत्तराधिकारी हुनेथियो। तिनको पापचाहिँ यौनिक पाप थिएन, तर तिनको स्वार्थ पो थियो। अनि तिनको अस्वीकृतिले चाहिँ त्यस वंशक्रममा गड़बड़ ल्याएको थियो, जुन वंशाक्रमअनुसार ख्रीष्ट राजाले जन्म लिएर दाऊदको सिंहासनको कानुनी उत्तराधिकार प्राप्त गर्नुहुनेथियो। यस कुराले परमप्रभु दुःखित

हुनुभयो, र उहाँले ओनानलाई प्रहार गरेर तिनको प्राण लिनुभयो। यो देखेर यहूदाले तामारलाई 'मेरो कान्छा छोरा शेलाहको विवाह गर्ने उमेर नहोउन्जेल आफ्नो माइतमा गएर बस' भनेर भने। वास्तवमा तामारसँग शेलाहको विवाह टार्ने यो उनको एकमात्र युक्ति थियो। यहूदाले दुईजना छोराहरूलाई गुमाइसकेको कारणले शेलाहको विवाह तामारसँग गर्न चाहेनन्, किनकि तिनको विचारमा, तामारचाहिँ एउटी अशुभ ल्याउने अलक्ष्मी स्त्री थिइन्।

**उत्पत्ति ३८:१२-२३:** शेलाहको विवाह गर्ने उमेर भइसकेको थियो, तर यहूदाले आफ्नो कान्छा छोराको विवाह तामारसँग मिलाउने कुनै कदम उठाएनन्। यसकारण तामारले आफ्ना ससुरालाई एउटा जालमा फसाउने निर्णय गरिन्। यिनी वेश्याको वस्त्र पहिरेर तिम्ना जाने बाटोको एउटा खुला जग्गामा बसिन्, जुन बाटोबाट भएर यहूदा आफ्ना भेड़ाहरूको ऊन कत्रनेहरूकहाँ आइरहेका थिए। अनि ठीक यिनले सोचेको जस्तै भयो; किनकि त्यो स्त्री आफ्नी बुहारी तामार हुन् भन्ने कुरा तिनलाई थाह नभएको हुनाले तिनले यिनीसँग अवैध सम्भोग गरे। तिनीहरूले एउटा बाख्राको पाठोमा आपसमा शुल्क मिलाए; यहूदा यिनलाई यति दिन राजी भए। तर यस वेश्याले पाठो नपाउन्जेल तिनीबाट केही थोक बन्धकको रूपमा मागिन्, जस्तैः तिनको छापऔंठी, तिनका जुराहरू र तिनको लौरो। जुराहरू अनुवाद गरिएको शब्दचाहिँ डोरी पनि हुन सक्छ। अनि मलाई लाग्छ, त्यो त्यही डोरी हुनुपर्ला, जुन डोरीमा त्यो छापऔंठी झुन्डिन्थ्यो। पछिबाट यहूदाले बन्धकीका यी सामानहरू निकाल्ने कोशिश गरे, तर तिनले त्यस वेश्यालाई भेट्न सकेनन्।

**उत्पत्ति ३८:२४-२६:** तीन महिना-पछिको कुरा होः तामारमाथि वेश्यावृत्तिको दोष लगाइयो; किनकि यिनी विधवा थिइन्, र पनि गर्भवती भइन्। तर जब यहूदाले यिनलाई जलाएर मार्ने आदेश गरे, तब तामारले ती बन्धकीका चीजहरू झिकाएर फर्काइन्, अनि ती चीजहरूको मालिकचाहिँ यिनको गर्भमा भएको बालकको बुबा हुनुहुन्छ भन्ने उद्घोषणा गरिन्। यहूदाले तामारसँग मैथुन गरेको विषयमा ती चीजहरूले ठोस प्रमाण दिए। श्री वल्टर सी. व्राइटले यस दृश्यलाई सजीवतासाथ यसरी नै बयान गरेका छन्ः

> 'यहूदाका मित्रहरूले तिनीकहाँ यसो भन्दै गरेको खबर ल्याएः "सुन्नुहोस्, तपाईंकी बुहारी तामारले वेश्याकर्म गरिन् है।" तब तुरुन्तै यहूदाबाट "त्यसलाई जलाउनुपर्छ" भन्ने निर्णायक न्यायको फैसला भयो। त्यसको विषयमा न ता हिच्किचाउने केही कुरा थियो, न सम्झौतामा आउने कुनै कुरा नै थियो। जब तिनले यो डरलाग्दो फैसला उच्चारण गरे, तब तिनको आवाजमा कुनै डर वा कम्पन थिएन। किनकि इस्राएली समाजलाई यस्तो मूर्खता र दुष्टताबाट जोगाएर राख्नुपरेको थियो। यहूदाको मुखबाट न्यायका शब्दहरू निस्केपछि तामारलाई जलाउने दिन तोकियो, र त्यसको तयारी गरियोः अग्निदण्ड दिने खाँबो गाड़ियो, साथै दाउराको थाक लगाइयो। जब त्यो दिन आयो, तब जुलुसको निम्ति मानिसहरूको भीड़ लाग्यो; अनि यी नारी? विचरा, यी नारी आफ्नो दण्ड भोग्नुपर्ने ठाउँतिर अघि बढ़िरहेकी रहिछिन्! तर यिनका हातहरूमा यी बन्धकीका चीजहरू छँदैथिएः यहूदाको लौरो र तिनको छापऔंठी! अनि यिनका हातमा भएका यी बन्धकीका चीजहरूले चाहिँ यिनको न्याय-कर्ताको दोष साबित गरे। अब यहूदाको न्यायको फैसलाको विषयमा के-कसो भयो? निस्सन्देह यसमा कुनै महत्त्व रहेन।' 30)

**उत्पत्ति ३८:२७-३०:** जब तामारको जन्माउने बेला आयो, तब यिनको गर्भमा भएका जुम्ल्याहामध्ये एकजनाले आफ्नो हात

बाहिर निकाल्यो। अनि सुँडेनीले 'त्यही बालक पहिले जन्मन्छ' भन्ठानेर त्यसको हातमा एउटा रातो धागो बाँधी। तर त्यस बालकले आफ्नो हात फेरि भित्र तानेपछि अर्को बालक पहिले जन्म्यो। तामारले त्यसको नाम 'पेरेज' राखिन् र अर्को बालकलाई 'जेरह' भन्ने नाम दिइन्। पेरेजको अर्थ 'धाँदो' हो भने जेरहको अर्थ 'उदय' हो। मत्ती १:३ पदमा येशू ख्रीष्टको वंशावलीमा यी दुवै जुम्ल्याहाका नामहरू उल्लेख गरिएका छन्, तर पेरेजमार्फत वंशक्रम अघि बढ्रेर ख्रीष्ट येशूमा टुङ्गिएको छ। जेरहचाहिँ आकानका बाजेबराज्यू थिए (यहोशू ७:१)। आउनुहोस्, हामी यस विषयमा श्री ग्रिफिट थोमसको टिप्पणी सुनौं, जसले यसो भनेका छन्:

> 'यो कति आश्चर्यचकित पार्ने कुरा होः परमेश्वरले कसरी यस प्रकारको झमेलारूपी गाँठो परेको धागोको डल्लाबाट धागोहरू लिएर आफ्नो तानमा हालीकन आफ्नै बुट्टा निकालेर एउटा सुन्दर कपड़ा बुन्न सक्नुभयो ! !' 31)

उत्पत्ति ३८:२ पदमा यहूदाले एउटी कनानी स्त्रीलाई विवाह गरेको कुरा लेखिएको छ। अनि यही कुराचाहिँ परमेश्वरको प्रजा र घोर अनैतिकताद्वारा प्रख्यात भएको कनानी जातिको बीचमा अवैध मिश्रण हुनुमा प्रथम कदम मानिन्छ। प्रशस्त, अति प्रशस्त कामुकताले पूर्ण, असाध्य दुष्ट, फोहोर र घिनलाग्दो प्रकृति-पूजाद्वारा इस्राएली जाति दूषित हुनेथियो। परमेश्वर पापदेखि अलग बस्नुहुने परमेश्वर हुनुहुन्छ। यसकारण जब हामी संसारसँग मित्रता गाँस्छौं, तब हामीले त्यसको निम्ति भयानक मूल्य चुकाउनुपर्छ।

### ग) उत्पत्ति ३९: यूसुफको परीक्षा र विजय

**उत्पत्ति ३९:१-१९:** यस अध्यायदेखि कहानीले मिस्र देशतर्फ कोल्टो फेर्छ, जहाँ फाराओको दरवारका एकजना पोतिफर नाम गरेका अधिकारी अर्थात् तिनको अङ्गरक्षक-सेनाको कप्तानको घरमा यूसुफ निरीक्षकको रूपमा नियुक्त भए। अनि उत्पत्ति ३९:२ पदअनुसार परमप्रभु उनको साथमा हुनुहुन्थ्यो; अनि उनी उन्नतिशील मानिस थिए, अनि सन् १५३४ सालमा प्रकाशित टिन्डेलको अनुवादअनुसार 'उनी भाग्यशाली व्यक्ति थिए'। पोतिफरकी पत्नीले उनलाई बारम्बार व्यभिचारको पापमा फसाउने कोशिश गरिन्, तर यूसुफले दृढ़तासँग यो इन्कार गरे। उनले न ता आफ्ना मालिकको भरोसा धोका दिन, न परमेश्वरको विरुद्धमा पाप गर्न चाहे। एकदिन पोतिफरकी पत्नीले उनलाई उनको वस्त्रमा पक्रिन्; तर बलजफत गरी यूसुफ उम्कन त उम्के, तर उनको वस्त्र तिनको हातमा नै छोड़ियो। उनले आफ्नो वस्त्र गुमाए, तर आफ्नो चरित्र बचाइराखे, अनि अन्तमा, उनले एउटा मुकुट प्राप्त गरे। पोतिफरकी पत्नीले यूसुफमाथि बलात्कारको अभियोग लगाइ-हालिन् र उनको त्यो वस्त्र प्रमाणको रूपमा पेश गरिन्।

ख्रीष्ट-विश्वासीहरूले व्यभिचार, मूर्ति-पूजा र जवानीका अभिलाषाहरूदेखि भाग्ने आदेश पाएका छन्। पतित हुनुभन्दा भाग्नु नै निको !

**उत्पत्ति ३९:२०-२३:** कुनै उचित जाँच नगरीकन पोतिफरले यूसुफलाई झ्याल-खानामा हाल्ने आदेश दिए; तर त्यस ठाउँमा पनि परमप्रभुले यूसुफलाई आशिष दिनुभयो र उनलाई जिम्मावार पदमा राख्नुभयो। यूसुफलाई मृत्युदण्ड नदिएको कारण यसमै थियोः पोतिफरले आफ्नी पत्नीको कुरा पूरा रूपले विश्वास नगरेको हुन सक्छ; किनभने तिनले आफ्नी पत्नीको कुचरित्रको विषयमा पूरा जानेका-बुझेका हुनुपर्छ। रोमी ८:२८ पदमा प्रस्तुत गरिएको सत्यताको प्रदर्शन यस अध्यायमा अद्‌भुत रीतिले प्रकट भएको छ।

परमेश्वरले अदेख रूपमा यूसुफको पक्षमा काम गरिरहनुभएको थियो। अनि यूसुफ-चाहिँ? उनी पापको परीक्षासित हारेनन्, तर त्यसको विरोध गरे। उनी पाप गर्ने अवसर-हरूदेखि टाढ़ा बसे (उत्पत्ति ३९:८-१०)। उनले यसो गरे पनि उनलाई व्यभिचारको पापमा फसाउन खोज्ने स्त्रीले निहुँ पाइन्। अनि उनले आफैलाई दोस्रो पल्ट नेलजेलमा परेको फेला पारे (भजन १०५:१७-१९)। यस्ता परिस्थितिहरूमा उनी खिन्न हुनु-पर्नेथियो; तर यस्तो भनेन; किनभने उनी परिस्थितिहरूको अधीनतामा आएनन्, तर आफ्ना परिस्थितिहरूभन्दा माथि नै रहेका थिए; किनकि उनले यी सबै कुराहरूमा परमेश्वरको हात भएको देख्न सके। यूसुफले भ्यालखानामा बिताएको समयचाहिँ 'राज्य गर्ने समयको निम्ति उनलाई तालिम दिने समय थियो'। यसकारण जुन कुराहरूमा अरूले उनलाई खराबी गर्न खोजे, ती कुराहरू उनको निम्ति भलाइ नै भलाइ बने।

### घ) उत्पत्ति ४०: यूसुफले मिस्रका राजाका मद्य टक्राउने नोकर र रोटी पकाउने नोकरका सपनाको अर्थ खोलिदिएका

**उत्पत्ति ४०:१-१९:** भ्यालखानाभित्र यूसुफका दुईजना सहकैदीहरू थिएः मिस्र देशका राजाको मद्य टक्राउने नोकर र तिनको रोटी पकाउने नोकर (उत्पत्ति ४०:१-४)। अनि जब तिनीहरूले आ-आफ्नो सपना देखे, तब यूसुफले ती सपनाहरूको अर्थ खोलिदिऊँ भन्ने सुझाउ दिए (उत्पत्ति ४०:५-८)। फाराओलाई मद्य टक्राउने नोकरले देखेको दाखको बोटको सपनाको अर्थ यस प्रकारको थियोः तीन दिनभित्र फाराओको निगाहमा उसको पदोन्नति हुन लागेको थियो (उत्पत्ति ४०:९-१५)। तर रोटी पकाउने नोकरको सपनाको अर्थ केकस्तो थियो? उसले देखेका तीनवटा सेता रोटीका टोकरीहरूको अर्थ यस प्रकारको थियोः तीन दिनभित्र फाराओले उसलाई रूखमा झुण्डाएर उसको टाउको उड़ाउन लागेका थिए (उत्पत्ति ४०:१६-१९)।

यहाँ यस कुरामाथि ध्यान दिनुहोस्ः यूसुफ परमेश्वरको काम गर्न आफ्ना परिस्थितिहरू कहिले सुल्टिन्छन् कि भनेर पर्खिरहेनन्। तर उनले यी परिस्थितिहरूमा परमेश्वरको महिमा र अरूको सेवा गरिरहे।

**उत्पत्ति ४०:२०-२३:** जब मद्य टक्राउने-हरूको हाकिम भ्यालखानाबाट स्वतन्त्र भए, तब यिनले आफ्नो प्रतिज्ञाअनुसार गरेनन्, र यूसुफको निम्ति फाराओसँग अन्तर्विन्ती गर्न भुलिपठाए (उत्पत्ति ४०:२३)। तर परमप्रभुले यूसुफलाई भुल्नुभएन। *'तर जब तपाईंको भलो हुनेछ, तब मेरो सम्झना गर्नुहोस्!'* (उत्पत्ति ४०:१४)। के हाम्रा मुक्तिदाता प्रभुलाई विश्वासघात गरिएको रातमा उहाँले बोल्नुभएको शब्द उस्तै थिएनन् र? 'मेरो सम्झनामा यो गर' भन्ने उहाँका यी शब्दहरू हामी पालन गर्न सक्छौं, जब हामी त्यो रोटी र त्यो दाखमद्य लिन्छौं, जुन रोटी र जुन दाखमद्यले उहाँको शरीर र उहाँको रगत सङ्केत गर्छन्।

### ङ) उत्पत्ति ४१: यूसुफले मिस्रका राजाका सपनाहरूको अर्थ खोलिदिएका

**उत्पत्ति ४१:१-१३:** मिस्र देशभरिका विद्वान् र जादुगरहरूमध्ये कसैले पनि फाराओले देखेका सपनाहरूको अर्थ खोल्न सकेन। तिनका सपनाहरू यस प्रकारका छन्ः तिनले एउटा सपनामा मोटा-मोटा, स्याहार पुगेका सातवटा सुन्दर गाईहरू र सातवटा दुब्ला र पत्ला गाईहरू देखेका थिए; अनि दोस्रो सपनामा तिनले अन्नका सातवटा खूबै भरिला, असल बालाहरू र सातवटा प्रायः खोस्टा मात्र भएका निकम्मा अन्नका बालाहरू देखेका थिए। यति बेलामा मद्य टक्राउने-

हरूको हाकिमले बल्ल यूसुफलाई सम्झे, किनभने यूसुफसँग यी सपनाहरूको अर्थ खोलिदिने क्षमता थियो। उत्पत्ति ४१:१ पदमा लेखिएको 'पूरा दुई वर्ष बितेपछि' भन्ने शब्दको अर्थ कि त यूसुफ कैदमा परेको समय, कि त मद्य टक्राउनेहरूको हाकिम झ्यालखानादेखि स्वतन्त्र भएको समय बुझ्नुपर्छ।

**उत्पत्ति ४१:१४-३२:** यूसुफ फाराओको सामु ल्याइए। अनि उनले तिनका सपनाहरूको अर्थ यसरी खोलिदिएः 'आउने सात वर्षभरि मिस्र देशमा प्रशस्त फसल हुनेछ; त्यसपछि अर्को सात वर्ष लाग्ने अनिकालले देशलाई उजाड़ पार्नेछ।' राजाको सपना दोहोरिएको मतलब के थियो भने, परमेश्वरले दिनुभएका ती सपनाहरूको अर्थ पक्का थियो, अनि निस्सन्देह उहाँले चाँड़ै यो पूरा गर्न लाग्नुभएको थियो।

यूसुफले आफ्नो भविष्यको सम्बन्धमा देखेका दुईवटा सपनाहरूमा (उत्पत्ति ३७:६-९), अनि दानियलको पुस्तकको दुई अध्यायमा र सात अध्यायमा उल्लेख गरिएका सपनाहरूमा पनि हामी यही कुरा देख्छौं। पवित्र बाइबलमा अङ्क दुईचाहिँ साक्षीको अर्थ लिने अङ्क हो।

फाराओको शाही हलमा यूसुफले त्यही प्रकारको उत्तर दिए, *'म होइन; तर परमेश्वरले हजुरलाई उत्तर दिनुहुनेछ'*, जसरी झ्यालखानामा बसेको बेलामा उनले फाराओका नोकरहरूलाई जवाफ दिएका थिए (उत्पत्ति ४१:१६ पद उत्पत्ति ४०:८ पदसित तुलना गर्नुहोस्)। यो यूसुफमा भएको नम्रता हो, जुन नम्रताको खातिर परमेश्वरले उनलाई यत्रो ठूलो जिम्मेवारी सुम्पिदिन सक्नुभयो; किनकि उच्च पदमा पुगेका यूसुफलाई घमण्डले भ्रष्ट पार्न सक्दैनथियो भन्ने कुरामा उहाँ ढुक्कै हुनुहुन्थ्यो, यसको विषयमा उहाँलाई कुनै डर वा चिन्ता लाग्नुपर्दैनथियो।

**उत्पत्ति ४१:३३-३६:** यूसुफले फाराओलाई पहिला सात वर्षमा हुने अन्नको प्रशस्त उब्जनीबाट अतिरिक्त अन्न भण्डारहरूमा राखेर अनिकालका सात वर्षको निम्ति जगेड़ा गरिराख्ने सल्लाह दिए। यसरी भण्डार गरिएको अन्न अनिकालभरि पुग्नेथियो। उनले बनाएका यस योजनालाई 'नित्य-सामान्य अन्नको भण्डार' भनी नामोकरण गरियो। त्यस समयदेखि यस प्रकारको सरकारी योजना 'अन्तःस्थ रसद-योजना' नामले चिनिन्छ।

**उत्पत्ति ४१:३७-४६:** फाराओ अत्यन्त खुशी भए; यसैले तिनले यूसुफलाई आफूपछिको दोस्रो शासनकर्ताको रूपमा नियुक्त गरिहाले र उनलाई यस सरकारी रसद-योजनाको सम्पूर्ण जिम्मेवारी सुम्पे (उत्पत्ति ४१:४०)। अनि यूसुफको अनुमतिविना कसैले केही पनि गर्न पाउँदैनथियो (उत्पत्ति ४१:४४)। अनि फाराओले उनलाई एउटा नयाँ नाम दिएः 'सापनत-पानेह' (उत्पत्ति ४१:४५[क])। यस नामको अर्थ अनिश्चित छ। यस नामको विषयमा कसैले यसको अर्थ 'संसारको मुक्तिदाता' र अरू कसैले चाहिँ 'परमेश्वर जीवित हुनुहुन्छ र बोल्नुहुन्छ' भन्ने सुझाव दिएका छन्। अनि फाराओले यूसुफलाई आसनत उनकी पत्नी हुन दिए (उत्पत्ति ४१:४५)। आसनत एउटा अन्यजाति स्त्री थिइन्।

एउटा सपनाको अर्थ खोलिदिएको भरमा, र समय पर्खेर बताएअनुसार त्यो सपना पूरा हुन्छ कि हुँदैन, सो नहेरीकन कसरी फाराओले एउटा हिब्रू कैदीलाई सारा मिस्र देशको अधिकारी तुल्याउन सके? यसको उत्तर हामीले हितोपदेश २१:१ पदमा पाउँछौं, जहाँ यस्तो लेखिएको छः *'राजाको हृदय परमप्रभुको हातमा हुन्छ ... ।'* दूधको तर उठेर सतहमा नै जम्छ। अन्यजातिका सरकारहरू-

अन्तर्गत उठेर उच्च ओहदामा बस्ने भक्त यहूदीहरूमध्ये यूसुफ प्रथम हुन्। मिस्र देशमा आफ्नो शासन शुरु गरेको बेलामा यूसुफ तीस वर्ष पुगेका थिए (उत्पत्ति ४१:४६); उनका दाजुभाइहरूले उनलाई बेचेको समयदेखि तेह्र वर्ष बितेका थिए (उत्पत्ति ३७:२)।

**उत्पत्ति ४१:४७-५२:** पहिला सात वर्षमा अन्नको उब्जनी यति प्रशस्त थियो, यहाँसम्म कि त्यसको ठीक हिसाब गर्नु असम्भव भयो। अनि त्यही अवधिभित्र यूसुफका दुईजना छोराहरू जन्मेः मनस्से र एप्रैम। मनस्सेको अर्थ 'बिर्साइदिने' र एप्रैमको अर्थ 'दुई गुणा फलवन्त' हो। यसर्थ यूसुफले आफ्नो विरुद्ध गरिएका सबै गल्ती र खराबीहरू बिर्से, र उनी फलवन्त बने।

**उत्तपत्ति ४१:५३-५७:** जब अनिकालको सात वर्ष शुरु भयो, तब मिस्र देश र अरू सबै देशहरूका भोकले पीड़ित भएका मानिसहरू अन्न किन्न यूसुफकहाँ आए। अनि यसैमा हामी यूसुफलाई ख्रीष्ट येशूको प्रतीक र पूर्व-नमुना लिएका देख्छौं; किनभने वर्तमान समयमा ख्रीष्ट येशूमार्फत परमेश्वरका सबै आशिषहरू सारा पृथ्वीमा भएका सबै भोकाएका मानिसहरूकहाँ पुग्दा रहेछन्। परमेश्वरका जनहरूलाई अनिकालबाट बचाउनको निम्ति उहाँकै पूर्वनिर्धारित प्रबन्ध यस प्रकारको थियोः उहाँले ठीक समयमा यूसुफलाई मिस्र देशमा ल्याउनुभयो। अनि यसमा अर्को उद्देश्य पनि थियोः उहाँले तिनीहरूलाई कनान देशको फोहोर नैतिक वातारणबाट अलग राख्न चाहनुभयो। किनभने उत्पत्ति ३८ अध्यायचाहिँ इस्राएलीहरूलाई कनान देशमा के-कसो भएको थियो, सो कुरा बयान गर्ने वृत्तान्त हो। परमेश्वरले तिनीहरूलाई मिस्र देशमा ल्याएर यो समस्या समाधान गर्नुभयो; किनकि यहाँ तिनीहरू प्रायः अन्यजातिहरूको सम्बन्धदेखि विच्छेद हुन्थे (उत्पत्ति ४३:३२)।

### च) उत्पत्ति ४२-४४: यूसुफका दाजु-भाइहरू मिस्र देशमा आएका

**उत्पत्ति ४२:१-५:** अब उत्पत्ति ४२ अध्यायमा घटनास्थल कनान देशमा याकूबकहाँ फर्कन्छ, जहाँ घोर अनिकाल परिरहेको थियो। याकूबले मिस्र देशमा प्रशस्त अन्न छ भन्ने कुरा सुने। तर यूसुफ मिस्र देशमै छन् भन्ने कुरा उनलाई थाह थिएन; यसैले उनले आफ्ना दसजना छोराहरूलाई अन्न किन्न मिस्र देशमा पठाए। केवल बिन्यामिन बुबासँग घरमा बसे। किनभने याकूबको विचारमा, उनले प्रेम गरेका राहेलबाट जन्मेका दुईजना छोराहरूमध्ये केवल बिन्यामिन जिउँदो थिए।

**उत्पत्ति ४२:५-२५:** जब यूसुफका दाजुहरू यूसुफको सामु हाजिर भए, तब उनले तिनीहरूसँग कड़ा व्यवहार गरे, र तिनी-हरूलाई जासुसी गरेको आरोप लगाएर तिनीहरूलाई जेलमा हाले। त्यसपछि उनले तिनीहरूलाई 'तिमीहरूको कान्छा भाइ बिन्यामिनलाई यहाँ मेरो सामु ल्याओ' भन्ने आदेश गरे। अन्तमा, शिमोनलाई कैदमा बन्धकीको रूपमा छोड़ेर अरू नौजनाचाहिँ कनानमा बिन्यामिनलाई लिन भनी फर्के। तिनीहरूका धोक्राहरूभरि मुखैसम्म टन्न अन्न हालियो; तिनीहरूले थाहै नपाई अन्नको रुपियाँपैसा पनि तिनीहरूका धोक्राहरूमा हालेर फर्काइयो; अनि बाटोको निम्ति तिनीहरूलाई खानेकुराको प्रबन्ध गरियो। यस वृत्तान्तमा यूसुफको हृदयमा आफ्ना दाजुहरूप्रति भएको प्रेम र सहानुभूतिको झलक देखिन्छ (उत्पत्ति ४२:२४[क] र २५); अनि तिनीहरूको विषयमा चाहिँ? बीस वर्षभन्दा अघि तिनीहरूले बेपत्ता भएका भाइलाई के-के गरेका थिए, त्यस पापको विषयमा तिनीहरू कायल भएको झल्को दिइएको छ (उत्पत्ति ४२:२१-२२)। अनि

उनका दाजुहरूले आफ्नो दोष मानिलिऊन् भन्ने कुरा यूसुफ जरुर चाहन्थे ।

हाम्रो विचारमा, यहाँ यूसुफचाहिँ येशू ख्रीष्टको प्रतीक हुन् । उहाँले आउँदो सङ्कष्टकालमा आफ्ना यहूदी भाइहरूसँग कसरी व्यवहार गर्नुहुनेछ, सो कुरा आफ्ना दाजुहरूसित गरेको यूसुफको बरतावबाट स्पष्ट बुझिन्छ । आफ्ना दाजुहरूसँग यूसुफको पुनर्मिलन र त्यससित सम्बन्धित घटनाहरूचाहिँ पवित्र बाइबलको सबैभन्दा हृदयस्पर्शी भाग हो । पवित्र बाइबलमा अन्तरङ्ग आत्मीयताले भरिएको, विस्तृत बेलीबिस्तारले भरपूर भएको र ख्रीष्ट येशूलाई पूरा रूपले चित्रण गरेको अरू यस्तो कुनै वृत्तान्त छैन ।

**प्रतीकात्मक व्याख्या**

पुरानो नियममा भएका कति व्यक्ति, घटना र वस्तुहरू छन्, जुन व्यक्ति, घटना र वस्तुहरूले नयाँ नियममा प्रतीक वा छायाचित्रको रूप लिएका छन् । हामी यसको एउटा उदाहरण दिन्छौंः आदमचाहिँ ख्रीष्ट येशूको एक प्रतीक हो (रोमी ५ः१४) । पवित्र बाइबलका अन्य व्यक्तिहरू पनि छन्, जसको विषयमा तिनीहरू प्रतीक हुन् भन्ने जानकारी छैन, यूसुफजस्तै । तर तिनीहरूका समानान्तरहरू यति प्रशस्त छन्, कि तिनीहरू प्रतीक होइनन् भन्न सकिँदैन । पवित्र बाइबलमा यूसुफ प्रभु येशूको प्रतीकको रूपमा प्रस्तुत गरिएका छैनन् । तरै पनि प्रभु येशू र यूसुफको बीचमा एक सयभन्दा पनि बढ़ी मिल्दा-जुल्दा समानान्तरहरू छन् ।

जब प्रभु येशूले इम्माउस जाने बाटोमा दुईजना उदासी चेलाहरूसँग बातचित गर्नुभयो, तब *‘उहाँले मोशा र सबै भवष्यवक्ताहरूबाट शुरु गरेर* ***सबै पवित्र शास्त्रहरूमा*** *आफ्नो विषयमा भएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो’* (लूका २४ः२७) । देहधारी ख्रीष्ट येशूले भन्नभयोः *‘पवित्र पुस्तकमा मेरो विषयमा लेखिएको छ’* (हिब्रू १०ः७) । यसकारण पवित्र धर्मशास्त्र बाइबलभरि येशू ख्रीष्टलाई प्रतीकात्मक दृष्टान्तको रूपमा खोजेर भेट्टाउने हाम्रो प्रयास सठीक ठहरिन्छ ।

इस्राएलीहरूले गरेका अनुभवहरूको विषयमा प्रेरित पावलले यसो लेखेका छन्ः *‘अब उदाहरणको निम्ति यी सबै कुराहरू तिनीहरूमाथि आइपरे, र हाम्रो चेताउनीको निम्ति लेखिएका हुन्, जसमाथि संसारका अन्तहरू आइपुगेका छन्’* (१ कोरिन्थी १०ः११) । पवित्र बाइबलमा भएका निर्धारित पूर्वनमुना र प्रतीकहरूले मात्र यसो हेर्ने वा यसो लिने मान्यता प्राप्त पाएका छन् भन्ने कुरा ठीक नहोला, तर ती सुस्पष्ट प्रतीक र छायाचित्रहरूभन्दा अझै यस्तै धेरै प्रतीकात्मक कुराहरू छन् ।

प्रेरित पावलले तिमोथीलाई *‘परमेश्वरको प्रेरणाद्वारा दिइएका सबै पवित्र शास्त्रहरू उपयोगी हुन्छन्’* (२ तिमोथी ३ः१६) । हामीसँग देख्ने आँखाहरू भएका भए पवित्र बाइबलमा हामीले सिक्नुपर्ने आत्मिक पाठहरू धेरै हुन्छन् ।

हिब्रूको पुस्तकको अधिक भागमा पुरानो नियमको मन्दिर र त्यसका समाग्रीहरूको प्रतीकात्माक व्याख्या छ । यस सम्बन्धमा यो कुरा सत्य होः प्रतीकात्मक व्याख्याको विषयमा साँघुरो विचारधारणा अपनाएको विश्वासीले पुरानो नियमबाट बढ़ी आत्मिक लाभ उठाउन सक्दैन होला । तर अर्को कुरा उत्तिकै सत्य ठहरिएको छः पुरानो नियममा लेखिएको हरेक कुरामा प्रतीकात्मक अर्थ देख्नु पनि गलत हो । हामीले इतिहासको वृत्तान्त र दृष्टान्तको बीचमा छुट्ट्याउन सक्नुपर्छ ।

पवित्र बाइबलमा भएका प्रतीकहरूको विषयमा हददेखि बाहिर गएको काल्पनिक व्याख्याले यस कलामाथि हानि र अपवाद ल्याएको छ। पुरानो नियममा भएको आत्मिक धन कसैले अतिवाद गरेर हामीबाट लुट्न पाउँदैन। यसकारण यस सम्बन्धमा यो बुझ्नुहोस्ः जुन व्याख्याले ख्रीष्ट येशूलाई उच्च पार्छ र परमेश्‍वरका जनहरूको आत्मिक उन्नति गर्छ, त्यो व्याख्या सत्यताको सदुपयोग भनिन्छ। बाइबलको खाँटी व्याख्याले मुक्ति नपाएका मानिसहरूलाई ख्रीष्टको सुसमाचार स्पष्ट पार्नुपर्छ र परमेश्‍वरको वचनको सम्पूर्ण शिक्षा-समूहसित मेल खानुपर्छ।

**उत्पत्ति ४२ः२६-२८ः** तिनीहरू घर फर्किरहेका थिए, जब याकूबका ती छोराहरूमा एकजनाले आफ्नो गधालाई दाना दिन आफ्नो धोक्रा खोले र यस धोक्राभित्र आफ्नो पैसा फिर्ता भएको देखे। यस कुराले तिनीहरूलाई भयत्रस्त तुल्यायो; किनभने अब तिनीहरूमाथि चोरीको आरोप लगाइनेछ-लगाइनेछ भन्ने कुरा सुनिश्‍चित थियो।

**उत्पत्ति ४२ः२९-३८ः** जब तिनीहरू घरमा आइपुगे, तब तिनीहरूले यस यात्रामा तिनीहरूलाई के-के भएको थियो, सो कुराको सारा विवरण सुनाए। अनि अरूले पनि आ-आफ्नो धोक्राभित्र आफ्नो रुपियाँपैसा फिर्ता भएको भेट्टाए। तब तिनीहरूलाई अझ बढ़ी डर भयो। याकूब शोकातुर भए। रूबेनले आफ्ना दुईजना छोराहरूको प्राण जमानीको रूपमा राखेर पनि बिन्यामिनलाई आफ्ना दाजुहरूसँग मिस्र देशमा जान दिनुदेखि याकूब डराए; किनकि कतै आफ्नो कान्छा छोरालाई कुनै हानि पो हुन्छ कि भन्ने उनको डर थियो।

**उत्पत्ति ४३ः१-१५ः** अन्तमा, घोर अनिकाल परेको कारणले याकूब आफ्नो कान्छा छोरा बिन्यामिनलाई दाजुहरूको साथमा पठाउन बाध्य बने। किनकि मिस्र देशको शासकको सर्त सुस्पष्ट थियोः बिन्यामिनलाई साथमा नल्याईकन तिनीहरूले यी शासकको सामु देखा पर्न पाउनेछैनन्। यसकारण यहूदाले 'म आफ्नो भाइको जमानी बस्छु' भनी राखेको प्रस्ताव याकूबले स्वीकार गरे। कम्तीमा यस सन्दर्भमा यहूदाले हामीलाई तिनका भावी सन्तान येशू ख्रीष्टको सम्झना दिलाउँछन्, जो गलगथाको क्रूसमा हाम्रो जमानी बन्नुभयो। याकूबले मिस्र देशका शासकलाई कनान देशबाट अनिकालले असर नपारेका केही सामानहरू उपहार-स्वरूप पठाए, जस्तैः मलहम, मह, मसलाहरू, गन्धरस, पेस्ता र हाड़े-बदामहरू; साथै चुकेर पैसा फर्काएको खण्डमा तिनीहरूले अन्नको दोबर दाम तिर्न सकून् भन्ने उद्देश्यले उनले तिनीहरूलाई पहिले भन्दा बढ़ी पैसा लैजाने आग्रह गरे।

**उत्पत्ति ४३ः१६-२५ः** आफ्ना दाजुभाइ-हरूलाई दोस्रो पल्ट देख्दाखेरि यूसुफ साह्रै प्रभावित भए र उनको हृदय तिनीहरूप्रति पग्लेर आयो; तर उनले अझै पनि आफूलाई तिनीहरूकहाँ प्रकट गरेनन्। उनले आफ्ना सेवकहरूलाई एउटा भोज तयार गर्ने आदेश दिए। अनि जब यूसुफका सबै दाजुभाइहरू उनको घरमा ल्याइए, तब तिनीहरूलाई के लाग्यो भने, पक्का पनि तिनीहरू आफ्ना धोक्राहरूमा भेट्टाएको रुपियाँपैसाको खातिर पक्रा परे। यसकारण तिनीहरूले घरको मुख्य प्रबन्धकलाई सबै कुराहरू बताइदिए, र तिनले तिनीहरूलाई 'यसको बारेमा तिमीहरूले कुनै चिन्ता गर्नुपर्दैन' भन्ने आश्‍वासन दिए। तिनको हिसाबअनुसार तिनीहरूले पहिले अन्नको निम्ति पूरा दाम तिरेका थिए। तब शिमोन कैदबाट छोड़िए, र आफ्ना दाजुभाइहरूसँग सामिल भए, जब तिनीहरूले आफूलाई भोजको निम्ति तयार गरे। तिनीहरूले आफ्ना बुबाले पठाएका उपहारहरू यूसुफ दिउँसो

घरमा आएको बेलामा उनलाई दिन तयार राखे ।

> 'अब तिनीहरूका धोक्राहरूमा राखिएको रुपियाँपैसाको कुरा आयोः तिनीहरूलाई त्यसको जानकारी कनान देशमा फर्किरहेको बेलामा भयो कि ? (उत्पत्ति ४२ः२७; ४३ः२१) कि के घर पुगेपछि मात्र तिनीहरूले यो चाल पाए ? (उत्पत्ति ४२ः३५) । दुवै कुरा सत्य हुन्; किनभने तिनीहरूलाई त्यसको जानकारी दुईवटा कदममा भएको होः तिनीहरूमध्ये एकजनालाई चाहिँ यो कुरा बाटोमा थाह लाग्यो; अनि अरूले घर पुगेपछि मात्र यो कुरा थाहा पाए । अनि यो पनि हामीले बुझ्नुपर्छः जब तिनीहरूले यूसुफका मुख्य प्रबन्धकलाई आफ्नो बेलीबिस्तार गरे (उत्पत्ति ४३ः२१), तब तिनीहरूले तिनलाई सबै कुरा छोटकरीमा बताए ।'
>
> Daily Notes of the Scripture Union

**उत्पत्ति ४३ः२६-३४ः** जब यूसुफ घरमा आइपुगे, तब उनका दाजुभाइहरूले उनलाई ढोगे; उत्पत्ति ३७ः७ पदमा उनले देखेको सपना यहाँ पूरा भयो । उनले आफ्नो परिवारको हालखबर सोध्दा र आफ्नो कान्छा भाइ बिन्यामिनलाई भेट्दा उनले आफ्नो मनोभाव समाल्न सकेनन् । खाना खाँदा उनले अलग्गै खाए; अनि उनका एघारजना दाजुभाइहरूले अलग्गै खाए; अनि मिस्री-हरूले पनि अलग्गै खाए । यूसुफले तिनी-हरूलाई उमेरअनुसार बसाएका थिए । अनि मिस्र देशमा को मानिस थिए होलान्, जसले तिनीहरूको एक-एकजनाको जन्म मिति जानेका थिए ? यस कुरामा तिनीहरू वाल्ल परे । अनि यस शुभ अवसरमा यूसुफको साखै भाइ बिन्यामिनलाई विशेष उपकार गरिएको थियो ।

**उत्पत्ति ४४ः१-१३ः** जब यूसुफका दाजुभाइहरू कनान देशमा फर्कन बिदा भए, त्यस बेलामा उनले आफ्नो चाँदीको कचौरा बिन्यामिनको धोक्रोभित्र लुकाइराख्ने आदेश गरे । यो कचौरा उनको पिउने कचौरा मात्र नभएर साइत हेर्नको निम्ति पनि प्रयोग गरिन्थ्यो । साइत हेर्नुको अर्थ हामीले यहाँ उनले देखेका सपनाहरूको व्याख्या बुझ्नुपर्ला ।

पछिबाट परमेश्वरले आफ्ना जनहरूलाई साइत हेर्न मनाही गर्नुभयो (व्यवस्था १८ः१०-१२) । तर यूसुफले आफ्नो पालोमा मिस्रीहरूले अपनाएको शकून-अपशकूनको विद्या प्रयोग गरे भन्ने कुरा असम्भव भएको देखिन्छ । किनभने उनमा भएको अन्तर्ज्ञान र दूरदृष्टि परमप्रभुबाट नै आउँथ्यो । यसकारण हुन सक्छ, उनले त्यो कचौरा एउटा निहुँको रूपमा प्रयोग गरेर आफ्ना दाजुभाइहरूलाई 'उनी मिस्री नै हुन्' भन्ने कुरा निश्चय गराउन चाहे होलान् ।

त्यसपछि जब यूसुफका दाजुभाइहरूलाई उनको यो कचौरा चोरेको दोष लगाइयो, तब तिनीहरूले आफ्नो निर्दोषता दाबी गरे र आफूहरूमाथि लागेको अभियोग अस्वीकार गरे, अनि जसकसैसँग चाँदीको यो कचौरा भेटिन्छ, त्यही व्यक्तिले मृत्युदण्ड भोग्नुपर्छ भनी तिनीहरूले आफ्नो बेहोशमा प्रण गरे । यूसुफका प्रबन्धक 'दोषी साबित भएको व्यक्ति उनको दास हुनेछ' भन्ने सर्तमा तिनी-हरूको कुरामा सहमत भए । अनि जब कचौरा बिन्यामिनको धोक्रोमा भेट्टाइयो, तब सबै दाजुभाइहरू चकनाचूर भए र फेरि शहरमा फर्के ।

**उत्पत्ति ४४ः१४-१७ः** यूसुफले आफ्ना दाजुभाइहरूलाई गाली गरे; तब यहूदाले 'हामी सबै हजुरका दास हौं' भन्ने सुझाउ दिए । तर यूसुफले 'म बिन्यामिनलाई मात्र राख्छु, र तिमीहरू सबैजना घर फर्कन सक्छौ' भन्ने कुरा घोषणा गरे । बिन्यामिनको धोक्रोमा आफ्नो चाँदीको कचौरा लुकाउन लाउँदा र तिनलाई बन्दीको रूपमा राख्दा उनका

दाजुभाइहरूले आफ्नै रगतको दोष मानि-लिऊन् भन्ने हेतुले यूसुफले यो सबै कारवाही गरेका हुन्। यसको विषयमा श्री जर्च विलियम्सले यसो लेखेका छन्ः

> 'यूसुफले बिन्यामिनको धोक्रोमा चाँदीको कचौरा लुकाउने कामचाहिँ उनका दाजुभाइ-हरूले गरेका पाप तिनीहरूको सम्झनामा दिलाउने र तिनीहरूलाई आफ्नै मुखले त्यो पाप मानिलिने गराउने हेतुले गरेका थिए ...। उनले पहिले शिमोनलाई, र त्यसपछि बिन्यामिनलाई बन्दी राख्ने काम निपुणताको साथमा गरे। के कमाराको रूपमा बेचिएका आफ्ना भाइको गोहार गर्ने पुकाराहरूले र पुत्र-वियोगको शोकमा डुबेका आफ्ना बुबाका आँसुहरूले कतै तिनीहरूको हृदय असर पार्न सके त? अचम्म, यूसुफले गरेको योजना सफल भयो! धन्न, उनले तिनीहरूप्रति देखाएको कठोरता र दयापूर्ण व्यवहार दुवै मिलेर आफ्ना दाजुभाइ-हरूलाई बेचैनी तुल्याउन सके; अनि उनले तिनीहरूप्रति देखाएको दयाले तिनीहरूलाई पश्चात्तापमा डोर्‍याउन मद्दत गर्‍यो।' [32)]

यस दृश्यले हामीलाई यस घटनाको पूर्वझलक दिन्छ, जुन बेलामा बाँकी रहेका इस्राएलीहरूले येशू ख्रीष्टको मृत्युको सम्बन्धमा आफ्नो दोष मानिलिनेछन् र एकमात्र छोराको निम्ति विलाप गरेझैं ख्रीष्टको निम्ति विलाप गर्नेछन् (जकरिया १२ः१०)।

**उत्पत्ति ४४ः१८-३४ः** अब यहूदाको कुरा आयोः यूसुफको छेउमा उभेर तिनले उनलाई बिन्यामिनको सिलसिलामा समस्त बेलीबिस्तार सुनाइदिए, जस्तैः यूसुफ स्वयम्ले 'कान्छो भाइ यहाँ उपस्थित गराउनुपर्छ' भन्ने माग गरेको, अनि अझ पनि हराएको छोराको निम्ति शोकित भएका तिनीहरूका बुबाले 'बिन्यामिनलाई मिस्र देशमा नलैजाओ' भनेर यस योजनाको घोर विरोध गरेको, साथै यहूदा आफै कसरी बिन्यामिनको सुरक्षाको निम्ति जमानी बसेको, यो सबको सब उनलाई बताइदिए। अनि यदि तिनीहरू बिन्यामिनविना घर फर्के भने, तिनीहरूका वृद्ध बुबा अवश्य शोकले मर्नेछन् भन्ने कुरा यूसुफको सामु राखे। यसकारण 'बिन्यामिनको सट्टामा बरु म मिस्र देशमा बस्छु र हजुरको दास हुन्छु' भन्ने प्रस्ताव तिनले राखे।

यहूदाको हृदयभित्र कति ठूलो परिवर्तन आएको, हेर्नुहोस्! सैंतीस अध्यायमा आफ्ना बुबाको हृदयलाई बढ़ी चोट लाग्नेछ भन्ने कुराको केही वास्ता नगरीकन तिनले आफ्नो फाइदा मात्र खोजेर दयामायाविना नै यूसुफलाई बेचेका थिए। अनि अठतीस अध्यायमा तिनी छलको काममा र व्यभिचारको पापमा संलग्न भए। तर त्यस समयदेखि परमेश्‍वरले तिनको हृदयमा काम गरिरहनुभएको थियो। यसकारण तिनी तिर्चालीस अध्यायमा बिन्यामिनको जमानी बने। अनि अहिले चवालीस अध्यायमा आएर तिनले बिन्यामिनको निम्ति अन्तर्विन्ती गरेर आफ्नो हृदय यूसुफको सामु पोखाए। बिन्यामिनलाई पनि गुमाइपठाएको शोकद्वारा आफ्ना बुबाको हृदयमा आघात नपुर्‍याऊँ भन्ने उद्देश्यले तिनले आफ्नो भाइको सट्टामा दासत्वमा बस्ने प्रण गरे। तिनी आफ्नो भाइलाई दासत्वमा बेचेको कुरादेखि अब आफ्नो भाइको निम्ति आफै दासत्वमा रहने इच्छासम्म पुगे; अनि तिनले अघि आफ्ना बुबाप्रति देखाएको निर्दय व्यवहारको सट्टामा अहिले उनको कुशलता चाहने निस्वार्थ त्याग र वास्ताले यहूदाको जीवनमा परमेश्‍वरको अनुग्रहको प्रगति कहाँसम्म पुग्यो, सो देखाउँछ।

### छ) उत्पत्ति ४५ः यूसुफले आफूलाई आफ्ना दाजुभाइहरूकहाँ प्रकट गरेका

**उत्पत्ति ४५ः१-८ः** मेरो विचारमा, पवित्र बाइबलभरि योजस्तो हृदयस्पर्शी दृश्य अरू

कुनै पनि छैन होला। अब यूसुफले सबै कार्मचारीहरूलाई कोठादेखि बाहिर जाने आज्ञा गरे; त्यसपछि उनले आफूलाई आफ्ना दाजुभाइहरूकहाँ प्रकट गरे। यसो हुँदा उनले आफैलाई सम्हाल्न सकेनन्, तर उनी खूबै रोए। उनले आफूप्रति देखाएको तिनीहरूको दुर्व्यवहारको खातिर तिनीहरूलाई व्याकुल नहुने आश्वासन दिए; किनभने परमेश्वरले ती सबै कुराहरू भलाइकै निम्ति प्रयोग गरिदिनुभएको थियो।

**उत्पत्ति ४५ः९-१५ः** उनले तिनीहरूलाई 'कनान देशमा फर्की गएर तिनीहरूले आफ्ना बुबालाई, आ-आफ्ना परिवारहरू र सबै धनसम्पत्ति ल्याएर अनिकालका बाँकी पाँच वर्षको निम्ति मिस्र देशको गोशेनमा बस' भन्ने सुझाव दिए। 'तिमीहरूले मिस्र देशमा मेरो सबै महिमाको विषयमा र तिमीहरूले देखेका सबै कुराहरूको विषयमा मेरा बुबालाई भन्नू !' यो एउटा आज्ञा हो, जुनचाहिँ हामी पालन गर्न सक्छौं, जब हामी परमेश्वरको सामु उहाँको अति प्रिय पुत्रको सर्वश्रेष्ठ महिमाको गुनानुवाद गर्छौं। यूसुफको हृदयमा वर्षौंदेखि आफ्नो परिवारसँग भेट्ने तिर्सना र तिनीहरूप्रति भएको भ्रातृप्रेमका गहिरा फोहोराहरू त्यस बेलामा फुट्ट निस्केर आए; अनि उनले आफ्नो भाइ बिन्यामिनलाई अँगालो हाले र दाजुहरूलाई म्वाई खाए।

यस दृश्यले हामीलाई इस्राएलीहरूको यस खुसीयालीको समयको पूर्वदृष्टि दिन्छ, जुन समयमा क्रूसमा बलि हुनुभएको ख्रीष्ट येशू तिनीहरूकहाँ देखा पर्नुहुनेछ, र उहाँले आफैलाई तिनीहरूको अभिषिक्त राजाको रूपमा प्रकट गर्नुहुनेछ।

**उत्पत्ति ४५ः१६-२४ः** जब फाराओले यूसुफको घरमा भइरहेको कुरा थाह पाए, तब तिनले यूसुफका दाजुभाइहरूलाई 'कनानबाट तिमीहरूका बुबा र तिमीहरूका परिवारहरूलाई ल्याओ, तर बोक्न नसक्ने गह्रौं सरसामानहरू छोड़िराख' भन्ने आदेश दिए; किनकि तिनीहरूलाई चाहिने सबै थोकको निम्ति मिस्र देशमै बन्दोबस्त गरिनेथियो। यसकारण फाराओले प्रबन्ध गरेका चारचक्के घोड़ागाड़ीहरू, साथै सुन्दर वस्त्रहरू, पशुहरू र यूसुफले पठाइदिएका खानेकुराहरू लिएर तिनीहरू कनान देशमा फर्के। बिन्यामिनले चाहिँ आफ्ना दाजुहरूले भन्दा बढ़ी उपहार पाएः चाँदीका तीन सय टुक्रा र पाँच जोड़ा वस्त्र। अनि यूसुफले आफ्ना दाजुभाइरूलाई घर फर्किरहेको बेलामा बाटोमा झगड़ा नगर्ने चेताउनी दिए; किनभने वर्षौंअघि तिनीहरूले उनलाई देखाएको त्यस दुर्व्यवहारले गर्दा तिनीहरूले एक-अर्कालाई दोष्याउँछन् कि भन्ने डर थियो।

**उत्पत्ति ४५ः२५-२८ः** अनि घरमा पुगेपछि तिनीहरूले याकूब आफ्ना बुबालाई सबै खबर सुनाए। शुरुमा उनले यो कुरा पत्याउन सकेनन्। तर जब उनले सम्पूर्ण वृत्तान्त सुने, र सरसामानले लादिएका गाड़ाहरू देखे, तब उनले यो कुरा वास्तविक रहेछ भन्ने चाल पाएः यूसुफ अझै जीवितै थिए, र अब बुबा-छोराको पुनर्मिलन सुनिश्चित थियो।

यस अध्यायमा यूसुफले पाँच पल्ट आफ्ना बुबाको चर्चा गरे। यस कुराले र तिनले आफ्ना दाजुभाइहरूलाई तिनीहरूको पाप सर्तरहित क्षमा गरेको कुराले तिनी कति ख्रीष्टतुल्य थिए, सो प्रकट गर्छ। हाम्रा प्रभु येशूमा भएको पिताप्रतिको प्रगाढ़ प्रेम र पिताको इच्छा पूरा गर्ने उहाँको ठूलो चाहनाले उहाँलाई यस धरतीमा आउने र हामी पापमा पतित भएका मानिसहरूको निम्ति मुक्तिको काम गरिसिद्ध्याउने प्रेरणा दिलायो। यूसुफमा भएको आफ्ना बुबाप्रतिको प्रेमचाहिँ यस ईश्वरीय प्रेमको तुलनामा एउटा धमिलो छाया मात्र हो।

## ज) उत्पत्ति ४६ः आफ्ना परिवारसँग यूसुफको पुनर्मिलन

**उत्पत्ति ४६ः१-७ः** अब मिस्र देशको यात्रा शुरु भयो; अनि इस्राएल ऐतिहासिक ठाउँ बेर्शेबामा आइपुगे, जहाँ उनले समस्त यात्री-दललाई रोके र आफ्ना बुबा इसहाकका परमेश्वरलाई बलिहरू चढ़ाएर उहाँको उपासना गरे।। बेर्शेबाचाहिँ त्यही ठाउँ थियो, जहाँ इसहाकलाई बलिदान गर्ने सम्बन्धमा परमेश्वर अब्राहामकहाँ देखा पर्नुभएको थियो (उत्पत्ति २१ः३१-३२); अनि यही ठाउँमा परमेश्वर इसहाककहाँ पनि देखा पर्नुभएको थियो (उत्पत्ति २६ः२३-२४)। अनि अहिले यस घड़ीमा उहाँ याकूबकहाँ उनलाई उत्साह दिन फेरि देखा पर्नुभयो। अनि यो देखा-पराइचाहिँ उनको जीवनमा परमप्रभुको अन्तिम देखापराइ थियो; किनकि उहाँ उनको जीवनभरि उनीकहाँ सात पल्ट देखा पर्नुभयो। उत्पत्ति ४६ः४ पदमा *'अनि निश्चय नै म तिमीलाई फर्काएर ल्याउनेछु'* भन्ने प्रतिज्ञाले याकूब फेरि कनान देशमा फर्केर आउने रहेछन् भन्ने सङ्केत दिए जस्तै लाग्छ। तर वास्तवमा उनको मृत्यु मिस्र देशमा नै भयो। तर बुझ्नुहोस्ः यो प्रतिज्ञा दुई प्रकारले पूरा भयोः एक, उनको मृत शरीर कनान देशमा गाड़िन लगियो; अनि दुई, एक अर्थमा यहोशूको समयमा उनका भावी वंश कनान देशमा फर्केको बेलामा याकूब पनि फर्के। *'अनि यूसुफले आफ्नो हात तिम्रा आँखाहरूमाथि राख्नेछ'* भन्ने यस वाक्यांशले उनको शान्तिले पूर्ण मरण सङ्केत गरेको छ। यस विषयमा श्री बसिल एफ. सी. एटकिन्सले सुन्दर प्रकारले यसो भनेका छन्ः

> '... याकूबको मृत्यु भएको बेलामा यूसुफले आफ्ना बुबाका आँखाहरू बन्द गर्नेथिए। यसर्थ उनको मृत्यु हुने समयमा यूसुफ उनकै साथमा हुनेथिए। याकूबसँग गरिएको यो व्यक्तिगत प्रतिज्ञाको विषयमा यो याद गर्नुहोस्ः यस प्रतिज्ञाले उनले यूसुफको निम्ति शोकचिन्ता र विलाप गरेका धेरै वर्षहरूको क्षतिपूर्ति गर्ने-थियो। परमेश्वरले आफ्ना सेवकहरूको व्यक्तिगत खाँचोगाह्रोको निम्ति साँच्चै फिक्री गर्नुहुँदो रहेछ (१ पत्रुस ५ः७)।' 33)

अनि यसरी याकूब आफ्ना सबै सन्तान-दरसन्तानहरूको साथमा, आफ्नो पशुधनको साथमा र आफ्ना घरेलु सरसामानको साथमा मिस्र देशमा पुगे।

**उत्पत्ति ४६ः८-२७ः** यस खण्डमा हामी याकूब र उनका छोराहरूको वंशको विवरण पढ्न पाउँछौं (उत्पत्ति ४६ः८-२७)। याकूबसँग मिस्र देशमा आएका परिवारका जम्मा छयसट्ठी सदस्यहरू थिए (उत्पत्ति ४६ः२६)। तर उत्पत्ति ४६ः२७ र प्रस्थान १ः५ पदहरूअनुसार सत्तरीजना थिए भने, प्रेरित ७ः१४ पदअनुसार पचहत्तरजना थिए। भिन्नै ठाउँमा भिन्नै अङ्कहरू लेखिएको कुराले बुझ्नुमा समस्या सृजना नगरेको होइन; त्यो हामी मानिलिन तायर छौं। तर यसको सबैभन्दा सरल व्याख्या यस प्रकारको छः याकूबको वंशको हिसाब उनका नजिक र टाढ़ा रहेका सन्तानहरू समावेश गरेको वा नगरेको लेखा लिएअनुसार तिनीहरूको कुल-शङ्ख्या पनि भिन्न निस्कन्छ नि।

**उत्पत्ति ४६ः२८-३४ः** इस्राएल र यूसुफको ऐतिहासिक भेट गोशेनमा भयो। अनि गोशेनचाहिँ नील नदीको मुखभूमिमा अवस्थित भएको मिस्र देशको सबैभन्दा मलिलो र फलाइलो भूमि थियो। याकूब र उनका छोराहरूले त्यहाँ बस्न रुचाए; किनकि त्यहाँ उनीहरूका गाईवस्तुको निम्ति सर्वोत्तम चरन थियो। हो, याकूब र उनका छोराहरू गोठालाहरू थिए; अनि मिस्रीहरूले गोठाला-हरूलाई घृणित दृष्टिले हेर्ने हुनाले फाराओले उनीहरूलाई गोशेनमा राजमहलदेखि टाढ़ा बस्न दिए। अनि त्यहाँ, गोशेनमा उनीहरू

मिस्री समाजदेखि अलग हुनेथिए; किनभने उनीहरूको जात अलग र उनीहरूको पेसा घृणित थियो (उत्पत्ति ४३:३२)। उनीहरू परमेश्‍वरले उनीहरूका पितापुर्खाहरूसँग प्रतिज्ञा गर्नुभएको देश कब्जा गर्न सक्ने बलियो राष्ट्र नहोउन्जेल उहाँले उनीहरूलाई गोशेनमा यस असल, फलाइलो वातावरण-भित्र राखिछोड्नुभयो।

### झ) उत्पत्ति ४७: मिस्र देशमा भएको यूसुफको परिवार

**उत्पत्ति ४७:१-६:** जब यूसुफका पाँचजना दाजुहरूले फाराओलाई 'हामी गोठाला हौं' भनेर भने, तब तिनीहरूले चिताएअनुसार फाराओबाट प्रतिक्रिया आयोः तिनले तिनीहरूलाई गोशेनमा भएका हरिया-भरिया, मलिला खर्कहरूमा बस्न लगाए। यसबाहेक फाराओले यूसुफलाई उनका दाजुभाइहरूको बीचबाट कोही सुयोग्य व्यक्तिहरू भए यिनीहरूलाई शाही बथान-हरूको जिम्मा दिन लगाए।

**उत्पत्ति ४७:७-१२:** यूसुफले आफ्ना बुबालाई फाराओको सामु उपस्थित गराए। त्यस बेलामा उनी एक सय तीस वर्ष पुगेका थिए। याकूबले फाराओलाई आशीर्वाद दिएको कुराबाट के बुझिन्छ भने, यी वृद्ध यहूदी मानिसचाहिँ मिस्र देशको राजाभन्दा महान् थिए; किनकि सानोले ठूलोबाट आशीर्वाद पाउँछ (हिब्रू ७:७)। याकूबको आफ्ना शब्दअनुसार उनको जीवनका वर्षहरू थोरै र कष्टदायक थिए। वास्तवमा उनको प्रायः सबै दुःखको जिम्मेवार उनी आफै थिए। यूसुफले आफ्ना परिवारकाहरूलाई मिस्र देशको सबैभन्दा असल ठाउँमा बसोबास गर्न लगाए र तिनीहरूको निम्ति सबै प्रकारको बन्दोबस्त पनि गरिदिए। तिनीहरूको जीवन साँच्चै नै भरपूर जीवन थियो।

**उत्पत्ति ४७:१३-२३:** जब मिस्र देश र कनान देशका मानिसहरूको सबै रुपियाँ-पैसा सिद्धियो, तब यूसुफले तिनीहरूका पशुहरू मोल तिरेर किने। त्यसपछि मिस्र देशका पूजाहारीहरूको जमिन छोड़ेर उनले सबै मानिसहरूका जग्गाजमिनहरू पनि किने। मानिसहरूको जमिनको सट्टामा उनले तिनी-हरूलाई तिनीहरूका बारीहरूमा छर्नको निम्ति अन्नको बीउ दिए; अनि उनले मानिसहरूबाट तिनीहरूको उब्जनीको पाँचौं भाग तिरोको रूपमा फाराओलाई दिने आदेश गरे – यो एक न्यायसङ्गत कारोबार थियो।

**उत्पत्ति ४७:२७-३१:** जब इस्राएल आफ्नो जीवनको अन्तिम घड़ीमा आइपुगे, तब उनले यूसुफलाई 'मेरो मृत शरीर कनान देशमा दफन गर' भन्ने प्रतिज्ञा गर्न लगाए। त्यसपछि उनले आफ्नो शिर पलङको सिरानमा झुकाए अथवा हिब्रू ११:२१ पदअनुसार आफ्नो लहुरोको टुप्पोमा अड़ेस लाएर दण्डवत् गरे। हिब्रू भाषाको व्यञ्जन वर्णको नियमअनुसार यो शब्द 'खाट' या 'लौरो' पढ्न सकिन्छ; यसको अर्थ जोड़िएका स्वरवर्ण चिन्हहरूमाथि निर्भर गर्दछ। हिब्रूको परम्परागत पाण्डुलिपिमा खाट लेखिएको छ, तर 'सेप्टवजिन्ट'अनुसार हिब्रूको पुस्तकमा 'लहुरो' लेखिएको हो। यस सम्बन्धमा श्री डेरेक किड्नरले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'उत्पत्ति ४८:२ पदमा दुवै संस्करणहरूको "खाट" भन्ने शब्द छ भने, यहाँ यसको भूमिका अर्को छः यहाँ याकूबको अन्तिम बिरामी अवस्थाभन्दा अघिको कुरा छ (उत्पत्ति ४८:१)। यसकारण यहाँ "लहुरो" नै यसको सठीक शब्द हुन्छ होला; किनभने तब त्यो लहुरोचाहिँ याकूबको प्रवासी जीवनको उचित प्रतीक हुनेथियो (उत्पत्ति ३२:१० पदमा उनका कृतज्ञाताले पूर्ण शब्दहरूमाथि ध्यान दिनु-होस्!); तब नयाँ नियमको यस खण्डमा लहुरो

भन्ने शब्द कहाँबाट आयो र त्यसले कसरी त्यहाँ आफ्नो ठाउँ पायो, सो कुरा तत्कालै स्पष्ट बुझिनेथियो।' [34)]

अनि यसरी नै याकूब ती भूतपूर्व ठगले परमेश्वरलाई दण्डवत् गरेर आफ्नो जीवन अन्त्याए। अनि हिब्रूको पुस्तकको एघार अध्यायमा भएको विश्वासका शूरवीरहरूको सूचिमा केवल याकूबको नाम छ, जसले परमेश्वरको उपासकको रूपमा एउटा सुनाम कमाए। परमेश्वरको अनुग्रहले उनलाई उनको जीवनको लामो यात्रामा साथ दियो; अनि अब चाँड़ै उनी उज्ज्वल महिमाको तेजले सुशोभित भई यस धरती छोड़ेर परलोकमा पुग्नेथिए।

### ञ) उत्पत्ति ४८: याकूबले यूसुफका छोराहरूलाई आशीर्वाद दिएका

**उत्पत्ति ४८ः१-७ः** जब यूसुफले आफ्ना बुबा बिरामी भएका खबर पाए, तब उनी तुरुन्तै आफ्ना दुईजना छोराहरू एप्रैम र मस्सेलाई साथमा लिएर ओछ्यानमा पड़िरहेका आफ्ना बुबाकहाँ पुगे। मर्न लागेका याकूबले पलङ्मा बसेर आफ्ना दुईजना नातिहरूलाई आफ्नै छोराको रूपमा अपनाए। यसो गरेर उनले भविष्यमा इस्राएलका सबै कुलहरूले आ-आफ्नो उत्तराधिकारको भाग पाउने बेलामा यूसुफको कुलले कनान देशको दोबर भाग पाउने प्रबन्ध मिलाए। यसरी नै यूसुफले जमिनको हिसाबमा जेठाक अर्थात् ज्येष्ठ-अधिकारको भाग हासिल गरे। अनि जुन सन्तानहरू अबदेखि उसो यूसुफको निम्ति जन्मिनेथिए, ती सन्तानहरू याकूबका होइन, तर यूसुफकै हुनेथिए; अनि यूसुफका ती भावी सन्तानहरूचाहिँ एप्रैम र मनस्सेलाई मञ्जुर गरिएका भागहरूको साँधसिमानाभित्र रहनेथिए। याकूबले यूसुफका ती दुईजना छोराहरूलाई आफ्नै छोराहरू तुल्याउन चाहेको कारण के थियो, सो कुरा उत्पत्ति ४८ः७ पदले बताउँछ। यूसुफका ती दुईजना छोराहरू उनकी अति प्रिय मानिएकी पत्नी राहेल-बाटका नातिहरू थिए, जुन राहेलको असामयिक मृत्यु भएको थियो।

**उत्पत्ति ४८ः८-२२ः** तब याकूबले आफ्ना नातिहरूलाई आशीर्वाद दिए। यसो गर्दा उनले जेठाक अर्थात् ज्येष्ठ-अधिकारको भाग यूसुफका कान्छो छोरा एप्रैमलाई दिए। यसको विषयमा यूसुफले आफ्ना बुबालाई सुधार गर्न चाहे; किनभने मनस्सेचाहिँ उनको पहिले जन्मेको छोरा थिए, जसको निम्ति यूसुफले कृपादृष्टि पाउन खोजे। तर याकूबले यो काम जानी-बुझी गरेका रहेछन्। उनले विश्वासद्वारा कान्छालाई आशीर्वाद दिँदाखेरि उनको मनमा कस्ता-कस्ता सम्झनाहरू ओरिए होलान्? वर्षौंअघि उनका बुबाले अनजानमा उनलाई, जो कान्छा थिए, आशीर्वाद दिएका थिए। तर यस घड़ीमा याकूबले अनजानमा कान्छालाई आशीर्वाद दिएनन्; किनभने उनको घनिष्ठ सम्पर्क उही परमेश्वरसँग रहेको थियो, जुन परमेश्वरको हातमा भविष्य रहेको थियो। इस्राएलका भावी सन्तानहरू एकदिन भविष्यमा प्रतिज्ञाको देशमा फर्कनेछन् भन्ने निश्चित विश्वास उनमा थियो। याकूबले यूसुफलाई एमोरीहरूबाट जितेर लिएका पहाड़ी क्षेत्र दिए। हुन सक्छ, यस क्षेत्रमा त्यो इनार थियो, जुन इनार पछिबाट 'याकूबको इनार' भन्ने नामले चिनिन्थ्यो (यूहन्ना ४ः५)।

### ट) उत्पत्ति ४९ः आफ्ना छोराहरूको सम्बन्धमा याकूबको भविष्यवाणी

**उत्पत्ति ४९ः१-२ः** याकूबका अन्तिम शब्दहरू उत्पत्ति ४९ः१ पदअनुसार एउटा भविष्यवाणी थिए भने, उत्पत्ति ४९ः२ पदअनुसार ती शब्दहरू एउटा आशीर्वाद थिए।

**उत्पत्ति ४९ः३-४ः** रूबेन याकूबको सबैभन्दा पहिले जन्मेको जेठा छोरा थिए, जो

आफ्ना बुबाको पुरुषार्थी बलको पहिलो फल थिए र जसले अधिकार र मर्यादाको स्थान पाएका थिए। ज्येष्ठ-अधिकार तिनको थियो; यसर्थ उत्तराधिकारका दुई भागरूपी जेठाक तिनकै हुनेथियो। तर तिनले अशुद्ध कामवासनाले प्रेरित भएर आफ्नै बुबाकी उपपत्नी बिल्हासँग व्यभिचारको पाप गरे, र यसरी नै आफ्नो प्रमुख स्थान गुमाइपठाए (उत्पत्ति ३५ः२२)।

**उत्पत्ति ४९ः५-७ः** शिमोन र लेवीचाहिँ यी दुईजना दाजुभाइहरू थिए, जसले शेकेमका मानिसहरूलाई निर्दयतापूर्वक हत्या गरे। अनि मनपरी गर्ने चालमा तिनीहरूले एउटा गोरुको ढोड़-नसा काटिदिए। तिनीहरू याकूबमा बाँड़िनेथिए र इस्राएलमा तितरबितर हुनेथिए। इस्राएलीहरूको दोस्रो जनगणनामा यी दुई कुलहरू सबैभन्दा अल्प सङ्ख्यामा थिए (गन्ती २६ः)। यो भविष्यवाणी यहोशू १९ः१-९ पदको खण्डमा पनि पूरा भएको देखिन्छ, जब यहूदा-कुलले शिमोन-कुललाई आफ्नो अधिकारको भागभित्र राखे; अनि लेवी-कुललाई देशभरि जम्मा अठचालीस शहरहरू अधिकारको भागको रूपमा दिइए। याकूबले यी दुईजनाको डरलाग्दो रिस र निष्ठूर क्रोध सरापे, तर यी दुईवटा कुलहरूका मानिसहरूलाई होइन।

**उत्पत्ति ४९ः८-१२ः** यहूदाको अर्थ प्रशंसा हो। यसैले तिनले आफ्ना दाजुभाइ-हरूबाट प्रशंसा पाउनाको साथै तिनलाई आदर पनि मिल्नेथियो; किनकि तिनले आफ्ना सबै शत्रुहरूमाथि विजय हासिल गर्नेथिए। तिनी एउटा जवान सिंहजस्तै हुन्, जो आफ्नो शिकार मार्न निस्किजान्छन् र फर्केर आउँछन्; कसैले भङ्ग गर्न नसक्ने गरी तिनले विश्राम लिनेथिए। जसरी यूसुफले जमिनको हिसाबले ज्येष्ठ-अधिकार पाए, ठीक त्यस्तै यहूदाले शासन-अधिकाररूपी ज्येष्ठ-अधिकार पाए। शीलोको अर्थात् ख्रीष्टको आगमन नहोउन्जेल यहूदा-कुलसित शासन-अधिकार रहिरहनेथियो, अनि उहाँमा सो सत्ता सदा-सर्वदाको निम्ति स्थिर रहिरहनेथियो। ख्रीष्टको शासनकालमा उहाँका प्रजाहरूले राजीखुशीसाथ उहाँको आज्ञापालन गर्नेछन्। 'शीलो' नामको अर्थ स्पष्ट छैन। कसै-कसैले यस प्रकारका सुझाउहरू दिएका छन्ः 'शान्तिको राजकुमार', 'शान्त', (यहूदाको) 'सन्तान' , 'तिनको वंशज', 'यो तिनको हो' इत्यादि (इजकिएल २१ः२७ पदसँग तुलना गर्नुहोस्!)।

**उत्पत्ति ४९ः१३ः** जबूलूनले समुद्री व्यापार-वाणिज्यद्वारा प्रशस्त समृद्धि उपभोग गर्नेथिए। पुरानो नियमका समयहरूमा यस कुलको साँधसिमाना कहिल्यै समुद्रको छेउमा भएको थिएन, तर भूभागले घेरिएको हुनाले हुन सक्छ, यसको खास सन्दर्भ ख्रीष्ट येशूको हजार वर्षको राज्य हुनुपर्ला।

**उत्पत्ति ४९ः१४-१५ः** इस्साकार एउटा बलियो गधाजस्तो हो, जुन गधा मनोहर खर्कहरूरूपी वातावरणमा बस्न सन्तुष्ट हुनेथियो। यिनीसँग स्वतन्त्रताको निम्ति लड़ाइँ गर्ने इच्छा नभएको कारणले शत्रुको जुवा यिनीमाथि रहिरहनेथियो।

**उत्पत्ति ४९ः१६-१८ः** दान आफ्नो नामअनुसार मानिसहरूको न्याय गर्दै व्यस्त रहनेथिए। उत्पत्ति ४९ः१७ पदको अर्थ लाउन हामीलाई निक्कै कठिन पर्छ। हुन सक्छ, यस कुराले दानले इस्राएली जातिलाई मूर्तिपूजाको परिचय दिलाउनेथिए भन्ने सङ्केत गर्ला, जुन मूर्तिपूजाचाहिँ यस राष्ट्रलाई पतित गराउनेथियो (न्यायकर्ता १८ः३०-३१)। तर धेरैजनाको विचार यस प्रकारको छः यो पद दान-कुलबाट ख्रीष्ट-विरोधी निस्किआउने अस्पष्ट सन्दर्भ-पद हो। यसकारण १ इतिहास २ः३ र ८ः४०, साथै प्रकाश ७ः३-८ पदको खण्डमा दान-कुलको नाम हराएको छ अरे।

*'हे परमप्रभु, तपाईंको उद्धारको निम्ति म पर्खेर बसेको छु।'* यहाँ, उत्पत्ति ४९:१८ पदमा बीचमा आएर याकूबले कि त आफ्ना जनहरूको छुटकाराको निम्ति, कि त आफ्नो छुटकाराको निम्ति प्रार्थना गरे।

**उत्पत्ति ४९:१९:** गादचाहिँ यर्दनदेखि पारि, पूर्वमा आफ्नो सिमानाभित्र असुरक्षित रहनेथियो; यसकारण उसमाथि बारम्बार शत्रुहरूको हमलामाथि हमला आइपर्नेथियो। तर अन्तमा यस कुलले आफ्ना शत्रुहरूका सेनाहरू कुल्चीमिल्ची पार्नेथियो।

**उत्पत्ति ४९:२०:** आशेरको अर्थ 'खुशी' हो। यस कुलले खेतीपातीको निम्ति मलिलो भूमि पाउनेथियो, जसबाट तिनीहरूले राजाको निम्ति स्वादिष्ठ-स्वादिष्ठ खानेकुराहरू तयार गर्नेथिए। आशेरको निम्ति यो एउटा खुशीको कुरा थियो।

**उत्पत्ति ४९:२१:** नप्ताली बन्धनबाट छोड़िएको मृगीजस्तो हुँदा रहेछन्। खुशीले उफ्री-उफ्री यिनले हतार-हतारसँग शुभ सन्देश फैलाउनेथिए। याद रहोस्ः प्रभु येशूलाई धोका दिने यहूदा इस्करयोतीबाहेक उहाँका अरू सबै चेलाहरू नप्तालीबाट आए; अनि प्रभु येशूको सेवकाइको अधिक भागचाहिँ यस क्षेत्रमा भएको थियो (मत्ती ४:१३-१६)।

**उत्पत्ति ४९:२२-२६:** यूसुफचाहिँ एउटा फलवन्त हाँगा थिए, जुन हाँगाका मुनाहरूले एफ्रैम र मनस्सेका सिमानाहरू अङ्गाल्नेथिए, अनि जुन हाँगाले आफ्ना आशिषहरू आफ्नो सिमानादेखि बाहिर पनि, अँ, टाढ़ो-टाढ़ोसम्म पठाउनेथियो। उनी तिक्त शत्रुताको निशाना बने, तरै पनि उनले हरेस खाएनन्; किनभने याकूबका सर्वशक्तिमान् परमेश्वरले उनलाई बलियो तुल्याउनुभएको थियो। उहाँबाट यी गोठाला, इस्राएली जातिको चट्टान आउनुहुनेथियो, जुन गोठाला र जुन चट्टानचाहिँ मसीह राजा हुनुहुन्छ। परमेश्वरले यूसुफलाई प्रशस्त झरी पठाउनुहुनेथियो, धेरै इनारहरू र उम्रिरहने पानीका मूलहरू, साथै असंख्य सन्तानहरू दिनुहुनेथियो। याकूबको विचारमा, उनी आफै आफ्ना पितापुर्खाहरूको तुलनामा बढ़ी आशिषित थिए। यहाँ आएर यो उनको विनम्र स्वीकार थियो। तर अबचाहिँ उनले पाएका आशिषहरू सरेर उनको छोरा यूसुफमाथि आउनुपर्नेथियो, जो आफ्ना दाजुभाइहरूदेखि अलग पारिएका थिए।

**उत्पत्ति ४९:२७:** अन्तमा बिन्यामिनको कुरा आयोः बिन्यामिनचाहिँ लड़ाकुहरूको कुल थियो; तिनीहरूले निरन्तर विजयमाथि विजय हासिल गर्नेथिए र लुटको माल आपसमा बाँड्नेथिए। एकजना अज्ञात भाइको भनाइअनुसार बिन्यामिनले आफूचाहिँ अरू सबै कुलहरूभन्दा साहसी, लड़ाकु कुल थियो भन्ने कुरा प्रमाणित गरे।

**उत्पत्ति ४९:२८-३३:** अन्तमा, याकूबले आफ्ना छोराहरूलाई आफ्नो मृत शरीरको विषयमा यसो भन्दै आदेश दिएः 'मलाई हेब्रोनमा, मेरो घरको छेउमा भएको मक्पेलाको ओड़ारमा दफन गर, जहाँ अब्राहाम र सारा, इसहाक र रिबेका अनि लेआ पनि दफन गरिएका थिए।' त्यसपछि उनी आफ्नो पलङमा फेरि पल्टे, र उनले अन्तिम श्वास फेरे।

### ठ) उत्पत्ति ५०ः मिस्र देशमा याकूबको मृत्यु र त्यसपछि यूसुफको मृत्यु

**उत्पत्ति ५०:१-१४:** याकूबको मृत्युमा मिस्रीहरूले पनि सत्तरी दिनसम्म शोक गरे। राजकीय वैद्यहरूले उनको मृत शरीरमा सुगन्धित द्रव्य लगाए। त्यसपछि फाराओले यूसुफलाई शव-यात्रामा भाग लिने अनुमति दिए; यसरी तिनले मिस्रका भारादारहरू, आफन्तहरू र नोकरचाकरहरूको ठूलो मलामीको समूहको साथ आफ्ना बुबाको मृत शरीर कनान देशमा लैजान पाए। यर्दनको

पूर्वपट्टि आइपुगेपछि तिनीहरूले त्यहाँ रोके र त्यस ठाउँमा सात दिनसम्म यति गहिरो प्रकारले शोक-विलाप गरे, कि कनानीहरूले त्यस ठाउँको नाम 'आबेल-मिस्रैम' राखे। 'आबेल-मिस्रैम'को अर्थ 'मिस्रीहरूको विलाप' हो। अनि मक्पेलामा आफ्ना बुबाको मृत संस्कार गरेपछि यूसुफ आफ्नो यात्री-दलको साथ मिस्र देशमा फर्के।

**उत्पत्ति ५०ः१५-२१ः** याकूबको मृत्युपछि यूसुफका दाजुभाइहरू उनीसँग डराए; किनकि अबचाहिँ उनले मौका छोपेर तिनीहरूले वर्षौंअघि उनीमाथि गरेका दुर्व्यवहारको साटो फेर्छन् कि भन्ने तिनीहरूले सम्झे। यसकारण तिनीहरूले उनीकहाँ निम्न खबर पठाएः 'हाम्रा पिताजीको वचनअनुसार उहाँको अन्तिम इच्छा यस प्रकारको छः तिमीले हामीलाई क्षमा दिनुपर्छ।' तब उनले तिनीहरूलाई भनेः 'म तिमीहरूको खराबी साटो फेर्नेछैनँ र तिमीहरूको न्याय पनि गर्नेछैनँ; त्यो परमेश्वरको काम हो; तिमीहरू डराउनुपर्दैन।' अब यूसुफको स्मरणयोग्य शब्द सुन्नुहोस्ः *'तिमीहरूले चाहिँ मेरो विरोधमा खराबी गर्ने विचार गर्‍यौ, तर यसैमा परमेश्वरले भलाइ गर्ने विचार गर्नुभयो।'*

**उत्पत्ति ५०ः२२-२६ः** कुरा स्पष्ट छः याकूबका बाह्र छोराहरूमध्ये यूसुफचाहिँ पहिले मरे। उनको मृत्यु उनका बुबाको मृत्युभन्दा चवन्न वर्षपछि भएको थियो। हिब्रू ११ः२२ पदमा यूसुफको विश्वासको गुणगान गरिएको छ; किनभने उनीसँग 'परमेश्वरले इस्राएलीहरूलाई कनान देशमा फर्काइ-लैजानुहुनेछ' भन्ने विश्वास थियो। यसकारण उनले आफ्ना हड्डीहरूको विषयमा 'मेरा हड्डीहरू कनान देशमा गाड' भन्ने आदेश दिए।

कसैले आफ्नो तर्क यस प्रकारले पेश गरेः 'उत्पत्तिको पुस्तक परमेश्वरको सिद्ध सृष्टिदेखि शुरु भयो, तर अब मिस्र देशमा लास हाल्ने कफिनको वर्णन दिएर त्यसको अन्त भएको छ।' उत्पत्तिको पुस्तकचाहिँ विभिन्न मानिसहरूको जीवनीहरूले भरिएको पुस्तक हो। त्यसका दुईवटा अध्यायहरूमा आकाश र पृथ्वी सृष्टि गरिएको वृत्तान्त छ; तर त्यसका बाँकी अठचालीस अध्यायहरूमा पुरुष र स्त्रीहरूका जीवनीहरू हालिएका छन्; किनभने परमेश्वर मानिसहरूमा चासो राख्नुहुन्छ। मानिसहरू उहाँको प्राथमिकता हुन्छन्। के तपाईं उहाँलाई चिन्नुहुन्छ? तब यो उक्त कुरा अवश्य तपाईंको निम्ति ठूलो सान्त्वनाको कारण बन्छ, साथै यस कुराले निश्चय तपाईंलाई चुनौती पनि दिन्छ।

## ENDNOTES:

1) **Introduction:** Anton Hartmann (1831). See Merrill F. Unger, *Introductory Guide to the Old Testament*, p. 244.
2) **Introduction:** See, e.g., Gleason Archer, *Archaeology and the Old Testament*.
3) **1:2:** Others put the catastrophe before v. 1 and see v. 1 as a summary statement.
4) **1:2:** However, the Hebrew verb *hayah* usually is followed by the preposition *le* when it means "become," and that is not the case here.
5) **2:15–23:** Hebrew has only two tenses (plus participles): perfect and imperfect. Context determines the precise verb form that is best in translating into English.
6) **3:7–13:** C. H. Mackintosh, *Genesis to Deuteronomy*, p. 33.
7) **3:22–24:** Merrill F. Unger, *Unger's Bible Dictionary*, p. 192.
8) **4:7:** C. H. Mackintosh, *Genesis to Deuteronomy*, p. 42.
9) **4:7:** F. W. Grant, *"Genesis," The Numerical Bible*, I:38.
10) **5:25–32:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 12.
11) **6:4-5:** Merrill F. Unger, *Bible Dictionary*, p. 788.
12) **11:26–32:** Derek Kidner, *Genesis*, p. 112.
13) **15:7–21:** David Baron, *The New Order of the Priesthood*, pp 9–10 footnote.
14) **16:7–15:** F. Davidson, *The New Bible Commentary*, p. 90.
15) **Excursus:** Bennett J. Sims, *"Sex and Homosexuality," Christianity Today*, February 24, 1978, p. 29.
16) **22:16–19:** Charles F. Pfeiffer, *The Book of Genesis*, p. 6.
17) **24:1–9:** Ibid., p. 62.
18) **24:10–14:** Murdoch Campbell, *The Loveliest Story Ever Told*, p. 9.
19) **25:29–34:** D. L. Moody, *Notes From My Bible*, p. 23.
20) **26:1–6:** The word dwell in verse 3 is a different verb in Hebrew from that in verse 6 and suggests a less settled stay.
21) **26:26–33:** George Williams, *Student's Commentary*, p. 31.
22) **27:1–22:** Martin Luther, further documentation unavailable.
23) **27:1–22:** C. H. Mackintosh, *Genesis to Deuteronomy*, p. 114.
24) **28:10–19:** H. D. M. Spence and J. S. Exell, *"Genesis," in 'The Pulpit Commentary'*, pp. 349–50.
25) **31:1–18:** W. H. Griffith Thomas, *Genesis: A Devotional Commentary*, p. 288.
26) **31:19–21:** Merrill F. Unger, *Bible Dictionary*, p. 550.
27) **32:22–32:** Charles F. Pfeiffer, *The book of Genesis*, p. 80.
28) **37:1–17:** Arthur W. Pink, *Gleanings in Genesis*, pp. 343–408.
29) **38:1–11:** Arthur W. Pink, *Gleanings in Genesis*, pp. 343–408.
30) **38:24–26:** Walter C. Wright, *Psalms*, II:27.
31) **38:27–30:** Griffith Thomas, *Genesis*, p. 366.

**32) 44:14–17:** George Williams, *Student's Commentary*, p. 39.
**33) 46:1–7:** Basil F. C. Atkinson, *The Pocket Commentary of the Bible, The Book of Genesis*, p. 405.
**34) 47:27–31:** Derek Kidner, *Genesis*, p. 212.

## BIBLIOGRAPHY


Atkinson, Basil F. C. The Pocket Commentary of the Bible. The Book of Genesis. Chicago: Moody Press, 1957.

Campbell, Murdoch. The Loveliest Story Ever Told. Inverness: Highland Printers Ltd., 1962.

Grant, F. W. Genesis in the Light of the New Testament. New York: Loizeaux Bros. Inc., n.d.

_____. "Genesis." In The Numerical Bible, Vol. 1. Neptune, NJ: Loizeaux Brothers, 1977.

Keil, C. F. and Delitzsch, F. "Genesis." In Biblical Commentary on the Old Testament, Vol. 3. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Kidner, Derek. Genesis. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1973.

Pfeiffer, Charles F. The Book of Genesis. Grand Rapids: Baker Book House, 1976.

Pink, Arthur W. Gleanings in Genesis. Chicago: Moody Press, 1922.

Ross, Allen P. "Genesis." In The Bible Knowledge Commentary. Wheaton: Victor Books, 1985.

Spence, H. D. M., and Exell, J. S. "Genesis." In The Pulpit Commentary, Genesis. New York: Funk and Wagnalls, n.d.

Thomas, W. H. Griffith. Genesis: A Devotional Commentary. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1973.

Yates, Kyle M., Sr. "Genesis." In The Wycliffe Bible Commentary. Chicago: Moody Press, 1968.

# प्रस्थानको पुस्तकको टिप्पणी

# प्रस्थानको पुस्तकको भूमिका

*'जस-जसले परमेश्‍वरको उद्धारका कार्यहरूको वृत्तान्तमा धर्मविज्ञानको आधारभूत मूलतथ्य देख्छन्, तिनीहरूको निम्ति प्रस्थानको पुस्तकको १-१५ अध्यायको खण्डचाहिँ सर्वश्रेष्ठ भाग हो, जुन खण्डसित पवित्र बाइबलका बाँकी सबै वृत्तान्तहरू मिलाउन सकिन्छ। जस-जसले "पुरानो नियमको रचनाचाहिँ सामुहिक आराधनाको सम्बन्धमा यहूदी जातिको उत्पाद हो" भन्छन्, ती मानिसहरूको निम्ति निस्तार-चाड़को स्थापनाको वृत्तान्तचाहिँ यस पुस्तकको मुटु हुनुपर्ला; किनभने इस्राएलीहरूका पर्वहरूमा निस्तार-चाड़चाहिँ सर्वश्रेष्ठ र सबैभन्दा विशेष हो। अनि ज-जसले "तोरा" अर्थात् परमप्रभुको व्यवस्थामा सर्वेसर्वा देख्छन्, तिनीहरूको निम्ति प्रस्थानको पुस्तकमा व्यवस्था कसरी दिइयो, सो बयान समावेश गरिएको छ, साथै व्यवस्थाको सार मानिएका दस आज्ञाहरू पनि यसमा उल्लेख गरिएका छन्; किनकि यो व्यवस्थाचाहिँ पछि इस्राएली जातिको जनजीवन र उनीहरूको सबै विचारधारणाको केन्द्रबिन्दु बन्यो।'*

*श्री आर. एलन कोल*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

प्रस्थानको पुस्तकको नाम ग्रीक भाषामा 'निकास' हो। अनि यस प्रस्थानको पुस्तकले यूसुफको मृत्युपछि इस्राएलीहरूलाई के-के भयो, यसबाट आफ्नो वृत्तान्त शुरु गर्छ। इस्राएलीहरू मिस्र देशमा चार शताब्दीसम्म दासत्वमा बसे, त्यसपछि तिनीहरूले त्यहाँबाट छुटकारा पाए। अनि यस दिव्य छुटकाराको सम्बन्धमा स्थापित भएको निस्तार-चाड़चाहिँ यहूदीधर्मको जग हो। किनभने हठी फाराओ यहूदीहरूका परमेश्‍वरप्रति अटेरी बने, र यसरी तिनले आफ्नो समस्त देशमाथि दसवटा भयानक विपत्तिहरू निम्त्याए। त्यसपछि मात्र यो छुटकारा सम्भव भयो। पवित्र बाइबलमा मिस्र देशचाहिँ संसार चित्रण गर्छ।

प्रस्थानको पुस्तक एउटा अद्‌भुत पुस्तक हो; किनभने यसमा इस्राएलीहरू लाल समुद्र तरेको बयान छ, साथै धेरै आश्‍चर्यकर्महरू उल्लेख गरिएका छन्; अनि सिनाई पर्वतमा मोशाको व्यवस्था कसरी दिइयो, सो वर्णन गरिएको छ, अनि अन्तमा यस पुस्तकको बाँकी भागमा परमेश्‍वरको निवासस्थानको निर्माणको निम्ति विस्तृत निर्देशनहरू दिइएका छन्।

### ख) यस पुस्तकको लेखक को हुन्?

यहूदीधर्म र इसाईधर्मको धारणाअनुसार प्रस्थानको पुस्तक पक्का गरी मोशाले लेखेका दोस्रो पुस्तक हो। अनि हामीले यस पुस्तकको सम्बन्धमा र 'पेन्टटुक'का अरू पुस्तकहरूको सम्बन्धमा यो परम्परागत धारणा अपनाएका छौं। यस धारणाको विस्तृत प्रतिरक्षा हामीले 'पेन्टटुकको भूमिका' शीर्षक अन्तर्गत यस पुस्तकको परिचय दिँदा प्रस्तुत गरेका छौं। यसकारण तपाईले त्यहाँ हेरेर यसको विषयमा बढ़ी जानकारी लिनुहोला।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

कतिजना बाइबलका विद्वान्हरूको विचार-अनुसार इस्राएलीहरू १५८० ख्रीष्टपूर्व मिस्र देशदेखि निस्केर आए भने, अरू बाइबलका विद्वान्हरू पनि छन्, जसले मिस्र देशबाट निस्किआएको तिनीहरूको प्रस्थानको समय-चाहिँ १२३० ख्रीष्टपूर्वतिर पारेका छन्। १ राजा ६:१ पदले बताएअनुसार तिनीहरूको प्रस्थानको समयचाहिँ राजा सुलेमानले मन्दिर निर्माण-कार्य शुरु गर्नुभन्दा ४५० वर्ष पहिले भएको थियो। अनि तिनले मन्दिरको निर्माण-कार्य शुरु गरेको वर्ष लगभग ९६० ख्रीष्टपूर्व भएको हो; यसो हो भने, तिनीहरूको प्रस्थानको समय १४४० ख्रीष्टपूर्व भएको हुनुपर्ला; यो अनुदार विद्वान्हरूको धारणा हो।

अब पुरातत्त्वको अनुसन्धानको कुरा आयोः यता धेरै विद्वान्हरू छन्, जसले यसो भन्छन्ः 'पुरातत्त्व-विज्ञानले इस्राएलीहरूको प्रस्थानको समय १२९० ख्रीष्टपूर्व भएको कुरा समर्थन गर्छन्' अरे। तर उता पुरात्त्वको अनुसन्धानले भेट्टाएका थोकहरू पनि छन्, जुन प्रमाणिक थोकहरूले गर्दा यसभन्दा पहिलेको मिति नै सठीक हो भन्ने कुरा उपयुक्त देखिन्छ। अनि हामीचाहिँ ? हामीले निश्चित रूपले सठीक समय पत्ता लगाउन सकेका छैनौं। यसो भए पनि हामी यहाँ आफ्नो राय प्रस्तुत गर्छौंः पक्ष-विपक्षका सबै कुराहरू छानबिन गरेर हेर्दा इस्राएलीहरूको प्रस्थानको समय १४४० ख्रीष्टपूर्व भएको हुनुपर्ला, र प्रस्थानको पुस्तकको लेख्ने समय त्यसभन्दा केही पछि भएको मानिलिनु सर्वोत्तम देखिन्छ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

जब प्रस्थानको पुस्तक खोलिन्छ, तब उत्पत्तिको पुस्तकले हामीलाई जहाँ छोड़ेको थियो, त्यहाँ हामी इस्राएलीहरूलाई मिस्र देशमा भएको भेट्टाउँछौं। तर अब तिनीहरूको पृष्ठभूमि पूरा बदली भएर अर्को भएको छ। अब चार सय वर्ष बितिसके। एक समयमा मिस्रीहरूको कृपादृष्टि पाएका यहूदीहरू अब तिनीहरूका कमारा भएछन्, जसले फाराओको बृहत् आवास निर्माण कार्यक्रम-अन्तर्गत इँटा बनाइरहेका थिए।

इस्राएलीहरूको छुटकारा र इस्राएली जातिको स्थापना यस पुस्तकका दुईवटा प्रमुख विषयवस्तु हुन्। अनि बितेका ३,४०० वर्षमा संसारभरिका यहूदीहरूले यो घटना निस्तार-चाड़को रूपमा मनाइरहेका छन्। किनभने त्यस बेलामा ईश्वरीय शक्तिले र निष्खोट पाठोको रगतद्वारा इस्राएलीहरूले मिस्र देशको दासत्वदेखि छुटकारा पाए; अनि खास गरी त्यस निस्तारको समयदेखि इस्राएलका सन्तानहरूले इस्राएली जातिको रूप लिन थाले।

आउनुहोस्, अब हामी प्रभुभोजको कुरा पनि गरौं; किनभने यस प्रभुभोजद्वारा परमेश्वरका जनहरूको अर्को छुटकाराको सम्झना गरिन्छ, जुन छुटकारा पनि ईश्वरीय शक्ति र उहाँको पवित्र रगतद्वारा भएको हो। इतिहासको हिसाबले र सैद्धान्तिक हिसाबले हेर्नु हो भने, यो प्रभुभोज निस्तार-चाड़बाट निस्केर आएको छ। अनि केही हदसम्म यसो भन्न मिल्छः प्रभुभोजका सामग्रीहरूले, त्यस रोटी र त्यस दाखमद्यले निस्तार-चाड़को याद दिलाउँछन्; किनभने त्यस चाड़को धार्मिक संस्कारमा उस्तै सामग्रीहरू प्रयोग गरिएका छन्।

अनि इस्राएलीहरू मिस्र देशबाट निस्के-पछि घटनास्थल फेरि बदली हुन्छ; अब यसको पृष्ठभूमि उजाड़स्थान भएको छ। त्यस उजाड़स्थानमा मोशाले परमेश्वरबाट उहाँका जनहरूको निम्ति व्यवस्था पाए। अनि प्रस्थानको पुस्तकको बाँकी भाग, अर्थात् यस

पुस्तकको प्रायः आधा भाग परमेश्वरको निवासस्थानको विषयमा र हारूनको पूजाहारीगिरीको सम्बन्धमा लेखिएको छ (प्रस्थान २५-४०) । याद गर्नुहोस्ः यी विवरणहरू ऐतिहासिक मात्र हुँदैनन् ।

यदि हामी प्रस्थानको पुस्तकबाट आत्मिक लाभ उठाउनु हो भने, हामीले यस पुस्तकभित्र ख्रीष्टलाई खोजेर भेट्टाउनुपर्छ । मोशा, निस्तार-चाड़को पाठो, पानी निस्किरहेको त्यो चट्टान र निवासस्थानचाहिँ प्रभु येशूलाई प्रकट गर्ने प्रतीकहरू हुन् – यस्ता प्रतीकहरूका सन्दर्भ-पदहरू हामीले पवित्र बाइबलमा १ कोरिन्थी ५ः७, १०ः४, अनि हिब्रू ३-१० अध्यायहरूमा पाउँछौं । प्रभु येशूले इम्माउसको बाटोमा हिँड़िरहेका दुईजना चेलाहरूको निम्ति जे गर्नुभयो, त्यो हाम्रो निम्ति पनि गरिदिऊन्; किनभने *'उहाँले मोशा र सबै भविष्यवक्ताहरूबाट शुरु गरेर सबै पवित्र शास्त्रहरूभित्र आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ खोलिदिनुभयो'* (लूका २४ः२७) ।

## रूपरेखाः

**खण्ड १) प्रस्थान १ः मिस्र देशमा इस्राएलीहरूको दासत्व**

**खण्ड २) प्रस्थान २ः मोशाको जन्म, तिनको उद्धार र तिनको तालिम**

**खण्ड ३) प्रस्थान ३-४ः मोशाको बोलावट**

- **क) प्रस्थान ३ः१-२२ः** परमप्रभु मोशाकहाँ प्रकट हुनुभएको
- **ख) प्रस्थान ४ः१-१७ः** मोशाको हिचकिचाहट
- **ग) प्रस्थान ४ः१८-३१ः** मोशा मिस्र देशमा फर्केको

**खण्ड ४) प्रस्थान ५ः१-७ः१३ः मोशा दुईपल्ट फाराओसँग जुधे**

- **क) प्रस्थान ५ः१-७ः६ः** पहिलो सामना
- **ख) प्रस्थान ७ः७-१३ः** दोस्रो सामना

**खण्ड ५) प्रस्थान ७ः१४-१०ः२९ः मिस्र देशमाथि आइपरेका दस विपत्ति-हरूमा पहिला नौवटा विपत्तिहरू यस प्रकारका छन्ः**

- **क) प्रस्थान ७ः१४-२५ः** पहिलो विपत्तिः नील नदीको पानी रगतमा परिणत भएको
- **ख) प्रस्थान ८ः१-१५ः** दोस्रो विपत्तिः भ्यागुताहरू
- **ग) प्रस्थान ८ः१३-१९ः** तेस्रो विपत्तिः जुम्राहरू
- **घ) प्रस्थान ८ः२०-३२ः** चौथो विपत्तिः हूलैहूल डाँसहरू
- **ङ) प्रस्थान ९ः१-७ः** पाचौं विपत्तिः गाईबस्तुमाथि कष्टदायक महामारी
- **च) प्रस्थान ९ः८-१२ः** छैटौं विपत्तिः पिलाहरू उब्जाउने भतभती पोल्ने खटिरा
- **छ) प्रस्थान ९ः१३-३५ः** सातौं विपत्तिः असिना र आगो
- **ज) प्रस्थान १०ः१-१०ः** आठौं विपत्तिः सलहहरू
- **च) प्रस्थान १०ः२१-२९ः** नवौं विपत्तिः तीन दिनसम्म छाएको घनघोर अन्धकार

**खण्ड ६) प्रस्थान ११ः१-१२ः३०ः निस्तारको स्थापना र मिस्रीहरूका पहिले जन्मनेहरूको मृत्यु**

**खण्ड ७) प्रस्थान १२ः३१-१४ः२१ः मिस्र देशबाट इस्राएलीहरूको प्रस्थान**

- **क) प्रस्थान १२ः३१-१३ः२२ः** इस्राएलीहरू लाल समुद्रतर्फ भागेका
- **ख) प्रस्थान १४ः** इस्राएलीहरू लाल समुद्र तरेका
- **ग) प्रस्थान १५ः१-२१ः** मोशाको स्तुतिगान

**खण्ड ८) प्रस्थान १५ः२२-१८ः२७ः सिनाई पर्वततर्फको यात्रा**

- **क) प्रस्थान १५ः२२-२७ः** इस्राएलीहरू शूरको उजाड़स्थानमा

**ख) प्रस्थान १६ः** इस्राएलीहरू सीनको उजाड़स्थानमा

**ग) प्रस्थान १७ः** इस्राएलीहरू रपीदीममा

**घ) प्रस्थान १८ः** मोशा र येत्रो

**खण्ड ९) प्रस्थान १९-२४ः व्यवस्था प्रदान गरिएको**

**क) प्रस्थान १९ः** परमेश्वरसँग भेट गर्नलाई तयारी

**ख) प्रस्थान २०ः** दस आज्ञाहरू

**ग) प्रस्थान २१-२४ः** विविध नियमहरू

**अ) प्रस्थान २१ः१-११ः** कमारा-कमारी सम्बन्धित नियम

**आ) प्रस्थान २१ः१२-२६ः** व्यक्तिगत चोट र हानि सम्बन्धित नियम

**इ) प्रस्थान २२ः१-६ः** चोरी र सम्पत्तिको हानि सम्बन्धित नियम

**ई) प्रस्थान २२ः७-१५ः** बेइमानदारी हुने सम्बन्धमा दिइएको नियम

**उ) प्रस्थान २२ः१६-१७ः** कन्याप्रति गरेको कुकर्म सम्बन्धित नियम

**ऊ) प्रस्थान २२ः१८-२३ः१९ः** सामाजिक र धार्मिक कर्तव्यहरू

**ओ) प्रस्थान २३ः२०-३३ः** कनान देश कब्जा गर्ने सम्बन्धमा कतिपय नियमहरू

**औ) प्रस्थान २४ः१-८ः** परमेश्वर र उहाँका जनहरूको बीचमा स्थापित भएको करार पारित गरिएको

**औं) प्रस्थान २४ः९-१८ः** परमेश्वरको महिमा प्रकट भएको

**खण्ड १०) प्रस्थान २५-४०ः निवासस्थान र पूजाहारीगिरी**

**क) प्रस्थान २५-२७ः** पवित्र निवासस्थानको निर्माण-कार्यको सम्बन्धमा दिइएका निर्देशनहरू

**अ) प्रस्थान २५ः१-९ः** सामग्रीहरूको संग्रह

**आ) प्रस्थान २५ः१०-१६ः** करारको सन्दुक

**इ) प्रस्थान २५ः१७-२२ः** कृपा-आसन

**ई) प्रस्थान २५ः२३-३०ः** भेटीका रोटीहरूको टेबल

**उ) प्रस्थान २५ः३१-४०ः** सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू

**ऊ) प्रस्थान २६ अध्यायः** पवित्र निवासस्थान

**ओ) प्रस्थान २७ः१-८ः** होमबलिको वेदी

**औ) प्रस्थान २७ः९-१९ः** निवासस्थानको आँगन, त्यसका खाँबाहरू र त्यसका पर्दाहरू

**औं) प्रस्थान २७ः२०-२१ः** सामदानको निम्ति प्रयोग गरिने तेल

**ख) प्रस्थान २८-२९ः** पूजाहारीगिरी

**अ)प्रस्थान २८ः** पूजाहारीहरूका वस्त्रहरू

**आ) प्रस्थान २९ः** पूजाहारीहरूको समर्पण

**ग) प्रस्थान ३०-३१ः** पवित्र निवासस्थानको विषयमा अरू निर्देशनहरू
- **अ) प्रस्थान ३०ः१-१०ः** धूप-वेदी
- **आ) प्रस्थान ३०ः११-१६ः** प्रायश्चित्तको भेटी
- **इ) प्रस्थान ३०ः१७-२१ः** हातखुट्टा धुने बाटा
- **ई) प्रस्थान ३०ः२२-३३ः** अभिषेकको तेल
- **उ) प्रस्थान ३०ः३४-३८ः** धूप
- **ऊ) प्रस्थान ३१ः१-११ः** वरदान पाएका कारिगरहरू
- **ओ) प्रस्थान ३१ः१२-१८ः** विश्राम-दिनरूपी चिन्ह

**घ) प्रस्थान ३२-३३ः** इस्राएलीहरूको बीचमा मूर्तिपूजा
- **अ) प्रस्थान ३२ः१-१०ः** सुनको बाछा
- **आ) प्रस्थान ३२ः११-३४ः** मोशाको अन्तर्विन्ती र तिनको रिस
- **इ) प्रस्थान ३३ः१-६ः** मानिसहरूले पश्चाताप गरे
- **ई) प्रस्थान ३३ः७-११ः** मोशाको भेट हुने पाल
- **उ) प्रस्थान ३३ः१२-२३ः** मोशाको प्रार्थना

**ङ) प्रस्थान ३४ः१-३५ः३ः** करारको नवीकरण

**च) प्रस्थान ३५ः४-३८ः३१ः** पवित्र निवासस्थानका सामग्रीहरू तयार गरिएका कारिगरहरू
- **आ) प्रस्थान ३६ः८-१९ः** निवासस्थानलाई ढाक्ने पर्दाहरू
- **इ) प्रस्थान ३६ः२०-३०ः** तीनपट्टिका भित्ताहरूको निम्ति हुने फल्याकहरू
- **ई) प्रस्थान ३६ः३१-३४ः** फल्याकहरूलाई जोड्ने साटाहरू
- **उ) प्रस्थान ३६ः३५-३६ः** महापवित्रस्थानलाई छुट्ट्याउने बीचको पर्दा
- **ऊ) प्रस्थान ३६ः३७-३८ः** पवित्रस्थानको प्रवेशद्वारमा लगाइदिने पर्दा
- **ओ) प्रस्थान ३७ः१-५ः** करारको सन्दुक
- **औ) प्रस्थान ३७ः६-९ः** कृपा-आसन
- **औं) प्रस्थान ३७ः१०-१६ः** भेटीका रोटीहरूको टेबल
- **अः) प्रस्थान ३७ः१७-२४ः** सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू
- **अअ) प्रस्थान ३७ः२५-२८ः** धूप-वेदी
- **आआ) प्रस्थान ३७ः२९ः** अभिषेकको तेल र धूप
- **इइ) प्रस्थान ३८ः१-७ः** होमबलिको वेदी
- **ईई) प्रस्थान ३८ः८ः** हातखुट्टा धुने बाटा
- **उउ) प्रस्थान ३८ः९-३१ः** निवासस्थानको आँगन, त्यसका खाँबा र पर्दाहरू

**छ) प्रस्थान ३९ः** पूजाहारीहरूका वस्त्रहरूको तयारी

**ज) प्रस्थान ४०ः** पवित्र निवासस्थान खड़ा गरिएको

# प्रस्थानको पुस्तकको टिप्पणी

## खण्ड १

### प्रस्थान १ः मिस्र देशमा इस्राएलीहरूको दासत्व

**प्रस्थान १ः१-८ः** यस पुस्तकका पहिला शब्दहरूबाट यहूदी परम्पराअनुसार यस पुस्तकको नाम भएको छ। हिब्रू भाषामा यस पुस्तकको नाम 'वे-एलेह शेमोत' हो, जसको नेपाली अनुवाद 'अनि यी तिनीहरूका नामहरू हुन्' हो। हेर्नुहोस्ः हाम्रा परमेश्वर कति व्यक्तिगत हुनुहुन्छ!! उहाँ सङ्ख्यासँग होइन, तर व्यक्ति-व्यक्तिको नामसँग सरोकार राख्नुहुँदो रहेछ। यसकारण बुभ्नुहोस्ः उहाँको निम्ति हामी कुनै कम्प्यूटर कार्डमा लगाइएका बिन्दुहरू मात्र होइनौं। प्रभु येशूले असल गोठालाको विषयमा यसो भन्नुभयोः *'उसले आफ्ना भेड़ाहरूलाई नाम लिई-लिई बोलाउँछ र तिनीहरूलाई बाहिर लैजान्छ'* (यूहन्ना १०ः३)। अनि यो कुरा यहाँ पनि खूबै सुहाउँछ। किनभने इस्राएलीहरू गोठालाहरू भएर तल मिस्र देशमा आएका थिए, तर अब तिनीहरू कमारा भए। तर तिनीहरूको विषयमा परमेश्वरको शुभ अभिप्राय छः उहाँ तिनीहरूको असल गोठाला हुनुहुन्छ, जसले तिनीहरूलाई अब चाड़ै बाहिर निकालेर लैजानुहुनेथियो।

*'अनि याकूबको शरीरबाट जन्मेका सबै प्राणीहरू सत्तरीजना थिए'* (प्रस्थान १ः५)। यस शङ्ख्याको विषयमा हामीले उत्पत्ति ४६ः८-२७ पदको खण्डअन्तर्गत दिएको टिप्पणीमा विभिन्न स्पष्टीकरण दिएका छौं। यसकारण तपाईंले त्यस खण्डमा फर्केर हेर्नुहुने हाम्रो अनरोध छ।

सत्तरीजनाको परिवारबाट निक्कै वृद्धि भएको छः इस्राएलीहरू अब त लाखौंलाख मानिसहरू भएका छन्ः गन्ती १ः४६ पद-अनुसार तिनीहरू सिनाई पर्वतबाट कनान देशतर्फ हिंड्न लागेको समयमा जम्मै छ लाख तीन हजार पाँच सय पचास लड़ाइँ गर्न सक्ने सिपाहीहरू थिए।

प्रस्थान १ः६-७ पदहरूले स्पष्ट सङ्केत दिन्छन्, कि उत्पत्तिको पुस्तकको अन्तदेखि प्रस्थानको पुस्तकको शुरुसम्म धेरै वर्षहरू बिते। अनि प्रस्थान १ः८ पदको अर्थ यस प्रकारको छः मिस्र देशमा एक नयाँ राजा खड़ा भए, जसले यूसुफलाई यस हिसाबले चिन्दैनथिए, कि तिनले यूसुफको वंशमाथि असल दृष्टि लगाउँदैनथिए। अनि अवश्य पनि यूसुफ निक्कै अगाड़ि मरिसकेका थिए।

**प्रस्थान १ः९-१०ः** इस्राएलीहरू सङ्ख्यामा यति साह्रै बढ़ेका थिए र तिनीहरू यति शक्तिशाली भइसकेका थिए, कि फाराओको विचारमा लड़ाइँको समयमा तिनीहरूबाट मिस्रीहरूको निम्ति खतरा आउँथ्यो। यसकारण तिनले इस्राएलीहरूलाई

कमारा बनाइराख्नको साथै जन्मेका हरेक नर-बालकलाई नाश गर्ने, र अन्तमा यसरी नै यहूदी जातिको नामनिशाना मेटिदिने निर्णय गरे। याद गर्नुहोस्ः पवित्र धर्मशास्त्र बाइबलमा तीनजना दुष्ट शासकहरूको विषयमा लेखिएको छ, जसले निर्दोष बाल-बालिकाहरूको हत्या गर्ने आदेश दिएः फाराओ, रानी अतल्याह (२ राजा ११) र राजा हेरोद (मत्ती २)। यी शैतानिक हमलाहरूको उद्देश्य यस प्रकारको थियोः यीद्वारा शैतानले मसीहको वंश सर्वनाश गर्न खोज्यो। शैतानले उत्पत्ति ३ः१५ पदमा गरिएको प्रतिज्ञा कहिल्यै भुलेको रहनेछ।

**प्रस्थान १ः११-१४ः** फाराओले ती दासत्वको बन्धनमा परेका इस्राएलीहरूद्वारा पिताम र राम्सेस नाम गरेका दुईवटा शहरहरू निर्माण गरे, जहाँ उनले पछि अन्न सञ्चय गरिराख्थे। तर उनले यस दमनकार्यद्वारा यहूदी जातिको नामनिशाना मेटिदिन त के, बरु इस्राएलीहरूको वृद्धि पो भएछ! तिनीहरूको खराबी गर्ने मनसायले फाराओले तिनीहरूलाई कठोर दासत्वमा पारे; तर परमेश्वरले यस परिस्थितिमा तिनीहरूको निम्ति भलाइ गर्नुभयो; किनकि यस कुराले इस्राएलीहरूलाई मिस्र देशदेखि प्रतिज्ञाको देशसम्मको कठिन यात्राको निम्ति तालिम दिने काम गऱ्यो।

**प्रस्थान १ः१५-१९ः** हुन सक्छ, शिप्रा र पूआचाहिँ यहूदीहरूका सुँड़िनीहरूका मुख्य थिए। जब यिनीहरूले यहूदी स्त्रीहरूलाई बालक जन्माउने पिरामा बसेका देखे, तब यिनीहरूले फाराओले दिएको आदेशअनुसार काम गरेनन्; यिनीहरूले यहूदी नर-बालकहरूलाई मारेनन्, तर त्यत्तिकै छोड़िदिए। जब फाराओले यिनीहरूको यो निष्क्रियता चाल पाए, तब यिनीहरूले यहूदी आमाहरू अरू स्त्रीहरूजस्ता दुर्बल नभएका, तर धाईहरू आइपुग्नुभन्दा अघि नै बालकहरू जन्माइसकेको कुरा बताइदिए। अनि निस्सन्देह, यिनीहरूको यस कुरामा केही सत्यता भएकै थियो।

**प्रस्थान १ः२०-२२ः** स्क्रीप्चर यूनियनले आफ्ना दैनिक पाठमा यी सुँड़िनीहरूको विषयमा यस प्रकारको टिप्पणी प्रस्तुत गऱ्योः

> 'परमेश्वरले ती सुँड़िनीहरूलाई दिनुभएको इनाम यस प्रकारको थियोः उहाँले तिनीहरूलाई पारिवारिक जीवनमा वृद्धि दिनुभयो (प्रस्थान १ः२१)। यो इनाम तिनीहरूलाई किन, कुन हिसाबले दिइयो त? यो त तिनीहरूले फाराओलाई छल गरेको प्रतिफल अवश्य थिएन। तर तिनीहरूले यस कुरामा मानवताको सद्‌गुण देखाए। यसकारण तिनीहरूले यो आशिष पाए। यसबाट "परिणाम असल हो भने खराब साधन चलाउनु पनि निको" भन्ने कथन कुनै हालतमा पनि साँचो साबित गरिएको छैन यहाँ। अनि उक्त कुरा भनेर "नैतिकताको हिसाबमा कुनै निर्धारित, सुनिश्चित मापदण्ड-हरू छैनन्" भन्न खोजेको पनि होइन। तर हाम्रो-जस्तो पापले भरिएको संसारले हामीलाई नराम्रो असर नगर्ने होइन। यसकारण यस विषयमा खास कुरा यस्तो थियोः ती सुँड़िनीहरूले केवल फाराओको आदेश र परमेश्वरको आज्ञाको बीचमा छान्न सके। तब कसको आज्ञापालन गर्नु ठीक होला? राजाको आज्ञा सानो मानेको र परमेश्वरको आज्ञा ठूलो सम्झेकोमा तिनीहरूमा के गल्ती थियो र? अनि यस सम्बन्धमा अरू सबै कुरामा जस्तै एउटा सर्वमान्य नियम छः "परमप्रभुको भय नै ज्ञानको शुरु हो" (हितोपदेश १ः७)।'

ती यहूदी सुँड़िनीहरूको कारणले फाराओको योजना विफल भयो; यसैले उनले आफ्नो सारा प्रजालाई आज्ञा गरेः 'तिमीहरूले भर्खर जन्मेको हरेक नव-बालकलाई नदीमा फाल्नू, तर हरेक बालिकालाई जिउँदो छोड़िराख्नू!'

# खण्ड २

## प्रस्थान २ः मोशाको जन्म, तिनको उद्धार र तिनको तालिम

**प्रस्थान २ः१-२ः** यहाँ, यस पदमा *'एकजना लेवीको घरानाको मानिस'*चाहिँ अम्राम थिए भने, *'लेवीकी छोरी'*चाहिँ योकेबेद थिइन् (प्रस्थान ६ः२०)। यसर्थ मोशाका बुबा र आमा दुवैजना लेवी-कुलका थिए, त्यस पूजाहारीय कुलका थिए। विश्वासद्वारा प्रेरित भई मोशाका बुबाआमाले तिनलाई तीन महिनासम्म लुकाइराखे (हिब्रू ११ः२३)। यसबाट स्पष्ट बुझिन्छ, कि तिनीहरूले मोशा र तिनको भविष्यको विषयमा केही अलौकिक प्रकाश पाएका हुनुपर्ला; किनकि विश्वासचाहिँ सदैव परमेश्वरको सुस्पष्ट वचनमाथि आधारित हुन्छ र हुनुपर्छ।

**प्रस्थान २ः३-८ः** योकेबेदले बनाएको कोक्रो र नूहले बनाएको पानीजहाज – यी दुवै कुराले ख्रीष्ट येशूलाई चित्रण गर्छन्। अनि मोशाकी दिदी मरियम थिइन् (गन्ती २६ः५९)। यस अध्यायमा संयोगले मिलाएका सुयोगहरूको मिलन छ, जस्तैः फाराओकी छोरीले नदीमा बगिरहेको कोक्रो भएको ठाउँमा नुगाइन्। ठीक त्यही घड़ीमा बालक रोयो, र यसरी यिनीभित्र टिठ्याउने भावना पैदा गर्‍यो। अनि फाराओकी छोरीले मोशाकी आमालाई नै धाईको रूपमा स्वीकार गरिन्।

**प्रस्थान २ः९-१०ः** सबै इसाई बुबाआमा-हरूले नौ पदका शब्दहरू आफ्नो पवित्र कर्तव्य सम्झनुपर्छ र अचूक प्रतिज्ञाको रूपमा अपनाउनुपर्छ। फाराओकी छोरीले यस बालकलाई 'मोशा' भन्ने नाम दिइन्। मिस्रीहरूको भाषामा 'मोशा'को सम्भवतः अर्थ 'छोरा' हुन्छ होला। तर हिब्रू भाषामा यस नामको अर्थ 'पानीबाट निकालिएको'[1)] हो। यस विषयमा हामी श्री सी. एच. मेकिन्तोशको कुरा सुनौं, जसले आफ्नो अन्तर्दृष्टिले पूर्ण टिप्पणी यसो गरेका छन्:

> 'शैतान आफै आफूले चलाएको हतियारद्वारा विफल भयो; किनकि त्यसले परमेश्वरको उद्देश्य विफल तुल्याउन ती फाराओलाई प्रयोग गर्‍यो, जुन फाराओलाई परमेश्वरले मोशाको पालनपोषण गर्नको निम्ति प्रयोग गर्नुभयो, जुन मोशा पछिबाट शैतानको शक्ति हरण गर्ने परमेश्वरको हतियार बने।'[2)]

**प्रस्थान २ः११-१२ः** प्रेरित ७ः२३ पदबाट हामी जान्दछौं, कि मोशाले आफ्ना मानिसहरूलाई भेट गरेको समयमा तिनी चालीस वर्ष पुगेका थिए। तिनले एकजना मिस्रीको हत्या गरे, कति मूर्खा! आफ्नो मानिसप्रति भएको तिनको प्रबल जोशले तिनलाई आफ्नो विवेक नाघ्न लगाइदियो। यस्तो समय आउनेथियो, जब परमेश्वरले इस्राएलीहरूलाई मिस्रीहरूको हातदेखि छुटकारा गर्नुहुनेथियो। तर यो समय आएको थिएन। पहिले तिनले मरुभूमिको एउटा कुनामा चालीस वर्षसम्म बिताउनुपरेको थियो र परमेश्वरबाट तालिम पाउनुपरेको थियो। इस्राएलीहरूले मिस्र देशको दासत्वमा ४०० वर्ष बिताउनुपर्ने कुरा परमेश्वरले पहिलेबाटै भनिसक्नुभएको थियो (उत्पत्ति १५ः१३)। यसकारण मोशाले आवेगमा गरेको हत्याचाहिँ सो अवधि पूरा हुनुभन्दा ४० वर्ष पहिले नै भएको थियो। तिनलाई मरुभूमिको एकलास ठाउँमा अझै पनि तालिमको नितान्त आवश्यक थियो। अनि परमेश्वरका जनहरू-चाहिँ? तिनीहरूलाई अझै पनि इँटा बनाउने काममा तालिम लिनु आवश्यक थियो। परमप्रभुले आफ्नो असीम बुद्धिअनुसार सबै

कुराहरू मिलाउनुहुन्छ। उहाँलाई कुनै हतार छैन; अनि उहाँले आफ्ना जनहरूलाई कुनै हालतमा पनि चाहिएको समयभन्दा एकै निमिष पनि दुःखकष्टभित्र राख्नुहुन्न।

**प्रस्थान २ः१३-१५[क]ः** दोस्रो दिनमा मोशा बीचमा गएर दुईजना यहूदी मानिसहरूको बीचमा भइरहेको झगड़ा शान्त पार्न खोजे, तर तिनीहरूले तिनको अगुवापन स्वीकार गरेनन्, जसरी तिनीहरूले भविष्यमा मोशाभन्दा पनि महान् हुनुहुनेको नेतृत्व अस्वीकार गर्नेथिए। जब तिनको हातद्वारा एक मिस्रीको हत्या भएको कुरा सर्वविदित छ भन्ने मोशालाई पत्ता लाग्यो, तब तिनी भयातुर भए। अनि जब फाराओले यस हत्याको बारेमा चाल पाए, तब उनले मोशालाई मार्न खोजे; तर तिनी भागेर मिद्यान देशमा पुगे, जुन मिद्यान देशचाहिँ अरबमा वा सिनाई पर्वतको क्षेत्रमा अवस्थित थियो।

**प्रस्थान २ः१५[ख]-२२ः** मिद्यानमा पुगेपछि मोशाले पानीको पनेरामा त्यहाँका पूजाहारीका सातजना छोरीहरूको पक्षमा निष्ठुर गोठाला-हरूको विरुद्धमा खड़ा भई तिनीहरूका गाईवस्तुलाई पानी खुवाएर सहायता पुऱ्याए। यस मिद्यानका पूजाहारीलाई दुईवटा नाम दिइएका छन्ः रूएल (प्रस्थान २ः१८) र येत्रो (प्रस्थान ३ः१), जुन नामचाहिँ एन.के.-जे.वी. र सेप्टुवजिन्टका अनुवादहरूअनुसार गन्ती १०ः२९ पदमा 'रगूएल' पनि लेखिन्छ। मिद्यानी जातिचाहिँ टाढ़ाबाट यहूदीहरूको साइनु लाग्ने मानिसहरू थिए (उत्पत्ति २५ः२)। अनि मोशाको विवाह येत्रोकी छोरी सिप्पोरासँग भयो; अनि तिनीहरूको एउटा छोरा जन्म्यो, जसको नाम मोशाले 'गेर्शोम' राखे। गेर्शोमको अर्थ 'प्रवासी' वा 'शरणार्थी' हो।

**प्रस्थान २ः२३-२५ः** परमेश्वरले आफ्ना जनहरूको दुर्दशा बेवास्ता गर्नुभएन। जब मिस्र देशमा एक नयाँ राजा खड़ा भए, तब परमेश्वरले इस्राएलका छोराछोरीहरूलाई सम्झनुभयो, तिनीहरूको पुकारा सुन्नुभयो र तिनीहरूमाथि कृपादृष्टि पनि गर्नुभयो; किनभने उहाँ तिनीहरूको कष्टसित सुपरिचित हुनुहुन्थ्यो। फलस्वरूप उहाँले आफ्नो दास मोशालाई मिस्र देशमा फर्काइल्याउनुहुनेथियो (प्रस्थान ३), जसले उहाँका जनहरूलाई ठूलो शक्तिको साथ मिस्र देशबाट निकालि-दिनेथिए; यत्रो शक्ति त सृष्टिको उत्पत्तिदेखि यता यस संसारमा कहिल्यै प्रदर्शन गरिएको थिएन।

# खण्ड ३

## प्रस्थान ३-४ः मोशाको बोलावट

### क) प्रस्थान ३ः१-२२ः परमप्रभु मोशाकहाँ देखा पर्नुभएको

**प्रस्थान ३ः१-४ः** मिद्यान देशमा मोशाले येत्रोका गाईवस्तु चराइरहेका र हेरचाह गरिरहेका थिए। यस कामबाट तिनले परमेश्वरका जनहरूलाई अगुवाइ गर्ने सम्बन्धमा कति बहुमूल्य पाठहरू सिके। जब तिनी होरेबमा अर्थात् सिनाई पर्वतमा गए, तब त्यहाँ परमप्रभु तिनीकहाँ एउटा पोथ्रामा देखा पर्नुभयो, जुन पोथ्रा आगोले जलिरहेको थियो, रपनि सखापचाहिँ भएको थिएन। यस पोथ्राले परमेश्वरको महिमा सङ्केत गर्छ, जसको सामु परमेश्वरले मोशालाई खाली खुट्टा उभिन लगाउनुभयो। यस पोथ्राले परमप्रभु आफ्ना जनहरूको बीचमा बस्नुहुनेछ, रपनि तिनीहरू भस्म हुनेछैन भन्ने कुराको पूर्वछाया पनि दिन खोजेको होला। कसै-कसैले यस दृश्यमा इस्राएली जातिको भाग्यशाली भविष्य देख्न खोजे, जुन जाति कष्ट भएर जानुपरे ता पनि नाश भएन। अनि

हामीचाहिँ ? हामी सबैजना त्यस पोथ्राले जस्तै परमेश्वरको निम्ति जल्नुपर्छ, रपनि सखाप-चाहिँ हुनु भएन।[3)]

**प्रस्थान ३:५ः** परमप्रभुले मोशासँग निम्न प्रतिज्ञा गर्नुभयोः उहाँले आफ्ना जनहरूलाई मिस्र देशदेखि छुटकारा दिनुहुनेछ र सबै कुराहरू प्रशस्त हुने भूमिमा ल्याइ-पुर्‍याउनुहुनेछ – कनान देशमा, जुन देशमा आठ पदले बताएअनुसार छवटा विभिन्न जातिहरू बसोबास गरिरहेका थिए। पवित्र बाइबलमा 'पवित्र' भन्ने शब्द प्रथम चोटि यहाँ लेखिएको पाइन्छ। आफ्ना जुत्ता/चप्पल फुकालेर मोशाले स्वीकार गरेः हो, यो ठाउँ पवित्र भूमि हो।

**प्रस्थान ३:६ः** परमप्रभुले मोशालाई *'म अब्राहाम, इसहाक र याकूबका परमेश्वर हुँ'* भनेर तिनका पितापुर्खाहरूका परमेश्वर हुनुहुन्छ भनी सुनिश्चित गराउनुभयो। श्री आर. एलन कोलले यस देखापराइमा कति महत्त्व छ, सो कुरा यसरी व्यक्त गरेका छन्ः

'मोशाले इस्राएलीहरूकहाँ कुनै नयाँ, नचिनिएको ईश्वरलाई प्रस्तुत गरेनन्; तर तिनले तिनीहरूकहाँ यही परमप्रभु परमेश्वरको प्रकाश भरपूर पारिदिए, जुन परमेश्वरलाई तिनीहरूले अगाड़िदेखि चिनिरहेका थिए। यसकारण अरियोपागसमा प्रेरित पावलले एथेन्सवासी-हरूलाई "नजानिएको ईश्वर" भनेर प्रयोग गरेका शब्दहरू यहाँ प्रस्तुत गरिनुभएको परमेश्वरसित तुलना गरिने अलिकति पनि योग्य छैनन् (प्रेरित १७:२३)। तर पहिला कयौं शताब्दीहरू बित्नुपर्नेथियो, त्यसपछि ख्रीष्ट येशूको पहिलो आगमनमा परमेश्वरको आत्म-प्रकाशन चरमसीमामा पुग्नेथियो, र केवल यस कुराले यहाँको प्रकाशसित तुलना गर्ने एकमात्र सुयोग्य समानान्तर पाएको छ। तर मोशाको समयमा तिनलाई दिइएको प्रकाशचाहिँ इस्राएलीहरूको निम्ति नयाँ, तिनीहरूलाई निक्कै हल्लाउन सक्ने प्रकाश थियो, यद्यपि यस प्रकाशमा तिनीहरूका पितापुर्खाहरूसँग गरिएका प्रतिज्ञाहरू पूरा हुन आएका थिए। अनि तिनीहरूको भविष्यमा एक दिन आउने-थियो, जुन दिनमा ख्रीष्ट येशूको आगमनको प्रकाश त्यस जमानाका इस्राएलीहरूका निम्ति फेरि नयाँ र तिनीहरूलाई निक्कै हल्लाउने किसिमको प्रकाश ठहरिनेथियो।'[4)]

**प्रस्थान ३:७-१२ः** मोशाले आफूलाई फाराओकहाँ पठाउन चाहनुभएको परमेश्वरको बोलावट आफ्नो दर्बलताको कारण अस्वीकार गरे। तर परमप्रभुले मोशालाई आश्वासन दिनुभयोः उहाँको उपस्थिति तिनको साथमा जानेथियो, र मिस्र देशको बन्धनबाट छुटाकारा पाएका मानिस-हरूको साथमा आएर तिनले यहाँ, यस सिनाई पर्वतमा परमेश्वरको सेवा र उपासना गर्नेथिए। तिनको निम्ति यो परमेश्वरको सुदृढ़ प्रतिज्ञा थियो। यसको विषयमा श्री जे. ओस्वाल्ड सेन्डर्सले आफ्नो विचार यस प्रकारले पोखेका छन्ः

'मोशाले आफ्ना अयोग्यताहरूको सूचि पेस गरे, जस्तैः

**क)** क्षमताको अभाव (प्रस्थान ३:११),
**ख)** सन्देशविनाको सन्देशवाहक (प्रस्थान ३:१३),
**ग)** अधिकारको अभाव (प्रस्थान ४:१),
**घ)** राम्ररी बोल्न नसक्ने वक्तृत्वहीन मानिस (प्रस्थान ४:१०),
**ङ)** परिस्थितिको अनुकूलता (प्रस्थान ४:२३),
**च)** पहिलेको असफलता (प्रस्थान ५:२३) र
**छ)** पहिले तिनलाई गरिएको अस्वीकार (प्रस्थान ६:१२)।

तिनले यहाँ प्रस्तुत गरेको सूचिमा पेश गरिएका अयोग्यताहरू अझ के हुन सक्नेथिए त, मलाई भन्नुहोस्! तिनले परमेश्वरलाई प्रसन्न तुल्याउनुको सट्टामा बरु आफ्नो दीनता र अनिच्छाले उहाँलाई रिस उठाए। *'तब मोशा-माथि परमप्रभुको रिस दन्कियो'* (प्रस्थान ४:१४)। तर वासत्वमा कुरा यस्तो छः जुन अभाव र अयोग्यताहरू मोशाले यहाँ बहानाको

रूपमा पेश गरे, तिनमा भएका यी अभाव र अयोग्यताहरूको खातिर परमेश्वरले तिनलाई यस कामको निम्ति चुन्नुभयो।' 5)

**प्रस्थान ३ः१३-१४ः** मोशा परमप्रभुको प्रवक्ताको रूपमा मिस्र देशमा फर्केको बेलामा इस्राएलीहरूले तिनको अधिकारको विषयमा प्रश्न गर्छन् भन्ने पूर्वअनुमान तिनले गरिसके। यसकारण कसले तिनलाई पठायो, सो सम्बन्धमा तिनले ती प्रश्न गर्नेहरूलाई केही ठोस उत्तर दिन चाहे। यस परिस्थितिमा परमेश्वरले सर्वप्रथम आफूलाई यहोवाको रूपमा अर्थात् 'म हुँ, जो म हुँ'को रूपमा प्रकट गर्नुभयो। 'यहोवा', अर्थात् झन् अक्षरशः उच्चरणअनुसार 'याव्हे' भन्ने शब्द हिब्रू भाषामा 'हायाह' नामक क्रियापदबाट आएको हो, जुन क्रियापदको अर्थ 'हुनु' हो। यो पवित्र नाम चारवटा अक्षरले बनेको छ, जसबाट अँग्रेजीमा 'यहोवा' भन्ने शब्द भएको छ। हिब्रूमा यो शब्द 'य-ह-व-ह गरेर लेखिन्छ, जुन अक्षरमा स्वरवर्ण मात्राहरू थपिए, जुन स्वरवर्ण मात्राहरू 'एलोहिम' र 'अदोनाई' भन्ने परमेश्वरका अन्य नामहरूबाट लिइए। तर यो हामी यहाँ, यस ठाउँमा स्वीकार गर्नुपर्छः 'य-ह-व-ह'बाट बनेको शब्दको खास उच्चारण हराएको छ। तर 'याव्हे' नै हामीलाई यसको सठीक उच्चारण भएको लाग्छ। यसको समस्या कहाँबाट आयो? उहिलेका यहूदीहरूले शब्दहरू लेख्दा आफ्नो हिज्जेमा कुनै स्वरवर्ण मात्रा लगाउँदैनथिए। 'य-ह-व-ह' गरेर लेखिएको 'परमप्रभु' भन्ने शब्द यहूदीहरूको विचारमा परम पवित्र थियो – यति पवित्र, कि यो शब्द तिनीहरूले कहिल्यै उच्चारण गरेनन्। जेजस्तो भए पनि 'यहोवा' वा 'याव्हे' भन्ने नामले परमेश्वरको स्व-अस्तित्व भएको, उहाँ पूरापूर आत्मनिर्भर र अनन्त 6) हुनुभएको सर्वाधिकारी हुनुहुन्छ भन्ने कुरा जनाउँछ। 'म हुँ, जो म हुँ' भन्ने नाम अझै पनि बढ़ाएर यसरी पेश गर्न सकिन्छः 'म हुँ; किनकि म छँदैछु' अथवा 'म जे हुन्छु, त्यो म अनन्तसम्म हुनेछु'।

**प्रस्थान ३ः१५-२२ः** परमेश्वरको यस प्रकाशले मोशालाई बलियो तुल्यायो। हो, परमेश्वर उपस्थित हुनुहुन्थ्यो; उहाँ आफ्ना जनहरूलाई सहायता गर्न आउनुभयो। मोशाले तिनीहरूको सामु घोषणा गर्नुपरेको थियोः 'इस्राएलीहरूले अब चाँड़ै मिस्री-हरूको हातबाट छुटकारा पाउनेछन्।' यसबाहेक तिनले निम्न विन्ती चढ़ाएर फाराओको जाँच गर्नुपरेको थियोः *'परमप्रभु हिब्रूहरूका परमेश्वर हामीसित भेट्नुभएको छ; अनि अब हिमी तपाईंलाई विन्ती गर्छौंः हामीलाई तीन दिनको यात्रा गरेर उजाड़-स्थानमा जान दिनुहोस्, र हामी परमप्रभु हाम्रा परमेश्वरका निम्ति बलि चढ़ाउन पाऔं!'* यस विन्तीमा फाराओलाई छल्ने निहुँ थिएन, तर उनी इस्राएलीहरूलाई जान दिन कति इच्छुक छन्, सो कुरा पत्ता लगाउने जाँच पो थियो। यसो गर्दा इस्राएलीहरू मिस्रीहरूको नजरदेखि बाहिर हुनेथिए, जब तिनीहरूले ती पशुहरू बलि गर्नेथिए, जुन पशुहरू मिस्रीहरूको विचारमा पवित्र थिए। तर परमेश्वरलाई थाहा थियोः उहाँले अलौकिक शक्ति प्रयोग गरेर फाराओलाई बाध्य नतुल्याएसम्म उनले तिनीहरूलाई छोड्नेथिएनन्। प्रस्थान ३ः२० पदमा वर्णन गरिएका आश्चर्यकर्महरू ती विपत्तिहरू थिए, जुन विपत्तिहरू परमेश्वरले मिस्र देशमाथि पठाउनुहुनेथियो। जुन समयमा परमेश्वरले मिस्रीहरूसित आफ्नो सारा कारबाही सिद्ध्याइसक्नुहुनेथियो, त्यस समयमा मिस्रीहरूले यहूदी स्त्रीहरूलाई यिनीहरूले उनीहरूबाट मागेको जुनसुकै कुरा खुशीसाथ दिनेथिए। हुन पनि हो; त्यस समयमा हासिल गरिने धनसम्पत्तिचाहिँ यहूदीहरूको समुचित क्षतिपूर्ति हुनेथियो; किनभने तिनीहरूले मिस्री ठेकादारहरूको




**मोशा मिद्यान देशमा भागेको र मिस्र देशमा फर्केको यात्रा**

दासत्वमा रहेर लामो समयसम्म कठोर परिश्रम गरेका थिए। इस्राएलीहरूले सुन-चाँदीका गरगहना र वस्त्रहरू कहाँ पैंचो मागे र, जसरी अँग्रेजी के.जे.वी.-बाइबलले अनुवाद गऱ्यो ! तर तिनीहरूले गरगहना र लुगाफाटाहरू मागे, जसरी अँग्रेजी बाइबलको एन.के.जे.वी. नामक अर्को संस्करणले सठीक अनुवाद गरेको छ। किनकि यहाँ यस लेनदेनमा कुनै छलकपट थिएन, यसमा केवल परिश्रममा उचित ज्याला पाउने कुरा थियो।

**ख) प्रस्थान ४:१-१७: मोशाको हिचकिचाहट**

**प्रस्थान ४:१-९:** मोशाले शङ्का गरि नै रहे। के इस्राएलीहरूले तिनलाई परमेश्वरको वक्ताको रूपमा स्वीकार गर्नेथिए ? हुन सक्छ, प्रस्थान २:११-१५ पदमा तिनले गरेको निराशपूर्ण अनुभवले तिनलाई मनमनै सताइरहेको थियो। यसकारण परमेश्वरले तिनलाई तीनवटा चिन्हहरू अर्थात् आश्चर्य-कर्महरू दिनुभयो, जुन चिन्हहरूद्वारा तिनको दिव्य अधिकार पुष्टि हुनेथियो:

**क)** तिनीसँग भएको लहुरो तिनले जमिनमा फ्याँक्दा साँप बन्नेथियो, जसको पुच्छर समात्दा त्यो फेरि लहुरो नै भइहाल्ने-थियो।

**ख)** तिनको हात आफ्नो कोखिलामा राखेर बाहिर निकाल्दाखेरि तिनको हातमा कोर लाग्नेथियो; अनि फेरि अर्को चोटि त्यही हात कोखिलामा राखेर निकाल्दाखेरि त्यसमा कुनै कोर रहनेथिएन।

**ग)** नील नदीको पानी जमिनमा खन्याउँदाखेरि त्यो पानी रगतमा परिणत हुनेथियो।

यी चिन्हहरू देखाउने उद्देश्य यस प्रकारको थियो: परमेश्वरले मोशालाई इस्राएली-हरूकहाँ पठाउनुभएको हो भन्ने कुरा यी

चिन्हहरूले इस्राएलीहरूलाई विश्वास दिलाउनु थियो। शैतानमाथि परमेश्वरको शक्ति छ भन्ने कुरा साँपले देखाउँछ भने, कोर रोगले पापमाथि भएको उहाँको शक्ति चित्रण गर्छ; अनि शैतान र पापको शक्तिबाट इस्राएल जातिको छुटकारा रगतद्वारा कमाइन्छ भन्ने कुरा त्यस रगतले दर्साउँछ।

**प्रस्थान ४:१०-१७:** मोशाले अझ पनि परमेश्वरको आज्ञा टार्न खोजिरहेका थिए; किनकि तिनले आफूमा राम्ररी बोल्न सक्ने क्षमता पाउँदैनथिए। परमप्रभुले मोशालाई 'मानिसको मुख बनाउने म नै हुँ' भन्ने कुरा सम्झना गराउनुभयो; त्यसकारण तिनमा बोल्ने सीप बढ़ाउने हिसाबले उहाँले तिनको दाजु हारूनलाई तिनको सट्टामा बोल्नको निम्ति नियुक्त गर्नुभयो। परमेश्वरले आज्ञा दिनुको साथै आज्ञापालनको शक्ति पनि दिनुहुन्छ भन्ने कुरा जानेर मोशाले पूरा भरोसाको साथ उहाँको आज्ञा मान्नुपर्नेथियो। यस सम्बन्ध बुझ्नुहोस्: परमेश्वरले हामीलाई अह्राइएको काम पूरा गर्ने क्षमता नदिईकन हामीलाई कहिल्यै कुनै कुरा अह्राउनुहुन्न। मोशाले परमेश्वरको सर्वोत्तम आशिषसँग असन्तुष्ट भएको हुनाले तिनले अब त्योभन्दा कम आशिष लिनुपर्‍यो: अब हारून तिनको प्रवक्ता भए-भए। मोशाको विचारमा, हारून तिनको निम्ति सहायता बन्नेथिए। तर वास्तवमा उनी पछिबाट तिनको निम्ति ठूलो बाधा पो बन्न गए; किनभने हारूनले इस्राएलीहरूलाई सुनको बाछाको पूजा गर्न लगाए (प्रस्थान ३२)।

### ग) प्रस्थान ४:१८-३१: मोशा मिस्र देशमा फर्केको

**प्रस्थान ४:१९-२३:** मोशा मिद्यान देशमा भागेर गएका चालीस वर्ष पूरा भए। अब तिनी परमेश्वरको आज्ञाअनुसार र येत्रोको आशीर्वाद लिएर मिस्र देशमा फर्के। तिनकी पत्नी सिप्पोरा थिइन् भने, तिनका छोराहरू गेर्शोम र एलिएजर थिए (प्रस्थान १८:२-४)। अनि प्रस्थान ४:२ पदमा उल्लेख गरिएको मोशाको हातमा भएको लट्ठीचाहिँ प्रस्थान ४:२० पदमा आएर परमेश्वरको लहुरो बन्छ। परमेश्वरले असाधारण काम गर्नेको निम्ति साधारण थोकहरू प्रयोग गर्नुहुन्छ, ताकि यो काम परमेश्वरको शक्तिको फल हो भन्ने कुरा सबैलाई थाह भएको होस्। जुन आश्चर्यकर्महरू परमेश्वरले मोशालाई फाराओको सामु गर्न लगाउनुभयो, यी आश्चर्यकर्महरू पालैसँग मिस्रीहरूमाथि आइलागेका विपत्तिहरू थिए। परमेश्वरले फाराओको हृदय कठोर तुल्याउनुभयो; तर यसभन्दा पहिले यी अत्याचारी शासकले आफैलाई कठोर पारेका थिए।

*'... अनि तैंले उसलाई जान दिन इन्कार गरिस् भने हेर, म तेरो छोरा, तेरो जेठा छोरालाई मार्नेछु।'* यस सिलसिलामा बुझ्नुहोस्: कहिलेकाहीं 'पहिले जन्मेका' भन्नाले शारीरिक जन्मको अनुक्रममा पहिलो भएको छोरालाई सङ्केत गर्छ। तर यहाँ, यस ठाउँमा यस शब्दले जेठा छोराले ओगट्ने आदरको स्थानको अर्थ लिन्छ, जुन आदरको स्थान जेठा छोराको जन्मसिद्ध अधिकार हो। यदि फाराओ परमेश्वरको आज्ञाप्रति अनाज्ञाकारी भएको खण्डमा उनको जेठा छोरा मारिनेथियो। यो उनको निम्ति परमेश्वरको गम्भीर चेताउनी थियो।

**प्रस्थान ४:२४-२६:** तर परमेश्वरको सन्देश प्रचार गर्नुभन्दा पहिले मोशा आफैले आज्ञाकारिताको पाठ सिक्नुपरेको थियो। तिनले आफ्नो छोराको खतना गर्न भुले, कुनचाहिँ छोराको? गर्शोम कि एलिएजरको। हुन सक्छ, यो अनाज्ञाकारिता सिप्पोराले तिनलाई यसो गर्नदेखि रोकेको फल थियो, कि कसो हो? जब परमेश्वरले मोशालाई मार्न खोज्नुभयो, (हुन सक्छ, एउटा डरलाग्दो

रोगद्वारा), तब सिप्पोरा क्रोधित भइन् र आफ्ना पतिको प्राण बचाउन हतारसँग त्यस छोराको खतना गरिहालिन्। यस अवसरमा यिनले मोशालाई 'रगतको पति'को नाम दिइन्। यस घटनाको कारणले, साथै सिप्पोरामा स्पष्ट देखिएको अविश्वासको खातिर मोशाले यिनलाई आफ्ना दुईजना छोराहरूको साथमा माइत पठाए होलान् (प्रस्थान १८:२-३)।

**प्रस्थान ४:२७-३१:** मोशा मिस्र देशमा फर्किरहेको बेलामा हारून तिनलाई भेट्न निस्केर आए। उनीहरू दुवैजना इस्राएली-हरूको सामु उभिए, र परमप्रभुले उनीहरूलाई भन्न लगाउनुभएको सन्देश तिनीहरूलाई सुनाइदिए। अनि परमप्रभुले मोशालाई दिनुभएका तीनवटा चिन्हहरूद्वारा उनीहरूले सो सन्देशलाई सुनिश्चित गराए। यसकारण यहूदी मानिसहरूले उनीहरूको सन्देश विश्वास गरेर परमप्रभुलाई दण्डवत् गरे।

# खण्ड ४

## प्रस्थान ५:१-७:१३: मोशा दुई पल्ट फाराओसँग जुधे

### क) प्रस्थान ५:१-७:६: पहिलो सामना

**प्रस्थान ५:१:** अघि परमेश्वरले मोशालाई फाराओकहाँ गएको बेलामा बूढ़ा प्रधान-हरूलाई साथमा लैजाने आदेश दिनुभएको थियो (प्रस्थान ३:१८)। अनि अन्तराल समयमा परमप्रभुले हारूनलाई मोशाको निम्ति प्रवक्ताको रूपमा नियुक्त गर्नुभयो (प्रस्थान ४:१४-१६)। यसकारण हारून यहाँ आएर बूढ़ा प्रधानहरूको स्थानमा मोशासँग गए। फाराओको निम्ति परमेश्वरको सन्देश सुस्पष्ट थियोः *'मेरो प्रजालाई जान देऊ!'*

**प्रस्थान ५:२-१४:** जब मोशा र हारूनले फाराओको सामु तिनीहरूले उनलाई भन्नुपर्ने परमेश्वरको सन्देश सुनाइदिए, तब उनले तिनीहरूमाथि 'तिमीहरू काम गर्ने मानिस-हरूको निम्ति बाधा भएका' दोष लगाए। यसबाहेक उनले त्यही दिनदेखि इस्राएली-हरूलाई इँटा बनाउने काममा पराल दिने प्रबन्ध बन्द गरिदिए; अबदेखि उसो तिनी-हरूले इँटा पोल्नलाई परालको बन्दोबस्त आफूले गर्नुपरेको थियो, र पनि तोकिएको सङ्ख्यामा इँटा बनाउनुपरेको थियो। यसरी फाराओले यहूदीहरूको स्थिति कठिन र असम्भव तुल्याइरहेका थिए। यस घटनाले जर्मनीको निरङ्कुश शासक हिटलरको सम्झनाको आलो झलक दिलाउँछ, जसले नजरबन्दी-शिविरहरूमा यहूदीहरूमाथि ठूलो दुर्व्यवहार गरे।

परालको सट्टामा झ्यासहरू बटुल्न यहूदीहरू मिस्र देशको चारैतिर घुमे। हिब्रू भाषाको पाण्डुलिपिको लेखमा प्रयोग गरिएका शब्दहरूले के बताउँछन् भने, यी दमनमा परेका यहूदीहरूले कत्रो अवहेलना र निन्दाको सामना गर्नुपर्‍यो। यस विषयमा श्री आर. एलन कोलले यसो भनेका छन्ः

> 'परालको सट्टामा प्रयोग गरिनुपर्ने ती झ्यासहरू उपयुक्त थिएनन्, तर निक्कै खस्रा र सानाठूला हुन्थे।' 7)

**प्रस्थान ५:१५-२३:** त्यस बेलासम्म इस्राएलीहरूले पराल पाइरहेका थिए। यो पराल कुन काममा आउँथ्यो त? तिनीहरूले त्यो पराल गिलो माटोको डल्लोमा मुछ्थे, र यसरी इँटाको बल बढ़ाउँथे; साथै इँटाहरू दाँचाहरूमा नटालिऊन्, तर सजिलोसित निस्कून् भन्ने हिसाबले प्रयोग गरिएका थिए। परालको अभावले इँटाको सङ्ख्या पुर्‍याउन नसकेको हुनाले यहूदी निरीक्षकहरूले पिटाइ

खाए। तिनीहरूले फाराओकहाँ गएर विरोध जनाए तापनि उनले तिनीहरूको कुनै ख्यालै गरेनन्। तब यहूदीहरूले यसको निम्ति मोशालाई दोष्याए र मोशाले यो दोष परमप्रभुमाथि लगाइदिए। निस्सन्देह, बाहिरका मानिसहरूबाट हामीमाथि आइपरेको सतावटभन्दा परमेश्वरका जनहरूबाट उठेको विरोध सहनु धेरै कठिन हुन्छ।

**प्रस्थान ६:१-१२:** मोशाले आवेगमा बोलेका अनुचित शब्दहरूको प्रत्युत्तरमा परमप्रभुले आफ्नो दयामा तिनलाई जवाफ दिनुभयो। उहाँले मोशालाई यो निश्चयता दिनुभयो, कि फाराओले इस्राएलीहरूलाई स्वतन्त्रतामा छोड्नुपर्ने नै थियो; किनभने परमेश्वरको सामर्थी हात उनीमाथि पर्नेथियो, र उनलाई बाध्य तुल्याउनेथियो। त्यसपछि परमेश्वरले मोशालाई याद दिलाउनुभयो, कि उहाँले आफूलाई तिनका पितापूर्खाहरूकहाँ प्रायः 'एल-शद्दाई' अर्थात् सर्वशक्तिमान् परमेश्वरको रूपमा प्रकट गर्नुहुन्थ्यो, अनि 'यहोवा'को नाममा होइन। 'यहोवा'चाहिँ करार कायम राख्नुहुने परमेश्वरको व्यक्तिगत नाम हो। तर अबचाहिँ यस ठाउँमा आएर उहाँले आफूलाई परमप्रभुको रूपमा प्रकट गर्नुहुनेथियो, एउटा नयाँ तरिकाले, अँ, आफ्नो नवीन शक्तिमा, आफ्ना जनहरूलाई छुटकारा प्रदान गरेर प्रकट गर्नुहुनेथियो। उहाँले एउटा करार बाँध्नुभएको थियो, अनि अब उहाँले यो करार पूरा गर्नुहुनेथियोः उहाँले तिनीहरूलाई मिस्र देशको दासत्वदेखि छुटकारा दिएर तिनीहरूलाई प्रतिज्ञाको देशमा पुर्‍याएर यो करार पूरा गर्न लाग्नुभएको थियो। तपाईंले प्रस्थान ६:६-८ पदको खण्डमा दोहोरिएका सातवटा प्रथम पुरुषमा राखिएका 'गर्नेछु', 'दिनेछु' आदि क्रियाहरू-माथि ध्यान दिनुहोला। परमेश्वरको निम्ति 'परमप्रभु' भन्ने नाम अघि पनि लिइएको थियो, तर अबचाहिँ यहाँ आएर यस नामले एउटा नयाँ महत्त्व पाएको छ। यस खण्डमा 'मैले, म' भन्ने सर्वनाम पच्चीस पल्ट प्रयोग गरिएको कुरा तपाईंले याद पनि गर्नुहोला। यस कुराले बितेको समयमा उहाँले काम गर्नुभयो, वर्तमान समयमा उहाँले काम गरिरहनुभएको छ, र भविष्यमा पनि उहाँले काम गर्नुहुनेछ भन्ने कुरामाथि जोड़ दिन्छ। परमप्रभुले मोशालाई भन्न खोज्नुभएको कुरा तिनले बुझ्न सकेनन् जस्तै छ; किनकि अझ पनि तिनको ध्यान आफ्नै अयोग्यतामाथि केन्द्रित थियो। तर परमेश्वरले तिनलाई अझै आश्वासन दिलाउनुभएपछि तिनी परमप्रभुको आज्ञाप्रति आज्ञाकारी बने (प्रस्थान ७)।

अब खतना नभएका ओठहरूको कुरा आयोः प्रस्थान ६:१२ र ३० पदमा खतना नभएका ओठहरूबाट भकभकिँदै बोल्दै गरेको बोली बुझिन्छ। यसर्थ मोशाले यसो भनेकोमा आफैलाई एउटा कुशल वक्ता सम्झेका थिएनन्।

**प्रस्थान ६:१३-३०:** चौध पददेखि पच्चीस पदसम्म प्रस्तुत गरिएको वंशावली-चाहिँ याकूबका पहिले जन्माएका तीनजना छोराहरूमा, अर्थात् रूबेन, शिमोन र लेवीमा सीमित रहेको छ। प्रस्थानको पुस्तकको लेखकले सम्पूर्ण वंशावली दिन खोजेनन्, तर मोशा र हारूनसम्म गएको वंशक्रम प्रस्तुत गर्न चाहे। यसकारण रूबेन र शिमोनको एक-एक वंश एकै वाक्यमा सिद्ध्याएर तिनी लेवीकहाँ आए, अर्थात् पूजाहारीहरूको कुलकहाँ आइपुगिहाले।

**प्रस्थान ७:१-५:** 'फाराओले मजस्तै राम्ररी बोल्न नसक्ने मानिसको कुरा कसरी सुन्लान्' भन्ने विषयमा मोशाले निक्कै चिन्ता गरेका थिए। हामीले यो कुरा छ अध्यायको अन्तमा देख्यौं। तर परमप्रभुको प्रत्युत्तर यस प्रकारको थियोः मोशा परमेश्वरको प्रतिनिधिको रूपमा फाराओको सामु उभिनु-पर्‍यो। मोशाले भन्नुपर्ने सन्देश हारूनलाई

भन्नेथिए, र हारूनले सो सन्देश फाराओलाई सुनाउनेथिए। तर फाराओले परमेश्वरको सन्देश सुन्न इन्कार गर्नेथिए; यसो भए पनि परमेश्वरले जसरी पनि आफ्ना जनहरूलाई छुटकारा दिनुहुनेथियो।

**प्रस्थान ७ः६ः** मोशाको उमेर असी वर्षको थियो भने, हारूनको उमेर त्रियासी थियो; यति बेलामा तिनीहरूको छुटकाराको महान् सेवकाइ शुरु भयो। यसकारण हे दाजु, हे दिदीहरूहो, बुझ्नुहोस्ः जुन उमेर हिजोआज 'वृद्धावस्था' भनिन्छ, त्यस वृद्ध उमेरमा पनि परमेश्वरले तपाईंलाई उहाँको महिमाको निम्ति चलाउन सक्नुहुन्छ।

### ख) प्रस्थान ७ः७-१३ः दोस्रो सामना

फाराओले आफूमाथि र तिनका मानिस-हरूमाथि आइपर्ने विपत्तिहरूको विषयमा पूर्व चेताउनी पाउँदैथिए। जब हारूनले आफ्नो लहुरो फाराओ र तिनका भारादारहरूको सामु फ्याँकिदिए, त्यो लहुरो एउटा साँप बन्यो, तब फाराओका जादुगर र टुनामुना गर्नेहरूले पनि शैतानिक शक्तिद्वारा यही आश्चर्यकर्म नकल गर्न सके। अनि २ तिमोथी ३ः८ पदबाट हामी के सिक्छौं भने, मिस्रका यी जादुगर-हरूका नाम यान्नेस र याम्ब्रेस थिए। यी दुईजनाले मोशा र हारूनको नकल गरेर परमेश्वरको काममा बाधा पुर्‍याए; तर हारूनको लहुरोले यिनीहरूका लट्ठीहरू निलिदियो। परमेश्वरले फाराओको हृदय कठोर पार्नुभयो, यस कुरामा उहाँ मतलबी हुनुभएको होइन, तर फाराओले आफ्नै हठीपनको फसल काटेछन्। अब समय पूरा भयोः पहिलो विपत्ति आउनै लागेको थियो।

# खण्ड ५

## प्रस्थान ७ः१४-१०ः२९ः मिस्र देशमाथि आइपरेका दस विपत्तिहरूमा पहिला नौवटा विपत्तिहरू यस प्रकारका छन्ः

### क) ७ः१४-२५ः पहिलो विपत्तिः नील नदीको पानी रगतमा परिणत भएको

**प्रस्थान ७ः१४-१८ः** परमप्रभुले मोशालाई के आदेश दिनुभयो भने, फाराओ नील नदीको किनारातर्फ गइरहेको बेलामा मोशाले तिनलाई त्यहीं भेट्नुपर्छ। (हुन सक्छ, फाराओ पवित्र नील नदीमा स्नान लिन गए)। मोशाले फाराओलाई दिनुपर्ने चेताउनी यस प्रकारको थियोः मोशाको हातमा भएको लहुरोले नील नदीको पानी रगतमा परिणत गर्नेछ र सबै माछाहरू मर्नेछन्, नदीको पानीले दुर्गन्ध फैलाउनेछ र मिस्रीहरूको निम्ति यो नदी घिनलाग्दो बनिनेछ।

**प्रस्थान ७ः१९-२५ः** मोशा र हारूनले परमेश्वरले तिनीहरूलाई आज्ञा गर्नुभएअनुसार गरे। तिनीहरूले त्यो लहुरो नील नदीदेखि लिएर मिस्र देशका जलस्रोतहरूमाथि पसारे। नील नदीको पानी र मिस्रमा भएका अरू नदी, खोला, पोखरी, धारा इत्यादि सबै जलाशयहरू रगतमा परिणत भए; र सबै माछाहरू मरे, र नील नदी गनाउन थाल्यो। नील नदीको पानी होइन, तर अरू कुनै ठाउँमा भएको पानी रगतमा परिणत गरेर मिस्री जादुगरहरूले यस आश्चर्यकर्मको पनि नकल गरे। यस कुराले फाराओलाई मोशाको माग

पूरा नगर्न, तर बरु इस्राएलीहरूलाई छोड़िदिने कुरामा बाधा पुऱ्याउन उत्साहित तुल्यायो। सात दिनसम्म नील नदीको पानी दूषित थियो; त्यस बेलामा मिस्रीहरूले नील नदीको वरिपरि खनेर पानी खोज्नुपऱ्यो।

**ख) प्रस्थान ८:१-१५: दोस्रो विपत्तिः भ्यागुताहरू**

मिस्र देशभरि भ्यागुतैभ्यागुता भएको विपत्तिले फाराओलाई निक्कै विचलित पाऱ्यो; किनकि तिनको कठोर मन कोमल हुन लागेको देखिन्छ। तर जब तिनले मोशालाई 'यो विपत्ति हटोस्' भन्ने विन्ती गरे, तब मोशाले तिनलाई यसो भनेः 'ममा गर्व गर्नुहोस्! तपाईंको पक्षमा, तपाईंका कर्म-चारीहरू र तपाईंका मानिसहरूको पक्षमा "ती भ्यागुताहरू तपाईंबाट र तपाईंका घरहरूबाट नाश गरिऊन्" भनेर म कहिले विन्ती चढ़ाऊँ, र ती भ्यागुताहरू यस नदीभित्र मात्र रहून्?'

यी जादुगरहरू पनि भ्यागुताहरू बनाउनुमा सफल भए। तर के, के मिस्र देशमाथि आएका भ्यागुताहरू अझै पर्याप्त थिएनन् र? यिनीहरूले शैतानिक शक्तिद्वारा यो अचम्मको काम गरे। तर मिस्रीहरूले ती भ्यागुताहरू नाश गर्ने आँटै गरेनन्; किनकि तिनीहरूको विश्वासअनुसार भ्यागुता प्रजनन देवताको रूपमा पुजिन्थ्यो। भोलिपल्ट सबै भ्यागुताहरू मरे, र देश ह्वासह्वासती गनायो। अनि फेरि एक पल्ट बढ़ी फाराओले आफ्नो हृदय कठोर बनाए।

**ग) प्रस्थान ८:१३-१९: तेस्रो विपत्तिः जुम्राहरू**

जमिनको धूलो भुसुना वा जुम्राहरूमा परिणत भएकोचाहिँ तेस्रो विपत्ति थियो। यसपालि यी जादुगरहरूले धूलोबाट भुसुना/ जुम्राहरू निकाल्न सकेनन्; यसकारण यिनीहरूले मोशा र हारूनमा आफूभन्दा महान् शक्तिले काम गरेको कुरा स्वीकार गरेर फाराओलाई यसको विषयमा चेताउनी दिए; तर तिनले आफ्नो हठमा चल्न छोड़ेनन्। तिनले आफ्नो हृदय जति कठोर पारे, त्यति नै परमेश्वरले तिनको मन कठोर पारि-दिनुभयो।

**घ) प्रस्थान ८:२०-३२: चौथो विपत्तिः हूलैहूल डाँसहरू**

**प्रस्थान ८:२०-२४:** यसकारण परमेश्वरले हूलैहूल डाँसहरू पठाउनुभयो। योचाहिँ चौथो विपत्ति हो। के.जे.वी. र एन.के.जे.वी.-बाइबलमा अनुवादकहरूले हूलैहूल डाँसहरू लेख्दाखेरि *डाँसहरू* भन्ने शब्द *इटालिक*मा लेखे। यसर्थ हिब्रूको शब्दको अक्षरशः अनुवाद 'हूलैहूल' मात्र हुन्छ र डाँसहरू भन्ने शब्द अनुवादकहरूद्वारा थपिएको शब्द हो। यसो हो भने, हुन सक्छ, यहाँ 'हूलैहूल' गरी अनुवाद भएको शब्दले विभिन्न जातका उड्ने कीराहरू सङ्केत गरेको होला। अनि यो कुरा पनि हामी याद गरौंः प्रायः सबै विपत्तिहरूले मिस्र देशका देवी-देवताहरूलाई निशान गरे; किनभने नील नदीदेखि लिएर सबका सब पशुप्राणी मिस्री देवीदेवताको रूपमा मानिन्थे। यसकारण यहाँ, यस ठाउँमा साङ्लो कीरा बढ़ी सम्भव भएको देखिन्छ। हुन सक्छ, यस विपत्तिद्वारा मिस्रीहरूले पवित्र मानेको खेप्री नामक गोब्रे कीरालाई तारो बनाइएको थियो होला। [8)]

**प्रस्थन ८:२५-३२:** फाराओ यहाँसम्म झुके, कि तिनले इस्राएलीहरूलाई मिस्र देशभित्र परमेश्वरको निम्ति बलिदान चढ़ाउने अनुमति दिए। तर यति काफी हुँदैनथियो; किनभने इस्राएलीहरूले जुन पशुहरू बलिदान गर्नेथिए, ती पशुप्राणीहरू मिस्रीहरूका देवीदेवताहरू पो थिए। अनि यसले गर्दा निस्सन्देह मिस्रीहरूको बीचमा हूलदङ्गा

मच्चिनेथियो। यसकारण फाराओले अर्को छुट दिएः ठीक छ, यहूदीहरू नजिकको उजाड़स्थानमा बलिदान चढ़ाउन सक्ने भए। तर यो पनि तिनीहरूको निम्ति सन्तोषजनक थिएन; किनकि परमेश्वरले इस्राएलीहरूलाई पर, तीन दिने यात्राको बाटो जानू भन्ने आज्ञा गर्नुभयो। अनि मिस्र देशले यस विपत्तिबाट छुटकारा पाउनेबित्तिकै फाराओले आफ्नो निर्णय बदली गरे र इस्राएलीहरूलाई जान दिएनन्।

**ङ) प्रस्थान ९:१-७ः पाचौं विपत्तिः गाईवस्तुमाथि कष्टदायक महामारी**

पहिले परमेश्वरले फाराओलाई चेताउनी दिनुभयो; त्यसपछि उहाँले एउटा भयानक रूढ़ी पठाउनुभयो। सम्भव छ, कि यो 'एन्ट्रआक्स' (anthrax), एक प्रकारको दण्डाणु थियो होला; यस नाशक कीटाणुले मिस्रीहरूका सबै पाल्तु पशुहरू मार्‍यो। तर इस्राएलीहरूका पशुप्राणीहरूमाथि यस रूढ़ीको प्रभाव परेन। यो एउटा भेदभावी न्याय थियो, जुन कुरा कुनै हालतमा पनि प्रकृतिको खेल भन्न सकिँदैन। प्राकृतिक ज्ञानवादको आधारमा यी विपत्तिहरूको स्पष्टीकरण दिन खोज्ने सबै प्रयासहरू चक्नाचूर भए। याद रहोस्ः मिस्रीहरूका सबै पशुप्राणीहरू मरेनन्, किनभने प्रस्थान ८:१९ पदमा तिनीहरूसँग अझै पनि कुनै न कुनै पशु भएका रहेछन्। अनि पछि निस्तारको रातमा मिस्रीहरूका पहिला जन्मेका कति पशुहरूको मृत्यु पनि भएको हो (प्रस्थान १२:२९[ख])। अनि फेरि यसो लेखिएको छः फाराओका भारादारहरूका केही पशुप्राणीहरू घरहरूभित्र हुलिएका थिए (प्रस्थान १२:२०)। यसकारण बुझ्नुहोस्ः छ पदमा भनिएका 'सबै' पशुप्राणीहरूको वाक्यांशको अर्थ 'बाहिर मैदानमा भएका जति सबै' हुनुपर्ला। साँढ़भेड़ा, बोका र साँढ़े – यी तीनवटा पशुहरू मिस्रीहरूको निम्ति पवित्र मानिन्थे। तर अहिले चाहिँ के भयो ? ती सबै पशुहरूका सिनुले मिस्र देशको वातावरण प्रदूषित बनाइदिए।

**च) प्रस्थान ९:८-१२ः छैटौं विपत्तिः पिलाहरू उब्जाउने भतभती पोल्ने खटिरा**

फाराओले आफैलाई झन् बढ़ी कठोर बनाएका हुनाले परमेश्वरले खरानी मिस्र देशका मानिस र पशुप्राणीहरूमाथि पिला र खटिरामा परिणत गर्नुभयो। यसपालि यस विपत्तिले ती जादुगरहरूलाई पनि प्रभावित पार्‍यो। फाराओले आफ्नो हृदय जति कठोर बनाए, परमेश्वरले त्यति नै तिनलाई कठोर तुल्याउनुभयो। यसलाई न्यायरूपी कठोरता भनिन्छ।

**छ) प्रस्थान ९:१३-३५ः सातौं विपत्तिः असिना र आगो**

आउनुहोस्, हामी चौध पद पढ़ौं, जहाँ यसो लेखिएको छः *'किनभने यसपालि म आफ्ना सबै विपत्तिहरू तेरो हृदयमाथि, तेरा कर्मचारीहरू र तेरो प्रजामाथि पठाउनेछु।'* यहाँ, यस ठाउँमा 'मेरा सबै विपत्तिहरू' भन्नाले अब परमेश्वरका विपत्तिहरू सम्पूर्ण शक्तिको साथ तिनीमाथि आइपर्नेछन्। फाराओलाई याद रहोस्ः परमप्रभुको इच्छा भएको भए उहाँले आउन लागेको रूढ़ीद्वारा तिनलाई र तिनको साथमा सबै मिस्रीहरूलाई नाश पार्न सक्नुहुनेथियो; तर उहाँले यसो गर्नुहुनेछैन, किनकि तिनमा उहाँको असीम शक्ति र सामर्थ्यको प्रदर्शन अझ हुनुपर्छ, जसले गर्दा उहाँको महिमित नाम सबै मानिसहरूले जान्न पाउनेछन्। प्रस्थान ९:१६ पदमा फाराओ अघिबाट नाश हुनको निम्ति ठहरिएका थिए भन्ने अर्थ निकाल्नको निम्ति कुनै ठावैं छैन। परमेश्वरद्वारा कोही सम्पूर्ण

रूपले परित्यक्तता हुँदैन। परित्यक्तवाद बाइबलीय शिक्षा होइन। अनि फाराओको विषयमा चाहिँ? परमप्रभुले तिनलाई एउटा नमुना तुल्याउनुभयो। परमेश्‍वरको शक्तिको सामना गर्ने मानिसलाई के-के हुनेछ, सो देखाउनलाई उहाँले तिनलाई उदाहरण बनाउनुभयो (रोमी ९:१६-१७)।

अब आयो सातौं विपत्तिः असिना पर्नेथियो र गर्जनको साथ विजुली चम्किनेथियो। यस विपत्तिले के मानिस, के पशुप्राणी, के रूखपात, के कटनी हुन लागेको जौ – यी सबका सबलाई चुट्यो (प्रस्थान ९:३१-३२)। तर गहुँ र कठिया-गहुँका खेतीहरू असिनाले चुटिएनन्; किनकि यी अन्नबालीहरूको समय भएको थिएन। गोशेनमा बसोबास गरेका इस्राएलीहरूलाई यस विपत्तिले छोएन। फाराओको अनुरोधमा मोशाले परमेश्‍वरलाई अन्तर्विन्ती गरे, र यो विपत्ति थामियो। तर ठीक मोशाले आशा गरेअनुसार भयोः फाराओले इस्राएलीहरूलाई कहाँ छोड़िदिनेथिए र? तिनी आफ्नो संकल्पमा झन् सुदृढ़ रहे।

### ज) प्रस्थान १०:१-१०: आठौं विपत्तिः सलहहरू

मोशा र हारूनले फाराओलाई आइपर्न लागेका सलहहरूको विपत्तिको बारेमा चेताउनी दिए; तर तिनले इस्राएलीहरूमध्ये पुरुषहरूलाई मात्र परमेश्‍वरको चाड़ मनाउन जाने अनुमति दिए। तिनीहरूका पत्नीहरू र छोराछोरीहरू मिस्र देशमा रहनुपर्नेथियो। तर तिनीहरूका परिवारहरू मिस्र देशमा छोड़िएका र तिनीहरूका पुरुषहरू मात्र उजाड़स्थानमा गएका परमेश्‍वरले चाहनुभएन। यसपालिको विपत्ति अघि कहिल्यै नभएको कड़ाभन्दा कड़ा थियो। देशभरि सबैतिर सलह-सलह थिए, जसले हरियापरिया सबै खाइहाले। यस कुराले सुस्पष्ट पार्‍योः मिस्रीहरूले पुजिरहेको 'सेरापिस' नामक देवता तिनीहरूको फसल सलहको प्रकोपदेखि बचाइराख्न शक्तिहीन भएको रहेछ। फाराओ हार स्वीकारेझैं देखा त परे, तर तिनले अझ पनि इस्राएलीहरूलाई जान दिएनन्।

### च) प्रस्थान १०:२१-२९: नवौं विपत्तिः तीन दिनसम्म छाएको घनघोर अन्धकार

**प्रस्थान १०:२१-२८:** नवौं विपत्तिः तीन दिनसम्म मिस्र देशमाथि घनघोर अन्धकार भयो, यस्तो अन्धकार, जुनचाहिँ छाम्न सकिन्थ्यो। इस्राएलीहरूले बसोबास गरेका ठाउँहरूमा मात्र उज्यालो रहेको थियो। यो एउटा प्रत्यक्ष आश्‍चर्यकर्म थियो। मिस्रीहरूले पुजेको सूर्य-देवता 'रा'को भेद खोलिएको छ, जो परमेश्‍वरको असीमित र अलौकिक शक्तिको अघि केही पनि गर्न नसक्ने नपुंसक पो भएछ। यसपालि फाराओले मोशालाई सबै स्त्रीहरू र छोराछोरीहरूको साथमा उजाड़स्थानमा लैजाने अनुमति दिए; तर तिनीहरूसँग भएका गाईवस्तु र अरू पशुधनचाहिँ तिनले तिनीहरूलाई लैजान दिएनन्। (हुन सक्छ, तिनले तिनीहरूका बगालबाट आफ्नो क्षतिको पूर्ति गर्न चाहे, कि कसो हो?) तर यसो गर्नाले इस्राएलीहरूसँग परमप्रभुको निम्ति बलि चढ़ाउने पशुहरूको अभाव हुनेथियो; अनि तिनीहरूले मिस्र देश छोड्नुपर्ने मुख्य कारण बलिहरू चढ़ाउने त्यो यज्ञ थियो। जब मोशाले फाराओद्वारा पेश गरिएको मागसँग सम्झौता गर्न अस्वीकार गरे, तब फाराओले उनलाई आफ्नो उपस्थितिबाट सधैंको निम्ति निकालिदिए।

**प्रस्थान १०:२९:** *'तपाईंले बिलकुल ठीक भन्नुभएको छ; किनभने म तपाईंको मुख फेरि कहिल्यै देख्नेछैनँ।'* तब हामी यो कुरा प्रस्थान ११:८ पद लेखिएको कुरासित कसरी

मिलाऔं त ? जहाँ यसो लेखिएको छः *'तब अति क्रोधित भएका मोशा फाराओको सामुदेखि निस्के।'* श्री मेथ्यू हेन्रीले यस सम्बन्धमा निम्न सुझाव दिएका छन्:

'फेरि ... कहिल्यै' भन्ने शब्दको अर्थ 'यस समयपछि' पनि हुन सक्छ; अनि यी शब्द-हरूले ११:८ पदमा उल्लेख गरिएको भेटघाट पनि समेट्छन्। उनले आफ्नो टिप्पणीमा यसो लेखेका छन्:

> 'यसो भन्नुको मतलब यही हो, कि यस अन्तर्वार्तापछि मोशा फाराओको सामु फेरि आएनन्, तिनले उनलाई नबोलाएसम्म फेरि आएनन्। अनि यो कुरा ख्याल गर्नुहोस्: जब मानिसहरूले परमेश्वरको वचन आफूबाट पूरा वञ्चित गर्ने गरी अस्वीकार गर्छन्, तब उहाँले तिनीहरूलाई तिनीहरूकै भ्रमहरूमा छोड़िदिनुहुन्छ र तिनीहरूका असंख्य मूर्तिहरूअनुसार तिनीहरूसँग व्यवहार गर्नुहुन्छ। जब गादारेनी-हरूले येशू ख्रीष्टलाई आफ्नो सिमानादेखि निस्केर जानुहोस् भनेर विन्ती गरे, तब उहाँले तत्कालै तिनीहरूलाई छोड़िदिनुभयो।' [9)]

# खण्ड ६

## प्रस्थान ११:१-१२:३०: निस्तारको स्थापना र मिस्रीहरूका पहिले जन्मेकाहरूको मृत्यु

**प्रस्थान ११:१-१०:** याद रहोस्: मोशा अझै पनि फाराओको उपस्थितिमा छँदैथिए। अनि प्रस्थान ११:४-८ पदको खण्डमा उनले अझ मिस्रका राजासँग कुरा गरिरहे। अनि यस अध्यायका पहिला तीन पदहरूचाहिँ ? पहिला तीन पदहरू हामी बीचमा आएर हालिएको कोष्ठबद्ध लेख सम्झिनु उचित होला। दसौं, अन्तिम विपत्ति अझ बाँकी नै थियो। यसमाथि मध्यनजर राखेर परमेश्वरले मोशामार्फत इस्राएलीहरूलाई निम्न कुरा भन्न लगाउनुभयोः तिनीहरूले मिस्रीहरूबाट सुन-चाँदीका गरगहनाहरू पैंचो लिनु होइन, तर माग्नुपर्‍यो।

त्यसपछि मोशाले फाराओलाई निम्न चेताउनी दिए: 'निर्धारित समयमा अर्थात् त्यस महिनाको चौधौं दिनको मध्यरातमा मिस्रीहरूका सबै पहिले जन्मेकाहरू मारिनेछन् (प्रस्थान १२:६); अनि यस विपत्तिले इस्राएलीहरूलाई प्रभावित पार्नेछैन; तर मिस्री अधिकारीहरूले आफूमाथि आइपरेको विपत्तिको कारणले इस्राएलीहरूको सामु झुक्नेछन् र "तिमीहरू झट्टै र सबैजना मिस्र देश छोड़ेर जाओ" भन्ने विन्ती चढ़ाउनेछन्।' यो भनेपछि मोशा ठूलो क्रोधको आवेगमा फाराओको महलदेखि निस्केर गए। यसपल्ट पनि चेताउनी बहिरो कानमा पर्‍यो; अनि परमेश्वरले फाराओको हृदय अझ कठोर पारिदिनुभयो।

**प्रस्थान १२:१-१०:** परमप्रभुले मोशा र हारूनलाई निस्तारको तयारीको निम्ति इस्राएलीहरूले पालन गर्नुपर्ने एक-एक विधिको विषयमा निर्देशनहरू दिनुभयो। निश्चय नै यो भेड़ाको पाठोचाहिँ प्रभु येशू ख्रीष्टको प्रतीक हो (१ कोरिन्थी ५:७)। यो पाठो खोटरहितको हुनुपरेको थियो, किनभने ख्रीष्ट येशू पापरहित हुनुहुन्थ्यो; यो पाठो एक वर्षे नर हुनुपरेको थियो; किनकि हाम्रा प्रभुको मृत्यु उहाँको जीवनको बैंसालु अवस्थामा भएको हो। यो पाठो त्यही महिनाको चौधौं दिनसम्म राखिनुपर्ने कुराले मुक्तिदाता प्रभुले नासरतमा बिताउनुभएका तीस वर्षको अवधि बुझाउँछ, जुन अवधिमा परमेश्वरले उहाँलाई जाँच्नुभयो, र त्यसपछि उहाँ तीन वर्षसम्म मानिसहरूद्वारा सार्वजनिक रूपले जाँचिनु-भयो; अनि यो पाठो इस्राएली समुदायद्वारा

मारिनुपरेको थियो; किनभने ख्रीष्ट येशू अधर्मीहरूको हातद्वारा लगिनुभयो र मारिनुभयो (प्रेरित २ः२३)। यो पाठो बेलुकीपखमा अर्थात् दिनको नवौं र एघारौं घण्टाको बीचमा मारिनुपरेको थियो; किनभने प्रभु येशू पनि बेलूकीपखमा नवौं घड़ीमा मारिनुभयो (मत्ती २७ः४५-५०)। यस पाठोको रगतले मृत्युको दूतबाट बचाउनु हो भने, त्यो रगत तिनीहरू बसेको घरको ढोकामा लगाउनुपरेको थियो (प्रस्थान १२ः७); ठीक त्यस्तै ख्रीष्ट येशूको रगतले हामीलाई पाप, अहम् र शैतानबाट बचाउनु हो भने, मानिसहरूले विश्वासद्वारा ख्रीष्ट येशूको रगत अपनाउनुपर्छ। यस निस्तारको पाठोको मासु आगोमा पोल्नुपरेको कुराले के देखाउँछ भने, हाम्रा पापहरूको विरुद्ध उठेको परमेश्वरको क्रोध ख्रीष्ट येशूले आफ्नो शरीरमा सहनुपर्‍यो। त्यसपछि इस्राएलीहरूले यस पाठोको मासु खमीर नहालेका रोटीहरू र तीतो सागसँग खानुपर्थ्यो; किनभने यसको मतलब यही थियोः ख्रीष्ट येशू आफ्ना जनहरूको निम्ति भोजन हुनुहुन्छ। हामीले खमीररूपी वैरभाव र दुष्टता त्यागेर साँचो पश्चातापसहित इमानदार र सत्य जीवन जिएर सधैं ख्रीष्ट येशूले सहनुभएको तिक्त कष्टको सम्भ्ाना गर्नुपर्छ। निस्तारको पाठोको कुनै पनि हड्डी भाँचिनुहुँदैनथियो (प्रस्थान १२ः४६); किनभने हाम्रा प्रभुको एउटै हड्डी पनि भाँचिएन (यूहन्ना १९ः३६)। प्रभु येशूमा यो कुरा अक्षरशः पूरा भयो।

**प्रस्थान १२ः११-२०ः** यात्रा गर्न तयार भएका मानिसहरूले सबैभन्दा पहिलो निस्तारको नियम पालन गरे। यस तथ्यले हामीलाई के याद दिलाउँछ भने, हामी निक्कै लामो यात्राको निम्ति निस्किरहेका यात्रीहरू हौं; यसैले हामी हल्का भएर नै यो यात्रा गर्नुपर्छ। अनि निस्तारको नाम कहाँबाट आयो? किनभने निस्तारको पाठोको रगत लगाइएका सबै घरहरूको कुनै पनि हानि नगरी परमप्रभु छोड़िजानुभयो। तर निस्तारको अर्थ केवल 'कसैको छेउबाट भएर जानु' होइन, जसरी श्री आर. एलन कोलले यसरी स्पष्ट पारेका छन्ः

> 'अब हिब्रू भाषाको कुरा आयोः "पेसक" भन्ने शब्दको रचना केही निश्चित कुरा भन्न नसके ता पनि हामी यहाँ भन्न सक्छौं, कि इस्राएलीहरूको निम्ति "पेसक"को अर्थ सधैं सुस्पष्ट हुन्थ्यो, र "कसैलाई छोड़ेर जानु" वा "नाघेर जानु"चाहिँ यसको खास अर्थ हो; अनि यो छोड़ेर जाने काम परमेश्वरले इतिहासमा एकपल्ट पूरा गर्नुभयो, जब उहाँले मिस्र देशमा इस्राएलीहरूलाई कुनै पनि हानि नगरीकन छोड़िराख्नुभयो।' [10)]

इस्राएलीहरूको धार्मिक पात्रोअनुसार निस्तारको स्थापनाचाहिँ तिनीहरूको वर्षको पहिलो महिनाको चौधौं दिनमा हुनुपरेको थियो (प्रस्थान १२ः२)। अनि निस्तार-चाड़सँगसँगै अभिन्न अङ्गको रूपमा अखमिरी रोटीहरूको चाड़ पनि जोड़िएको थियो। निस्तारको स्थापनाको रातमा इस्राएलीहरूले यति हतारसँग मिस्र देश छोड़े, कि तिनीहरूसँग भएको मुछेको पीठोले खमिरे हुने समय पाएको थिएन (प्रस्थान १२ः३४-३९)। यसको सिलसिलामा तिनीहरूले पछि हरेक वर्षमा सात दिनसम्म यो अखमिरी रोटीहरूको चाड़ मनाउँदा तिनीहरूले कति चाँड़ो गरी मिस्र देश छोड़ेको सम्भ्ाना गर्नुपर्नेथियो। तर खमीर पापको प्रतीक हो; यसकारण निस्तारको पाठोको रगतद्वारा छुटकारा पाएकाहरूले पाप र संसारलाई पछाड़ि छोड़ेर त्याग्नुपर्नेथियो; यो तिनीहरूको आलो स्मरण रहिरहोस्! हरेक जसले यस पर्वको अवधि खमीर हालेको रोटी खान्थ्यो, त्यो इस्राएली समुदायबाट बहिष्कृत गरिनुपर्नेथियो; बहिष्कृत हुनुको मतलब यही थियोः यस्ताहरू यहूदी समाजबाट अलग र त्यस

समाजका सबै सुविधा र सौभाग्यहरूदेखि पनि वञ्चित हुन्थे। पवित्र बाइबलमा कुनै-कुनै सन्दर्भमा यस 'बहिष्कार' भन्ने शब्दले मृत्युदण्डको योग्य ठहऱ्याउने अर्थ लिन्छ।

**प्रस्थान १२ः२१-२७ः** अबचाहिँ मोशाले आफूले पाएका यी निर्देशनहरू इस्राएलीहरूका बूढ़ा प्रधानहरूलाई सुनाइदिन्छन्। घरको ढोकामा निस्तारको पाठोको रगत कसरी लगाउनुपर्छ, सो सम्बन्धमा यहाँ थप बेलीबिस्तारहरू उल्लेख गरिएका छन्। अनि त्यो हिसपचाहिँ? हिसपले हाम्रो व्यक्तिगत विश्वास चित्रण गर्छ, किनभने विश्वासद्वारा हामी ख्रीष्ट येशूको रगत व्यक्तिगत व्यवहारमा लगाउँछौं र त्यसका सबै आशिषहरू आफ्नो जीवनमा अपनाउँछौं। निस्तार-चाड़चाहिँ यी आउँदा पुस्ताका मानिसहरूको निम्ति, जसले यस चाड़का रीतिविधिहरूको विषयमा जानकारी पाऔं भनेर विन्ती गर्नेछन्, रगतको मोल तिरेर कमाइएको छुटकाराको शिक्षा दिने जग बन्दो रहेछ।

**प्रस्थान १२ः२८-३०ः** मोशाले चेताउनी दिएअनुसार यस मध्यरातमा मिस्र देशमाथि त्यो प्रहार आइलाग्यो। 'अनि मिस्र देशमा भारी चिच्च्याहट मच्चियो; किनकि कोही नमरेको कुनै घरै थिएन।' अन्तमा, इस्राएलीहरूले मिस्र देश छोड़ेर जान पाए।

# खण्ड ७

## प्रस्थान १२ः३१-१४ः२१ः मिस्र देशबाट इस्राएलीहरूको प्रस्थान

### क) प्रस्थान १२ः३१-१३ः२२ः इस्राएलीहरू लाल समुद्रतर्फ भागेका

**प्रस्थान १२ः३१-३७ः** यहाँ यस एकतीस पदको विषयमा बुझ्नुहोस्ः मोशा र फाराओको बीचमा कुनै व्यक्तिगत भेटघाट थिएन होला (प्रस्थान १०ः२९ पद हेर्नुहोस्)। किनभने सेवकले भनेको र गरेको श्रेय प्रायः मालिकलाई दिइन्छ। फाराओका कर्मचारीहरूले इस्राएलीहरूलाई 'कृपया देश छोड़ेर जानुहोस्' भनी विन्ती गर्नेछन् भन्ने पूर्व-जानकारी मोशाले अघिबाटै दिएका थिए (११ः८)।

*'तब इस्राएलीहरू राम्सेसबाट यात्रा शुरु गरेर **सुक्कोत** गए'* (प्रस्थान १२ः३७)। यो सुक्कोत भन्ने ठाउँ मिस्र देशको एउटा जिल्ला थियो। यसकारण यस ठाउँ र उत्पत्ति ३३ः१७ पदमा भनिएको पलिस्तीहरूको 'सुक्कोत' शहरको बीचमा अल्मलिनुहुँदैन। मिस्रीहरूले खुशीसाथ आफ्नो धनसम्पत्ति इस्राएलीहरूलाई दिएर तिनीहरूलाई जति सक्दो चाँड़ै मिस्र देशदेखि बिदा गर्न हतार गरे। यो धनसम्पत्तिचाहिँ यहूदीहरूको निम्ति तिनीहरूले फाराओलाई गरेको सेवाको क्षतिपूर्ति थियो। यस धनसम्पत्तिबाट इस्राएलीहरूले यात्रामा चाहिएका र परमेश्वरको सेवाको निम्ति चाहिएका सरसामानहरू पाए। स्त्रीहरू र केटाकेटीहरू लगायत प्रायः छ लाख पुरुषहरूले मिस्र देश छोड़े। पुरुषहरूको सङ्ख्या छ लाख तीन




इस्राएलीहरूले मिस्र देशदेखि कनान देशसम्म पूरा गरेको प्रस्थानको जम्मै यात्रा

हजार पाँच सय पचास थियो (प्रस्थान ३८:२६)। यसर्थ इस्राएलीहरूको जम्म जनसङ्ख्या बीस लाखजति भएको थियो होला।

**प्रस्थान १२:३८-३९:** प्रस्थानको मितिको विषयमा निक्कै विवाद चलेको छ। सामान्य अनुदार पन्थको धारणाअनुसार प्रस्थानको मिति ख्रीष्टपूर्व १४४० साल थियो। अरू विद्वान्‌हरू पनि छन्, जसले यसको मिति ख्रीष्टपूर्व १२९० सालतिर पारेका छन्। (यसको विषयमा बढ़ी जानकारी चाहेमा तपाईंले यस पुस्तकको परिचय हेर्नुहोला)। इस्राएलीहरूले मिस्र देश छोड्‌दा तिनीहरूसँग एउटा मिश्रित भीड़ अर्थात् विदेशीहरू पनि सँगसँगै निस्के। गन्ती ११:४ पदमा त्यो मिश्रित भीड़ फेरि देखा पर्छ; तर त्यस बेलामा यी मानिसहरूले परमप्रभु र उहाँको भलाइको विरोधमा गनगन गरिरहनेथिए।

**प्रस्थान १२:४०-४२:** अब चालीस पदमा दिइएको कलक्रमको कुरा आयोः यसको निम्ति उत्पत्ति १५:१३-१४ पदमा गरिएको टिप्पणी हेर्नुहोला। यहाँ बताइएको ४३० वर्षको अवधिचाहिँ इस्राएलीहरूले मिस्र देशमा बिताएका कुलसमय समेट्‌छ। यो त दिनाङ्क लगाइएको सठीक आँकड़ा हो। यस विषयमा महत्त्वपूर्ण कुरा के थियो भने, परमप्रभुले आफ्नो प्रतिज्ञा भुल्नुभएन, जुन प्रतिज्ञा उहाँले शताब्दीहरूभन्दा अघि दिनुभएको थियो। उहाँले आफ्ना जनहरूलाई मिस्र देशदेखि बाहिर निकालेर ल्याउनुभएकोमा आफ्नो प्रतिज्ञाको वचन पूरा गर्नुभयो। ठीक त्यस्तै, परमेश्वर आफूले हामीलाई हाम्रो मुक्तिको विषयमा दिनुभएको प्रतिज्ञाप्रति पनि ढिलाइसुस्ती गर्नुहुन्न (२ पत्रुस ३:९)। किनभने भविष्यको सुदिनमा मोशाको प्रतिरूप लिनुहुने प्रभु येशू ख्रीष्टले आफ्ना जनहरूलाई यस संसारदेखि निकालेर अनन्त प्रतिज्ञाको देशमा लैजानुहुनेछ।

**प्रस्थान १२:४३-५१:** *'यसबाट कुनै परदेशी नखाओस्; .... परदेशी र ज्यालामा काम गर्ने नोकरले यसबाट नखाओस्!'* किनभने निस्तार-चाड़को स्थायी विधि-अनुसार केवल खतना भएका पुरुषहरू, चाहे यिनीहरू विदेशी, चाहे यिनीहरू तिनीहरूका छिमेकी वा तिनीहरूका नोकरचाकर किन नहोऊन्, यसमा सहभागी हुन सके।

**प्रस्थान १३:१-१५:** परमेश्वरले मिस्र देशमा मिस्रीहरूका जेठा छोराहरूलाई प्रहार गर्दा इस्राएलीहरूका पहिला जन्मेकाहरूलाई जोगाउनुभयो; यसकारण तिनीहरूको बीचमा मानिस र पशुबाट पहिले जन्मेकाहरू परमेश्वरको निम्ति अलग गरिनुपरेको थियो; किनकि यिनीहरू उहाँकै थिए। लेवीको कुललाई पूजाहारी सेवकाइको निम्ति अलग नभएसम्म यी पहिले जन्मेका सबै छोराहरू परमेश्वरका पूजाहारी हुन्थे। अनि सबै शुद्ध पशुहरूबाट पहिले जन्मेका सबै पशुहरू तिनीहरूको पहिलो वर्षभित्र परमेश्वरलाई बलिको रूपमा चढ़ाइनुपर्थ्यो। तर अशुद्ध पशुहरूबाट पहिले जन्मेकाहरू परमप्रभुलाई बलि चढ़ाउनुहुँदैनथियो, जस्तैः गधाको बछेड़ा आदि। गधाको बछेड़ा एउटा भेड़ाको पाठो दिएर छुटिनुपर्थ्यो। तर जुन गधाको बछेड़ाको निम्ति छुटकाराको दामको रूपमा कुनै पाठो दिइँदैनथियो, त्यस बछेड़ाको गर्दन भाँचेर त्यसलाई मार्नुपर्थ्यो। यो कि त दाम तिरेर छुट्टाउने, कि त नाश गर्ने सवाल थियो। परमेश्वरले पछिबाट गधालाई मोल तिरेर छुटाउन सक्ने प्रबन्ध मिलाउनुभयो (लेवी २७:२७; गन्ती १८:१५)। अनि पहिले जन्मेको बालक, ऊ पापमा जन्मेको हुनाले, पाँच शेकेलमा मोल तिरेर छुटिनुपर्थ्यो (गन्ती १८:१५-१६)। यस कुराले परमेश्वरको

सामु मानिसको अशुद्ध नैतिक अवस्था यस नियमद्वारा विधिवत् रूपले गम्भीर सम्झना गराएको छ।

जसरी पहिले जन्मेकाहरूलाई अलग गर्ने कामले परमेश्वरप्रति यहूदी मानिसहरूको समर्पण कतिको थियो, सो देखाउने तरिका थियो, ठीक त्यसरी नै अखमिरी रोटीहरूको चाड़ले छुटकारा पाएका मानिसहरूबाट परमेश्वरले खोज्नुभएको नैतिक शुद्धताको स्तर के हो, सो कुरा गर्छ। सात दिनसम्म मानिसहरूले खमीर नहालेको रोटी खानुपर्थ्यो, र तिनीहरूको घरमा कतै पनि केही खमीर हुँदैनथियो। पहिले जन्मेकाहरूको समर्पण र अखमिरी रोटीहरूको चाड़ – यी दुवै कुराहरू वस्तुगत पाठहरू थिए, जसद्वारा परमप्रभुले इस्राएलीहरूलाई कसरी मिस्र देशदेखि छुटकारा दिएर निकाल्नुभयो, सो कुरा सिकिन्थ्यो।

**प्रस्थान १३:१६:** यहूदीहरूले पछिबाट प्रस्थान १३:९ र १६ पदहरू साह्रै अक्षरशः लिए र परमेश्वरको वचनका खण्डहरूका निम्ति सानो छालाको जन्तररूपी व्यवस्था-पेटिकाहरू बनाएर ती आफ्नो निधारमा र आफ्ना हातका नाड़ीहरूमा बाँध्ने गर्थे। तर यसो गरेकोमा आत्मिक अर्थ यस प्रकारको थियोः हामी हातले जे गर्छौं र आँखाले जे देख्छौं र मनले जे चाहा गर्छौं, ती सबै कुराहरू परमेश्वरको वचनअनुसार नै हुनुपर्छ।

**प्रस्थान १३:१७-२०:** मिस्र देशदेखि कनान देशमा पुग्ने सबैभन्दा छोटो र सीधा बाटो पलिस्तीहरूको देशबाट भएर हुनेथियो, अर्थात् समुद्री तटबाट भएर दुई हप्ताको बाटो हुनेथियो। यो दुई सय बीस किलोमेटर लामो बाटो 'होरुस-मार्ग'को नामले चिनिन्थ्यो। तर साह्रै व्यस्त आम-मूलबाटो थियो, जुनचाहिँ मिस्री सेनाहरूको निरन्तर सावधानी र देखरेखमा रहन्थ्यो। परमेश्वरले आफ्ना जनहरूलाई सैनिक हमला र निराशबाट जोगाउने हेतुले तिनीहरूलाई यस मूल-बाटोदेखि अझै दक्षिणमा परेको सिनाईको प्रायद्वीपबाट भएर लैजानुभयो। इस्राएली-हरूले सुव्यवस्थित ढङ्गले पङ्क्ति बाँधेर यात्रा गर्दैथिए। तिनीहरूका पितापूर्खाहरूले परमेश्वरको अघि खाएको शपथ तिनीहरूले शिरोपर गरे र यूसुफका अस्थी अर्थात् चिनानमा भएका उनका हड्डीहरू कनान देशमा, उनको जन्मभूमिमा लगे। यसको विषयमा श्री सी. एफ. प्फाइफरले यसो लेखेका छन्ः

> 'इस्राएलीहरूको सामु लाल समुद्र थियो। हिब्रू भाषामा लाल समुद्रको नाम ''याम सूफ'' हो, र सूफको अर्थ ''नर्कट'' हो (प्रस्थान १३:१८)। वर्तमान समयमा ''ठूलो तिक्त ताल''को नामले चिनिएको उदधिचाहिँ उहिलेको लाल समुद्रसित जोड़िएको थियो, र यसकारण परम्परागत अनुवादअनुसार यसको नाम लाल समुद्र भएको हो। इस्राएलीहरूले समुद्र पार गरेको ठाउँ कहाँ थियो, यसको विषयमा प्रशस्त कल्पनाहरू गरिएका छन्, तर तीमध्ये एउटाले पनि एकमतरूपी स्वीकृति पाएको छैन।' 11)

**प्रस्थान १३:२१-२२:** परमप्रभु आफ्ना जनहरूसँग हुनुभएको उहाँको उपस्थितिचाहिँ दिउँसो बादलको खाँबाद्वारा र राति आगोको खाँबाद्वारा प्रकट भयो। श्री मेथ्यू हेन्रीका शब्दअनुसार भन्नु हो भने, 'यी चिन्हहरू निरन्तर खड़ा रहेका आश्चर्यकर्म थिए।' 12) यस महिमित बादल 'सेकाईना' यसको हिब्रू नामले चिनिन्छ। सेकाईनाको शाब्दिक अर्थ 'वास गर्नु' हो। अनि यस बादलको खाँबाले परमेश्वरको मार्गदर्शनको चित्रण गर्छ, जुन मार्गदर्शन उहाँले आफ्ना जनहरूलाई दिनु-हुन्छ, साथै तिनीहरूले आफ्ना शत्रुहरूबाट पाएको सुरक्षाको कुरा पनि दर्साउँछ (प्रस्थान १४:१९-२०)। अनि मार्गदर्शन र सुरक्षा – यी दुईवटा कुराहरूले असल प्रकारले प्रभु येशू ख्रीष्टको प्रतिबिम्ब गर्छन्।

**ख) प्रस्थान १४ः इस्राएलीहरू लाल समुद्र तरेका**

**प्रस्थान १४ः१-९ः** यस अध्यायमा घटेको घटना सम्पूर्ण पवित्र बाइबलको सबैभन्दा उत्तेजक घटना ठहरिएको छ। परमप्रभुले इस्राएलीहरूलाई दक्षिणतिर 'पीहहीरोत'मा जाने निर्देशन दिनुभयो, जुन पीहहीरोत भन्ने ठाउँ लाल समुद्रको पश्चिमपट्टि पर्छ। अब-चाहिँ तिनीहरूको निम्ति कुनै उम्कने बाटो रहेन। तर यस कुराले हुन लागेको आश्चर्यकर्मको निम्ति एउटा अद्‌भुत पृष्ठभूमि तयार गऱ्यो। किनभने फाराओको विचारमा इस्राएलीहरू अब धरापमा परेका थिए। यसकारण तिनले आफ्ना छ सय चुनिएका रथहरू लगायत मिस्र देशका सबै रथहरू र ती रथहरू हाँकिरहेका चालक कप्तानहरूलाई लिएर इस्राएलीहरूको पछि निस्के। अनि नभन्दै तिनी लाल समुद्रको किनारामा छाउनी हालेका बीस लाख असहाय इस्राएलीहरूकहाँ आइपुगे। इस्राएलीहरू फसे; किनभने तिनीहरूको सामु लाल समुद्र र तिनीहरूको पछाड़ि फाराओको सेना थियो। यसैबाट सायद यो प्रसिद्ध उक्ति आयो होला, जसले भन्दछः 'शैतान एकपट्टि र गहिरो, नीलो समुद्रको पानी उतापट्टि, कस्तो फसाद !'

**प्रस्थान १४ः१०-१४ः** जब इस्राएलीहरूले आफ्ना आँखाहरू उठाएर हेरे र मिस्री सेनालाई पछि-पछि आउँदै गरेको देखे, तब तिनीहरू अक्क न बक्क परे; तर तिनीहरूले बुद्धिमानीसाथ काम गरे र परमप्रभुलाई पुकारे। तर मोशासित गनगन गर्न तिनी-हरूलाई केही बेर लाग्दैनथियो। अघि पनि तिनीहरूले परमप्रभुले खटाउनुभएको अगुवा मोशासित गनगन गरेका थिए (प्रस्थान ५ः२१)। तिनीहरूको गनगनका शब्द सुन्नुहोस्ः 'हामीलाई छोड़िदिनुहोस्, र हामी मिस्रीहरूकै सेवा गर्नेछौं; किनकि यस उजाड़स्थानमा मर्नुभन्दा मिस्रीहरूको सेवा गर्नु हाम्रा निम्ति असल हुनेथियो।' तिनीहरूको अविश्वास प्रकट गर्ने शब्दहरू यस प्रकारका थिए। अनि योचाहिँ तिनीहरूको अविश्वास प्रकट गर्ने अन्तिम घटना पनि थिएन। अब मोशा तिनीहरूको डरको शिखर भएनन्, तर उनले साहस गरेर तिनीहरूलाई भनेः *'नडराओ, स्थिर भई खड़ा ओओ, र परमप्रभुको छुटकारा हेर !'*

**प्रस्थान १४ः१५-१८ः** अब सारा मानव इतिहासको सबैभन्दा महान् आश्चर्यकर्म हुन लाग्यो।

*'परमप्रभुले मोशालाई भन्नुभयोः "इस्राएलीहरूलाई अघि बढ्ने आज्ञा देऊ ! तर तिमीचाहिँ आफ्नो लहुरो उठाऊ, आफ्नो हात समुद्रमाथि पसार र त्यसलाई दुई भाग पारिदेऊ ! अनि इस्राएलीहरू समुद्रको बीचबाट भएर सुक्खा जमिनै-जमिन जाऊन् !" '* (प्रस्थान १४ः१७)

परमेश्वरले मिस्रीहरूका हृदय कठोर पार्नुभएको र उहाँले फाराओ र तिनको सारा सेनाबलद्वारा आफ्नो महिमा बढ़ाउनुभएको सम्बन्धमा श्री मेथ्यू हेन्रीले निम्न टिप्पणी गरेका छन्ः

> 'जतिले परमेश्वरको अनुग्रहको प्रभावमा परेर अन्तिम आएर यसको घोर विरोध गर्छन्, त्यस्ता व्यक्तिहरूमाथि "अहो, हामी उहाँको क्रोधका पात्र भयौं-भयौं" भन्ने प्रभाव पार्नुचाहिँ उहाँको निम्ति न्यायसँगत कुरा हो। यसकारण उहाँले यहाँ, यस ठाउँमा फाराओरूपी हठधर्मी, अभिमानी विद्रोहीमाथि प्राप्त गर्न लाग्नुभएको विजयको उद्‌घोषणा गर्नुभयो।' 13)

**प्रस्थान १४ः१९-२८ः** अब परमप्रभुको दूतको कुरा आयोः (परमेश्वरको दूत ख्रीष्ट येशूको प्रतिरूप हुन्; यसको विषयमा तपाईंले न्यायकर्ताको पुस्तकको छ अध्यायको निबन्ध हेर्नुहोला।) यी उक्त दूतले बादलको

खाँबाको रूपमा छाउनीको पछिल्तिर आफ्नो स्थान लिनुभयो र इस्राएलीहरूलाई मिस्री-हरूको हातबाट सुरक्षा दिनुभयो। यस बादलको खाँबाले इस्राएलीहरूलाई उज्यालो दिन्थ्यो, तर मिस्रीहरूलाई अन्धकारले छोपिदिन्थ्यो। मोशाले आज्ञा गरे, र लाल समुद्र दुई भाग भयो; अनि यसरी यता पानीको पर्खाल उठ्यो र उता पानीको पर्खाल उठ्यो, तर बीचमा सुक्खा जमिनरूपी बाटो भयो, जुन बाटोबाट भएर इस्राएलीहरू पार भए। तर जब फाराओको सेनाले तिनीहरूलाई पछ्याउँदै समुद्र पार गर्न खोज्यो, तब परमप्रभुले तिनीहरूलाई अस्तव्यस्त पार्नुभयो र तिनीहरूका रथका चक्काहरू फुस्काइ-दिनुभयो, र तिनीहरूका रथहरू कठिनसँग चल्न थाले। तिनीहरूले भाग्न खोजे, तर ढिलो भइसकेको थियो; किनभने मोशाको आज्ञामा समुद्रको पानी मिस्रीहरूमाथि आइ-लाग्यो; मिस्रीहरूबाट एकैजना पनि उम्केन। यसकारण बुझ्नुहोस्ः जब हामी परमेश्वरको इच्छाअनुसार अघि बढ्छौं, तब जुन विश्वासले हाम्रो अघि लाल समुद्रबाट भएर एउटा बाटो खोल्छ, त्यही विश्वासले असम्भव कुराहरू सम्भव तुल्याउन हामीलाई सक्षम बनाउँछ।

**प्रस्थान १४ः२९-३१ः** पवित्र बाइबलको पुरानो नियममा इस्राएलीहरू लाल समुद्र तरेको घटनामा परमेश्वरको शक्तिको सबैभन्दा महान् प्रदर्शन हो; तर नयाँ नियममा जब परमेश्वरले येशू ख्रीष्टलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो, तब सबै युग-हरूमा प्रदर्शित भएको जुनसुकै शक्तिभन्दा ठूलो, संसारको सबैभन्दा महान् शक्तिको प्रदर्शन भएको हो।

### ग) प्रस्थान १५ः१-२१ः मोशाको स्तुतिगान

जसरी निस्तार-चाड़ले रगतद्वारा हुने छुटकाराको कुरा बताइदिन्छ, त्यसरी नै इस्राएलीहरू लाल समुद्र पार भएको कुराले परमेश्वरको शक्तिद्वारा हुने छुटकाराको कुरा गर्छ। मोशाको स्तुतिगानले यस दोस्रो घटना-माथि ध्यान राखेको छ र यसको जयजयकार गरेको छ। डाक्टर एच. सी. वुडरिङ्गले यस स्तुतिगानको रूपरेखा यस प्रकारले दिएका छन् [14], जस्तैः

**क)** प्रस्थान १५ः१ः *प्रस्थावनाः*
परमप्रभु परमेश्वरको विजय

**ख)** प्रस्थान १५ः२-३ः *पहिलो श्लोकः* परमप्रभु शक्ति, छुटकाराको गीत र उद्धार हुनुहुन्छ; उहाँ आफ्ना जनहरूको निम्ति यस्तै हुनुहुन्छ।

**ग)** प्रस्थान १५ः४-१३ः *दोस्रो श्लोकः* परमप्रभुले भूतपूर्व शत्रुहरूमाथि विजय प्राप्त गरेर आफ्ना जनहरूलाई मिस्र देशदेखि छुटकारा दिनुभयो। उहाँले आफ्ना जनहरूको निम्ति महान् काम गर्नुभयो।

**घ)** प्रस्थान १५ः१४-१८ः *तेस्रो श्लोकः* परमप्रभुले भविष्यका शत्रुहरूमाथि विजय प्राप्त गर्नुहुनेछ र आफ्ना जनहरूलाई तिनीहरूको अधिकारको भागमा ल्याइपुर्‍याउनुहुनेछ। उहाँले भविष्यमा आफ्ना जनहरूको निम्ति काम गर्नुहुनेछ।

**ङ)** प्रस्थान १५ः१९ः *समाप्तीः* मिस्रीहरूको हार र इस्राएली जातिको छुटकारामा कति ठूलो भिन्नता छ।

**च)** प्रस्थान १५ः२०-२१ः मरियम र समुदायका सबै स्त्रीहरूले जुवारी कीर्तन गाए।

प्रायः तीन शताब्दी अघि बेलायतको टिप्पणीकार श्री मेथ्यू हेन्रीले यस महान् आत्मिक गीति-कविताप्रति आफ्नो सराहना व्यक्त गर्दै आफ्नो विचार यसरी पोखेः

'यस स्तुतिगानको सम्बन्धमा हामी निम्न चारवटा कुराहरूमाथि ध्यान दिनु उचित छः
**क)** हामीले जानेका स्तुतिगानहरूमध्ये

सबैभन्दा पुरानो यो मोशाको स्तुतिगान हो। **ख)** यसको रचना सर्वोच्च छ। यसको शैली उच्च र प्रतापी छ; यसले प्रयोग गरेका चित्रणहरू सजीव छन् र बिलकुल सठीक छन्; यो समग्र गीत कति मार्मिक छ। **ग)** यो एउटा पवित्र गीत हो, जुनचाहिँ परमेश्वरको महिमाको निम्ति अर्पित भएको छ। यसले किञ्चित कुनै मानिसलाई श्रेय दिँदैन, तर केवल परमेश्वरको नाम उच्च पार्छ र उहाँलाई प्रशंसा चढ़ाउँछ। यस रचनामाथि "परमप्रभुको निम्ति पवित्र" भन्ने शब्द खोप्न सकिन्छ। अनि जब इस्राएलीहरूले यो स्तुतिगान गाउँथे, तब तिनीहरूले परमप्रभुको निम्ति, अँ, उहाँको निम्ति मात्र गाउँथे। **घ)** यो एउटा दृष्टान्तात्मक स्तुतिगान हो; किनभने जब मोशाको स्तुतिगान र थुमाको स्तुतिगान गाइनेछन्, तब यी गीतहरूमा सुसमाचारको युगको मण्डलीले प्राप्त गरेका विजयहरू र त्यसका शत्रुहरूका हारहरू तिनका एकमात्र विषयवस्तुहरू हुनेछन्। किनकि जसरी लाल समुद्रको किनारामा इस्राएलीहरूले मोशाको स्तुतिगान गाए, ठीक त्यसरी नै काँचको समुद्रमाथि उभिएर विजेताहरूले मोशाको गीत र थुमाको गीत सँगसँगै गाउनेछन् (प्रकाश १५:२-३)।' [15]

# खण्ड ८

## प्रस्थान १५:२२-१८:२७: सिनाई पर्वततर्फको यात्रा

### क) प्रस्थान १५:२२-२७: इस्राएलीहरू शूरको उजाड़स्थानमा

प्रस्थान १५:२२ पदमा इस्राएलीहरूले लाल समुद्रदेखि सिनाई पर्वतसम्म गरेको यात्राको विवरण शुरु हुन्छ। यस यात्राको एक-एक कदम ख्रीष्ट-विश्वासीहरूको निम्ति उपयुक्त आत्मिक पाठहरूले भरिपूर्ण छ। मारा भन्ने ठाउँ यसको निम्ति एउटा उदाहरण हो। 'मारा'को अर्थ तीतो हो। यो ठाउँ जीवनका तिक्त अनुभवहरूको विषयमा बोल्छ। अनि त्यो रूख वा काठचाहिँ? त्यो रूख, त्यो काठ गलगथाको क्रूसको कुरा गर्छ, जुन क्रूसले हाम्रो जीवनका तिक्त अनुभवहरू मिठासमा परिवर्तन गर्छ। अनि मारा भन्ने ठाउँमा परमप्रभुले आफूलाई 'यहोवा-रफेका'को रूपमा प्रकट गर्नुभयो, जसको अर्थ होः 'तिमीहरूलाई निको पार्नुहुने परमप्रभु म नै हुँ'। इस्राएलीहरूको निम्ति परमप्रभुको प्रतिज्ञा छः उहाँले तिनीहरूलाई ती रोगहरूबाट छुटकारा दिनुहुन्छ, जुन रोगहरूले मिस्री-हरूलाई सताइरहेका थिए। अब एलीमको कुरा आयोः त्यहाँ बाह्रवटा पानीका मूलहरू र खजूरका सत्तरीवटा रूखहरू थिए। यसर्थ बुझ्नुहोस्ः गलगथाको क्रूसकहाँ गएकाहरू सबैले ख्रीष्ट येशूमा विश्राम र ताजापन पाउँदा रहेछन्। के तपाईं ख्रीष्ट येशूकहाँ जानुभयो कि? के तपाईंले उहाँबाट शान्ति र अनन्त जीवन पाउनुभयो कि?

### ख) प्रस्थान १६: इस्राएलीहरू सीनको उजाड़स्थानमा

**प्रस्थान १६:१-१९:** दक्षिण-पूर्वतिर यात्रा गर्दै इस्राएलीहरू सीनको उजाड़स्थानमा आइपुगे। [16] त्यस ठाउँमा तिनीहरूले नमीठो हुने गरी गनगन गर्न लागे; किनभने तिनीहरू खानेकुराको अभावमा मिस्र देशका स्वादिष्ठ भोजनहरू सम्झेर दुःखित बने। के मिस्र देखको खानेकुराको आलो सम्झना हुँदा तिनीहरूले त्यो कठोर दासत्व भुले, कि के हो? परमेश्वरले आफ्नो दयामा बेलुकीपख बट्टाई चराहरू र बिहानिपख मन्ना दिनुभयो। उहाँले बट्टाई चराहरू दुईपल्ट मात्र जुटाइ-दिनुभयोः यहाँ र किब्रोत-हत्तावामा (गन्ती ११:३१); तर मन्नाचाहिँ उहाँले नियमित रूपले

लगातार दिइरहनुभयो। मन्नाको अर्थ 'यो के हो ?' हो। यो मन्ना परमेश्‍वरले अलौकिक ढङ्‌गले इसराएलीहरूको निम्ति प्रबन्ध गरिदिनुभएको भोजन थियो; अनि यसको निम्ति प्राकृतिक कारण दिन खोजेका मानिसहरूका सबै स्पष्टीकरणहरू विफल भए, व्यर्थ ठहरिए। मन्ना हेर्दा सानो र गोलो थियो, यसको रङ्‌ग सेतो र यसको स्वाद गुलियो थियो (प्रस्थान १६:३१)। यस मन्नाले ख्रीष्ट येशूलाई सङ्केत गर्छ; उहाँ परमेश्‍वरको त्यो रोटी हुनुहुन्थ्यो, जुन रोटीचाहिँ स्वर्गबाट आउनुभएको थियो। यस मन्नाले प्रभु येशूको नम्रता, सिद्धता, पवित्रता र मिठास चित्रण गर्छ (यूहन्ना ६:४८-५१)। मन्ना एकाबिहानै, शीत पर्ने बेलामा झर्थ्यो; अनि त्यस शीतले हामीलाई पवित्र आत्माको कार्य सम्झना गराउँछ, किनकि शीतले गरेजस्तै उहाँले हाम्रो हृदयमा ख्रीष्ट येशूलाई प्रस्तुत गर्नुहुन्छ। एक-एकजनाको निम्ति एक ओमेर हुने गरी इस्राएलीहरूले दिन-दिनै मन्ना बटुल्न पाउँथे। एक ओमेर भनेको २.२ लिटरको परिणाम हो। एक ओमेर बटुल्न खोज्दा कसैले धेरै र कसैले थोरै बटुल्थ्यो; तर कसैलाई कहिल्यै कुनै अपुग हुँदैनथियो, अनि कसैलाई बढ़ी पनि हुँदैनथियो। यस कुराले ख्रीष्ट येशूमा भएको प्रशस्तता दर्साउँछ; किनभने उहाँमा उहाँका सबै जनहरूको हरेक आवश्यकता पूरा गर्न सक्ने भरपूरी छ। यस कुराले यो पनि दर्साउँछः जुन बेलामा ख्रीष्ट-विश्‍वासीहरूले आफूसँग भएका चीजहरू खाँचोमा परेकाहरूसँग बाँड़चुँड़ गर्छन्, त्यस बेलामा कसैलाई बढ़ी नभएको र कसैको अपुग नभएको उक्त प्रकारको नतिजा निस्कन्छ (२ कोरिन्थी ८:१४-१५)। इस्राएलीहरूले बिहानै घाम तातो हुनुभन्दा अघि मन्ना बटुल्नुपर्थ्यो; नत्र मन्ना पग्लन्थ्यो। ठीक त्यस्तै हामी पनि बिहानै, हरेक दिनको शुरुमै, जीवनका कामकुराहरूको झन्झटमा पर्नुभन्दा अघि ख्रीष्ट येशूरूपी स्वर्गीय रोटी खाएर तृप्त हुनुपर्छ। मन्ना दिनहुँ बटुल्नुपर्थ्यो; ठीक त्यस्तै ख्रीष्ट येशू हाम्रो दैनिक आहार हुनुपर्छ। हप्ताका छ दिनहरूमा मन्ना बटुलिन्थ्यो; तर सातौं दिनमा चाहिँ मन्ना पाइँदैनथियो।

**प्रस्थान १६:२०-३१ः** परमेश्‍वरले हप्ताको छैटौं दिनमा इस्राएलीहरूलाई विश्रामदिनका दुई छाक टार्नको निम्ति अरू दिनहरूमा भन्दा दोबर अर्थात् दुई-दुई ओमेर गरी मन्ना बटुल्न लगाउनुभयो। हप्ताका अरू दिनहरूमा मन्नाको केही भाग राखिएको भए मन्नामा कीरा पर्थ्यो र त्यो गनाउँथ्यो। मन्ना धनियाँको बीउजस्तो सेतो थियो, र त्यसको स्वाद मह लगाएको बाबरको जस्तो थियो। यो पोलेर वा पकाएर तयार गर्न सकिन्थ्यो। विश्रामदिनमा मन्ना बटुल्न बाहिर जानेहरूले मोशाको हप्की खाए।

**प्रस्थान १६:३२-३४ः** केही मन्ना सम्झनाको निम्ति एउटा सुनको भाँड़ामा राखियो; पछिबाट यो भाँड़ा करारको सन्दुक-भित्र राखियो (हिब्रू ९:४)। परमेश्‍वरले सृष्टिको उत्पत्तिको सातौं दिनमा विश्राम लिनुभयो (उत्पत्ति २:२); तर उहाँले त्यस समयमा मानिसलाई विश्रामदिन मान्‍ने आज्ञा दिनुभएन। तर अबचाहिँ उहाँले इस्राएली जातिलाई विश्रामदिन पालन गर्ने नियम दिनुभयो। प्रस्थान बीस अध्यायमा यो नियम दस आज्ञाहरूमा गाभियो (प्रस्थान २०:९-११)। विश्रामदिन पवित्र मान्‍ने नियमचाहिँ सिनाई पर्वतमा इस्राएली र परमेश्‍वरको बीचमा स्थापित भएको करारको चिन्ह थियो (प्रस्थान ३१:१३), साथै विश्रामदिनचाहिँ हप्तामा एकपल्ट तिनीहरूलाई मिस्र देशको दासत्वबाट पाएको छुटकाराको सम्झना गराउने दिन थियो। अन्यजातिहरूलाई विश्रामदिन पवित्र मान्‍ने आज्ञा कहिल्यै दिइएन। नयाँ नियममा दस आज्ञाहरूमध्ये

नौवटा आज्ञाहरू ख्रीष्ट येशूको मण्डलीको निम्ति दोहोरिएका छन्, ख्रीष्ट-विश्‍वासीहरूलाई धार्मिकताको सम्बन्धमा तालिम दिने निर्देशनको रूपमा दोहोरिएका छन्। तर विश्रामदिन पवित्र मान्‍ने आज्ञा नयाँ नियममा एक पल्ट पनि दोहोरिएको छैन। तर हप्तामा एक दिन विश्राम लिने नियमचाहिँ सारा मानिस-जातिको निम्ति लाभदायक त छ। अनि त्यो दिन अर्थात् हप्ताको पहिलो दिन ख्रीष्ट-विश्‍वासीहरूको निम्ति प्रभुको दिन हो। प्रभुको दिनसित कुनै धर्मनियम पालन गर्नुपर्ने बाध्यता जोड़िएको छैन, तर यो त हाम्रो निम्ति सौभाग्यले पूर्ण दिन, अनुग्रहले पूर्ण दिन हो। किनभने त्यस दिनमा हामी सबै सांसारिक कामधन्दाहरूबाट स्वतन्त्र भई हाम्रा प्रभुको आराधना र सेवाको निम्ति आफैलाई पूरा रूपले दिइहाल्‍न पाउँछौं।

*'परमप्रभुले मोशालाई आज्ञा गर्नुभएअनुसार हारूनले त्यो, त्यसलाई जोगाइराख्‍न भनी साक्षीको अघिल्तिर राखिदिए'* (प्रस्थान १६:३४)। यहाँ 'साक्षीको अघिल्तिर' भनेर लेखिएको छ। यो साक्षीचाहिँ सन्दर्भअनुसार कि त करारको सन्दुक थियो, जुन करारको सन्दुक अझ पनि बनिएको थिएन, कि त यो साक्षी ती दस आज्ञाहरू भएको हुनुपर्छ।

**प्रस्थान १६:३५-३६:** इस्राएलीहरूले चालीस वर्षसम्म उजाड़स्थानमा मन्‍ना खाए। तिनीहरूले उजाड़स्थानमा घुमफिर गरिरहनुपर्ने अवधि कति हुने हो, सो कुरा बताउने पूर्व-जानकारी यस पदले दिएको छ। कनान देशको सिमानाभित्र आएर तिनीहरू गिल्गाल भन्‍ने ठाउँमा पुगेपछि मन्‍ना आफै-आफ बन्द भयो (यहोशू ५:१२)।

### ग) प्रस्थान १७: इस्राएलीहरू रपीदीममा

**प्रस्थान १७:१-७:** रपीदीममा इस्राएलीहरूले मोशासँग झगड़ा गरे; किनकि मानिसहरूको निम्ति पिउने पानी भएन। परमप्रभुले मोशालाई 'होरेबमा जानू र त्यसको चट्टान आफ्नो हातमा भएको लहुराले हिर्काउनू' भन्‍ने निर्देशन दिनुभयो। होरेबको अर्थ 'उजाड़' वा 'भतभती गर्मी जग्गा' हो। जब परमेश्‍वरले उनलाई अह्राउनुभएअनुसार उनले गरे, तब यस चट्टानबाट पानी निस्क्यो। यो पवित्र आत्माको आत्मिक चित्र हो, जुन पवित्र आत्माचाहिँ पेन्टेकोष्टको दिनमा, गलगथामा प्रभु येशूलाई उहाँको क्रूसको मृत्युमा हिर्काइएको फलस्वरूप दिइनुभयो। मास्सा र मरीबा यी ठाउँहरू हुन्, जहाँ इस्राएलीहरूले परमेश्‍वरलाई परीक्षा गरे र जहाँ तिनीहरूले मोशासँग झगड़ा गरे। मास्साको अर्थ 'परीक्षा' हो भने, मरीबाको अर्थ 'झगड़ा' हो।

**प्रस्थान १७:८-१६:** यहाँ यहोशूको नाम पहिलो पल्ट पढ़िन्छ। यहोशूको अर्थ 'परमप्रभु मुक्ति हुनुहुन्छ' हो। यहोशू मोशाको सेवक थिए। तिनले रपीदीममा अमालेकीहरूसँग लड़ाइँ गरे। जबसम्म मोशाले आफ्नो हात उठाइराखे, तबसम्म इस्राएलीहरूले लड़ाइँ जित्दैथिए; तर उनले हात तल झारेको बेलामा अमालेकीहरूले जित्दैथिए। हात माथि उठाइराख्‍नुको मतलबचाहिँ मोशाले परमेश्‍वरमाथिको भरोसा र उहाँसित अन्तर्विन्ती गरेको बुझिन्छ। अनि अमालेकीहरूचाहिँ? अमालेकीहरू एसावका सन्तान हुन्; यसकारण अमालेकीहरूले 'शरीर'लाई चित्रण गर्छ; अनि 'शरीर' भन्‍नाले मानिस आदमको सन्तान भएको हुनाले उसमा भएको त्यो दुष्ट र भ्रष्ट पापमय स्वभाव बुझिन्छ। यस विषयमा तपाईंले याद गर्नुहोलाः 'शरीर' भनिने त्यो पापी स्वभाव र अमालेकीहरूको बीचमा निम्न गुणहरू पूरा मिलेका छन्, जस्तैः **क)** जब कुनै मानिस प्रभु येशूकहाँ फर्कन्छ, तब उसले पापको क्षमा पाउनुको साथै पवित्र आत्मा पाउँछ। मुक्ति पाएपछि मात्र यस पापी स्वभावले पवित्र आत्माको

विरोध गर्न थाल्छ। **ख)** जसरी अमालेकसँग परमप्रभुको लड़ाइँ पुस्तौंपुस्तासम्म चलिरहन्थ्यो, ठीक त्यसरी नै पवित्र आत्माको लड़ाइँ 'शरीर' नामक पापी स्वभावसित रहिरहन्छ। **ग)** त्यो पापी स्वभाव कहिल्यै मेटिँदैन; ख्रीष्ट-विश्‍वासीको मृत्यु नभएसम्म अथवा ख्रीष्ट येशूको मण्डली आकाशमा नउठाइलगिएसम्म हामीसँग त्यो पापी स्वभाव छँदैछ। **घ)** 'शरीर'माथि विजय पाउने दुईवटा तरिकाहरू यस प्रकारका छन्ः प्रार्थना र परमेश्‍वरको वचन।

इस्वी संवत् ३७-१०० सालभित्र जिउने जोसेफस नामक यहूदी इतिहासकार थिए। तिनको भनाइअनुसार हूरचाहिँ मोशाकी दिदी मरियमको पति थिए। यिनी तिनै हूर थिए, जसले मोशा सिनाई पर्वतमा भएको बेलामा हारूनसँग मानिसहरूको देखरेख गरे (प्रस्थान २४ः१४)।

'यहोवा-निस्सी': यो दुईवटा शब्दले बनेको नाम हो, जसको अर्थ 'परमप्रभु मेरो झण्डा हुनुहुन्छ' हो।

### घ) प्रस्थान १८ः मोशा र येत्रो

**प्रस्थान १८ः१-१२ः** प्रस्थानको पुस्तकको अठार अध्यायले यस पुस्तकको वृत्तान्तको एउटा मोड़मा आइपुगेको सङ्केत दिन्छ। यहाँसम्म हामीले मन्ना, हिर्काइएको चट्टान र त्यस चट्टानबाट निस्किरहेको पानीका विषयहरू हेर्दैथियौं, जुन कुराहरूचाहिँ ख्रीष्ट येशूले मानिसको शरीर धारण गर्नुभएको, उहाँ क्रूसमा मर्नुभएको र त्यसपछि पवित्र आत्मा दिइनुभएको सङ्केतहरू हुन्। तर अबचाहिँ हामी ख्रीष्ट येशूको आउँदा महिमित राज्यको झलक पाउँछौं। किनभने यहाँ मोशा ख्रीष्ट येशूको प्रतिरूप हुन्, जसले संसारमाथि राज्य गर्नुहुनेछ। अनि मोशाका छोराहरूले यहाँ यहूदीहरूलाई सङ्केत गरेको देख्छौं; अनि येत्रोचाहिँ? येत्रोले यहाँ अन्यजातिहरूलाई चित्रण गर्छन्; अनि मोशाकी अन्यजाति दुलही सिप्पोराले मण्डलीलाई चित्रण गर्छे। ख्रीष्ट येशू, यहूदीहरू, अन्यजातिहरू र ख्रीष्टको मण्डली – यी सबैले ख्रीष्ट येशूको हजार वर्षको राज्यको आशिष उपभोग गर्नेछन्। यहूदीहरू र अन्यजातिहरू यस राज्यका प्रजा हुनेछन्; अनि ख्रीष्ट येशूको मण्डलीले उहाँसित पृथ्वीमाथि राज्य गर्नेछ।

यस अध्यायमा प्रस्तुत गरिएका घटनाहरू कालक्रमअनुसार उल्लेख गरिएका छैनन्। किनभने प्रस्थान १८ः५ पदले मोशाका ससुरा येत्रो उनलाई सिनाई पर्वतमा भेट्न आएको जानकारी दिन्छ भने, इस्राएलीहरूचाहिँ प्रस्थान १९ः२ पदसम्म सिनाई पर्वतमा आइपुगेनन्। यस सम्बन्धमा एकजना टिप्पणीकारले के सुझाव दिएका छन् भने, यस प्रकारको विवरण लेख्ने क्रममा विशेष उद्देश्य थियो; किनभने सिनाई पर्वतमा परमप्रभुसँग इस्राएलीहरूको भेटघाट र तिनीहरूलाई व्यवस्था दिइएको घटनाको विवरणमा कुनै बाधा आउनुहुँदैनथियो। अनि हुन सक्छ, मोशा मिस्र देशमा फर्केको बेलामा उनले आफ्नी पत्नी र दुई छोराहरूलाई मिद्यानमा छोड़िराखेका थिए। सिप्पोरा, गेर्शोम र एलिएजरलाई साथमा लिएर येत्रो मोशाकहाँ आए। यो मोशाको परिवारको कत्रो सुखद पुनर्मिलन भयो!!

*'अब परमप्रभु सबै ईश्‍वरहरूभन्दा महान् हुनुहुँदो रहेछ भन्ने कुरा मैले बुझें'* भन्ने वाक्यबाट के बुझिन्छ भने येत्रो यही बेलामा परमप्रभुलाई मान्ने-पुज्ने मानिस बने। तर कतिपय बाइबल-विद्वान्हरूले भनेअनुसार येत्रोले पहिलेबाटै एकमात्र सत्य परमेश्‍वरको सेवा-आराधना गरेका थिए अरे।

**प्रस्थान १८ः१३-२७ः** जब येत्रोले यति धेरै मानिसहरूको न्यायको जाँच गर्ने अगाध जिम्मेवारी मोशाको काँधमा परेको देखे, तब तिनले आफ्ना ज्वाइँलाई उनलाई सहायता गर्न

'चरित्रवान् मानिसहरूलाई चुन' भन्ने सल्लाह दिए। यी चित्रवान् मानिसहरू परमेश्वरको डर मान्ने, सत्यतामा चल्ने र लोभलालचबाट पूरा अलग बस्ने मानिसहरू हुनुपरेको थियो। येत्रोको सुझाउअनुसार यी चित्रवान् मानिसहरूलाई हजार-हजार जनतामाथि, यसरी नै सय-सय, पचास-पचास र दस-दसजनामाथिका शासकहरूको रूपमा नियुक्त गर्नुपरेको थियो। यसो गरेर मोशाको बोझ हल्का हुनुको साथै उनका कामहरू छिटो पूरा हुनेथिए। कतिजनाको विचारमा, येत्रोको यो सरसल्लाह परमेश्वरबाट नै आएको थियो; किनकि यस सल्लाहको मतलब यस प्रकारको थियोः यसरी नै अरू मानिस-हरूसँग जिम्मेवारी होशियारीसाथ बाँड़िन्थ्यो। तर अरूको विचार पनि सुन्न लायकको छ, जसले यसो भनेका छन्ः 'जुन मानिसहरूलाई परमेश्वरले कुनै काम अह्राउनुहुन्छ, ती मानिसहरूलाई उहाँले आफ्नो अनुग्रहमा तिनीहरूको जिम्मावारी निभाउने क्षमता पनि प्रदान गर्नुहुन्छ। यहाँसम्म परमेश्वरले मोशासँग आफ्नो साथीसँग बोलेझैं कुनै मध्यस्थविना नै कुरा गर्नुभयो। यसकारण परमेश्वरले अरू प्रबन्धहरू नदिएसम्म मोशा त्यसरी नै चल्नुपर्थ्यो' अरे।

# खण्ड ९

## प्रस्थान १९-२४ः व्यवस्था प्रदान गरिएको

### क) प्रस्थान १९ः परमेश्वरसँग भेट गर्नलाई तयारी

**प्रस्थान १९ः१-९ः** अब त इस्राएलीहरू सिनाई पर्वतमा आइपुगे। प्रस्थानको पुस्तकका बाँकी अध्यायहरू, लेवीको पुस्तक र गन्तीको पुस्तकका पहिला नौ अध्यायहरूमा यस पर्वतमा घटेका घटनाहरूको विवरण उल्लेख गरिएको छ।

आदमको समयदेखि त्यस बेलासम्म मानिसहरूलाई परमेश्वरको कुनै लिखित नियमव्यवस्था दिइएको थिएन। यस अवधिभरि परमप्रभुले प्रायः आफ्ना जन-हरूसँग अनुग्रहको व्यवहार गर्नुभयो। तर अब उहाँले तिनीहरूलाई व्यवस्थामा एउटा सर्तबद्ध करार दिन लाग्नुभयो। प्रस्थान १९ः५-६ पदमा यसरी लेखिएको छः *'यसकारण अब तिमीहरूले साँच्ची नै मेरो कुरा सुन्यौ र मेरो वाचा पालन गर्‍यौ भने सबै जातिहरूभन्दा बढ़ी तिमीहरू नै मेरा निम्ति विशेष धन हुनेछौः किनकि पृथ्वी मेरो हो। अनि तिमीहरू मेरा निम्ति पूजाहारीहरूको एउटा राज्य र एउटा पवित्र जाति हुनेछौ।'* यसर्थ तिनीहरूले आज्ञापालन गर्नुपर्छ, तब उहाँले तिनीहरूलाई आशिष दिनुहुनेछ। यी मानिस-हरूले आफूमा भएको पापमय स्वभाव र आज्ञापालनको क्षेत्रमा आफ्नो असहायपन थाहै नगरी परमेश्वरले तिनीहरूको सामु राख्नुभएको सर्त सहर्षसाथ स्वीकार गरे। यस विषयमा श्री डी. एल. मूडीले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'यी मानिसहरूले यसो भनेः "परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी गर्ने नै छौं।" यो कत्रो साहसी र आत्मनिर्भर भाषा ! त्यस सुनको बाछा, ती टुक्राटुक्री भएका ढुङ्गाका पाटीहरू, ती वास्ता नगरिएका नियम र विधिहरू, ढुङ्गाले हानेर मारिएका ती अगमवक्ताहरू अनि ती तिरस्कार गरिनुभएको र क्रूसमा टाँगिनुभएको ख्रीष्ट येशूको विषयमा कसो हो ? मानिसहरूले गरेका प्रणहरू अपमानित र नगण्य भएका प्रशस्त प्रमाणहरू यी नै हुन्।' 17)

## युग-युगअनुसार परमेश्वरका विभिन्न प्रबन्धहरू के-के हुन् ?

मानिस-जातिको इतिहासमा र विशेष गरी उहाँको चुनिएको इस्राएली जातिसितको बर्तावको सम्बन्धमा परमेश्वरले तिनीहरूसँग गर्नुभएको व्यवहारमा यहाँ एउटा सुस्पष्ट हेरफेर आएको छ। अनि यहाँजस्तै अरू जुनसुकै बेलामा मानिससितको व्यवहारमा परमेश्वरको कार्यक्रममा कुनै ठोस परिवर्तन आएमा त्यो हेरफेर नयाँ प्रबन्ध वा नयाँ प्रशासन भनिन्छ।

सन्त अगस्टिनले यसो भनेः 'हामीले विभिन्न युगहरू छुट्ट्याउन सके पवित्र धर्मशास्त्र बाइबलको अर्थ मेल खान्छ।' यसकारण यस विषयमा बुझ्नुहोस्ः परमेश्वरले मानव इतिहास विभिन्न युगहरूमा विभाजन गर्नुभयो, जसरी लेखिएको छः *'...जसद्वारा उहाँले **संसारहरू** पनि बनाउनुभयो'* (हिब्रू १ः२)। संसारहरूको अनुवाद 'युगहरू' पनि हुन सक्छ। यी युगहरू लामो अवधि हुन र छोटो अवधि हुन सक्छन्। किनभने एक युग अर्को युगबाट छुट्ट्याउने कुरा समय नै होइन, तर परमेश्वरले मानिस-जातिसँग कसरी व्यवहार गर्नुभयो, यही कुरामा निर्भर गर्छ।

परमेश्वर कहिल्यै बदल्नुहुन्न; तर उहाँको व्यवहारमा हेरफेर आउन सक्छ। उहाँ बेग्ला-बेग्लै समयमा फरक-फरक प्रकारले काम गर्नुहुन्छ। परमेश्वरले कुनै निर्दिष्ट युगमा मानिससित गर्नुभएको व्यवहार हामी प्रबन्ध वा प्रशासन भन्छौं। पारिभाषिक हिसाबले ईश्वरीय प्रबन्ध कुनै युग नै होइन, तर एउटा प्रशासन, एउटा भण्डारीपन, एउटा कार्यक्रम, एउटा व्यवसाय, एउटा व्यवस्थापन हो। (अब ग्रीक भाषाको कुरा आयोः 'ओइकोनोमिया' भन्ने शब्दको अर्थ 'व्यवस्थापन' वा 'प्रशासन' नै हो।) तर प्रशासन भन्ने शब्द सुन्नासाथ हामीलाई कुनै समयको याद आउँछ, जस्तै संयुक्त राष्ट्र अमेरिकाको सरकारको इतिहास विभिन्न प्रशासनहरूमा बाँड़िएको छ। हामी जोहन केनेडीको प्रशासन वा चर्चा बूशको प्रशासनको कुरा गर्छौं। तर हामीले भन्न खोजेको तत्पार्य यस प्रकारको छः यी दुईजना राष्ट्रपतिहरूले सरकारको कार्यभार सम्हालेका समयहरूमा तिनीहरूको सरकारले कुन-कुन तरिका अपनाए, हामीले खास गरी यही कुरा गरेका हौं। यसकारण यस विषयमा महत्त्व कुरा के हो, सो बुझ्नुहोस्ः एक प्रशासनकालमा एक प्रकारका नियम र नीतिहरू हुन्छन् भने, अर्को प्रशासनकालमा अर्को प्रकारका नियम र नीतिहरू अपनाइन्छन्। एक-एक युगको निम्ति त्यसमा अपनाइएको प्रशासनका नियमहरू महत्त्वपूर्ण हुन्छन्।

यसकारण इतिहासको कुनै पनि अवधिभित्र परमेश्वरले मानिससँग छुट्टै प्रकारले गर्नुभएको व्यवहार एउटा छुट्टै प्रशासनकाल सम्झन्छौं। युग-युगमा परमेश्वरले अपनाउनुभएका प्रशासनहरू हामी कुन कुरासित तुल्याउन ठीक होला ? यो एउटा परिवारजस्तो हो। घरमा पति र पत्नी मात्र भएको बेलामा लोग्नेस्वास्नीले कुनै सुनिश्चित नित्यक्रम अपनाउँछन्; तर तिनीहरूको घरमा ससाना नानीहरू भएदेखि पारिवारिक जीवनको निम्ति बिलकुल नयाँ नीतिहरू लागू गरिन्छन्। अनि जब छोराछोरीहरू बढ्दै जान्छन्, तब घरको कारबार सम्हाल्ने नियममा फेरि हेरफेर आउँछ। ठीक योजस्तै हामी परमेश्वरले मानिस-जातिसँग गर्नुभएको व्यवहारमा बेला-बेलामा प्रशासनको नियम बदली भएको देख्छौं (गलाती ४ः१-५)।

यसको निम्ति हामी निम्न उदाहरण दिन्छौंः जब कयिनले आफ्नो भाइ हाबिललाई मार्‍यो, तब परमेश्वरले यस उद्देश्यले त्यसमाथि एउटा चिन्ह लगाइदिनुभयो, कि उसलाई भेट्टाउने जसकसैले उसलाई मार्न पाउनेछैन (उत्पत्ति ४ः१५)। तर जलप्रलयपछि *'हरेक जसले*

*मानिसको रगत बगाउँछ, त्यसकै रगत मानिसद्वारा बगाइनेछ'* भनेर परमेश्वरले हत्यारालाई मृत्युदण्ड दिनुपर्छ भन्ने नियम स्थापित गर्नुभयो (उत्पत्ति ९:६)। यसबाट स्पष्ट बुझिन्छः परमेश्वरको प्रशासनमा हेरफेर आएको छ।

अर्को उदाहरण भजन १३७:८-९ पदमा पाइन्छ, जहाँ यस भजनको लेखकले यसो भन्दै बेबिलोनमाथि प्रचण्ड न्याय डाक्दछन्: *'हे बाबेलकी छोरी, जो उजाड़ पारिनेछेस्; तैंले हामीलाई जस्तो व्यवहार गरेकी छेस्, त्यही प्रकारले तँलाई बदला दिने धन्यको हुनेछ। जसले तेरा बालबच्चाहरूलाई पक्रेर ढुङ्गामाथि पछारिदिनेछ, त्यो धन्यको हुनेछ।'*

तर त्यो बदला लिने युग बदली भयो; किनभने प्रभु येशूले आफ्ना जनहरूलाई यस प्रकारको शिक्षा दिनुभयोः *'तर म तिमीहरूलाई भन्छुः आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई सराप्नेहरूलाई आशीर्वाद देओ, तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाइ गर, अनि तिमीहरूको बदनामी गर्नेहरू र तिमीहरूलाई सताउनेहरूको निम्ति प्रार्थना गर'* (मत्ती ५:४४)।

यहाँ स्पष्ट के देखिन्छ भने, व्यवस्थाको अधीनतामा भएका भजन-लेखकलाई जुन भाषा सुहाउँथ्यो, त्यो भाषा नयाँ करारअन्तर्गत जिउने ख्रीष्ट-विश्वासीहरूलाई कति पनि सुहाउँदैन।

लेवीको पुस्तकको एघार अध्यायमा अशुद्ध ठहरिएका केही खानेकुराहरू थिए भने, मर्कूस ७:१९[ख] पदअनुसार खास गरी कुनै अशुद्ध खानेकुरा हुँदैन; किनकि प्रभु येशू ख्रीष्टले सबै खानेकुरा शुद्ध ठहऱ्याउनुभयो।

एज्रा १०:३ पदमा यहूदीहरूलाई विदेशी पत्नीहरू र तिनीहरूबाट जन्मेका छोराछोरीहरूलाई परित्याग गर्ने आज्ञा दिइएको थियो भने, नयाँ नियममा आएर ख्रीष्ट-विश्वासीहरूलाई विश्वास नगर्ने पत्नीलाई नत्याग्ने शिक्षा दिइएको छ (१ कोरिन्थी ७:१२-१६)।

ठीक त्यस्तै व्यवस्थाको जमानामा अर्थात् पुरानो करारको समयमा केवल प्रधान पूजाहारीले परमेश्वरको उपस्थितिमा प्रवेश गर्न पाउँथे (हिब्रू ९:७); तर अनुग्रहको करारअन्तर्गत सबै विश्वासीहरू महापवित्रस्थानमा प्रवेश गर्न सक्छन् (हिब्रू १०:१९-२२)।

यी भिन्नताहरूबाट ईश्वरीय प्रशासनमा हेरफेर आएको स्पष्ट बुझिन्छ।

सबै इसाईहरू युग-युगमा भएका ईश्वरीय प्रशासनहरूको सङ्ख्या र तिनका नामहरूको विषयमा एकमत छैनन्। कति इसाईहरूको निम्ति यस्ता प्रशासनकालहरू नै छैनन्।

तर हामी ईश्वरीय प्रशासनहरू छन् भन्ने कुराको विषयमा निम्न प्रमाण प्रस्तुत गर्न चाहन्छौं। यस सम्बन्धमा हामी पहिले यो भन्छौंः कम्तीमा दुईवटा प्रशासनहरू छन्ः व्यवस्थाकाल र अनुग्रहको युग। यसको विषयमा यसो लेखिएको छः *'किनभने व्यवस्था मोशाद्वारा दिइएको थियो, तर अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए'* (यूहन्ना १:१७)। यस सिलसिलामा हामी पवित्र बाइबलको कुरा गरौंः यसमा दुई भाग छन्ः पुरानो नियम र नयाँ नियम। तब पुरानो नियमदेखि नयाँ नियममा आउन प्रशासनमा केही हेरफेर भएकै हुनुपर्छ। अर्को प्रमाण हामी यहाँ पेश गर्छौंः नयाँ नियमका विश्वासीहरूलाई कुनै पशुप्राणीलाई बलिदान गर्ने आवश्यकता छैन। यसबाट स्पष्ट देखिन्छ, कि परमेश्वरले एउटा नयाँ व्यवस्था लागू गर्नुभएको हो। पुरानो नियम र नयाँ नियमको बीचमा भएको भिन्नता नदेख्ने इसाईहरू एकदम कम छन्।

तर हामी दुईवटा मुख्य ईश्वरीय प्रबन्धहरू भएको कुरा स्वीकार गऱ्यौं भने, तीनवटा किन स्वीकार नगर्ने? किनकि सृष्टिको उत्पत्तिदेखि सयौं वर्ष बितेपछि मात्र हामी प्रस्थानको पुस्तकको उन्नाइस अध्यायमा आइपुग्यौं, जुन समयमा मोशाको व्यवस्था दिइएर व्यवस्थाकाल शुरु भयो। यसकारण व्यवस्था प्रदान गरिनुभन्दा पहिले पनि कम्तीमा एक युग र त्यसको छुट्टै

प्रशासन भएको हुनुपर्छ (रोमी ५:१४ पद हेर्नुहोस्!)। यसो हो भने अब तीनवटा प्रशासन-कालहरू भए।

तब चौथो ईश्वरीय प्रशासनकाल छ भन्ने कुरा पनि पत्यारलाग्दो देखिन्छ; किनकि हिब्रू ६:५ पदले आउँदो युगको कुरा गरेको छ। त्यो आउँदो युग त्यही अवधि हो, जब हाम्रा प्रभु येशू ख्रीष्ट फर्केर आउनुहुनेछ, र यस पृथ्वीमाथि आफ्नो हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ।

प्रेरित पावलले पनि वर्तमान युग र आउँदो युगको बीचमा छुट्ट्याएका छन्। किनभने तिनले सुसमाचार र मण्डलीको सत्यताको सम्बन्धमा कुरा गरेर तिनको हातमा सुम्पिएको ईश्वरीय प्रबन्धको विषयमा लेखेका छन् (१ कोरिन्थी ९:१७; एफेसी ३:२; कलस्सी १:२५)। वर्तमान युग सुसमाचारको युग, मण्डलीको युग भनिन्छ। तर त्यसपछि एफेसी १:१० पदमा आएर प्रेरित पावलले यसरी भविष्यमा आउने युगको कुरा गरेका छन्ः *'समयहरूको परिपूर्णतारूपी प्रबन्धअनुसार।'* यस पदको सन्दर्भ हेर्नु हो भने, कुरा स्पष्ट हुन्छः तिनले यहाँ वर्तमान युग र त्यसमा भइरहेका कुराहरू गरेकै हुँदैन। यो प्रबन्ध, यो प्रशासनकाल शुरु भएको छैन।

यसकारण जुन युगमा हामी जिइरहेका छौं, त्यो युगचाहिँ अन्तिम युग होइन रहेछ भन्ने कुरा बुझेका छौं। मानव-इतिहासमा अन्तिम युग आउन बाँकी छ।

डाक्टर सी. आई. स्कोफिल्डले जम्म सातवटा ईश्वरीय प्रशासनकालहरूको बीचमा छुट्ट्याएर निम्न सूचि प्रस्तुत गरेका छन्ः

१) *उत्पत्ति १:२८: निर्दोषताको युग*। यो पहिलो युग आदमको सृष्टि भएको समयदेखि तिनी पापमा पतित भएको समयसम्म रहेको थियो।

२) *उत्पत्ति ३:७: नैतिक जिम्मावारी भएको विवेकको युग*। यो दोस्रो युग आदम पापमा पतित भएको समयबाट शुरु भयो र जलप्रलय भएको समयसम्म रह्यो।

३) *उत्पत्ति ८:१५: मानवीय प्रशासनको युग।* यो तेस्रो युग जलप्रलयदेखि अब्राहामको बोलावट भएको समयसम्म भएको हो।

४) *उत्पत्ति १२:१: प्रतिज्ञाको युग।* यो चौथो युग अब्राहामको बोलावटबाट शुरु गरेर व्यवस्था दिइएको समयसम्म रह्यो।

५) *प्रस्थान १९:१: व्यवस्थाकाल।* यो पाँचौं युगचाहिँ मोशाको व्यवस्था दिइएको समयदेखि पेन्टेकोष्टको दिनसम्म रहिरहेको थियो।

६) *प्रेरित २:२: मण्डलीको युग।* पेन्टेकोष्टको दिनदेखि उसो ख्रीष्ट येशूको मण्डली आकाशमा नउठाइलगिएको दिनसम्म चलिरहेको छ।

७) *प्रकाश २०:४: हजार वर्षको राज्य हुने युग।* यस सातौं युगमा ख्रीष्ट येशूले हजार वर्षसम्म यस पृथ्वीमाथि राज्य गर्नुहुनेछ।[18)]

हामी यी युगहरूको एक-एक बुँदामा सहमत हुनुपर्दैन। तर विभिन्न युगहरूमा परमेश्वरको प्रशासन गर्ने नियमहरू बेग्ला-बेग्लै थिए भन्ने कुरा जान्न लाभदायक हो। यस सिलसिलामा हामीले व्यवस्थाकाल र अनुग्रहको युगको बीचमा छुट्ट्याउन सक्नुपर्छ; यो अनिवार्य हो। यदि यस्तो गर्न हामी चुक्यौं भने, हामी पवित्र धर्मशास्त्र बाइबलका एक युगको सम्बन्धमा लेखिएका कति खण्डहरू लिएर यी खण्डहरू अर्को युगसँग अर्थात् हाम्रो वर्तमान युगसँग जोड्दै यी खण्डहरू गलत अर्थमा प्रयोग गर्न पुग्छौं। २ तिमोथी ३:१६ पदअनुसार पवित्र धर्मशास्त्र

बाइबलका सबै वचनहरू लाभदायक हुन्छन्; यो सत्य कुरा हो। तर ती सबै वचनहरू सीधा आएर हाम्रो निम्ति लेखिएका होइनन्। विभिन्न युगहरूको निम्ति लेखिएका पवित्र धर्मशास्त्रका खण्डहरूबाट सिक्न सक्ने पाठहरू धेरै छन्, तर ती खण्डहरूको प्रमुख र प्राथमिक अर्थ सम्बन्धित युगहरूसित छ, जसको सिलसिलामा ती खण्डहरू लेखिएका हुन्। हामीले खानु हुने-नहुने खानेकुराहरूको सम्बन्धमा लेखिएको लेवीको पुस्तकको एघार अध्यायको कुरा गरिसक्यौं। यो प्रतिबन्ध आजका इसाईहरूमाथि लागू हुँदैन (मर्कूस ७:१८-१९)। तर यस खण्डबाट सिक्न सक्ने एउटा आत्मिक नियम छँदैछः हामी नैतिक र आत्मिक सबै अशुद्धताबाट अलग बस्नुपर्छ।

परमेश्वरले इस्राएलीहरूसँग, तिनीहरूले उहाँको आज्ञापालन गरेको खण्डमा उहाँले तिनी-हरूलाई भौतिक आशिषले परिपूर्ण पार्नुहुने प्रतिज्ञा गर्नुभयो (व्यवस्था २८:१-६)। प्रतिज्ञा गरिएको देशमा भौतिक आशिषहरूले सुसम्पन्न हुने यो प्रतिज्ञा त्यस युगको निम्ति दिइएको थियो। तर यो कुरा वर्तमान समयमा लागू हुँदैन। वर्तमान युगमा परमेश्वरले हाम्रो आज्ञापालनको फलस्वरूप हामीलाई आर्थिक आशिषहरू दिन्छु भन्ने प्रतिज्ञा गर्नुभएको छैन। मण्डलीको युगमा उहाँले दिन्छु भन्ने आशिषहरू प्रायः आत्मिक आशिषहरू हुन्, स्वर्गीय स्थानहरूमा पाइने आशिषहरू पो हुन् (एफेसी १:३)।

विभिन्न युगहरूको निम्ति भिन्नै प्रशासनका नियमहरू थिए भने, समयहरूमा हेरफेर आए पनि कहिल्यै बदली नभएको एउटा कुरा रहेको छ; अनि त्योचाहिँ सुसमाचार हो। प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाइन्छ। हिजो, आज, अँ, सधैंभरि यो कुरा एकनाश रहिरहन्छ। ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको त्राणको कामको आधारमा हरेक युगका मानिसहरूले मुक्ति पाउँछन्।[19] पुरानो नियमको समयमा परमप्रभुले मानिसहरूलाई जुन प्रकाश दिनुभयो, त्यही प्रकाशमाथि विश्वास गर्नाले तिनीहरूले मुक्ति पाए, जस्तैः अधिपति अब्राहामले 'तिम्रो वंश ताराहरूजस्तै अनगिन्ती हुनेछ' भन्ने परमेश्वरको वचनमाथि विश्वास गरेर धर्मी ठहरिए (उत्पत्ति १५:५-६)। सयौं वर्षपछि गलगथामा के-के घटना घट्नेछ, सो विषयमा सायद अब्राहामलाई अलिकति पनि ज्ञान थिएन होला; तर यो कुरा परमेश्वरलाई पूरा थाहा थियो। अनि जब अब्राहामले परमेश्वरमाथि विश्वास गरे, तब उहाँले तिनको हिसाबमा ख्रीष्ट येशूले भविष्यमा गलगथाको क्रूसमा पूरा गर्नुहुने त्राणको कामको पुण्यफल लेखिदिनुभयो।

एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'पुरानो नियमका पवित्रजनहरूले उधारोमा मुक्ति पाए।' यसो भन्न खोजेको तात्पर्य यस प्रकारको छः भविष्यमा प्रभु येशूले तिनीहरूको निम्ति मुक्तिको दाम तिरिदिनुहुने आधारमा ती मानिसहरूले मुक्ति पाए। अनि रोमी ३:२५ पदको अर्थ पनि ठीक यही हो। अनि हामीचाहिँ? हामीले ख्रीष्ट येशूले दुई हजार वर्षअघि पूरा गर्नुभएको त्राणको कामको आधारमा मुक्ति पाएका हौं। तर चाहे तिनीहरू होऊन्, चाहे हामी हौं, हामी सबैजनाले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पायौं।

व्यवस्थाको युगमा मानिसहरूले व्यवस्थाका नियमहरू पालन गरेर मुक्ति पाएनन्, न पशुप्राणीहरू बलिदान गरेर मुक्ति पाए। यस प्रकारको गलत अर्थ लगाउनुदेखि हामी जोगिनुपर्छ। व्यवस्था अरू केही कामको हुँदैन, त्यसले मानिसलाई केवल दोषी ठहऱ्याउन सक्छ, तर त्यसले कसैलाई पनि बचाउन सक्दैन (रोमी ३:२०)। अनि साँढ़ेहरू र बोकाहरूको रगतले कुनै एउटै पाप पनि मेटिँदैन (हिब्रू १०:४)। परमेश्वरले तयार गर्नुभएको मुक्तिको मार्ग विश्वास हो; येशू

ख्रीष्टमाथिको विश्वासले बचाउँछ (रोमी ५:१)। तब के, के तपाईंले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाउनुभयो ? सबैभन्दा मुख्य कुरा यो हो।

अर्को कुरा पनि हामीले याद गर्नुपर्छः हामी वर्तमान मण्डलीको युग 'यो अनुग्रहको युग हो' भन्छौं। तर यसो भन्नेमा परमेश्वर अरू युगहरूमा अनुग्रही हुनुहुन्नथियो भन्ने कुरा बुझ्नुहुँदैन। हामीले भन्न चाहेको तत्पार्य यस प्रकारको छः वर्तमान समयमा परमेश्वरले व्यवस्थाद्वारा मानिससित व्यवहार गर्नुहुन्न, तर अनुग्रहको करारअन्तर्गत प्रकट गर्नुभएको सत्यताद्वारा बरताव गर्नुहुन्छ।

मनमा राख्नुपर्ने अर्को कुरा पनि छः कुनै युग पनि आँखाको निमेषमा बन्द हुँदैन; प्रायः एक युगको कुरा केही मात्रामा र केही समयको निम्ति अर्को युगमा व्याप्त हुन जाँदो रहेछ र त्यहाँ एउटा अन्तराल समय हुने रहेछ। प्रायः एउटा युग सकिएर तुरुन्तै अर्को युग शुरु हुने होइन। यसको उदाहरण हामी प्रेरितको पुस्तकमा देख्छौं। भर्खरै शुरु भएको प्रभुको मण्डलीलाई व्यवस्थाकालका कति पकड़ र अल्झोहरू हटाउन निक्कै समय लाग्यो। अनि यो पनि सम्भव देखिन्छ, कि ख्रीष्टको मण्डली आकाशमा उठाइलगिएको समयपछि र सङ्कष्टकाल शुरु हुनुभन्दा अघि एउटा अन्तराल समय हुनेछ होला, जुन समयमा पापको पुरुष, त्यस विनाशको पुत्र प्रकट हुनेछ, र यरूशलेमको मन्दिर निर्माण गरिनेछ।

अन्तमा हामी यो पनि भन्छौंः हरेक असल कुराको दुरुपयोग गर्न सकिन्छ; यसर्थ युग-युगमा परमेश्वरको विभिन्न प्रबन्धहरूको विषय हददेखि बाहिर लान पनि सकिन्छ। कति इसाईहरू छन्, जसले पवित्र बाइबलको एउटा कुरा यस युगको हो र अर्को कुरा अर्को युगको हो भन्दै यी ईश्वरीय प्रबन्धहरूको शिक्षामाथि चाहिएको भन्दा बढ़ी ध्यान दिन्छन्, र अन्तमा तिनीहरूले केवल प्रेरित पावलले जेलमा बसेर लेखेका तिनका पत्रहरू वर्तमान समयमा मण्डलीको निम्ति लागू हुन्छन् भनेर भन्छन्; तिनीहरू यहाँसम्म जान्छन्, कि तिनीहरूले पानीको बप्तिस्मा र प्रभुभोजको विधि समेत ग्रहण गर्दैनन्; किनकि यी दुवै कुराहरू कैदबाट लेखिएका पावलका पत्रहरूमा पाइँदैनन्।[20] तिनीहरूले 'पत्रुसको सुसमाचार पावलको जस्तै थिएन' भन्ने शिक्षा दिन्छन्। तर गलाती १:८-९ पदको खण्डले यो तिनीहरूको गलत शिक्षा खण्डन गर्छ। यस प्रकारको शिक्षा अपनाउनेहरूको नाम 'सीमादखि बाहिर गएका व्यवस्थापन-मतका समर्थकहरू' अथवा 'बुलिङ्गरका अनुयायी' भनिन्छ, जुन नाम तिनीहरूको शिक्षक ई. डब्ल्यू. बुलिङ्गरको नामबाट आएको हो। यस प्रकारको असन्तुलित अतिवादीहरूको धारणा हामीले सरासर इन्कार गर्नुपर्छ।

आउनुहोस्, हामी प्रस्थानको पुस्तकको अध्ययनमा फर्कौं!

**प्रस्थान १९:१०-२०:** परमेश्वर तीन दिनमा इस्राएलीहरूकहाँ देखा पर्न लाग्नुभयो। यसकारण यसको तयारीमा मानिसहरूले आफ्ना वस्त्रहरू धोएर र स्त्रीप्रसङ्गबाट अलग रहेर आफूलाई पवित्र पार्नुपरेको थियो। परमेश्वरको उपस्थितिमा जाँदा-रहँदा तिनीहरूको शुद्धता अनिवार्य थियो भन्ने कुरा मानिसहरूले सिक्नुपर्‍यो। यो सिनाई पर्वत तिनीहरूका निम्ति मनाही गरिएको स्थान थियो। न मानिस, न ता पशुहरूले यस पर्वतको परिधिभित्र आएर त्यसलाई छुन पाउँथ्यो; छोएको खण्डमा उसको निम्ति मृत्युदण्ड तोकिएको थियो। तिनीहरूले यो आज्ञा उल्लङ्घन गर्ने अपराधीलाई नपछ्याईकन उसलाई टाढ़ैबाट तीर वा ढुङ्गाले हानेर मार्नुपर्थ्यो। केवल मोशा र हारूनले यस

पहाड़मा चढ्ने अनुमति पाए, अनि त्यो पनि त्यस समयमा मात्र, जब भेड़ाको सिङ बज्न लाग्यो (उत्पत्ति १९:२४)। त्यस दिनमा एउटा घना बादलले सिनाई पर्वतलाई ढाक्यो; बिजुलीहरू चम्किरहेका थिए, र मेघगर्जनहरू भए। यो पर्वत आगैआगो भयो र यममा धूवाँ भट्टीको धूवाँझैं उठिरहेको थियो। सारा पर्वत नै ठूलो भूकम्पले थर्कमान भयो। यी सबै डरलाग्दा-डरलाग्दा लक्षणहरूले परमेश्वर-सितको भेटघाट कति भयानक छ भन्ने कुरा देखाउन खोजे, विशेष गरी तिनीहरूको निम्ति जसले व्यवस्थाको आज्ञापालनको आधारमा परमेश्वरसित भेट्न चाहन्छन्।

**प्रस्थान १९:२१-२५:** परमप्रभुले मोशासँग यो चेताउनीको वचन दोहोर्‍याउनुभयोः मानिसहरूले पर्वतलाई कदापि नछोऊन्। मोशाको विचारमा मानिसहरूलाई फेरि चेताउनी दिनु आवश्यक थिएन; यसो भए पनि उनले प्रभुको आज्ञा मानेर तिनीहरूलाई सम्झाए। उत्पत्ति १९:२२ र २४ पदमा उल्लेख गरिएका पूजाहारीहरू सायद इस्राएलीहरूबाट पहिला जन्मेका छोराहरू थिए होलान्।

### ख) प्रस्थान २०: दस आज्ञाहरू

नयाँ नियममा आएर प्रभु येशूले दस आज्ञाहरू दुई भागमा बाँड्नुभयोः एक खण्डले परमेश्वरसितको प्रेमको सम्बन्धका कुराहरू र दोस्रो खण्डले छिमेकी मानिस-प्रतिको प्रेमको सम्बन्धका कुराहरू समेट्थ्यो (मत्ती २२:३७-४०)। कतिजना मानिस-हरूको विचारमा, दस आज्ञाहरूमध्ये पहिला चार आज्ञाले परमेश्वरलाई प्रेम गर्ने कुरा सिकाउँछन्; अरूले पाँचौं आज्ञा पनि त्यस खण्डमा जोड्छन्। किनभने यी पहिला पाँचवटा आज्ञाहरूमा 'परमप्रभु, तिम्रा परमेश्वर' भन्ने वाक्यांश पाइन्छ।

*पहिलो आज्ञाः*

**प्रस्थान २०:१-३:** अरू कुनै देवी-देवतालाई मान्नुहुँदैन। यस आज्ञाले एकजनाभन्दा बढ़ी ईश्वरहरूलाई पुज्नुहुँदैन, र त्यो एकजना ईश्वरचाहिँ परमप्रभु परमेश्वर हुनुपर्छ भन्ने कुरा सिकाउँछ।

*दोस्रो आज्ञाः*

**प्रस्थान २०:४-६:** मानिसहरूले आफ्नो निम्ति कुनै खोपिएको मूर्ति बनाउनुहुँदैन। यस आज्ञाद्वारा मूर्तिपूजा मनाही गर्नुको साथै मूर्ति बनाउने काम पनि निषेध गरिएको छ। पूजा गर्ने सम्बन्धमा चित्रकलाद्वारा तयार गरिएको जुनसुकै चित्र, अँ, जुनै पनि वस्तुको प्रतिरूप, प्रतिमा वा मूर्तिको प्रयोग यस आज्ञाद्वारा मनाही गरिएको छ। तर सबै चित्र र प्रतिमाहरू यस आज्ञाअन्तर्गत पर्दैनन्, किनभने निवासस्थानमा राख्न खोपिएर बनाइएका करूबहरू त थिए। अनि परमेश्वरले मोशालाई पित्तलको साँप बनाउने आदेश दिनुभयो (गन्ती २१:८)। यसकारण बुझ्नुहोस्ः यस दोस्रो आज्ञाले मनाही गरिएका प्रतिरूप र प्रतिमाहरू देवीदेवता-हरूका मूर्तिहरू हुन्; यसमा कुनै शङ्का छैन।

परमप्रभु परमेश्वर डाह गर्ने परमेश्वर हुनुहुन्छ। उहाँले आफ्ना जनहरूको आराधना र उहाँप्रतिको प्रेम पाउनैपर्छ; उहाँले त्यो अरू कसैसँग बाँड्नुहुन्न। पितापुर्खाहरूले उहाँप्रति गरेको अधर्मको निम्ति उहाँले तेस्रो र चौथो पुस्तासम्म तिनीहरूका छोराछोरीहरूलाई दण्ड दिनुहुन्छ। वंशाणुगत दुर्बलताहरू, गरिबी, रोगहरू र छोटो आयुको रूपमा यो दण्ड तिनीहरूमाथि आइपर्न सक्छ। तर परमेश्वरको दया उहाँलाई प्रेम गरेर उहाँका आज्ञाहरू पालन गर्नेहरूमाथि हजारौं पुस्तासम्म रहिरहन्छ।

*तेस्रो आज्ञाः*

**प्रस्थान २०:७ः** परमप्रभु परमेश्‍वरको नाम व्यर्थमा लिनुहुँदैन; यो मनाही गरिएको छ। यसर्थ परमेश्‍वरको नाममा शपथ खानुहुँदैन; यसरी कुनै झूट सत्य ठहरिँदैन। परमेश्‍वरको नामको निन्दा, गालीगलौज, सराप, झूटो कसम र हल्का प्रतिज्ञा वा आफ्नो प्रतिज्ञा पूरा नगर्ने कुराहरू पनि यस आज्ञाले समेटिएका हुन्छन्।

*चौथो आज्ञाः*

**प्रस्थान २०:८-११ः** विश्रामदिन अलग गर्न याद गर्नुपर्छ। उत्पत्ति २:१-३ पदमा विश्रामदिनको बारेमा पहिलो पल्ट लेखिएको छ; त्यसपछि उजाड़स्थानमा मन्ना बटुल्ने सम्बन्धमा विश्रामदिन पालन गर्ने आदेश दिइएको छ (प्रस्थान १६)। अनि अहिले-चाहिँ यहाँ इस्राएली जातिसित विश्रामदिन पालन गर्ने आज्ञा औपचारिक रूपले स्थापित भएको हो। विश्रामदिन यस विश्रामको एउटा चित्र हो, जुन विश्राम ख्रीष्ट-विश्‍वासीहरूले ख्रीष्टमा उपभोग गर्छन्, साथै यसले यस विश्रामको पनि चित्रण गर्छ, जुन विश्राम छुटकारा पाएको सृष्टिले हजार वर्षको राज्यमा उपभोग गर्नेछ। विश्रामदिन हप्ताको सातौं दिन हो, अर्थात् शुक्रबार बेलुका घाम अस्ताएको समयदेखि शनिबारको बेलुका घाम अस्ताएको समयसम्म विश्रामदिन गनिन्छ। नयाँ नियमभरि इसाईहरूलाई विश्रामदिन पालन गर्नुपर्ने आज्ञा कहीं पनि दिइएको छैन।

*पाँचौं आज्ञाः*

**प्रस्थान २०:१२ः** हामीले आफ्ना बुबा-आमालाई आदर गर्नुपर्छ। यहाँ आदरको मतलब उनीहरूको आज्ञापालन गर्नु हो। यस पदको सामान्य शिक्षा यस प्रकारको छः बुबाआमाप्रतिको आज्ञाकारी जीवन दीर्घायुको जीवन हो; अनि बुबाआमाप्रतिको अनाज्ञा-कारिता र पापले पूर्ण जीवन छिटो सक्दो रहेछ; असामयिक मृत्यु यसको फल हुँदो रहेछ। अनि यो प्रतिज्ञासहितको प्रथम आज्ञा हो (एफेसी ६:२)। यस आज्ञाले हामीलाई अधिकारमा भएकाहरूलाई सम्मान गर्न सिकाउँछ।

*छैटौं आज्ञाः*

**प्रस्थान २०:१३ः** *'तिमीले हत्या नगर्नू !'* यस आज्ञाको मुख्य बुँदा हत्या नै हो, मृत्युदण्ड दिने वा नजानीकन कसैको प्राण हरण गर्ने कार्य होइन। यस आज्ञाले हामीलाई मानव जीवनलाई सम्मान गर्न सिकाउँछ।

*सातौं आज्ञाः*

**प्रस्थान २०:१४ः** *'तिमीले व्यभिचार नगर्नू !'* व्यभिचार निषेध गर्ने यस आज्ञाले विवाहलाई सम्मान दिन्छ र अर्काको शरीरको दुरुपयोग गरेर आफ्नो फाइदा नउठाउने चेताउनी दिन्छ। यस आज्ञाले सबै प्रकारका अवैध यौन-सम्बन्धहरू समेट्छ।

*आठौं आज्ञाः*

**प्रस्थान २०:१५ः** *'तिमीले चोरी नगर्नू !'* यस आज्ञाले कुनै पनि प्रकारको छल-क्रियालाई सङ्केत गर्छ, जसद्वारा कुनै व्यक्तिले अर्को व्यक्तिको धनसम्पत्तिमाथि हात लगाइ-दिन्छ। यस आज्ञाले हामीलाई अरू मानिस-हरूको सम्पत्ति सम्मान गर्न सिकाउँछ।

*नवौं आज्ञाः*

**प्रस्थान २०:१६ः** *'तिमीले आफ्नो छिमेकीको विरुद्ध कुनै झूटो गवाही नदिनू !'* यस आज्ञाले झूटो वचनद्वारा अरू कसैको चरित्रमा धक्का पुर्‍याउने वा मानहात्या गर्ने कार्य निषेध गर्छ; कसैको विरोधमा झूट

बोलेर हामी उसलाई दण्डको योग्य ठहऱ्याउन सक्छौं वा उसलाई ज्यान-सजाय पाउने स्थितिमा पुऱ्याउन सक्छौं। यस आज्ञाले हामीलाई अरू मानिसहरूको मान-मर्यादा कायम राख्न सिकाउँछ।

*दसौं आज्ञाः*

**प्रस्थान २०ः१७ः** 'तिमीले कसैको लोभलालच नगर्नू!' यो दसौं आज्ञा कुनै काममाथि होइन, तर हाम्रो अभिप्रायमाथि केन्द्रित रहन्छ। यस आज्ञाले 'परमेश्वरले हाम्रा निम्ति इच्छा नगर्नुभएको कुनै पनि थोकको अभिलाषा गर्नु पाप हो' भन्ने कुरा देखाउँछ। प्रेरित पावलले रोमीहरूलाई लेखेको आफ्नो पत्रमा के लेखे भने, यस आज्ञाले तिनको जीवनमा पापको विषयमा तिनलाई गहिरो गरी कायल पार्ने काम गरेको थियो (रोमी ७ः७)।

**प्रस्थान २०ः१८-२१ः** यी दस आज्ञाहरू प्रदान भएपछि मानिसहरू परमेश्वरको दिव्य उपस्थितिको प्रदर्शनका भयानक लक्षणहरूले साह्रै भयभीत बने; किनकि परमेश्वर सीधा तिनीहरूसँग बोल्नुभएको भए तिनीहरूमध्ये कोही पनि बाँच्नेथिएन भनेर तिनीहरूले भन्ठाने। यसकारण मोशा तिनीहरूको मध्यस्थ बने।

**प्रस्थान २०ः२२-२३ः** मोशाको व्यवस्था दिइएको उद्देश्य के थियो भने, मानिसहरूले आफ्नो पापी अवस्था देख्नु थियो। अनि तिनीहरूले यो देखेपछि परमेश्वरले आफ्नो अनुग्रहमा तिनीहरूलाई एउटा वेदी बनाउने आदेश दिनुभयो; किनभने कुनै पापी मानिस बलिदानको रगतको आधारमा मात्र परमेश्वरको नजिक आउन सक्छ भन्ने कुरा ती मानिसहरूले बुझ्नुपरेको थियो। यस वेदीले ख्रीष्ट येशूको बोध दिलाउँछ; किनभने केवल ख्रीष्ट येशूद्वारा हामी पापी मानिसहरूले परमेश्वर पिताकहाँ जान सक्छौं।

*'अनि तिमी मेरा निम्ति ढुङ्गाको वेदी बनाउँछौ भने, तिमीलाई त्यो काटेको ढुङ्गाले नबनाउनू; किनकि जब तिमीले त्यसमाथि आफ्नो हतियार चलाउँछौ, तब तिमीले त्यसलाई अशुद्ध पार्छौ'* (प्रस्थान २०ः २५) मानिसले न कुनै धर्मकर्म गरेर, न कुनै व्यक्तिगत प्रयत्न गरेर वा अरू कुनै पुण्यकार्य गरेर ख्रीष्ट येशूको सिद्धतारूपी सुनमा कुनै सुगन्ध थप्न सक्छ।

*'अनि तिमी खुड्किलाहरूबाट चढ़ेर मेरो वेदीकहाँ नजानू, नत्र ता त्यसमाथि तिम्रो नग्नता उघारिनेछ'* (प्रस्थान २०ः२६)। त्यस वेदीमाथि चढ्ने खुड्किलाहरू मानिसका व्यर्थ प्रयासहरूको प्रतीक हुन्। अनि यदि होमबलिको वेदीकहाँ उक्लेर जाँदा पूजाहारीहरूले लामो, खुकुलो वस्त्र लाउँथे। तब ती खुँड्किलाहरूबाट माथि चढ्दाखेरि तिनीहरूको नग्नता उघ्रिनुचाहिँ यस्तो पवित्र अवसरमा कति असुहाउँदो ठहरिनेथियो!

### ग) प्रस्थान २१-२४ः विविध नियमहरू

#### अ) प्रस्थान २१ः१-११ः कमारा-कमारी सम्बन्धित नियम

**प्रस्थान २१ः१-६ः** परमेश्वरले दस आज्ञाहरू दिनुभएपछि इस्राएलीहरूलाई तिनीहरूको व्यवहारको सम्बन्धमा अरू धेरै विविध नियमहरू प्रदान गर्नुभयो।

एकजना हिब्रू मानिसले कमारा बनेर आफ्नो ऋण चुकाउन सक्थ्यो; कमारा बनेर उसले चोरी गरेको मालको भर्ने काम गर्न सक्थ्यो। अथवा कुनै हिब्रू दासदासीको छोरा भएर ऊ कमारा भएको हुन सक्थ्यो। हिब्रू कमाराले छ वर्ष मालिकको सेवा गरेपछि सातौं वर्षमा उसलाई स्वतन्त्र गर्नुपर्थ्यो। यदि कमारा बन्नुभन्दा अघि उसले विवाह गरेको भए उसकी स्वास्नी पनि ऊसँगै स्वतन्त्र हुनुपर्थ्यो। तर यदि ऊ कमारा भइसकेको

अवस्थामा उसले विवाह गरेको भए, उसकी स्वास्नी र उसका छोराछोरीहरू मालिकको सम्पत्ति गनिन्थे। यस्तो परिस्थितिमा उसले आफ्नो परिवारसँग आजीवन रहनलाई कमारापन नै चुन्न सक्थ्यो; यसको निम्ति उसका मालिकको घरको ढोकामा वा त्यस ढोकाको खाँबामा सुतारीले उसको कान छेंड्निथ्यो; यसरी उसले स्वेच्छापूर्वक आफूलाई आफ्नो मालिकको घरसित एक तुल्याउँथ्यो। यही कारण उसको कान छेंड़ियो। यस कुराले ख्रीष्ट येशूको सुन्दर चित्र दर्साउँछ; किनभने उहाँ ती सिद्ध कमारा हुनुहुन्थ्यो, जसले हामीलाई अगाध प्रेम गरेर स्वतन्त्र हुन मान्नुभएन, तर जो बरु गलगथाको क्रूसमा छोंड़िनुभयो। मुक्तिदाता प्रभुले हाम्रो निम्ति जेजति गर्नुभयो, सो विचार गरेर हामीले उहाँको दास हुनको निम्ति आफूलाई स्वेच्छापूर्वक समर्पण गर्नुपर्छ, र बिशप मूलले प्रयोग गरेका शब्दहरू भन्नुपर्छः

> हे मेरा स्वामी, मलाई त्यस ढोकानिर लैजानुहोस्,
> अब तयार भएको मेरो कान अझ एकपल्ट छेंड़िदिनुहोस्!
> किनकि तपाईंको बन्धन मेरो निम्ति स्वतन्त्रता हो;
> यसकारण मलाई तपाईंको साथमा रहन दिनुहोस्!
> म तपाईंको निम्ति परिश्रम गर्नेछु;
> म तपाईंको दुःख भोग्न तयार छु;
> म आज्ञाकारी हुनेछु। 21)

**प्रस्थान २१ः७-११ः** अब हिब्रू कमारीको कुरा आयोः कुनै मालिकले एउटी हिब्रू कमारीलाई आफ्नी पत्नी वा उपपत्नी तुल्याएपछि त्यो कमारी सातौं वर्षमा स्वतन्त्र हुनुहुँदैनथियो, विशेष गरी जब उसको पतिले ऊसित गर्नुपर्ने जिम्मावारी पूरा गर्ने इच्छा गर्‍यो भने। तर यदि उसको मालिकले यसो गर्न नचाहेको खण्डमा कसैले उसको निम्ति दाम तिरेमा त्यसले उसलाई छुट्न दिन सक्थ्यो; तर ऊ अन्यजातिको मानिसको हातमा बेचिनुहुँदैनथियो।

यसो पनि हुन सक्थ्यो कि उसको मालिकले उसलाई आफ्नो छोराकी बुहारीको रूपमा राख्ने इच्छा गर्‍यो; तब त्यसले उसलाई आफ्नै बुहारीलाई गरेजस्तै सुव्यवहार गर्नुपर्थ्यो। अनि यदि उसको मालिकले अर्की स्वास्नीलाई ल्यायो भने, त्यसले यस कमारीको निम्ति खाने-लाउने प्रबन्ध गर्नुपर्थ्यो र पहिलेजस्तै उसप्रति वैवाहिक कर्तव्य पूरा गर्नुपर्थ्यो। अनि यो वैवाहिक कर्तव्य के थियो त? प्रेम र वास्ता र बस्ने ठाउँ पक्का पनि यस कर्तव्यभित्र समावेश हुन्थ्यो। यदि त्यसले यसो गर्ने इच्छा नगरेको खण्डमा कसैले कुनै मोल नतिरीकन यो कमारी स्वतन्त्र हुन्थ्यो।

परमेश्वरले कमाराकमारीहरूको सम्बन्धमा यहाँ कति नियमहरू पेश गर्नुभयो; यसो गरेको मतलब उहाँले दासप्रथा अनुमोदन गर्नुभएको बुझ्नुहुँदैन। होइन, तर उहाँले दासत्वको बन्धनमा परेकाहरूको कानुनी अधिकार सुरक्षासाथ कायम राख्नुभयो।

### आ) प्रस्थान २१ः१२-२६ः व्यक्तिगत चोट र हानि सम्बन्धित नियम

**प्रस्थान २१ः१२-१४ः** अर्काको प्राण लिने अपराधीको मृत्युदण्ड सुनिश्चित थियो भन्ने सार्वजनिक नियम प्रस्थान २१ः१२ पदले पेश गरेको छ। तर यस नियमदेखि बाहेकको एउटा कुरा थियोः यदि कुनै हत्या अनजानमा भएको खण्डमा यसको निम्ति नियम यस्तो थियोः यस प्रकारको हत्याराचाहिँ भागेर परमेश्वरको वेदीकहाँ र भविष्यमा कुनै शरणनगरमा जान सक्थ्यो। तर जानीबुझी गरेको हत्याको निम्ति परमेश्वरको वेदीले त्यस हत्यारालाई कुनै सुरक्षा दिनेथिएन।

**प्रस्थान २१ः१५-१७ः** बुबाआमाहरूको मर्यादा कायम राख्नको निम्ति तिनीहरूको

विरुद्धमा उठेर तिनीहरूमाथि हात लगाउने जुनै पनि छोराछोरीलाई तिनीहरूको यस अपराधको बदलामा मृत्युदण्ड दिइनुपर्थ्यो। अनि कसैले बुबाआमालाई अपहरण गऱ्यो वा तिनीहरूलाई सराप्यो भने यस्तोलाई पनि मृत्युदण्ड दिइन्थ्यो।

**प्रस्थान २१ः१८-१९ः** यदि कुनै मानिसले कसैलाई झगड़ा गरेर घाइते बनाएको खण्डमा त्यसले यस घाइते व्यक्तिको उपचारको खर्च गर्नुको साथै उसको नोक्सानीसमेत बेहोर्नु-पर्थ्यो, उसको काम गर्न नसक्ने समय जत्ति किन नहोस्।

**प्रस्थान २१ः२०-२१ः** कुनै मालिकले आफ्नो कमारालाई सजाय दिन पाउँथ्यो, तर उसले त्यसलाई मार्न पाउँदैनथियो। यदि कुनै कमारा उसलाई हिर्काउनासाथ ऊ मरिहाल्यो भने, यसको दोष त्यसको माकिलमाथि पर्थ्यो; तर यदि त्यो हिर्काइएको कमारा अझै एक-दुई दिन बाँच्यो भने, त्यसको मालिक दण्डको योग्य ठहरिँदैनथियो; किनभने उसले त्यसलाई मार्ने हिसाबले हिर्काएको थिएन, जो उसको सम्पत्ति थियो।

**प्रस्थान २१ः२२ः** दुईजना मानिसहरूको बीचमा झगड़ा हुँदा यदि कुनै एउटी गर्भवती स्त्री घाइते भई र समय नपुगी त्यसले जन्माई, तर त्योभन्दा ठूलो चोट भएन भने, त्यसको पतिले क्षतिको दाम तोकेअनुसार न्यायकर्ताले फैसला गरिदिनुपर्थ्यो।

**प्रस्थान २१ः२३-२५ः** व्यक्तिगत हानिको सम्बन्धमा एउटा सार्वजनिक नियम लागू हुन्थ्योः मानिसले प्राणको बदलामा प्राण, आँखाको बदलामा आँखा, दाँतको बदलामा दाँत, हातको बदलामा हात र खुट्टाको बदलामा खुट्टा दिनुपर्थ्यो। यसर्थ सजाय अपराध सुहाउँदो हुनुपर्थ्यो। सजाय बढ़ता हुनुहुँदैनथियो, कम पनि हुनुहुँदैनथियो, तर हर हिसाबले सठीक हुनुपर्थ्यो। व्यावहारिक रूपमा हत्याको मामिलाबाहेक अरू सबै मुद्दाहरू जरिवाना तिरेर छिन्न सकिन्थ्यो (गन्ती ३५ः३१)।

**प्रस्थान २१ः२६-३६ः** यदि कुनै मालिकले आफ्नो कमाराको आँखा या दाँतमा अथवा आफ्नी कमारीको आँखा या दाँतमा हिर्काएर त्यो बिग्रियो भने, त्यो कमारा, त्यो कमारी स्वतन्त्र हुन सक्थ्यो।

कुनै गोरुले कसैलाई माऱ्यो भने, त्यस गोरुलाई ढुङ्गाले हानेर मार्नुपर्थ्यो, र त्यसको मासु खानुहुँदैनथियो। अनि यदि त्यस गोरुको मालिकलाई 'मेरो गोरुको हान्ने बानी छ' भन्ने कुरा थाहा थियो, र उसलाई 'तपाईंको गोरु हान्छ है' भन्ने जानकारी दिइएको थियो भने, त्यस गोरुको मालिकलाई पनि मृत्युदण्ड दिइनुपर्थ्यो। तर त्यस गोरुको मालिकको निम्ति छुट पाउने प्रबन्ध थियोः तोकिएको जरिवाना दिएर उसले आफ्नो प्राण बचाउन सक्थ्यो। उक्त नियम गोरुले मारिएको छोरा वा छोरीको विषयमा पनि लागू हुन्थ्यो। तर त्यस गोरुले कुनै कमारा वा कुनै कमारीलाई हानेर माऱ्यो भने, त्यस गोरुलाई ढुङ्गाले हानेर मार्नुको साथै त्यस गोरुको मालिकले कमाराको मालिकलाई तीस शेकेल चाँदी दिनुपर्थ्यो। यस सिलसिलामा याद रहोस्ः यहूदा इस्करयोतीले तीस शेकेल चाँदीमा आफ्ना प्रभुलाई विश्वासघात गरेर सुम्प्यो, अर्थात् गोरुले हानेर मारिएको कमाराको निम्ति जरिवानाको मूल्यजतिमै।

यदि कसैले एउटा खाड़ल खनेर खुला राख्यो भने, त्यस खाड़लमा परेको पशु-प्राणीको निम्ति उसले क्षतिपूर्ति गर्नुपर्थ्यो।

यसरी नै यदि कसैको गोरुले अर्काको गोरुलाई हानेर माऱ्यो भने, जिउँदो गोरुलाई बेच्नुपर्थ्यो र ती दुवै गोरुहरूको मासु र मोल बराबरी बाँड्नुपर्थ्यो। तर त्यस हान्ने गोरुको मालिकलाई त्यसको हान्ने बानीको विषयमा थाहा थियो भने, त्यसले मरेको गोरुको निम्ति पूरा दाम तिर्नुपर्थ्यो, तर मरेको गोरुचाहिँ त्यसको हुन्थ्यो।

### इ) प्रस्थान २२:१-६: चोरी र सम्पत्तिको हानि सम्बन्धित नियम

**प्रस्थान २२:१-६:** एउटा चोरले सम्पूर्ण नोक्सानीको पूर्ति गर्नुपर्थ्यो, साथै चोरी गरेको मालअनुसार जरिवाना पनि थोरथोर तिर्नुपर्थ्यो। चोरचाहिँ राति चोरी गरिरहेको बेलामा फेला पारेर मारियो भने, त्यसको हत्यारा सजायको योग्य ठहरिँदैनथियो; किनकि त्यो मानिस चोरी गर्न कि हत्या गर्न आएको थियो, सो कुरा हिर्काउनेलाई के थाहा? तर दिउँसो उज्यालोमा कुनै चोरलाई मारिपठाउँदा सो हत्यारामाथि हत्याको दोष लाग्दथ्यो।

अब कुरा एक पदमा फर्किन्छ। यस चोरले चोरी गरेको मालको निम्ति क्षतिपूर्ति गर्न सकेन भने, त्यो कमाराको रूपमा बेचिन्थ्यो। यदि चोरी गरिएको पशु जीवितै फेला पर्‍यो भने, त्यस चोरले यस पशुका दुई गुणा तिर्नुपर्थ्यो।

यदि कुनै कृषकले आफ्नो गाईवस्तु छाड़ा छोड़ेर त्यसको गाईवस्तुले छिमेकीको बारीमा फसल खायो या बिगारिदियो भने, गाईवस्तुले जेजति नोक्सानी गर्‍यो, त्यसको हिसाबमा त्यसले आफ्नो सबैभन्दा असल खेत या दाखबारीबाट त्यसको पूरा अर्मल गर्नुपर्थ्यो।

अनि कसैले लापरवाहीसाथ कुनै आगो लगायो र त्यस आगोले कसैको फसल जलेर नष्ट गर्‍यो भने, त्यसले पनि त्यसको हर्जाना गर्नुपर्थ्यो।

### ई) प्रस्थान २२:७-१५: बेइमानदारी हुने सम्बन्धमा दिइएको नियम

**प्रस्थान २२:७-१३:** यस खण्डको पहिलो भागमा अर्थात् प्रस्थान २२:७-९ पदहरूमा कसैको जिम्मामा सुम्पिएको रुपियाँपैसा वा सम्पत्ति चोरी भएको विषयमा निम्न नियम पेश गरिएको छ: चोरले चोरिएको मालको दोबर भाग भर्ना गर्नुपर्थ्यो। तर चोर पक्रा नपरेको खण्डमा जुन मानिसको जिम्मामा त्यो सम्पत्ति वा रुपियाँपैसा थियो, त्यो मानिस न्यायकर्ताको सामु उपस्थित हुनुपर्‍यो। के त्यो मानिस आफै त्यो चोर थियो कि, सो कुरा जाँच्नुपरेको थियो। कसैले अर्कोको भरोसाबाट फाइदा उठाएको बेलामा न्यायकर्ताहरूले आरोप लगाउने व्यक्ति र आरोपित व्यक्तिको बीचमा फैसला गर्नुपर्थ्यो। दोष कसको थियो? दोषी ठरहिएको व्यक्तिले दुई गुणा भर्ना गर्नुपर्थ्यो।

अर्कोको जिम्मा लगाइएको कुनै पशु मर्‍यो, घाइते भयो वा भगाइयो भने, त्यस पशुको हेरचाह गर्ने व्यक्तिले 'त्यो मृत्यु, त्यो चोट, त्यो हानि मेरो शक्तिदेखि बाहिरको कुरा थियो' भनेर परमप्रभुको सामु शपथ खाए त्यस व्यक्तिलाई नोक्सानी भर्नुपर्ने कुनै आवश्यकता पर्दैनथियो। तर उत्तरदायी व्यक्तिको लापरवाहीको कारणले त्यसको जिम्मामा लगाइएको पशु चोरी भयो भने उसले क्षतिपूर्ति गर्नुपर्थ्यो। तर कुनै जङ्गली जनावरद्वारा च्यातच्युत पारिएको पशुको निम्ति, यदि त्यसको सिनो फेला पर्‍यो भने, कुनै क्षतिपूर्ति गर्नुपर्दैनथियो।

**प्रस्थान २२:१४-१५:** कसैले पैंचो लिएको पशु घाइते भयो या मर्‍यो भने, पैंचो लिने व्यक्तिले त्यसको भर्ना गर्नुपर्थ्यो। तर यदि त्यस पशुको मालिकको उपस्थितिमा त्यो दुर्घटना भयो र त्यो पशु मर्‍यो भने र पैंचो लिएको व्यक्तिले त्यस पशुको निम्ति भर्ना गर्नुपर्दैनथियो; किनभने त्यस पशुको धनीले आफ्नो पशु जोगाउन सक्नेथियो। त्यस्तै प्रकारले भाड़ामा लिएको पशुको निम्ति कुनै क्षतिपूर्ति गर्नुपर्दैनथियो; किनकि त्यसको भाड़ाको दाममा पशुको हानि-नोक्सानी समावेश भएको थियो।

### उ) प्रस्थान २२ः१६-१७ः कन्याप्रति गरेको कुकर्म सम्बन्धित नियम

**प्रस्थान २२ः१६-१७ः** यदि कुनै मानिसले एउटी मगनी नभएकी कन्यालाई फकाइ-फुस्लाइ गरी आफूसँग व्यभिचार गर्न लगायो भने, त्यसले यस कन्यालाई विवाह गर्नुपर्ने बाध्यता हुन्थ्यो; अनि त्यसले कन्याको निम्ति नियमित दाइजो दिनुपर्थ्यो। तर यदि त्यस कन्याको बुबाले आफ्नी छोरी त्यसलाई विवाह गर्नको निम्ति दिन नमाने ता पनि त्यसले केटीको बुबालाई यस कन्याको निम्ति दाइजो दिनुपर्थ्यो; किनभने यस कन्याको विवाह गर्ने सम्भावना निक्कै कम भएको थियो।

### ऊ) प्रस्थान २२ः१८-२३ः१९ः सामाजिक र धार्मिक कर्तव्यहरू

**प्रस्थान २२ः१८-२०ः** हत्याबाहेक अरू तीनवटा मृत्युदण्डको योग्य अपराधहरू थिएः जादुगर वा बोक्सी-विद्या, पशुगमन र मूर्तिपूजा।

**प्रस्थान २२ः२१-२४ः** यहूदीहरूले प्रवासीहरूप्रति दयावान् हुनुपरेको थियो; किनभने तिनीहरू अघि पनि एक समयमा विदेशमा प्रवासी भएका थिए। तिनीहरूले विधवा र टुहुराटुहुरीहरूलाई मानवीय व्यवहार देखाउनुपरेको थियो। परमप्रभु आफैले यो आज्ञा लागू गराउने जिम्मा उठाउनुभयो। प्रायः अन्य नियमहरू भङ्ग हुँदाखेरि उहाँले यसको निम्ति सजाय दिन मानिसहरूलाई नियुक्त गर्नुहुन्थ्यो, तर यस आज्ञाको सम्बन्धमा उहाँले विधवा र टुहुराटुहुरीहरूको पक्ष लिएर आफैले अपराधीहरूलाई दण्ड दिनेछु भनेर भन्नुभयो। आजको दिनसम्म परमेश्वरले असहायहरूको विषयमा आफ्नो विचार बदल्नुभएको छैन। उहाँ अझै पनि विधवा र टुहुराटुहुरीहरूको वास्ता गर्नुहुन्छ; अनि हामी ख्रीष्ट-विश्वासीहरूले पनि तिनी-हरूको वास्ता गर्नुपर्छ।

**प्रस्थान २२ः२५-२७ः** कुनै इस्राएली मानिसलाई दिएको ऋणमाथि ब्याज लगाइदिने कुरा मनाही गरिएको थियो। तिनीहरूले अन्यजातिका मानिसहरूसँग ब्याज लिन पाउँथे (व्यवस्था २३ः२०)। अनि कसैको लुगा बन्धकमा राखेमा त्यो लुगा रात पर्न अगाड़ि फर्काइनुपर्थ्यो; किनभने त्यो ओढ्ने वस्त्र राति कम्बलको रूपमा प्रयोग गरिन्थ्यो।

**प्रस्थान २२ः२८-३१ः** परमेश्वरको निन्दा गर्न र शासकलाई सराप्न मनाही गरिएको थियो (प्रेरित २३ः५)।

चाहे जमिनबाट भएको उब्जनी, चाहे जन्मेका छोराहरू वा पशुहरू – परमप्रभुले यी सबैबाट आफ्नो भाग पाउनुपर्थ्यो। पशु-हरूबाट पहिला जन्मेका बाछाबाछी र पाठापाठीहरू आठौं दिनमा उहाँलाई समर्पण गरिनुपर्थ्यो।

जङ्गली जनावरले फहराएको पशुको मासु खानुहुँदैनथियो। किनभने च्यातच्युत भएको पशुबाट रगत पूरा निस्किँदैनथियो; अनि रगत खानुचाहिँ परमेश्वरको नियमको विरुद्धको काम थियो (लेवी १७)। यसबाहेक जङ्गली जनावरहरूबाट फैलिने खतरनाक रोगहरू, जस्तै बौलाउने रोगको संक्रमान हुने खतरा रहन्थ्यो। अनि परमेश्वरले आफ्ना जनहरूलाई यस्ता रोगहरूबाट जोगाउन चाहनुहुन्थ्यो।

**प्रस्थान २३ः१-१२ः** अब कचहरीका कुराहरू आएः झूटो साक्षी वा झूटो खबर फैलाउनुहुँदैनथियो, साथै दुष्ट मानिससँग मिलेर दोषी व्यक्तिको पक्ष लिनुहुँदैनथियो। बहुमततिर ढल्केर दुष्ट समूहलाई साथ दिनुहुँदैनथियो र गरिबलाई पक्षपात देखाउनु-हुँदैनथियो।

आफ्नो शत्रुको पशुसित कुनै दुर्व्यवहार गर्न पाउँदैनथियो। त्यो पशु हराएको भए त्यो त्यसको मालिककहाँ सुम्पिदिनुपर्थ्यो; अनि त्यो पशु ठूलो भारीले थिचिएर त्यसमनि दबिएको भए त्यसलाई उभ्याउन मद्दत पुर्‍याउनुपर्थ्यो। गरिबहरूले सठीक न्याय पाउनुपर्थ्यो; अनि निर्दोष र धर्मी जनको विरोधमा कचहरीमा दुष्ट चालहरू अपनाएर उसको न्याय बिगार्नुहुँदैनथियो, उसलाई बिनसित्ती दोषी ठहर्‍याउनुहुँदैनथियो। घूस लिनु मनाही गरिएको थियो, अनि प्रवासी-माथि अत्याचार गर्नु निषेध गरिएको थियो।

सातौं वर्षचाहिँ विश्रामको वर्ष हुन्थ्यो; छ वर्षसम्म जमिनमा अन्नबाली लगाएर सातौं वर्षमा त्यो बाँझै छोड़िदिनुपर्थ्यो। यस सातौं वर्षमा जमिनले आफैआफ जे उब्जाउँथ्यो, त्यो उब्जनी गरिबहरूले बटुल्न पाउँथे।

हप्ताको सातौं दिनमा मालिक, त्यसको कमारा र त्यसको पशुप्राणी सबैको निम्ति विश्राम दिने दिन थियो। याद गर्नुहोस्ः पुरानो नियमको समयमा परमेश्वर कति दयावान्, कति न्यायी हुनुहुन्थ्यो!! अविश्वासले ग्रसित आधुनिक आलोचकहरूले उहाँमा के दोष पाएका छन्? उहाँलाई यति धेरै आरोपहरू किन लगाएका छन्? यो बुझ्न सकिँदैन।

**प्रस्थान २३ः१३-१७ः** यहूदीहरूलाई कुनै देवीदेवताको नाम लिनुहुँदैनथियो। केवल भविष्यवक्ताहरूले ती देवीदेवताहरूको विरोधमा बोलेको बेलामा यी देवीदेवताहरूको नाम लिन पाउँथे।

परमप्रभुको निम्ति इस्राएलीहरूले तीनवटा मुख्य चाड़हरू मनाउनुपर्थ्योः **क)** अखमिरी रोटीहरूको चाड़; यो चाड़ वर्षको शुरुमा निस्तार-चाड़को लगत्तै मानिन्थ्यो। यस चाड़ले हामीलाई आफ्नो जीवन हर प्रकारको वैरभाव र सबै दुष्टताबाट शुद्ध राख्ने महत्त्व जाहेर गर्छ।

**ख)** कटनीको चाड़; यो पर्व 'पेन्टेकोष्ट' वा 'हप्ताहरूको चाड़' पनि भनिन्छ। यस चाड़ले पेन्टेकोष्टको दिनमा पवित्र आत्मा पठाइनुभएको र त्यस दिनमा प्रभुको मण्डली स्थापित भएको बोध गराउँछ।

**ग)** भित्र्याउने चाड़ अर्थात् झुपड़ीहरूको चाड़। यस चाड़ले इस्राएली जाति ख्रीष्टको हजार वर्षको राज्यकालमा आफ्नो भूमिमा सुरक्षित रहने कुरा सङ्केत गर्छ।

यी चाड़हरूमा उमेर पुगेका सबै प्रौढ़ पुरुषहरूले अनिवार्य रूपले भाग लिनुपर्थ्यो; तर अरूले आफ्नो इच्छाअनुसार यसमा भाग लिन पाउँथे। नयाँ नियममा आएर हामी यूसुफलाई मात्र होइन, तर मरियम र बालक येशूलाई पनि वर्षेनी निस्तार-चाड़को निम्ति यरूशलेममा गएका देख्छौं (लूका २ः४१)।

**प्रस्थान २३ः१८-१९ः** परमेश्वरलाई चढ़ाउनुपर्ने बलिदान, विशेष गरी निस्तारको बलिदानको सम्बन्धमा यस बलिको रगतसँग खमीर हालेको रोटी प्रयोग गर्नुहुँदैनथियो; किनकि खमीर पापको प्रतीक हो। बलि गरिएको पशुको बोसो परमप्रभुको भाग हुन्थ्यो; किनभने बोसोचाहिँ बलिदानको रूपमा मारिएको पशुको सबैभन्दा असल भाग हो; यो बोसो बिहानसम्म नराखी तत्कालै आगोमा जलाइदिनुपर्थ्यो। जमिनको पहिलो फलको सबैभन्दा उत्तम भाग परमप्रभुको भवनमा ल्याउनुपर्थ्यो।

कुनै पनि पशुको मासु त्यसको माउको दूधमा पकाउनुहुँदैनथियो। यसको मूल उद्देश्य यस प्रकारको थियोः यस आज्ञाले त्यस जमानामा मूर्तिपूजकहरूले मानिरहेका गर्भाधान सफल र सक्षम तुल्याउने धार्मिक रीतिहरूको विरुद्ध इस्राएलीहरूलाई सतर्क गराउनु थियो। कट्टर यहूदीहरूले आजको दिनमा पनि मासु र दूधबाट बनेका खाने-कुराहरू कहिल्यै एकै वर्तनमा पकाउँदैनन्।

यो कुरा छोड़ेर तिनीहरूले दूधको तरले बनेको रससित पस्केको मासु खाँदैनन्। 22)

### ओ) प्रस्थान २३ः२०-३३ः कनान देश कब्जा गर्ने सम्बन्धमा कतिपय नियमहरू

**प्रस्थान २३ः२०-३२ः** यहाँ आएर परमेश्वरले इस्राएलीहरूलाई के प्रतिज्ञा गर्नुभयो भने, तिनीहरूलाई प्रतिज्ञाको देशमा पुर्‍याउन र त्यहाँका अन्यजाति बासिन्दाहरूलाई धपाउनको निम्ति उहाँले तिनीहरूको अघि-अघि एक दूत पठाउँछु भन्ने प्रतिज्ञा गर्नुभयो। अनि यी अग्रदूत परमप्रभु स्वयम् हुनुहुन्थ्यो। यदि यहूदीहरूले आफैलाई मूर्तिपूजाबाट अलग राखेर परमप्रभुको आज्ञापालन गरे, उहाँले तिनीहरूको पक्षमा ठूला-ठूला कामहरू गर्नेछु भन्ने आश्वासन गर्नुभयो। अनि तिनीहरूको अनाज्ञाकारिताको विषयमा कसो हो ? श्री मेथ्यू हेन्रीले यसको सम्बन्धमा दिइएको चेताउनीको बारेमा निम्न टिप्पणी गरेका छन्ः

> 'हामी हाम्रो संरक्षा गर्नुहुने र हाम्रो भलाइ चिताउनुहुने प्रभुको रिस उठाउनदेखि होशियार बस्नुपर्छ; किनकि यदि हामीबाट हाम्रो सुरक्षा हतिगए र हामीमाथि बगिआउने भलाइका खोलाहरू बन्द भइगए, हामीलाई हाय !' 23)

इस्राएलीहरूको भूमिको साँधसिमाना लाल समुद्रदेखि पलिस्तीहरूको समुद्र अर्थात् भूमध्यसागरसम्म अनि दक्षिणी कनान देशको नेगेवको मरुभूमिदेखि यूफ्रेटिस नदीसम्म जानेथियो।

यसमा याद गर्नुहोस्ः परमेश्वरको आज्ञाअनुसार तिनीहरूले प्रतिज्ञाको देशबाट सबै बासिन्दाहरूलाई धपाउनुपरेको थियो। इस्राएलीहरूले ती जातिका मानिसहरूसँग कुनै सम्झौता राख्नुहुँदैनथियो, ती जातिहरूका मूर्तिहरू पुज्नुहुँदैनथियो; यी मानिसहरूसँग मिल्नु वा सराबरी हुनुहुँदैनथियो; किनकि परमेश्वरले पहिलेबाट 'यी दुष्ट कनानीहरूलाई सर्वनाश गर्छु' भनी प्रतिज्ञा गर्नुभयो; तर यस कार्यमा इस्राएलीहरूले उहाँलाई सहायता पुर्‍याउनुपर्थ्यो। यस कुरामा हामी एउटा महत्त्वपूर्ण आत्मिक नियम देख्छौंः परमेश्वरले हामीलाई हाम्रा शत्रुहरूमाथि, जस्तैः संसार, 'शरीर' भन्ने पापमय स्वभाव र शैतानमाथि विजय दिनुहुन्छ, तर हामीले विश्वासको उत्तम लड़न्त लड़ेर उहाँलाई यसमा साथ दिनुपर्छ। उहाँले यो कुरा हामीबाट आशा गर्नुहुन्छ।

**प्रस्थान २३ः३३ः** यस पदसँग मिल्ने अर्को भाग २ कोरिन्थी ६ः१४-१८ पदको खण्ड हो। परमेश्वरका जनहरूको निम्ति संसारदेखि अलग रहनु नै सदैव परमेश्वरको इच्छा भएको हो। इस्राएली जातिले यस आदेशको आज्ञापालन नगरेकोमा उसको पतन भएको हो। *'धोका नखाओ! किनभने कुसङ्गतहरूले असल चरित्रहरू भ्रष्ट पार्छन्-पार्छन्।'* यो वचन अझै पनि सत्य छँदैछ।

### औ) प्रस्थान २४ः१-८ः परमेश्वर र उहाँका जनहरूको बीचमा स्थापित भएको करार पारित गरिएको

**प्रस्थान २४ः१-२ः** जुन नियम र विधिहरू प्रस्थान २०-२३ अध्यायहरूमा प्रस्तुत भएका छन्, ती नियम र विधिहरू मोशा सिनाई पर्वतमा भएको बेलामा परमेश्वरले उनीसँग बोल्नुहुँदा उनलाई दिनुभयो। अनि मोशा यस पर्वतको टाकुराबाट ओर्लनुभन्दा अघि परमेश्वरले उनलाई हारून र तिनका दुईजना छोराहरू नादाब र अबिहू, साथै सत्तरी बूढ़ा प्रधानहरूसँग यस पर्वतमाथि फर्केर आउने आदेश दिनुभयो। तर परमप्रभुको नजिक आउने अनुमति मोशाले मात्र पाएका थिए; अरू सबैजना टाढ़ामा बस्नुपरेको थियो। व्यवस्थाको करारअन्तर्गत परमेश्वर र पापी मानिसको बीचमा सधैं अन्तर कायम

राखिनुपर्थ्यो। तर अनुग्रहको करारअन्तर्गत हामीलाई येशू ख्रीष्टको रगतद्वारा महापवित्र-स्थानभित्र प्रवेश गर्ने हिम्मत मिलेको छ (हिब्रू १०:१९)। व्यवस्थामा लेखिएको छः *'तिनी-हरू नजिक नआऊन्!'* तर अनुग्रहको करारको निम्तो यस प्रकारको छः *'आओ, हामी नजिकमा जाऔं!'* (हिब्रू १०:२२)।

**प्रस्थान २४:३-८ः** अब मोशा यस पर्वतदेखि तल मानिसहरूकहाँ ओर्लिआए, र उनले तिनीहरूलाई यो व्यवस्था सुनाएर सुम्पे। तत्कालै मानिसहरू यो व्यवस्था कायम राख्न राजी भए। व्यवस्था पालन गर्न हामी आफू कति असक्षम हौं भन्ने तिनीहरूलाई के थाहा? परमेश्वर र इस्राएल जातिको बीचमा बाँधिएको यो सर्तपूर्ण करार पारित गर्न मोशाले पहिले एउटा वेदी निर्माण गरे र इस्राएली जातिका बाह्र कुलहरूको सङ्ख्या-अनुसार बाह्रवटा खाँबा खड़ा गरे। त्यसपछि उनले बलिहरूको रगतबाट आधा रगत लिएर यस वेदीमाथि छर्के; किनभने यस वेदीले यस करारमा परमेश्वरको पक्ष लियो। अनि उनले रहेको आधा रगत मानिसहरूमाथि छर्के; किनकि यसरी नै तिनीहरूले यो करार कायम राख्न आफ्नो दृढ़ संकल्प प्रकट गरे।

### औं) प्रस्थान २४:९-१८ः परमेश्वरको महिमा प्रकट भएको

**प्रस्थान २४:९-११ः** यसको लगत्तै मोशा र उनको साथमा प्रस्थान २४:१ र २ पदमा निर्देशन गरेअनुसार निर्धारित गरिएका जनहरू सिनाई पर्वतमा उक्ले। अनि त्यहाँ तिनीहरूले परमेश्वरलाई उहाँको माहिमामा देखे। सामान्य नियम यस प्रकारको थियोः परमेश्वरलाई देख्नाले मानिस एकै निमेषमा भस्म हुन्थ्यो; तर यहाँ यस्तो भएन। तिनी-हरूले परमेश्वरलाई देखे, अनि खाए र पिए, तर तिनीहरू नाश भएनन्। अर्को शब्दमा भन्नु हो भने, तिनीहरूले परमेश्वरलाई देखे; अनि तिनीहरू मेलबलिको मासु खान बाँचे।

परमेश्वरलाई देख्ने सम्बन्धमा पवित्र बाइबलमा कतिपय विरोधाभास गर्ने कुराहरू भएका जस्तो छ। एकपट्टि पवित्र बाइबलका पदहरू छन्, जसले परमेश्वरलाई देख्नु असम्भव छ भन्छन्, जस्तैः प्रस्थान ३३:२०; यूहन्ना १:१८; १ यूहन्ना ४:१२। तर अर्को पट्टि बाइबलका खण्डहरू छन्, जुन खण्ड-हरूले बताएअनुसार कति मानिसहरूले परमेश्वरलाई देखे, जस्तैः उत्पत्ति ३२:३०; प्रस्थान २४:१० र ३३:२३।

यसको स्पष्टीकरणचाहिँ यस प्रकारको छः परमेश्वर आफ्नो नढाकिएको महिमामा प्रकट हुनुभएको भए उहाँ भस्म गर्ने आगो हुनुहुन्छ; यस अवस्थामा उहाँलाई देख्ने जुनै पनि व्यक्ति एकै क्षणमा शेष हुनेथियो। तर परमेश्वरले आफैलाई मानिस, स्वर्गदूत र महिमित बादलको रूपमा प्रकट गर्न सक्नुहुन्छ (व्यवस्था ५२४); यस अवस्थामा मानिस उहाँलाई देखेर बाँच्छ।

**प्रस्थान २४:१२-१८ः** यहाँ, यस खण्डमा अर्को पल्ट मोशा सिनाई पर्वतमाथि चढ़ेर गएको वर्णन छ। यसपालि यहोशूले उनलाई साथ दिए; तर तिनी टाढ़ैमा रहे। मोशाले आफ्नो अनुपस्थितिमा हारून र हूरलाई मानिसहरूका न्यायकर्ता तुल्याए। उनी यस पर्वतको छेउमा छ दिनसम्म कुरिरहे; अनि यी छ दिनसम्म नै महिमाको बादलले यस पर्वतको टाकुरालाई ढाकिरह्यो। त्यसपछि परमेश्वरले मोशालाई बोलाउनुभयो, र उनी यस पहाड़माथि चढ़्दै गर्दा यसको टाकुराको वरिपरि भएको बादलभित्र पसे, जहाँ उनले परमेश्वरको उपस्थितिमा चालीस दिन र चालीस रात बिताउनु थियो। सङ्ख्या चालीसले जाँच वा परीक्षणकालको अर्थ बुझाउँछ। अनि यहाँ, यस ठाउँमा यो जाँच मोशाको होइन, तर इस्राएली मानिसहरूको पो

थियो। अनि तिनीहरू यस जाँचमा असफल भए; किनकि तिनीहरू पापमा डुबे। यसरी नै परमप्रभुले मानिसहरूको हृदयको अवस्था के हो, सो कुरा व्यवस्थाद्वारा प्रकट गर्नुभयो।

यस अवधिमा मोशाले परमेश्वरबाट पाएका निर्देशनहरू प्रस्थान २५:१-३१:१८ पदको खण्डमा उल्लेख गरिएका छन्।

# खण्ड १०

## प्रस्थान २५-४०: निवासस्थान र पूजाहारीगिरी

अबका सातवटा अध्यायहरूमा निवासस्थानको सम्बन्धमा निर्माणका निर्देशनहरू, पूजाहारी-सेवकाइको स्थापना र यस सम्बन्धमा दिइएको विधि-समूह उल्लेख गरिएका छन्। पवित्र बाइबलका जम्मा पचासवटा सम्पूर्ण अध्यायहरूले यस निवासस्थानको चर्चा गरेका छन्; तब परमेश्वरको दृष्टिमा यो निवासस्थान कति महत्त्वपूर्ण हुन्छ, सो तपाईं यसबाट देख्न र बुझ्न सक्नुहुन्छ।

त्यस बेलाको निवासस्थान तम्बूजस्तै थियो, जहाँ परमेश्वरले मानिसहरूको बीचमा वास गर्नुभयो। यस निवासस्थानको एक-एक भागले हामीलाई ख्रीष्ट येशू र उहाँको त्राणको कामको विषयमा, साथै परमेश्वरको उपस्थितिमा जाने प्रवेश-मार्गको विषयमा कुनै न कुनै आत्मिक पाठ सिकाउँछ। अनि पूजाहारीगिरीचाहिँ? त्यस पूजाहारीगिरीले हामीलाई के सम्झाउँछ भने, पापले हामी र परमेश्वरको बीचमा एउटा अन्तर सृजना गरेको हो; अनि परमेश्वरले नियुक्त गर्नुभएका र योग्य ठहराउनुभएका पूजाहारीहरूद्वारा मात्र मानिस उहाँको नजिकमा पुग्न सक्ने रहेछ भन्ने कुरा पनि स्पष्ट पार्छ।

### क) प्रस्थान २५-२७: निवासस्थानको निर्माण-कार्यको सम्बन्धमा दिइएका निर्देशनहरू

#### अ) प्रस्थान २५:१-९: सामग्रीहरूको संग्रह

परमेश्वरले मोशालाई निवासस्थान खड़ा गर्ने कामको निम्ति आवश्यक सामग्रीहरूको भेटी मानिसहरूबाट संग्रह गर्ने निर्देशन दिनुभयो। ती सामग्रीहरू यी नै हुन्: बहुमूल्य धातुहरू, जस्तै सुन, चाँदी र पित्तल आदि, मिहिन सुती-कपड़ा, पशुका छालाहरू, बत्तीहरू र अभिषेकको तेलको निम्ति चाहिएको तेल, सुगन्धित धूपको निम्ति मसाला र बहुमूल्य पत्थरहरू। निस्सन्देह यी बहुमूल्य पत्थरहरू इस्राएलीहरूले मिस्र देश छोड़ेको बेलामा मिस्रीहरूबाट श्रमिकको स्वरूप पाएका थिए। यसको निम्ति तिनीहरूले परिश्रम गरे, अँ, तिनीहरू कमाराझैं घोटिए। अनि अब तिनीहरूले त्यही अमूल्य थोकहरू भेटीको रूपमा अर्पण गरिरहेका थिए।

यो निवासस्थान परमेश्वरले दिनुभएको नमुनाअनुसार निर्माण गर्नुपरेको थियो; यसमा उहाँ सुदृढ़ रहनुहुन्थ्यो। अनि यदि यो कुरा एउटा भौतिक भवनको सम्बन्धमा सत्य हो भने, झन् कति बढ़ता गरी ख्रीष्ट येशूका पवित्र जनहरूरूपी उहाँको मण्डलीचाहिँ नयाँ नियममा प्रकट भएको ईश्वरीय ढाँचामा निर्माण हुनु आवश्यक छ!!

#### आ) प्रस्थान २५:१०-१६: करारको सन्दुक

यो सन्दुक बबुल काठले बनिएको बाकस थियो; त्यो बाकस भित्र-बाहिर दुवैतिरबाट

निखुर सुनले मोहोर्नु थियो। त्यसका चारै कुनामा चारवटा मुन्द्राहरू लगाइए, जुन मुन्द्राहरूबाट दुईवटा डन्डीहरू छिराएर यो सन्दुक बोकिन्थ्यो। यस सन्दुकमा साक्षी-पाटी अर्थात् दस आज्ञारूपी व्यवस्था लेखिएका दुईवटा ढुङ्गाका पाटीहरू राखिए (प्रस्थान २५:१६); अनि पछिबाट यसमा हारूनको कोपिला लागेको लहुरो र मन्ना हालेको सुनको भाँड़ा पनि राखिए (हिब्रू ९:४)।

### इ) प्रस्थान २५:१७-२२: कृपा-आसन

यस करारको सन्दुकको ढकनीलाई कृपा-आसन भनिन्छ। यो कृपा-आसन निखुर सुनको पाता थियो, जुन पाताले दुईवटा करूबहरूको[24] आकृतिको निम्ति टेवा दियो। ती करूबहरूको रूपचाहिँ स्वर्गदूतको रूपजस्तै थियो। यी करूबहरूले दुई किनारामा आमुन्ने-सामुन्ने फर्केर आफ्ना पखेटाहरू फैलाएर यो सन्दुक ढाके। परमेश्वरले यस कृपा-आसनदेखि माथि, यी दुई करूबहरूको बीचमा एउटा महिमाको बादलको रूपमा आफैलाई प्रकट गर्नुहुन्थ्यो। पवित्र बाइबलका कम्तीमा तेह्रवटा पुस्तक-हरूमा करूबहरूको बारेमा लेखिएको छ। ती करूबहरूले परमप्रभुको पवित्रता र उहाँको धार्मिकतासँग सम्बन्ध राख्छन्; अनि परमेश्वरको सिंहासनको सम्बन्धमा प्रायः तिनीहरूको नाम लिइएको छ। तिनीहरूको विस्तृत वर्णन इजकिएल १ र १० अध्यायमा गरिएको छ।

### ई) प्रस्थान २५:२३-३०: भेटीका रोटी-हरूको टेबल

भेटीका रोटीहरूको टेबलचाहिँ बबुल काठले बनेको निखुर सुनले मोहोरिएको एउटा मेच थियो। यस टेबलको पाताको वरिपरि एउटा अलङ्कारले युक्त सुन्दर सुनकै बिट लगाइयो, त्यसपछि यसको चारैतिर चार अमल उच्च भएको एउटा फ्रेम र त्यसमा फेरि दोस्रो सुन्दर अलङ्कारले युक्त बिट लगाइयो। करारको सन्दुकमा भएझैं यसका चारै कुनामा, जहाँ यसका चार खुट्टाहरू थिए, यसको फ्रेमदेखि केही मनि मुन्द्राहरू लगाइए, जसमा दुईवटा डन्डीहरू छिराएर यो टेबल बोकिन्थ्यो। अनि यस टेबलमाथि इस्राएली जातिका बाह्र कुलहरूका निम्ति बाह्रवटा रोटीहरू (प्रस्थान २५:३०), साथै विभिन्न किसिमका भाँड़ाकुँड़ाहरू राखिन्थे, जस्तैः थालहरू, चम्काहरू, करुवाहरू र अर्घ चढ़ाउने कचौराहरू।

### उ) प्रस्थान २५:३१-४०: सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू

**प्रस्थान २५:३१-३९:** सामदान निखुर सुनैसुनले बनिएको थियो; यसका सातवटा हाँगाहरू र प्रत्येक हाँगाको टुप्पामा एक-एकवटा तेल राख्ने सानो कचौरारूपी दियो थियो, जसको सलेताले यसको तेल तानेर बल्थ्यो। सलेता छाँट्ने यसका सुनकै चिम्टाहरू र यसका मोसो हाल्ने मोसोदानीहरू पनि थिए।

**प्रस्थान २५:४०:** *'अनि हेर, यस पहाड़मा तिमीलाई ती सामग्रीहरूको जुन नमुना देखाइएको छ, सोही नमुनाअनुसार तिमीले ती सामग्रीहरू बनाउनू!'* यी सबै थोकहरू बनाउने सम्बन्धमा एउटा कुरा मुख्य थियोः परमेश्वरले मोशालाई यस पर्वतमा देखाइ-दिनुभएको नमुनाअनुसार नै यी सबै थोकहरू बनाउनुपरेको थियो। यस सर्वोत्तम नमुनारूपी सुनमाथि मानिसको सुगन्ध लगाउने ठावैं रहेन। अनि सबै आत्मिक विषयहरूमा यो कुरा लागू हुन्छ। हामीले ईश्वरीय निर्देशनमा चल्नुपर्छ र प्रभुले दिनुभएको नमुना न यता न उता तर्किजानु हुन्छ।




**उजाड़स्थानमा भएको निवासस्थान**

निवासस्थानका सबै सामग्रीहरूले स्वर्गको महिमामा प्रवेश गर्नुभएको ख्रीष्ट येशूको कुरा गर्छन्; अनि सन्दुकचाहिँ उहाँको परमेश्‍वरत्व र उहाँको मानवताको प्रतीक हो। किनभने यसको सुनले उहाँको परमेश्‍वरत्व, र यसको काठले उहाँको मानवताको चित्रण गर्छ। कृपा-आसनले ख्रीष्ट येशूलाई हाम्रो प्रायश्‍चित्तको रूपमा प्रस्तुत गर्छ (रोमी ३:२५); उहाँ हाम्रो निम्ति अनुग्रहको सिंहासनमाथि बस्नुभएको छ। अनि भेटीका रोटीहरूको टेबलचाहिँ? यस टेबलले ख्रीष्ट येशूलाई जीवनको रोटीको रूपमा प्रस्तुत गर्छ। अनि सुनको सामदानले ख्रीष्ट येशूलाई संसारको ज्योतिको रूपमा चित्रण गर्छ। पित्तलको वेदीको तत्पार्य यस प्रकारको छः ख्रीष्ट येशू हाम्रो होमबलि हुनुहुन्छ (प्रस्थान २७); उहाँ परमेश्‍वरको निम्ति सर्वाङ्ग होमबलि हुनुभयो। यस धूपको वेदी, यस सुनको वेदीले ख्रीष्ट येशू परमेश्‍वरको निम्ति कति मीठो वासना हुनुहुन्छ, सो कुरा प्रस्तुत गर्छ (प्रस्थान ३०)। अनि हातखुट्टाहरू धुने बाटाले ख्रीष्ट येशूलाई कुन रूप दिएर प्रस्तुत गर्छ? उहाँले आफ्ना जनहरूलाई वचनरूपी पानीको स्नान दिएर शुद्ध गर्नुहुन्छ (तीतस ३:५; यूहन्ना १३:१०; एफेसी ५:२६)।

### ऊ) प्रस्थान २६ः निवासस्थान

**प्रस्थान २६:१-६ः** यस अध्यायमा केवल निवासस्थानको वर्णन गरिएको छ। यस वासस्थानको लमाइ लगभग पैंतालीस फिट थियो भने, यसको चौड़ाइ लगभग पन्ध्र फिट थियो र यसको उचाइ लगभग पन्ध्र फिट थियो। (हिसाब निकाल्नको निम्ति हाम्रो नाप यस प्रकारको होः एक हात बराबर अठार इन्च मानिएको छ)। यस निवासस्थानको दायाँ, बायाँ र पछाड़िको भागका तीनवटा भित्ता-हरूचाहिँ खड़ा गरिएका फल्याकहरूले बनेको थियो। बबुल काठको हरेक फल्याकको निम्ति दुईवटा चूल र एउटा चूलघर हुन्थ्यो, जसको सहायताले एक फल्याक अर्को फल्याकसित जोड़ेर ठड़्याइन्थ्यो। अगाड़ि-पट्टिको भागमा खाँबाहरू हुन्थे; किनभने यसको प्रवेश यहाँबाट हुन्थ्यो।

यहाँ पहिलो पर्दालाई 'निवासस्थान' भनिएको छ। यो पर्दा नीलो, बैजनी र रातो रङ्गको मिहिन सुती-कपड़ाले बनेको थियो, र यसमा बेलबुट्टा काढ्‌ने कलाअनुसार करूबहरू लगाइएका थिए। पाँच टुक्राहरू एक पर्दा र अर्का पाँच टुक्राहरू एक पर्दा हुने गरी यी दुईवटा पर्दाहरू बीचमा जोड़िएर एउटा पर्दा बने; किनकि ती दुवै पर्दाहरूका किनाराहरूमा पचास-पचासवटा नीलो मुन्द्रीहरू बनाइए र पचासवटा सुनका खीपहरू यी मुन्द्रीहरूमा लगाएर यी दुई पर्दाहरू बीचमा गाँसिन्थे। यस पर्दाको कुल-नाप यस प्रकारको थियोः यसको लमाइ साठी फिट र यसको चौड़ाइ बयालीस फिट थियो। यस पर्दाले छानाको काम गर्थ्यो, र यसले दायाँ र बायाँको भागका भित्ताहरू जमिनदेखि डेढ़ फिटमाथिसम्म ढाक्यो।

**प्रस्थान २६ः७-१३ः** अर्का पर्दालाई 'पाल' भनिन्छ। यो पर्दा बाख्राको भुत्लाले बनिएको थियो। यताका पाँचवटा पर्दाहरू उताका छवटा पर्दाहरूसित बीचमा लगाइएका पित्तलका पचासवटा खीपहरूद्वारा जोड़िएर एउटा पर्दा बनिए। यस पर्दाको कुल-नाप यस प्रकारको थियोः यसको लमाइ छयसट्ठी फिट र यसको चौड़ाइ पैंतालीस फिट थियो। अघिल्लो भागबाहेक यस पर्दाले सबै भागहरूका भित्ताहरू खप्टाउँथ्यो। केवल निवासस्थानको अघिल्लो भागमा यो पर्दा दोबारिन्थ्यो।

**प्रस्थान २६ः१४ः** तेस्रो पर्दालाई 'ओढ़ा' भनिएको छ; त्यो ओढ़ा भेड़ाका छालाहरूले बनेको थियो। अनि चौथो पर्दाचाहिँ सिलका छालाहरूले बनेको थियो। (यसमा अनुवादको कुरा आयोः सिलका छालाहरूचाहिँ शिशुमार, सोंस वा डल्फिनका छाला पनि अनुवाद गरिएको छ)।[25] यी दुईवटा पर्दाको विषयमा कुनै नाप दिइएको छैन। यसर्थ यी दुवै पर्दाहरूको नाप बाख्राको भुत्लाले बनेको पर्दाजत्तिकै हुनुपर्ला।

**प्रस्थान २६ः१५-३०ः** अब यी ठाड़ा फल्याकहरूको कुरा आयोः निवासस्थानका चारै पट्टिका तीन भागहरूमा यी काठका फल्याकहरू खड़ा गरिन्थे। यी फल्याकहरूको परिभाषा प्रस्थान २६ः१५-२५ पदको खण्डमा दिइएको छ। प्रत्येक काठको फल्याकको नाप यस प्रकारको थियोः यसको लमाइ पन्ध्र फिट र यसको चौड़ाइ दुई फिट र एक चौथाइ फिट थियो। ती फल्याकहरू बबुलको काठका थिए; र त्यो काठ सुनले मोहोरिन्थ्यो र एक-एक फल्याकको तल्लो कुनामा दुईवटा चूलहरू थिए, जुन चूलहरू निवासस्थान खड़ा गर्दा एउटा चूलघरमा लगाइन्थे। दायाँ र बायाँको भागका भित्ताहरूमा बीस-बीसवटा फल्याकहरू हुन्थे भने, पछिल्लो भागको भित्तामा छवटा फल्याकहरू हुन्थे। पछिल्लो भित्ताका दुई कुनाहरूको निम्ति दुईवटा विशेष फल्याकहरू बनाइए।

अब ती साटाहरूको कुरा आयो, जुन साटाहरूले यी फल्याकहरू अड्‌काएर राख्थे; ती साटाहरू बबुलको काठले बनेका थिए र सुनले मोहोरिएका थिए। यी साटाहरू फल्याकहरूमा भएका सुनका मुन्द्राहरूबाट भएर छिरिन्थे। अनि फल्याकहरूको वारपार जाने बीचको एउटा साटा पनि थियो। अझै दुईवटा डन्डी थिए, जुन डन्डीहरू जोड़ेर एउटा बनाइए र भित्ताको टुप्पामा लगाइयो; ठीक त्यस्तै अरू दुईवटा डन्डीहरू जोड़िएर भित्ताको फेदमा लगाइयो। कसै-कसैको विचारमा ती फल्याकहरू जालीदार फ्रेमहरू थिए अरे।

**प्रस्थान २६ः३१-३७ः** निवासस्थानमा दुईवटा कोठाहरू थिए। पहिलो कोठा पवित्रस्थान भनिन्छ, जुन कोठाको नाप यस प्रकारको थियोः लमाइ तीस फिट र चौड़ाइ

पन्ध्र फिट। अनि दोस्रो कोठा महापवित्रस्थान थियो, जसको नाप यस्तो थियोः लमाइ पन्ध्र फिट र चौड़ाइ पन्ध्र फिट। यी दुईवटा कोठाहरू एउटा बीचको पर्दाले छुट्ट्याइएको थियो, जुन पर्दा मिहिन सुती-कपड़ाले बनेको थियो, र त्यसमाथि बेलबुट्टाको कला-अनुसार करूबहरू काढ़िएका थिए। त्यो पर्दा सुनले मोहोरिएका चारवटा खाँबाहरूमाथि टाँगिन्थ्यो। करारको सन्दुक र कृपा-आसन महापवित्रस्थानभित्र राखिन्थे भने, भेटीका रोटीहरूको टेबल र सुनको सामदानचाहिँ पवित्रस्थानमा राखिन्थे। अब पवित्रस्थानमा राखिने सामग्रीहरूमध्ये त्यो धूपको वेदी मात्र रहेको थियो (प्रस्थान ३०)। यो धूपको वेदी बीचको पर्दाको सामुन्ने राखिन्थ्यो। सुनको सामदानचाहिँ पवित्रस्थानको दक्षिणपट्टि राखिन्थ्यो भने, भेटीका रोटीहरूको टेबल यसको उत्तरपट्टि राखिन्थ्यो। यस निवास-स्थानको ढोकामा एउटा बुनेको कपड़ा झुन्डिन्थ्यो, जुन कपड़ाचाहिँ एउटा भित्री पर्दाजस्तै पातलो हुने गरी बुनेको थियो। बीचको पर्दाजस्तो त्यो कपड़ा पाँचवटा सुनले मोहोरिएका पाँचवटा बबुल-काठका खाँबा-हरूमाथि झुन्डिन्थ्यो, जुन खाँबाहरू पित्तलका चूलघरमाथि खड़ा हुन्थे।

### ओ) प्रस्थान २७:१-८: होमबलिको वेदी

होमबलिको वेदीचाहिँ बबुल-काठले बनेको थियो र पित्तलले मोहोरिएको थियो। यस वर्गाकार वेदीको नाप यस प्रकारको थियोः यसको लमाइ र यसको चौड़ाइ सात फिट आधा थियो भने, यसको उचाइ चार फिट आधा थियो। यसका चारै कुनाहरूको बाहिरपट्टिबाट सीङहरू निस्केका थिए। यस वेदीको बीच भागमा चारवटा मुन्द्रीहरू लगाइए, जुन मुन्द्रीहरूभित्र छिराइएका डन्डी-हरूको सहयताले यो बोकिन्थ्यो।

### औ) प्रस्थान २७:९-१९: निवासस्थानको आँगन, त्यसका खाँबाहरू र त्यसका पर्दाहरू

यस निवासस्थानको वरिपरि एउटा ठूलो क्षेत्र राखिएको थियो; त्यस क्षेत्रलाई आँगन भनिन्छ। यो आँगन मिहिन मलमलको पर्दाले बारेको थियो, जुन पर्दा बीच-बीचमा पित्तलका खाँबाहरूमा झुन्डियो र तन्कियो। यस आँगनको नाप यस प्रकारको थियोः यसको लमाइ एक सय पचास फिट थियो र यसको चौड़ाइ पचहत्तर फिट थियो; अनि आँगनको पर्दाको उच्चाइ सात फिट आधा थियो। पूर्वपट्टि यस आँगनको ढोका थियो, जसको चौड़ाइ तीस फिट थियो। ढोकाको पर्दा निवासस्थानका पर्दाहरूझैं मिहिन मलमलले बनेको थियो, जसमाथि बेलबुट्टा हानिएका थिए। यस निवासस्थानका प्रायः सबै सरसामानहरू पित्तलका हुन्थे।

### औं) प्रस्थान २७:२०-२१: सामदानको निम्ति प्रयोग गरिने तेल

सामदानमा प्रयोग गरिने शुद्ध जैतुनको तेल थियो; यो तेलचाहिँ पवित्र आत्मालाई सङ्केत गर्ने प्रतीक हो। यो सामदान निरन्तर बलिरहनुपरेको थियो। यसर्थ यस सामदानका दियाहरू हरेक साँझमा सल्किन्थे र रातभरि बिहानसम्म बल्थे। यहाँ 'भेट हुने पाल' भन्ने शब्द लेखिएको छ। यस ठाउँमा भेट हुने पालको अर्थ त्यो निवासस्थान बुझ्नुपर्छ, जहाँ परमेश्वरले वास गर्नुहुन्थ्यो। तर प्रस्थान ३३:७ पदमा एउटा अस्थायी पाल थियो, जुन पाल मोशाले छाउनीदेखि टाढ़ा खड़ा गरे।

**ख) प्रस्थान २८-२९ः पूजाहारीगिरी**

**अ) प्रस्थान २८ः पूजाहारीहरूका वस्त्रहरू**

**प्रस्थान २८ः१-२ः** यस अध्यायमा प्रधान पूजाहारीले पहिरनुपर्ने पवित्र वस्त्र र तिनका छोराहरूले लगाउनुपर्ने वस्त्रहरू बयान गरिएका छन्। ती वस्त्रहरू, ती वस्त्रहरूका रङ्गहरू, तिनका बहुमूल्य पत्थरहरू इत्यादि – यी सबै कुराहरूले ख्रीष्ट येशूका शोभा-हरूको कुरा गर्छन्, जो हाम्रा महापूजाहारी हुनुहुन्छ। पुरानो नियममा हारूनको परिवार एकमात्र पूजाहारी-परिवार थियो।

**प्रस्थान २८ः३-२९ः** प्रधान पूजाहारीका वस्त्रहरू दुई प्रकारका हुन्थेः **क)** *प्रस्थान २८ः२-४ः* तिनका महिमा र शोभाका वस्त्रहरू हुन्थे, जुन वस्त्रहरू खूबै सुन्दर थिए, रङ्गले भरिपूर्ण र तिनमा बेलबुट्टा हानिएका थिए, जस्तैः छातीपाता, एपोद, अलखा, बुट्टादार लबेदा, पगरी र कमरपेटी। **ख)** तिनको दोस्रो वस्त्र सादा थियो, सेतो सुती कपड़ाको थियो।

अब पहिले एपोदको कुरा आयोः त्यो एपोद एउटा एप्रनजस्तै थियो, जसको अगाड़िको भाग र पछाड़िको भाग हुन्थ्यो। यसको अगाड़िको भागले कम्मरसम्म छाती र पेट ढाक्थ्यो भने, ठीक यसरी नै यसको पछाड़िको भागले पिठ्यूँ ढाक्थ्यो; अनि यी दुई टुक्राहरू काँधमा बाँधेर जोड़िन्थे; यो शरीरको दायाँ-बायाँ पट्टि खुला हुन्थ्यो (प्रस्थान २८ः६-७)। एउटा बुट्टादार कमरपेटीद्वारा यो पेटे वस्त्र कम्मरमा बाँधिन्थ्यो (प्रस्थान २८ः८)। यस एपोदका काँधे जोर्नीहरूमा दुईवटा सुनका मणिघरहरू र ती मणिघरहरूमाथि डोरी बाटेझैं बनेका सुनका दुईवटा सिक्रीहरू लगाइए; एक-एक काँधमा एक-एक बहुमूल्य पत्थर एक-एक मणिघरमा जड़ियो (प्रस्थान २८ः१३-१४)। यस एपोदका दुवैपट्टिका काँधमा यी दुईवटा मणिघरहरूमा एक-एक गोमेद पत्थर हुन्थ्यो, जसमाथि छ-छवटा नामहरू हुने गरी इस्राएली जातिका बाह्रवटा कुलहरूका नामहरू खोपिएका थिए (प्रस्थान २८ः९-१२)।

यस एपोदको अगाड़िपट्टि छातीपाता थियो, जुन छातीपातामा चारवटा लहर हुने गरी बाह्रवटा बहुमूल्य पत्थरहरू जड़िए; ती बहुमूल्य पत्थरहरूमा, एक-एक पत्थरमा एक-एक कुलको नाम हुने गरी इस्राएली जातिका बाह्रवटा कुलका नामहरू खोपिएका थिए। छातीपाता यस एपोदसित सुनका मुन्द्री र सुनका सिक्रीहरूद्वारा जोड़ियो (प्रस्थान २८ः१३-२८)। यसरी नै प्रधान पूजाहारीले इस्राएलका बाह्रवटा कुलहरूलाई आफ्ना काँधहरूमाथि परमेश्वरको सामु बोक्थे (प्रस्थान २८ः१२), र आफ्नो हृदयमाथि पनि बोक्थे (प्रस्थान २८ः२१)। काँधचाहिँ बोझा उठाएर बोकिने ठाउँ हो भने, हृदयचाहिँ स्नेह र ममता भएको ठाउँ हो।

**प्रस्थान २८ः३०ः** छातीपातामा ऊरीम र तुम्मीम हालिएको हुनाले यसको नाम 'न्यायको छातीपाता' भएको हुनुपर्ला (प्रस्थान २८ः१५ र २८ः२९-३०); किनकि ऊरीम र तुम्मीमद्वारा इस्राएलीहरूले परमप्रभुबाट मार्ग-दर्शन पाउने गर्थे (गन्ती २७ः२१)।

'ऊरीम र तुम्मीम'को शाब्दिक अर्थ 'ज्योति र सिद्धता' हो। यहाँ कुनचाहिँ थोकलाई 'ज्योति र सिद्धता' भनिएको थियो, सो हामी निश्चित जान्दैनौं। तर माथिल्लो अनुच्छेदमा बताएअनुसार ती थोकहरू छातीपातामा हालिएका थिए र परमप्रभुको मार्गदर्शन पाउनको निम्ति तिनलाई चाहिन्थ्यो (१ शमूएल २९ः६)।

**प्रस्थान २८ः३१-३५ः** अनि एपोदको अलखाचाहिँ जम्मै नीलो रङ्गको कपड़ाले बनिएको थियो। यो अलखाचाहिँ भित्र एपोदमनि लगाइन्थ्यो; यो अलखाचाहिँ

घुँड़ामनिसम्म पुग्ने लामो वस्त्र थियो, जसको किनारामा सुनका साना-साना घण्टीहरू र रातो धागोले बनाइएका दारिमहरू पालोसँग लगाइए। घण्टीको अर्थ साक्षी हो भने, दारिमको अर्थ फल हो। हारून पवित्रस्थान-भित्र-बाहिर आउ-जाउ गर्दा ती घण्टीहरूको आवाज सधैं सुनिनुपर्थ्यो।

**प्रस्थान २८:३६-३८:** अनि प्रधान पूजाहारीको एउटा पगरी थियो, जसमा एउटा सुनको पाता लगाइएको थियो, जुन सुनको पातामा 'परमप्रभुको निम्ति पवित्र' भनेर लेखिएको थियो। यो सुनको पाता सदैव तिनको निधारमा रहनुपर्थ्यो; किनकि तिनले पवित्र वस्तुहरूको सम्बन्धमा गरिएको अधर्मको खातिर यो लगाउनुपर्थ्यो। यस कुराले हामीलाई के याद दिलाउँछ भने, हाम्रा सबैभन्दा पवित्र कामहरूमा पनि पापको गन्ध छँदैछ। यस विषयमा आर्चबिशप विलियम बेवरिड्जले यसो भनेका छन्:

> 'प्रार्थना गर्दा म पाप नगरी बस्नै सक्दिनँ। अनि मैले आफ्नै पश्चात्तापको विषयमा फेरि पनि पछुतो गर्नुपर्छ; अनि मेरा आँसुहरूचाहिँ? यी आँसुहरू पनि मेरा मुक्तिदाता प्रभुको रगतले धोएर शुद्ध हुनु आवश्यक छ।' 26)

**प्रस्थान २८:३९-४३:** अब त्यो लबेदाको कुरा आयो: यस नीलो रङ्गको अलखामनि भित्रपट्टि प्रधान पूजाहारीले एउटा मिहिन सुती कपड़ाले बनेको, बेलबुट्टा काढ़िएको लबेदा लगाउनुपर्थ्यो, जुन लबेदाको निम्ति एउटा बुनेको पटुका पनि हुन्थ्यो।

अब हारूनका छोराहरूले पहिरनुपर्ने वस्त्रहरूको कुरा छ: तिनीहरूका लबेदाहरू एकदम सादा, र सेता थिए। तिनीहरूका लबेदाहरूका निम्ति पटुकाहरू हुन्थे। अनि महिमा र शोभाको निम्ति तिनीहरूका टोपीहरू हुन्थे (प्रस्थान २८:४०)। भित्र लाउने वस्त्रको रूपमा तिनीहरूका सुती कपड़ाका सुरुवालहरू हुन्थे। तिनीहरूको शिरदेखि कुर्कुच्चासम्म तिनीहरू लुगाले ढाकिन्थे। तिनीहरूका पाउहरू मात्र नाङ्गा थिए; किनकि तिनीहरू पवित्र भूमिमा उभिएर परमप्रभुको सेवा गर्थे (प्रस्थान ३:५)।

*'अनि तिमीले आफ्ना दाजु हारूनलाई र उसको साथमा उसका छोराहरूलाई यी वस्त्रहरू पहिराइदिनू: अनि उनीहरूले पूजाहारी-पदमा रहेर मेरो सेवा गरून् भनेर तिमीले उनीहरूलाई अभिषेक गर्नू, उनी-हरूलाई अर्पण गर्नू र उनीहरूलाई पवित्र पार्नू!'* (प्रस्थान २८:४१)। यहाँ 'अर्पण गर्नू' भनेर अनुवाद गरिएको शब्दको कुरा स्पष्ट पार्छौं: यस शब्दको अक्षरशः अर्थ 'आफ्नो हात भर्नु' हो; यहाँ, यस ठाउँमा यो शब्दको अर्थ 'हारूनका छोराहरूलाई अर्पण गर्दा तिनीहरूका हातहरू समर्पणका भेटीहरूले भर्नू' हो।

### आ) प्रस्थान २९: पूजाहारीहरूको समर्पण

**प्रस्थान २९:१-९:** परमेश्वरले हारून र तिनका छोराहरूलाई पहिला पूजाहारीहरूको रूपमा नियुक्त गर्नुभयो। त्यस समयदेखि उसो पूजाहारी बन्न सक्ने एकमात्र उपायचाहिँ यस पूजाहारीको कुल र परिवारमा जन्मनु थियो। अनि नयाँ नियमको समयमा कसो हो? ख्रीष्टको मण्डलीअन्तर्गत पूजाहारी बन्ने एकमात्र उपायचाहिँ नयाँ जन्म लिएर हो (प्रकाश १:५-६)। यस सम्बन्धमा मानिसको अभिमान र दुःसाहस कहाँसम्म पुगेको छ, सो विचार गर्नुहोस्! किनभने मानिसहरूले अरू मानिसहरूलाई पूजाहारी-सेवामा नियुक्त गर्छन्, अभिषेक गर्छन्!! यो कति असुहाउँदो र नमिल्ने कुरा हो!!

यहाँ वर्णन गरिएका विधिहरू लेवीको पुस्तकको आठ अध्यायमा आएर मात्र पूरा भए। अनि पूजाहारीहरूको समर्पण र एकजना कोरीको शुद्धीकरणका नियमहरू उस्तै-उस्तै

छन् (लेवी १४)। किनकि पूजाहारी होस्, वा कोरी होस्, दुवैजनाको दाहिने कानमा, दाहिने हातको बूढ़ी औंलामा र दाहिने खुट्टाको बूढ़ी औंलामा बलिदानको रगत लगाइन्थ्यो। यस कुराले 'एउटा पापी मानिस प्रायश्चित्तको रगतको आधारमा मात्र परमेश्वरको नजिक जान सक्छ' भन्ने अनिवार्य पाठ हामीलाई सिकाइदिन्छ।

समर्पणका भेटीका सामग्रीहरू के-के थिए, सो विस्तृत सूचि प्रस्थान २९:१-३ पदको खण्डमा प्रस्तुत गरिएको छ। यी सामग्रीहरूको प्रयोगको बारेमा पछि यस अध्यायमा निर्देशनहरू दिइन्छन्। अब हारून र तिनका छोराहरूको समर्पणको पहिलो कदम आयोः निवासस्थानको ढोकानेर तिनीहरूलाई पानीले नुहाइदिनु थियो (प्रस्थान २९:४)। दोस्रो कदमः मोशाले हारूनलाई तिनका ती पवित्र वस्त्रहरू पहिराइदिनुपर्‍यो, जसको विस्तृत वर्णन अघिल्लो अध्यायमा दिइएको थियो (प्रस्थान २९:५-६)। तेस्रो कदमः उनले तिनलाई अभिषेकको तेलले अभिषेक गर्नुपर्‍यो (प्रस्थान २९:७); अनि त्यसपछि उनले तिनका छोराहरूलाई पूजाहारी लबेदाहरू पहिराइदिनु थियो (प्रस्थान २९:८-९)।

**प्रस्थान २९:१०-२१ः** अब तीनवटा बलिदानहरूको कुरा आयोः पापबलिको निम्ति एउटा बहर (प्रस्थान २९:१०-१४); होमबलिको निम्ति एउटा भेड़ा (प्रस्थान २९:१५-१८); अनि समर्पणको निम्ति अर्को एउटा भेड़ा (प्रस्थान २९:१९-२१)।

बलिदानको पशुको टाउकोमाथि हातहरू राख्ने कुराको अर्थ यस प्रकारको छः यस हातरखाइद्वारा बलि चढ़ाउने व्यक्तिले 'त्यस बलिसँग म पूरा एक भएको छु र त्यो पशु मेरो स्थानमा मर्छ' भन्ने सङ्केत दिन्छ (प्रस्थान २९:१०)। अनि निस्सन्देह त्यस बलिको रगतले ख्रीष्टको बहुमूल्य रगत चित्रण गर्छ, जुन बहुमूल्य रगत हाम्रा पापहरूको क्षमाको निम्ति बहाइएको थियो। अनि बोसोचाहिँ? त्यो बोसो पशुको सबैभन्दा असल भाग मानिएको कारणले त्यो बोसो परमप्रभुको निम्ति चढ़ाइन्थ्यो (प्रस्थान २९:१३)।

त्यो पहिलो भेड़ा सम्पूर्ण रूपले वेदीमाथि जलाउनु थियो (प्रस्थान २९:१५-१८)। यस होमबलिको आत्मिक अर्थ यस प्रकारको छः परमेश्वरप्रति ख्रीष्ट येशूको समर्पण पूर्ण थियो; उहाँको जीवन सम्पूर्ण रूपले परमेश्वरलाई अर्पण गरिएको थियो। अनि दोस्रो भेड़ा, त्यस समर्पण भेड़ाको रगत हारूनको दाहिने कानको लोतीमा र तिनका छोराहरूका दाहिने कानको लोतीमा, साथै तिनीहरूका दाहिने हातका र दाहिने खुट्टाका बूढ़ी औंलाहरूमा लगाउनुको साथै तिनीहरूका वस्त्रहरूमाथि छर्कनुपर्थ्यो (प्रस्थान २९:२०-२१)। यसर्थ हाम्रो जीवनको हरेक क्षेत्र पापबाट शुद्ध हुनु आवश्यक पर्छ। परमेश्वरको वचन सुन्न र त्यसप्रति आज्ञाकारिता देखाउनको निम्ति हाम्रा कानहरू शुद्ध हुनुपर्छ; कुनै ग्रहणयोग्य काम वा समुचित सेवाको निम्ति हाम्रा हातहरू शुद्ध हुनु खाँचो छ। योग्य चाल चल्न अथवा धार्मिक चाल देखाउन सक्नको निम्ति हाम्रा खुट्टाहरू शुद्ध हुनुपर्छ। कसैको हेराइमा पूजाहारीहरूका सुन्दर-सुन्दर वस्त्रहरूमाथि रगत छर्कनु अनौठो देखिन्छ होला; किनकि मानिसहरूको आँखामा प्रायश्चित्तको रगतमा आकर्षण के पो छ त? तर प्रायश्चित्तको रगत परमेश्वरको दृष्टिमा नभई नहुने अनिवार्य कुरा हो।

**प्रस्थान २९:२२-३४ः** त्यसपछि मोशाले पूजाहारीहरूका हातहरू यस समर्पणको बलिदानसित चढ़ाउनुपर्ने डोलाउने भेटीहरूले भरिदिने आदेश पाए। यसैबाट उनले तिनीहरूलाई बलि चढ़ाउन सुयोग्य पूजाहारीको अधिकार दिएको बुझिन्छ (प्रस्थान २९:२२-२८)।

**प्रस्थान २९:२२-२५:** पहिलो भेटी परमप्रभुको सामु डोलाउनुपरेको थियो, त्यसपछि होमबलिको रूपमा जलाउनुपरेको थियो ।

**प्रस्थान २९:२६-२८:** त्यसपछि तिनीहरूले परमप्रभुको सामु यस भेड़ाको छातीचाहिँ, हुन सक्छ, यता-उता तेर्सो हुने गरी र यसको फिलाचाहिँ माथि-तल हुने गरी डोलाउनुपर्‍यो । यी दुई भागहरू भोजनको निम्ति पूजाहारीहरूको हिस्सा थिए। आउनुहोस्, हामी यस डोलाउने छातीको परिभाषा गरौँः यसले त हामीप्रति परमेश्वरको कोमल स्नेह भएको कुरा देखाउँछ। अनि यस भेड़ाको फिलारूपी डोलाउने भेटीले हाम्रो पक्षमा काम गर्ने परमेश्वरको शक्ति सङ्केत गर्छ ।

**प्रस्थान २९:२९-३०:** हारूनका ती पवित्र वस्त्रहरू तिनको पछि तिनका छोराहरूको सम्पत्ति भए; किनकि पूजाहारी-सेवाचाहिँ बुबादेखि सरेर तिनको छोरालाई सुम्पिन्थ्यो ।

अनि **प्रस्थान २९:३१-३४** पदको खण्डमा पूजाहारीहरूले बलिको मासु कहाँ र कसरी खानुपर्थ्यो, सो कुरा बयान गरिएको छ ।

**प्रस्थान २९:३५-४६:** तिनीहरूको समर्पणको कार्यक्रम सात दिनसम्म चल्यो । यस पवित्र कार्यमा दिनदिनै फरि र फेरि बलिदानहरू चढ़ाइन्थे र होमबलिको वेदी बलिको रगतले शुद्ध गरिन्थ्यो र तेलले अभिषेक गरिन्थ्यो (प्रस्थान २९:३५-३७) । त्यस दिनदेखि उसो पूजाहारीहरूले दुईवटा एक वर्षे भेड़ाका पाठाहरू होमबलिको वेदीमाथि दिनहुँ बलि चढ़ाउनुपर्थ्योः एउटा पाठो बिहान र अर्को पाठो साँझमा, घाम अस्ताउने बेलामा, चढ़ाउनुपर्थ्यो (प्रस्थान २९:३८-४२) । अनि यस ठाउँमा आएर *'त्यहीं म तिमीसँग कुरा गर्न तिमीहरूलाई भेट्नेछु'* अनि *'म इस्राएलीहरूको बीचमा वास गर्नेछु र म तिनीहरूको परमेश्वर हुनेछु'* भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभयो (प्रस्थान २९:४३-४६) ।

### ग) प्रस्थान ३०-३१: पवित्र निवासस्थानको विषयमा अरू निर्देशनहरू

#### अ) प्रस्थान ३०:१-१०: धूप-वेदी

धूपको वेदीचाहिँ बबुल काठको थियो र निखुर सुनले मोहोरिएको थियो । यो धूप-वेदी पवित्रस्थानमा राखिन्थ्यो। यो वर्गाकारको थियो; यसको हरेक पाटाको लमाइ अठार इन्च थियो भने, यसको उचाइ तीन फिट थियो । यस धूप-वेदीलाई सुनको वेदी पनि भनिएको छ। यस वेदीमा हरेक बिहान र हरेक बेलुका पनि धूप जलाइन्थ्यो। यस कुराले ख्रीष्ट येशूले हाम्रो पक्षमा निरन्तर अन्तर्विन्ती गर्नुभएको उहाँको यो सेवकाइ चित्रण गर्छ। यो वेदी पवित्रस्थानमा हुन्थ्यो; तर महापवित्रस्थानसित यसको घनिष्ठ सम्बन्ध रहेको कारणले हिब्रूको पुस्तकको लेखकले यो धूप-वेदी दोस्रो पर्दाको पछिल्तिर भएको, महापवित्रस्थानमा राखिएको लेखेछन् (हिब्रू ९:४) । तर सुनको धूप-वेदी अनुवाद गरिएको शब्दचाहिँ सुनको धूपौरो पनि अनवाद गर्न सकिन्छ।[27)] यो वेदी यसको बिटदेखि अलिक तल दुईतिर लगाइएका मुन्द्राहरूबाट छिराएका डन्डीहरूको सहायताले बोकिन्थ्यो ।

#### आ) प्रस्थान ३०:११-१६: छुटकाराको मोलरूपी प्रायश्चित्तको भेटी

परमेश्वरले इस्राएलीहरूको बीचमा बीस वर्ष पुगेको र त्यसभन्दा माथिको हरेक पुरुषलाई आ-आफ्नो छुटकाराको मोलस्वरूप आधा शेकेल तिर्ने आज्ञा गर्नुभयो । यो तिरो धनी र गरिब दुवैको निम्ति एउटै दाम थियो; अनि हरेक जनगणनाको समयमा यो छुटकाराको मोल उठाइन्थ्यो । यो उठाइएको

रकम पवित्रस्थानको सेवामा खर्च गरिन्थ्यो। यस छुटकाराको मोलले इस्राएलीहरूलाई महामारीबाट सुरक्षित राख्यो (प्रस्थान ३०:१२)। जब यो छुटकाराको दाम पहिलो चोटि उठाइयो, तब यो पैसा निवासस्थानका फल्याकहरूमनि बस्ने चाँदीका चूलघरहरू बनाउने काममा प्रयोग गरियो। यस छुटकाराको दामको चाँदीले दाम तिरेर छुटाउने कुरा गर्छ। अनि यो दाम तिरेर प्राप्त गरेको छुटकारा हाम्रो विश्वासको जग हो। यो छुटकारा सबैलाई चाहिएको छ; यसको दाम सबैको निम्ति एकै हो; अनि यो छुटकारा सबैको निम्ति उपलब्ध छ।

**इ) प्रस्थान ३०:१७-२१: हातखुट्टा धुने बाटा**

यो पित्तले बाटाचाहिँ भेट हुने पालको प्रवेशद्वार र होमबलिको वेदीको बीचमा रहन्थ्यो। यस बाटामा पूजाहारीहरूले आफ्ना हातखुट्टा धुने गर्थे। यो बाटा स्त्रीहरूका ऐनाहरूबाट बन्यो, जुन ऐनाहरू तिनीहरूले यसको निम्ति अर्पण गरे (प्रस्थान ३०:३८)। यहाँ यस बाटाको कुनै नाप दिइएन। पूजाहारीले हातखुट्टा नधोईकन कुनै पवित्र कार्य शुरु गर्न पाउँदैनथिए; नत्र तिनको मृत्यु हुनेथियो। यस बाटाले हामी सबैजनाको निम्ति यो गम्भिर स्मरण दिलाउँछ, कि परमेश्वरको कुनै सेवामा संलग्न हुन चाहने हरेक भाइबहिनी आत्मिक र नैतिक हिसाबले शुद्ध हुनुपर्छ (हिब्रू १०:२२)।

**ई) प्रस्थान ३०:२२-३३: अभिषेकको तेल**

यो पवित्र अभिषेकको तेल लिएर निवासस्थान र त्यसका सरसामानहरू, साथै पूजाहारीहरूलाई अभिषेक गरियो। यो कुरा छोड़ेर यो अरू कुनै पनि काममा आउनुहुँदैनथियो; यस दुरुपयोगको सशक्त मनाही थियो। पवित्र धर्मशास्त्र बाइबलमा तेलचाहिँ धेरजसो पवित्र आत्माको प्रतीक हो। पूजाहारीहरूको अभिषेकको कार्यले हामीलाई के देखाउँछ भने, परमेश्वरका सबै सेवाहरूमा हामी पवित्र आत्माको आवश्यकता पर्छ।

**उ) प्रस्थान ३०:३४-३८: धूप**

यो धूपचाहिँ विभिन्न सुगन्धित द्रव्यहरू मिसाएर बनाइएको हो; अनि यो धूप पूजाहारीले हरेक बिहान र हरेक बेलुका सुनको धूप-वेदीमाथि जलाउनुपर्थ्यो। अभिषेकको तेल जस्तै यसको नकल गर्न पाइँदैनथियो, र अरू कुनै काममा यसको प्रयोग सशक्त मनाही गरिएको थियो।

**ऊ) प्रस्थान ३१:१-११: वरदान पाएका कारिगरहरू**

परमेश्वरले निम्न वरदान प्राप्त भएका शिल्पकारहरूलाई नियुक्त गर्नुभयोः बसलेल[28)] र ओहोलीआब। अनि यी दुईजनाले निवासस्थान र यसका सबै सामग्रीहरू बनाउने जिम्मा पाए। तिनीहरूले अरू काम गर्नेहरूलाई अगुवाइ गर्दै, यस पवित्र कार्य देखरेख गरे (प्रस्थान ३१:६[ख])। यस अनुच्छेदमा घरिघरि 'म' भन्ने शब्द दोहोरिएको छ। यसर्थ कुनै ईश्वरीय आज्ञाको साथसाथै त्यो आज्ञा पूरा गर्न ईश्वरीय शक्ति पनि आउँदो रहेछ। परमप्रभुले आफ्ना सेवक-हरूलाई नियुक्त गर्नुहुन्छ, तिनीहरूलाई क्षमता र वरदान प्रदान गर्नुहुन्छ, अनि तिनीहरूलाई उहाँको महिमाको निम्ति कुनै न कुनै काम गर्न दिनुहुन्छ (प्रस्थान ३१:६)। यो अह्राइएको काम पूरा रूपले परमेश्वरकै हो, तर उहाँले आफ्नो उद्देश्य मानवीय साधनद्वारा पूरा गर्नुहुन्छ; त्यसपछि उहाँले त्यो काम पूरा गर्ने आफ्ना सेवकहरूलाई इनाम दिनुहुन्छ।

**ओ) प्रस्थान ३१ः१२-१८ः विश्राम-दिनरूपी चिन्ह**

**प्रस्थान ३१ः१२-१७ः** विश्राम-दिन मान्ने कुरा परमेश्वर र इस्राएली जातिको बीचमा एउटा चिन्ह ठहरिएको थियो। सातौं दिनमा तिनीहरूले कुनै पनि कामकाज गर्नुहुँदैनथियो, अँ, एउटा पाल टाँग्नुसमेत मनाही गरिएको थियो। यो आज्ञा उल्लङ्घन गर्नेको मृत्युदण्ड सुनिश्चित थियो।

**प्रस्थान ३१ः१८ः** यस बेलामा परमप्रभुले मोशालाई दुईवटा ढुङ्गाका पाटीहरू दिनुभयो। ती ढुङ्गाका पाटीहरूमा परमेश्वरको व्यवस्था अर्थात् दस आज्ञाहरू लेखिएका थिए (व्यवस्था १०ः४)।

**निवासस्थानः ख्रीष्ट येशूको चित्रण गर्ने परमेश्वरको नमुना**

निवासस्थानले बुनियादी रूपमा ख्रीष्ट येशूलाई दर्साउँछ। ख्रीष्ट येशूमा 'वचन' देहधारी भयो र हाम्रो बीचमा वास गर्‍यो (यूहन्ना १ः१४)।[29]

यो निवासस्थान परमेश्वरले तयार गर्नुभएको मुक्तिको मार्ग बताउन प्रयोग गर्न सकिन्छ। यसो भए पनि यो स्पष्ट छ, कि जुन मानिसहरूलाई यो निवासस्थान दिइयो, ती मानिसहरूको सम्बन्ध परमेश्वरसित भइसकेको थियो। यसकारण मुक्तिको मार्ग देखाउनुभन्दा यसको उद्देश्य यस प्रकारको थियोः यस निवासस्थान र यसको सेवकाइबाट परमेश्वरले आफ्ना जनहरूलाई बाहिरी, विधिवत् अशुद्धताबाट कसरी शुद्ध हुन सकिन्छ र उहाँको नजिक गएर कसरी उहाँको आराधना गर्न सकिन्छ, सो देखाउन खोजेको हो।

निवासस्थान र यससँग सम्बन्धित सेवाहरू स्वर्गमा भएका थोकहरूको प्रतिरूप हुन् (हिब्रू ८ः५ र ९ः२३-२४)। यसको अर्थ यो होइन कि मोशाले निर्माण गरेको यो निवासस्थान र स्वर्गमा भएको निवासस्थानको बीचमा तिनीहरूका आकार र बनावटमा केही समानता हुनुपर्छ; होइन। तर यस निवासस्थानले स्वर्गमा भएका आत्मिक यथार्थ कुराहरू चित्रण गर्छ। यस निवासस्थान र स्वर्गमा भएको निवासस्थानको बीचमा निम्न मिल्दा कुराहरू विचार गर्नुहोस्, जस्तैः

**क)** हिब्रू ९ः१-५ः एक सांसारिक पवित्रस्थान
हिब्रू ८ः२ र ९ः११-१५ः एक स्वर्गीय पवित्रस्थान

**ख)** हिब्रू ९ः३ख ः एक महापवित्रस्थान
हिब्रू १०ः१९ः महापवित्रस्थानमा परमेश्वरको उपस्थिति

**ग)** हिब्रू ९ः३क ः बीचको छेक्ने पर्दा
हिब्रू १०ः२०ः त्यो पर्दा ख्रीष्ट येशूको शरीर हो

**घ)** हिब्रू ९ः१२-१३ः बलिपशुहरूको रगत
हिब्रू ९ः१४ः ख्रीष्टको रगत

**ङ)** हिब्रू ७ः१३ः प्रस्थान २७ः१-८ः एउटा वेदी
हिब्रू १३ः१०ः ख्रीष्ट हाम्रो वेदी हुनुहुन्छ

**च)** हिब्रू ५ः१-४ः प्रधान पूजाहारी
हिब्रू ४ः१४-१५; ५ः५-१०; ७ः२० -२८; १०ः२०ः ख्रीष्ट हाम्रा महापूजाहारी

**छ)** हिब्रू १०:१-४ र १०:११: बलि-पशुहरू
हिब्रू ९:२३-२८; १०:१२: ख्रीष्ट हाम्रो बलिदान हुनुहुन्छ

**ज)** हिब्रू ९:४: करारको सन्दुक
हिब्रू ४:१६: ख्रीष्ट येशू अनुग्रहको सिंहासनमाथि विराजमान हुनुहुन्छ

**झ)** हिब्रू ९:४: धूप-वेदी
प्रकाश ८:३; ९:३: स्वर्गमा धूपको वेदी छ

**सुती कपड़ाका पर्दाहरूले बनेको आँगन**

(यसको लमाइ एक सय पचास फिट र यसको चौड़ाइ पचहत्तर फिट थियो)

यस आँगनका पर्दाहरू बाटेको मिहिन मलमलको सेतो धागोले बनेका थिए। यो सेतो मिहिन मलमलले परमेश्वरको सिद्ध धार्मिकता सङ्केत गर्छ। ती पर्दाहरूको उचाइ सात फिट आधा थियो; यसैले ती पर्दाहरू छेक्ने बारको काम गर्थे; मानिसहरूले यस आँगनमा के-के भइरहेको थियो, सो देख्न सक्दैनथिए, तर तिनीहरूको दृष्टिदेखि छेलिएको थियो। हुन पनि होः मानिसले परमेश्वरको धार्मिकताको स्तरमा आइपुग्न सक्दै-सक्दैन (रोमी ३:२३); अनि पापी मानिसले परमेश्वरका कुराहरू न देख्न, न बुझ्न सक्दो रहेछ (१ कोरिन्थी २:१४)। ती पर्दाहरू पित्तलका चूलघरमाथि बसालिएका छपन्नवटा खाँबाहरूमा चाँदीका अङकुसे र डन्डीहरूको सहायताले टाँगिन्थे।

**आँगनको मूलढोका**

यस निवासस्थानको आँगनमा प्रवेश गर्न मानिस मूलढोकाबाट भित्र पस्नुपर्थ्यो। यस निवासस्थानमा पस्न एउटा मूलढोका मात्र थियो, जसरी परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना १४:६; प्रेरित ४:१२)। त्यस मूलढोकाको चौड़ाइ तीस फिट थियो; यसले सारा मानिस जातिको निम्ति ख्रीष्ट येशू हर हिसाबले पर्याप्त र यथेष्ट हुनुहुन्छ भन्ने कुरा चित्रण गर्छ (यूहन्ना ६:३७; हिब्रू ७:२५)।

त्यस मूलढोकारूपी पर्दा सेतो मिहिन सुती कपड़ाको थियो भने, यसमा नीलो, बैजनी र सिन्दूरे रङ्गका बेलबुट्टाहरू भरिएका थिए। यी चारवटा रङ्गहरूले ख्रीष्ट येशू चारवटा सुसमाचारहरूमा कसरी प्रस्तुत हुनुभएको छ, सो चित्रण गर्छ, जस्तैः

*बैजनी रङ्गः* बैजनी रङ्गले मत्तीको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू इस्राएली जातिको राजा हुनुहुन्थ्यो (मत्ती २:२)।

*सिन्दूरे रङ्गः* सिन्दूरे रङ्गले मर्कूसको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू ती विनम्र सेवक हुनुहुन्थ्यो, जसले हाम्रा पापहरूका निम्ति दुःखकष्ट भोग्नुभयो। अनि यशैया १:१८ पदअनुसार हाम्रा पापहरू सिन्दूरे रङ्गका हुँदा रहेछन्।

*सेतो रङ्गः* सेतो रङ्गले लूकाको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू सिद्ध मानिस हुनुहुन्थ्यो (लूका ३:२२)।

*नीलो रङ्गः* नीलो रङ्गले यूहन्नाको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू परमेश्‍वरको एकमात्र पुत्र हुनुहुन्छ (यूहन्ना १:१४; ३:१३)।

**होमबलिको पित्तले वेदी**

(यसको नापः यसका चारै पाटाहरू साढ़े सात फिट थिए भने, यसको उचाइँ साढ़े चार फिट थियो।)

यस निवासस्थानको आँगनमा पसेपछि पहिलो वस्तु यो होमबलिको वेदी थियो। यस वेदीमाथि बलिहरू चढ़ाइन्थे। यसले ख्रीष्ट येशूको सिद्ध पाप-बलिको कुरा गर्छ, जुन बलिदान उहाँले गलगथाको क्रूसमा दिनुभयो (हिब्रू ९:१४ र २२)। अनि यहीं ठाउँबाट पापी मानिस परमेश्‍वरको नजिक जाने आत्मिक यात्रा शुरु गर्नुपर्छ। यो वेदी बबुल काठको थियो, जुन काठ पित्तलले मोहोरिएको थियो। बबुल-काठ एकदम दह्रो काठ हुन्थ्यो; किनभने बबुलका रूखहरू उजाड़स्थानमा बढ्थे। पित्तलले न्यायको कुरा बताउँछ भने, बबुल-काठले चाहिँ ख्रीष्ट येशूको पापरहित अमर मानवता देखाउँछ। *'परमेश्‍वरले पापै नजान्नुहुनेलाई हाम्रा निम्ति पाप तुल्याउनुभयो'* (२ कोरिन्थी ५:२१); यसर्थ प्रभु येशूले हाम्रा पापहरूको खातिर परमेश्‍वरको न्याय सहनुपरेको थियो।

यो होमबलिको वेदी भित्रपट्टि खाली थियो; अनि यसको आधा भागमा एउटा जालीदार चाल्नी हुन्थ्यो, जसमाथि बलिको पशु राखिन्थ्यो। यसका चारै कुनाहरूमा पित्तलले मोहोरिएका चारवटा सीङहरू थिए (प्रस्थान २७:२)। अनि भजन ११८:२७[ख] पदबाट बुझेअनुसार यी सीङहरूमा बलिको पशु बाँधिन्थ्यो। हाम्रा मुक्तिदाता प्रभुलाई कुनै डोरी वा काँटीले होइन, तर हामीप्रति भएको उहाँको अनन्त प्रेमले उहाँलाई कलवरी क्रूसमा बाँध्यो।

जब कुनै इस्राएली मानिसले एउटा होमबलिको पशु परमप्रभुको सामु ल्याउँथ्यो, तब उसले त्यस बलिको पशुको टाउकोमाथि आफ्नो हात राखेर आफैलाई त्यस बलिपशुसित एक तुल्याउँथ्यो। यसरी उसले यो स्वीकार गर्थ्योः 'यो पशु मेरो सट्टामा मर्दैछ।' यो बलिदानचाहिँ अर्कोको ठाउँ लिने स्थानापन्ना बलिदान हुन्थ्यो। त्यस बलिको पशुलाई काटेर त्यसको रगत वेदीको फेदीमा पोखिन्थ्यो; किनभने ख्रीष्ट येशूको रगत पनि यसरी नै बहाइयो; उहाँको रगतविना हाम्रा पापहरूको क्षमा हुँदै-हुँदैन (हिब्रू ९:२२)।

बलि-पशुको छालाबाहेक त्यसका अन्य सबै भागहरू यस वेदीमाथि जलाइन्थे। यस होमबलिले ख्रीष्ट येशूको सिद्ध बलिदान केही हदसम्म मात्र चित्रण गर्न सक्दो रहेछ। उहाँको सही चित्र दिन सक्ने अरू के हुन सक्थ्यो र? किनभने क्रूसमा पिताको इच्छाप्रति ख्रीष्ट येशूको समर्पण सम्पूर्ण थियो।

यो होमबलि मीठो सुवासना दिने बलिदान थियो। ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको त्राणको कामबाट परमेश्‍वर पिताले पूरा सन्तुष्टि लिनुभयो। यस होमबलिले हामीलाई यसको याद दिलाउँछ। अनि यस बलिदानले बलि चढ़ाउने मानिसको निम्ति प्रायश्‍चित्त गर्‍यो; अब परमेश्‍वर र उसको बीचमा मेलमिलाप भएको छ।

**हातखुट्टा धुने बाटा**

यो बाटा स्त्रीहरूले अर्पण गरेका ऐनाहरूबाट बनिएको थियो (प्रस्थान ३८:८)। यस विषयमा श्री जे. एच. ब्राउनले यसो भनेका छन्ः

> 'ती स्त्रीहरूले आफ्नै सन्तुष्टिको निम्ति प्रयोग गरिएका यी चीजहरू समर्पण गरे; किनकि यी ऐनाहरूबाट तिनीहरूको शारीरिक लालसाले केही हदसम्म तृप्ति पाउँथ्यो।'

यसबाट हामी यो सिकौंः आराधना चढ़ाउनुभन्दा अघि हामी आफूले आफैलाई जाँच्नुपर्छ (१ कोरिन्थी ११ः३१)।

हातखुट्टा धुने बाटा पूजाहारीहरूको निम्ति थियो। परमेश्वरको सेवा गर्नुभन्दा अघि हामीले आफूलाई शुद्ध गर्नुपर्छ भन्ने सङ्केत हामी यहाँबाट पाउँछौं (यशैया ५२ः११)। पूजाहारीहरूले सेवामा प्रवेश गर्नुभन्दा अघि एकैचोटि नुहाउँथे (लेवी ८ः६)। त्यसपछि तिनीहरूले आफ्ना हातखुट्टाहरू नियमित रूपले धोइधाइ गर्नुपर्थ्यो। यसर्थ बुझ्नुहोस्ः आत्मिक हिसाबले हामी एकपल्ट नुहाउनुपर्छ, त्यसपछि धेरैपल्ट धोइपखाल्नु छ। वर्तमान समयमा सबै ख्रीष्ट-विश्वासीहरू पूजाहारी हुन् (१ पत्रुस २ः५ र ९)। हामीलाई एकैपल्ट नयाँ जन्मको स्नान आवश्यक परेको थियो (यूहन्ना ३ः५ र १३ः१०; तीतस ३ः५); तर अब परमेश्वरको सेवाको निम्ति हामीलाई हाम्रा हातहरू घरिघरि धुनु छ र एउटा भक्तिले पूर्ण जीवनको चालमा हिँड्नको निम्ति हाम्रा खुट्टाहरू धोइरहनु आवश्यक छ (यूहन्ना १३ः१०)। हामी परमेश्वरको वचनरूपी पानीले हाम्रा हातखुट्टाहरू धुने-पखाल्ने काम गर्छौं (भजन ११९ः९-११; यूहन्ना १५ः३; एफेसी ५ः२६)।

पवित्र बाइबलले यस बाटाको आकार-प्रकारको वर्णन गरेको छैन। यसकारण हुन सक्छः माथि र तल हुने गरी दुईवटा भाँड़ाहरू थिए कि? एउटा माथिल्लोचाहिँ हातहरू धुन र अर्को तल्लोचाहिँ खुट्टाहरू धुनको निम्ति – कसले जान्दछ?

**निवासस्थान**

(यसको लमाइ पैंतालीस फिट थियो भने, यसको चौड़ाइ पन्ध्र फिट थियो)

यस निवासस्थानको बनावट कस्तो थियो? बाहिरदेखि हेर्दाखेरि यसको बनावट साधारण देखिन्थ्यो, तर यसको भित्रिय भाग एकदम सुन्दर थियो। यस निवासस्थानभित्र भएको हरेक वस्तु कि त सुनले मोहोरिएको थियो, कि त बेलबुट्टाले भरिएको थियो। यस निवासस्थानले ख्रीष्ट येशूलाई चित्रण गर्छ; किनभने उहाँले हाम्रो बीचमा वास गर्नुभयो (यूहन्ना १ः१४); उहाँमा बाहिरबाट देखिने कुनै सुन्दरता थिएन (यशैया ५३ः२[ख]), तर भित्रपट्टिचाहिँ उहाँ सर्वाङ्ग सुन्दर, अँ, परम सुन्दर हुनुहुन्थ्यो।

यस निवासस्थानलाई ढाक्ने चारवटा छतरूपी पर्दाहरू हुन्थे, जुन पर्दाहरूको परिभाषा हामी भित्रदेखि शुरु गरेर बाहिरसम्म दिन लागेका छौं, जस्तैः

**क)** बाटेको मिहिन मलमलले बनेको बुट्टेदार पर्दाः यसले ख्रीष्ट येशूको धार्मिकता र सुन्दरता देखाउँछ।

**ख)** बाख्राको भुत्लाले बनेको पर्दाः यसले ख्रीष्ट येशूको प्रायश्चित्तको काम सङ्केत गर्छ; उहाँ हाम्रो पाप उठाइलैजाने बोका हुनुभयो (लेवी १६)।

**ग)** सिन्दूरे रङ्गले रङ्गिएको भेड़ाका छालाले बनेको पर्दाः यसले ख्रीष्ट येशूको समर्पण दर्साउँछ (प्रस्थान २९ः१९-२२); उहाँ त्यो समर्पणको भेड़ा हुनुहुन्छ।

**घ)** सिलको छालाले बनेको ओढ़ारूपी पर्दाः यसमा अनुवादको कुरा आयोः सिलको छालाचाहिँ शिशुमार, सोंस, डल्फिन वा समुद्री गाईको छाला पनि अनुवाद गरिएको छ। यी छालाहरूले बनेको यस ओढ़ाले निवासस्थानलाई घामपानीको नराम्रा प्रभावहरू बचाउँथ्यो भने, ख्रीष्ट येशूले चाहिँ आफ्ना विश्वासी जनहरूलाई सबै दुष्ट कुराहरूदेखि जोगाउनुहुन्छ। यस अन्तिम पर्दाको आत्मिक चित्र यो हो।

**फल्याकहरू**

कसै-कसैको विचारमा, यस निवासस्थानका फल्याकहरूचाहिँ काठैकाठ थिएनन्, तर जालीदार फ्रेमहरू थिए अरे। जेजस्तो भए पनि ती फल्याकहरूले ख्रीष्ट-विश्वासीहरूलाई चित्रण गर्छन्; किनभने तिनीहरू आत्माद्वारा एकसाथ बनिँदै गएर परमेश्वरको वासस्थान बन्छन् (एफेसी २ः२२)। फल्याकहरू बबुल-काठका थिए, र सुनले मोहोरिएका थिए। काठले हाम्रो मानवता, र सुनले ख्रीष्टमा हाम्रो ठहर बुझाउँछ। परमेश्वरले हामीलाई ख्रीष्ट येशूमा भएको देख्नुहुन्छ। ती फल्याकहरूको लमाइ पन्ध्र फिट थियो, र पाँचवटा सुनले मोहोरिएका साटाहरूको जोड़िन्थे (प्रस्थान २६ः२६-२८)। बीचमा लाग्ने साटाचाहिँ एक छेउदेखि अर्को छेउसम्म वारपार छिरिजान्थ्यो। यस साटाले पवित्र आत्मालाई चित्रण गरेको हुन सक्छ। प्रत्येक फल्याकका दुईवटा चूलहरू थिए, जुन चूलहरू निवासस्थान खड़ा गर्दा दुईवटा चाँदीका चूलघरहरूमा गाँसिन्थ्यो। चाँदीले छुटकाराको दामको कुरा गर्छ (प्रस्थान ३०ः१५); प्रस्थानको यस पदमा चाँदीको आधा शेकेल छुटकाराको मोल थियो। यसर्थ ख्रीष्ट-विश्वासीहरूको आत्मिक जगचाहिँ ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको काममा पो अड़िएको छ (१ पत्रुस १ः१८-१९)।

**निवासस्थानको पवित्रस्थान**

*‘अनि तिमीले त्यस पालको ढोकाको निम्ति नीलो, वैजनी, रातो र बाटेको मिहिन मलमलको बेलबुट्टा हानिएको एउटा पर्दा बनाउनू!’* (प्रस्थान २६ः३६)। यसो हो भने, पवित्रस्थानभित्र पस्ने ढोका एउटा सुन्दर पर्दा हुन्थ्यो। यस पर्दाले ख्रीष्ट येशूलाई सङ्केत गर्छ; किनभने ख्रीष्ट येशूद्वारा हामीले परमेश्वरको उपस्थितिमा पुग्ने एकमात्र प्रवेश पाएका छौं (एफेसी २ः१८ र ३ः१२)। यस पवित्रस्थानमा कुनै चौकी वा कुर्सि थिएन; किनकि पूजाहारीहरूको काम कहिल्यै सिद्धिँदैनथियो। तर यसको तुलनामा हिब्रू १०ः१२ पदमा बयान गरिएको, ख्रीष्ट येशूले एकैपल्टमा सदाको निम्ति पूरा गर्नुभएको काम विचार गर्नुहोस्ः किनभने एउटै बलिदान चढ़ाएर उहाँ सदाको निम्ति परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो। यो कति फरक छ!

**भेटीका रोटीहरूको टेबल**

(यस टेबलको नाप यस प्रकारको थियोः यसको लमाइ छतीस इन्च, यसको चौड़ाइ अठार इन्च र यसको उचाइ सत्ताइस इन्च थियो। यसको निर्धारित स्थान पवित्रस्थानको उत्तरपट्टि थियो)

यो टेबल बबुल-काठले बनेको थियो, जसको काठ सुनले मोहोरिएको थियो। यस टेबलले हाम्रा प्रभु येशूको मानवता र परमेश्वरत्व चित्रण गर्छ। यस टेबलमाथि बाह्रवटा अखमिरी रोटीहरू राखिन्थे, जुन अखमिरी रोटीहरूले परमेश्वरका जनहरूलाई त्यस सम्बन्धमा देखाउँछन्,

जुन सम्बन्धमा तिनीहरू ख्रीष्ट येशूसित बसेका छन्। किनकि परमेश्‍वरले अब तिनीहरूलाई ख्रीष्टमा अखमिरी रोटीहरूको रूपमा देख्नुहुन्छ। ती भेटीका रोटीहरूको वरिपरि टेबलका दुईवटा मुकुटरूपी सुनका बिटहरू थिए भने, महिमित ख्रीष्ट येशूको सुरक्षाको घेराभित्र हामी सुरक्षित रहन्छौं।

### सामदान

(यस सामदानको निम्ति कुनै खास नाप दिइएको छैन; यसको ओजन सैंतीस किलो र आधा थियो। अनि यसको निर्धारित स्थान पवित्रस्थानको दक्षिणपट्टि थियो)

यो सामदान निखुर सुनको थियो, पिटेर बनाइएको थियो; यसको जग, र यसको डाँठ थियो। यस डाँठबाट सातवटा हाँगाहरू निस्के, र हरेक हाँगाको टुप्पामा एउटा तेलको दियो थियो। यो सामदान निवासस्थानमा उज्यालो दिने एकमात्र स्रोत थियो। यसले ख्रीष्ट येशूको महिमा गर्नुहुने पवित्र आत्माको सेवकाइ चित्रण गरेको हुन सक्छ (यूहन्ना १६:१४), अथवा ख्रीष्ट येशू स्वर्गको एकमात्र ज्योति हुनुहुन्छ भन्‍ने कुरा देखाउन खोजेको हुन सक्छ (प्रकाश २१:२३); अनि पक्का पनि यसले प्रभु येशूचाहिँ सबै आत्मिक ज्योति र प्रकाशको स्रोत हुनुहुन्छ भन्‍ने कुरा दर्साउँछ (यूहन्ना ८:१२)। यहाँ निखुर सुनले ख्रीष्टको ईश्‍वरीय गुणको अर्थ लिन्छ।

यस सामदानका दियाहरू बोलुकादेखि बिहानसम्म बलिरहन्थे (प्रस्थान २७:२१; १ शमुएल ३:३)।

### धूपको वेदी

(यो वेदी वर्गाकारको थियो, यसको हरेक पाटाको लमाइ अठार इन्च थियो, र यसको उचाइ छतीस इन्च थियो; यस वेदीको निर्धारित स्थान बीचको पर्दाको सामुन्‍ने र त्यसको ठीक बीचमा थियो।)

यो वेदी बबुल काठले बनेको थियो, जुन काठ निखुर सुनले मोहोरिएको थियो। यस कुराले ख्रीष्ट येशूको मानवता र परमेश्‍वरत्व सङ्केत गर्छ। यस धूपको वेदीले महिमित ख्रीष्ट येशूलाई दर्साउँछ, जसले स्वर्गमा आफ्ना जनहरूको निम्ति अन्तर्विन्ती गर्नुहुन्छ (हिब्रू ७:२४-२६; प्रकाश ८:३-४)। अनि धूपचाहिँ? यस धूपले उहाँको व्यक्तित्वको सुगन्ध र उहाँको त्राणको कामबाट आउने मीठो सुवासनाको विषयमा चर्चा गर्छ। धूप बाल्ने आगो होमबलिको वेदीबाट लिइन्थ्यो; यसर्थ ख्रीष्ट येशूले आफूलाई निष्कलङ्क बलिदानको रूपमा परमेश्‍वरकहाँ अर्पण गर्नुभएको स्थानबाट यो सुवास्ना निस्किआउँछ।

यो धूप निम्न सुगन्धित द्रव्यबाट बनेको थियो: सुगन्धित खोटो, नखी, कन्दरु र शुद्ध लोबान। यी चारवटा शुद्ध द्रव्य लिएर यो धूप बनियो, जुन धूप बल्दा मीठो बास्ना, अँ, ख्रीष्टको मीठो सुवास्ना निस्कन्थ्यो (एफेसी ५:२)।

### निवासस्थानको महापवित्रस्थान

महापवित्रस्थानको सामुन्‍ने त्यो बीचको पर्दा झुन्डिन्थ्यो; यस बीचको पर्दाले ख्रीष्ट येशूको शरीरलाई सङ्केत गर्छ (हिब्रू १०:१९-२२); उहाँको शरीररूपी पर्दा गलगथामा, यस क्रूसको मृत्युमा च्यातियो (लूका २३:४५)। पवित्रस्थानभित्र पूजाहारीहरूले मात्र प्रवेश गर्न पाउँथे भने, महापवित्रस्थानमा चाहिँ प्रधान पूजाहारीले मात्र पस्न पाउँथे, अनि त्यो पनि वर्षको एक दिनमा

मात्र। तर अबचाहिँ ख्रीष्ट-विश्वासीहरूले जहिले पनि, अँ, सब समयमै परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सक्छन् (हिब्रू १०:१९-२२)।

**करारको सन्दुक**

(यस सन्दुकको नाप यस प्रकारको थियोः यसको लमाइ तीन फिट नौ इन्च थियो भने, यसको चौड़ाइ दुई फिट तीन इन्च थियो; अनि यसको उचाइ पनि दुई फिट तीन इन्च थियो।)

यो सन्दुकचाहिँ एउटा बबुलको काठले बनेको बाकस थियो, जसको काठ सुनले मोहोरिएको थियो। यस सन्दुकले परमेश्वरको सिंहासन दर्साउँछ। यस सन्दुकभित्र राखिएका सामानहरूको विषयमा दुईवटा धारणा छन्ः एउटा धारणा मानिसमाथि केन्द्रित रहन्छ र नकारात्मक छ भने, दोस्रो धारणा ख्रीष्ट-केन्द्रित रहन्छ र एकदम सकारात्मक छ।

पहिलो धारणा यस प्रकारको छः यस सन्दुकमा राखिएका तीनवटा सामानहरू विद्रोहको सम्झना गराउने चिन्हहरू हुन्ः मन्ना, व्यवस्थाका पाटीहरू र हारूनको लहुरो (प्रस्थान १६:२-३; प्रस्थान ३२:१९; गन्ती १७:१-१३)। यसो हो भने, यी चीजहरूले ख्रीष्ट येशूलाई चित्रण गर्छन्, जसले हाम्रो विद्रोहको निम्ति श्राप भोग्नुभयो।

अनि दोस्रो धारणा यस प्रकारको छः मन्नाले ख्रीष्ट येशूलाई परमेश्वरबाट आएको स्वर्गको रोटीको रूपमा चित्रण गर्छ; व्यवस्थाले परमेश्वरको पवित्रताको बोध गराउँछ, जुन पवित्रता प्रभु येशूले आफ्नो जीवनमा कायम राख्नुभयो, अँ, जुन पवित्रता उहाँले अति गौरवशाली र महिमित तुल्याउनुभयो। अनि हारूनको लहुरोले ख्रीष्ट येशूको पुनरुत्थान चित्रण गर्छ; किनभने परमेश्वरले ख्रीष्ट येशूलाई महापूजाहारी हुन चुन्नुभयो।

**कृपा-आसन**

यो कृपा-आसन करारको सन्दुकको ढकनी थियो। यस कृपा-आसनको पाटाबाट पिटेर बनाइएका दुईवटा करूबहरू उठेका थिए। ती करूबहरूले परमेश्वरको सिंहासन र उहाँको धार्मिकता रक्षा गर्थे। ती करूबहरूले करारको सन्दुकको सामु र यस कृपा-आसनमाथि छर्किएको रगतमाथि आफ्नो दृष्टि लगाइदिन्थे। यसकारण बुझ्नुहोस्ः ख्रीष्ट येशूको रगतले परमेश्वरको धार्मिकताका सबै मागहरू पूरा गर्छ र उहाँको दृष्टिबाट हाम्रा सबै अपराधहरू ढाकिदिन्छ। यसरी नै यो न्याय-आसन एउटा कृपा-आसन बन्न गएको छ। ख्रीष्ट येशू हाम्रो कृपा-आसन हुनुभएको छ ( किनकि १ यूहन्ना २:२ पदमा 'प्रायश्चित्त' भन्ने शब्दको अनुवाद 'कृपा-आसन' पनि हुन सक्छ)। ख्रीष्ट येशूमा पवित्र परमेश्वर र पापी मानिसको मिलन सम्भव भएको छ।

**बादलको महिमा**

जब यो निवासस्थानको निर्माण-कार्य सिद्धियो, तब परमप्रभु कृपा-आसनमाथि एउटा महिमाको बादलमा देखा पर्नुभयो; यस महिमाको बादललाई 'सेकाइना' भनिन्छ। अनि यो 'सेकाइना' भन्ने शब्द हिब्रू भाषाबाट आएको हो, जसको अर्थ 'वास गर्नु' हो। यस चम्किलो बादलमार्फत परमेश्वरको महिमा देखिन्थ्यो। यसर्थ यो बादल परमेश्वरको महिमाको प्रतीक थियो।

### घ) प्रस्थान ३२-३३ः इस्राएलीहरूको बीचमा मूर्तिपूजा

#### अ) प्रस्थान ३२ः१-१०ः सुनको बाछा

सिनाई पर्वतको टाकुरादेखि मोशाले फर्किआउन ढिलो गरेको देखेर मानिसहरूले आफ्नो अधीरतामा हारूनलाई 'हाम्रो निम्ति एउटा मूर्ति बनाऊ' भन्ने विन्ती गरे। तिनले नम्रतापूर्वक तिनीहरूले भनेको कुरा माने र तिनीहरूकै कानमा भएका सुनका गरगहनाहरू लिएर ती गहनाहरू आगोमा बिलाएर तीबाट एउटा सुनको बाछा बनाए। 'आफ्नो निम्ति कुनै मूर्ति नबनाउनू' भनेर परमेश्‍वरले केही समयअघि मात्र यो काम मनाही गर्नुभएको थियो (प्रस्थान २०ः४)। त्यसपछि मानिस-हरूले यस मूर्तिको पूजा गर्दै-गर्दा आमोद-प्रमोद गरे; तिनीहरूले खाए, पिए र लीला गरेर आपसमा अनैतिक कामहरू गरे। तिनीहरूले आफ्नो विचारमा परमप्रभुलाई पुजिरहेका थिए (प्रस्थान ३२ः५)। परमेश्‍वरले आफ्ना जनहरूलाई तिनीहरूले मिस्र देश छोड़ेको बेलामा सुनले आशीषित तुल्याउनुभयो (प्रस्थान १२ः३५-३६); तर अब यो भौतिक आशिष तिनीहरूको पापले पूर्ण हृदयको कारणले श्राप पो बन्न गयो। परमेश्‍वरले मोशालाई यस पर्वतको फेदीमा के-के भइरहेको थियो, सो कुराको जानकारी दिनुभयो (प्रस्थान ३२ः७-८) र आफ्ना जनहरूलाई नाश गर्छु भन्ने धम्की दिनुभयो (प्रस्थान ३२ः९-१०)।

#### आ) प्रस्थान ३२ः११-३४ः मोशाको अन्तर्विन्ती र उनको रिस

**प्रस्थान ३२ः११-१३ः** मोशाले परमप्रभुलाई कस्तो जवाफ दिए, सो यहाँ, यी तीनवटा पदहरूमा ध्यानसित पढ्नुहोस्! उनले दिएको यस उत्तरबाट स्पष्ट भएको छ, कि पवित्र बाइबलका अन्तर्विन्ती गर्ने योद्धाहरूमध्ये मोशाचाहिँ उत्कृष्ट मध्यस्थ-कर्ता रूपमा देखा पर्छन्। परमेश्‍वरसँग बहस गर्दा उनले पेश गरेका उनका बलिया-बलिया तर्कहरू विचार गर्नुहोस्ः **क)** यी मानिसहरू परमेश्‍वरका जनहरू थिए (प्रस्थान ३२ः११-१२)। **ख)** परमप्रभुले तिनीहरूलाई वास्ता गरेर मिस्र देशदेखि छुटकारा दिनुभयो (प्रस्थान ३२ः११)। **ग)** परमेश्‍वरले तिनी-हरूलाई शेष पार्नुभयो भने मिस्रीहरूले यस कुरामा आफ्ना आँखाहरू कति सेक्नेथिए; किनभने यिनीहरूले यही गर्न खोजेका, तर यिनीहरू यस कुरामा असफल भएका थिए (प्रस्थान ३२ः१२)। **घ)** परमेश्‍वर आफूले तिनीहरूका पितापुर्खाहरूसँग बाँध्नुभएका करारहरूप्रति विश्‍वासयोग्य हुनुपरेको थियो (प्रस्थान ३२ः१३)।

**प्रस्थान ३२ः१४ः** *'तब आफ्ना मानिस-हरूको जुन खराबी गर्ने परमप्रभुको विचार थियो, त्यस खराबीबाट उहाँ पछुताउनुभयो।'* यस सन्दर्भमा खराबी गर्ने कुराले न्याय गर्ने वा सजाय दिने अर्थ लिन्छ। मोशाको अन्तर्विन्तीको खातिर परमप्रभुले आफैलाई आफ्ना जनहरूमाथि दण्ड ल्याउनुदेखि रोक्नुभयो, नत्र ता उहाँले तिनीहरूलाई दण्ड नदिई छोड्नुहुनेथिएन; यो सुनिश्‍चित छ।

**प्रस्थान ३२ः१५-२०ः** मोशा यस पर्वतबाट तल ओर्ले, अनि उनको हातमा साक्षीका दुईवटा पाटीहरू थिए; अनि बाटोमा उनले यहोशूलाई भेटे; त्यसपछि उनी मानिस-हरूकहाँ आए, जो यो सुनको बाछा पुजिरहेका र भोजको मोजमा मस्त र कामुक भइरहेका थिए। तब उनको धार्मिक रिस दन्कियो, र उनले व्यवस्थाका ती पाटीहरू फुटाइदिए, किनकि मानिसहरूले ती पाटीहरूमा लेखिएका आज्ञाहरू अघिबाट उल्लङ्घन गरिसके। अनि यसरी नै उनले तिनीहरूको पापको विरोधमा साक्षी दिए। त्यसपछि उनले

यो सुनको बाछा लिएर यसलाई धूलोपीठो बनाए र त्यो धूलो पानीमा हालेर मानिसहरूलाई सो पिउन लगाए (प्रस्थान ३२:२०)। हुन सक्छ, यसको आत्मिक अर्थ यही होलाः हामीले गरेका हाम्रा पापहरू हामीकहाँ तीतो पिउने पदार्थको रूपमा फर्किआउँछन्।

**प्रस्थान ३२:२१-२४:** जब मोशाले हारूनबाट ती मानिसहरूले गरेको यस दण्डको योग्य कुकर्मको विषयमा जवाफ पाउन खोजे, तब हारूनले जेजस्तो भएको थियो, यो सब उनलाई बताइदिए। तर तिनले आफ्नो सफाइ गरेर 'आगोबाट रहस्यपूर्ण तरिकाले यो सुनको बाछा आफै-आफ निस्क्यो' भने (प्रस्थान ३२:२४)। अनि मोशाले परमप्रभुसित अन्तर्विन्ती गरेकै कारणले उहाँले हारूनलाई मार्नुभएन (व्यवस्था ९:१९-२०)।

**प्रस्थान ३२:२५-२९:** अझै पनि कोही-कोही छाड़ा मानिसहरू थिए, जसले यस भोजको मोजमा कुनै विराम लगाएका थिएनन्। यसकारण मोशाले परमप्रभुको पक्ष लिने मानिसहरूलाई खोजे। तब लेवी-कुलका पुरुषहरू हाजिर भए, जो यी छाड़ा मानिसहरूमाथि आफ्नो तरवार चलाउन राजी थिए। त्यो मानिस भाइ होस्, साथी होस् वा छिमेकी होस्, यसको मतलब थिएन, मूर्तिपूजामा संलग्न भएको कुनै पनि मानिस छोड़िएन। (प्रस्थान ३२:२५-२९)। यहाँ व्यवस्था उल्लङ्घन गर्ने तीन हजार मानिस-हरूको मृत्यु यस पापकर्मको नतिजा भयो भने, नयाँ नियमको समयमा पेन्टेकोष्टको दिनमा अनुग्रहको सुसमाचारले एकै दिनमा तीन हजार मानिसहरूलाई मुक्ति प्रदान गर्‍यो। अनि हुन सक्छ, लेवी-कुलका पुरुषहरूले यस काममा भक्ति र वीरता देखाएको हुनाले तिनीहरू 'पूजाहारी-कुल' हुनको निम्ति चुनिएका हुन् (प्रस्थान ३२:२९)।

**प्रस्थान ३२:३०-३५:** यी मानिसहरूको पापको निम्ति प्रायश्चित्त गर्न सक्छु कि भन्ने विचारले मोशा फेरि यस पर्वतको टाकुरामा परमप्रभुलाई भेट्न चढ़े (प्रस्थान ३२:३०-३२)। यस बेलामा परमप्रभुले उनलाई दुईवटा उत्तर दिनुभयोः प्रथम जवाफ यस प्रकारको थियोः उहाँले यो सुनको बाछा बनाउनेहरूलाई दण्ड दिनुहुनेथियो। अनि प्रस्थान ३२:३५ पदमा आएर उहाँले यी मानिसहरूमाथि भयानक विपत्ति ल्याएर यो वचन पूरा गर्नुभयो। अनि दोस्रो जवाफ यस्तो थियोः मोशाले मानिसहरूलाई प्रतिज्ञाको देशमा अगुवाइ गरेर लैजाँदा उनको अघि-अघि उहाँले एकजना स्वर्गदूतलाई पठाउनु-हुनेथियो। प्रस्थान ३२:३२ पदमा फेरि पनि मोशामा भएको अन्तर्विन्ती गर्ने सुचरित्र चम्किन्छः उनी आफ्ना मानिसहरूको निम्ति मर्न पनि तयार थिए। *'तपाईंको पुस्तक-बाट मेरो नाम मेटिदिनुहोस्!'* भन्नुको अर्थ 'मेरो जीवन अन्त्याउनुहोस्' भनेको हो।[30] परमेश्‍वरले मोशाको जीवन जोगाइराख्नुभयो, तर उहाँले आफ्नो अति प्रिय पुत्र येशू ख्रीष्टलाई जोगाउनुभएन। यहाँ मोशाको चरित्र हाम्रा प्रभु येशूको चरित्रसित मिल्छ, जो धर्मी हुनुहुन्थ्यो, र पनि हामीजस्तै अधर्मी मानिसहरूको निम्ति मर्नुभयो।

### इ) प्रस्थान ३३:१-६: मानिसहरूले पश्चाताप गरे

परमप्रभुले कनान देशतर्फ यी पापी इस्राएलीहरूसित यात्रा गर्न अस्वीकार गर्नुभयो; नत्र उहाँले तिनीहरूलाई बाटोमा नष्ट गर्नुहुनेथियो। यसकारण उहाँले आफ्नो बदलीमा एकजना दूत पठाइदिनेछु भन्ने प्रतिज्ञा गर्नुभयो। यी दूत उहाँको प्रतिनिधि हुनेथिए। जब मानिसहरूले यो खराब समाचार सुने, तब तिनीहरूले विलाप गर्न लागे र आ-आफ्ना

गरगहनाहरू खोले। किनभने यस्ता गहनाहरू लिएर तिनीहरूले यो सुनको बाछा बनाउन प्रयोग गरेका थिए। अनि होरेब पर्वतदेखि उसो तिनीहरूले यस प्रकारका गहनाहरू फेरि कहिल्यै लगाएनन्।

**ई) प्रस्थान ३३ः७-११ः मोशाको भेट हुने पाल**

यहाँ सात पदमा बताइएको पाल त्यो निवासस्थान थिएन; किनकि त्यो निवासस्थान अहिलेसम्म खड़ा गरिएको थिएन। यसकारण मोशाले यहाँ टाँगेको पाल एउटा अस्थायी पाल थियो, जसलाई यहाँ 'भेट हुने पाल' भनिएको छ। परमप्रभुसित भेट गर्न चाहने जुनै पनि व्यक्ति छाउनीबाहिर त्यस पालमा आउन सक्थ्यो। किनकि मानिसहरूको पापले गर्दा इस्राएलीहरूको छाउनी अशुद्ध भएको थियो। यही कारणले त्यो भेट हुने पाल छाउनीदेखि बाहिर राखिएको थियो। जब मोशा यस भेट हुने पालमा प्रवेश गर्थे, तब बादलको खाँबा त्यसमा ओर्लेर आएको देखा पर्थ्यो। यस बादलको खाँबाले परमेश्वरको उपस्थिति सङ्केत गर्छ। अब एघार पदको कुरा आयोः यस पदको अर्थ यस प्रकारको छः मोशाले परमेश्वरलाई साक्षात् रूपमा देखेनन्; तर उनले परमेश्वरसित आमुन्ने-सामुन्ने खुला रूपले बातचित गरे। अनि यहाँ याद राख्नुपर्ने लायकको अर्को कुरा पनि छः जवान यहोशू-चाहिँ यस भेट हुने पालबाट निस्केनन्। अनि हुन सक्छ, तिनलाई भविष्यमा आत्मिक सफलता प्रदान गर्ने रहस्य यसैमा थियो।

**उ) प्रस्थान ३३ः१२-२३ः मोशाको प्रार्थना**

**प्रस्थान ३३ः१२-१७ः** मोशाले परमेश्वर-बाट उहाँको उपस्थितिको माग गरे, जुन उपस्थितिले उहाँका जनहरूलाई डोऱ्याएर कनान देशमा पुऱ्याउनुपरेको थियो। यसभन्दा कम अरू कुनै कुराले पनि उनलाई सन्तुष्ट पार्न सक्दैनथियो। जस्तो भए पनि उहाँको उपस्थिति तिनीहरूको साथमा जानैपर्थ्यो। तब परमप्रभुले आफ्नो अनुग्रहमा उनको विन्ती स्वीकार गरे र 'मेरो उपस्थिति तिनीहरूसँग जानेछ' भनी प्रतिज्ञा गर्नभयो। उहिले नूहले परमप्रभुको दृष्टिमा अनुग्रह पाएका थिए; ठीक त्यस्तै अहिले पनि मोशाले उहाँको दृष्टिमा अनुग्रह पाए, र यसको उत्तरमा आफूले विन्ती गरेको कुरा प्राप्त गरे। हाम्रो सुरक्षा कुनै खतराको अनुपस्थितिमा निर्भर गर्दैन, तर पूरापूर परमेश्वरको उपस्थितिमा निर्भर गर्छ।

**प्रस्थान ३३ः१८-२३ः** अबचाहिँ मोशाले परमेश्वरको महिमा हेर्ने विन्ती गरे। परमेश्वरले उनलाई निम्न उत्तर दिनुभयोः उहाँले आफैलाई दयालु र अनुग्रहकारी परमेश्वरको रूपमा प्रकट गर्छु भन्ने प्रतिज्ञा गर्नुभयो (प्रस्थान ३४ः६-७)। मोशाले परमेश्वरको अनुहार हेर्न सक्दैनथिए; उनी त्यो हेरेर बाँच्नेथिएनन्। तर परमेश्वरको महिमा त्यहाँबाट भएर जाँदा मोशाले त्यसको नजिक एउटा चट्टानमाथि उभिन पाए, र उहाँको पछिल्लो भाग हेर्न सके। यो सङ्केतात्मक भाषा हो; किनभने परमेश्वर आत्मा हुनुहुन्छ र उहाँको शरीर हुँदैन (यूहन्ना ४ः२४)। यस विषयमा श्री हिवल जोन्सले यसो भनेका छन्ः

> 'मोशाले परमेश्वरको महिमाको उत्तरदीप्ति देख्न पाए, जुन उत्तरदीप्तिचाहिँ उहाँको महिमाको प्रताप केकस्तो हुने हो, सो स्पष्ट पार्ने भरपर्दो सङ्केत थियो।' 31)

कसैले पनि परमेश्वरको अनुहार देख्न सक्दैन, नत्र त्यो बाँच्नेछैन (प्रस्थान ३३ः२०)। यस भनाइको अर्थ यस प्रकारको छः परमेश्वरको नढाकिएको महिमामाथि

कसैले पनि दृष्टिपात गर्न सक्दैन। *'उहाँ यस्तो ज्योतिमा वास गर्नुहुन्छ, जसको नजिकमा कोही मानिस पनि जान सक्दैन; उहाँलाई कुनै मानिसले देखेको छैन, न त देख्न सक्छ'* (१ तिमोथी ६:१५)। उक्त पदको वचनको अर्थमा कसैले पनि कहिल्यै परमेश्वरलाई देखेको छैन (१ यूहन्ना ४:१२)। तब हामी पवित्र बाइबलका यी खण्डहरूको व्याख्या कुन प्रकारले गरौं, जहाँ मानिसहरूले परमेश्वरलाई देखे, र पनि तिनीहरू मरेनन् भन्ने कुरा लेखिएको छ? जस्तैः हागार (उत्पत्ति १६:१३); याकूब (उत्पत्ति ३२:३०); मोशा, हारून, नादाब र अबिहू, साथै इस्राएली जातिका सत्तरीजना बूढ़ा प्रधानहरू (प्रस्थान २४:९-११); गिदोन (न्यायकर्ता ६:२२-२३); मनोह र तिनकी पत्नी (न्यायकर्ता १३:२२); यशैया (यशैया ६:१); इजकिएल (इजकिएल १:२३ र १०:२०); यूहन्ना (प्रकाश १:१७)।

यसको उत्तर यस प्रकारको छः यी मानिसहरूले प्रभु येशू ख्रीष्टमा परमेश्वरलाई देखे; उहाँले परमप्रभुको प्रतिनिधित्व गर्नुभयो। पुरानो नियमको समयमा कहिले-काहीं येशू ख्रीष्ट 'परमप्रभुको दूत'को रूपमा देखा पर्नुभयो (तपाईंले न्यायकर्ताको पुस्तकको छ अध्यायमा यस शिक्षाको विषयमा जानकारी लिनुहोला)। कहिलेकाहीं उहाँ 'मानिस'को रूपमा देखा पर्नुभयो, र एकपल्ट उहाँले आफैलाई 'आवाज'को रूपमा पनि प्रकट गर्नुभयो (प्रस्थान २४:९-११; व्यवस्था ४:१२)। पिताको छातीमा हुनुहुने एकमात्र पुत्रले परमेश्वरको विषयमा पूरा जानकारी दिनु-भएको हो (यूहन्ना १:१८)। किनभने ख्रीष्ट येशूचाहिँ परमेश्वरको महिमाको चमक र उहाँको व्यक्तित्वको पक्का प्रतिरूप हुनुहुन्छ (हिब्रू १:३)। यसैकारण *'जसले मलाई देखेको छ, उसले पितालाई देखेको छ'* भनेर उहाँले भन्न सक्नुभयो (यूहन्ना १४:९)।

### ङ) प्रस्थान ३४:१-३५:३: करारको नवीकरण

**प्रस्थान ३४:१-९:** मोशा सिनाई पर्वतमाथि फेरि एकपल्ट आउन डाकिए; यसपालि उनी आफूले तयार गरेका ढुङ्गाका दुईवटा पाटीहरू लिएर जानु थियो। परमप्रभुले आफूलाई दयालु र अनुग्रहकारी परमेश्वरको रूपमा प्रकट गर्नुभयो; उहाँ रिसाउनुमा ढिलो हुनुहुन्छ, अनि करुणा र सत्यताले भरपूर हुनुहुन्छ (प्रस्थान ३४:६-७)।

सात पदमा तीनवटा छुट्टै शब्दहरू गलत कामको निम्ति प्रयोग गरिएका छन्ः अधर्म, अपराध र पाप। अधर्मले परमप्रभुका मार्गहरू टेढ़ामेढ़ा पार्ने अर्थ लिन्छ भने, अपराधको शब्दमा परमेश्वरको विरुद्धमा गरेको विद्रोहको अर्थ लाग्छ। अनि पापचाहिँ परमेश्वरको कुनै आज्ञा तोड्नु वा भङ्ग गर्नु हो। यस शब्दको अक्षरशः अर्थ 'निशानादेखि चुक्नु' हो। यी तीनै शब्दहरूले भन्न खोजेको कुरा एउटै होः परमेश्वरको महिमित स्तरमा आइनपुग्नु, तर त्यस धार्मिक स्तरदेखि चुक्नु हो (रोमी ३:२३)। अब यी इस्राएलीहरूको कुरा आयोः तिनीहरू सबैजनाले परमेश्वरको व्यवस्था उल्लङ्घन गरेको कारणले तिनीहरू मर्नुपर्नेथिए। तर परमेश्वरले आफ्नो कृपामा तिनीहरूलाई जोगाउनुभयो। मोशाले शिर झुकाएर परमेश्वरलाई दण्डवत् गरे र उहाँका मानिसहरूको अयोग्यताको कारणले उहाँको अनुग्रह र उहाँको उपस्थितिको आशिष पाऊँ भन्ने विन्ती गरे (प्रस्थान ३४:८-९)।

**प्रस्थान ३४:१०-१७:** तब परमेश्वरले इस्राएलीहरूसित बाँध्नुभएको आफ्नो करारको नवीकरण गर्नुभयो। यसो गर्दा

उहाँले कनान देशका बासिन्दाहरूलाई निकाल्दा इस्राएलीहरूको पक्षमा अचम्मका कामहरू गर्नेछु भन्ने प्रतिज्ञा गर्नुभयो। उहाँले इस्राएलीहरूलाई सचेत गराउनुभयो र भन्नुभयोः 'तिमीहरू यी अन्यजातिका मानिसहरूसँग सराबरी नहुनू; तिमीहरू तिनीहरूले मानिआएको पूजाआजा नसिक्नू!' अशेराहरूचाहिँ अश्लील मूर्तिहरू थिए वा लिङ्गहरूका प्रतिमाहरू थिए, जुनचाहिँ गर्भ सक्षमताका चिन्ह थिए। परमेश्वरले आफ्ना जनहरूसँग एउटा करार बाँध्नुभयो; यसकारण तिनीहरूले कनान देशका बासिन्दाहरूसँग कुनै पनि करार बाँध्नुहुँदैनथियो। एकै समयमा परमेश्वर र मूर्तिहरूसँग सम्बन्ध जोड्नु असम्भव छ (१ कोरिन्थी १०:२१)।

**प्रस्थान ३४:१८-२७:** अबचाहिँ परमेश्वरले निम्न विषयहरूको सम्बन्धमा निर्देशनहरू दोहोऱ्याउनुभयोः अखमिरी रोटीहरूको चाड़को विषयमा (प्रस्थान ३४:१८), पहिले जन्मेकाहरूको समर्पणको विषयमा (प्रस्थान ३४:१९-२०); विश्राम-दिनको विषयमा (प्रस्थान ३४:२१); हप्ताहरूको चाड़को विषयमा र भित्र्याउने चाड़को विषयमा (प्रस्थान ३४:२२)। वर्षमा तीन पल्ट, अर्थात् प्रस्थान २३:१४-१७ पदको खण्डमा पेश गरिएका चाड़हरूमा सबै पुरुषहरू परमेश्वरको उपस्थितिमा देखा पर्नुपर्थ्यो (प्रस्थान ३४:२३-२४)। तपाईंले प्रस्थान ३४:२४ पदमा प्रतिज्ञा गरिएको कुरा याद गर्नुहोलाः भविष्यमा इस्राएली पुरुषहरू वर्षमा तीन पल्ट यरूशलेममा गएको बेलामा कनानीहरूले उनीहरूको धनसम्पत्ति जफत गर्ने कोशिश नगरून् भन्ने हेतुले परमेश्वरले ती अन्यजातिका मानिसहरूको इच्छा समेत दमन गरिराख्नुहुँदो रहेछ। त्यसपछि परमेश्वरले विभिन्न नियमहरू फेरि एकपल्ट दोहोऱ्याउनु-भयो (प्रस्थान ३४:२५-२६); सत्ताइस पदमा आएर परमप्रभुले प्रस्थान ३४:११-२३ पदको खण्डमा बोल्नुभएका शब्दहरू मोशालाई लेख्न लगाउनुभयो। अन्तमा परमप्रभु आफैले ढुङ्गाका ती पाटीहरूमा दस आज्ञाहरू लेख्नुभयो (प्रस्थान ३४:१ र २८; व्यवस्था १०:१-४)।

**प्रस्थान ३४:२८-३५:** चालीस दिन र चालीस रात सिनाई पर्वतमा बिताएपछि मोशा ढुङ्गाका ती दुईवटा पाटीहरू लिएर ओर्ले (प्रस्थान ३४:२८-२९[क])। उनी परमप्रभुको उपस्थितिमा रहेका हुनाले उनको अनुहार चम्किरहेको थियो; तर उनलाई यो कुरा थाहै भएन (प्रस्थान ३४:२९[ख]- ३०)। मानिसहरू उनको नजिक आउन डराए। परमेश्वरका आज्ञाहरू इस्राएली जातिको सामु प्रस्तुत गरेपछि उनले आफ्नो अनुहारमा एउटा घुम्टो लगाए (प्रस्थान ३४:३१ -३३)। अब तेत्तीस पदमा अनुवादको कुरा आयोः के.जे.वी.-अनुवादअनुसार *'मोशाले तिनीहरूसँग कुरा गरिनसिद्ध्याउन्जेल आफ्नो अनुहारमा एउटा घुम्टो हाले।'* अनि एन.के.जे.वी.को अनुवादअनुसार 'जब मोशाले तिनीहरूसँग कुरा गरिसके, तब उनले आफ्नो अनुहारमा एउटा घुम्टो हाले।' यसको स्पष्टीकरण हामीले २ कोरिन्थी ३:१३ पदमा पाउँछौं, जहाँ पावलले यसो लेखेका छन्: *'मोशाले मेटिएर जाने कुराको अन्त इस्राएलीहरूले डिठ लगाएर हेर्न नसकून् भन्ने हेतुले आफ्नो अनुहारमाथि एउटा घुम्टो हालेका थिए।'* यसर्थ व्यवस्थाको युगचाहिँ यो बितिजाने कुरा थियो, जसको अन्त भावी समयमा आउन लागेको थियो।

**प्रस्थान ३५:१-३:** त्यसपछि मोशाले इस्राएलीहरूको सारा समुदायलाई भेला गरे र तिनीहरूको सामु विश्राम-दिनको नियम फेरि एकपल्ट सुनाए।

**च) प्रस्थान ३५:४-३८:३१: पवित्र निवासस्थानका सामग्रीहरू तयार गरिएका**

**अ) प्रस्थान ३५:४-३६:७: मानिस-हरूको भेटी र वरदान भएका कारिगरहरू**

**प्रस्थान ३५:४-२०:** मोशाले मानिस-हरूलाई निवासस्थानको निर्माणको निम्ति स्वेच्छा भेटी दिने आह्वान गरे। यस निर्माण-कार्यको निम्ति चाहिएका सामग्रीहरूचाहिँ परमप्रभुलाई दान गर्ने भेटी थिए (प्रस्थान ३५:४-९)। त्यसपछि उनले वरदान पाएका शिल्पकारहरूलाई बोलाए, जसले यस निवासस्थानका विभिन्न भागहरू बनाउनुपरेको थियो (प्रस्थान ३५:१०-११)। पुरानो नियमको समयमा परमेश्वरको उपासना गर्ने दुईवटा ठाउँहरू थिए: यो निवासस्थान र राजा सुलेमानले बनाएको मन्दिर। अनि यी दुवै भवनहरूको निम्ति मानिसहरूले अघिबाट स्वेच्छा दान दिए। आवश्यक निर्माण सामग्रीहरू जुटाउनको निम्ति परमेश्वरले आफ्ना जनहरूको हृदय तयार गर्नुभएको थियो (प्रस्थान ३५:५, २१, २२, २३ र २९)। यसो हो भने, हाम्रो भेटी दिने र सेवा गर्ने काम पनि यस प्रकारको हुनुपर्छः स्वेच्छापूर्वक र केही गनगन नगरीकन दिएको-गरेको हुनुपर्छ।

**प्रस्थान ३५:२१-३६:१:** यो आह्वान सुनेर इस्राएलीहरूमध्ये धेरैजनाले मिस्र देशदेखि ल्याएका खजानाहरूबाट यस निर्माण-कार्यको निम्ति उदार चित्तले दिए (प्रस्थान ३५:२१-२९)। जतिजनाले सुनको बाछा दिए, तिनीहरूले यो सबै सुन गुमाइपठाए; तर यस निवासस्थानको निम्ति दिनेहरू आफ्नो धन परमप्रभुको महिमाको निम्ति सदुपयोग गरिएको देखेर आनन्दित भए।

बसलेल र ओहोलीआबचाहिँ परमेश्वरले नियुक्त गर्नुभएका यी मानिसहरू थिए, जसले सबै किसिमका शिल्पकारका कामहरू रच्न सके। यसैले मोशाले यिनीहरूलाई सार्वजनिक रूपले नाम काढ़ेर खटाए। यी दुईजनामा अरूलाई सिकाउन सक्ने, तालिम दिन सक्ने खूबी थियो (प्रस्थान ३५:३०-३६:१)।

**प्रस्थान ३६:२-७:** अनि यी निपुण कारिगरहरूले निवासस्थान निर्माण गर्ने काम शुरु गरे। मानिसहरूले हरेक बिहान यति धेरै सामग्रीहरू ल्याए, कि मोशाले तिनीहरूलाई 'अबचाहिँ अरू नल्याओ' भनेर रोक्नुपर्‍यो।

अबदेखि उनन्चालीस अध्यायको अन्तसम्म हामी निवासस्थान र यसका सर-सामानहरू कसरी बनाइए, सो सम्पूर्ण बेली-बिस्तार पाउँछौं। परमेश्वरले यी सामग्री-हरूको सूचि घरिघरि दोहोर्‍याउनुभएकोमा झिजो मान्नुभएन; किनभने यी सामग्रीहरूले उहाँलाई सधैं आफ्नो अति प्रिय पुत्रको सम्झना दिलाउने गर्थे।

**आ) प्रस्थान ३६:८-१९: यस निवासस्थानलाई ढाक्ने पर्दाहरू**

सबैभन्दा भित्र परेको पर्दाचाहिँ बाटेको मिहिन मलमलले बनेको थियो। यस पर्दाको नाम 'निवासस्थान' थियो (प्रस्थान ३६:८)। दोस्रो स्थानमा बाख्राको भुत्लाले तयार गरिएको पर्दा आयो, जसलाई 'पाल' भनियो (प्रस्थान ३६:१४)। त्यसपछि भेड़ाको छालाले बनाइएको पर्दा र सिलको छालाले बनाइएको पर्दा आए, जसको नाम 'ओढ़ा' थियो (प्रस्थान ३६:१९)।

**इ) प्रस्थान ३६:२०-३०: तीनपट्टिका भित्ताहरूको निम्ति हुने फल्याकहरू**

यी फल्याकहरू बबुल-काठले बनिए। निवासस्थानको निम्ति केवल यस जातको

काठ प्रयोग गरियो। बबुलका रूखहरूले सुक्खा ठाउँहरूमा बढ्ने गर्थे; यी रूखहरू अति सुन्दर थिए, जसको काठ झन्डै अमर हुन्थे। यस प्रकारले प्रभु येशू पनि सुक्खा भूमिबाट निस्केको जरा हुनुहुन्थ्यो (यशैया ५३:२); उहाँमा नैतिक सुन्दरता हुन्थ्यो; उहाँ अमर हुनुहुन्छ।

**ई) प्रस्थान ३६:३१-३४: फल्याक-हरूलाई जोड्ने साटाहरू**

फल्याकहरूलाई सम्हाल्ने पाँचवटा साटाहरूमध्ये चारवटाचाहिँ प्रत्यक्ष गरी देखिन्थे, तर एउटाचाहिँ नदेखिने थियो; किनकि यो साटा यी फल्याकहरूको ठीक बीचबाट भएर वारपार गरी छिरिगएको थियो। यस नदेखिने साटाले पवित्र आत्मालाई सुन्दर ढङ्गले चित्रण गर्छ। किनभने पवित्र आत्माले ठीक त्यसरी नै ख्रीष्ट-विश्वासीहरूलाई प्रभुमा एउटा पवित्र मन्दिर बनिन एकसाथ बाँध्नुहुन्छ (एफेसी २:२१-२२)। अनि अरू चारवटा स्पष्ट देखिने साटाहरूले के सङ्केत गर्लान् त? यी साटाहरूले परमेश्वरका सबै जनहरूमा सामान्य गुणहरू दर्साउँछन्, जस्तैः तिनी-हरूको जीवन, प्रेम, स्तर र स्वीकार।

**उ) प्रस्थान ३६:३५-३६: महापवित्र-स्थानलाई छुट्ट्याउने बीचको पर्दा**

यो पर्दा प्रभु येशूको शरीरको प्रतिमा हो (हिब्रू १०:२०)। उहाँको शरीररूपी पर्दा गलगथामा यस उद्देश्यले च्यातियो, कि उहाँको शरीरको मृत्युले हाम्रो निम्ति परमेश्वरको नजिक जाने मार्ग खोलेको छ। अनि यस बीचको पर्दामा लगाइएका करूबहरूको विषयमा कसो हो? ती करूबहरू परमेश्वरको धार्मिक सिंहासन सुरक्षित राख्ने स्वर्गीय पहरेदार हुन्।

**ऊ) प्रस्थान ३६:३७-३८: पवित्र-स्थानको प्रवेशद्वारमा लगाइदिने पर्दा**

पवित्रस्थानको पर्दा, निवासस्थानको आँगनको ढोकारूपी पर्दा र यो उक्त बीचको पर्दा एकै किसिमका सामानले बनिए। यसर्थ यी तीनवटा पर्दाले सङ्केत गरेको कुरा एउटै होः ख्रीष्ट येशूचाहिँ परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो हुनुहुन्छ।

**ओ) प्रस्थान ३७:१-५: करारको सन्दुक**

करारको सन्दुक बबुल-काठले बनिएको एउटा बाकस थियो, जसको काठ निखुर सुनले मोहोरिएको थियो। यस कुराले हाम्रा प्रभु येशूको मानवीय र ईश्वरीय गुण सङ्केत गर्छ। यस करारको सन्दुकभित्र व्यवस्थाका दुई पाटीहरू, मन्ना हालिएको सुनको भाँड़ा र हारूनको कोपिला लागेको लहुरो राखिएका थिए। यी थोकहरूको साङ्केतिक अर्थ ख्रीष्ट येशूमा लगाउनु हो भने, उहाँ ती व्यक्ति हुनुहुन्थ्यो, जसले भन्न सक्नुभयोः *'तपाईंको व्यवस्था मेरो हृदयभित्र छ'* (भजन ४०:८[ख]); उहाँ स्वर्गबाट ओर्लिआउनुभएको परमेश्वरको रोटी हुनुहुन्थ्यो (यूहन्ना ६:३३); अनि उहाँ परमेश्वरले चुन्नुभएको पूजाहारी हुनुहुन्थ्यो; किनभने उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो (हिब्रू ७:२४-२६)। तर यी थोकहरू इस्राली जातिमाथि पनि लागू गर्न सकिन्छ। तब यी थोकहरू तिनीहरूको असफलता र तिनीहरूले गरेको विद्रोहको सम्झना गराउने स्मारक-चिन्हहरू हुन्।

**औ) प्रस्थान ३७:६-९: कृपा-आसन**

यो कृपाको आसन परमेश्वरको सिंहासन थियो। पृथ्वीमा उहाँको वासस्थान अरू कहीं थिएन, केवल यहीं थियो। सुनका करूब-

हरूले माथिबाट कृपा-आसनमा हेरिरहेका थिए; तर तिनीहरूले व्यवस्था देख्दैनथिए, जुन व्यवस्था इस्राएलीहरूले उल्लङ्घन गरेका थिए। तिनीहरूले मन्ना हालिएको त्यो भाँड़ा वा हारूनको लहुरो पनि देख्दैनथिए, जुनचाहिँ इस्राएलीहरूले गरेका विद्रोहहरू सम्बन्धित चीजहरू थिए; तिनीहरूले कृपा-आसनमाथि छर्किएको रगत पो देख्थे। अनि यस रगतले परमेश्वरलाई हामीजस्ता विद्रोही र पापी मानिसहरूप्रति कृपालु हुन सक्षम तुल्यायो। यो कृपा-आसन ख्रीष्ट येशूको प्रतीक हो; किनभने परमेश्वरले उहाँलाई प्रायश्चित्त ठहऱ्याउनुभयो (रोमी ३:२५)। यस पदमा प्रायश्चित्त शब्दको अक्षरशः अर्थ 'कृपा-आसन' नै हो।। [32)]

### औं) प्रस्थान ३७:१०-१६: भेटीका रोटीहरूको टेबल

यस टेबलमा निरन्तर बाह्रवटा रोटीहरू राखिन्थे। यस विषयमा श्री जी. मोरिशले यसो लेखेका छन्:

> 'सङ्केतात्मक भाषामा भन्नु हो भने, परमेश्वरको सामु भेटीका रोटीहरूरूपी इस्राएली जातिको ठहर टेबलरूपी "ख्रीष्टमा" ग्रहणयोग्य भएको रहेछ। ख्रीष्ट येशू ती साँचो महापूजाहारी हुनुहुन्छ, जसले उनीहरूको पक्षमा काम गर्नुहुन्छ, उनीहरूलाई सम्हालिराख्नुहुन्छ र रक्षा गर्नुहुन्छ।' [33)]

यी भेटीका रोटीहरूले अर्को कुरा पनि देखाउन सक्छन्, जस्तैः परमेश्वर इस्राएली जातिका बाह्रै कुलहरूको निम्ति प्रबन्ध गर्नुहुन्छ र तिनीहरूको पालनपोषण गर्नुहुन्छ।

### अः) प्रस्थान ३७:१७-२४: सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू

कसै-कसैले निखुर सुनको सामदानमा ख्रीष्टलाई देख्छन्, जो संसारको साँचो ज्योति हुनुहुन्छ (यूहन्ना ८:१२)। तर अरूको विचारमा, यस सामदानले पवित्र आत्मालाई सङ्केत गर्छ। उनीहरू यस प्रकारको अर्थ बढ़ी रुचाउँछन्; किनभने पवित्र आत्माको काम ख्रीष्ट येशूलाई महिमित तुल्याउनु हो। अनि यस पवित्रस्थानभित्र भएका जेजति सामानहरू थिए, ती सबै सामानहरू ख्रीष्ट येशूलाई बोध गराउने थोकहरू थिए, अनि यस सामदानले आफ्नो चमक र रोशनद्वारा यी थोकहरू उज्यालो पारेको थियो। अरू मानिसहरू पनि छन्, जसले यस सामदानमा ख्रीष्ट येशू र विश्वासीहरूको बीचमा भएको सम्बन्ध र एकता प्रस्तुत गरिएको देख्छन्। किनकि सामदानको डाँठचाहिँ विशेष थियो, जसबाट यसको दाहिने हातमा तीनवटा र यसको देब्रे हातमा तीनवटा हाँगा हुने गरी छवटा हाँगाहरू निस्किरहेका थिए; तर यस सम्पूर्ण सामदानचाहिँ एउटै सिङ्गै टुक्रा थियो।

### अअ) प्रस्थान ३७:२५-२८: धूप-वेदी

हामी धूप-वेदीमा कुन अर्थ लगाऔं? यसले ख्रीष्ट येशूको कुरा गर्छ; किनभने उहाँ परमेश्वरको निम्ति नित्य मीठो सुवासना हुनुहुन्छ। यसले वर्तमान समयमा भइरहेको उहाँको सेवकाइ पनि सङ्केत गर्छ; किनभने पिताको दाहिने बाहुलीपट्टि रहेर उहाँ हाम्रो निम्ति अन्तर्विन्ती गरिरहनुभएको छ।

### आअ) प्रस्थान ३७:२९: अभिषेकको तेल र धूप

पुरानो नियममा तेलले पवित्र आत्मालाई सङ्केत गर्छ; अनि धूपले हाम्रा प्रभु येशूका सर्वश्रेष्ठ सद्गुणहरूको सुवासनाको कुरा गर्छ; किनभने हाम्रा प्रभुले आफ्ना पितालाई आनन्दविभोर पार्नुहुन्छ।

**इइ) प्रस्थान ३८ः१-७ः होमबलिको वेदी**

होमबलिको वेदीले क्रूसलाई चित्रण गर्छ। किनभने क्रूसमा प्रभु येशूले आफैलाई सम्पूर्ण बलिदानको रूपमा पिताको हातमा समर्पण गर्नुभयो। उहाँको त्राणात्मक मृत्युद्वारा बाहेक कसैले पनि पिताकहाँ प्रवेश पाउँदैन।

**ईई) प्रस्थान ३८ः८ः हातखुट्टा धुने बाटा**

हातखुट्टा धुने बाटाले ख्रीष्ट येशूको वर्तमान सेवकाइ सङ्केत गर्छ; किनभने उहाँले आफ्ना जनहरूलाई वचनको स्नान दिएर तिनीहरूलाई शुद्ध पार्नुहुन्छ (एफेसी ५ः२६)। पुरानो नियमको समयमा पूजाहारीहरूले कुनै पनि सेवा गर्नुभन्दा अगाड़ि आफ्ना हातखुट्टा धुनु आवश्यक थियो। ठीक त्यस्तै प्रभुको निम्ति गरिने हाम्रो सेवकाइ प्रभावशाली हुनु हो भने, पहिले हाम्रा सबै कामहरू र हाम्रो दैनिक चाल वचनद्वारा शुद्ध पारिएको हुनुपर्छ। सेवा गर्ने स्त्रीहरूले अर्पण गरेका पित्तलका ऐनाहरूबाट यो बाटा बनिएको थियो। तिनीहरूले आत्मश्लाघा गर्नुको बदलीमा परमेश्वरको सेवा पो गर्न सके।

**उउ) प्रस्थान ३८ः९-३१ः यस निवासस्थानको आँगन, त्यसका खाँबा र पर्दाहरू**

**प्रस्थान ३८ः९-१०ः** यस निवासस्थानको वरिपरि एउटा आँगन थियो, जुन आँगनचाहिँ सेतो सुती कपड़ाले बनेका पर्दाहरू थिए। आँगनका छपन्ना खाँबाहरू चाँदीका थिए भने, तिनका चूलघरहरू पित्तलका थिए; अनि खाँबाका अङ्कुसेहरू र तिनका डन्डीहरू चाँदीका थिए; अनि यस आँगनको प्रवेशद्वारमा बुट्टेदार पर्दा लगाइएको थियो। सेतो सुती कपड़ाले यस धार्मिकताको कुरा बताउँछ, जुन धार्मिकताले विश्वास नगर्ने पापी मानिसहरूलाई परमेश्वरको नजिक पुग्नदखि रोक्छ र वञ्चित गर्छ; तर यही धार्मिकताले फेरि ढोकाबाट भित्र पसेको ख्रीष्ट-विश्वासीको सुरक्षा गर्छ र संसारबाट अलग पार्छ। यस आँगनको एकमात्र ढोकाचाहिँ त्यो प्रवेशद्वार थियो, जुन प्रवेशद्वारको पर्दा बाटेको मिहिन मलमलले बनेको थियो, जुन पर्दामा शिल्पकारद्वारा नीलो, बैजनी र सिन्दूरे रङ्गका बेलबुट्टाहरू हानिएका थिए। यस प्रवेशद्वाररूपी पर्दाले ख्रीष्ट येशूलाई सङ्केत गर्छ; किनभने उहाँले भन्नुभयोः *'ढोका म नै हुँ'* (यूहन्ना १०ः९)। उहाँ परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो हुनुहुन्छ। अनि यस मिहिन सुतीको कपड़ाले ख्रीष्ट येशूको निष्कलङ्क र पवित्र जीवन चित्रण गर्छ; नीलो रङ्गले उहाँको स्वर्गीय उद्‌गम बताउँछ भने, बैजनी रङ्गले उहाँको राजकीय महिमा प्रकट गर्छ; अनि सिन्दूरे रङ्गले हाम्रा पापहरूको निम्ति उहाँले भोग्नुभएको कष्ट देखाउँछ।

**प्रस्थान ३८ः२१-२३ः** यी सिपालु शिल्पकारहरूका नामहरू यहाँ फेरि एकपल्ट दोहोरिएका छन्। जब परमेश्वरले कुनै काम गर्नुहुन्छ, तब उहाँले त्यस कामको निम्ति मानिसहरूलाई खड़ा गर्नुहुन्छ। यो निवासस्थान निर्माण गर्नको निम्ति उहाँले बसलेल र ओहोलीआबलाई बोलाउनुभयो र यिनीहरूलाई ज्ञान र बुद्धि दिएर सक्षम तुल्याउनुभयो। अनि सुलेमोनको मन्दिरको निम्ति उहाँले हिरामलाई प्रयोग गर्नुभयो; हिरामले यस निर्माण-कार्यको निम्ति आवश्यक सामग्रीहरू जुटाए। अनि नयाँ नियममा आएर उहाँले आफ्नो मण्डली निर्माण गर्नको निम्ति आफ्ना चुनिएका कारिगर पत्रुस र पावललाई चलाउनुभयो।

**प्रस्थान ३८ः२४-३१ः** यस निवासस्थानको निर्माण-कार्यमा प्रयोग भएका

सामग्रीहरूको हिसाबकिताब होशियारसाथ गरिएको थियो। वर्तमान समयको प्रचलित मुद्राको मूल्यअनुसार यी सामग्रीहरूको योगफल अरबौं रुपियाँ हुनेथियो। हामी पनि आफ्नो धनसम्पत्ति प्रभुको कामको निम्ति समर्पण गर्न सक्छौं। यस सम्बन्धमा हामी पनि यसो भन्न सक्छौं:

> 'हे प्रभु, मसँग भएको सुन-चाँदी लिनुहोस्! मेरो सम्पत्तिको एक पाई पनि म बाँकी राख्नेछैनँ नै।' [34)]

### छ) प्रस्थान ३९: पूजाहारीहरूका वस्त्रहरूको तयारी

**प्रस्थान ३९:१-७:** अब पूजाहारीहरूका वस्त्रहरूको तयारीको कुरा आयो। शुरुमै यी चारवटा रङ्गहरू घरिघरि दोहोरिएकोमा हामी अचम्म मान्छौं। कसैको विचारमा, यी चार रङ्गहरूले ख्रीष्ट येशूका विभिन्न सद्‌गुणहरू प्रतिबिम्ब गर्छन्। यी सद्‌गुणहरू नयाँ नियमका चारैवटा सुसमाचारका पुस्तकहरू-अनुसार यस प्रकारका छन्, जस्तैः

*बैजनी रङ्ग:* बैजनी रङ्गले मत्तीको सुसमाचार सङ्केत गर्छ, जुन सुसमाचारले ख्रीष्ट येशूलाई यहूदीहरूको राजाको रूपमा प्रस्तुत गरेको छ।

*सिन्दूरे रङ्ग:* सिन्दूरे रङ्गले मर्कूसको सुसमाचार सङ्केत गर्छ, जुन सुसमाचारले ख्रीष्ट येशूलाई दुःखकष्ट उठाउनुभएको सेवकको रूपमा प्रस्तुत गरेको छ।

*सेतो रङ्ग:* सेतो रङ्गले लूकाको सुसमाचार सङ्केत गर्छ, जुन सुसमाचारअनुसार ख्रीष्ट येशू पापरहित मानिस हुनुहुन्थ्यो।

*नीलो रङ्ग:* नीलो रङ्गले यूहन्नाको सुसमाचार सङ्केत गर्छ; अनि यूहन्नाको सुसमाचारअनुसार ख्रीष्ट येशू परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ, जो स्वर्गबाट यस धरतीमा ओर्लेर आउनुभयो।

अब एपोदको कुरा आयो: यस एपोदमा प्रयोग गरिएका सुनका तारहरूरूपी धागोले ख्रीष्टको परमेश्वरत्व बताउँछ (प्रस्थान ३९:३) भने, एपोदका दुईवटा काँधेजोर्नीहरूमा एक-एक गोमेद पत्थर लगाइएको थियो, जुन गोमेद पत्थरहरूमा इस्राएली जातिका छ-छवटा कुलहरूका नामहरू खोपिएका थिए।

**प्रस्थान ३९:८-२१:** छातीपातामा बाह्रवटा बहुमूल्य पत्थरहरू जड़ेका थिए, प्रत्येक कुलको निम्ति एउटा (प्रस्थान ३९:१०-१४)। हाम्रा महापूजाहारीको सम्बन्धमा कुरा पनि उस्तै छ। सुसमाचार-प्रचारक श्री पिटर पेलले यसको सुन्दर व्यक्त यस प्रकारले गरेका छन्:

> 'उहाँले आफ्ना काँधको बलले र आफ्नो हृदयको प्रेमले परमेश्वरका जनहरूका नामहरू परमेश्वरको सामु पेश गर्नुहुन्छ।'

**प्रस्थान ३९:२२-२६:** अनि एपोदको यो नीलो अलखाचाहिँ एपोदमनि पहिरिन्थ्यो। यस अलखाको तल्लो फेरमा पालोसँग निखुर सुनका घण्टीहरू र नीलो, बैजनी, सिन्दूरे रङ्गको धागोले बुनेका दारिमहरू लगाइए। यी दुईवटा कुराहरूले आत्मिक फल र साक्षीको विषयमा कुरा गर्छन्, जुन फल र साक्षी हाम्रा प्रभु येशूसँग अवश्य भएका थिए, र जुन फल र साक्षी हामीमा पनि पैदा भएको हुनुपर्छ।

**प्रस्थान ३९:२७-२९:** अब लबेदाको कुरा आयो: पूजाहारीहरूले यो सुतीको लबेदा भित्र लगाउने वस्त्रको रूपमा सबैभन्दा पहिले पहिराउँथे (लेवी ८:७)। त्यस लबेदामाथि तिनीहरूले महिमा र शोभाको निम्ति दिइएका वस्त्रहरू लाउँथे। यसर्थ परमेश्वरले पहिले पश्चात्ताप गरेको पापी मानिसलाई आफ्नै

धार्मिकताको पोशाक पहिराउनुहुन्छ (२ कोरिन्थी ५ः२१)। अनि जब प्रभु येशू ख्रीष्ट यस पृथ्वीमा फर्किआउनुहुनेछ, तब उहाँले आफ्ना जनहरूलाई माहिमाका वस्त्रहरू पहिराउनुहुनेछ (फिलिप्पी ३ः२०-२१)। क्रमअनुसार पहिले धार्मिकता आउँछ, त्यसपछि महिमा।

**प्रस्थान ३९ः३०-३१ः** प्रधानपूजाहारीको पगरीमाथि लगाइने सुनको पातामा मोहोर खोपेझैं 'परमप्रभुको निम्ति पवित्र' भन्ने शब्दहरू खोपिएका थिए। इस्राएलीहरूले परमप्रभुका निम्ति चढ़ाएका पवित्र वस्तुहरूको सम्बन्धमा गरेका अधर्मको खातिर प्रधानपूजाहारीले यो लगाउनुपर्थ्यो (प्रस्थान २८ः३८)। यसर्थ बुझ्नुहोस्ः हामीले परमेश्वरको निम्ति जे पनि गर्छौं, यसमा पापको गन्ध र कलङ्क छँदैछ; तर हाम्रा आराधनामा र हाम्रो सेवामा लागेका सबै अशुद्धताहरू परमेश्वर पिताकहाँ पुग्नुभन्दा अघि नै येशू हाम्रा महापूजाहारीले हाम्रो आराधाना र सेवाबाट सबै अशुद्धता मेटाउनुहुन्छ र यसरी हाम्रो आराधना र सेवा उहाँमा ग्रहणयोग्य बन्छन्।

**प्रस्थान ३९ः३२-४३ः** अब भेट हुने पालको निवासस्थानको काम पूरा भयो। मानिसहरूले तयार गरेका सबै सामग्रीहरू मोशाकहाँ ल्याए। अनि उनले यस निवासस्थानका सबै सामानहरू जाँचे, र सबै थोकहरू परमेश्वरले दिनुभएका नापजोखअनुसारका पाए। यसकारण मोशाले मानिसहरूलाई आशीर्वाद दिए।

### ज) प्रस्थान ४०ः पवित्र निवासस्थान खड़ा गरिएको

**प्रस्थान ४०ः१-८ः** परमेश्वरले यो निवासस्थान खड़ा गर्ने आज्ञा दिनुभयो। यस वर्षको पहिलो महिनाको पहिलो दिनमा यो खड़ा गरिनुपर्थ्यो (प्रस्थान ४०ः१-२)। यसर्थ निवासस्थान खड़ा गर्ने दिनचाहिँ इस्राएलीहरू मिस्र देशबाट प्रस्थान भएको ठ्याक्क एक वर्ष भएको रहेछ; अनि इस्राएलीहरू सिनाई पर्वतमा आइपुगेको लगभग साढ़े आठ महिना भएको रहेछ।

अनि उहाँले निवासस्थानका सरसमानहरू कुन-कुन ठाउँमा राखिनुपर्ने हो, सो कुरा स्पष्ट पार्नुभयो। यसको विवरण अब दिइन्छ।

**प्रस्थान ४०ः९-१७ः** नौ पददेखि सत्र पदसम्म यो निवासस्थान र यसका सरसमानहरू, साथै प्रधानपूजाहारी र तिनका छोराहरूको अभिषेक कसरी गर्नुपर्छ, सो सम्बन्धमा परमेश्वरले अघि दिनुभएका निर्देशनहरू फेरि एक पल्ट दोहोरिएका छन्। ती सबै निर्देशनहरू दोस्रो वर्षको पहिलो महिनाको पहिलो दिनमा अर्थात् इस्राएलीहरूले मिस्र देश छोड़ेको एक वर्षपछि पूरा गरिए (प्रस्थान ४०ः१६-१७)।

**प्रस्थान ४०ः१८-३३ः** *'तब मोशाले यो निवासस्थान खड़ा गरे।'* यस अनुच्छेदमा तपाईंले *'जस्तो परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो'* भन्ने वाक्यमा ध्यान दिनुहोला। किनभने यो वाक्य सातपल्ट दोहोरिएको छ। मोशा ती महान् व्यवस्थादाताले परमप्रभुले तिनलाई निवासस्थान र यसको एक-एक सामग्रीको विषयमा आज्ञा गर्नुभएका सबै निर्देशनहरू कसरी पूरा गरे, सो कुराको बेलीबिस्तार हामी यस खण्डमा पढ़्न पाउँछौं।

अन्तमा मोशाले निवासस्थानको वरिपरि भएको आँगन खड़ा गरे। त्यसपछि हामी निम्न शब्द पढ़्छौंः *'यस प्रकारले मोशाले काम समाप्त गरे।'* यस निर्माण-कार्यको चरमसीमा यही हो।

**प्रस्थान ४०ः३४-३८ः** तब महिमाको बादल यस निवासस्थानमाथि उत्रियो र सारा भवनलाई भरिदियो। यसकारण मोशा यस निवासस्थानभित्र जान सकेनन्। यही

बादलले इस्राएली मानिसहरूलाई कनान देशतर्फको सम्पूर्ण बाटोमा साथ दिनेथियो। यो बादल अघि बढ्दाखेरि तिनीहरू अघि बढ्नुपर्नेथियो; अनि जब यो बादल अड़िरह्यो, तब तिनीहरूले यात्रा गर्दैनथिए।

लेवी-कुलको सदस्य भएको नाताले मोशाले त्यस दिनसम्म पूजाहारीको सेवा गर्दथिए, जुन दिनमा हारून र तिनका छोराहरू पूजाहारी कामको निम्ति विधिवत् रूपले नियुक्त भए। त्यसपछि पूजाहारी-सेवाको सम्पूर्ण कार्यभार उनीहरूको जिम्मामा सुम्पियो (लेवी ८)।

अनि यसरी नै प्रस्थानको पुस्तक परमेश्वरका जनहरूको इतिहास बन्न पुगेको छः तिनीहरूले मिस्र देशको दासत्वबाट छुटकारा पाएको दिनदेखि सिनाई पर्वतमा यो निवासस्थान खड़ा भएको दिनसम्म एक वर्ष बित्यो। यो पुस्तक ख्रीष्ट येशू र उहाँको नैतिक सिद्धताका सुन्दर चित्रणहरूले भरिएको छ। यहाँबाट हाम्रो जिम्मेवारी शुरु भएको छः आउनुहोस्, हामी महिमान्वित ख्रीष्ट येशूको आराधना गरौं र उहाँको पवित्रताको प्रकाशमा आफ्नो जीवन जिउने गरौं!

## ENDNOTES:

1) **2:9-10:** The Hebrew word ‘mashah’ “draw out” may be actually a bilingual play on words. The Hebrews used puns even in serious situations, such as the naming of children. (See, for example, the naming of Jacob’s sons in Genesis 29, 30.)
2) **2:9-10:** C. H. Mackintosh, *Genesis to Deuteronomy,* p. 144.
3) **3:1–4:** Appropriately, the Scottish Covenanters adopted the burning bush as their emblem, with the Latin motto below: “Nec consummaretur” (“Yet it was not consumed”).
4) **3:6:** R. Alan Cole, *Exodus: An Introduction and Commentary*, p. 66.
5) **3:7–12:** J. Oswald Sanders, further documentation unavailable.
6) **3:13-14:** Some Bibles, such as the Moffatt Version, translate the name by “the Eternal” (cf. also Louis Segond’s French version: “l’éternel”).
7) **5:2–14:** R. Alan Cole, *“Exodus”,* p. 82. The author attempts to reproduce the contemptuous attitude of the taskmasters in English by the translation “stub themselves stubble” (v. 12).
8) **8:20–24:** The Septuagint, which was produced in Egypt and may reflect local knowledge and Jewish tradition, translates by dog-fly (kynomuia), a gadfly with a painful bite. See Cole, Exodus, pp. 93, 94, for more details.
9) **10:29:** Matthew Henry, *“Exodus,” in Matthew Henry’s Commentary on the Whole Bible*, I:314.
10) **12:11–20:** R. Alan Cole, *“Exodus”,* p. 108.
11) **13:17–20:** C. F. Pfeiffer, *Baker’s Bible Atlas*, pp. 73, 74.
12) **13:21-22:** Matthew Henry, *“Exodus”*, I:328.
13) **14:15–18:** Matthew Henry, *“Exodus”*, I:332.
14) **15:1–21:** Dr. H. C. Woodring, unpublished notes, Emmaus Bible School.

**15) 15:1-21:** Matthew Henry, *"Exodus"*, I:335,336.

**16) 16:1–19:** The name is not related to the English word sin.

**17) 19:1–9:** D. L. Moody, *Notes From My Bible*, pp. 33, 34.

**18) Essay:** The New Scofield Study Bible, New King James Version, p. 4.

**19) Essay:** The old charge that dispensationalists believe in "seven different ways to get saved" is totally false.

**20) Essay:** Some do accept one of the ordinances.

**21) 21:1–6:** This is the second stanza of Bishop Handley C. G. Moule's hymn, "My Glorious Victor, Prince Divine," Hymns of Truth and Praise, #535.

**22) 23:18-19:** Orthodox Jews have two complete sets of china: one for meat products and one for milk products. To discourage Jews from eating meat and milk products in the same meal some cafeterias in Israel force one to go through two lines to have both. One Jerusalem cafeteria visited by the editor of this volume actually had the meat and milk lines on separate floors!

**23) 23:20–33:** Matthew Henry, *"Exodus,"* I:376.

**24) 25:17–22:** The word cherub may come from a Semitic root meaning "bless," "praise," or "adore," but it is more commonly held to be from the Hebrew karav, draw near. Thus cherubim are "covering ones" or those who draw near as protectors.

**25) 26:14:** The reason for the variety of translations is that we do not know for sure which animal skin the Hebrew word refers to.

**26) 28:36–38:** Archbishop Beveridge, further documentation unavailable.

**27) 30:1–10:** The Greek word thumiateµrion literally means "place (or thing) for incense." Hence it could refer to the incense altar or to the censer which was taken behind the veil on the Day of Atonement, filled with incense from the altar.

**28) 31:1–11:** It is noteworthy that the national art academy in modern Israel is named after Bezalel.

**29) Essay:** The typology of the tabernacle is widely held among evangelical believers, though obviously there is not complete agreement on all details. Some Christians accept only those types that are mentioned specifically in the NT, chiefly in Hebrews. See Genesis 42 for a brief discussion of typology.

**30) 32:30–35:** Some believe that, like Paul fifteen centuries later, Moses was willing to be accursed and lost if it would save his fellow Israelites.

**31) 33:18–23:** Hywel R. Jones, further documentation unavailable.

**32) 37:6–9:** The same Greek word, *hilastçrion*, means both *propitiation* (*satisfaction by sacrifice*) and *place of propitiation* (i.e., the mercy seat)

**33) 37:10–16:** G. Morrish, *New and Concise Bible Dictionary*, p. 754.

34 (38:24–31) It is much easier to sing this line from Frances Ridley Havergal's great spiritual hymn, "Take My Life and Let It Be," than it is to *practice* it!

**BIBLIOGRAPHY:**

Borland, James A. *"Exodus" in Liberty Bible Commentary*. Lynchburg, VA: The Old- Time Gospel Hour, 1982.

Cole, R. Alan. *Exodus: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1973.

Dennett, Edward. *Typical Teachings of Exodus*. Reprint. Denver: Wilson Foundation, n.d.

Henry, Matthew. *"Exodus" in Matthew Henry's Commentary on the Whole Bible*. Vol. 1. *Genesis to Deuteronomy*. McLean, VA: MacDonald Publishing Company, n.d.

Keil, C. F. and Delitzsch, F. *"Exodus" in Biblical Commentary on the Old Testament*. Vols. 1-2. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Lange, John Peter. *"Exodus" in Commentary on the Holy Scriptures, Critical, Doctrinal and Homiletically*. Vol. 2. Reprint (24 vols. in 12). Grand Rapids: Zondervan Publishing House, 1980.

Pell, Peter, Jr. *The Tabernacle* (Correspondence Course). Oak Park, IL: Emmaus Bible School, 1957.

Ridout, Samuel. *Lectures on the Tabernacle*. New York: Loizeaux Brothers, Inc., 1973.

Rosen, Moishe and Ceil. *Christ in the Passover*. Chicago: Moody Press, n.d.

# लेवीको पुस्तकको टिप्पणी

# लेवीको पुस्तकको भूमिका

*‘पवित्र आत्माको प्रेरणायुक्त धर्मग्रन्थ पवित्र बाइबलभरि लेवीको पुस्तकमा भन्दा अरू कुनै दोस्रो पुस्तक नै छैन, जुन पुस्तकमा परमेश्वर स्वयम्‌ले बोल्नुभएका बढ़ीभन्दा बढ़ी वचनहरू उल्लेख गरिएका छन् । किनकि यस लेवीको पुस्तकको एक-एक पृष्ठमा प्रत्यक्ष वक्ताचाहिँ परमेश्वर आफै हुनुहुन्छ । अनि अनुग्रहले पूर्ण उहाँका यी वचनहरू प्रायः बोल्ने शैलीमा लेखिए । निस्सन्देह लेवीको पुस्तकको प्रसङ्‌गबाट उठेको यस कुराले हामीभित्र यस पुस्तकमा हाम्रो चासो बढ़ाएको छ र यो पुस्तक ध्यानसित अध्ययन गर्ने प्रेरणा दिलाएको छ; यसमा कुनै शङ्का छैन ।’*

*श्री एण्ड्रऊ बोनर*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

श्री जे. एन. डर्बीले हामीलाई चेताउनी दिएर यसो भनेका छन्ः ‘जुन ख्रीष्ट-विश्वासीहरूले पवित्रतामा कुनै चासो राख्दैनन्, ती ख्रीष्ट-विश्वासीहरूको आत्मिक हालत निक्कै खतरनाक भएको देखिन्छ; किनभने यस विषयप्रति उनीहरूको अरुचिका नतिजाहरू भयानक हुन्छन् ।’ अनि पवित्रता-चाहिँ लेवीको पुस्तकको मुख्य विषयवस्तु हो । अनि हुन सक्छ, यही कारणले नै धेरै इसाईहरूको निम्ति यो पुस्तक पढ़्न अति गाह्रो हुन गएको छ । यस पुस्तकमा उल्लेख गरिएका निर्देशनहरू उहिले यहूदीहरूले परमप्रभुलाई बलिदानहरू कसरी चढ़ाउनु-परेको थियो र अन्यजातिहरूबाट अलग रहेर कसरी पवित्र जीवन कायम राख्नुपरेको थियो, सो सम्बन्धमा प्रस्तुत गरिएका विधिहरूको विस्तृत बेलीबिस्तार मात्र सम्झेर यस पुस्तकबाट पाउने आशिष सीमित रहन्छ । तर यी बलिदानहरूको एक-एक बेलीबिस्तार-चाहिँ ख्रीष्ट येशू र उहाँको त्राणको काम चित्रण गर्छ भन्ने कुरा जब हामी बुझ्न थाल्छौं, तबचाहिँ हामी यस पुस्तकमा ध्यान लगाउन सक्ने र मनन गर्न सक्ने धेरै विषयहरू पाउँछौं । अनि जब हामी लेवीको पुस्तक हिब्रूको पुस्तकसित, नयाँ नियममा भएको त्यसको जोड़ी पुस्तकसित तुलना गर्छौं, तब हामी अझै थप आशिषहरू पाउँछौं ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

लेवीको पुस्तकका जम्मा सत्ताइस अध्यायहरू छन्, जसका बीसवटा अध्याय-हरू र बाँकी अध्यायहरूमा अरू पैंतीस अनुच्छेदहरू छन्, जुनचाहिँ कि त *‘अनि परमप्रभुले मोशालाई यसो भन्नुभयो ...’* भन्ने वाक्यबाट, कि त योजस्तै वाक्यबाट शुरु हुन्छन् । बितेको युगमा यहूदीधर्म र इसाईधर्मका सबै अवलम्बीहरूले यो वाक्य जस्तै लेखिएको छ, ठीक त्यस्तै यसको अर्थ बुझ्थे । हाम्रा प्रभु येशू आफूले लेवी १३ः४९ पद एउटा कोरीलाई आज्ञा गर्दा आफ्नो आदेशको आधार बनाउनुभयो, जब उहाँले यसो भन्नुभयोः *‘जाऊ, आफूलाई पूजारहारी-कहाँ देखाऊ, र तिनीहरूको निम्ति साक्षी हुनलाई **मोशाले आज्ञा गरेका थोकहरू** तिम्रो शुद्धिको निम्ति चढ़ाऊ !’* (मर्कूस १ः४४) । तर हिजोआज धेरै समुदाय र समाजहरूमा

लेवीको पुस्तक मात्र कहाँ हो र, तर सम्पूर्ण पेन्टटुकका पाँच पुस्तकहरू मोशाले लेखेको होइन भन्नु लोकप्रिय चलन भएको छ।

तर हाम्रो निम्ति चाहिँ कुरा स्पष्ट छः हामीले परम्परागत दृष्टिकोण अपनाएका छौं; किनभने मोशा यस पुस्तकको लेखक हुन् भन्ने यो दृष्टिकोण सत्य हो; यति मात्र होइन, तर यो कुरा स्वीकार गर्न अति महत्त्वपूर्ण पनि छ। यसकारण हामीले यो विषय उठाएर पेन्टटुकको भूमिकामा यो विषय पूरा छलफल गरेका छौं। विन्ती छ, तपाईंले यो भूमिका ध्यानसित पढ्नुहोला।

### ग) यस पुस्तकको लेख्ने मिति के हो?

हामी आफ्नो तर्क पेश गर्दा लेवीको पुस्तकको लेखक मोशा हुन् भन्ने कुरा मानिलिएका छौं; अनि पेन्टटुकअन्तरगत प्राप्त गरेका प्रमाणहरू लिएर हामी के सुझाउ दिन्छौं भने, यो लेवीको पुस्तक निवासस्थानको निर्माण-कार्य सिद्धिनासाथ त्यसपछिको पचास दिनको अवधिभित्र लेखियो (प्रस्थान ४०:१७)। यसर्थ इस्राएलीहरू सिनाई पर्वतदेखि यात्रा शुरु गर्नुभन्दा अघि यस पुस्तकमा लेखिएका कुराहरू मोशाकहाँ प्रकट गरिएका हुनुपर्ला (गन्ती १०:११)। तर यस पुस्तकको लेख्ने मिति तोकेर भन्न सकिँदैन, तर ख्रीष्टपूर्व १४५०-१४१० सालभित्र लेखिएको अनुमान सठीक ठहरिएला।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन्?

यस पुस्तकमा के-के लेखिएको होला, सो याद गर्ने सजिलो उपाय यो होः तपाईंले 'लेवीहरू' वा 'पूजाहारीहरू' भन्ने शब्द याद गर्नुहोस्! किनकि लेवीको पुस्तक पूजाहारीहरूको नियमावली पुस्तक हो। परमप्रभुको भेट हुने निवासस्थान उजाड़स्थानमा खड़ा गरिएको बयान दिएर प्रस्थानको पुस्तक समाप्त भयो। अबचाहिँ पूजाहारीहरू र लेवीहरूले निर्देशनहरू पाउनैपर्छ; तिनीहरूले यस निवासस्थानको सम्बन्धमा आफ्नो सेवा-क्षेत्रका सबै नियमहरू सिक्नुपरेको थियो, जस्तैः विभिन्न भेटी र बलिदानहरू कसरी परमप्रभुको निम्ति चढ़ाउनुपर्छ; साथै तिनीहरूले अरू विधिहरू पनि सिक्नु थियो, जस्तैः कोरीको र घरको शुद्धीकरण कसरी गर्नुपर्छ।

प्रस्थानको पुस्तकमा इस्राएलीहरूले मिस्र देशको दासत्वबाट कसरी छुटकारा पाए, र तिनीहरू परमेश्‍वरको विशेष धनको रूपमा अलग गरिए, सो कुरा हामीले देख्न पायौं। लेवीको पुस्तकमा तिनीहरू यस पवित्र-स्थानमार्फत परमेश्‍वरको नजिक आउन योग्य हुनको निम्ति कसरी पाप र अशुद्धतादेखि अलग बस्नुपर्ने हो, सो कुरा हामी अब देख्नेछौं। पवित्रताचाहिँ इस्रालीहरूको सशर्त आदेश र तिनीहरूको जीवनको हरेक कुरा जाँच्ने मानदण्ड हुने भयो। पुरानो नियममा होस् वा नयाँ नियम किन नहोस्, यी दुवै नियमहरूमा परमेश्‍वरको माग यही होः उहाँका जनहरू पवित्र हुनुपर्छ; किनकि उहाँ पवित्र हुनुहुन्छ। यस मागले एउटा ठूलो समास्या खड़ा गरेको छ; किनभने मानिस स्वभावले पापी र उसको व्यवहार अपवित्र छ। यस समस्या कसरी हल हुन्छ? यसको समाधान प्रायश्‍चित्तको रगतमा छ (लेवी १७:११)। पुरानो नियमको समयमा पशु-बलिहरू चढ़ाइन्थे; यी बलिदानहरूको अर्थ भविष्यमा परमेश्‍वरको थुमाको एकैचोटि सदाको निम्ति दिइएको सिद्ध बलिदानमा पूरा भयो। यो कुरा नयाँ नियममा खास गरी हिब्रूको पुस्तकबाट स्पष्ट रूपले प्रकट भएको छ।

## रूपरेखाः

**खण्ड १) लेवी १:१-६:७: विभिन्न किसिमका भेटी र बलिहरू**

**क) लेवी १:** होमबलि
**ख) लेवी २:** अन्नबलि
**ग) लेवी ३:** मेलबलि
**घ) लेवी ४:१-५:१३:** पापबलि
**ङ) लेवी ५:१४-६:७:** दोषबलि

**खण्ड २) लेवी ६:८-७:३८: बलिहरूको नियमावली**

**खण्ड ३) लेवी ८-१०: पूजाहारीहरूको समर्पण**

**क) लेवी ८:** मोशाले पूजाहारीहरूलाई अभिषेक गरेका
**ख) लेवी ९:** हारूनले चढ़ाएका बलिहरू
**ग) लेवी १०:** नादाब र अबिहूले पवित्रता भङ्ग गरेका

**खण्ड ४) लेवी ११-१५: शुद्ध र अशुद्ध कुराहरू**

**क) लेवी ११:** शुद्ध र अशुद्ध खानेकुराहरू
**ख) लेवी १२:** सुत्केरीको शुद्धीकरण
**ग) लेवी १३:** कुष्ठ रोग खुट्ट्याउने नियम
**घ) लेवी १४:** कोरीको शुद्धीकरण
**ङ) लेवी १५:** पुरुषमा प्रमेह आदि कुरा र स्त्रीको बहाउको सम्बन्धमा हुने शुद्धीकरण

**खण्ड ५) लेवी १६: प्रायश्चित्तको दिन**

**खण्ड ६) लेवी १७: बलिदानको निम्ति लागू हुने नियमहरू**

**खण्ड ७) लेवी १८-२२: व्यक्तिगत आचरण-व्यवहारको सम्बन्धमा लागू हुने नियमहरू**

**क) लेवी १८:** चोखो यौन-क्रिया कायम राख्नुपर्ने नियमहरू
**ख) लेवी १९:** दैनिक जीवनको सम्बन्धमा लागू हुने अन्य नियमहरू
**ग) लेवी २०:** ठूला-ठूला अपराधहरूको निम्ति लागू गराउनुपर्ने सजाय
**घ) लेवी २१-२२:** पूजाहारीहरूको आचरण-व्यवहार कस्तो हुनुपर्छ ?

**खण्ड ८) लेवी २३: परमप्रभुका चाड़हरू**

**क) लेवी २३:१-३:** विश्राम-दिन
**ख) लेवी २३:४-५:** निस्तार-चाड़
**ग) लेवी २३:५-८:** अखमिरी रोटीहरूको चाड़
**घ) लेवी २३:९-१४:** पहिलो फलको चाड़

- **ङ) लेवी २३ः१५-२२ः** हप्ताहरूको चाड़
- **च) लेवी २३ः२३-२५ः** तुरहीको चाड़
- **छ) लेवी २३ः२६-३२ः** प्रायश्चित्तको दिन
- **ज) लेवी २३ः३३-४४ः** झुपड़ीहरूको चाड़

**खण्ड ९) लेवी २४ः विधिवत् नियमहरू र नैतिक नियमहरू**

**खण्ड १०) लेवी २५ः विश्राम वर्ष र जुबिली वर्ष**

**खण्ड ११) लेवी २६ः आशीर्वादहरू र श्रापहरू**

- **क) लेवी २६ः१-१३ः** परमेश्वरप्रति आज्ञाकारी हुनेहरूलाई हुने आशीर्वाद
- **ख) लेवी २६ः१४-३९ः** परमेश्वरप्रति अनाज्ञाकारी हुनेहरूलाई मिल्ने श्राप
- **ग) लेवी २६ः४०-४६ः** पापको स्वीकार र पश्चात्ताप गरेकोबाट मिल्ने पुनर्स्थापना

**खण्ड १२) लेवी २७ः विभिन्न भाकलहरू र दशांशहरू**

# लेवीको पुस्तकको टिप्पणी

## खण्ड १

### लेवी १:१-६:७: विभिन्न किसिमका भेटी र बलिहरू

**क) लेवी १: होमबलि**

लेवीको पुस्तक कसरी शुरु हुन्छ, सो कुरा तपाईंले याद गर्नुहोला; किनभने परमप्रभुले भेट हुने पालदेखि मोशालाई बोलाउनुभयो र उनीसँग कुरा गर्नुभयो। अघि श्री एण्ड्रूऊ बोनरले भनेका कुरा हामीलाई सठीक लाग्छ, जसले यसो भनेका छन्: 'लेवीको पुस्तकमा भन्दा अरू कुनै दोस्रो पुस्तक नै छैन, जुन पुस्तकमा परमेश्वर स्वयम्ले बोल्नुभएका बढ़ीभन्दा बढ़ी वचनहरू उल्लेख गरिएका छन्।' यसो हो भने, हामीले तिनको सल्लाहमाथि पनि ध्यान दिनुपर्छः 'यस कुराले हामीभित्र यस पुस्तकमा हाम्रो चासो बढ़ाएको छ र यो पुस्तक ध्यानसित अध्ययन गर्ने प्रेरणा दिलाएको छ।' यसकारण आउनुहोस्, हामी यो लेवीको पुस्तक ध्यानसित अध्ययन गरौं ! शुरुमा नै परमप्रभुले पाँच किसिमका बलिहरू पेश गर्नुहुन्छः होमबलि, अन्नबलि, मेलबलि, पापबलि र दोषबलि। अनि होमबलि, अन्नबलि र मेलबलिचाहिँ स्वेच्छाले चढ़ाइने बलिहरू थिए, अँ, परमप्रभुको निम्ति मीठो बास्ना प्रदान गर्ने बलिहरू थिए भने, पापबलि र दोषबलिचाहिँ पापको सम्बन्धमा चढ़ाइन्थे, पापबलि र दोषबलि चढ़ाउनु अनिवार्य हुन्थ्यो।

इस्राएलीहरूको निम्ति परमेश्वरको पहिलो सन्देश यस प्रकारको थियोः तिनीहरूले आफ्नो पशुधनबाट अर्थात् गाईगोरु र भेड़ा-बाख्राहरूबाट परमप्रभुको निम्ति भेटीहरू चढ़ाउनुपरेको थियो।

*होमबलिको वर्णन यस प्रकारको छः*

लेवीको पुस्तकको पहिलो अध्याय होमबलिसँग सम्बन्धित छ। (होमबलि हिब्रूमा 'ओलाह'[1] भनिन्छ)। होमबलिचाहिँ कि त निष्खोट बहर (लेवी १:३ र ५), कि त निष्खोट साँढ़भेड़ा वा बोका (लेवी १:१०), कि त ढुकुर वा परेवाको बच्चा हुन सक्थ्यो (लेवी १:१४)। यो कुरा होमबलि चढ़ाउने व्यक्ति र उसको औकातमा निर्भर गर्थ्यो। यी तीनै बलिपशुहरू शान्त स्वभावका जनावर थिए। परमप्रभुको वेदीमा मानिसले कुनै जङ्गली पशु बलि चढ़ाउनुहुँदैनथियो।

श्री पीटर पेलले कस्तो सुझाउ दिए भने, पहिलो यस बहरको कुरा आयोः यस होमबलिको बहरले हाम्रा प्रभुलाई सङ्केत गर्छ; किनभने प्रभु येशू धैर्यवान्, कहिल्यै नथाक्ने कामदार हुनुहुन्थ्यो, जसले सधैंभरि आफ्ना पिताको इच्छा पूरा गर्नुहुन्थ्यो र जसको जीवन सेवा गर्ने सम्बन्धमा एउटा सिद्ध जीवन थियो

र जसको त्राणात्मक मृत्यु एउटा सिद्ध बलिदान थियो। अनि यस साँढ़भेड़ाको साङ्केतिक अर्थचाहिँ? यो भेड़ा नम्र र दीन प्रभु येशूको प्रतिरूप हो; किनभने उहाँले आफूलाई पिताको इच्छाको अधीनतामा सुम्पनुभयो। उहाँको आत्म-समर्पण सिद्ध थियो र त्यसमा कहिल्यै कुनै करकाप हुँदैनथियो। अनि यो बोकाचाहिँ? यो बोका हाम्रो स्थानमा हाम्रो निम्ति बलि हुनुभएको हाम्रो प्रभु येशूको चित्रण हो। अन्तमा, यस कुर्ले ढुकुरले उहाँलाई स्वर्गीय जनको रूपमा प्रस्तुत गर्छ, र 'दुःखको मानिस'को रूप लिन्छ; किनकि अङ्ग्रेजीमा 'कुर्ले-ढुकुरले बिलौना गरेको' भन्ने चलन छ। [2)]

हे मेरा भाइबहिनीहरूहो, हेर, एक खोटरहित बलिपशु मर्दै हुनुहुन्छ!
त्यस काठको क्रूसमाथि झुन्डिनुभएकोलाई हेर! उहाँ हाम्रो जमानी बस्नुभएको छ;
प्रभु येशूलाई, परमेश्वरको त्यो थुमा, त्यो सिद्ध पाप-बलिलाई हेर!
उहाँले आफैलाई दिइहाल्नुभयो तिमीहरू र मेरो निम्ति नै।

अनभिज्ञ व्यक्तिको रचना

*होमबलि चढ़ाउने व्यक्तिको कर्तव्यः*

होमबलि चढ़ाउने व्यक्तिले पहिले आफ्ना होमबलिको पशु निवासस्थानको ढोकामा, त्यस पित्तलको वेदीको छेउमा ल्याउँथ्यो (लेवी १:३); त्यसपछि उसले आफ्नो हात यस बलिपशुको टाउकोमाथि राख्थ्यो (लेवी १:४) (अथवा उसले पूरा भरोसाको साथ आफ्नो हात यस बलिपशुको टाउकोमा टेकाउँथ्यो)। त्यसपछि परमप्रभुको सामु उसले कि त यस बहरलाई मार्थ्यो (लेवी १:५), कि त यस साँढ़भेड़ा वा बोकालाई मार्थ्यो (लेवी १:११)। अनि उसले यसको छाला काढ्थ्यो र यसलाई टुक्राटुक्रा हुने गरी काट्थ्यो (लेवी १:६ र १२); त्यसपछि उसले यस पशुको आन्द्राभुँड़ी र यसका खुट्टाहरू पानीले धुन्थ्यो (लेवी १:९ र १३)। अब लेवी १:३ पदको कुरा आयो, जहाँ यसो लेखिएको छः *'उसले त्यो परमप्रभुको सामु* ***स्वेच्छाले*** *भेट हुने पालको ढोकामा चढ़ाओस्!'* कतिपय बाइबल-संस्करणहरूमा यस वाक्यको अनुवाद 'ग्रहणयोग्य हुनलाई' भएको छ, जसरी यो शब्द लेवी १:४ पदमा अनुवाद गरिएको छ।

*पूजाहारीहरूको कर्तव्यः*

पूजाहारीहरूले होमबलिको रूपमा मारिएको यस पशुको रगत त्यस होमबलिको वेदीमाथि चारैतिर छर्कन्थे (लेवी १:५ र ११); अनि तिनीहरूले त्यस वेदीमाथि पहिले आगो राख्थे, त्यसपछि आगोमाथि दाउरा राख्थे (लेवी १:७); त्यसपछि तिनीहरूले दाउरा-माथि यस काटिएको पशुका टुक्राहरू मिलाएर राख्थे (लेवी १:८ र १२)। होमबलिको रूपमा मारिएको यस पशुको छालाबाहेक यसका सबै थोकहरू त्यस वेदीमाथि जलाइन्थे (लेवी १:१३ र ७:८)।

अब ढुकुर वा परेवाको बच्चाको कुरा आयोः परमप्रभुको निम्ति चढ़ाइने होमबलि पक्षी हुनु हो भने, पूजाहारीहरूले त्यस वेदीको छेउमा यस चराको मुण्टो निमोठेर चुँड़ाउथे र त्यस वेदीको भित्तामा यसको रगत निथार्थे; त्यसपछि तिनीहरूले यस चराको गाँड़ निकालेर यसका प्वाँखहरूको साथमा त्यस वेदीको पूर्वपट्टि खरानी राख्ने ठाउँमा फ्याँक्थे। तब तिनीहरूले यो चरा नटुक्राईकन बीचबाट चिर्थे, र यसलाई त्यस होमबलिको वेदीमाथि जलाइदिन्थे। 'जलाउनु' भनेर जुन शब्द यहाँ प्रयोग गरिएको छ, त्यस शब्दको खास अर्थचाहिँ धूप बाल्नु हो; किनभने परमप्रभुको निम्ति यो मीठो बास्ना हुन्थ्यो। तर जब पापबलिहरू जलाइन्थे, तब

जलाउनको निम्ति अर्को शब्द प्रयोग गरिएको छ।

*होमबलिको कुनचाहिँ भाग कसको हुने भयो ?*

त्यस होमबलिको वेदीमाथि बलिपशुको जेजति जलाइन्थे, त्यो सबै परमेश्वरको भाग हुन्थ्यो। तर बलिपशुको छालाचाहिँ बलि चढ़ाउने पूजाहारीको भाग हुन्थ्यो (लेवी ७:८)। अनि यस होमबलिबाट बलि चढ़ाउने व्यक्तिले केही पनि पाउँदैनथियो।

यसरी नै होमबलि चढ़ाउने व्यक्तिले परमप्रभुप्रति आफ्नो सम्पूर्ण समर्पण र भक्ति व्यक्त गर्छ। अनि विभिन्न अवसरहरूमा होमबलिहरू चढ़ाइन्थे। यसको जानकारी पाउन तपाईंले कुनै बाइबल-शब्दकोष खोलेर हेर्नुहोला।

अब होमबलिको सङ्केतात्मक अर्थको कुरा आयो। होमबलिले ख्रीष्ट येशूको बलिदान चित्रण गर्छ; किनभने उहाँले आफूलाई परमेश्वरकहाँ निष्कलङ्क बलिदानको रूपमा समर्पण गर्नुभयो। गलगथाचाहिँ त्यो वेदी थियो, जहाँ ईश्वरीय न्यायको ज्वालाले परमेश्वरको थुमालाई सम्पूर्ण रूपले भस्म गर्‍यो। श्रीमति अमेलिया एम. हलले रचेका भजनले यसको अर्थ राम्ररी व्यक्त गरेको छः

जुन वेदीमाथि परमेश्वरको थुमा मेरो निम्ति
सम्पूर्ण रूपले जलेर खरानी हुनुभयो,
त्यस वेदीको छेउमा म उपस्थित थिएँ, र
यसको साक्षी बसेको छु;
किनभने मेरो प्रभु येशूरूपी होमबलिको मीठो
बास्ना माथि उठ्दै गएको
र स्वर्गमा पुगेको र हे पिता, तपाईंको दृष्टिमा
यो ग्रहणयोग्य भएको म हेर्दैथिएँ।

### ख) लेवी २ः अन्नबलि

यो अन्नबलिचाहिँ कि त गहुँको पीठो कि अन्न नै हुन्थ्यो। हिब्रू भाषामा अन्नबलि 'मिन्काह' भनिन्छ। [3)]

किसिम-किसिमका अन्नबलिहरू हुन्थे, जस्तैः मैदा, जुनचाहिँ तेल र लोबानको साथमा चढ़ाइन्थ्यो (लेवी २:१)। यो पीठो पकाइँदैनथियो, तर यसको एक मुठीभरि होमबलिको वेदीमाथि जलाइन्थ्यो (लेवी २:२)। अनि पकाइने तीन किसिमका अन्न-बलिहरू हुन्थेः **क)** तन्दुरमा पकाइएको फुरौला वा रोटी (लेवी २:४); **ख)** तावामा पकाइएको चपाती (लेवी २:५), **ग)** ताई वा कराहीमा पकाइएको परौठा (लेवी २:७)। यसमा अनुवादको कुरा आयोः अँग्रेजी के.जे.वी. र आर.एस.वी.-बाइबलहरूले यो शब्द 'ताई-ताप्के' भनेर अनुवाद गरेका छन्। तर कसै-कसैको विचारमा, यो भाँड़ाचाहिँ ढकनी भएको भाँड़ा हुनुपर्ला; यसो हो भने, यी फुरौलाहरू पानीमा उसिन्थे, मोःमोः-जस्तै। अनि तेस्रो, फसलको पहिलो फलबाट अन्नबलि चढ़ाइन्थ्यो; यो अन्नबलि अन्नका गेड़ाहरू हुन्थे, जुनचाहिँ आगोमा पोलिन्थे (लेवी २:१४)। लेवी २:१२ पदमा उल्लेख गरिएको अन्नबलि एउटा विशेष अन्नबलि थियो, जुनचाहिँ होमबलिको वेदीमा चढ़ाइँदैनथियो; किनभने त्यसमा खमीर हालिएको हुन्थ्यो (लेवी २३:१५-२१)।

उक्त अन्नबलिहरूमा खमीर वा मह मिसाउनुहुँदैनथियो (लेवी २:११); किनभने खमीरले सड़ाहट देखाउँछ भने, महले चाहिँ प्राकृतिक गुलियोपन सङ्केत गर्छ। तर सबै अन्नबलिमा परमेश्वर र इस्राएली जातिको बीचमा स्थापित भएको करारको चिन्ह-स्वरूप नुन मिसाइनुपर्थ्यो। त्यो नुन 'करारको नुन' भनिएको छ (लेवी २:१३)। त्यस नुनले परमप्रभु र इस्राएली जातिको बीचको यो करार अटुट हुन्छ भन्ने सङ्केत गर्छ। 'करारको नुन'का अन्य सन्दर्भ-पदहरू यी हुन्ः गन्ती १८:१९; २ इतिहास १३:५; इजकिएल ४३:२४)।

*अन्नबलि चढ़ाउने व्यक्तिको कर्तव्यः*

अन्नबलि चढ़ाउने व्यक्तिले यो भेटी आफ्नो घरमा तयार गरेर पूजाहारीहरूकहाँ ल्याउनुपर्थ्यो (लेवी २ः२ र ८)।

*पूजाहारीको कर्तव्यः*

पूजाहारीले यो अन्नबलि वेदीको सामु प्रस्तुत गर्थे (लेवी ६ः१४); त्यसपछि तिनले यसबाट एक मुठीभरि लिएर सम्झना-स्वरूप होमबलिको वेदीमाथि जलाउँथे (लेवी २ः२ र ९)।

*अन्नबलिको कुनचाहिँ भाग कसको हुने भयो?*

यस अन्नबलिबाट सबै लोबानको साथमा यो मुठीभरिको सम्झनाको भाग होमबलिको वेदीमाथि जलाइन्थ्यो; योचाहिँ परमप्रभुको भाग हुन्थ्यो। अनि यस अन्नबलिको बाँकी भाग पूजाहारीहरूको हुन्थ्यो; तिनीहरूको खानेकुरा हुन्थ्यो (लेवी २ः३ र १०)। अनि अन्नबलि चढ़ाउने पूजाहारीले तन्दुरमा, तावा वा ताईमा अथवा अन्य पकाउने भाँड़ामा पकाइएको रोटी, फुरौला, परौठा आदि खानेकुराहरू पाउँथे (लेवी ७ः९)। तर तेलसँग मिसाइएको र सुक्खा सबै अन्नबलि अरू पूजाहारीहरूको भाग हुन्थ्यो (लेवी ७ः१०)। अन्नबलि चढ़ाउने व्यक्तिले यस भेटीबाट कुनै भाग पाउँदैनथियो।

अन्नबलि चढ़ाउने व्यक्तिले यसद्वारा यो स्वीकार गर्थ्योः 'परमेश्वर कति उदारचित्तको हुनुहुन्छ! किनकि उहाँले मेरो निम्ति जीवनमा चाहिने सबै असल थोकहरू जुटाउनुभएको छ!' मैदा, लोबान र तेलले, अनि अर्घबलि हो भने, दाखमद्यले पनि यो भरपूरी दर्साउँछन्।

साङ्केतिक अर्थमा अन्नबलिको मैदाले हाम्रा मुक्तिदाता प्रभुको नैतिक सिद्धता देखाउँछ; उहाँको जीवनमा कुनै खमीर, कुनै खराबी भएको थिएन। अनि उहाँको जीवन परमेश्वरको निम्ति मीठो बास्ना हुन्थ्यो; लोबानले यो देखाउँछ। अनि तेलको अर्थचाहिँ? उहाँको जीवन पवित्र आत्माले भरपूर जीवन थियो। भजनको लेखकले यो कुरा व्यक्त गर्ने निम्न सुन्दर शब्दहरू पाएः

> उहाँको जीवन प्रेमले पूर्ण जीवन थियो,
> जसबाट सुवासनारूपी त्यो पवित्र प्रेम पोख्यो-पोख्यो!
> उहाँको जीवन श्राप परेको भूमिका काँड़ा र सिउँड़ीहरूको बीचमा कति कञ्चन, कति निर्मल, अँ, कति मीठो!! उहाँको जीवन अद्भुत कस्तो-कस्तो?
> यसबाट परमेश्वरको मुहार, त्यो प्रमिलो, महिमित र नम्र मुहार हामीमाथि चम्कन्छ,
> हे प्रभु, यसले हामीलाई तपाईंको चरणमा झुकाउँछ-झुकाउँछ!
>
> श्री एफ. अलाबेन

### ग) लेवी ३ः मेलबलि

**लेवी ३ः१-१५ः** यो मेलबलि वा सङ्गति-बलि हिब्रूमा 'शेलेम' वा 'शेलामिम'[4)] भनिन्छ। प्रायश्चित्तको रगतले कमाएको पुण्यफलको आधारमा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ। योचाहिँ खूब रमाउने कारण हो। अनि मेलमिलाप मेलबलिद्वारा मनाइन्थ्यो। यो आनन्द, प्रेम र सङ्गतिको एउटा भोज थियो।

*मेलबलिको वर्णन यस प्रकारको छः*

तीन किसिमका मेलबलि-पशुहरू हुन्थेः गाईबस्तुबाट यो बलिपशु बहर वा कोरेली हुन सक्थ्यो (लेवी ३ः१-५); मेलबलिको पशु भेड़ाबाख्राहरूबाट हुनु हो भने, यो कि त भेड़ाको पाठो-पाठी (लेवी ३ः६-११), कि त बाख्राको पाठो-पाठी हुन सक्थ्यो (लेवी ३ः१२-१७)।

*मेलबलि चढ़ाउने व्यक्तिको कर्तव्यः*

मेलबलि चढ़ाउने व्यक्तिले बलिको पशु निवासस्थानको आँगनको ढोकानेर परमप्रभुको सामु प्रस्तुत गर्थ्यो (लेवी ३ः१, २, ७ र १२); त्यसपछि उसले त्यस मेलबलि-पशुको टाउकोमाथि आफ्नो हात राख्थ्यो (लेवी ३ः२, ८ र १३); अनि उसले त्यो पशु निवासस्थानको ढोकाको सामु मार्थ्यो (लेवी ३ः२, ८ र १३); अनि मेलबलिको रूपमा मारिएको यस पशुबाट उसले केही भागहरू निकाल्थ्यो, जस्तैः बोसो, मिर्गौलाहरू, बोसे पुच्छर र कलेजालाई ढाक्ने जाली-बोसो। यी थोकहरू होमबलिको वेदीमाथि जलाउनको निम्ति अलग गरिन्थे (लेवी ३ः३, ४, ९, १०, १४ र १५)।

*पूजाहारीहरूको कर्तव्यः*

पूजाहारीहरूले मेलबलिको रगत वेदीमाथि वरिपरि छर्कन्थे (लेवी ३ः२, ८ र १३); तिनीहरूले परमप्रभुको भाग अर्थात् त्यो बोसो, ती मिर्गौलाहरू, त्यो बोसे पुच्छर र कलेजालाई ढाक्ने त्यो जाली-बोसो होम-बलिमाथि राखेर जलाउँथे (लेवी ३ः५)।

*मेलबलिको कुनचाहिँ भाग कसको हुने भयो ?*

परमप्रभुको भागचाहिँ उहाँको अग्नि-बलिरूपी भोजन भनिन्थ्यो (लेवी ३ः११)। उहाँको भाग  त्यो बोसो, ती मिर्गौलाहरू, त्यो बोसे पुच्छर र कलेजालाई ढाक्ने त्यो जाली-बोसो थियो। अनि लेवी ७ः३२-३३ पदहरूबाट हामी के सिक्छौं भने, मेलबलि-पशुको दाहिने फिलाचाहिँ सेवारत पूजाहारीको भाग हुँदो रहेछ; पहिले उचाल्ने भेटीको रूपमा त्यो दाहिने फिला उचालिन्थ्यो, त्यसपछि यस सेवा गर्ने पूजाहारीलाई दिइन्थ्यो। अनि मेलबलि-पशुको छातीचाहिँ अरू पूजाहारी-हरूको भाग हुन्थ्यो (लेवी ७ः३१)। तर यो छाती पनि पहिले परमप्रभुको सामु डोलाउने भेटीको रूपमा डोलाइन्थ्यो। यस मेलबलिको पशुको बाँकी भाग मेलबलि चढ़ाउने व्यक्तिले पाउँथ्यो (लेवी ७ः१५-२१)। मेलबलिचाहिँ त्यो एकमात्र बलिदान थियो, जसबाट बलि चढ़ाउने व्यक्तिले आफ्नो भाग पाउँथ्यो। आफ्नो यो भाग लिएर उसले आफ्नो परिवार र इष्टमित्रहरूको निम्ति एउटा प्रीतिभोज लगाउँथ्यो। यसरी मेलबलिद्वारा यस करार-अन्तर्गत रहेका इस्राएलीहरूको बीचमा शान्ति र मेलमिलापको बन्धन बढ़ाइन्थ्यो।

मेलबलि चढ़ाउने व्यक्तिले परमप्रभुप्रति उहाँको सङ्गति र मेलमिलाप उपभोग गरेको खातिर यस मेलबलिद्वारा खुशीसाथ आफ्नो कृतज्ञता प्रकट गर्थ्यो। अनि परमप्रभुको निम्ति गरिएको भाकलको सम्बन्धमा पनि मेलबलि चढ़ाइन्थ्यो। अनि कुनै विशेष अवसरमा पाएको आशिषको निम्ति धन्यवादको बलिको रूपमा पनि मेलबलि चढ़ाइने गर्थ्यो।

मेलबलिको दृष्टान्तात्मक अर्थ खोल्दै श्री पीटर पेलले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'मेलबलिमा के देखिन्छ भने, यस बलिबाट ख्रीष्ट-विश्वासीको सम्बन्धमा ख्रीष्ट येशूले पूरा गर्नुभएको उहाँको त्राणको कामद्वारा के-के भयो, सो स्पष्ट देखिन्छ; किनभने प्रभु येशू हाम्रो शान्ति हुनुहुन्छ (एफेसी २ः१४)। किनकि उहाँले आफ्नो क्रूसको रगतद्वारा मेलमिलाप सम्भव तुल्याउनुभयो (कलस्सी १ः२०)। उहाँले टाढ़ा-नजिक भएका सबै मानिसहरूलाई मेलमिलापको सुसमाचार प्रचार गर्नुभयो (एफेसी २ः१७)। यसरी उहाँले यहूदीहरू र अन्यजातिहरूको बीचमा खड़ा भएको त्यो छेक्ने भित्ता भत्काउनुभयो। ख्रीष्ट येशूमा परमेश्‍वर र पापी मानिसको बीचमा शान्ति हुन्छ; परमेश्‍वरको विरुद्ध हामीमा भएको शत्रुता ख्रीष्टमा हटिगयो; परमेश्‍वरको

क्रोध शान्त भयो; उहाँको माग पूरा भयो; उहाँसँग पापी मानिसको मेलमिलाप भयो। परमेश्वर र मानिस दुवैले ख्रीष्टमा र उहाँले पूरा गर्नुभएको कामबाट पूरा सन्तुष्टि पाउनुभएको छ।' [5)]

लोर्ड अडल्बर्ट सेसिलद्धारा रचिएको गीतले ख्रीष्ट येशूले हाम्रो निम्ति पूरा गर्नुभएको यस महान् कार्यको प्रशंसा यसरी गरेको छः

ओहो, आफ्नै पुत्रको विषयमा परमेश्वरको विचारधाराबाट अरू केही होइन, केवल शान्ति, अँ, सधैं शान्ति निस्किआउँछ !
ओहो, क्रूसमा सबै काम पूरा भयो – यस सम्झनामा कत्रो शान्ति आउँछ मनमा !
परमेश्वरसँग मेरो मेलमिलाप भएको छ;
स्वर्गमा ख्रीष्ट येशूको रगत यसको साक्षी बसेको छ !
मेरा पापहरू क्षमा भए, हल्लेलूयाह !
परमेश्वरसँग मेरो मेलमिलाप भएको छ;
मेरा प्रभु बौरिउठ्नुभएको हो;
परमेश्वरको धार्मिकताको माग पूरा भएको छ;
परमेश्वरलाई धन्यवाद होस्ः
विश्वासद्वारा म धर्मी ठहरिएँ-ठहरिएँ !

**लेवी ३ः१६-१७ः** इस्राएलीहरूले बोसो र रगत खानुहुँदैनथियो। यो तिनीहरूलाई सशक्त मनाही गरिएको थियो; किनकि यी दुवै चीजहरू परमप्रभुको भाग थिए। बोसो र रगतमा साङ्केतिक अर्थहरू छन्; यसबाहेक बोसो नखानू भन्ने आदेशले मानिसहरूको बीचमा रोगहरूको रोकथामको काम गरेको थियो र गरेको छ। आजभोलि डाक्टरहरूले बोसो नखाने सल्लाह दिन्छन्; किनभने त्यसले उच्च रक्तचाप, मुटुका कति रोगहरू, मस्तिष्कको आघात (ब्रेण्स्ट्रोक), मधुमेह र फोक्सो सम्बन्धी रोगहरूबाट आउने खटराहरू टार्न सक्छ।

अहिलेसम्म हामीले हेर्‍यौंः होमबलि, अन्नबलि र मेलबलि। यी तीनवटा बलिहरू इस्राएली जातिले सार्वजनिक उपासनाको रूपमा परमेश्वरको निम्ति चढ़ाउने गर्थे; तर यी बलिहरू व्यक्तिगत रूपमा र स्वेच्छाले पनि चढ़ाउन पाइन्थे। तर आउँदा दुईवटा बलिहरूचाहिँ कुनै व्यक्तिले पाप गरेको खण्डमा परमेश्वरको आज्ञाअनुसार अनिवार्य रूपले चढ़ाउनुपर्थ्यो। यसबाट के बुझिन्छ भने, बलिदानहरू दुई किसिमका हुन्थेः एक त स्वेच्छापूर्वक चढ़ाइने बलिहरू हुन्थे भने, पापको प्रायश्चित्त गर्ने अनिवार्य बलिहरू पनि हुन्थे ।

### घ) लेवी ४ः१-५ः१३ः पापबलि

पापबलिचाहिँ हिब्रूमा 'केत्ताआथ' [6)] भनिन्थ्यो। यो पापबलि दाम तिरेर छुट्टाइएका जनहरूको निम्ति दिइएको थियो। यस बलिको परिभाषा यस प्रकारको छः कुनै पापी मानिसले प्रभुकहाँ आएर कसरी मुक्ति पाउँछ, सो कुरा देखाउँदैन। तर यो त इस्राएली मानिसलाई दिइएको बलि हो, जुन मानिस करारद्धारा परमप्रभुसितको सम्बन्धमा आइ-सकेको थियो; उसले अब यस पापबलिद्धारा परमप्रभुबाट आफ्नो कुनै व्यक्तिगत पापको क्षमा पाउन खोज्दैथियो। अनि यस पाप-बलिको खास सन्दर्भचाहिँ जानीबुजी गरिएका पापहरू होइन, तर अनजानमा गरिएका पापहरू हुन्।

*पापबलिको वर्णन यस प्रकारको छः*

पाप गर्ने मानिसको हिसाबले पापबलिका पशुहरू भिन्न हुन्थे। अभिषेक गरिएका पूजाहारी अर्थात् प्रधान पूजाहारीको निम्ति एउटा निष्खोट जवान बहर निर्धारित पापबलि हुन्थ्यो; यदि तिनले पाप गरेर मानिसहरूमाथि दोष ल्याए भने (लेवी ४ः३)। अनि इस्राएली जातिको सम्पूर्ण समुदायको निम्ति पनि एउटा निष्खोट जवान बहर निर्धारित पापबलि हुन्थ्यो, यदि तिनीहरूले आफूमाथि

पापको दोष ल्याए भने (लेवी ४:१३)। अनि शासकको निम्ति बाख्राको निष्खोट पाठो निर्धारित पापबलि हुन्थ्यो (लेवी ४:२२)। अनि साधारण मानिसको निम्ति कि त बाख्राको एउटा पाठी (लेवी ४:२७-२८), कि त एउटा निष्खोट भेड़ी हुन्थ्यो (लेवी ४:३२)। (यहाँ प्रयोग गरिएको हिब्रू शब्दले पूरा हुर्केका पशुहरू सङ्केत गर्छ।)

*पापबलि चढ़ाउने व्यक्तिको कर्तव्यः*

पापबलि चढ़ाउने व्यक्तिले पापबलिको पशु निवासस्थानको आँगनको ढोकामा ल्याएर त्यसलाई परमप्रभुको सामु प्रस्तुत गर्थ्यो। त्यसपछि उसले आफ्नो हात त्यसको टाउकोमाथि राख्थ्यो, र त्यसपछि पापबलिको पशुलाई मार्थ्यो। तब उसले त्यस पशुबाट बोसो, मिर्गौलाहरू, कलेजामाथि भएको जाली-बोसो निकाल्थ्यो। अनि इस्राएली जातिको समुदायको पक्षमा बूढ़ा-प्रधानहरूले काम गर्थे (लेवी ४:१५)। साङ्केतिक अर्थमा पापबलिको पशुको मृत्युले पापी मानिसको मृत्यु बोध गर्छ।

*पूजाहारीहरूको कर्तव्यः*

आफ्नै निम्ति र सारा समुदायको निम्ति पापबलिको रगत लिएर प्रधान पूजाहारी पवित्रस्थानभित्र जान्थे, र तिनले त्यो रगत बीचको पर्दाको सामु सात पल्ट छर्कन्थे (लेवी ४:५, ६ र १६); त्यस्तै गरी तिनले त्यसको रगत सुनको धूप-वेदीका सिङहरूमा पनि लगाउँथे (लेवी ४:७ र १८)। त्यसपछि तिनले बाँकी सबै रगत होमबलिको वेदीको फेदमा खन्याउँथे (लेवी ४:७ र १८)।

अनि शासकको निम्ति र जनसाधारणको निम्ति पूजाहारीले पापबलिको रगत होमबलिको वेदीका सिङहरूमाथि लगाउँथे र बाँकी सबै रगत होमबलिको वेदीको फेदमा खन्याउँथे (लेवी ४:२५, ३० र ३४)। जुनसुकै पापबलिको पशुको सन्दर्भमा पूजाहारीले त्यसबाट निकालिएका बोसो, मिर्गौलाहरू, कलेजामाथि भएको जाली-बोसो होमबलिको वेदीमाथि जलाउँथे (लेवी ४:८-१०; ४:१९, २६ र ३१)। यदि प्रधान पूजाहारीको निम्ति वा सम्पूर्ण समुदायको निम्ति चढ़ाइएको पापबलि हो भने, पापबलिको पशुको बाँकी सबै भाग छाउनीदेखि बाहिर लगेर जलाइन्थे (लेवी ४:११-१२ र २१)।

*पापबलिको कुनचाहिँ भाग कसको हुने भयो?*

परमप्रभुको भाग होमबलिको वेदीमाथि जलाइन्थ्यो, जस्तैः पापबलिको बोसो, त्यसका मिर्गौलाहरू, त्यसको कलेजामाथि भएको जाली-बोसो आादि। अनि यदि त्यो पापबलि शासकको निम्ति वा जनसाधारणको निम्ति चढ़ाइएको थियो भने, पूजाहारीले त्यस बलिपशुको मासु खान पाउँथे; किनकि यी पापबलिहरूको रगत पवित्रस्थानभित्र लगिँदैनथियो (लेवी ७:३०); तर प्रधान पूजाहारीको निम्ति र सम्पूर्ण समुदायको निम्ति चढ़ाइएको पापबलिको रगत पवित्रस्थानभित्र लगिन्थ्यो (लेवी ४:५, ६, १६-१७)। लेवी ५:६-७ र ११ पदमा बयान गरिएका बलिहरूका वस्तु उक्त कारणले पूजाहारीले खान पाउँथे। तर पापबलिको कुनै भाग पापबलि चढ़ाउने व्यक्तिको हुँदैनथिएन।

पापबलिको रूपमा मारिएको जुनसुकै पशु, जसको रगत पवित्रस्थानमा लगिन्थ्यो, त्यस पशुको सिनु छाउनीदेखि बाहिर लगेर जलाइन्थ्यो। ठीक त्यस्तै हाम्रा प्रभु येशू यरूशलेम शहरदेखि बाहिर गलगथामा कष्टदायक मृत्यु सहनुभएपछि आफ्नै रगतद्वारा स्वर्गीय पवित्रस्थानमा एकैचोटि पस्नुभयो (हिब्रू ९:१२)। अनि हाम्रो

विषयममा चाहिँ कसो हो ? हामीले छाउनी-देखि बाहिर गएर ख्रीष्टको निम्ति निन्दा बोक्ने अर्ती पाएका छौं (हिब्रू १३:१३)।

अब 'अज्ञानतामा गरिएको पाप'को कुरा आयोः यस वाक्यको अर्थ पापको विषयमा अनजान हुनु मात्र होइन, तर त्यसभन्दा बढ़ी भएको हुनुपर्ला। यसको सम्भवतः अर्थ एउटा यस्तो पाप बुझ्नुपर्छ, जुन पाप जानी-बुझीकन गरिएको थिएन, अँ, अवज्ञा र विद्रोहमा गरिएको पनि होइन। किनभने जानी-बुझी गरेको पापको निम्ति कुनै बलिदानको प्रबन्ध गरिएको थिएन। तर यस प्रकारको पापको निम्ति मृत्युदण्ड दिइन्थ्यो (गन्ती १५:३०)।

जुन व्यक्तिले पापबलि चढ़ाउँथ्यो, त्यस व्यक्तिले आफ्नो कमजोरी वा लापरवाहीको कारणले अनजानमा पाप गरिपठाएको कुरा मानिलिन्थ्यो। उसले आफ्ना पापहरूको क्षमा पाउनुको साथमा विधिवत् रूपले शुद्ध हुन खोज्थ्यो।

पापबलिको दृष्टान्तिक अर्थअनुसार त्यसले ख्रीष्ट येशूलाई दर्साउँछ; किनभने उहाँमा कुनै पापको गन्ध नभए पनि उहाँ हाम्रो निम्ति यस उद्देश्यले पाप बन्नुभयो, कि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं (२ कोरिन्थी ५:२१)। कसैको विचारमा, हामी स्वभावैले जे छौं, यस पापी अवस्थासित ख्रीष्ट येशूले कसरी कारवाही गर्नुहुन्छ, सो कुरा पापबलिले प्रकट गर्न खोज्यो भने, हामीले जुन पापहरू गरेका छौं, ती पापहरूको विषयमा प्रभु येशूले हामीसित कसरी व्यवहार गर्नुहुन्छ, सो कुरा दोषबलिले जनाउँछ अरे।

> जुन पवित्र जनमा कुनै पापको गन्ध समेत हुँदैनथियो, ती पवित्र जनलाई परमेश्वरले पाप तुल्याउनुभयो, किन होला, किन ?
> किनभने हाम्रा आत्माहरू बचाउनको निम्ति मुक्तिदाता प्रभुले क्रूसमा अपमानपूर्ण मृत्यु सहनुपर्‍यो।
> हाम्रा पापहरू धुइपखाल्न सक्ने अरू के हुन सक्थ्यो र? केवल उहाँको बहुमूल्य रगत यसको निम्ति यथेष्ट छ।
> कमजोर हुनुभएको प्रभुले नरकमाथि जय पाउनुभयो; क्रूसको मृत्यु सहेर उहाँ हार्नु त के, जयवन्त पो बन्नुभयो।
>
> श्रीमति हन्ना के. बरलिङ्हम

**लेवी ५:१-१३:** यस खण्डमा दोषबलिको कुरा गरिएको जस्तो छ (लेवी ५:६)। तर सर्वमान्य विचारअनुसार यस खण्डमा अझै दुईवटा भिन्नभिन्नै पापबलिहरूको विषयमा कुरा उठेको छ। यी दुईवटा पापबलिहरू दोषबलिअन्तर्गत किन राखिएनन्? यसको कारण यो हुनुपर्लाः दोषबलिको सन्दर्भमा एउटा मुख्य बुँदा क्षतिको पूर्ति हो। यसो भए पनि लेवी ५:१-१३ पदहरूको यस खण्डमा उल्लेख गरिएको कुरा पापबलि र दोष-बलिसित नजिकको सम्बन्ध राख्छ; यसमा शङ्का छैन।

यस खण्डमा प्रस्तुत गरिएका बलिहरूको सम्बन्ध विभिन्न मानिसहरूसित होइन, तर विभिन्न पापहरूसित सम्बन्धित छन्।

**क)** लेवी ५:१ः यहाँ, यस पदमा यस्तो मानिसलाई पेश गरिएको छ, जसले कुनै निश्चित अपराधको विषयमा जानेको थियो, तर प्रधान पूजाहारी वा न्यायकर्ताले उसलाई शपथ खुवाएर साक्षी दिने बाध्यतामा पार्दाखेरि पनि आफूले देखेको-जानेको कुरा बताउन मान्दैनथियो। यसको उदाहरण-स्वरूप हामी के भन्छौं भने, प्रभु येशू यहूदी हुनुभएको नाताले व्यवस्थाको अधीनतामा हुनुहुन्थ्यो; यसकारण प्रधान पूजाहारीले उहाँलाई शपथ खुवाएर साक्षी दिने बाध्यतामा पार्न सके (मत्ती २६:६३-६४)।

**ख)** लेवी ५:२ पदको सन्दर्भ एकजना यहूदी मानिस हो, जसले अनजानमा कुनै सिनु छोएको थियो, र ऊ यही कारणले अशुद्ध

भएको थियो। **ग)** लेवी ५:३ पदको प्रसङ्गचाहिँ मानिसको अशुद्धता हो; किनकि कोर रोग, सुजन, खाटा आदि भएको मानिसलाई छुँदा यहूदी मानिस अशुद्ध हुन्थ्यो। **घ)** लेवी ५:४ पदमा कसैले बेहोशियारपूर्वक कुनै शपथ खाएको वा कुनै प्रतिज्ञा गरेको थियो, अनि पछिबाट आफूले प्रतिज्ञा गरेको कुरा पूरा गर्न आफूलाई अशक्त पायो।

*यस बलिको वर्णन यस प्रकारको छः*

उक्त पापहरूको निम्ति मानिसको औकातअनुसार तीन प्रकारका बलि-पशुहरू सम्भव हुन्थेः **क)** पापबलि-स्वरूप कि त भेड़ाको पाठी, कि त बाख्राको पाठी चल्थ्यो (लेवी ५:६); **ख)** नभए दुईवटा ढुकुरहरू वा परेवाका दुईवटा बच्चाहरू पनि चढ़ाउन पाइँथ्यो – एउटा चरा होमबलि र अर्को चरा पापबलि हुन्थ्यो (लेवी ५:७)। **ग)** अनि जसको औकात यति पनि थिएन, उसले तेल नमिसाइएको र लोबान नहालिएको एपाको दसौं भाग मैदा चढ़ाउन सक्थ्यो (लेवी ५:११)। यसो हुँदा गरिबभन्दा गरिब मानिसको निम्ति पनि पापबलि चढ़ाउनु सम्भव भयो। ठीक त्यस्तै के धनी, के गरिब – येशू ख्रीष्टबाट मिल्ने पापको क्षमा पाउनुदेखि कोही पनि वञ्जित छैन।

अब लेवी ५:११-१३ पदहरूको खण्डमा पेश गरिएको कुरा आयोः अन्नबलिले कसरी पापबलिको स्थान लिन सक्छ र? किनभने रगत नबगाईकन पापको क्षमा हुँदैन भन्ने कुरा लेखिएको हामी जान्दछौं (हिब्रू ९:२२)। यस सवालको उत्तरचाहिँ यस प्रकारको छः यो अन्नबलि होमबलिको वेदीमाथि एउटा अग्निबलिमाथि राखेर जलाइन्थ्यो, जुन अग्निबलिको रगत अवश्य चढ़ाइएको थियो; यसो हुँदा यो अन्नबलि एउटा बलिदान ठहरिन्थ्यो।

*बलि चढ़ाउने व्यक्तिको कर्तव्यः*

पहिले उसले आफ्नो पाप स्वीकार गर्थ्यो (लेवी ५:५); त्यसपछि उसले पूजाहारीकहाँ आफ्नो बलिदान ल्याउँथ्यो (लेवी ५:८)।

*पूजाहारीहरूको कर्तव्यः*

यदि यो बलिपशु भेड़ाको पाठी वा बाख्राको पाठीको हो भने, पूजाहारीले लेवी चार अध्यायमा दिइएका निर्देशनहरूअनुसार यो चढ़ाउँथे। यदि बलिपशुहरू दुईवटा चराहरू हुन् भने, तिनले पहिले एउटा चरा पापबलिको रूपमा चढ़ाउँथे। तिनले होमबलिको वेदीको छेउमा यस चराको मुण्टो नचुँड़ाउने गरी निमोठ्थे, त्यसको केही रगत वेदीको भित्तामा छर्कन्थे र बाँकी रगत वेदीको फेदमा निथार्थे (लेवी ५:८-९)। त्यसपछि तिनले दोस्रो चरा होमबलिको वेदीमाथि सिङ्गै जलाएर होमबलि गर्थे (लेवी ५:१०)।

अनि भेटीचाहिँ मैदा हो भने, पूजाहारीले यसबाट मुठीभरि पीठो लिएर त्यसलाई होमबलिको वेदीमाथि जलाइदिन्थे। तिनले यो अन्नबलि अरू बलिहरूमाथि राखेर जलाउँथे, यसो हुँदा यो अन्नबलि अरू बलिदानहरूसित सहभागी हुन्थ्यो, जसको रगत अघि चढ़ाइन्थ्यो, र यसरी यो अन्नबलि पापबलि ठहरिन्थ्यो (लेवी ५:१२)।

*यस बलिको कुनचाहिँ भाग कसको हुने भयो?*

होमबलिको वेदीमाथि जलाइएका सबै चीजहरू परमेश्‍वरको भाग हुन्थे भने, उब्रेको जति पूजाहारीको भाग हुन्थ्यो (लेवी ५:१३)।

### ङ) लेवी ५:१४-६:७: दोषबलि

यस खण्डभित्र दोषबलिको विषय चर्चा गरिएको छ। हिब्रूमा दोषबलि 'आशाम'[7]

भनिन्छ। यस दोषबलिको विशेषता यसैमा छः दोषबलि चढ़ाउनुभन्दा अघि पापको क्षतिको पूर्ति गरेको हुनुपर्थ्यो (लेवी ५:१६)।

निम्न दुईवटा पापहरूको सम्बन्धमा दोषबलि चढ़ाउनु अवश्यक हुन्थ्यो।

***क)*** *परमेश्वरको विरुद्धमा गरिएको पापको निम्तिः*

दशांश र भेटीहरू, पहिलो फल र जेठाको समर्पण आदि परमप्रभुको भागको सम्बन्धमा चुक्नु पाप मानिन्थ्यो (लेवी ५:१५)। अनि अनजानमा परमप्रभुले निषेध गर्नुभएको कुनै पनि कुरा गरिपठाउनु पाप मानिन्थ्यो (लेवी ५:१७), अनि सम्भवतः यस पापको क्षतिको पूर्ति गर्नुपर्थ्यो।

> 'कति अवस्थाहरूमा कसैको गल्ती भएको छ कि छैन, सो पत्ता लगाउन सकिँदैन; तर यस्तो अवस्थामा पनि विवेकशील र भक्तिपूर्ण यहूदी मानिसले निश्चय नै आफ्नो स्वेच्छाले एउटा दोषबलि चढ़ाउँथ्यो-चढ़ाउँथ्यो।'
>
> Daily Notes of the Scripture Union

***ख)*** *मानिसको विरुद्ध गरिएको पापको निम्तिः*

धरोट वा लेनदेनमा होस्, चोरी वा लुटको सम्बन्धमा होस्, जब मानिसले आफ्नो छिमेकीसँग धोकापूर्ण व्यवहार गरेको थियो, त्योचाहिँ अपराध ठहरिन्थ्यो (लेवी ६:२); अनि कसैको हराएको मालसामान पाएर कसैले नपाएझैं गरी झूट बोल्यो र यसको विषयमा झूटो शपथ खायो, यो पनि अपराध गनिन्थ्यो (लेवी ६:३)। कसैले एउटी मगनी भइसकेकी कन्या दासीसँग अनैतिक सम्बन्ध राख्यो भने, उसलाई पनि दोषबलि चढ़ाउनु आवश्यक पर्थ्यो (लेवी १९:२०-२२); अनि एउटा कोरीको शुद्धीकरण गर्दा पनि (लेवी १४:१०-१४), साथै नाजीर अशुद्ध भयो भने पनि एउटा दोषबलि चढ़ाउनुपर्थ्यो (गन्ती ६:६-१२)।

*दोषबलिको वर्णन यस प्रकारको छः*

दोषबलिको पशु एउटा निष्खोट भेड़ा हुनु थियो (लेवी ५:१५ र १८; लेवी ६:६)। अथवा कोरीको वा नाजीरको शुद्धीकरणको सम्बन्धमा दोषबलिको पशु एउटा भेड़ाको पाठो हुन्थ्यो (लेवी १४:१२; गन्ती ६:१२)।

*दोषबलि चढ़ाउने व्यक्तिको कर्तव्यः*

कुनै व्यक्तिलाई परमेश्वरको विरुद्धमा पाप गरेको दोष लागेको थियो भने, यस व्यक्तिले पहिले पूजाहारीको सामु आफ्नो पापको निम्ति क्षतिको पूर्तिको काम गर्नु थियो; यस पवित्र वस्तुको भर्ना गर्दा यसले बीस प्रतिशत थपेर पूजाहारीलाई दिनुपर्थ्यो। त्यसपछि यस मानिसले बलिको पशु निवासस्थानको ढोकामा पूजाहारीकहाँ ल्याएर परमेश्वरको सामु प्रस्तुत गर्थ्यो, त्यसको टाउकोमाथि आफ्नो हात राख्थ्यो र त्यसलाई मार्थ्यो। दोषबलि चढ़ाउने व्यक्तिले त्यस पशुबाट बोसो, पुच्छरे बोसो, मिर्गौलाहरू, कलेजोलाई ढाक्ने जाली-बोसो झिक्नुपर्थ्यो। अनि मानिसको अपराध आफ्नो छिमेकीको विरुद्धमा भएको हो भने, दोषमुक्त हुने तरिका पनि यही रहेछ। दोषबलि चढ़ाउने व्यक्तिले एक सय बीस प्रतिशत भर्ना तिर्नुपर्थ्यो; यस कुराले कुनै पाप लाभदायक हुँदैन, तर धेरै महँगो हुन्छ भन्ने कुरा यस अपराधी व्यक्तिलाई सम्झना गराउँथ्यो।

*पूजाहारीको कर्तव्यः*

पूजाहारीले दोषबलिको रगत होमबलिको वेदीमाथि चारैतिर छर्कन्थे (लेवी ७:२); त्यसपछि तिनले बोसो, पुच्छरे बोसो, मिर्गौलाहरू र कलेजोलाई ढाक्ने जाली-बोसो यस वेदीमाथि जलाइदिन्थे (लेवी ७:३-५)।

*दोषबलिको कुनचाहिँ भाग कसको हुने भयो ?*

होमबलिको वेदीमाथि जे जलाइन्थ्यो, त्यो सबै परमेश्वरको भाग हुन्थ्यो (लेवी ७:५)। भेड़ाको छाला दोषबलि चढ़ाउने पूजाहारीको भाग हुन्थ्यो (लेवी ७:८)। अनि दोषबलिको पशुको मासु अन्य पूजाहारीहरूको भोजनको निम्ति हुन्थ्यो (लेवी ७:६)। पापबलि र दोषबलिबाट बलि चढ़ाउने व्यक्तिले कुनै पनि भाग पाउँदैनथियो।

अघि हामीले भनिसक्यौंः दोषबलि चढ़ाउने व्यक्तिले आफ्नो कुनै कामद्वारा कसैको हानि वा क्षति गरेको हुनाले यस दोषबलिद्वारा क्षतिपूर्ति गर्न खोजेको हो।

दृष्टान्तिक रूपले दोषबलिको अर्थ लगाउनु हो भने, दोषबलिले ख्रीष्टको त्राणको कामको यस पक्षमाथि दृष्टि लगाउँछ, जसद्वारा उहाँले लाँदै नलग्नुभएको चीज फिर्ता गर्नुभयो (भजन ६९:४[ख])। मानिसको पापले परमेश्वरको हानि गरेको छः उहाँले पाउनुपर्ने सेवा, उहाँले पाउनुपर्ने आराधना, उहाँले पाउनुपर्ने आज्ञाकारिता र उहाँले पाउनुपर्ने महिमा – ती सबै कुराहरू पापले उहाँबाट लुटेको छ। अनि मानिसको विषयमा चाहिँ ? पापले मानिसबाट जीवन, शान्ति, आनन्द र परमेश्वरसित उसको सङ्गति लुटेको छ। ख्रीष्ट येशू हाम्रो दोषबलि हुनुहुन्छ। यसैले उहाँले मानिसको पापले गरेको क्षति भर्ना तिर्नुको साथै यसमा अझै धेरै दाम थप्नुभयो। यस संसारमा पापले प्रवेश नगरेको अवस्थामा परमेश्वरले जति महिमा पाउनुहुनेथियो, त्योभन्दा पनि बढ़ता महिमा उहाँले ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको कामद्वारा प्राप्त गर्नुभयो। अनि हामीचाहिँ ? पापमा पतित नभएको आदमको सन्तान जेजति हामी हुन सक्नेथियौं, त्योभन्दा उत्तम स्तर हामीले ख्रीष्ट येशूमा पाएका छौं।

उहाँले प्रायः आफ्नो ईश्वरीय सजिसजाउ सबै
पन्साउनुभयो, र आफ्नो परमेश्वरत्व माटोको
वस्त्रले ढाक्नुभयो;
अनि त्यही सादा पहिरनमा उहाँले अचम्मको
प्रेम प्रकट गर्नुभयो र आफूले लाँदै
नलग्नुभएको वस्तु फिर्ता दिनुभयो।

अनभिज्ञ रचना

# खण्ड २

## लेवी ६:८-७:३८ः बलिहरूको नियमावली

लेवी ६:८-७:३८ पदको खण्डको शीर्षक 'बलिहरूको नियमावली' हो। अनि यस खण्डमा उल्लेख गरिएका नियमहरू अघिका खण्डहरूमा प्रस्तुत गरिएका नियमहरूजस्तै छन्। तर यो खण्ड पूजाहारीहरूको निम्ति लेखिएको हो। यहाँसम्म लेखिइआएका निर्देशनहरू इस्राएलीहरूको निम्ति लेखिएका थिए (लेवी १:२)।

**लेवी ६:८-१३ः** होमबलिको नियम यस प्रकारको छः यस खण्डमा विभिन्न नयाँ बेलीबिस्तारहरू उल्लेख गरिएका छन्, जस्तैः पूजाहारीले लगाउनुपर्ने वस्त्रहरू के-के हुनु थियो; तिनले होमबलिको खरानी कसरी र कहाँ फ्याँक्नुपर्थ्यो; अनि होमबलिको वेदीमाथि आगो कहिल्यै निभ्नुहुँदैनथियो; यस सम्बन्धमा पूजाहारी पूरा सावधानी रहनुपरेको थियो। अब खरानीको कुरा आयोः खरानी पूर्वपट्टि होमबलिको वेदीको छेउमा राखिन्थ्यो, र त्यसपछि छाउनीदेखि बाहिर कुनै शुद्ध ठाउँमा बोकेर लगिन्थ्यो।

**लेवी ६ः१४-१७ः** अन्नबलिको नियम यस प्रकारको छः पूजाहारीहरूले आफ्नो भागमा पर्ने अंश निवासस्थानको आँगनभित्र खानुपरेको थियो; अनि तिनीहरूले आफ्नो भाग खमीर नहालीकन खानुपर्थ्यो; किनभने यो परमप्रभुको निम्ति परम पवित्र थोक हुन्थ्यो ।

**लेवी ६ः१८ः** हारूनका सन्तानहरूमा पुरुषहरू जतिले विधिवत् शुद्ध भएको अवस्थामा अन्नबलिको भागबाट खान सक्थे । ती पूजाहारीहरू बलिका वस्तु छोएर पवित्र बन्दैनथिए । तर कुनै अशुद्ध वस्तु छुनाले तिनीहरू अशुद्ध हुन्थे, तर पवित्र वस्तु छोएर तिनीहरू शुद्ध हुँदैनथिए; किनभने कुनै चीज छोएर पवित्रता प्राप्त गरिँदैनथियो (हाग्गै २ः११-१३) । [8)]

**लेवी ६ः१९-२३ः** यी पदहरूको खण्डमा एउटा विशेष अन्नबलिको विषयमा कुरा गरिएको छ, जुन अन्नबलि प्रधान पूजाहारीले हरेक बिहान र हरेक बेलुका निरन्तर चढ़ाइरहनुपर्थ्यो । यो अन्नबलि सम्पूर्ण रीतिले आगोमा जलाइन्थ्यो ।

**लेवी ६ः२४-३०ः** पापबलिको नियम यस प्रकारको छः लेवी ४ः२२-५ः१३ पदहरूको खण्डअन्तर्गत हामीले पहिले बताइसक्यौं कि जुन पापबलिको रगत पवित्रस्थानभित्र लगिँदैनथियो, त्यस पापबलिको निर्धारित भाग पूजाहारीहरूले खान सक्थे । तिनीहरूले यस पापबलिबाट आफ्नो हिस्सा पर्ने भाग निवासस्थानको आँगनभित्र खानुपर्थ्यो । याद गर्नुहोस्ः यो पापबलि महापवित्र थियो । यसर्थ कुनै पराई मानिसले यस पापबलिको मासु छोयो भने, ऊ पवित्र वा चोखो हुनुपर्थ्यो; पूजाहारीहरूले आफूलाई जसरी नै विधिवत् रूपले शुद्ध पार्थे, त्यसरी नै उसले पापबलिको मासु छुनुभन्दा अघि आफूलाई चोख्याउनुपर्थ्यो; तर उसले कहिल्यै पूजाहारीको सेवा गर्ने मौका पाउँदैनथियो ।

यदि पापबलिको रगतको छिट्का कुनै वस्त्रमा लागे त्यो लुगा धोइहाल्नुपर्थ्यो; त्यो छिट्का लागेको वस्त्र अशुद्ध भएको कारणले होइन, तर महापवित्र मानिएको रगतको कुनै पनि भाग पवित्रस्थानदेखि बाहिर नलगिओस् भनेर नै हो । सामान्य जनजीवनले यो परमपवित्र थोक अपवित्र किन तुल्याउन पाओस्? जुन माटोको भाँड़ामा पापबलिको मासु पकाइन्थ्यो, त्यो माटोको भाँड़ा मासु पकाइसकेपछि फुटाइन्थ्यो, त्यो माटोको भाँड़ा पछि कुनै साधारण काममा प्रयोग गर्न नसकोस् भनेर; किनकि त्यो भाँड़ा छिद्रदार हुन्थ्यो, जसका मसिना-मसिना प्वालहरूमा महापवित्र रगतको सानोभन्दा सानो भाग सोस्न सक्थ्यो । अनि पित्तलको भाँड़ाचाहिँ? मासु पकाउने भाँड़ा पित्तलको हुन्थ्यो भने, महापवित्र पापबलिसँग कुनै पनि साधारण वस्तु वा अशुद्ध थोक सम्पर्कमा नआओस् भन्ने हेतुले त्यो पित्तलको भाँड़ा घोटी-घोटी माझ्नुपर्थ्यो र पानीले पखाल्नुपर्थ्यो ।

जुन ठाउँमा होमबलि मारिन्थ्यो, त्यस ठाउँमा परमप्रभुको सामु पापबलि मारिनुपर्थ्यो, दोषबलि पनि मारिनुपर्थ्यो (लेवी ६ः२४) । अनि त्यो ठाउँ होमबलिको वेदीको उत्तरपट्टि हुन्थ्यो, जहाँ घाम ओझेल हुन्थ्यो (लेवी १ः११) ।

**लेवी ७ः१-७ः** यी पदहरूको खण्डमा दोषबलिको नियम फेरि एकपल्ट दोहोरिएको छ; दोषबलिको विषयमा लेवी ५ः१४-६ः७ पदहरूको खण्डअन्तर्गत टिप्पणी गरिइसकेको छ ।

**लेवी ७ः८ः** अनि आठ पदमा आएर होमबलिको कुरा उठाइएको छ, जुन होमबलिको पशुको छाला सेवारत पूजाहारीले पाउने गर्थे ।

**लेवी ७ः९-१०ः** अनि नौ पदमा आएर अन्नबलिको यस भागको कुरा गरिएको छ,

जुन भाग सेवारत पूजाहारीले पाउँथे भने, दस पदले बाँकी पूजाहारीहरूले अन्नबलिबाट पाउने भागको कुरा गरेको छ ।

**लेवी ७:११-१८:** मेलबलिको नियम यस खण्डमा दिइएको छ (लेवी ७:११-२१)। मेलबलिहरू तिनीहरूका उद्देश्य र अभिप्रायअनुसार तीन किसिमका हुन्थे, जस्तैः **क)** मेलबलि धन्यवादको भेटीको रूपमा चढ़ाइन्थ्यो (लेवी ७:१२); मेलबलि चढ़ाएर मानिसले कुनै विशेष आशिषको निम्ति परमेश्वरको प्रशंसा गर्थ्यो । **ख)** अनि कुनै भाकलको सम्बन्धमा पनि मेलबलि चढ़ाइन्थ्यो (लेवी ७:१६); कसैले परमेश्वर-सँग प्रतिज्ञा वा भाकलको साथ गरेको प्रार्थनाको उत्तरमा एउटा मेलबलि चढ़ाउँथ्यो, जस्तैः खतरनाक यात्रामा पाएको सुरक्षाको निम्ति आदि।[9] **ग)** स्वेच्छादानको रूपमा पनि मेलबलि चढ़ाइन्थ्यो (लेवी ७:१६-१७); यसो बुझ्दा यो स्वेच्छादान के हुन्थ्यो भने, यो त परमेश्वरको स्तुति व्यक्त गर्ने एउटा दान हुन्थ्यो । किनभने उहाँले आफूलाई कुनै व्यक्ति विशेषकहाँ प्रकट गर्नुभयो; यसैले यस मानिसले धन्यवाद नदिई रहन सक्दैनथियो ।[10]

लेवी तीन अध्यायमा बताएअनुसार मेलबलिचाहिँ सधैं कुनै न कुनै बलिको पशु हुन्थ्यो; तर यस खण्डमा आएर हामी अरू के सिक्छौं भने, त्यस बलिपशुको साथमा केही रोटीहरू वा फुरौलाहरू पनि चढ़ाइन्थे । अनि धन्यवादको भेटीको साथमा चढ़ाउन चाहिएका रोटी र फुरौलाहरू लेवी ७:१२ र १३ पदमा सूचित गरिएका छन् । मेलबलि चढ़ाउने व्यक्तिले हरेक भेटीबाट एक-एक रोटी उचाल्ने भेटीको रूपमा सेवारत पूजाहारीकहाँ ल्याउँथ्यो; यो उचाल्ने भेटी तिनको हुन्थ्यो (लेवी ७:१४) । अनि मेल-बलिको मासुचाहिँ? धन्यवादको भेटीको रूपमा चढ़ाइएको मेलबलिको मासु त्यही दिनमा खाइसक्नुपर्थ्यो; तर भाकलको रूपमा अनि स्वेच्छादानको रूपमा चढ़ाइएको मेल-बलिको मासु भोलिपल्टसम्म पनि खान सकिन्थ्यो (लेवी ७:१६) । भोलिसम्म पनि उब्रेको मासु जलाइनुपर्थ्यो (लेवी ७:१७) । *'कहीं तेस्रो दिनमा त्यस मेलबलिको मासुबाट केही खाइयो भने, त्यो ग्रहण गरिँदैन, अँ, चढ़ाउनेको निम्ति त्यो नचढ़ाइएको ठहरिन्छ ।' ... त्यो व्यक्ति आफ्ना जनहरूको बीचबाट नामेट गरिओस्!'* (लेवी ७:२०) । यसकारण बुझ्नुहोस्ः यहाँ नामेट गर्नुको अर्थ बहिष्कार गर्नु वा इस्राएली जातिका सबै सुविधा र सौभाग्यहरूबाट वञ्चित गर्नु हो । अनि यस मेलबलिको सम्बन्धमा श्री जोहन रीडले यसो लेखेका छन्ः

> 'यसबाट कुरा स्पष्ट छ, कि परमेश्वरसँग हाम्रो सङ्गति ताजा हुनुपर्छ; अनि होमबलिको वेदीमाथि पूरा भएको त्राणको कामदेखि टाढ़ामा रहेर उहाँको मीठो सङ्गति पाइँदैन रहेछ ।'[11]

**लेवी ७:१९-२१:** अब मेलबलिको मासु अशुद्ध हुने कुरा आयोः यदि मेलबलिको मासु कुनै अशुद्ध थोकको सम्पर्कमा आए त्यो जलाइनुपर्थ्यो, त्यो खानुहुँदैनथियो । विधिवत् रूपले शुद्ध भएका मानिसहरूले मात्र मेल-बलिको मासुबाट खान पाउँथे । तर अशुद्ध भएर कसैले मेलबलिको मासुबाट केही खायो भने, त्यो मानिस इस्राएली समुदायबाट बहिष्कृत हुन्थ्यो ।

मेलबलिको एक भाग परमेश्वरको, यसको अर्को भाग पूजाहारीहरूको र फेरि यसको अर्को भाग चढ़ाउने मानिसको हुन्थ्यो; यसर्थ मेलबलिचाहिँ सङ्गतिको समय भएको हुनुपर्लो । तर परमेश्वरले पाप र अशुद्धतासँग कुनै सङ्गति गर्न सक्नुहुन्न । यसकारणले यस मेलबलिको भोजमा सहभागी हुन चाहने व्यक्तिहरू शुद्ध हुनु आवश्यक थियो ।

**लेवी ७ः२२-२७ः** अब बोसो र रगतको कुरा आयोः बलिको पशुको बोसोचाहिँ सबैभन्दा उत्तम भाग मानिन्थ्यो; सबै बोसो परमप्रभुको भाग हुन्थ्यो। बोसो उहाँकै निम्ति होमबलिको वेदीमाथि जलाइन्थ्यो; बोसो खानुहुँदैनथियो (लेवी ७ः२२-२५)। अनि रगतचाहिँ? रगत जीवधारीको प्राण हो। यही कारणले रगत पनि परमेश्वरकै भाग हुन्थ्यो र खानुहुँदैनथियो (लेवी ७ः२६-२७)।

वर्तमान समयका धेरै यहूदीहरूले आहारसम्बन्धी यी नियमहरू अझै पनि पालन गर्न खोजिरहेका छन्। यहूदीहरूको निम्ति कुनै खानेकुरा खानु लायकको हुनु हो भने, त्यो 'कोशर' अर्थात् शुद्ध हुनुपर्छ। मासु खानुको योग्य हुनु हो भने, त्यसबाट रगत निकाल्नुपर्छ। अनि बोसोचाहिँ? धेरै यहूदी परिवारहरूमा तिनीहरूले कुनै पनि बोसो खानु नपरोस् भन्ने हेतुले कुनै साबुन प्रयोग गर्दैनन्, जुन साबुनहरूमा कुनै पशुको बोसो मिसाइएको हुन्छ। तिनीहरूको विचारमा, भाँड़ाकुँड़ाहरू माझ्दाखेरि यस प्रकारको साबुन प्रयोग गरेर यी भाँड़ाकुँड़ाहरू अशुद्ध हुन्थे। बोसो नखानुमा कुनै आत्मिक कारण होला, तर यसबाहेक चिकित्सा-सम्बन्धी कारणहरू पनि छन्। यस विषयमा डाक्टर एस. आई. म्याकमिल्लेनले यसको स्पष्टीकरण यसरी दिएका छन्ः

> 'धेरै वर्ष भएकै छैन, जब चिकित्सा विज्ञानले पशुहरूको बोसोचाहिँ धमनी काठिन्य (arteriosclerosis) रोगको मुख्य कारण हो भन्ने कुरा पत्ता लगायो; किनकि बोसोले रगत बग्ने नली/धमनीहरूको भित्तामा उछ्रेका ससाना फोकाहरू पैदा गर्छ, जुन फोकाहरूलाई "कलेस्ट्रल ट्यूमर" भनिन्छ; अनि यी फोकाहरूले रगतको प्रवाहमा बाधा दिन्छन्। अनि अब यस दशकमा पत्रिकाहरू, रेडियो र टी.भी.को माध्यमद्वारा के प्रचारप्रसार भइरहेको छ भने, पशुको बोसो नखाईकन हामीले यस घातक रोगबाट उठेका हानिहरू धेरैभन्दा धेरै घटाउन र कम गर्न सक्छौं। चिकित्सा विज्ञानले पत्ता लगाएको यो कति खुशीको कुरा हो! तर यस विषयमा अचम्म लाग्ने कुरा यो होः हाम्रो अति आधुनिक अनुसन्धानले जे पत्ता लगायो, त्यो त पैंतीस सय वर्ष ढिलो मिलेको ज्ञान पो हो; किनभने सर्वोच्च धर्मशास्त्र पवित्र बाइबलले यो कुरा तीन हजार पाँच सय वर्षभन्दा अघि भनिसक्यो।' 12)

**लेवी ७ः२८-३४ः** मेलबलि चढ़ाउने व्यक्तिले बलिको पशुको छाती परमेश्वरको सामु डोलाउनु थियो। त्यसपछि यो भाग पूजाहारीहरूलाई दिइन्थ्यो। अनि त्यसरी नै दाहिने फिला पनि परमप्रभुको सामु उचालिन्थ्यो, त्यसपछि यो भाग सेवारत पूजाहारीलाई दिइन्थ्यो; यो फिला तिनको र तिनको परिवारको भोजन हुन्थ्यो।

**लेवी ७ः३५-३६ः** यी पदहरूले कुन कुरा दोहोऱ्याउँछन् भने, जुन दिनमा परमप्रभुले हारून र तिनका छोराहरूलाई पूजाहारीको सेवाको निम्ति अभिषेक गर्नुभयो, त्यस दिनदेखि उसो बलिको पशुका छाती र फिला तिनीहरूको भाग हुन्थे। अनि अघि सुझाउ दिएअनुसार मेलबलिको छातीले ईश्वरीय प्रेम दर्साउँछ भने मेलबलिको फिलाले ईश्वरीय शक्तिको कुरा गर्छ।

**लेवी ७ः३७-३८ः** अब यस अनुच्छेदमा लेवी ६ः८ पदबाट शुरु गरिएको 'बलिहरूको नियमावली' नामक विषय टुङ्गिन्छ। परमेश्वरले आफ्नो वचनमा यी बलिदानहरू र तिनीहरूका विधिहरूको निम्ति अत्यधिक स्थान दिनुभयो; किनकि यी बलिदानहरू उहाँको निम्ति महत्त्वपूर्ण छन्। उहाँको पुत्र र उहाँको त्राणको कामको विषयमा यस खण्डमा प्रस्तुत गरिएका सुन्दर चित्रणहरूबाट हामीले विस्तृत ज्ञान प्राप्त गर्न सक्छौं। हीराको एक-एक पक्ष, त्यसको अर्को पक्षभन्दा फरक-फरक चम्कन्छ, ठीक त्यसरी नै

यहाँ, यस खण्डमा ख्रीष्ट येशूको महिमा यी बलिरूपी प्रतीकहरूबाट चम्केर प्रतिबिम्बित हुन्छ। किनकि अनन्त आत्माद्वारा परमेश्वरको सामु आफूलाई निष्खोट चढ़ाउनुहुनेचाहिँ ख्रीष्ट येशू हुनुहुन्छ (हिब्रू ९:१४)। सुश्री एफ. टी. विग्रामले आफ्नो गीतद्वारा परमेश्वरको प्रशंसा यसरी व्यक्त गरेकी छिन्ः

ख्रीष्ट येशूमा कुनचाहिँ सद्गुण छैन, मलाई भन्नुहोस्!
जेजति सद्गुणहरू हुन्छन्, यी सबै असलभन्दा असल गुणहरू उहाँमै छँदैछन्।
एक समयमा उहाँ यस धरतीमा आउनुभयो; उहाँ मारिनुभयो;
तर अहिले उहाँ स्वर्गमा हुनुहुन्छ, अनन्त-अनन्तसम्म जीवित हुनुहुन्छ;
उहाँ हाम्रो प्रशंसाको योग्य एकमात्र प्रभु हुनुहुन्छ।

# खण्ड ३

## लेवी ८-१०ः पूजाहारीहरूको समर्पण

### क) लेवी ८ः मोशाले पूजाहारीहरूलाई अभिषेक गरेका

**लेवी ८:१-५ः** परमेश्वरले प्रस्थान २८ र २९ अध्यायमा मोशालाई हारून र तिनका छोराहरूलाई पूजाहारी पदको निम्ति समर्पण गर्ने विस्तृत निर्देशनहरू दिनुभयो। अब लेवी ८-१० अध्यायहरूमा आएर मोशाले ती निर्देशनहरू कसरी पूरा गरे, यसको बयान हामी यस खण्डमा पढ्‌न पाउँछौं। किनभने उनले पूजाहारीहरू र मानिसहरूको सम्पूर्ण समुदायलाई भेट हुने पालको ढोकामा एकसाथ भेला गरे। यो सार्वजनिक र औपचारिक अभिषेकको सभा थियो।

**लेवी ८:६-९ः** मोशाले हारून र तिनका छोराहरूलाई पानीले नुहाइदिए। त्यसपछि उनले हारूनलाई प्रधान पूजाहारीको सम्पूर्ण वस्त्र पहिराइदिएः लबेदा, कमरपेटी, अलखा, एपोद, एपोदको बुट्टेदार पटुका, छातीपाता, ऊरीम र तुम्मीम, पगरी र सुनको पातारूपी पवित्र मुकुट। यो साँच्चै कति आकर्षक दृश्य थियो!

**लेवी ८:१०-१३ः** त्यसपछि मोशाले निवासस्थान र यसका सबै सरसामानहरू अभिषेक गरेर शुद्ध गरे।

उनले हारूनको शिरमाथि अभिषेकको तेल खन्याए। याद गर्नुहोस्ः उनले यो तेल खन्याए, छर्केनन्। यस अभिषेकको तेलले पवित्र आत्माको सुन्दर चित्रण गर्छ; किनभने पवित्र आत्मा प्रभु येशू, हाम्रा सर्वोच्च महापूजाहारीमाथि असीमित रूपले खन्याइनुभयो।

त्यसपछि मोशाले हारूनका छोराहरूलाई लबेदाहरू लगाइदिएर पटुकाहरू पनि बाँधिदिए र तिनीहरूका शिरहरूमा टोपीहरू लगाइदिए।

**लेवी ८:१४-१७ः** तब हारून र तिनका छोराहरूले पापबलिको बहरमाथि आफ्ना हातहरू राखे; अनि मोशाले त्यस पापबलिको बहरलाई बलि गरे। यसकारण यहाँबाट बुझिलिनुहोस्ः त्यस जमानामा जस्तै वर्तमान समयमा पनि मण्डलीका सर्वोच्च पद-अधिकारीहरू साधारण विश्वासीहरूजस्तै पापी रहेछन्। तिनीहरूलाई पनि परमेश्वरको प्रायश्चित्तको बलिदानको खाँचो पर्छ।

**लेवी ८:१८-२१ः** त्यस्तै गरी मोशाले हारून र तिनका छोराहरूको निम्ति निर्धारित गरिएको होमबलिको भेड़ा ल्याए, अनि परमप्रभुले उनलाई आज्ञा गर्नुभएका विधि-हरूअनुसार त्यो होमबलि चढ़ाए।

**लेवी ८ः२२-२९ः** अब समर्पणको कुरा आयोः हारून र तिनका छोराहरूको समर्पण गर्नको निम्ति निर्धारित गरिएको बलि-पशु समर्पणको भेड़ा थियो, जसलाई प्रतिष्ठापनको भेड़ा पनि भनिन्थ्यो। यस समर्पण-भेड़ाको रगतको प्रयोग मेलबलिको भन्दा फरक थियो (लेवी ८ः२२-२३); अनि मारिएको भेड़ाको दाहिने फिला अनि एउटा अखमिरे फुरौला र एउट तेल घसिएको रोटी र एउटा बाबर होमबलिको वेदीमाथि जलाइए; नियमित मेलबलि चढ़ाउँदा यसो गरिँदैन-थियो। मेलबलि हुनु हो भने, यी चीजहरू खान सकिन्थे। अनि मोशाले बलि चढ़ाउने सेवा गरेको हुनाले भेड़ाको छाती तिनको भाग थियो।

अब समर्पण-भेड़ाको रगतको कुरा आयोः समर्पण-भेड़ाको रगत हारून र तिनका छोराहरूको दाहिने कानको लोतीमा, तिनीहरूको दाहिने हातको बूढ़ी औंलामा र तिनीहरूको दाहिने खुट्टाको बूढ़ी औंलामा लगाइयो। यस कुराले हामीलाई याद दिलाउँछः ख्रीष्ट येशूले बगाउनुभएको बहुमूल्य रगतले हाम्रो आज्ञाकारिता, हाम्रो सेवा र हाम्रो चाल प्रभाव पारेको हुनुपर्छ।

**लेवी ८ः३०-३६ः** अबचाहिँ मोशाले अभिषेकको तेलबाट र होमबलिको वेदीमाथि भएको रगतबाट केही लिएर हारून र तिनका छोराहरूका वस्त्रहरूमाथि छर्केर ती वस्त्रहरू पवित्र गरे। अनि यस बेलामा पूजाहारी-हरूलाई समर्पण-भेड़ाको मासु पकाएर समर्पणको डालोमा भएका रोटीहरूसित खाने निर्देशन दिइयो।

उक्त समर्पणको विधि सात दिनसम्म दोहोरियो; सात दिनसम्म पूजाहारीहरूलाई निवासस्थानको ढोकाबाट बाहिर निस्केर जाने अनुमति थिएन। श्री मेथ्यू हेन्रीले यस अध्यायको टिप्पणी गर्दाखेरि यस खण्डमा एउटा कुरा कमी भएको भेट्टाए; किनभने तिनले यसो लेखेका छन्ः

> 'हारून र तिनका छोराहरूलाई पूजाहारी-पदको निम्ति समर्पण गर्दा जति विधिहरू अपनाइए ता पनि ती जम्मै विधिहरूमा एउटा विधिको कमी थियो; अनि त्यो विधि ख्रीष्ट येशूको पूजाहारीपनको स्थापनाको निम्ति बाँकी राखियो। यसको आदर उहाँको निम्ति साँचिएको थियो; अनि त्यो विधि यस प्रकारको थियोः हारून र तिनका छोराहरू शपथ नलिईकन पूजाहारी भएका थिए, तर ख्रीष्ट येशूचाहिँ शपथसहित महापूजाहारी हुनुभयो (हिब्रू ७ः२१); किनकि हारून र तिनका छोराहरू नित्य पूजाहारीहरू रहेनन्, न ता तिनीहरूका पूजाहारीपन सधैंभरि रहिरह्यो; तर ख्रीष्ट र उहाँको पूजाहारीपन अपरिवर्तनीय र नित्य रहिरहने पूजाहारी-पद हो।' [13]

**ख) लेवी ९ः हारूनले चढ़ाएका बलिहरू**

**लेवी ९ः१-४ः** आठौं दिनदेखि हारून र तिनका छोराहरूले आफ्नो औपचारिक कार्यभार सम्हाल्न थाले। सर्वप्रथम तिनी-हरूले आफ्नो निम्ति पापबलिको रूपमा एउटा जवान बाछा र होमबलिको रूपमा एउटा भेड़ा चढ़ाए। त्यसपछि तिनीहरूले सारा समुदायको निम्ति पापबलिको रूपमा एउटा बाख्राको पाठो, होमबलिको रूपमा एउटा एकवर्षे बाछा र एउटा भेड़ाको पाठो, अनि मेलबलिको रूपमा एक बहर र एउटा भेड़ा र एउटा अन्नबलि चढ़ाए।

**लेवी ९ः५-२३ः** अब सम्पूर्ण समुदाय निवासस्थानको सामु परमेश्वरको उपस्थितिमा खड़ा भयो। अनि जब हारूनले मोशाका निर्देशनहरूअनुसार सबै कुराहरू पूरा गरे, अर्थात् आफ्नो पापबलि र आफ्नो होमबलि, साथै मानिसहरूको भेटी, तिनीहरूको पापबलि र होमबलि, तिनीहरूको अन्नबलि, तिनीहरूका मेलबलिहरू र

डोलाउने भेटी चढ़ाइसके (लेवी ९:५-२१), तब तिनले मानिसहरूतिर आफ्ना हातहरू उठाए र तिनीहरूलाई आशीर्वाद दिए (लेवी ९:२२-२३)।

**लेवी ९:२४:** तब निवासस्थानको महा-पवित्रस्थानबाट आगो निस्केर होमबलिको वेदीमाथि भएको होमबलि र बोसो भस्म पारिदियो। परमेश्वरले यो बलि ग्रहण गर्नुभएको यसको सङ्केत थियो। अनि यस होमबलिको वेदीमाथि परमप्रभुको यो आगो निरन्तर बलिरहनुपर्थ्यो।

### ग) लेवी १०: नादाब र अबिहूले पवित्रता भङ्ग गरेका

**लेवी १०:१-३:** नादाब र अबिहू हारूनका छोराहरूले आ-आफ्नो धूपौरामा धूप चढ़ाउँदा परमप्रभुको सामु बिरानो आगो चढ़ाए। हुन सक्छ, यो आगो होमबलिको वेदीबाट होइन, तर अन्य ठाउँबाट लिइएको थियो होला। यो होमबलिको वेदी गलगथाको प्रतीक हो; यसैले हारूनका यी दुईजना छोराहरूले ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको कामको आधारमा नभएर कुनै अर्को बाटो अपनाएर परमेश्वरको नजिक आउन खोजेको अर्थ यस कुराबाट निस्कन्छ।

यी दुईजना पवित्रस्थानमा राखिएको सुनको वेदीको सामु उभिँदाखेरि महा-पवित्रस्थानबाट आगो निस्केर यिनीहरूलाई भस्म पारिहाल्यो। तत्कालै मोशाले हारूनलाई चेताउनी दिइराखेः तिनले परमेश्वरको यस न्यायरूपी कारवाहीमा कुनै दोष नभेट्टाऊन् र कुनै गनगन नगरून्, नत्र ता यो कुरा विद्रोह गनिन्थ्यो।

**लेवी १०:४-७:** मिशाएल र एल-सापानले यी दुईजनाका मृत शरीरहरू निवासस्थानबाट उठाएर छाउनी-बाहिर निकालेपछि मोशाले हारून र तिनका बाँकी रहेका दुईजना छोराहरूलाई विलाप नगर्ने, तर निवासस्थानभित्र नै रहने कड़ा आज्ञा गरे; तिनीहरूले होइन, तर इस्राएलको सारा घरानाले नादाब र अबिहूमाथि परमेश्वरको क्रोध दन्केको कारणले विलाप गरोस्।

**लेवी १०:८-११:** नादब र अबिहूले पवित्रस्थानभित्र बिरानो आगो ल्याएर धूप जलाएको बेलामा तिनीहरूले दाखमद्य वा मदिरा पिएको हुनुपर्छ भन्ने अड्कल निम्न आदेशबाट कसै-कसैले काटेका छन्; किनभने परमेश्वरको आदेशअनुसार पूजाहारीहरूले भेट हुने पालभित्र जाँदा दाखमद्य र मदिरा पिउनुहुँदैनथियो; नत्र तिनीहरू मर्नेथिए।

**लेवी १०:१२-१८:** मोशाले हारून र तिनका बाँकी दुईजना छोराहरू एलाजार र इतामारलाई अन्नबलिको भाग (लेवी १०:१२-१३) र डोलाउने भेटीरूपी छाती र उचाल्ने भेटीरूपी फिला खाने आज्ञा गरे (लेवी १०:१४-१५)। अनि जब मोशाले मानिस-हरूको निम्ति पापबलिको रूपमा चढ़ाइएको बोकाको खोजी गरे, तब एलाजार र इतामारले त्यो अघि नै जलाइसकेका उनले पाए। त्यो त तिनीहरूले पवित्र ठाउँमा खानुपर्नेथियो। (यसो गर्ने कारण सायद यो थियो होलाः परमेश्वरको क्रोध आफ्ना दाजुहरूमाथि खन्याइएको देखेर तिनीहरू डराए होलान्)।

पापबलिको नियम यस प्रकारको थियोः जुन पापबलिको रगत पवित्रस्थानभित्र लगिन्थ्यो, त्यो बलिपशु जलाउनुपर्थ्यो (लेवी ६:३०)। तर यस्तो नभएको खण्डमा बलिपशुको मासु खानुपर्थ्यो (लेवी ६:२६)। यसकारण यस अवसरमा मोशाले तिनी-हरूलाई के सम्झाए भने, यस पापबलिको रगत पवित्रस्थानभित्र लगिएको थियो; यसकारण तिनीहरूले पवित्र ठाउँमा त्यो अवश्य खानुपर्नेथियो (लेवी १०:१६-१८)।

**लेवी १०:१९-२०:** मोशाको यस हप्काइको प्रत्युत्तरमा हारूनले के जवाफ दिए

भने, तिनका छोराहरूले आफ्नो पापबलि र आफ्नो होमबलि विधिपूर्वक चढ़ाइसके; तर परमप्रभुले नादाब र अबिहूमाथि ल्याउनुभएको भयानक दण्डको खातिर, तिनको विचारमा, तिनीहरूले पापबलिको मासु खाएको भए यो परमप्रभुको दृष्टिमा ग्रहणयोग्य हुनेथिएन। अनि जब मोशाले यो कुरा सुने, तब उनले तिनको क्षमायाचना स्वीकार गरे।

पूजाहारीगिरीको यो वृतान्त दिएर लेवीको पुस्तकको दस अध्याय यहाँ अन्त हुन्छ।

# खण्ड ४

# लेवी ११-१५ः शुद्ध र अशुद्ध कुराहरू

आगामी पाँचवटा अध्यायहरूको सन्दर्भ विधिवत् शुद्धता र विधिवत् अशुद्धता हो। यहूदीहरूको निम्ति यस्ता कामकुराहरू थिए, जुनचाहिँ नैतिक हिसाबले बेठीक थिएनन्, रपनि यी कामकुराहरूले तिनीहरूलाई यहूदीधर्मका कति गतिविधिहरूमा भाग लिनदेखि वञ्चित गर्थे। जुन व्यक्ति अशुद्ध थियो, त्यो व्यक्ति जबसम्म शुद्ध भएन, तबसम्म विधिवत् हिसाबले अयोग्य ठहरियो। पवित्र जातिका मानिसहरू आफ्नो जीवनको हरेक क्षेत्रमा पवित्र हुनुपर्छ। यसकारण परमेश्वरले खानेकुराको विषय उठाएर खानेकुराहरूमा शुद्ध खानेकुरा कुन-कुन हुन् र अशुद्ध खानेकुरा के हो, सो छुट्टाएर स्पष्ट पार्नुभयो।

## क) लेवी ११ः शुद्ध र अशुद्ध खानेकुराहरू

**लेवी ११ः१-८ः** शुद्ध पशुहरू ती नै हुन्, जसले उग्राउँथे, र उग्राउनुको साथमा तिनीहरूका खुर चिरिएर फारिएका हुन्थे। *'जतिको खुर फारिएको र जसको खुट्टा चिरिएको हुन्छ'* भन्ने वाक्यले एउटै कुरा दुई प्रकारले व्यक्त गरेको लाग्छ; तर यहाँ भन्न खोजेको तात्पर्य यो हो, कि पशुको खुर वरपर र दुई भाग हुने गरी फारिएको हुनुपर्थ्यो। गाईगोरु, भेड़ाबाख्रा, मृग इत्यादि शुद्ध पशुहरू हुन्; तर सुङ्गुर, ऊँट, शापान र खरायो इत्यादि अशुद्ध पशुहरू गनिन्थे।

यहाँ इसाईहरूको निम्ति एउटा आत्मिक पाठ छ। पागुर मारेर उग्राउने कुराले परमेश्वरको वचन मनन गर्नुपर्छ, र खुर फारिएर दुई भाग भएको कुराले हाम्रो चाल अइसाई मानिसहरूको चालभन्दा फरक हुनुपर्छ भन्ने पाठ सिकाउँछ।

तर जब परमेश्वरले शुद्ध र अशुद्ध पशुहरूको बीचमा छुट्ट्याउनुभयो, तब उहाँले आफ्ना जनहरूलाई विभिन्न रोगहरूबाट बचाएर तिनीहरूको स्वास्थ्य ख्याल गर्नुभयो। किनभने त्यस बेलामा पशुपालनमा प्रयोग गर्न सक्ने घातक जीवाणु नाशक औषधि हुँदैनथियो र पशुको मासु चिसो राख्ने प्रशीतक रेफ्रिजरेटर पनि पाइँदैनथियो।

**लेवी ११ः९-१२ः** अब माछाहरूको कुरा आयोः शुद्ध माछा भन्नाले पखेटा र कत्लाहरू भएको माछा बुझिन्थ्यो भने, अशुद्ध माछाहरूमा गँगटा, बाँगड़ा, झिँगेमाछा, बाम, सिपीकीरा र अन्य सीपदार माछाहरू हुन्। यी कुराहरूमा हामी कस्तो किसिमको आत्मिक अर्थ लगाऔं त? कत्लाले इसाईहरूको हातहतियारको चित्रण गर्ला, जुन हातहतियारहरूले तिनीहरूलाई संसारमा चारैतिरबाट आइरहेको शत्रुताबाट सुरक्षा दिन्छन्। अनि यस प्रकारले माछाका पखेटाहरूले यस

ईश्वरीय शक्तिको कुरा गर्छन्, जुन दिव्य शक्तिद्वारा ख्रीष्ट-विश्वासी संसारसित हार्दैन, तर कुनै हानि-नोक्सानी नउठाईकन ऊ भवसागर पार गर्न सक्षम हुन्छ।

**लेवी ११:१३-१९:** अब पक्षीको कुरा आयोः अरू प्राणीहरूको शिकार गर्ने र तिनीहरूको सिनुमा चर्ने पक्षीहरू अशुद्ध चराहरू हुन्, जस्तैः चील, बेसारा, गिद्ध, काग, बकुल्ला र चमेरा ईत्यादि। चमेराचाहिँ अवश्य कुनै पक्षी नै होइन, तर पनि 'उड्ने प्राणीहरू' भन्ने हिब्रू शब्दअन्तर्गत पर्दछ; किनभने यस शब्दको अर्थ 'पक्षी'भन्दा बृहत् हुन्छ।

**लेवी ११:२०-२३:** अब कीरा-फट्याङ्ग्राहरूको कुरा आयोः यी पदहरू कति उड्ने कीराहरूसँग सम्बन्धित छन्। जुन फट्याङ्ग्राहरूका पाउदेखि माथि जोर्नी भएका खुट्टाहरू हुन्थे, ती फट्याङ्ग्राहरू शुद्ध हुन्थे, जस्तैः किसिम-किसिमका सलहहरू, किथ्रो र आँखाफोर आदि।

**लेवी ११:२४-२८:** कुनै अशुद्ध पशु वा अशुद्ध पक्षीको सिनो छुने मानिस साँझसम्म अशुद्ध हुन्थ्यो। यस सम्बन्धमा चार खुट्टाले अर्थात् आफ्ना पञ्जाको भरमा हिँड्ने पशुहरूको विषय उठाइएको छ, जस्तैः बिरालो, कुकुर, सिंह, बाघ, भालु इत्यादि। तिनीहरूको सिनु छुनुहुँदैनथियो।

**लेवी ११:२९-३८:** त्यसपछि अन्य घस्रने जन्तुहरूको विषयमा कुरा गरिएको छ, जस्तैः छुचुन्द्रा, मुसा, छेपारो, गोहोरो, भानेमुंग्रो, छिपकली र गिरगिट नामक बहुरूपी छेपारो। यस प्रकारको जनावरको सिनो छुने मानिस बेलुकासम्म अशुद्ध हुन्थ्यो। अनि यदि यी जन्तुहरूको कुनै सिनो कुनै भाँड़ामा खस्यो भने, त्यो भाँड़ो पानीले धुइपखाल्नुपर्थ्यो र त्यो भाँड़ा बेलुकासम्म अशुद्ध हुन्थ्यो। तर यस प्रकारले अशुद्ध भएको माटोको भाँड़ोचाहिँ फुटाउनुपर्थ्यो। अनि यस माटोको भाँड़ामा भएको खानेकुरा पनि अशुद्ध हुन्थ्यो र खानुहुँदैनथियो।

यस नियमबाट दुईवटा कुराहरू बाहेक गरिएका थिएः एक त त्यो धारा, त्यो मुहान वा प्रशस्त पानी भएको त्यो इनार थियो, त्यसभित्र खसेको सिनोद्वारा त्यो अशुद्ध हुँदैनथियो; अनि दुई, कुनै छरिन लागेको बीउ, जसमाथि यस प्रकारको अशुद्ध जन्तुको सिनो खस्यो, र त्यसमा कुनै पानी हालिएन, त्यो बीउ पनि अशुद्ध हुँदैनथियो।

**लेवी ११:३९-४०:** शुद्ध पशुको सिनो छुने मानिस बेलुकासम्म अशुद्ध हुन्थ्यो; उसले आफ्ना लुगा धुनुपर्थ्यो। त्यो शुद्ध पशु आफै-आफ मर्‍यो; त्यो पशु त्यसको मासु खानको निम्ति मारिएन। अथवा झुक्किएर आफै-आफ मरेको शुद्ध पशुको मासु खाने मानिस पनि बेलुकासम्म अशुद्ध हुन्थ्यो। यस मानिसले पनि आफ्ना लुगाहरू धुनुपर्थ्यो।

**लेवी ११:४१-४७:** अबको खण्डको पहिलो भागमा अर्थात् लेवी ११:४१-४३ पदको खण्डको सन्दर्भचाहिँ झुसिल्कीरा, गँड्यौला, जुका, चिप्लेकीरा आदि कृमिवर्गका कीराहरू, अनि सर्पहरू, मुसाहरू र अन्य कीराहरू हुन्। जुन मानिसले यी घस्रने जन्तुहरूमध्ये कुनै एउटा खान्थ्यो, त्यो मानिस विधिवत् रूपले अशुद्ध हुन्थ्यो।

परमेश्वरले शुद्ध र अशुद्ध पशुप्राणीहरूको बीचमा छुट्ट्याउने यो नियम यस हेतुले दिनुभयो, कि उहाँका जनहरूले उहाँ पवित्र हुनुहुन्छ भन्ने कुरा जानून् र तिनीहरू पवित्र हुनुपर्छ भन्ने कुरा सिकून् (लेवी ११:४४-४७)।

अब यस सम्बन्धमा नयाँ नियमको शिक्षाको कुरा आयो। मर्कूस ७:१८-१९ पदहरूमा प्रभु येशूले सबै खानेकुराहरू विधिवत् हिसाबले शुद्ध भएको घोषणा गर्नुभयो। अनि प्रेरित पावलले के सिकाएका छन् भने, परमेश्वरले सृष्टि गर्नुभएको कुनै

खानेकुरा छैन, जुन खानेकुरा हामीले इन्कार गर्नुपर्छ, यदि हामीले यो धन्यवादसाथ खायौं भने (१ तिमोथी ४:१-५)। तर यस शिक्षादेखि यी खानेकुराहरू बाहेक हुन्छन्, जुन खानेकुराहरू हानिकारक र दूषित हुन्छन् र सांस्कृतिक हिसाबले चल्दैनन् वा कुनै व्यक्ति विशेषको निम्ति अपचनीय हुन्छन् र उसको पेटमा पच्दैनन्।

**ख) लेवी १२: सुत्केरीको शुद्धीकरण**

**लेवी १२:१-४:** बाह्र अध्यायको सन्दर्भ नानी जन्माउने स्त्रीहरूलाई सुत्केरीबाट लाग्ने विधिवत् अशुद्धता हो। जुन स्त्रीले एउटा छोरा जन्माउँथी, ऊ सात दिनसम्म अशुद्ध हुन्थी, जस्तो मासिक धर्म भएकी स्त्री पनि सात दिनसम्म अशुद्ध हुन्थी। अनि आठौं दिनमा बालकको खतना गरिन्थ्यो (लेवी १२:३)। रगत जम्ने दृष्टिकोणमा खतना गरेको आठौं दिन सर्वोत्तम दिन हो। जसको रगत जमिँदैन, उसलाई आजभोलि  भिटामिन के दिइन्छ, र उसको समस्या समाधान हुन्छ। सुत्केरी स्त्रीको सात दिन बितेपछि ऊ अझै तेंतीस दिन घरमा रहन्थी। उसले कुनै पवित्र वस्तु छुनुहुँदैनथियो; अनि पवित्रस्थानमा अर्थात् निवासस्थानको आँगनमा उपस्थित हुन पाउँदिनथिई।

**लेवी १२:५:** अनि कुनै स्त्रीले एउटा छोरी जन्माउँथी, तब ऊ दुई हप्तासम्म अशुद्ध रहन्थी। त्यसपछि ऊ अझै छयसट्ठी दिन घरमा बस्थी।

**लेवी १२:६-८:** सुत्केरी स्त्रीलाई जति दिनहरू शुद्ध हुन लाग्थ्यो, चालीस वा अस्सी दिन, त्यो समय पूरा भएपछि उसले आफ्नो छोराछोरीको निम्ति होमबलिको रूपमा एउटा भेड़ाको एक वर्षे पाठो र पापबलिको रूपमा एउटा परेवाको बच्चा वा ढुकुर चढ़ाउनुपर्थ्यो। ऊ एउटी गरिब स्त्री भएको खण्डमा उसले होमबलिको रूपमा एउटा र पापबलिको रूपमा अर्को गरी कि त दुईवटा ढुकुर, कि त दुईवटा परेवाका बच्चा चढ़ाउन सक्थी। हाम्रा प्रभु येशूकी आमाले गरिब स्त्री भएकी हुनाले दुईवटा शुद्ध पक्षीहरू चढ़ाइन् (लूका २:२२-२४)।

कुनै बालकको जन्मसित विधिवत् अशुद्धता रहेको कुरा कसै-कसैलाई अनौठो लाग्न सक्छ। किनभने यस संसारमा पाप पस्नुभन्दा अघि विवाहको स्थापना भएको थियो; अनि पवित्र धर्मशास्त्र बाइबलको शिक्षाअनुसार विवाह पवित्र छ; अनि परमेश्वरले मानिसलाई 'फल्दै-फुल्दै वृद्धि हुँदै जाऊ' भन्ने आज्ञा दिनुभयो। तर यस प्रकारको अशुद्धताले हामीलाई के सम्झना दिलाउन खोज्यो भने, हामी सबैजना अधर्ममा उत्पन्न भयौं र पापमा हाम्रो गर्भधारण भएको हो (भजन ५१:५)। यसबाट हाम्रा प्रभु येशू मात्र बाहेक हुनुहुन्थ्यो। अनि छोरी जन्मिँदा सुत्केरी स्त्रीको निम्ति ठहरिएको ऊ अशुद्ध रहेको समय बढ़ाउनुको अर्थचाहिँ यो हुन सक्ला: स्त्रीको भन्दा पुरुषको सृष्टि पहिले भएको थियो; स्त्री पुरुषको निम्ति रचिएकी थिई; स्त्री पुरुषको अधीनतामा राखिएकी छे; अनि स्त्री नै पहिले पापमा फसी। यसमा हामी यो पनि भनिहाल्यौं: स्त्री पुरुषको अधीनतामा राख्नुको अर्थ ऊ निम्न स्तरकी छे भन्ने कुरा बुझ्नुहुँदैन।

आउनुहोस्, हामी यस सम्बन्धमा श्री चोर्च विलियमस्को कुरा सुनौं, जसले यसो भनेका छन्:

> 'यस नियममा म सुत्केरी स्त्रीप्रति परमेश्वरको कोमल वास्ता देख्छु; किनभने यस नियमले उसलाई यस्तो एउटा समयमा पाहुनाहरूबाट रक्षा गर्छ, जब ऊ कमजोर छे र उसलाई कुनै रोगको संक्रमण लाग्नु बढ़ी सम्भव हुन्छ।' 14)

### ग) लेवी १३ः कुष्ठ रोग खुट्ट्याउने नियम

तेह्र अध्यायको सन्दर्भचाहिँ कुष्ठरोगको निदान हो भने, लेवीको चौध अध्यायको प्रसङ्गचाहिँ कोरीको शुद्धीकरण हो। अनि पवित्र बाइबलमा उल्लेख गरिएको कुष्ठ रोगको विषयमा दुईमत छ; किनभने बाइबलमा बयान गरिएका जति कोरीहरू छन्, ती कोरीहरू प्रायः सबै हिँड्डुल गर्थे, तिनीहरूका हात, खुट्टा, नाकको रूप बिग्रिँदैनथियो; अनि जसलाई सम्पूर्ण शरीरमा कुष्ठ रोग लागेको थियो, उसको रोगले कसैलाई कुनै हानि गर्दैनथियो; अनि कहिलेकाहीं कुष्ठ रोग जाती पनि हुन्थ्यो।

यस सिलसिलामा पूजाहारीले डाक्टरको ठाउँ लिन्थे। योचाहिँ आत्मिक रोग र शरीरको रोगको बीचमा नजिकको सम्बन्ध रहेको रहेछ भन्ने कुरा याद दिलाउने कुरा हो। मानिस त्रिएक प्राणी हो; यसैले शरीरको रोग होस्, अथवा प्राण र आत्माको रोग किन नहोस्, त्यसको रोगले उसको सम्पूर्ण अवस्था प्रभाव पार्छ-पार्छ।

तेह्र अध्यायमा गाह्रो कुरा के छ भने, यस अध्यायमा कुष्ठरोग हो कि होइन भन्ने कुरा पत्ता लगाउन विस्तृत निदानका नियमहरू वर्णन गरिएका छन्। अनि मानिसमा मात्र होइन, घरहरूमा र लुगाफाटामा पनि कोर रोग लाग्थ्यो। डाक्टर आर. के. ह्यारिसन, जससँग चिकित्साको ज्ञान छ, साथै जो हिब्रू विद्वान् पनि हुन्, तिनले यसो भनेका छन्ः

> 'यहाँ यस हिब्रू शब्दको कुरा आयोः कुनै बाइबल-अनुवादले हामीलाई यस शब्दभित्र रहेका सबै अर्थहरू खोलेर बताउनै सक्दैन; तर यस शब्दको अनुवाद जस्तो भए पनि, यसको अर्थ फराकिलो हुनुपर्छ; यसको अर्थमा कुष्ठरोग पनि समावेश गरिएको अनिवार्य छ।' 15)

तिनले यस हिब्रू शब्दको अर्थ खोलेर कुष्ठरोग अनुवाद गरिएको शब्दको बयान यस प्रकारले गरेका छन्ः

> ' "त्सार-आत" भन्ने शब्दको मूलअर्थ एउटा क्रियापदबाट आउँछ, जसको मतलब "छालामा बिरामी हुनु" हो। अनि यसको अर्थ कुनै एक विशेष रोग होइन, तर यसको अर्थ व्यापक छ। पुरानो नियमको समयमा यस शब्दको अर्थमा लुगाफाटामा उब्जेको ढुँढ़ी-ढुसी-फफूँदी पनि समावेश हुन्थ्यो, साथै घरका भित्ताहरूबाट निस्केको रासायनिक प्रक्रियाबाट पैदा भएको तत्त्व पनि बुझिन्छ, यहाँसम्म कि यसको अर्थ लुगाफाटामा होस्, वा घरका भित्तामा होस्, यिनमा लाग्ने शुष्क सडुवा समेत बुझ्नुपर्छ। अनि यही हिब्रू शब्द पछि 'सेप्टुवजिन्ट' नामक ग्रीक अनुवादमा कोर वा कुष्ठरोग अनुवाद गरिएको हो। त्यस बेलामा ग्रीक भाषामा 'कोर' वा 'कुष्ठ-रोग'को अर्थ यति निश्चित र स्पष्ट थिएन। ग्रीक भाषामा लेख्ने चिकित्सकहरूले कोर भन्ने शब्द तब प्रयोग गर्थे, जब तिनीहरूले छालामा निस्केका पाप्रापाप्रीहरू र छाला पपड़ीदार भएको अवस्था बयान गर्थे। पछि ख्रीष्टपूर्व ४८४-४२५ सालमा जिएका हेरोडिटसले यो शब्द अर्को छालाको रोगको निम्ति प्रयोग गरे, जसलाई त्यस जमानाको ग्रीकमा 'हात्ति-पाइले' भनिन्थ्यो। यसरी यस शब्दको अर्थ छालाको एक रोगबाट त्यसको अर्को रोगमा सर्दै आएको, अनि अन्तमा, वर्तमान समयमा यस शब्दको अर्थ कुष्ठरोग भएछ।' 16)

**लेवी १३ः१-३ः** यस अध्यायको पहिलो अनुच्छेदमा हामीले एकजना पूजाहारीलाई यस्तो एकजना मानिसको जाँच गरेका देख्छौं, जसको शरीरको छालामा बाइबलको भाषा-अनुसार कुष्ठरोगका लक्षणहरू देखा परेका थिए।

**लेवी १३ः४-८ः** कोर-रोगको सम्बन्धमा कतिजनाको रोगका लक्षणहरू अस्पष्ट हुन्थे; यस्तो अवस्थामा के-के गर्नुपर्छ, सो कुरा यस

खण्डमा बताइएको छ। यस्तो व्यक्तिलाई सात दिनसम्म बन्द गरेर राख्नुपर्थ्यो। अनि सात दिन बितेपछि त्यो रोगको दाग बढ़ेको थिएन भने, यस व्यक्तिलाई फेरि पनि सात दिन बन्द गरिराख्नुपर्थ्यो। अनि त्यस बेलामा रोग जस्तैको त्यस्तै रहेको थियो भने, पूजाहारीले यस व्यक्तिलाई 'शुद्ध' भनेर घोषणा गर्नुपर्थ्यो। तर यस रोगको दोस्रो जाँच हुँदा यस मानिसको छालामा देखा परेको रोग बढ़ेको थियो भने, पूजाहारीले यस व्यक्तिलाई 'अशुद्ध' भनेर घोषणा गर्नुपर्थ्यो।

**लेवी १३:९-११:** कोर छिप्पिएर पुरानो पनि हुँदो रहेछ। यस बेलामा पनि पूजाहारीले कुष्ठ-रोगीलाई 'अशुद्ध' भनेर घोषणा गर्नुपर्थ्यो।

**लेवी १३:१२-१३:** तर यस सम्बन्धमा अनौठो कुरा के थियो भने, कसैको कोर रोग बढ़ेर उसको सम्पूर्ण शरीर ढाक्न पनि सक्थ्यो। सबै सेतो भएपछि यस रोगको संक्रमण गर्ने शक्ति पूरा घटेर निष्क्रिय भएको थियो। यस अवस्थामा पूजाहारीले उसलाई 'शुद्ध' भनेर घोषणा गर्नुपर्थ्यो।

**लेवी १३:१४-१५:** अनि रोग लागेको ठाउँमा आलो मासु देखा परेको थियो भने, त्यो मानिस अशुद्ध हुन्थ्यो; पूजाहारीले उसलाई 'अशुद्ध' भनेर घोषणा गर्नुपर्थ्यो। किनभने यो कोर रोग हुन्थ्यो।

**लेवी १३:१६-१७:** तर आलो मासु बद्लेर सेतो भयो भने यो व्यक्ति कोर रोगबाट मुक्त अर्थात् शुद्ध हुन्थ्यो।

**लेवी १३:१८-२३:** अब कसैको शरीरमा वा छालामा पिलो निस्केको कुरा आयो। यसको निम्ति तीन किसिमका निदानहरू हुन्थे। **क)** रोगको सुस्पष्ट लक्षणः यदि पिलो छालाभन्दा गहिरो देखा परेको थियो र त्यसमा सेता रौंहरू भएदेखि पूजाहारीले यस रोगीलाई 'अशुद्ध' भनेर घोषणा गर्नुपर्थ्यो (लेवी १३:१८-२०)। **ख)** शङ्कापूर्ण अवस्थाः जब पिलो छालादेखि गहिरो देखा परेन र त्यसमा सेता रौंहरू पनि थिएनन्, तब पूजाहारीले त्यस मानिसलाई सात दिनसम्म बन्द गरेर राख्ने आदेश दिन्थे। यी सात दिनभित्र रोग बढ़ेमा यो कोर-रोग ठहरिन्थ्यो (लेवी १३:२१-२२)। **ग)** सात दिनभित्र यो रोग बढ़ेन भने यो एउटा साधारण पिलो हुँदो रहेछ। यस अवस्थामा यो व्यक्ति पूजाहारीको घोषणा-अनुसार 'शुद्ध' हुन्थ्यो।

**लेवी १३:२४-२८:** अब पोलेको घाउको कुरा आयोः त्यो पनि कोर हुन सक्थ्यो। जब यसका लक्षणहरू सुस्पष्ट हुन्थे, तब पूजाहारीले यस व्यक्तिलाई 'अशुद्ध' भनेर घोषणा गर्थे (लेवी १३:२४-२५)। कसैको रोगका लक्षणहरू अस्पष्ट हुन्थे भने, उसलाई सात दिनसम्म बन्द गरेर राखिन्थ्यो; अनि रोग बढ़ेमा त्यो कोर-रोग हुन्थ्यो (लेवी १३:२६-२७)। तर त्यो उज्ज्वल दाग बढ़ेन र फैलिएर गएन भने, यो सुजन हो, कोर होइन (लेवी १३:२८)।

**लेवी १३:२९-३७:** पुरुष र स्त्रीको टाउकोमा र पुरुषको दाह्रीमा पाप्रे चाया-रोग लाग्न सक्थ्यो। यसका लक्षणहरू सुस्पष्ट हुन्थे भने, पूजाहारीको घोषणाअनुसार त्यो पुरुष अथवा त्यो स्त्री अशुद्ध हुन्थ्यो (लेवी १३:२९-३०)। अनि जसको रोगका लक्षणहरू अस्पष्ट हुन्थे, उसलाई सात दिन-सम्म बन्द गरेर राखिन्थ्यो। अनि यी सात दिनभित्र रोग फैलिएको थिएन भने, रोगीले आफ्नो कपाल खौर्नुपर्थ्यो, र उसलाई फेरि सात दिनसम्म बन्द गरेर राखिन्थ्यो। जब पाप्राचाहिँ फैलिएको थियो, तब त्यो मानिस 'अशुद्ध' हुन्थ्यो। अनि जब पाप्रा फैलिएको थिएन, तब त्यो मानिस 'शुद्ध' हुन्थ्यो (लेवी १३:३१-३७)।

**लेवी १३:३८-३९:** कुनै पुरुष वा कुनै स्त्रीको छालामा सेता दागहरू देखा परे भने, यो कोर होइन, तर छालामा निस्केका दागहरू

मात्र थिए। त्यो शुद्ध हुन्थ्यो। यस सम्बन्धमा हामी श्री आर. के. ह्यारिसनको प्राविधिक अनुवादको कुरा सुनौं, जहाँ यसो लेखिएको छः 'छालाबाट एउटा धब्बा उठेछ।' 17)

**लेवी १३ः४०-४४ः** तालुखुइले एउटा कुरा हो, तर कोर-रोगको कारणले पनि कसैको केश झर्न र ऊ खुइलिन सक्थ्यो। पूजाहारीले यो कुरा छुट्ट्याउन सक्नुपर्थ्यो।

**लेवी १३ः४५-४६ः** उहिले कोरी साह्रै दुःखी, अभागी मानिस हुन्थ्यो; किनभने त्यो मानिस इस्राएली जातिको छाउनीदेखि बाहिर बस्नुपर्थ्यो; त्यसले च्यातिएका लुगा लगाउनुपर्थ्यो; अनि त्यसको टाउको नाङ्गो रहनुपर्थ्यो। अनि जब कुनै मानिसहरू त्यसको नजिक आउँथे, तब त्यसले आफ्नो माथिल्लो ओठ वा जुङ्गा ढाक्नुपर्थ्यो र 'अशुद्ध, अशुद्ध' कराउनुपर्थ्यो।

यहाँ हामी फेरि पनि रोगको रोकथाम गर्ने एउटा पुरानो तरिका देख्छौं, जुन तरिकाले आजको दिनसम्म मान्यता पाएको छ; किनभने अलग्याहटचाहिँ रोगको संक्रमणमा विराम लगाउँछ।

**लेवी १३ः४७-५९ः** अब लुगामा देखा परेको कोर-रोगको कुरा आयोः आजभोलि यस्तो कुरा कोर भनिँदैन, तर ढुँड़ी-ढुसी-फफूँदी भनिन्छ होला, जुन ढुसीचाहिँ सुती कपड़ा, ऊनी कपड़ा वा छालाले बनेको कुनै चीजमा लाग्न सक्छ। यहाँ फेरि एक पल्ट हामी श्री आर. के. ह्यारिसनको कुरा सुनौं, जसले यस प्रकारको ढुँड़ी लागेको लुगा जलाउनुमा ठूलो बुद्धिको कुरा देखेका छन्; तिनले यसको स्पष्टीकरण यसरी दिएका छन्ः

> 'मरेको पशुको सिनुमा र वनस्पति-जगत्‌को कुनै पनि थोकमा लाग्ने ढुँड़ीचाहिँ एक प्रकारको ढुसी हो; अनि यो ढुसी विभिन्न रङ्गका धब्बाको रूपमा देखा पर्छ।' 18)

यति भनेपछि तिनले यसबाट निम्न आत्मिक पाठ निकालिहालेका छन्ः

> 'जुन चीजमा ढुसी-ढुँड़ी लागेको छ, त्यस ढुसी-ढुँड़ीले आफू लागेको जम्मै चीज नराम्रो असर पार्छ; ठीक त्यस्तै आदमको वंशगत पापले हाम्रो सम्पूर्ण व्यक्तित्व नराम्रो असर पारेको छ।' 19)

यसो हो भने, परमप्रभुका जनहरू बाहिर शरीरमा मात्र होइन, तर भित्र मनमा पनि शुद्ध र पवित्र हुनुपर्छ।

अहो, मेरा परमेश्‍वरको स्तुति-प्रशंसा चढ़ाउने हृदय मसँग भएको भए,
अँ, पापबाट स्वतन्त्र पारिएको हृदय मसँग भएको भए,
मेरो निम्ति बहाइएको त्यस पवित्र, निष्कलङ्क थुमाको रगतमाथि भरोसा गर्ने हृदय भएदेखि
यो कति असल र बढ़िया हुनेथियो।

अहो, एउटा नम्र, दीन र चूर्ण हृदय मेरो भएको भए,
अँ, एउटा विश्‍वास गर्ने, सच्चा र शुद्ध हृदय मेरो भएको भए,
यो कति असल र बढ़िया हुनेथियो;
तब न जीवनले, न मृत्युले, न अरू कुनै कुराले
मलाई उहाँबाट अलग पार्न सक्नेछ,
जो मेरो हृदयमा वास गर्दै हुनुहुन्छ।

श्री चार्लस वेस्ली

### घ) लेवी १४ः कोरीको शुद्धीकरण

**लेवी १४ः१-७ः** यस खण्डमा यो विधि प्रस्तुत गरिएको छ, जुन विधिद्वारा कोर-रोगीले आफूलाई शुद्ध पार्नुपरेको थियो, जब ऊ निको भएको थियो। पहिले पूजाहारीले उसलाई छाउनीदेखि बाहिर जाँच गर्नु थियो। अनि कोर-रोगी निको भएको कुरा प्रमाणित भयो भने, उसले दुईवटा जिउँदा, शुद्ध चराहरू देवदारुको काठ, सिन्दूरे लुगा र हिसपको साथ चढ़ाउनुपर्थ्यो। देवदारुको

काठ एउटा उच्च रूखबाट लिइएको थियो भने हिसपचाहिँ तुलसीजत्रो सानो बोट थियो। यसो हो भने, यसबाट परमेश्‍वरको न्याय ठूला-साना सबै मानिसहरूमाथि पर्दो रहेछ भन्ने कुरा बुझिन्छ। यस संसारको कुनै थोक उहाँको न्यायबाट उम्कनेछैन। सिन्दूरे रङ्‌गचाहिँ पापको रङ्‌ग हो (यशैया १:१८)। परमेश्‍वरको न्याय खास गरी हाम्रा पाप-हरूमाथि पर्नेछ।

पूजाहारीले एउटा चराचाहिँ बगिरहेको पानीमाथि मार्नुपरेको थियो र त्यहाँबाट त्यसको रगत एउटा माटोको भाँड़ाभित्र झर्‍यो। त्यसपछि दोस्रो चरा लिएर पूजाहारीले त्यसलाई देवदारुको काठ र सिन्दूरे लुगा लगायत यस मारिएको चराको रगतमा चोपले। अनि मारिएको चराको त्यो रगत कोर-रोगीमाथि सात पल्ट छर्कियो; त्यसपछि पूजाहारीले उसलाई 'शुद्ध' भनेर घोषणा गरे, अनि त्यो जिउँदो चरा छोड़ियो।

धेरै दृष्टिकोणबाट कोर-रोग पापको प्रतीक हो; किनभने त्यस रोगले मानिसलाई अशुद्ध तुल्यायो। त्यस रोगले रोग लागेको मानिसलाई परमेश्‍वरको छाउनी र उहाँका जनहरूदेखि वञ्चित गरिदियो। त्यस रोगले मानिसलाई दुःखी, अभागी तुल्यायो आदि। यही कारणले पापी मानिसलाई ख्रीष्ट येशूको रगतको आवश्यकता पर्छ, र पवित्र आत्माले उसभित्र नयाँ जन्म पैदा गर्नुपर्छ। यहाँ, यस खण्डमा बयान गरिएको, त्यो बगिरहेको पानीचाहिँ पवित्र आत्माको छाया-चित्रण हो। जब कुनै पापी मानिस पश्‍चात्तापी भई प्रभु येशूकहाँ फर्कन्छ र उहाँमाथि विश्‍वास राख्छ, तब ख्रीष्ट येशूको मृत्यु र बौरिउठाइको पुण्यफल उसको खातामा लगाइन्छ। त्यस मारिएको चराले उहाँको मृत्यु र यस छोड़िएको चराले उहाँको बौरिउठाइ सङ्केत गर्छ। अनि प्रभु येशूको रगत पवित्र आत्माको शक्तिद्वारा विश्‍वास गर्ने मानिसको जीवनमा लाग्ने पारिन्छ। यसकारण परमेश्‍वरको दृष्टिमा पापी मानिस शुद्ध ठहरिएको छ।

हे सनातनका पहरा ख्रीष्ट, पाऊँ शरण तपाईंमा,
क्रूसमा रगत पानी जो कोखबाट बहेथ्यो;
शुद्ध पारोस् नीच मलाई पापको दोष र वश हटाई।

श्री अगस्टस एम. तोपलेडी

**लेवी १४:८-२०:** अबचाहिँ कोर-रोगी शुद्ध भयो। यसकारण उसले आफ्ना लुगाहरू धुनु थियो; त्यसपछि उसले आफ्ना सबै रौंहरू खौर्‍यो, अनि नुहायो (लेवी १४:८)। तब उसले छाउनीभित्र आउन पायो; तर उसले अझै पनि सात दिनसम्म आफ्नो पालभित्र पस्न पाउँदैनथियो। यी सात दिनहरू बितेपछि उसले फेरि आफ्ना सबै केश र रौंहरू खौर्नुपर्‍यो, फेरि आफ्ना लुगाहरू धुनुपर्‍यो र फेरि नुहाउनुपर्‍यो। त्यसपछि ऊ शुद्ध ठहरियो (लेवी १४:९)।

आठौं दिनमा उसले परमप्रभुको निम्ति निम्न बलिहरू चढ़ायोः दोषबलिको रूपमा एउटा भेड़ाको पाठो, पापबलिको रूपमा एउटा पाठो, होमबलिको रूपमा भेड़ाको एउटा पाठी र अन्नबलिको रूपमा एपाको दस भागको तीन भाग तेल मिसाइएको मैदा र एक लोग तेल (लेवी १४:१०-११)। उसको निम्ति पहिले दोषबलि चढ़ाइयो, त्यसपछि उसको पापबलि (लेवी १४:१२-१८ र १९), त्यसपछि उसको निम्ति एउटा होमबलि चढ़ाइयो (लेवी १४:२०)।

पूजाहारीले दोषबलिको रगत कोरीको दाहिने कान, उसको दाहिने हात र दाहिने पाउमा लगाए (लेवी १४:१४)। यस कुराबाट हामीलाई यस प्रकारको आत्मिक शिक्षा मिलेको छः हामीले परमेश्‍वरको वचन सुन्नपर्छ, हामीले परमेश्‍वरको इच्छा पालन गर्नुपर्छ र हामी परमेश्‍वरका मार्गहरूमा हिँड़्नुपर्छ।

**लेवी १४ः२१-३२ः** त्यो शुद्ध भएको कोरीको अवस्था गरिब थियो भने, त्यस अवस्थामा उसले दुईवटा ढुकुर वा दुईवटा परेवाका बच्चाहरू ल्याउन पाउँथ्योः एउटा चरा उसको पापबलि र अर्को चरा उसको होमबलि हुन्थ्यो। तर आफ्नो दोषबलिको निम्ति उसले जस्तो भए पनि एउटा भेड़ाको पाठो ल्याउनुपर्थ्यो।

उसको दोषबलिको निम्ति एउटा अन्नबलि र उसको होमबलिको निम्ति एउटा अन्नबलि पनि चाहिन्थ्यो।

**लेवी १४ः३३-५३ः** अन्तमा, कसैको घरमा कोर लागेको छ कि छैन, सो पत्ता लगाउने नियमहरू यहाँ पेश गरिएका छन्। यी नियमहरू इस्राएलीहरू कनान देशमा पुगेपछि मात्र लागू हुनेथिए; किनभने त्यस बेलामा तिनीहरू पक्का घरहरू बस्न पाउनेथिए। अहिले तिनीहरूको बसाइ पाल-हरूमा हुन्थ्यो।

घरमा लाग्ने कोरचाहिँ कुनै ढुसी, कुनै ढुँड़ी वा कुनै शुष्क सड़ुवा बुझ्नुपर्छ। परमप्रभुको प्रबन्ध याद गर्नुहोस्ः तिनीहरूले घर खाली गरून्, त्यसपछि पूजाहारीले त्यस घरभित्र पसेर त्यो जाँचून् (लेवी १४ः३६-३८)। यसरी नै घरका सरसामानहरू अशुद्ध ठहरिँदैनथिए, अँ, बन्द गरिराखिँदैनथिए।

अब यसको इलाजको कुरा आयोः पहिले त्यस घरबाट रोग लागेका ढुङ्गाहरू मात्र निकालिन्थे। तर त्यो कोर फेरि देखा परेको थियो भने, तिनीहरूले त्यो जम्मै घर भत्काउनुपर्थ्यो (लेवी १४ः३९-४५)। जब त्यो रोग थामियो, तब पूजाहारीले प्रायः कोर-रोगीको निम्ति अपनाएका विधिहरू पूरा गर्नुपर्थ्यो (लेवी १४ः४८-५३)।

**लेवी १४ः५४-५७ः** यस अध्यायको अन्तिम अनुच्छेदमा लेवी १३-१४ अध्यायमा प्रस्तुत गरिएका कुराहरूको संक्षिप्त सार उल्लेख गरिएको छ।

### ङ) लेवी १५ः पुरुषमा प्रमेह आदि कुरा र स्त्रीको बहाउको सम्बन्धमा हुने शुद्धीकरण

**लेवी १५ः१-१८ः** यस अध्यायमा पुरुष र स्त्रीको शरीरबाट निस्कने स्रावहरू र त्यसबाट आउने अशुद्धताको कुरा गरिन्छ; यी स्रावहरू कि त स्वाभाविक, कि ता कुनै रोगको फल हुन सक्थे। लेवी १५ः१-१२ पदहरूको खण्डमा पुरुषको शरीरबाट निस्किरहेको यस प्रकारको स्रावको कुरा गरिएको छ, जुनचाहिँ प्रमेह-रोगको फल थियो। अनि लेवी १५ः१३-१५ पदको खण्डमा यसको निम्ति शुद्धीकरणको नियम बताइएको छ। अनि लेवी १५ः१६-१८ पदको खण्डमा अनजानमा वा जानीबुझी वीर्य निस्केको कारण पुरुषलाई लाग्ने अशुद्धताको कुरा गरिएको छ (लेवी १५ः१६-१७ र लेवी १५ः१८)।

**लेवी १५ः१९-३३ः** अनि यस खण्डको पहिलो भागको सन्दर्भ स्त्रीको मासिक धर्म हो (लेवी १५ः१९-२४)। यस सात दिने अशुद्धताको निम्ति कुनै बलि चढ़ाउनु-पर्दैनथियो। तर लेवी १५ः२५-३० पदको खण्डमा मासिक धर्मसित सम्बन्धित नभएको अर्को रगतको बहाउको कुरा गरिएको छ, जुन बहाउ अनियमित र अस्वाभाविक थियो। यस अशुद्धताको निम्ति यस स्त्रीले एउटा पापबलि र एउटा होमबलि चढ़ाउनुपर्थ्यो। अनि यस अध्यायका अन्तिम तीनवटा पदहरूमा यस अध्यायमा प्रस्तुत गरिएको कुराको संक्षिप्त सार दिइएको छ (लेवी १५ः३१-३३)।

# खण्ड ५

## लेवी १६ः प्रायश्चित्तको दिन

पात्रोमा प्रायश्चित्तको दिनचाहिँ यहूदी-हरूको बड़ा दिन थियो। हिब्रूमा यस दिनको नाम 'योम किप्पूर' हो। यस दिनमा प्रधान पूजाहारी पापबलिको रगत लिएर महापवित्र-स्थानभित्र जान्थे, र आफ्नो निम्ति र जनताको निम्ति प्रायश्चित्त गर्थे। प्रायश्चित्तको दिन सातौं महिनाको दसौं दिनमा पर्ने गर्थ्यो र पर्ने गर्छ। यस प्रायश्चित्तको दिनदेखि झुपड़ी-हरूको चाड़सम्म केवल पाँच दिन रहन्थे। प्रायश्चित्तको दिन प्रायः परमप्रभुका चाड़-हरूसँग गाभिन्छ; तर यस दिनमा मनाउनुभन्दा बरु उपवास बसिन्थ्यो, गम्भीर हुनुपर्थ्यो (लेवी २३ः२७-३२)।

यस अध्यायमा याद गर्नुपर्ने कुरा यो होः यस अध्यायभरि महापवित्रस्थानलाई पवित्रस्थान भनिएको छ र पवित्रस्थानलाई भेट हुने पाल भनिएको छ।

**लेवी १६ः१-३ः** नादाब र अबिहू हारूनका छोराहरूले धूप चढ़ाउँदा परमप्रभुको सामु बिरानो आगो चढ़ाएका थिए र उहाँको पवित्रता भङ्ग गरेका थिए। यो दुःखद घटना यहाँ, यस खण्डमा पेश गरिएका आदेशहरूको पृष्ठभूमि बनेको छ। किनकि प्रधान पूजाहारीले प्रायश्चित्तको दिनमा बाहेक अरू कुनै दिनमा महापविस्थानभित्र प्रवेश गरेमा नादाब र अबिहूको मृत्युजस्तै तिनको तत्कालीन मृत्यु हुनेथियो। अनि प्रायश्चित्तको दिनमा तिनले महापवित्रस्थानमा रगतविना पस्नुहुँदैनथियो। तिनले पापबलिको निम्ति एउटा जवान बहर र होमबलिको निम्ति एउटा भेड़ा लिएर आउनुपर्थ्यो।

**लेवी १६ः४-१०ः** यहाँ कार्यहरूको क्रम पत्ता लगाउन सजिलो नहोला; तर यस विधिका निम्न सामान्य बुँदाहरूको रूपरेखा लिन सकिन्छः **क)** पहिले प्रधान पूजाहारीले नुहाउनुपर्थ्यो र मलमलका पवित्र वस्त्रहरू पहिराउनुपर्थ्यो (लेवी १६ः४)। अनि यसको तयारीमा तिनले एउटा जवान बहर र एउटा भेड़ा निवासस्थानको सामु ल्याउनुपर्थ्यो; तिनले यी दुईवटा बलिपशुहरू आफ्नो निम्ति र आफ्नो परिवारको निम्ति चढ़ाउनेथियो। त्यो जवान बहर तिनको पापबलि हुन्थ्यो भने, त्यो भेड़ाचाहिँ तिनको होमबलि हुन्थ्यो (लेवी १६ः३)। अनि तिनले मानिसहरूको तर्फबाट दुईवटा बोका र एउटा भेड़ा ल्याउनुपर्थ्यो। यी दुईवटा बोकाहरू तिनीहरूको पापबलि हुन्थे भने, त्यो भेड़ा तिनीहरूको होमबलि हुन्थ्यो (लेवी १६ः५)। तिनले यी दुईवटा बोकाहरू भेट हुने पालमा परमप्रभुको सामु हाजिर गराउनुपर्थ्यो; त्यसपछि यी बोकाहरूमाथि गोला हाल्नुपर्थ्यो – एउटा गोला परमप्रभुको नाममा र अर्को गोला छोड़िजाने बोकाको नाममा (लेवी १६ः७-८)। छोड़िजाने बोकाको नाम हिब्रू 'अजाजेल' हो, जसको अर्थ 'प्रस्थानको बोका' हो।

**लेवी १६ः११-२२ः** अब हारूनले त्यो जवान बहर आफ्नो पापबलि र आफ्नो परिवारको पापबलिको रूपमा मार्नुपर्थ्यो (लेवी १६ः११)। त्यसपछि तिनले एउटा धूपौरा लिन्थे, त्यसमा वेदीबाट झरझराउँदो भुङ्ग्रा हाल्थे र आफ्ना हातहरूमा मुठीभरिको धूप लिएर महापवित्रस्थानभित्र पस्थे। त्यहाँ पुगेपछि तिनले आफ्ना हातहरूमा भएको धूप धूपौराको झरझराउँदो भुङ्ग्रामाथि हाल्थे; यसो हुँदा धूपको बादल कृपा-आसनलाई ढाक्थ्यो (लेवी १६ः१२-१३)। त्यसपछि तिनी जवान बहरको केही रगत लिन

होमबलिको वेदीमा फर्कन्थे; अनि तिनले त्यो रगत महापवित्रस्थानभित्र लान्थे र त्यो रगत कृपा-आसनमाथि र त्यसपछि त्यसको सामु सात पल्ट छर्कन्थे (लेवी १६ः१४)। तब तिनले पापबलिको बोका मार्थे, र त्यसको रगत महापवित्रस्थानभित्र लान्थे र अघि जवान बहरको रगतसित गरेजस्तो त्यो रगत कृपा-आसनमाथि र त्यसपछि त्यसको सामु सात पल्ट छर्कन्थे (लेवी १६ः१५)। यसरी नै तिनले इस्राएलीहरूको अशुद्धताको सम्बन्धमा महापवित्रस्थानको निम्ति प्रायश्चित्त गर्थे (लेवी १६ः१६)। ठीक त्यस्तै तिनले रगत छर्केर भेट हुने पालको निम्ति र होमबलिको वेदीको निम्ति प्रायश्चित्त गर्नुपर्थ्यो (लेवी १६ः१८-१९)। यहाँ यस कार्यको बेली-बिस्तार अस्पष्ट भएको छ। प्रायश्चित्तचाहिँ भित्र महापवित्रस्थानबाट शुरु गरिन्थ्यो, त्यसपछि त्योभन्दा बाहिरको पवित्रस्थानको निम्ति र त्यसपछि अझै बाहिर आँगनमा भएको होमबलिको वेदीको निम्ति प्रायश्चित्त गरिन्थ्यो (लेवी १६ः१५-१९)।

अब छोड़िजाने बोकाको कुरा आयोः हारूनले आफ्ना दुवै हातहरू यस बोकाको टाउकोमाथि राख्थे र मानिसहरूका पाप-हरू मानिलिन्थे (लेवी १६ः२०-२१)। त्यसपछि तयार भएको मानिसले त्यो बोका उजाड़स्थानमा लान्थ्यो र त्यहाँ छोड़िदिन्थ्यो (लेवी १६ः२१-२२)। यी दुईवटा बोका-हरूले प्रायश्चित्तका दुईवटा भिन्न अंशहरू सङ्केत गर्छन्ः एउटाले परमेश्वरको पवित्र स्वभावलाई शान्त पार्नुपर्थ्यो भने, दोस्रोले चाहिँ पापी मानिसहरूका पापहरू हरण गर्नुपर्थ्यो।[20] हारूनले आफ्ना हातहरू यस छोड़िजाने जिउँदो बोकामाथि राखेको अर्थ यस प्रकारको छः तिनले इस्राएलीहरूका सबै पापहरू त्यसमाथि हालिदिए, जसरी हाम्रा सबै पापहरू ख्रीष्ट येशूमाथि, संसारको पाप उठाइलैजाने थुमामाथि राखिए र सदासर्वदाको निम्ति हटाइए (लेवी १६ः२१)। निम्न गीतका लेखक श्री होरटियस बोनरले यो कुरा यसरी व्यक्त गरेका छन्ः

मेरा पापहरू येशूमाथि लगाइए,  
जो परमेश्वरको निष्कलङ्क थुमा हुनुहुन्थ्यो;  
उहाँले मेरा सबै पापहरू उठाइलैजानुभयो,  
र मलाई यस पापको श्रापित भारबाट छुटकारा दिनुभयो।

मेरो सजाय प्रभु येशूले भोग्नुभयो,  
मेरा सिन्दूरे रङ्गका पापहरू उहाँले आफ्नो बहुमूल्य रगतमा धुनुभयो,  
अचम्म, एउटै कलङ्कको कण समेत रहेन,  
हल्लेलूयाह!

**लेवी १६ः२३-३३ः** अब प्रधान पूजाहारीले एउटा शुद्ध ठाउँमा नुहाउनुपर्थ्यो; हुन सक्छ, त्यो ठाउँ हातखुट्टाहरू धुने बाटाको छेउमा भएको थियो होला। त्यसपछि तिनले आफ्ना लुगाहरू पहिराउनुपर्थ्यो, जुनचाहिँ तिनलाई तिनको महिमा र शोभाको निम्ति दिइएका थिए (लेवी १६ः२३-२४[क])। यस सम्बन्धमा यहूदी परम्परा यस प्रकारको छः जुन मलमलका लुगाहरू लगाएर तिनले प्रायश्चित्त गरे, यी मलमलका लुगाहरू तिनले फेरि कहिल्यै पहिराएनन् अरे।

अब प्रधान पूजाहारीले दुईवटा भेड़ाहरू होमबलिको रूपमा चढ़ाउँथे, एउटा आफ्नो होमबलि हुन्थ्यो भने, अर्कोचाहिँ मानिस-हरूको होमबलि हुन्थ्यो (लेवी १६ः२४[ख])। अनि जवान बहर र बोकारूपी पापबलिहरूको बोसो तिनले होमबलिको वेदीमा जलाउँथे, तर ती बलिपशुहरूका छाला, मासु र गोबर छाउनीदेखि बाहिर लगेर एउटा आगोमा हालेर जलाइन्थे (लेवी १६ः२५ र २७)। अँ, होमबलिको छाला पनि जलाइन्थ्यो; अरू बेलामा होमबलिको पशुको छाला पूजाहारीको हुन्थ्यो (लेवी ७ः८)। अब तलमूदको कुरा

आयोः यस यहूदी ग्रन्थअनुसार प्रधान पूजाहारीले चाहिँ बेलुकाको बलि चढ़ाएपछि धूपौरा निकाल्न महापवित्रस्थानमा प्रवेश गर्थे अरे। अनि प्रायश्चित्तको पवित्र कार्यको सिलसिलामा मानिसहरूले आफ्ना पापहरू स्वीकार गर्नुपर्थ्यो र परिश्रमको कुनै काम गर्नुहुँदैनथियो (लेवी १६ः२९)।

उक्त खण्डमा बताएअनुसार प्रायश्चित्तको दिनमा प्रधान पूजाहारी कम्तीमा चार पल्ट महापवित्रस्थानमा पस्थे। अनि यही कुराले हिब्रू ९ः७-१२ पदको खण्डको कुरासित मेल नखाने होइन। किनभने हिब्रूको पुस्तकको यस खण्डले भन्न खोजेको तात्पर्य यो हो कि प्रधान पूजाहारीले महापवित्रस्थानमा प्रवेश गर्न पाउने अवसर वर्षको एकै दिनमा मात्र हुन्थ्यो।

**लेवी १६ः३४ः** प्रायश्चित्तको दिनका गम्भीर विधिहरूले मानिसहरूका पापहरूसित उचित व्यवहार गर्न सक्दैनथिए; *'वर्षमा एक पल्ट'* भन्ने शब्दले यो कुरा स्पष्ट देखाउँछ। *'किनकि बहर र बोकाहरूको रगतले पापहरू हरण गर्नु असम्भव छ'* (हिब्रू १०ः४)। ख्रीष्ट येशूको त्राणको काम त्योभन्दा कति फरक छ; किनभने उहाँको त्राणको कामले हाम्रा पापहरू सम्पूर्ण रूपले हटाएको छ, जब प्रायश्चित्तको रगतले केवल एक वर्षको निम्ति इस्राएलीहरूका पापहरू ढाकेको थियो। श्री आइसक वट्‌सले यो कुरा यसरी व्यक्ति गरेका छन्ः

> 'यहूदीहरूको वेदीमा चढ़ाइएका सबै बलि-पशुहरूको रगतले जुन कुरा गर्न कमजोर र असमर्थ थिए,
> त्यो कुरा ख्रीष्ट येशूको रगतले एकैपल्ट सदाको निम्ति पूरा गरिदियो;
> किनकि परमेश्‍वरको थुमाको बहुमूल्य रगतले हामीलाई दोष्याउने विवेक शान्त पारेको छ
> र हामीबाट हामीलाई लागेको पापको हरेक कलङ्क धुइपखालेको छ।
> उहाँले हाम्रा सबै पापहरू उठाइलैजानुभयो;
> उहाँको जस्तो सर्वोच्च बलिदान कहीं छैन;
> उहाँको पवित्र रगत सर्वोत्तम छ; यसको तुलनामा यी बलिपशुहरूको रगतको कुरा नगरे पनि हुन्छ।'

## खण्ड ६

## लेवी १७ः बलिदानको निम्ति लागू हुने नियमहरू

**लेवी १७ः१-९ः** शुरुमा हामी भनिहालौंः यस खण्डले भन्न खोजेको कुरामा टिप्पणी-कारहरूको बीचमा एकमत छैन। यस खण्डमा सिकाइएका कुरा यस प्रकारका छन्ः **क)** जब कुनै पशु निवासस्थानको सामु ल्याइँदैनथियो, तब यसलाई मार्नुहुँदैनथियो, यसको मासु खानको निम्ति काट्नु-हुँदैनथियो। **ख)** भेट हुने पालमा बाहेक अन्य कुनै ठाउँमा इस्राएलीहरूले कुनै पशु बलिदान गर्नुहुँदैनथियो। **ग)** अनि जबसम्म इस्राएली-हरूले उजाड़स्थानमा यात्रा गर्दैथिए, तबसम्म तिनीहरूले कुनै बलिपशुलाई त्यसको मासु खानको निम्ति मार्नुहुँदैनथियो। तर जब तिनीहरू प्रतिज्ञा गरिएको देशमा पुगे, तब यो अस्थायी नियम खारिज भयो (व्यवस्था १२ः१५)। श्री जी. चम्पबेल मर्गनले यसको स्पष्टीकारण यस प्रकारले दिएका छन्ः

> 'यस खण्डको कुञ्जी शब्द ''दुष्ट आत्माहरू'' भन्ने शब्द हो, जसको अनुवाद ए.एस.वी.ले ''बोका-देवताहरू'' गरेको छ। यही शब्द यशैया १३ः२१ र ३४ः१४ पदमा फेरि पढ़िन्छ, जहाँ यस शब्दको अनुवाद ''जङ्गली बोका''

भएछ, जसको सठीक अर्थ “वनदेवता” हुनुपर्ला; किनभने यो दुष्ट आत्मारूपी वनदेवताको काल्पनिक रूप आधा बोका, आधा पुरुष हुन्थ्यो; अनि मिस्र देशमा ‘पान’को नाममा त्यस वनदेवताको पूजा गरिन्थ्यो । अनि यहाँ, यस खण्डमा यो शब्द प्रयोग गरेको अर्थ यस प्रकारको छः इस्राएलीहरूले मिस्र देशमा यो वनदेवताको पूजा गर्ने गर्थे होलान् ।’ 21)

**लेवी १७:१०-१४:** ठीक त्यस्तै रगत खानु पूरा मनाही गरिएको थियो । बलिपशुको रगत प्रायश्चित्तको निम्ति प्रयोग गरिन्थ्यो; यो कुनै हालतमा पनि कुनै आहार हुँदैनथियो । *‘जुनै प्राणीको प्राण त्यसको रगतमा छ’* (लेवी १७:११) । अनि प्रायश्चित्तको कार्यमा पेश गरिएको सिद्धान्त यस प्रकारको छः एउटा प्राणको निम्ति अरू कसैको प्राण दिनुपर्छ । अनि पापले कमाएको ज्याला मृत्यु हो भने, रगत बगाएरै सङ्केतात्मक रूपले यो मृत्यु देखाइएको छ; यसकारण रगत नबगाईकन पापको क्षमा हुँदैन । पापको क्षमा पापको दण्ड माफ दिएको फल होइन; तर पापको क्षमाचाहिँ पापको सजाय पापबलिमाथि सारेकोले यो माफ हामीलाई उपलब्ध गरिएको छ; किनभने यस पापको निम्ति पापबलिको रगत बहाइएको थियो । लेवीको पुस्तकको मुख्य पद लेवी १७:११ पद हो; यसकारण यो पद मुखाग्र, अँ, कण्ठस्थ गर्नुहोस् ! जब कुनै पशु मारिन्थ्यो, तब यसको रगत तुरुन्तै बहाइन्थ्यो । अनि जुन पशु आफैआफ मर्थ्यो, त्यो अशुद्ध गनिन्थ्यो, किनकि त्यसको रगत त्यसको मर्ने बेलामा बहाइएको थिएन ।

**लेवी १७:१५-१६:** यी पदहरूको सन्दर्भ यो व्यक्ति हो, जसले झुक्किएर कुनै पशुको मासु खायो, जसको रगत बहाइएको थिएन । यहाँ यस व्यक्तिको शुद्धीकरणको निम्ति प्रबन्ध गरिएको थियो । तर यस मानिसले यो शुद्ध पार्ने विधि पालन गर्नुपर्थ्यो, नत्र ता यो दण्ड नदिईकन छोड़िँदैनथियो ।

# खण्ड ७

## लेवी १८-२२: व्यक्तिगत आचरण-व्यवहारको सम्बन्धमा लागू हुने नियमहरू

### क) लेवी १८: चोखो यौन-क्रिया कायम राख्नुपर्ने नियमहरू

**लेवी १८:१-५:** यस अध्यायको सन्दर्भ अनैतिक, अवैध विवाहका सम्बन्धहरू हुन्, जुन अवैध सम्बन्धहरूसित इस्राएलीहरू मिस्र देशमा बस्दाखेरि सुपरिचित भएका थिए । तिनीहरू कनान देशमा पुग्दा यी सबै अवैध कुराहरू छोड़िसकेको हुनुपर्थ्यो ।

**लेवी १८:६-१८:** ‘कसैको तन उघार्नु’ भनेको यस व्यक्तिसँग सम्भोग गरेको बुझिन्छ । लेवी १८:६ पदले यस सम्बन्धमा लागू भएको सामान्य नियम पेश गरिएको छः कुनै नजिकको नातेदारसित विवाह गर्नुहुँदैन-थियो । न आमासँग, न सौतेनी आमासँग, न बहिनीसँग, न सौतेनी बहिनीसँग, न नातिनी-सँग, न सौतेनी आमाकी छोरीसँग, न आमाकी दिदीबहिनीसँग, न बुबाकी दिदीबहिनीसँग, न काकासँग, न मामासँग विवाहको सम्बन्ध राख्नु हुन्छ । चिकित्सा विज्ञानले प्रमाणित गरेको छ कि नजिकको नातासितको विवाहको सम्बन्धबाट बुबाआमाका शारीरिक र मानसिक कमजोरीहरू छोराछोरीहरूमा सर्नु त के, एकदम बढ़ेर आउँछन् । तर लेवी १८:१४ख-१६ पदको खण्डमा ससुरालका-हरूसँग पनि विवाह गर्नु मनाही गरिएको छ । यस प्रकारको सम्बन्ध कुटुम्बे विवाह भनिन्छ । यसको कारण कतिजनाले उत्पत्ति २:२४ पदमा देखेका छन्, जहाँ यसो

लेखिएको छः *'मानिसले आफ्ना बुबा-आमालाई छोड्नेछ र ऊ आफ्नी पत्नीसँग टाँसिनेछ; अनि* ***तिनीहरू एउटै शरीर हुने-छन्।'*** एउटै शरीर हुने पारिवारिक सम्बन्ध यति घनिष्ठ र स्थायी हुन्छ, कि कुटुम्बे-विवाह पनि कौटुम्बिक व्यभिचार वा हाड़-नाताकरणी ठहरिन्छ। यसैले कुनै मानिसले आफ्नी बुहारीसँग, वा नातिनीसँग विवाहको सम्बन्ध राख्नुहुँदैनथियो (लेवी १८:१५ र १७), र आफ्नी पत्नी र उसकी दिदीबहिनी-सँग एकसाथ विवाहको सम्बन्ध राख्नुहुँदैन-थियो (लेवी १८:१८)। यसको अनुचित उदाहरण हन्ना र पनिन्ना थिए (१ शमूएल १:१-८)। अनि लेवी १८:१६ पदले मनाही गरिएको कुरा व्यवस्था २५:५ पदले पछि सुधारेको छः कुनै मानिस सन्तान नभईकन मऱ्यो भने उसको भाइले यस विधवासँग विवाहको सम्बन्ध राख्नैपरेको थियो। यस प्रकारको सम्बन्ध देवरको विवाहको नामले चिनिन्छ।

**लेवी १८:१९-२१:** मासिक धर्म लागेकी स्त्रीसँग सम्भोग गर्नु मनाही गरिएको छ। आफ्नो छिमेकीकी पत्नीसँग व्यभिचार गर्नु निषेध गरिएको छ। अनि मोलेक देवताको पूजाआजाको सम्बन्धमा जुन नीच भ्रष्टाचार गरिन्थ्यो, त्यस प्रकारको भ्रष्टाचारमाथि प्रतिबन्ध लगाइएको थियो। मोलेकचाहिँ अम्मोनीहरूको देवता थियो। अनि यसको मूर्ति बेन-हिन्नोमको बेंसीमा राखिएको थियो। आफ्नो छोराछोरीहरूमध्ये कसैलाई पनि मोलेक देवताको नाममा आगोमा होम गर्नु-हुँदैनथियो। (यसका सन्दर्भ-पदहरू २ राजा २३:१० र यर्मिया ३२:३५)। श्री फ्रान्सिस श्यफेरले यस मोलेक देवताको पूजा कुन रीतिले गरिएको थियो, सो यस प्रकारले बयान गरेका छन्ः

> 'यो परम्पराको कुरा होः मोलेकको पित्तलको मूर्तिको पिठ्यूँमा एउटा चुलोरूपी छेड़ो थियो, जसमा एउटा आगो बल्थ्यो; अनि एक-एक बुबाआमा आफै यस मूर्तिको सामु आउनुपर्थ्यो र त्यसको सफेदी रापले उज्ज्वल भएका त्यसका पसारेका हातहरूमा आफ्नो पहिलो जन्मेको छोरा वा छोरीलाई राख्नुपर्थ्यो। अनि मोलेकको देवताका पाखुरामा भएको छोरा वा छोरी असाध्य पीड़ामा तड्पेर मर्दाखेरि बुबाआमाले रोइकराइ वा विलाप गर्न पाउँदैन-थियो, तर पूरा मौन भएर यो डरलाग्दो तमाशा हेरिबस्नुपरेको थियो।' **22)**

**लेवी १८:२२-२३:** पुरुषगमन, समलिङ्गगमन र पशुगमन मनाही गरिएको थियो। पुरुषगमन निषेध गर्दाखेरि परमेश्वरले एड्स रोगको रोकथाम गर्ने प्रबन्ध गर्नुभएको थियो। उहाँले आफ्ना जनहरूलाई यस प्रकारको महामारीबाट बचाउन चाहनुभयो।

**लेवी १८:२४-३०:** यस अध्यायको पहिलो खण्डले इस्राएलीहरूलाई मनाही गरिएका कुराहरूको जानकारी दियो (लेवी १८:१-२३) भने, अबको खण्डले मनाही गरिएका कामकुराहरू किन निषेध गरिए, सो उचित कारण बताइदिन्छ (लेवी १८:२४-३०)। एकै ठाउँमा अपवित्रता र मूर्तिपूजाको विषयमा पढ्नु संयोगको फल होइन (तपाईंले यसको सम्बन्ध लेवी २० अध्यायमा पनि हेर्नुहोला)। यसकारण यसो भन्न मिल्छः मानिसको नैतिकता उसको धर्मको फल हो। यहाँ धर्म भन्नाले परमेश्वरको विषयमा उसको विचारधारणा के हो, सो बुझ्नुपर्छ। मूर्तिपूजा गरेका कनानीहरूको नीच नैतिकता यसको खराब उदाहरण हो (लेवी १८:२४-२७)। जब इस्राएलीहरूले कनान देश कब्जा गरे, तब तिनीहरूले परमप्रभुको आदेशअनुसार यी कनानीहरूका हजारौंहजार मानिसहरूलाई मार्नुपरेको थियो। अनि जब हामी यी कनानी जातिहरूका मानिसहरूको नैतिक नीचता विचार गर्छौं, तब परमेश्वरले यिनीहरूसित

किन यति रूखो व्यवहार गर्नुभयो, सो हामी बुझ्न सक्छौं।

## ख) लेवी १९ः दैनिक जीवनको सम्बन्धमा लागू हुने अन्य नियमहरू

**लेवी १९ः१-२५ः** *'म परमप्रभु तिमीहरूको परमेश्‍वर पवित्र हुँ'* भन्ने वाक्यमा सबै पवित्रताको आधार हो (लेवी १९ः२)। अनि यस खण्डमा विभिन्न आज्ञाहरू पेश गरिएका छन्, जुन आज्ञाहरू मानिसहरूको रहनसहन र व्यवहारसित सम्बन्धित छन्, जस्तैः

**क)** लेवी १९ः३ः *'तिमीहरू हरेकले आफ्नी आमाको र आफ्ना बुबाको डर मान्‍नू!'* यो दस आज्ञाहरूमध्ये पाँचौं आज्ञा थियो।

**ख)** लेवी १९ः३ः *'मेरा विश्राम-दिनहरू मान्‍नू!'* परमेश्‍वरका विश्रामदिनहरू मान्‍ने आज्ञा दस आज्ञाहरूमा चौथो थियो।

**ग)** लेवी १९ः४ः *'तिमीहरू मूर्तिहरूतिर नढल्किनू; आफ्नो निम्ति कुनै ढलेको देवता नबनाउनू!'* दस आज्ञाहरूमा दोस्रोचाहिँ यो हो।

**घ)** लेवी १९ः५-८ः मेलबलिको मासु तेस्रो दिनमा खानुहुँदैनथियो।

**ङ)** लेवी १९ः९-१०ः खेतबारीको छेउमा भएको अन्नका बालाहरू काट्नुहुँदैनथियो, तर यो गरिब र परदेशीको निम्ति छोड्नूनुपर्थ्यो। यहाँ, यस ठाउँमा बारीका अन्न र दाखबारीको अङ्गुरको कुरा गरिएको छ। तर यी दुईवटा फसलहरू उदाहरण मात्र हुन्, सम्पूर्ण सूचि यसमा सीमित नहोला।

**च)** लेवी १९ः११ः *'तिमीहरूले चोरी नगर्नू! तिमीहरूले कुनै छली काम गर्नुहुँदैन; तिमीहरूले एक-अर्कासँग झूट बोल्नुहुँदैन!'* यी कुराहरू आठौं आज्ञासित सम्बन्धित नियमहरू हुन्।

**छ)** लेवी १९ः१२ः *'तिमीहरूले मेरो नाम लिएर झूटा शपथ खानुहुँदैन! तिमीले आफ्ना परमेश्‍वरको नाम अपवित्र तुल्याउनुहुँदैन।'* यी कुराहरू तेस्रो आज्ञासित सम्बन्धित नियमहरू हुन्।

**ज)** लेवी १९ः१३ः *'तिमीले आफ्नो छिमेकीलाई ठग्नु, धुत्नु र लुट्नुहुँदैन!'* तिनीहरूले मजदुरको ज्यालामा माथि-तल गर्नुहुँदैनथियो।

**झ)** लेवी १९ः१४ः तिनीहरूले बहिरालाई सराप्नु र अन्धाको सामु ठेस लाग्ने ढुङ्गा राख्नुहुँदैनथियो। मानिसहरूले आपसमा सद्भावना कसरी प्रकट गर्नुपर्थ्यो? परमप्रभुको डर मानेर तिनीहरूले एक-अर्कालाई आदर-सम्मान गर्नुपर्थ्यो (लेवी २५ः१७)। अनि अपाङ्ग, वृद्ध र गरिबहरूप्रति तिनीहरूको व्यवहार कस्तो हुनुपर्थ्यो? तिनीहरूले यस्ताहरूलाई कृपा र दया देखाउनुपर्थ्यो (लेवी १९ः१४ र ३२; लेवी २५ः२६ र ४३); तब तिनीहरूले परमप्रभुको भय मानेको कुरा तिनीहरूको व्यवहारबाट प्रमाणित हुन्थ्यो।

**ञ)** लेवी १९ः१५ः न्याय गर्दा तिनीहरूले पक्षपात गर्नुहुँदैनथियो।

**ट)** लेवी १९ः१६ः तिनीहरूले आफ्नो छिमेकीको जीवन पवित्र मान्नुपर्थ्यो। उसको विरोधमा निन्दाचर्चा गर्नुहुँदैनथियो; उसको विरोधमा कुनै दुष्ट युक्ति निकाल्नुहुँदैनथियो।

**ठ)** लेवी १९ः१७ः *'तिमीले निश्‍चय आफ्नो छिमेकीलाई हप्काउनुपर्छ, तर उसको खातिर कुनै पाप बोक्नुहुँदैन।'* आफ्नो दाजुभाइको घृणा गर्नु मनाही गरिएको थियो। यसकारण तिनीहरूले जुनै आपसी मामिला खुला र सफा, निष्कपट र निडरको साथ गर्नुपर्थ्यो; नत्रता यो कुरा बढ़ेर मनभित्रको तिक्त वैरभाव र

पछि बाहिर देखा पर्ने कुनै न कुनै पापमा परिणत हुनेथियो ।

**ड)** लेवी १९:१८: तिनीहरूले बदला लिनुहुँदैनथियो; आफ्नो जातिभाइप्रति रिसराग राख्नुहुँदैनथियो। अनि यस पदको दोस्रो खण्डमा यसरी लेखिएको छः *'तिमीले आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्नू !'* गलाती ५:१४ पदअनुसार व्यवस्थाको सार यस वाक्यमा छ। अनि मर्कूस १२:३१ पदमा प्रभु येशूले भन्नुभएअनुसार सबैभन्दा ठूला आज्ञाहरूमा यो दोस्रो आज्ञा हो। अनि सबैभन्दा ठूलो आज्ञाचाहिँ व्यवस्था ६:४-५ पदमा लेखिएको छ।

**ढ)** लेवी १९:१९: तिनीहरूले दुई किसिमका पाल्तू पशुहरूको बीचमा अन्तर-प्रजनन गर्नु-गराउनुहुँदैनथियो, जस्तैः घोड़ा र गधाको बीचमा पैदा हुने बछेड़ा खच्चर हो, जुन खच्चर बाँझो हुन्छ-हुन्छ। गाईबस्तु भन्नाले यहाँ यस ठाउँमा जुनै जनावर बुझ्नुपर्छ।

अनि अब बारीको कुरा आयोः एउटै बारीमा दुई किसिमको बीउ लगाउनुहुँदैनथियो। अनि लुगा दुई किसिमको दागोले बुन्नुहुँदैनथियो; यस प्रकारको लुगा पहिरनुहुँदैनथियो। किनभने परमेश्वर अलग-अलग राख्नुहुने परमेश्वर हुनुहुन्छ। अनि यी प्राकृतिक, भौतिक उदाहरणहरू दिएर उहाँले आफ्ना जनहरूलाई पाप र अशुद्धताबाट अलग रहने शिक्षा दिनुभयो।

**ण)** लेवी १९:२०-२२: यहाँ, यस खण्डमा मामिला यस प्रकारको छः एउटी दासी छे, जसको मगनी भएको छ। अनि यस दासीसित एउटा पुरुष कुकर्म गरेको छ। यस्तो परिस्थितिमा तिनीहरूले दुईजना अपराधीहरूलाई कोर्राले हिर्काउनुपर्थ्यो, तर मार्न पाउँदैनथियो। अनि पाप गर्ने पुरुषले दोषबलि चढ़ाउनुपर्थ्यो।

**त)** लेवी १९:२३-२५: जुन बेलामा इस्राएलीहरूले कनान देशमा बसोबास गर्नेथिए, त्यस बेलामा तिनीहरूले तीन वर्षसम्म फलफूलका रूखहरूको फल टिप्नुहुँदैनथियो, अनि चौथो वर्षमा तिनीहरूले सबै फलहरू परमप्रभुलाई स्तुतिरूपी बलिको रूपमा चढ़ाउनुपरेको थियो। अनि पाँचौं वर्षदेखि मात्र तिनीहरूले यी फलहरू खान पाउनेथिए। हुन सक्छ, चौथो वर्षमा फलेका सबै फलहरू लेवीहरूले पाउनेथिए होलान्। अथवा एकजना टिप्पणीकारको सुझाउअनुसार तिनीहरूले यी फलहरू परमप्रभुको सामु दशांशको रूपमा अर्पण गरेर खाए कि ?

**लेवी १९:२६-३७:** अझै कति कुराहरू बाँकी रहे, जसको विषयमा निषेध गरिएको थियो, जस्तैः

**थ)** लेवी १९:२६[क]: तिनीहरूले मासु रगतसित खानुहुँदैनथियो।

**द)** लेवी १९:२६[ख]: तिनीहरूले मन्त्र-तन्त्र गर्नु र जोखना हेर्नुहुँदैनथियो।

**ध)** लेवी १९:२७: तिनीहरूले न आफ्नो कपाल, न आफ्नो दाह्री मूर्तिहरू मान्ने अन्यजातिहरूको पाराले काट्न पाउँथ्यो।

**न)** लेवी १९:२८[क]: अनि तिनीहरूले मरेको मानिसको नाममा आफ्नो शरीरको काट्ने-कुट्ने काम गर्नुहुँदैनथियो। तिनीहरूले आफ्नो मनमा लागेको चोट अर्को प्रकारले प्रकट गर्नुपर्थ्यो।

**प)** लेवी १८:२८[ख]: गोदना लगाउने चलन अन्यजातिहरूको चलन थियो। यसो गर्न तिनीहरूलाई मनाही गरिएको थियो।

**फ)** लेवी १९:२९: तिनीहरूले आफ्नी छोरीलाई वेश्या तुल्याउनुहुँदैनथियो।

अन्यजातिहरूले आफ्ना छोरीहरूलाई दान गरेर देवदासी तुल्याउने गर्थे ।

**ब)** लेवी १९:३०: तिनीहरूले विश्राम-दिनको नियम भङ्ग गर्नुहुँदैनथियो ।

**भ)** लेवी १३:३१: तिनीहरूले कहिल्यै भूतप्रेत खेलाउनेहरू र बोक्सेरा-विद्या जान्नेहरूको सहारा लिनुहुँदैनथियो ।

**म)** लेवी १९:३२: तिनीहरूले वृद्ध व्यक्ति-हरूको आदर गर्नुपर्थ्यो ।

**य)** लेवी १९:३३-३४: तिनीहरूले परदेशीहरूसित दयामायाको व्यवहार गर्नुपर्थ्यो ।

**र)** लेवी १९:३५-३७: तिनीहरू आफ्नो व्यापारको कुनै लेनदेनमा पूरा इमानदार हुनुपर्थ्यो ।

### ग) लेवी २०: ठूला-ठूला अपराधहरूको निम्ति लागू गराउनुपर्ने सजाय

यस अध्यायमा ती मानिसहरूको सजायको कुरा गरिएको छ, जसले लेवी १८-१९ अध्यायहरूमा बयान गरिएका अपराधहरूमध्ये कुनै एउटा गरे ।

**लेवी २०:१-३:** जसले आफ्नो छोरा-छोरीलाई मोलेकको निम्ति आगोमा होम गर्‍यो, त्यसैलाई तिनीहरूले ढुङ्गाले हानेर मृत्युदण्ड दिनुपर्थ्यो। अनि मानिसहरूले त्यस्तोलाई मृत्युदण्ड दिँदैनन् भने, परमेश्वरले त्यसलाई मात्र होइन, तर त्यसको सम्पूर्ण परिवारलाई पनि नष्ट गर्नुहुनेथियो (लेवी २०:४-५) ।

**लेवी २०:६-१८:** मृत्युदण्ड लायकका पापहरू यस प्रकारका छन्: जुन मानिस भूतप्रेत खेलाउनेहरू र बोक्सेरा-विद्या जान्नेहरूकहाँ गयो, त्यस मानिसलाई मृत्यु-दण्ड दिइनुपर्थ्यो (लेवी २०:६)। आफ्ना बुबाआमालाई सराप्नेलाई पनि मृत्युदण्ड लाग्थ्यो (लेवी २०:९)। व्यभिचारी र व्यभिचारिणी दुवैलाई मृत्युदण्ड दिइनुपर्थ्यो (लेवी २०:१०), साथै सौतेनी आमा वा बुहारीसित कौटुम्बिक व्यभिचार गर्नेलाई पनि मृत्युदण्ड दिइन्थ्यो; यस अवैध सम्भोगले गर्दा व्यभिचार गर्ने पुरुष र स्त्री दुवैजनालाई मृत्युदण्ड दिइन्थ्यो (लेवी २०:११-१२)। यस्तै प्रकारले पुरुषगामी र समलिङ्ग-गामीहरूलाई मृत्युदण्ड लाग्थ्यो (लेवी २०:१३)। जब कुनै पुरुषले आमा र उसकी छोरीसित मैथुन गर्‍यो, तब तिनीहरूले तीनैजनालाई अग्निदण्ड दिएर प्राणदण्ड दिनुपर्थ्यो (लेवी २०:१४)। अनि पशुगमन गर्नेलाई मृत्युदण्ड लाग्थ्यो; तिनीहरूले पशु र मानिस दुवैलाई मार्नुपर्थ्यो (लेवी २०:१५-१६)। आफ्नी बहिनी वा सौतेनी बहिनीसित कुकर्म गर्ने मानिस मृत्युदण्डको योग्य थियो भने, मासिक धर्म भएकी स्त्रसित सुत्ने पुरुषचाहिँ पनि त्यस्तै मृत्युदण्ड पाउनु योग्य थियो (लेवी २०:१७-१८)।

**लेवी २०:१९-२१:** आमाकी बहिनीसित कुकर्म गर्ने मानिसको कुरा यस प्रकारको छ: *'तिनीहरूले आफ्नो अधर्मको फल भोग्ने नै छन् ।'* यी दुईजना दण्डको योग्य हुन्थे; तर कुनचाहिँ दण्ड तिनीहरूलाई दिइन्थ्यो, सो बयान गरिएको छैन। कतिको विचारमा, तिनीहरू निस्सन्तान रहेनथिए, लेवी २०:२०-२१ पदमा बताएको जस्तै, जहाँ मामिला एक त काकाकी पत्नीसितको कुकर्म थियो, र दोस्रोचाहिँ भाइकी पत्नीसित गरेको कुकर्म थियो।

लेवी २०:२१ पदको नियम तबसम्म मात्र लागू हुन्थ्यो, जबसम्म त्यस मानिसको दाजु वा भाइ जीवित रहन्थ्यो। किनभने जुन दाजु निस्सन्तान भएर मर्थ्यो, त्यसको भाइले आफ्नो दाजुको नाममा सन्तान पैदा गर्न विधवा भएकी दाजुकी पत्नीलाई विवाह गर्नुपर्थ्यो, र उसबाट जन्मेको जेठा छोराको नाम दाजुको नाम राख्नुपर्थ्यो (व्यवस्था २५:५)।

यस प्रकारको विवाहको सम्बन्ध-चाहिँ देवरको विवाह भन्ने नामले चिनिन्छ।

**लेवी २०:२२-२६:** परमेश्‍वरको हृदयको एकमात्र चाहनाअनुसार उहाँका जनहरू पवित्र जनहरू हुनुपर्छ। तिनीहरू अन्यजातिका मानिसहरूका घृणित कामकुराहरूबाट पूरा अलग बस्नुपरेको थियो। तब तिनीहरूले प्रतिज्ञा गरेको देशका सबै आशिषहरू उपभोग गर्न पाउनेथिए।

**लेवी २०:२७:** यसैले भूतप्रेत खेलाउने आत्मा भएको पुरुष वा स्त्री, अनि बोक्सेरा-विद्या जान्ने पुरुष वा स्त्रीलाई कुनै दयामाया थिएन; यिनीहरूलाई ढुङ्गाले हानेर मृत्युदण्ड दिइन्थ्यो।

### घ) लेवी २१-२२: पूजाहारीहरूको आचरण-व्यवहार कस्तो हुनुपर्छ?

लेवी २१ र २२ अध्यायको जोड़ी लेवी १६ र १७ अध्यायको खण्ड हो। यी दुवै खण्ड-हरूको सन्दर्भ हारून र तिनका छोराहरू हुन्।

**लेवी २१:१-४:** पूजाहारीहरूले मरेको व्यक्तिको खातिर आफूलाई अशुद्ध पार्न पाउँदैनथिए; यस नियमदेखि नजिकको नातामा पर्नेहरू बाहेक हुन्थे। जुन पालमा एकजना मरेको मानिस पड़िरहेको थियो, त्यस पालमा पूजाहारीहरूले पस्नुहुँदैनथियो; नत्र ता तिनीहरू सात दिनसम्म अशुद्ध हुन्थे (गन्ती १९:१४)। अशुद्ध अवस्थामा पूजाहारीले परमप्रभुको सेवा गर्न पाउँदैनथिए। यसकारण नजिकका नातेदारहरूको मृत्युको खातिर बाहेक तिनले मृतकको निम्ति आफूलाई विधिवत् हिसाबले अशुद्ध पार्न पाउँदैनथिए। लेवी २१:४ पदको अर्थ यही हुन्छः तिनी मानिसहरूको बीचमा प्रधान भएको हुनाले तिनले लेवी २१:२-३ पदमा उल्लेख गरिएका व्यक्तिहरूको सम्बन्धमा बाहेक अरू कुनै कारणले आफूलाई अशुद्ध पार्नुहुँदैनथिए।

**लेवी २१:५-९:** अन्यजातिका मानिस-हरूले आफ्ना मृतकहरूको निम्ति आ-आफ्नो शरीरको रूप बिगारेर जुन-जुन रीतिहरू अपनाउँथे, यी रीतिहरूअनुसार यहूदीहरूले गर्न पाउँदैनथिए। अनि पूजाहारीले कुनै वेश्यालाई वा सम्बन्ध-विच्छेद भएकी स्त्रीलाई विवाह गर्न पाउँदैनथिए। तर तिनले एउटी विधवालाई विवाह गर्न पाउँथे। पूजाहारीकी जुन छोरीले वेश्याकर्म गरी, त्यस छोरीलाई अग्निदण्ड दिएर प्राणदण्ड दिइनुपर्थ्यो।

**लेवी २१:१०-१५:** प्रधान पूजाहारीले यहूदीहरूको रीतिअनुसार मृतकको निम्ति विलाप गर्न पाउँदैनथिए र मराउ परेको परिवारलाई सान्त्वना दिन पवित्रस्थानबाट निस्केर जान पाउँदैनथिए। तिनले इस्राएली जातिकी कन्यालाई विवाह गर्नुपर्थ्यो। तिनको वैवाहिक जीवन निन्दारहित हुनुपर्थ्यो।

**लेवी २१:१६-२४:** पूजाहारीहरूमा जसको शरीरमा कुनै कमी थियो, उसले पूजाहारी-सेवा गर्न पाउँदैनथियो, जस्तैः अन्धा, लङ्‌ङ्‌ड़ा, नेप्टे र अङ्ग बढ़ी भएको मानिस; साथै हातखुट्टा भाँचिएको, कुप्रे, बाउन्ने, आँखामा खोट भएको, पाकेको घाउ भएको, लुतो लागेको वा अण्डकोष कुच्चिएको मानिस। हारूनका सन्तानहरूमध्ये जसमा यस प्रकारको कुनै खोट थियो, उसले पूजाहारीहरूको भागमा पर्ने भोजन खान पाउँथ्यो; तर परमप्रभुको सामु पूजाहारीको सेवा गर्नुबाट ऊ वञ्चित हुन्थ्यो (लेवी २१:२२-२३)। पूजाहारीहरूको भागमा पर्ने पवित्र खानेकुराचाहिँ मेलबलिहरूबाट तिनी-हरूको भाग थियो भने, परमपवित्र खानेकुरा-हरूचाहिँ अरू बलिहरूबाट तिनीहरूको भागमा पर्ने भोजनवस्तु थिए। जुन पूजाहारीले बलि चढ़ाउँथे, ती पूजाहारीमा कुनै घटीकमी हुनुहुँदैनथियो; किनभने तिनले ख्रीष्ट येशूलाई

चित्रण गर्थे, जो हाम्रा निष्कलङ्क महापूजाहारी हुनुहुन्छ।

**लेवी २२ः१-९ः** जुन पूजाहारी विधिवत् हिसाबले अशुद्ध हुन्थे, अर्थात् जो कोरी, प्रमेही हुन्थे अथवा जो मृतकको लास वा वीर्य बग्ने मानिसलाई छोएर वा कतै कुनै मासु रगतसित खाएर अशुद्ध हुन्थे, अथवा अरू कुनै अन्य कारणले अशुद्ध हुन्थे, तिनले पूजाहारीहरूको भोजनवस्तुबाट खानुहुँदैनथियो। *'तिनीहरूले आफूलाई पवित्र वस्तुहरूबाट अलग राखून्'* भन्ने अर्थ यही हो (लेवी २२ः२)। जुन पूजाहारी कोरी वा प्रमेही हुन्थे, यी पूजाहारीको अयोग्यता लामो समयसम्म रहन्थ्यो। तर माथि व्यक्त गरिएका अन्य कुराहरूको सम्बन्धमा अशुद्ध भएका पूजाहारीचाहिँ निम्न रीति अपनाएर फेरि शुद्ध हुन्थेः पहिले तिनले नुहाउनुपर्थ्यो, त्यसपछि साँझसम्म पर्खनुपर्थ्यो; तब तिनी फेरि शुद्ध हुन्थे।

**लेवी २२ः१०-१३ः** पवित्र भोजनवस्तुको सम्बन्धमा सामान्य नियम यस प्रकारको थियोः पराई मानिसले, पाहुनाले र ज्यालामा काम गर्ने नोकरले यस पवित्र भोजनवस्तुबाट खानुहुँदैनथियो। तर जुन दास पूजाहारीले पैसा दिएर किनेका थिए, त्यस दासले, साथै त्यस दासका छोराछोरीहरूले यस पवित्र भोजनवस्तुबाट खान पाउँथे। अनि पूजाहारीकी जुन छोरीको विवाह पराई मानिससित भएको थियो, त्यस छोरीले पवित्र भोजनवस्तुबाट खान पाउँदिनथिई। तर त्यो विधवा भएर वा त्यसको सम्बन्ध-विच्छेद भएर निस्सन्तान भएकी भए त्यसले आफू फेरि बुबासँग बसेको हुनाले पूजाहारीहरूको भागमा पर्ने पवित्र भोजनवस्तुबाट खान पाउँथिई।

**लेवी २२ः१४-१६ः** थाह नपाईकन कसैले पवित्र भोजनवस्तु खाएको – यस्तो पनि सम्भव हुन्थ्यो। यस परिस्थितिमा उसले यस पवित्र वस्तुको साथमा यसको पाँचौं भाग थपेर पूजाहारीलाई दिनुपर्थ्यो। दोषबलिको सम्बन्धमा कुरा पनि यस्तै हुन्थ्यो।

**लेवी २२ः१७-३०ः** परमप्रभुको निम्ति चढ़ाउने बलिपशुमा कुनै कमी हुनुहुँदैनथियो; चाहे होमबलिको पशु होस्, चाहे मेलबलिको पशु होस्, त्यो निष्खोट हुनुपर्थ्यो (लेवी २२ः१९, २२ः१८-२० र २२ः२१)। अन्धो, अङ्ग भाँचिएको, कूँजो, पीप बग्ने, पाकेको घाउ भएको वा लुतो लागेको पशु बलिपशु हुन सक्दैनथियो (लेवी २२ः२२)। अङ्ग बढ़ी-कम भएको बहर, भेड़ा वा पाठोचाहिँ स्वेच्छादान हुन सक्थ्यो, तर यस्तो पशु कसैले भाकलको निम्ति चढ़ाउन पाउँदैनथियो (लेवी २२ः२३)।

**लेवी २२ः३१-३३ः** *'यसकारण तिमीहरूले मेरा आज्ञाहरू पालन गर्नुपर्छ र तिनैलाई मान्नुपर्छ; म नै परमप्रभु हुँ। अनि तिमीहरूले मेरो* ***पवित्र*** *नाम* ***अपवित्र*** *तुल्याउनुहुँदैन; तर म इस्राएलीहरूको बीचमा* ***पवित्र*** *मानिनेछु; म नै तिमीहरूलाई* ***पवित्र*** *पार्नुहुने परमप्रभु हुँ; मैले तिमीहरूको परमेश्वर हुनको निम्ति तिमीहरूलाई मिस्र देशबाट निकालेर ल्याएँ; परमप्रभु म नै हुँ।'* यस अध्यायको अन्तिम अनुच्छेदमा इस्राएलीहरूले परमप्रभुका आज्ञाहरू मान्नुपर्ने र पालन गर्नुपर्ने कारण के हो, सो सुस्पष्ट रूपले बताइएको छ। किनभने उहाँ जसले तिनीहरूलाई मिस्र देशबाट निकालेर ल्याउनुभयो, उहाँ पवित्र परमेश्वर हुनुहुन्छ। लेवीको पुस्तकको सन्देश के हो? यस अनुच्छेदमा प्रयोग गरिएका शब्दहरूबाट यो स्पष्ट हुन्छः 'मेरो *पवित्र* नाम', '*अपवित्र* तुल्याउनुहुँदैन', 'म *पवित्र* मानिनेछु' र 'तिमीहरूलाई *पवित्र* पार्नुहुने परमप्रभु म नै हुँ।' यसकारण बुझ्नुहोस्ः पवित्रतामा यस पुस्तकको जोड़ हुँदो रहेछ।

# खण्ड ८

## लेवी २३ः परमप्रभुका चाड़हरू

### क) लेवी २३ः१-३ः विश्राम-दिन

अब यहूदी धर्मअन्तर्गत इस्राएलीहरूको पात्रोको विषयमा परमेश्वरको कानुनले के भन्दो रहेछ, सो कुरा हामी हेर्न लागेका छौं। परमप्रभुले मोशाद्वारा *‘तिमीहरूले परमप्रभुका चाड़हरू पवित्र सभाहरू भनेर घोषणा गर्नुपर्छ।’*

छ दिन काम गरेर तिनीहरूले विश्राम-दिनमा विश्राम गर्नुपर्थ्यो। विश्रामदिन नामले बताएअनुसार कामबाट बिसाउन दिइएको थियो। साप्ताहिक बिदाको दिन यही मात्र थियो।

### ख) लेवी २३ः४-५ः निस्तार-चाड़

परमप्रभुको निस्तार-चाड़चाहिँ पहिलो महिनाको चौधौं दिनमा मानिन्थ्यो। तिनी-हरूको पहिलो महिनाको नाम ‘निसान’ वा ‘अबिब’ थियो। निस्तार-चाड़मा इस्राएली-हरूले मिस्र देशको दासत्वबाट छुटकारा पाएको कुरा स्मरण गरिन्थ्यो। अनि निस्तारको पाठोचाहिँ ख्रीष्ट येशूको प्रतीक थियो, जो परमेश्वरको थुमा हुनुहुन्छ, अँ, हाम्रै निस्तारको पाठो हुनुहुन्छ (१ कोरिन्थी ५ः७)। हामीलाई पापको दासत्वबाट छुटकारा दिन उहाँले आफ्नो बहुमूल्य रगत बगाउनुभयो। उहाँ उत्पत्तिको बेलामा मर्नुभएन, तर यसको निम्ति समय पूरा हुनुपरेको थियो; उहाँ समयको परिपूर्णतामा मर्नुभयो (गलाती ४ः४-६)।

### ग) लेवी २३ः६-८ः अखमिरी रोटी-हरूको चाड़

निस्तार-चाड़को सिलसिलामा अखमिरी रोटीहरूको चाड़ मनाइन्थ्यो। निस्तार-चाड़को भोलिपल्टदेखि सात दिनसम्म यो चाड़ चल्थ्यो अर्थात् निसान महिनाको पन्ध्रौं दिनदेखि त्यसको एक्काइसौं दिनसम्म। निस्तार-चाड़ र अखमिरी रोटीहरूको चाड़ - यी दुईवटा चाड़का नामहरू एक-अर्कोको निम्ति परस्पर प्रयोग गरिन्थ्यो। अखमिरी रोटीहरूको चाड़को समयमा यहूदीहरूले आफ्ना घरहरूबाट सबै खमीर हटाउनुपर्थ्यो। अनि पवित्र धर्मशास्त्र बाइबलमा खमीर पापको प्रतीक हो। खमीरचाहिँ वैरभाव र दुष्टताको चित्रण हो; अनि अखमिरी जीवन-चाहिँ इमानदारी र सत्यताले पूर्ण जीवन हो; यसकारण आउनुहोस्, हामी खमीररूपी वैरभाव र दुष्टता हटाऔं, र इमानदारी र सच्चाइले पूर्ण जीवन जिएर ख्रीष्ट येशूको महिमा गरौं (१ कोरिन्थी ५ः८)।

निस्तार-चाड़ र अखमिरी रोटीहरूको चाड़को बीचमा कुनै अन्तराल समय नै थिएन। यसैले हाम्रो मुक्तिको अनुभव र हाम्रो पवित्र चाल चल्नुपर्ने कर्तव्य शुरु भएको समयको बीचमा हामीले कुनै अन्तर राख्नुहुँदैन।

वर्तमान समयमा पनि यहूदीहरूले यस चाड़को समयभरि अखमिरी रोटी खाने गर्छन्। यस अखमिरी रोटीको नाम ‘मट्जो’ हो। मट्जो रोटी तयार गर्दा त्यो रोटी ठाउँ-ठाउँमा घोचिन्छ, अनि पकाएपछि यस रोटीमा धर्काहरू देखा पर्छन्। यस अखमिरी रोटीले हामीलाई ख्रीष्ट येशूको स्मरण, ती पापरहित मुक्तिदाताको सम्झना दिलाउँछ। हाम्रो निम्ति उहाँको शरीरमा छेड़ैछेड़ लगाइएका थिए; अनि उहाँका चोटहरूद्वारा हामी निको भयौं।

**घ) लेवी २३ः९-१४ः पहिलो फलको चाड़**

पहिलो फलको चाड़मा अन्नबालीको एउटा बिटा डोलाउने भेटीको रूपमा चढ़ाइन्थ्यो। अखमिरी रोटीहरूको चाड़को दोस्रो दिनमा, अर्थात् विश्रामदिनको भोलिपल्ट पूजाहारीले त्यो डोलाउँथ्यो। विश्रामदिनको भोलिपल्ट भनेको आइतवार, हप्ताको पहिलो दिन हो। यो डोलाउने भेटी चढ़ाइएको दिन पहिलो फलको चाड़को नामले चिनिन्छ। जौको फसल पाकिरहेको बेलामा यो चाड़ पर्थ्यो; अनि जौ सबैभन्दा पहिलो पाकेको अन्न थियो। यसकारण धन्यवादको भेटीको रूपमा परमप्रभुको सामु जौको एउटा बिटा ल्याइन्थ्यो; साथै एउटा होमबलि र मेलबलि पनि चढ़ाइन्थ्यो। जौको फसलले त्यसपछि पाक्ने अन्य अन्नको ठूलो फसल हुने पूर्वजानकारी र आश्वासन दिन्थ्यो। यसमा पहिलो फलको चाड़ले बौरिउठ्नुभएको ख्रीष्ट येशूलाई सङ्केत गर्छ। किनकि ख्रीष्ट येशूको विषयमा यस्तो लेखिएको छः *'अबचाहिँ ख्रीष्ट मरेकाहरूबाट बौरिउठ्नुभएकै हो, र सुतिजानेहरूमध्ये पहिलो फल हुनुभएको छ'* (१ कोरिन्थी १५ः२०)। यसर्थ उहाँको बौरिउठाइले उहाँमाथि विश्वास गर्नेहरू सबैको निम्ति बन्धक र बैनाको काम गर्छः उनीहरू पनि उहाँजस्तै बौरिउठ्नेछन्, र उनीहरूले उहाँको जस्तै अमरता प्राप्त गर्नेछन्।

**ङ) लेवी २३ः१५-२२ः हप्ताहरूको चाड़**

हप्ताहरूको चाड़ वा पेन्टेकोष्टको चाड़-चाहिँ निस्तार-चाड़को पचास दिनपछि मानिएको चाड़ थियो। हिब्रूमा 'शावूओट'को अर्थ हप्ताहरू हो भने, 'पेन्टेकोष्ट' ग्रीक भाषा हो, जसको अर्थ पचास हो। गहुँको फसलको शुरुमा पर्ने यो चाड़ यस फसलको निम्ति परमप्रभुलाई धन्यवाद चढ़ाउने चाड़ थियो। यस चाड़मा होमबलि, गहुँको नयाँ अन्नबलि, अर्घबलि र मेलबलिको साथ पहिलो फलरूपी दुईवटा मैदाका रोटीहरू चढ़ाइन्थे।

यहूदीहरूको परम्पराअनुसार यस दिनमा मोशाले व्यवस्था पाएका थिए अरे। तर त्यो कुराभन्दा हाम्रो निम्ति यस चाड़को साङ्केतिक अर्थ महत्त्वपूर्ण हुन्छः किनभने पेन्टेकोष्टको दिनमा पवित्र आत्मा पठाइनुभयो र मण्डली ख्रीष्टको देहको रूपमा स्थापित भयो।

डोलाउने भेटीचाहिँ मैदाका दुईवटा रोटी थिए, जुन रोटीहरू भर्खरै भित्र्याइएको अन्नबाट बनेका थिए। अनि यस डोलाउने भेटीमा मात्र खमीर हालिएको पाइन्छ। यी दुईवटा रोटीहरूको दृष्टान्तिक अर्थ यस प्रकारको छः यी रोटीहरू ती यहूदी र अन्य-जातिहरूलाई सङ्केत गर्छन्, जुन यहूदीहरू र अन्यजातिहरू ख्रीष्ट येशूमा एउटा नयाँ मानिस बनेका छन् (एफेसी २ः१५)।

पेन्टेकोष्टको चाड़ मानेपछि निक्कै समय-सम्म, अँ, लगभग चार महिनासम्म कुनै अर्को चाड़ पर्दैनथियो। अनि यो अन्तराल समयले मण्डली-युग सङ्केत गरेको छ, जुन समयभित्र हामी जिइरहेका छौं र पूरा उत्सुकतासाथ हाम्रो मुक्तिदाता प्रभुको दोस्रो आगमनको बाटो हेरिरहेका छौं।

**च) लेवी २३ः२३-२५ः तुरहीहरूको चाड़**

तुरहीहरूको चाड़ सातौं महिनाको पहिलो दिनमा पर्थ्यो। अनि यस तुरहीहरूको फुकाइले चाहिँ यहूदीहरूलाई पवित्र सभाको निम्ति भेला हुन बोलाउँदैथियो। यस दिनदेखि तिनीहरूलाई दस दिन दिइएको थियो, जुन अवधिभित्र तिनीहरूले आफूलाई जाँच्नुपर्थ्यो र पश्चात्ताप गर्नुपर्थ्यो; किनभने प्रायश्चित्तको दिन आउन लागेको थियो। यस चाड़को साङ्केतिक अर्थ यस प्रकारको छः इस्राएलीहरू फेरि आफ्नो देश र भूमिमा भेला

पारिनेछन्, त्यसपछि तिनीहरूले जातिको हिसाबले पश्चात्ताप गर्नेछन्।

वर्तमान समयमा यहूदीहरूको बीचमा यस तुरहीहरूको चाड़को नाम 'रोश हशानाह' भनिन्छ, जसको अर्थ 'वर्षको शुरु' हो। अनि यस नामअनुसार यो दिन जनजीवनअनुसार नयाँ वर्षको शुरु मानिन्छ। कतिजनाको विचारमा, यस चाड़मा दोस्रो आत्मिक अर्थ पनि छ, जस्तैः यस भेलागराइमा पवित्र जनहरू भेला पारिनेछन्, जो आफ्ना प्रभुलाई आकाशमा भेट्न उठाइलगिनेछन्।

### छ) लेवी २३ः२६-३२ः प्रायश्चित्तको दिन

प्रायश्चित्तको दिनको नाम हिब्रू भाषामा 'योम किप्पूर' हो। अनि यो दिन सातौं महिनाको दासौं दिनमा मानिन्थ्यो। यसको बेलीबिस्तार लेवी १६ अध्यायमा गरिएको छ। यस चाड़को भविष्यात्मक अर्थ यस प्रकारको छः एक दिन इस्राएली जातिले पश्चात्ताप गर्नेछ; त्यस समयमा तिनीहरूको बाँकी भाग मानिसहरूले प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई आफ्ना मसीहको रूपमा ग्रहण गर्नेछन् (जकरिया १२ः१० र १३ः१)। प्रायश्चित्तको दिनको विषयमा लेखिएको यस खण्डमा परमेश्वरले घरिघरि एउटा आज्ञा दोहोर्‍याउनुभयोः 'कुनै काम नगर!' यस दिनमा काम गर्ने एकमात्र व्यक्ति प्रधान पूजाहारी नै थिए। तिनीहरूले यस दिनमा कुनै न कुनै काम गर्ने मानिसलाई नष्ट गर्नुपर्थ्यो। परमप्रभुको कड़ा आज्ञा यही थियो। यसो किन थियो होला र? किनभने मुक्तिचाहिँ हाम्रा कामहरूको फल हुँदै होइन! हाम्रा निम्ति मुक्ति हाम्रा महापूजाहारी ख्रीष्ट येशूले प्राप्त गर्नुभयो। अनि यो मुक्ति *'हामी आफैले गरेका धर्मका कामहरूद्वारा प्राप्त गरिँदैन, तर उहाँको कृपाअनुसारको दान हो'* (तीतस ३ः५)। हाम्रा पापहरू हटाउने सम्बन्धमा हाम्रा कामहरूको कुनै सरोकार हुँदै-हुँदैन। ख्रीष्ट येशूको त्राणको काम र केवल त्यो काम अनन्त मुक्ति प्राप्त गर्ने एकमात्र माध्यम हो।

लेवी २३ः२७, २९ र ३२ पदमा 'प्राणलाई कष्ट दिने' कुरा लेखिएको छ। यस सन्दर्भमा यसको अर्थ उपवास बस्नु हो। वर्तमान समयमा पनि भक्त यहूदीहरूले यस दिनमा उपवास बस्ने गर्छन् र प्रार्थना गर्ने गर्छन्। प्रायश्चित्तको दिनचाहिँ यहाँ, यस खण्डमा परमप्रभुका चाड़हरूको बीचमा हालिएको थियो; तर भोजको मोजको कुरा परै जाओस्, यो त उपवास बस्ने दिन पो थियो। तर जसको पाप क्षमा भयो, त्यस मानिसको रमाउने दिन आउँछ-आउँछ। अनि झुपड़ीहरूको चाड़ यस आनन्दको दिनको कुरा गर्छ।

### ज) लेवी २३ः३३-४४ः झुपड़ीहरूको चाड़

झुपड़ीहरूको चाड़को हिब्रू नाम 'सुक्कोत' हो; अनि यस चाड़को शुरु सातौं महिनाको पन्ध्रौं दिन थियो। यस चाड़भरि सात दिनसम्म इस्राएलीहरू झुपड़ीहरूमा बस्थे (लेवी २३ः४२)। यस चाड़को आत्मिक अर्थ यस प्रकारको छः यसले अन्तिम फसल भित्र्याइएको र अन्तिम आएर विश्राम पाएको सङ्केत गर्छ। किनभने इस्राएली जातिले ख्रीष्टको हजार वर्षको राज्यमा आफ्नो देश र भूमिमा सुरक्षासाथ बस्न पाउने नै छ। यस चाड़को अर्को नाम पनि छः अन्न भित्र्याउने चाड़ (प्रस्थान २३ः१६); किनभने यस चाड़को सन्दर्भ फसलको कटनी नै थियो। अनि दुईवटा विश्रामदिनहरूले हजार वर्षको राज्यको विश्राम र अनन्त विश्राम चित्रण गर्छन्।

श्रीमान् श्रीमती मोशे र सील रोसनले यस दिनको सम्बन्धमा यहूदीहरूको प्रथा बयान गरेका छन्ः

'यहूदीहरूले झुपड़ीहरू बनाउँथे र यस चाड़भरि यी झुपड़ीहरूमा बस्थे; किनभने यी झुपड़ीहरूले तिनीहरूलाई मोशाको पालोमा भएको उजाड़स्थानको यात्राको सम्झना दिलाउँथे; त्यस अवधिभरि तिनीहरूको बसाइ अस्थायी हुन्थ्यो। वर्तमान यहूदीहरूले अझै पनि यस चाड़को निम्ति यस प्रकारका अगाड़िपट्टि खुला भएका झुपड़ीहरू बनाउने गर्छन्; तिनीहरूले रूखका हाँगाहरू र फलफूलहरू लिएर यी झुपड़ीहरू सजाउने-सिँगार्ने गर्छन्।

यस फसल भित्र्याउने चाड़को सिलसिलामा तिनीहरूमध्ये सकेसम्म सबैजना वर्षपिच्छे यरूशलेममा आउने गर्थे। यस पर्वका रीतिहरूमा सिलोआमको दहबाट पानी निकालेर मन्दिरमा खन्याएर चढ़ाउने विधि पनि पर्थ्यो; हिउँदे पानी बर्सोस् भन्ने माग यस विधिको साङ्केतिक अर्थ थियो। यस चाड़ भइरहेको बेलामा प्रभु येशूले ठूलो सोरमा कराएर भन्नुभयोः "कोही तिर्काउँछ भने ऊ मकहाँ आएर पिओस्!" (यूहन्ना ७:३७-३८)।

इस्राएली जातिले एक दिन अन्तिम प्रायश्चित्तको दिन मान्नेछ, र यरूशलेममा फेरि पनि एक पल्ट झुपड़ीहरूमा बस्नेछन् (जकरिया १४:१६)।'

यी चाड़हरूको माध्यमद्वारा परमप्रभुले आफ्ना जनहरूलाई विभिन्न कुराहरू सिकाउन चाहनुहुन्थ्यो; यी कुराहरूमध्ये एउटाचाहिँ यो होः आत्मिक कुराहरू र भौतिक कुराहरूको बीचमा नजिक सम्बन्ध रहेको छ। तब फलिफाप र आशिषले पूर्ण समयहरूमा तिनीहरूले परमप्रभुको सामु आनन्द मनाउनुपर्थ्यो। उहाँ तिनीहरूको दैनिक खाँचोको निम्ति प्रशस्त बन्दोबस्त गर्नुहुने परमप्रभु हुनुहुन्थ्यो। उहाँको साँचो रूप यही हो। तब तिनीहरूले उहाँको भलाइको सट्टामा उहाँलाई के दिन सक्थे? फसलको सम्बन्धमा दिइएका चाड़हरूले तिनीहरूलाई त्यही सिकाउँथेः तिनीहरूले उहाँलाई विभिन्न तरिकाले धन्यवाद चढ़ाउनुपर्थ्यो।

तपाईंले याद गर्नुहोस्ः लेवी २३:३, ७, ८, २१, २५, २८, ३०, ३१, ३५ र ३६ पदमा घरिघरि यो आदेश उल्लेख गरिएको छः *'परिश्रमको कुनै काम नगर!'* यी पवित्र सभाहरूका दिनहरूमा इस्राएलीहरूले काम गर्नुहुँदैनथियो।

परमप्रभुका चाड़हरूको सम्बन्धमा कालचक्रको क्रममा निश्चित प्रगति भएको देखिन्छ। विश्रामदिनले हामीलाई सृष्टिको उत्पत्तिकहाँ फर्काउँछ, जुन बेलामा परमेश्वरले सातौं दिनमा आफ्ना सबै कामहरूबाट विश्राम लिनुभयो। अनि निस्तार-चाड़ले हामीलाई गलगथाको याद दिलाउँछ, जहाँ प्रभु येशू हाम्रा पापहरूको निम्ति मर्नुभयो। अनि अखमिरी रोटीहरूको चाड़ले यससित जोड़िएको हाम्रो पवित्र चालको सम्झना दिलाउँछ। अनि पहिलो फलको चाड़ले ख्रीष्ट येशूको पुनरुत्थानको कुरा गर्छ भने पेन्टेकोष्टको चाड़ले पवित्र आत्मा आउनुभएको स्मरण गराउँछ। त्यसपछि तुरहीहरूको चाड़ले इस्राएली जाति भेला गराउने दिनको पूर्वदर्शन दिन्छ। प्रायश्चित्तको दिनले इस्राएलको बाँकी भाग मानिसहरूले पश्चात्ताप गरेर येशू ख्रीष्टलाई आफ्नो मसीहको रूपमा ग्रहण गर्नेछन् भन्ने पूर्वछायाचित्र गर्छ। अनि अन्तिम आएर झुपड़ीहरूको चाड़ले इस्राएली जातिले ख्रीष्टको हजार वर्षको राज्यमा विश्राम, सुरक्षा र समृद्धि उपभोग गरेको पूर्वदर्शन दिन्छ।

# खण्ड ९

## लेवी २४ः विधिवत् नियमहरू र नैतिक नियमहरू

वर्षपिच्छे मनाउनुपर्ने चाड़हरूको छोटकारी बयान हामीले लेवी २३ अध्यायमा पढ़िसक्यौं। अब परमप्रभुको निम्ति गर्नुपर्ने दैनिक सेवाहरू र साप्तहिक सेवाहरूको कुरा उठाइन्छ।

**लेवी २४ः१-९ः** *'इस्राएलीहरूलाई तिनीहरूले तिमीकहाँ कुटेको जैतुनको शुद्ध तेल ल्याऊन् भन्ने आज्ञा गर!'* यो शुद्ध जैतुनको तेल सुनको सामदानरूपी दियाको निम्ति थियो, जुन दिया पवित्रस्थानभित्र बेलुकादेखि बिहानसम्म निरन्तर बल्नुपर्थ्यो।

तिनीहरूले बाह्रवटा रोटीहरू बनाएर दुईवटा लहर हुने गरी भेटीका रोटीहरूको टेबलमाथि सजाउनुपर्थ्यो। यी रोटीहरू हरेक विश्रामदिनमा हटाएर यिनको बदलीमा नयाँ रोटीहरू लगाइन्थे। यी रोटीहरूमाथि लोबान राखिन्थ्यो। यो परमप्रभुको भाग थियो। यसकारण जब पुराना रोटीहरू हटाएर तिनीहरूले यस टेबलमाथि नयाँ रोटीहरू राख्थे, तब तिनीहरूले यो लोबान परमप्रभुको निम्ति बाल्ने गर्थे; अनि पुराना रोटीहरू पूजाहारीहरूलाई खान दिइन्थे।

**लेवी २४ः१०-२३ः** अचानक वृत्तान्तको क्रम भङ्ग भयो; किनभने इस्राएली स्त्रीको छोराले, जसको बुबा मिस्री थियो, परमप्रभुको नामको निन्दा गरेको थियो। तत्कालै त्यसलाई ढुङ्गाले हानेर मृत्युदण्ड दिइयो (लेवी २४ः१०-१६ र २३)। यस घटनाबाट के बुझिन्छ भने, इस्राएलीहरूको छाउनीको बीचमा जिउने जुनसुकै मानिसको निम्ति एउटै नियम लागू हुन्थ्यो, चाहे त्यो मानिस यहूदी होस्, चाहे गैर-यहूदी होस् (लेवी २४ः२२)। यसर्थ ईश्वरनिन्दाचाहिँ हत्या बराबर पाप रहेछ; किनभने यसको निम्ति मृत्युदण्ड दिइन्थ्यो (लेवी २४ः१४, १६, १७ र २३)।

हुन सक्छ, यही पदको आधारमा यहूदीहरूले प्रभु येशूको विरोधमा निम्न आरोप लगाए: *'हामीसँग एउटा व्यवस्था छ, र हाम्रै व्यवस्थाअनुसार त्यो मर्नैपर्छ; किनभने त्यसले आफैलाई परमेश्वरको पुत्र तुल्यायो'* (यूहन्ना १९ः७)।

यस घटनाबाट अर्को कुरा पनि बुझिन्छः कति अपराधहरूको निम्ति क्षतिपूर्ति गर्न सकिन्थ्यो, जस्तैः कुनै पशुको निम्ति भर्ना गर्न सकिन्थ्यो (लेवी २४ः१८ र २१)। अनि अन्तिम आएर यस घटनाबाट सिक्न सक्ने तेस्रो कुरा यस प्रकारको छः

> 'क्षतिपूर्तिचाहिँ व्यवस्थाको आधारभूत नियम थियो। आफ्नो गल्तीको निम्ति मानिस जवाफदेही हुन्थ्यो, त्यसले भर्ना गर्नुपर्थ्यो। यस सम्बन्धमा व्यवस्था खुकुलो पारेमा यसको बदनाम हुनेथियो। "प्राणको बदलामा प्राण" भन्ने नियम हिजोआज पश्चिमी मुलुकमा हेला गरिएको छ; तर विचारशील मानिसहरूले निम्न कुराहरू अवश्य ख्याल गर्नेछन्: **क)** उहिलेको समाजमा गल्तीभन्दा सजाय ठूलो हुन्थ्यो; यसकारण सठीक ढङ्गले प्रतिशोध वा बदला लिने यस नियमले यो कुनीति सुधारेको छ; किनभने साँचो न्याय यस नियमको माग हो। **ख)** यस नियमको सट्टामा प्रायः पुनर्स्थापना गर्ने विचारले अपनाइएको सजाय गर्ने तरिका व्यक्ति-सापेक्षिक हुन्छ-हुन्छ; किनभने अपराधी समाजमा पुनर्स्थापना गर्न योग्य भएको छ कि छैन, कसले निश्चित जान्दछ? ठिक्कै छ, आज आफ्नो कानुनका

नियमहरू खुकुला पार्नुहोस्, तर भोलि यसको नतिजा के हुने हो, सो पनि विचार गर्नुहोला। अनि साँचो न्याय "आँखाको बदलीमा आँखा" नै हो; यसको कम होइन, यसको बढ़ी पनि होइन।'

Daily Notes of the Scripture Union

निष्कर्षमा हामी यसो भन्छौं: लेवी २४:१-९ पदको खण्डमा परमेश्वरले इस्राएली जातिलाई जसरी देख्न चाहनुभयो, यस प्रकारको दृष्टिमा वर्णन गर्छ। तर लेवी २४:१०-१६ पदमा हामी इस्राएली जातिको वास्तविक रूप देख्छौं; किनभने तिनीहरूले ख्रीष्ट येशूको नामको निन्दा गरे र *'यसको रगत हामीमाथि र हाम्रा सन्तानहरूमाथि परोस्'* भनेर आफूलाई सरापे (मत्ती २७:२५)।

# खण्ड १०

## लेवी २५: विश्राम वर्ष र जुबिली वर्ष

लेवी २५-२७ अध्यायको खण्डमा पेश गरिएका नियमहरू मोशाले भेट हुने पालभित्र रहेर पाएनन्, तर सिनाई पर्वतमाथि पाए (लेवी २५:१; २६:४६ र २७:३४)।

**लेवी २५:१-७:** सात-सात वर्षमा जमिनले विश्राम लिनुपर्थ्यो; यस वर्षमा तिनीहरूले जमिन बाँझो राख्नुपर्थ्यो। अनि मानिसहरूले त्यस सालभरि के खाउँलान् भन्ने प्रश्नको उत्तर यहाँ छ: जे आफैआफ उम्रिन्छ, त्यो तिनीहरूको आहार हुनेथियो। तर तिनीहरूले आफै उम्रेको फसल काट्न पाउँदैनथिए। यो सबै मानिसहरूको निम्ति साँझा हुन्थ्यो।

**लेवी २५:८-१७:** अनि हरेक पचासौं वर्ष पनि विश्राम-वर्ष हुन्थ्यो, जुबिली वर्ष हुन्थ्यो। यो जुबिली वर्ष प्रायश्चित्तको दिनबाट शुरु हुन्थ्यो। सात पल्ट विश्राम-वर्ष मानेपछि जुबिली वर्षको पालो आउँथ्यो। यस वर्षमा पनि तिनीहरूले आफ्नो खनजोत गरेको जमिन बाँझो राख्नुपर्थ्यो। त्यस सालमा दासहरू स्वतन्त्र हुन्थे; अनि जग्गाजमिन जग्गाको धनीलाई फर्काइन्थ्यो। दासको दाम र जमिनको दाम जुबिली वर्ष नजिक-टाढ़ो हुने हिसाबले धेरथोर हुन्थ्यो (लेवी २५:१५-१७)। सबै लेनदेनका कुराहरूको दाम यस जुबिली वर्षको हिसाबले निकालिन्थ्यो। 'सारा देशभरि त्यसका बासिन्दाहरूलाई छुटकाराको घोषणा गर्नू!' भन्ने शब्द संयुक्त अमेरिकाको स्वतन्त्रताको घण्टीमा लेखिएका छन्। ख्रीष्ट-विश्वासीहरूहो, हाम्रो जुबिली वर्ष आइरहेको छ! हाम्रा प्रभु येशूको दोस्रो आगमन नजिकै छ! हामी यस महान् घटनाको मुखमै आइपुगेका छौं। यसकारण हामीले यस घटनाको हिसाबले हाम्रो भौतिक धनसम्पत्तिको मूल्य निकाल्नुपरेको छ। यसको मूल्य दिनदिनै घटिरहेको छ। अनि जब प्रभु येशू फर्केर आउनुहुनेछ, त्यस क्षणमा हाम्रो रुपियाँपैसा के, हाम्रो जग्गाजमिन के, हाम्रो लगानी के – यी सबका सब व्यर्थै ठहरिनेछन्। यसबाट सिक्नुपर्ने पाठ यस प्रकारको छः हाम्रा यी भौतिक कुराहरूको सदुपयोग गरौं र दिन छँदै तत्कालै प्रभुको काममा लगाइहालौं!

**लेवी २५:१८-२२:** विश्राम-वर्ष लगायत जुबिली वर्ष आउँथ्यो। तब यी वर्षमा के खाइन्थ्यो होला त? यो प्रश्न स्वाभाविक हो। तब सुन्नुहोस्: परमेश्वरका आज्ञाकारी जन-हरूको निम्ति उहाँको प्रतिज्ञा यस प्रकारको थियो: *'छैटौं वर्षमा म आफ्नो आशिषलाई आज्ञा गर्नेछु, र जमिनले तीन वर्षको निम्ति उब्जनी दिनेछु।'*

यहाँ हिसाबको कुरा आयोः पचास-पचास वर्षमा दुई वर्ष आउँथे, जुन वर्षहरूमा तिनीहरूले न बीउ छर्थे, न कटनी गर्थे। किनकि विश्राम-वर्ष लगायत जुबिली वर्ष आउँथ्यो। यसो हो भने, परमप्रभुले तिनीहरूलाई अठचालिसौं वर्षमा चार वर्ष पर्याप्त हुने गरी फसल दिनुहुन्थ्यो, कि क्या हो ?

कति बाइबलका विद्वान्हरू छन्, जसले यसको हिसाब समावेशी हिसाबअनुसार अर्को प्रकारले निकालेका छन्; तिनीहरूको गन्ती-अनुसार पचासौं वर्ष वास्तवमा उनन्चासौं वर्ष हुँदो रहेछ। जेजस्तो भए पनि, परिस्थिति विज्ञानअनुसार यो पुरानो तरिका एक दम सही थियो; किनभने यसरी जमिनले विश्राम लिँदा त्यसको उब्जा गर्ने शक्ति बचाइराखिन्थ्यो। वर्तमान समयका मानिसहरूले यस धरतीका स्रोत र साधनहरूको संरक्षाप्रति पूरा चासो लिएका छन्। तर तिनीहरूले ध्यान दिन चाहे परमेश्वरको वचनमा हजारौं वर्षअघि यसको निम्ति प्रबन्ध गरिसकेको कुरा चाल पाउनेथिए। धेरै कुराहरूको सम्बन्धमा कुरा यस्तो हुँदो रहेछ।

**लेवी २५ः२३-२८ः** जग्गाजमिन बेच्न पाइन्थ्यो, तर त्यो सदाको निम्ति बेचिँदैन-थियो; किनभने परमप्रभु जमिनको मालिक हुनुहुन्थ्यो। तीनवटा तरिकाहरू यहाँ प्रस्तुत गरिएका छन्, जुन तरिका अपनाएर जमिन त्यसको धनीकहाँ फिर्ता गरिन्थ्यो। **क)** कि त जमिनको धनीको नजिकका आफन्तले त्यो बेचिएको जमिन दाम तिरेर छुटाउन सक्थ्यो (लेवी २५ः२५); **ख)** कि त जमिनको धनीको आर्थिक अवस्था सुध्रियो भने, उसले त्यो जमिन दाम तिरेर फिर्ता लिन सक्थ्यो। यसमा जुबिली वर्षको हिसाबले जमिनको दाम घट्थ्यो (लेवी २५ः२६-२६)। **ग)** कि त जुबिली वर्षमा यो जग्गाजमिन आफैआफ जमिनको धनीकहाँ फर्किन्थ्यो (लेवी २५ः२८)।

**लेवी २५ः२९-३४ः** अब पर्खालले घेरिएको शहरभित्रको घरको कुरा आयोः बेचिएको एक वर्षभित्र त्यो घर दाम तिरेर छुटाउन सकिन्थ्यो। यो एक वर्ष बितेपछि त्यो घर नयाँ धनीको सम्पत्ति गनिन्थ्यो। पर्खाल नभएका गाउँहरूमा भएको घरको लेनदेन जग्गाजमिनको लेनदेनअनुसार गरिन्थ्यो। जुबिली वर्षमा त्यो घर आफैआफ त्यस घरको अग्रिम धनीकहाँ फर्कन्थ्यो। अनि लेवीका घरहरूको विषयमा कुरा यस्तो हुन्थ्योः तिनीहरूका घरहरू तोकिएका शहरहरूभित्र हुन्थे। अनि लेवीहरूका बेचिएका घरहरू सधैं दाम तिरेर छुटाउन पाइन्थ्यो। तर लेवीहरूलाई यी शहरहरूको वरिपरि दिइएको जमिन बेच्न पाइँदैनथियो।

**लेवी २५ः३५-३८ः** यहूदी मानिस ऋणमा परेर वा अन्य कारणले गरिब भयो भने, त्यसलाई कसैले थिचोमिचो गर्न पाइँदैनथियो, अहँ, त्यसको ऋणदाताले पनि त्यसलाई थिच्न पाउँदैनथियो। यस अवस्थामा ऋण दिनेले पैसा वा भोजन-वस्तुरूपी आफ्नो ऋणमाथि ब्याज लगाउन पाउँदैनथियो, कुनै सुदखोर गर्नुहुँदैनथियो।

**लेवी २५ः३९-४६ः** कुनै इस्राएली मानिसको आर्थिक परिस्थिति नाजुक भयो र ऋण फर्काउन नसकेको हुनाले त्यो आफूलाई दासको रूपमा बेच्ने बाध्य भयो भने, तिनीहरूले त्यस यहूदी मानिसलाई दासको रूपमा लिनुहुँदैनथियो, तर त्यससित ज्यालामा काम गर्ने नोकरको रूपमा व्यवहार गर्नुपर्थ्यो। त्यसले सेवा गरेको छ वर्षभित्र जुबिली वर्ष परेको खण्डमा त्यसले यस बन्धनबाट निस्कन पाउँथ्यो। यहूदीहरूले अन्यजातिहरूबाट दासहरूलाई किनेर राख्न पाउँथे। अनि यी अन्यजातीय दासदासीहरू तिनीहरूको सम्पत्ति ठहरिन्थे; ती दास-दासीहरूका सन्तानहरू पनि दासदासी हुन्थे,

जायजेथा ठहरिन्थे। तर कुनै यहूदी मानिस कसैको दास हुनुहुँदैनथियो।

**लेवी २५ः४७-५४ः** अब त्यस यहूदी मानिसको कुरा आयो, जसले आफूलाई अन्यजातिको मानिसको हातमा बेच्यो, जुन अन्यजातिको मानिसले कनान देशमा बसोबास गर्थ्यो। यस परिस्थितिमा यहूदी मानिसलाई जहिले पनि दाम तिरेर छुटाउन पाइन्थ्यो। अनि छुटाउने दाम जुबिली-वर्षसम्म जति वर्ष रहेका थिए, त्यस कुरामा भर पर्थ्यो। अनि जुन आफन्तले त्यसलाई दाम तिरेर छुटायो, त्यस आफन्तको सेवा त्यसले ज्यालामा काम गर्ने नोकरको रूपमा जुबिली वर्षसम्म गर्नुपर्थ्यो। अनि यस प्रकारको दाम तिरेर छुटाउने आफन्त देखा परेन भने, त्यो यहूदी मानिस जुबिली वर्षमा छुट्टिन्थ्यो।

**लेवी २५ः५५ः** *'किनकि इस्राएलीहरू मेरा दासहरू हुन्!'* अनि तिनीहरूको जमिन परमप्रभुको थियो (लेवी २५ः२३)। यस पदले हामीलाई यो याद दिलाउँछः परमप्रभु आफ्ना जनहरूको मालिक हुनुहुन्थ्यो। यसकारण न परमेश्वरका जनहरू, न उहाँको धनसम्पत्ति स्थायी रूपले बेच्न सकिन्थ्यो।

# खण्ड ११

## लेवी २६ः आशीर्वादहरू र श्रापहरू

### क) लेवी २६ः१-१३ः परमेश्वरप्रति आज्ञाकारी हुनेहरूलाई हुने आशीर्वाद

अनाज्ञाकारिताको प्रतिफलको विषयमा चेताउनी दिनु यस अध्यायमा आज्ञाकारिताको प्रतिफलको विषयमा बताउनुभन्दा दुई गुणा बढ़ी ठाउँ लिएको छ। अनाज्ञाकारिताको प्रतिफलचाहिँ आपद्विपद्हरू हुन्, जुन आपद्विपद्हरू परमेश्वरले आफ्ना जन-हरूलाई पश्चात्तापमा डोऱ्याउन आफ्नो अनुशासनको माध्यम तुल्याउनुहुन्छ; यी विपत्तिहरू उहाँको बदला दिने क्रोधको फल होइनन् (लेवी २६ः४०-४२)। जबसम्म परमेश्वरका जनहरूले आफ्नो अधर्म स्वीकार गर्दैनथिए, तबसम्म उहाँले तिनीहरूलाई ताड़ना, अँ, झन् बढ़ी ताड़ना दिनुहुनेथियो। यसमा तपाईंले तिनीहरूको अनाज्ञाकारिताको बढ़्दै गरेको प्रक्रिया ख्याल गर्नुहोलाः लेवी २६ः१४, १८, २१, २४ र २८।

अब हामी यो कुरा शुरुदेखि हेर्दै जान्छौं। लेवी २६ः१-२ पदमा मूर्तिपूजा गरेको, विश्रामदिन भङ्ग गरेको र परमप्रभुको अपमान गरेको अपराधहरूको विरोधमा चेताउनी दिनुभएपछि परमप्रभुले आफ्ना आज्ञाकारी जनहरूलाई निम्न आशिषहरू दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयोः वर्षा र उब्जनी (लेवी २६ः४), प्रशस्त उर्वरता र सुरक्षा (लेवी २६ः५), तिनीहरूका शत्रुहरूमाथिको विजय (लेवी २६ः७-८), फलवन्त हुने, संख्याको वृद्धि र तिनीहरूलाई सधैं साथ दिने परमप्रभुको उपस्थिति (लेवी २६ः९-१३)। श्री रोलन्ड नोक्षको सजीव अनुवादमा लेवी २६ः१३ पद यसरी पढ़िन्छः 'तिमीहरूका गर्दनबाट दासत्वका साङ्ला काटिदिने र तिमीहरूलाई आफ्नो शिर ठाड़ा गर्न सक्ने स्वतन्त्र मानिस तुल्याइदिने के त्यो म होइन र?'

### ख) लेवी २६ः१४-३९ः परमेश्वरप्रति अनाज्ञाकारी हुनेहरूलाई मिल्ने श्राप

**लेवी २६ः१४-३३ः** तिनीहरूको अनाज्ञा-कारिताको प्रतिफल के हुनेथियो? डरत्रास, घातक रोगहरू, शत्रुहरूद्वारा पराजित हुने,

खड़ेरी, बाँझोपन, जङ्गली पशुहरूको वृद्धि, महामारी, कब्जा र कैद।

लेवी २६:२६ पदले रोटीको लौरो भाँचिएको अनिकाल बयान गरेको छ। रोटीको अभावले गर्दा दसजना स्त्रीहरूले एउटै तन्दुरमा रोटी पोल्न सक्दा रहेछन्। सामान्य हिसाबले एउटा तन्दुर एउटै परिवारको निम्ति पर्याप्त हुन्थ्यो। तर लेवी २६:२९ पदमा आएर यो अनिकाल अझै तिक्त हुन जान्छ, यसको फलस्वरूप नरमांस खाइन्छ। २ राजा ६:२९ र विलाप ४:१० पदको इतिहास यो चेताउनीरूपी भविष्यवाणी पूरा भएको साक्षी छ।

**लेवी २६:३४-३९:** अनाज्ञाकारितामा सुदृढ़ भएको हठी इस्राएली जातिको हालत के हुनेथियो? तिनीहरू कैदमा जानेथिए; विदेशी राष्ट्रहरूले तिनीहरूलाई कैद गरेर लानेथिए। तब बल्ल इस्राएल देशले विश्राम पाउनेथियो। यहूदीहरूले जति विश्राम-वर्षहरू भङ्ग गरे, ती विश्राम-वर्षहरूको संख्याअनुसार प्रतिज्ञाको देशले विश्राम गर्न पाउनेथियो। यो वचन तिनीहरूलाई बेबिलोनमा लगिएको कैदमा पूरा भयो। राजा शाऊलको पालोदेखि यहूदीहरूलाई बेबिलोनको कैदमा नलगिएका सत्तरी विश्राम-वर्षहरू थिए भने, ठीक यही संख्याअनुसार तिनीहरू सत्तरी वर्ष कैदमा रहनुपरेको थियो। यही समयभरि तिनीहरूको देशले विश्राम लिन पायो (२ इतिहास ३६:२०-२१)।

### ग) लेवी २६:४०-४६: पापको स्वीकार र पश्चात्ताप गरेमा पुनर्स्थापना

यस अध्यायको बाँकी भागमा तिनीहरूको पुनर्स्थापनाको तरिका बताइएको छ। यस अनाज्ञाकारी जातिको निम्ति उपाय यस प्रकारको थियो: तिनीहरूले आफ्ना पाप स्वीकार गर्नुपर्थ्यो र आफ्नो अनाज्ञाकारिताबाट फर्केर पश्चात्ताप गर्नुपर्थ्यो। परमेश्वरले आफ्ना जनहरूलाई पूर्ण रूपले त्याग्नुहुनेथिएन; किनभने उहाँले तिनीहरूका पिता-पुर्खाहरूसित बाँध्नुभएको आफ्नो करार सम्झनुहुनेथियो।

# खण्ड १२

## लेवी २७: विभिन्न भाकलहरू र दशांशहरू

लेवीको पुस्तकको अन्तिम अध्यायको सन्दर्भ परमप्रभुको नाममा गरिने भाकलहरू हुन्। यस खण्डबाट के बुझिन्छ भने, पाएका आशिषहरूको निम्ति परमप्रभुप्रति आफ्नो कृतज्ञता प्रकट गर्न चाहने मानिसले कुनै विशेष भाकल गर्न सक्थ्यो। उसले आफूलाई वा आफ्नो परिवारको कुनै सदस्यलाई परमप्रभुलाई दान गर्न सक्थ्यो; उसले कुनै पशुलाई, कुनै घर वा खेतबारी उहाँलाई दान गर्न सक्थ्यो। अनि जुन कुरा उसले परमप्रभुलाई दान दिन्थ्यो, त्यो कुरा पूजाहारी-हरूलाई दिइन्थ्यो (गन्ती १८:१४)। तर भाकल गरिएका थोकहरू पूजाहारीहरूका निम्ति सधैं कामलाग्दा थिएनन्; यसकारण भाकल गरेको थोकको मूल्याङ्कनअनुसार भाकल गर्नेले पूजाहारीलाई रकम दिन सक्ने प्रबन्ध पनि थियो।

**लेवी २७:१-२:** व्यक्ति विशेषलाई दान गर्ने समर्पणको भाकल एकदम विशेष भाकल थियो।

**लेवी २७:३-७:** किनभने कुनै व्यक्तिलाई परमप्रभुको निम्ति दान गर्ने भाकलमा मूल्याङ्कनअनुसार छुटाउने दाम

तोकिएको थियो, जुन दाम पूजाहारीलाई दिनुपर्थ्यो, जस्तैः

२०-६० वर्षको पुरुषको निम्ति ५० शेकेल
२०-६० वर्षकी स्त्रीको निम्ति ३० शेकेल
५-२० वर्षको पुरुषको निम्ति २० शेकेल
५-२० वर्षकी स्त्रीको निम्ति १० शेकेल
१ महिना-५ वर्षको पुरुषको निम्ति ५ शेकेल
१ महिना-५ वर्षकी स्त्रीको निम्ति ३ शेकेल
६० वर्षदेखि माथिको पुरुषको निम्ति १५ शेकेल
६० वर्षदेखि माथिकी स्त्रीको निम्ति १० शेकेल

**लेवी २७ः८ः** तर कोही मानिस गरिब थियो भने र मूल्याङ्कन गरेको सूचिअनुसार तिर्ने औकात उससँग थिएन भने, भाकल गर्नेको औकात पत्ता लगाउने र त्यसअनुसार दाम तोक्ने जिम्मेवारी पूजाहारीको थियो।

**लेवी २७ः९-१३ः** भाकल गरिएको थोक कुनै पशु-दान थियो भने यसको निम्ति नियम यस प्रकारको थियोः त्यो भाकल गरेको पशु शुद्ध पशु हुनु हो भने, त्यसलाई छुटाउन पाउँदैनथियो, तर त्यसलाई होमबलिको रूपमा होमबलिको वेदीमाथि परमप्रभुको निम्ति बलि गरिन्थ्यो (लेवी २७ः९; गन्ती १८ः१७)। शुद्ध पशुको साटफेरमा कसैलाई केही लाभ हुँदैनथियो; किनभने यसो गर्दा दान गरिएको पशु र त्यसको बदलीमा दिइएको पशु – यी दुवै पशुहरू परमप्रभुका हुनेथिए (लेवी २७ः१० र ३३)।

भाकल गरिएको पशु अशुद्ध पशु हुनु हो भने, त्यसलाई दाम तिरेर छुटाउन सकिन्थ्यो। पूजाहारीले मूल्याङ्कन गरेअनुसार यस अशुद्ध पशुको दाम तोकिन्थ्यो र त्यसमा पाँचौं भाग थपिन्थ्यो (लेवी २७ः११-१३)

**लेवी २७ः१४-१५ः** अनि जब कसैले आफ्नो घर परमप्रभुलाई दान गर्थ्यो भने, अनि पछि उसको मन बदली भयो भने, उसले आफ्नो घर दाम तिरेर छुटाउन सक्थ्यो। यस परिस्थितिमा पूजाहारीले घरको मूल्याङ्कन गर्थे, र यस तोकिएको दाममा अझै पाँचौं भाग थपिन्थ्यो।

**लेवी २७ः१६-१८ः** अब खेतबारी दान गर्ने कुरा आयोः खेतबारीको मूल्याङ्कन गर्न असजिलो थियो; किनभने जुबिली वर्षमा त्यो खेतबारी जग्गाको धनीकहाँ फर्किन्थ्यो।

ठीक छ, खेतबारी दान गर्ने व्यक्ति जग्गाको धनी हुनु हो भने, यस सम्बन्धमा लेवी २७ः१६-२१ पदको खण्डमा पेश गरिएको नियम लागू हुन्थ्यो। यस खेतबारीमा छर्ने बीउ जति लाग्थ्यो, दाम यस नापअनुसार तोकिन्थ्यो। उदाहरणको रूपमा कुरा गर्नु हो भने, जौको बारीमा एक होमेरको बीउ लाग्थ्यो भने यसको दाम चाँदीको पचास शेकेल हुन्थ्यो।

जुबिली वर्षमा खेतबारीको दाम यतिको हुन्थ्यो भने, वर्षहरू बित्दै जाँदा यस खेतबारीको दाम घट्दै जान्थ्यो। जुबिली वर्षको बीस वर्षपछि यस खेतबारीको दाम पचास शेकल होइन, तर तीस शेकेल मात्र हुन्थ्यो।

**लेवी २७ः१९-२१ः** कसैले दान गरिएको खेतबारी छुटाउन चाहेमा उसले यसको दाममा पाँचौं भाग थपेर छुटाउनुपर्थ्यो।

अनि परमप्रभुलाई दान गरिएको खेतबारी जग्गाको धनीले जुबिली वर्ष हुनुभन्दा अघि दाम तिरेर छुटाएन भने, अथवा उसले त्यो खेतबारी अरू कसैलाई बेच्यो भने, त्यो खेतबारी अबदेखि दाम तिरेर छुटाउन सकिँदैनथियो। त्यो खेतबारी जुबिली वर्षमा पूजाहारीको अधिकारको भाग बन्नेथियो। किनभने त्यो खेतबारी परमप्रभुको निम्ति पवित्र र उहाँको निम्ति पूरा अलग गरिएको ठहरिनेथियो।

**लेवी २७ः२२-२५ः** यस्तो पनि सम्भव हुन्थ्योः जुन खेतबारी दान गरिन्थ्यो, त्यो खेतबारी जग्गाको धनीले होइन, तर छुट्टै

मानिसले दान गर्न सक्थ्यो, जसले कुनै समयमा त्यो खेतबारी किनेको थियो। यस परिस्थितिमा लेवी २७:२२-२५ पदको खण्डमा पेश गरिएको नियम लागू हुन्थ्यो। जुबिली वर्षसम्म जति फसलहरू रहे, यसको हिसाबअनुसार पूजाहारीले त्यो खेतबारी मूल्याङ्कन गर्थे। किनभने जुबिली वर्षमा त्यो खेतबारी जग्गाको धनीकहाँ फर्किन्थ्यो।

**लेवी २७:२६-२७:** शुद्ध पशुहरूबाट पहिलो जन्मेको पशु परमप्रभुलाई दान दिन सकिँदैनथियो; किनभने त्यो त अघिबाट परमप्रभुकै थियो। तर अशुद्ध पशुहरूबाट पहिलो जन्मेकोलाई पूजाहारीको मूल्याङ्कन-अनुसार दाम तिरेर छुटाउन सकिन्थ्यो; यस दाममा पाँचौं भाग थपिन्थ्यो। तर नछुटाइएको पशु पूजाहारीले बेच्न पाउँथे।

**लेवी २७:२८-२९:** अब परमप्रभुको निम्ति अर्पण गरिएको कुरा आयोः यहाँ मृत्युदण्डको योग्य वा सर्वनाशको निम्ति ठहरिएको थोकको विषयमा कुरा गरिएको छ। किनभने यहाँ अर्पणको निम्ति प्रयोग गरिएको शब्दको अर्थ सर्वनाशको निम्ति ठहरिएको हो। उदाहरणको रूपमा भन्नु हो भने, जुन छोराले आफ्ना बुबाआमालाई सरापेको थियो, त्यो छोरा कुनै हालतमा पनि दाम तिरेर छुटाउन सकिँदैनथियो, तर त्यसलाई मृत्युदण्ड दिइनैपर्थ्यो।

यस अध्यायमा हामीले दुईवटा कुराहरूको बीचमा छुट्ट्याउन सक्नुपर्छः यहाँ दान गर्न अलग गरिएको थोक छ र सर्वनाशको निम्ति अर्पण गरिएको थोक पनि छ। भाकलद्वारा दान गरिएको वस्तु परमप्रभुको निम्ति अलग गरिएको थोक थियो, जुन थोक दाम तिरेर छुटाउन सकिन्थ्यो। तर जुन चीज अर्पण गरिएको थोक भनिन्थ्यो, त्यो चीज दान तिरेर छुटाउन सकिँदैनथियो, यसको समर्पण सम्पूर्ण र स्थायी हुन्थ्यो; यसको निम्ति माया पूरा मार्नुपर्थ्यो, मृत्युको निम्ति वा सर्वनाशको निम्ति ठहरिएको थोकजस्तै।

**लेवी २७:३०-३१:** अब दशांशको कुरा आयोः जमिनको अन्न वा रूखको फल-फूलबाट दसौं भाग परमप्रभुकै हुन्थ्यो। अनि जसले यो दशांश राख्न चाहन्थ्यो, उसैले यसमा पाँचौं भागको मूल्य थपेर यो भाग दाम तिरेर छुटाउन सक्थ्यो।

**लेवी २७:३२-३३:** 'गन्तीको लट्ठी-मनिबाट छिरेर जानु' भनेको हामीले भेड़ा-बाख्राहरू गन्ती गर्ने तरिका बुझ्नुपर्छ; किनभने गोठालोको लौरोमनि छिरेर जाँदा तिनीहरूको गन्ती गरिन्थ्यो। यस विषयमा श्री लेस्ली फ्लिनले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'गोठालोको हातमा एउटा लौरो हुन्थ्योः अनि भेड़ाबाख्राहरू गन्दाखेरि उसले आफ्नो लौरोले हरेक दसौं पशुलाई छुन्थ्यो। यसरी नै पशु असल होस्, खराब होस्, यसमा कुनै पर्वाह नराखीकन हरेक दसौं पशु तोकिन्थ्यो। यसरी नै तोकिएको असल पशुको निम्ति उसले खराब पशु साट्न खोज्यो भने, असल र खराब दुवै पशुहरू परमप्रभुकै हुनेथिए। यो उसको निम्ति एउटा व्यर्थ प्रयास ठहरिनेथियो।' [24)]

पहिलो दशांशचाहिँ लेवीय दशांश भनिन्थ्यो; किनभने यो दशांश लेवीहरूलाई तिरिन्थ्यो (गन्ती १८:२१-२४)। अनि दोस्रो दशांश पनि थियो, जुन दशांशको बयान व्यवस्था १४:२२-२९ पदको खण्डमा गरिएको छ; यो दोस्रो दशांश पहिलो दशांशबाट बेग्लै थियो।

**लेवी २७:३४:** *'सिनाई पर्वतमा परमप्रभुले मोशालाई इस्राएलीहरूका निम्ति दिनुभएका आज्ञाहरू यी नै हुन्।'* मेरो विचारमा, यहाँ, यस पदमा उल्लेख गरिएका आज्ञाहरू लेवीको पुस्तकका जम्मै नियमहरू हुनुपर्ला। हामीले यस पुस्तकमा विभिन्न पवित्र विधिहरू र बलिहरूका नियमहरूको

विषयमा विस्तृत अध्ययन गरेपछि हामी श्री मेथ्यू हेन्रीसित मिलेर आनन्द मनाउँछौं, जसले यसो लेखेका छन्:

'परमेश्वरलाई धन्यवाद होस्! किनकि हामी व्यवस्थाको अधीनतामा जिउँदैनौं, जुन व्यवस्थाका कुराहरू धमिला छायाचित्रणहरू मात्र हुन्; तर हामीले सुसमाचारको ज्योतिमा जिउन पाइरहेका छौं, जुन ज्योतिको प्रकाशमा सबै कुराहरू सफा र सुस्पष्ट भएका हुन्छन्। प्रभुको स्तुति होस्! किनभने हामीले व्यवस्थाको गह्रौं जुवा बोक्नुपर्दैन; हामीले यसका सबै पवित्र विधिहरू पालन गर्नुपर्दैन, जुन विधिहरू शारीरिक छन्; तर हामी प्रभु येशूका मीठा र सजिला नियमहरूको अधीनतामा छौं। किनभने ख्रीष्टको सुसमाचारले हामीलाई साँचो उपासकहरू ठहराएको छ, जसले ख्रीष्ट येशूद्वारा र उहाँको पवित्र नाममा पिताको उपासना आत्मा र सत्यतामा गर्छन्। किनकि उहाँ हाम्रा महापूजाहारी हुनुहुन्छ; उहाँ हाम्रो मन्दिर, हाम्रो वेदी, हाम्रो बलिदान, हाम्रो शुद्धीकरण, अँ, हाम्रा सब थोक हुनुहुन्छ। यसकारण यहूदीहरूले पालन गर्नुपरेको थरी-थरीको विधिवत् शुद्धीकरण, यहूदीहरूले मान्नुपरेका चाड़हरू र यहूदीहरूले पूरा गर्नुपरेका कर्तव्यहरूदेखि मुक्त भएको हुनाले हामीले थोरै ध्यान, थोरै समय, थोरै खर्चमा परमेश्वरको महिमा गर्न सक्छौं भन्ने भूलधारणा नअपनाऔं! यो हामीबाट कदापि हुनुहुँदैन। होइन, होइन; तर हाम्रो हृदय पवित्र प्रेम र जोशले भरिएको हुनुपरेको छ, अँ, उहाँको महिमाको निम्ति जुनसुकै स्वेच्छादान दिन पूरा तयार र खुला भएको हुनुपर्छ; हो, हाम्रो मन गम्भीर विचार र इमानदार अभिप्रायहरूको खानि भएको हुनुपरेको छ। *"यसकारण भाइहरूहो, येशूको रगतद्वारा महापवित्रस्थानभित्र प्रवेश गर्ने हिम्मत प्राप्त भएको हुनाले आओ, हामी साँचो मन र विश्वासको पूरा निश्चयता लिएर एउटा नयाँ र जिउदो मार्गबाट भएर नजिक जाऔं"* र ठूलो उत्सुकताको साथ, पूरा भरोसा र नम्रताको साथ परमेश्वरलाई दण्डवत् गरौं! येशू ख्रीष्टको निम्ति परमेश्वरलाई मुरी-मुरी –ः धन्यवाद र सदैव स्तुति भएको होस्!' 25)

## ENDNOTES:

1) **Chapter 1:** The word *´ôlâh* comes from the root word meaning "to go up." The idea is that the whole animal is brought up to God's altar and offered up as a gift in its entirety.

2) **Chapter 1:** Peter Pell, *The Tabernacle*, pp. 102, 103.

3) **Chapter 2:** The translation "meat" in the KJV meant solid food as opposed to liquid in 1611. What we call meat today was called flesh in the seventeenth century. Some scholars derive the word minhãh from a root meaning "lead" or "guide." Most suggest a root meaning "gift."

4) **3:1–15:** This word, almost always in the plural form *shelâmîm*, is related to the well-known Hebrew word *shâlôm*. The Hebrew concept is broader than merely absence of hostility, but includes prosperity and wholeness as well as peace with God. A second meaning of this word is a sacrifice of communion in God's presence. Usually, though not here, the peace offering is last in order, and some scholars derive the word from the rare meaning "to complete." Carr makes a nice application: "If this sense is correct, the NT references to Christ our Peace (e.g., Eph 2:14) become more meaningful, as he is the final sacrifice for us (cf. Heb. 9:27; 10:12)." G. Lloyd Carr, "Shelem," *Theological Wordbook of the Old Testament,* III:932.

5) **Chapter 3:** Peter Pell, *The Tabernacle*, p. 92.

6) **Chapter 4:** Strangely enough to us, this same Hebrew word, occurring almost 300 times in the OT, can mean either "sin" or "sin offering."

7) **5:14–6:7:** The RSV and NEB translate by "guilt offering," but the traditional translation is preferable.

8) **6:18:** Keil and Delitzsch interpret the latter part of this verse to mean that "every layman who touched these most holy things became holy through the contact, so that henceforth he had to guard against defilement in the same manner as the sanctified priests." C. F. Keil and Franz Delitzsch, "*Leviticus," in Biblical Commentary on the Old Testament*, II:319.

9) **7:11–18:** A. G. Clarke, Precious Seed Magazine, No. 2, Vol. 11, March–April 1960, p. 49.

10) **7:11–18:** Ibid.

11) **7:11–18:** John Reid, *The Chief Meeting of the Church*, p. 58.

12) **7:22–27:** Dr. S. I. McMillen, *None of These Diseases*, p. 84.

13) **Chapter 8:** Matthew Henry, *Matthew Henry's Commentary on the Whole Bible*, I:474.

14) **Chapter 12:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 71.

15) **Chapter 13:** Introduction: R. K. Harrison, *Leviticus*, p. 137. In Appendix A, p. 241 of his commentary he gives a semi-technical translation of chapter 13 that proves helpful for those who are interested in the medical aspects of the conditions mentioned.

**16) Chapter 13: Introduction:** Ibid., pp. 136, 137.
**17) 13:38, 39:** Ibid., p. 245.
**18) 13:47–59:** Ibid., p. 146.
**19) 13:47–59:** Ibid.
**20) 16:11–22:** G. Morrish, publisher, *New and Concise Bible Dictionary*, p. 91.
**21) 17:1–9:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 38.
**22) 18:19–21:** Francis A. Schaeffer, *"The Church at the End of the 20th Century"*, p. 126.
**23) 23:33–44:** Moishe and Ceil Rosen, *"Christ in the Passover",* pagination unavailable.
**24) 27:32-33:** Leslie B. Flynn, *Your God and Your Gold*, pp. 30, 31.
**25) 27:34:** Matthew Henry, *"Leviticus"*, I:562.

## BIBLIOGRAPHY

Bonar, Andrew. *A Commentary on the Book of Leviticus*. 1852. Reprint. Grand Rapids: Baker Book House, 1978.

Borland, James A. *"Leviticus." In Liberty Bible Commentary*. Lynchburg, VA: The Old-Time Gospel Hour, 1982.

Coleman, Robert O. *"Leviticus." In Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Harrison, R. K. *Leviticus: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1980.

Henry, Matthew. *"Leviticus." In Matthew Henry's Commentary on the Whole Bible*. Vol. 1. McLean, VA: MacDonald Publishing Company, n.d.

Jukes, Andrew. *The Law of the Offerings*. London: The Lamp Press, 1954.

Keil, C. F., and Delitzsch, F. *"Leviticus." In Biblical Commentary on the Old Testament. The Pentateuch, Vol. 4*. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Lindsey, F. Duane. *"Leviticus." In The Bible Knowledge Commentary*. Wheaton, IL: Victor Books, 1985.

Smith, Arthur E. *Leviticus for Lambs*. Privately Printed, n.d.

Periodicals

Clarke, A. G. *"The Levitical Offerings,"* Precious Seed Magazine, 1960.

# गन्तीको पुस्तकको टिप्पणी

# गन्तीको पुस्तकको भूमिका

*'गन्तीको पुस्तकमा उल्लेख गरिएका घटनाहरूको क्रम तिनको ऐतिहासिक पृष्ठभूमिमा हेर्दाखेरि यस पुस्तकबाट ख्रीष्ट-विश्वासीहरूको जीवनमा विशिष्ट योगदान रहेको छ; किनभने यी घटनाहरूले इसाई जीवनमा आफ्नो अनुरूप पाएका छन् । हिब्रूको पुस्तकको लेखकले आफ्नो पुस्तकका दुई अध्यायहरूमा अर्थात् हिब्रू तीन र चार अध्यायमा गन्तीको पुस्तकका घटनाहरू यस प्रकारको महत्त्वपूर्ण प्रयोगमा ल्याएका छन् ।'*

*श्री इरभिङ्ग एल. जेन्सन*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

पुरानो नियमको 'सेप्टुवजिन्ट' नामक ग्रीक अनुवादबाट मोशाको चौथो पुस्तकले आफ्नो नाम पाएको छ। किनभने ग्रीक भाषामा गरिएको त्यस पुरानो नियमको अनुवादमा यस पुस्तकको नाम 'अरिथ्मोइ' भएको छ, जसको अर्थ 'गन्ती' हो; अनि निस्सन्देह यो शीर्षक सठीक शीर्षक हो; किनभने यस पुस्तकको एक अध्यायमा र छब्बीस अध्यायमा इस्राएलीहरूको जनगणाना उल्लेख गरिएको छ, साथै यस पुस्तकभरि अरू संख्यात्मक जानकारीहरू पाइन्छन् ।

हिब्रू भाषामा यस पुस्तकको नाम 'बेमिड्बार' हो, जसको अर्थ 'उजाड़स्थानमा हुँदा' हो; यो नाम वर्णनात्मक हो; किनभने यो पुस्तक इस्राएलीहरूले उजाड़स्थानमा बिताएका चालीस वर्षको विवरण हो, अनि धेरै चाखलाग्दा र चिरपरिचित कथाहरूले भरिएको छ, जस्तैः कनान देशमा गएका जासुसीहरू, कोरहको विद्रोह, हारूनको लौरोमा कोपिला लागेको, पित्तलको साँप, बिलाम र तिनको गधा र यीभन्दा कम प्रख्यात अन्य घटनाहरूका विवरणहरू ।

यो पुस्तक केवल हिब्रूहरूको इतिहास हो भन्ने विचार लिनु सरासर गलत हो । किनभने यी सबै घटनाहरू हाम्रो आत्मिक उत्थान र सुधारको निम्ति लेखिएका हुन् । हामीले इस्राएलीहरूले गरेका गल्तीहरूबाट सिक्नुपर्छ; हामीले तिनीहरूका गल्तीहरू दोहोऱ्याउनुहुँदैन । यही कारणले गन्तीको पुस्तक धेरै महत्त्वपूर्ण पुस्तक हो ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

यहूदी र इसाई शिक्षाअनुसार गन्तीको पुस्तक महान् व्यवस्थापक मोशाको रचना हो । यो धारणा उदारवादी विद्वान्हरूले खण्डन गर्छन् । तर पेन्टटुकका पाँच पुस्तकहरू नै मोशाका लेख हुन् भन्ने पक्षमा गरिएको तर्क तपाईंले 'पेन्टटुकको भूमिका'मा हेर्नुहोला, जहाँ यसको संक्षिप्त परिचय दिइएको छ ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

तर्कवादी विद्वान्हरूले पेन्टटुक यहूदीहरूको इतिहासको अन्तिम भागमा हालेका

छन्; तर ख्रीष्टपूर्व १४०६ सालचाहिँ यसको खास लेख्ने मिति हुन सक्छ; किनभने बाइबलसम्मत र बाइबलप्रेमी विद्वान्हरूले पेन्टटुकको रचना प्रायः यस मितितिर पारेका छन् ।

**घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?**

गन्तीको पुस्तकको ऐतिहासिक पृष्ठभूमि हिब्रू भाषामा लेखिएको पाण्डुलिपिको शीर्षकले सुझाउ गरेअनुसार त्यो 'उजाड़स्थान' नै हो । इस्राएलीहरूले सिनाई पर्वतदेखि यात्रा शुरु गरेर प्रतिज्ञा गरिएको देशको पारिपट्टि मोआबका मैदानमा आइनपुगुन्जेल तिनीहरू यी अठतीस वर्षभित्र कहाँ-कहाँ पुगे, सो कुराहरूको वर्णन यस पुस्तकमा उल्लेख गरिएको छ। तिनीहरूको अविश्वासको फलस्वरूप तिनीहरूले कहाँ-कहाँ व्यर्थमा यता-उता घुमफिर गरे, परमेश्वरको इच्छाअनुसार यी ठाउँहरूको हरहिसाब राखिएन। यस विषयमा श्री डब्ल्यू. ग्राहाम स्क्रोग्गीले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'जब परमेश्वरका जनहरू उहाँको इच्छादेखि बाहिर यात्रा गर्छन्, तब तिनीहरूका यी भ्रमण-हरू उहाँको सूचिमा समावेश गरिँदैनन् ।' 1)

लेवीको पुस्तकको सन्दर्भ परमेश्वरको उपासना र इस्राएलीहरूको आत्मिक ठहरमाथि केन्द्रित रहेको छ भने, गन्तीको पुस्तकको विषयवस्तुचाहिँ तिनीहरूको आत्मिक चाल र आत्मिक प्रगति हो । हे इसाई भाइबहिनीहरूहो, तपाईंहरूले यस गन्तीको पुस्तकको विषयमा 'यो त यहूदीहरूको सरल इतिहास हो' भन्ने धारणा नलिनुहोला; किनभने यो पुस्तक वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीहरूको जीवनको प्रयोगमा आउने उपयोग्य पाठहरूले भरिपूर्ण छ । सबै ख्रीष्ट-विश्वासीहरूले मुक्तिको अनुभवदेखि अघि बढ़ेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको विजयको जीवन हासिल गरेको कल्पना मीठो हुन्छ, तर यो वास्तविक कुरा होइन, मनको तरङ मात्र हो । तर अवलोकन र अनुभवले हामीलाई अर्को कुरा सिकाउँछन्; किनभने हामी प्रायः उहिलेका इस्राएलीहरूजस्तै छौं, गनगन गर्नुमा, पछि हट्नुमा र अविश्वासी हुनुमा ।

यस विषयमा खुशीको खबर के हो भने, इस्राएलीहरूले गरेका व्यर्थका भ्रमणहरू हामीले दोहोऱ्याउनुपर्दैन; हामी आफ्नो आत्मिक यात्रामा भौंतारिनुपर्दैन । परमेश्वरले हाम्रो आत्मिक सफलताको निम्ति पूरा प्रबन्ध गर्नुभएको छ, ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा । यस विषयमा तपाईंले 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी'अन्तर्गत रोमी ६-८ अध्यायहरू लगायत नयाँ नियमका अन्य भागहरूको टिप्पणी हेर्नुहोला ।

## रूपरेखाः

**खण्ड १) गन्ती १ः१-१०ः१०ः सिनाई पर्वतमा इस्राएलीहरूले बिताइरहेका अन्तिम दिनहरू**

**क) गन्ती १-२ः** तिनीहरूको जनगणना र छाउनीमा इस्राएली जातिका कुलहरूको बस्ने क्रम

**ख) गन्ती ३-४ः** लेवीहरूको गन्ती र उनीहरूका कर्तव्यहरू

**ग) गन्ती ५ः१-१०ः** छाउनीको शुद्धता कायम राखेको, र पाप स्वीकार गर्ने नियम लागू गराएको

**घ) गन्ती ५ः११-३१ः** ईर्ष्याको सम्बन्धमा पेश गरिएको नियम

**ङ) गन्ती ६ः** नाजीरको सम्बन्धमा लागू हुने नियम

**च) गन्ती ७ः** कुल-नायकहरूको भेटी

**छ) गन्ती ८ः** निवासस्थानका विभिन्न सेवाहरू

**ज) गन्ती ९ः१-१०ः१०ः** निस्तार-चाड़, महिमाको बादल र चाँदीका तुरहीहरू

**खण्ड २) गन्ती १०ः११-१२ः१ः सिनाई पर्वतदेखि मोआबका मैदानसम्मको यात्रा**

**क) गन्ती १०ः११-३६ः** सिनाईको उजाड़स्थानदेखि इस्राएलीहरू अघि बढ़ेका

**ख) गन्ती ११ः** इस्राएलीहरूको छाउनीमा मच्चिरहेको विद्रोह

**ग) गन्ती १२ः** हारून र मरियमको विद्रोह

**घ) गन्ती १३-१४ः** प्रतिज्ञा गरिएको देशको चेवा गरिएको

**ङ) गन्ती १५ः** कनान देशमा आएर मान्नुपर्ने विभिन्न नियमहरू

**च) गन्ती १६-१७ः** कोरहको विद्रोह

**छ) गन्ती १८-१९ः** लेवीहरूलाई दिइएका निर्देशनहरू

**ज) गन्ती २०ः१-१३ः** मोशाको पाप

**झ) गन्ती २०ः१४-२९ः** हारूनको मृत्यु

**ञ) गन्ती २१ः१-२२ः१ः** पित्तलको साँप

**खण्ड ३) गन्ती २२ः२-३६ः१३ः मोआबका मैदानमा घटेका घटनाहरू**

**क) गन्ती २२ः२-२५ः१८ः** अगमवक्ता बालाम

- **अ) गन्ती २२ः२-४०ः** बालाकले बालमलाई बोलाएको
- **आ) गन्ती २२ः४१-२४ः२५ः** बालामका ईश्वर-वाणीहरू
- **इ) गन्ती २५ः** बालामको कारणले इस्राएलीहरूको बीचमा आएको भ्रष्टाचार

**ख) गन्ती २६ः** दोस्रो जनगणना

**ग) गन्ती २७:१-१२:** छोरीहरूको पैतृक अधिकारको भाग के हो ?

**घ) गन्ती २७:१२-२३:** यहोशू मोशाको उत्तराधिकारी भए

**ङ) गन्ती २८-३०:** निर्धारित समयहरूअनुसारका बलिहरू र भाकलका नियमहरू

**च) गन्ती ३१:** मिद्यानीहरूको विनाश

**छ) गन्ती ३२:** रूबेन, गाद र मनस्सेको आधा कुलको अधिकारको भाग

**ज) गन्ती ३३:** इस्राएलीहरूले यात्रा गर्दा कहाँ-कहाँ छाउनी हाले, यसको विवरण

**झ) गन्ती ३४:** प्रतिज्ञा गरिएको देशको साँधसिमाना

**ञ) गन्ती ३५:१-५:** लेवीहरूका शहरहरू

**ट) गन्ती ३५:६-३४:** शरणनगरहरू र हत्याराको निम्ति ठहराइएको मृत्युदण्ड

**ठ) गन्ती ३६:** विवाहिता छोरीहरूको अधिकारको भाग के हो ?

# गन्तीको पुस्तकको टिप्पणी

## खण्ड १

## गन्ती १:१-१०:१०: सिनाई पर्वतमा इस्राएलीहरूले बिताइरहेका अन्तिम दिनहरू

### क) गन्ती १-२: तिनीहरूको जनगणना र छाउनीमा इस्राएली जातिका कुलहरूको बस्ने क्रम

**गन्ती १:१:** गन्तीको पुस्तक कहाँदेखि शुरु हुन्छ? इस्राएलीहरूले मिस्र देश छोड़ेको एक वर्ष र एक महिना भएको थियो। तिनीहरूले निवासस्थान खड़ा गरेको एक महिना भएको थियो (प्रस्थान ४०:१७)। गन्तीको पुस्तकले आफ्नो नाम कहाँबाट पायो? किनभने यस पुस्तकमा इस्राएलीहरूको जनगणना दुई पल्ट गरिएको थियो, गन्ती १ र २६ अध्यायमा। यहाँ उल्लेख गरिएको जनगणना र प्रस्थान ३०:११-१६ पदको खण्डमा लेखिएको जनगणना बेग्लै हुन्। यी दुईवटा जनगणनाहरू बेग्ला-बेग्लै समयमा र भिन्न-भिन्नै उद्देश्यले लिइएका थिए। अनि हुन सक्छ, गन्ती एक अध्यायको जनगणना प्रस्थान ३० अध्यायमा गरिएको पहिले जनगणनाको आधारमा गरिएको होला; किनभने यी दुईवटा जनगणनाको योगफल झन्डै बराबर भएको थियो।

**गन्ती १:२-३:** अब चाँड़ै इस्राएलीहरूले सिनाई पर्वतदेखि प्रतिज्ञा गरिएको देशतर्फ यात्रा गर्न लागेका थिए। यसो गर्नको निम्ति तिनीहरूले सेनाको चालमा क्रमबद्ध रूपले यात्रा गर्न सक्नुपरेको थियो। अनि यस उद्देश्यले परमेश्वरले तिनीहरूको जनगणना लिने आज्ञा गर्नुभयो। यस जनगणनामा लड़ाइँमा जान सक्ने हरेक पुरुषको गन्ती गरियो, जसको उमेर बीस वर्ष र त्योभन्दा माथिको थियो।

**गन्ती १:४-१७:** यस जनगणनामा मोशालाई सहयोग पुऱ्याउन इस्राएलीहरूको हरेक कुलबाट एक-एकजना नियुक्त भयो। तिनीहरूका नामहरू गन्ती १:५-१६ पदमा सूचित गरिएका छन्। गन्ती १:१७ पदमा यसो लेखिएको छः *'तब मोशा र हारूनले यी नाम तोकिएका मानिसहरूलाई लिए।'*

**गन्ती १:१८-४६:** यस जनगणनाको परिणाम यस प्रकारको थियोः

| **कुलको नामः** | **सन्दर्भ-पदः** | **संख्याः** |
|---|---|---|
| रूबेन | गन्ती १:२०-२१ | ४६,५०० |
| शिमोन | गन्ती १:२२-२३ | ५९,३०० |
| गाद | गन्ती १:२४-२५ | ४५,६५० |

| | | |
|---|---|---|
| यहूदा | गन्ती १:२६-२७ | ७४,६०० |
| इस्साकार | गन्ती १:२८-२९ | ५४,४०० |
| जबूलून् | गन्ती १:३०-३१ | ५७,४०० |
| एप्रैम | गन्ती १:३२-३३ | ४०,५०० |
| मनस्से | गन्ती १:३४-३५ | ३२,२०० |
| बिन्यामिन | गन्ती १:३६-३७ | ३५,४०० |
| दान | गन्ती १:३८-३९ | ६२,७०० |
| आशेर | गन्ती १:४०-४१ | ४१,५०० |
| नप्ताली | गन्ती १:४२-४३ | ५३,४०० |
| **मुठ संख्या** | | **६,०३,५५०** |

यस जनगणनामा तपाईंले याद गर्नुहोला, कि एप्रैमको कुलको संख्या मनस्सेको कुलभन्दा ठूलो थियो। उत्पत्ति ४८:१९-२० पदहरूमा याकूबले दिएको आशीर्वादअनुसार यो यसो हुन आएको हो। कुलहरूको सूचि रूबेनको नामबाट शुरु भएको हो; किनभने रूबेन याकूबको जेठा छोरा थिए। रूबेन-कुलको छाउनी दक्षिणमा थियो। त्यसपछि यहूदा-कुल आयो र उसको छाउनी पूर्वमा थियो। अनि दान-कुल आयो र त्यसको छाउनी उत्तरमा थियो। अन्तमा एप्रैम-कुल आयो र यसको छाउनी पश्चिममा थियो।

**गन्ती १:४७-५४:** लड़ाइँमा जान सक्ने इस्राएली पुरुषहरूको बीचमा लेवीहरूको गन्ती भएन (गन्ती १:४७)। किनकि निवासस्थान खड़ा गर्ने र तल झार्ने सेवकाइहरू उनीहरूको जिम्मामा सुम्पिएका थिए। लेवीहरू निवासस्थानको वरिपरि बस्थे; यसकारण उनीहरूले त्यसलाई अपवित्र हुनदेखि बचाउन र मानिसहरूलाई तिनीहरूमाथि दण्ड आइपर्ने स्थितिबाट जोगाइराख्न सके (गन्ती १:५३)।

**गन्ती २:१-२:** परमप्रभुले इस्राएली जातिका सबै कुलहरूलाई भेट हुने पालको चारैतिर, हरेक दिशामा तीन-तीन कुल हुने गरी पाल टाँगेर बस्ने आज्ञा दिनुभयो।

**गन्ती २:३-१६:** पूर्वपट्टि यहूदाको झण्डा अधीनस्थ भएकाहरूचाहिँ यहूदा, इस्साकार र जबूलूनकाहरू थिए (गन्ती २:३-९)। अनि हरेक कुलको आ-आफ्नै सेनापति थिए। यी तीन कुलहरूको जनसंख्या एक लाख छयासी हजार चार सय थियो।

दक्षिणपट्टि रूबेनको झण्डा अधीनस्थ भएकाहरूचाहिँ रूबेन, शिमोन र गादकाहरू थिए (गन्ती २:१०-१६)। रूबेनको छाउनी-अन्तर्गत भएका मानिसहरूको जनसंख्या एक लाख एकाउन्न हजार चार सय पचास थियो।

**गन्ती २:१७-३१:** पश्चिमपट्टि एप्रैमको झण्डा अधीनस्थ भएकाहरूचाहिँ एप्रैम, मनस्से र बिन्यामिनकाहरू थिए (गन्ती २:१८-२४)। यस छाउनीअन्तर्गत भएका मानिसहरूको जनसंख्या एक लाख आठ हजार एक सय थियो।

उत्तरपट्टि दानको झण्डा अधीनस्थ भएकाहरूचाहिँ दान, आशेर र नप्तालीकाहरू थिए (गन्ती २:२५-३१)। यिनीहरूको जनसंख्या एक लाख सन्ताउन्न हजार छ सय थियो।

यहूदाको छाउनीबाट शुरु गरेर सबै कुलहरू आ-आफ्नो पालोमा तोकिएको क्रमअनुसार मार्च गरेर अघि बढ्नु थियो; अनि लेवीहरू गादको पछि र एप्रैमको अघि यात्रा गर्नुपर्थ्यो (गन्ती २:१७)।

**गन्ती २:३२-३४:** लड़ाइँमा जान सक्ने पुरुषहरूको कुल जनसंख्या छ लाख तीन

हजार पाँच सय पचास थियो (गन्ती २ः३२)। लेवीहरूको संख्या बाइस हजार थियो (गन्ती ३ः३९); तिनीहरूको संख्या जोड़ेर जम्मा पुरुषहरू ६,२५,५५० थिए। लड़ाइँमा जान सक्ने पुरुषहरूको संख्या सबै मानिसहरूको एक तिहाइ थियो भन्ने अनुमान लगाएर के बुझिन्छ भने, इस्राएलीहरूको कुल जनसंख्या १८,७६,६५० (अठार लाख छहत्तर हजार छ सय पचास) भएको हुनु-पर्ला। यस जनगणनाबाट यो कुरा स्पष्ट छः एउटा मण्डलीको बल जान्नको निम्ति आइतवारमा गिर्जाका बेन्चहरूमा बसिरहेका-हरूलाई गन्नुभन्दा आत्मिक लड़ाइँ गर्न सक्ने-हरूको संख्या लिनु उचित हुँदो रहेछ।

### ख) गन्ती ३-४ः लेवीहरूको गन्ती र उनीहरूका कर्तव्यहरू

गन्ती ३-४ अध्यायको सन्दर्भचाहिँ लेवीहरूको सेवाभार हो। उनीहरू गन्ती १-२ अध्यायमा प्रस्तुत गरिएको जनगणनाभित्र समावेश भएनन्। किनभने परमेश्वरले लेवी-कुललाई पवित्रस्थानको सेवाको निम्ति अलग गर्नुभयो। शुरुमा उहाँले इस्राएलीहरूका जेठा छोराहरूलाई आफ्नो निम्ति छान्नुभयो, तर पछिबाट उहाँले तिनीहरूको सट्टामा लेवी-कुललाई ईश्वरीय सेवा गर्न भनी छान्नुभयो (गन्ती ३ः१२-१३)। लेवीका तीनजना छोराहरू थिएः गेर्शोन, कहात र मरारी। अनि यिनीहरूका सन्तानहरूको हातमा निवास-स्थानको हेरचाह गर्ने र त्यो खड़ा गर्ने र तल झार्ने कामको जिम्मा लगाइयो।

**गन्ती ३ः१-१०[क]ः** हारून कहातको सन्तान थिए। तिनको परिवार एकमात्र पूजाहारी-परिवार थियो (गन्ती ३ः९)। अरू सबै लेवीहरू निवासस्थानको सेवा गर्थे, तर तिनीहरू पूजाहारी थिएनन्। पेन्टटुकको पछाड़िको भागमा 'लेवी पूजाहारीहरू' भन्ने वाक्यांशको अर्थचाहिँ 'लेवी वंशका पूजाहारीहरू' हो। सबै लेवीहरू पूजाहारी थिएनन्, तर सबै पूजाहारीहरू लेवी थिए।

पूजाहारी-परिवारको वर्णन गन्ती ३ः१-४ पदको खण्डमा भएको छ। नादाब र अबिहूले परमप्रभुको पवित्रता भङ्ग गरेको हुनाले यिनीहरू मारिएका थिए; त्यसपछि हारूनका दुईजना छोराहरू बाँकी रहेः एलाजार र इतामार। बाँकी लेवीहरू पूजाहारीहरूका सेवकहरू थिए (गन्ती ३ः५-९)। हारून र तिनका छोराहरूले मात्र पूजाहारी-पदमा रहेर सेवा गर्न पाउँथे (गन्ती ३ः१०[क])।

**गन्ती ३ः१०[ख]-१३ः** पुरानो नियमका पूजाहारीहरूको मध्यस्थताद्वारा कुनै पनि पापी व्यक्ति परमेश्वरसँगको घनिष्ठ सङ्गतिमा आउन सकेन। ऊ मृत्युको डरमा पवित्र थोकहरूदेखि टाढ़ा रहनुपर्थ्यो (गन्ती ३ः१०[ख])। तर अहिले, प्रभु येशू ख्रीष्ट हाम्रा महापूजाहारीको मध्यस्थताद्वारा हामीले परमेश्वरकहाँ प्रवेश गर्ने अधिकार मात्र पाएका होइनौं, तर हामीलाई उहाँको उपस्थितिमा प्रवेश गर्ने साहस र हिम्मत धरि भएको छ (हिब्रू ४ः१६)। यो महान् फेरबदल कहाँबाट आयो? गन्तीको पुस्तकको प्रकाश र हिब्रूको पुस्तकको प्रकाशको भिन्नता केमा छ? त्यहाँ एउटा महान्‌भन्दा महान् घटना घटेको छः गलगथामा एउटा अद्‌भुत घटना घटेको छ! भिन्नता यसैमा छ।

**गन्ती ३ः१४-३९ः** लेवीहरूको संख्या लड़ाइँ गर्न सक्ने पुरुषहरूको रूपमा होइन, तर परमेश्वरको सेवा गर्ने उपासकहरूको रूपमा लियो (गन्ती ३ः१५)। लेवीका तीनजना छोराहरूमध्ये हरेकले निवासस्थानको सम्बन्धमा निर्धारित भागको जिम्मेवारी पाए, जस्तैः

*गन्ती ३:१८-२६:* लेवीको जेठा छोराको नाम गेर्शोन

गेर्शोनीहरूको कार्यभारः निवासस्थान, पाल, त्यसको ओढ़ा, भेट हुने पालको ढोकाको पर्दा, साथै आँगनको पर्दा र आँगनको ढोकाको पर्दा। यी चीजहरूबाट बीचको पर्दा बाहेक थियो; किनभने यात्रा गर्नुभन्दा अघि त्यो बीचको पर्दा करारको सन्दुकको वरिपरि बेरिन्थ्यो।

गेर्शोनीहरूको संख्याः ७,५००

*गन्ती ३:२७-३२:* लेवीको माहिला छोराको नाम कहात

कहातीहरूको कार्यभारः करारको सन्दुक, भेटीका रोटीको टेबल, सुनको सामदान र होमबलिको वेदी र धूपवेदी, साथै पवित्रस्थानका भाँड़ाकुँड़ाहरू, अनि बीचको पर्दा।

कहातीहरूको संख्याः ८,६००

*गन्ती ३:३३-३७:* लेवीको कान्छा छोराको नाम मरारी

मेरारीहरूको कार्यभारः निवासस्थानका फल्याकहरू, त्यसका साटाहरू, त्यसका खाँबाहरू र त्यसका चूलघरहरू, साथै आँगनका खाँबाहरू, तिनका चूलघरहरू, तिनका कीलाहरू र तिनका डोरीहरू।

मरारीहरूको संख्याः ६,२००

लेवीहरूले आफ्ना पालहरू निवासस्थानको आँगनको वरिपरि टाँग्नुपर्थ्यो; पाल टाँग्दा गेर्शोनीहरू पश्चिमपट्टि (गन्ती ३:२३), कहातीहरू दक्षिणपट्टि (गन्ती ३:२९) र मरारीहरू उत्तरपट्टि बस्थे (गन्ती ३:३५); तर मोशा, हारून र तिनका छोराहरूले पूर्वपट्टि, निवासस्थानको ढोकानेर आफ्नो पाल टाँग्नुपर्थ्यो (गन्ती ३:३८-३९)।

इस्राएली जातिका कुलहरूमध्ये लेवीकुलचाहिँ सबैभन्दा सानो थियो। उनीहरूमध्ये एक महिनादेखि उँभोका सबै पुरुषहरूको संख्या बाइस हजार थियो (गन्ती ३:३९); तर गन्ती ३:२२, २८ र ३४ पदमा पेश गरिएका संख्याहरू जोड्दा उनीहरूको मुठ संख्या २२,३०० पो भएछ। यी दुईवटा कुल संख्याको बीचको भिन्नता किन भएको थियो, सो सम्बन्धमा विभिन्न स्पष्टीकरणहरू दिइएका छन्। श्री चर्च विलियम्सको सुझाउअनुसार यी तीन सयजना कहाँबाट आए भने, जुन बेलामा इस्राएलीहरूका जेठा छोराहरूको सट्टामा लेवीहरू छानिए, त्यस बेलामा लेवीहरूका यी तीन सय पहिले जन्मेका जेठा छोराहरू यस कुल संख्यामा हालिएनन्; किनभने यी तीन सयजना इस्राएलीहरूले मिस्र देशबाट प्रस्थान गरेको समयदेखि पछि मात्र जन्मेका थिए र यसकारण यस हिसाबमा आएनन् अरे।[2)]

**गन्ती ३:४०-५२:** यस खण्डको अर्थ यस प्रकारको छः परमेश्वरले लेवीहरूलाई इस्राएलीहरूका सबै जेठा छोराहरूको सट्टामा आफ्नो निम्ति चुन्नुभयो। यता २२,०००

लेवीहरू थिए भने, उता इस्राएलीहरूका २२,२७३ जना जेठा छोराहरू थिए (गन्ती ३ः३९ र ४३)। यसकारण यी दुई सय त्रिहत्तरजना जेठा छोराहरूको विषयमा, जो बढ़ी भएका थिए र जसको निम्ति लेवीहरूको संख्या कम थियो, तिनीहरूले केही न केही उपाय निकाल्नुपरेको थियो। परमप्रभुले आज्ञा गर्नुभयो, कि इस्राएलीहरूबाट अतिरिक्त दुई सय त्रिहत्तरजना जेठा छोरा-हरूको निम्ति तिनीहरूले पाँच-पाँच शेकेल तिरेर यिनीहरूलाई छुटाऊन्। यसकारण मोशाले यी छुटाइनुपरेकाहरूको रकम अर्थात् एक हजार तीन सय पचहत्तर शेकेल हारून र तिनका छोराहरूलाई दिए (२७३x५ = १३७५; गन्ती ३ः५१)। याद रहोस्, कि गन्ती ३ः४३ पदमा उल्लेख गरिएका जेठा छोराहरूको संख्यामा इस्राएलीहरू मिस्र देशदेखि प्रस्थान भएपछि तिनीहरूबाट जन्मेका जेठाहरू समावेश गरेको हुन सक्छ।

**गन्ती ४ः१-३ः** यस अध्यायमा लेवी-हरूको जनगणना किन गरिएको छ? किनभने यसो गरेर उनीहरूको यस जनगणनाको संख्याअनुसार निवासस्थानको सेवामा कार्यरत रहने कति हुन्छन्, सो कुरा सुनिश्चित भयो। यसकारण उनीहरूबाट तीस वर्षदेखि पचास वर्षसम्मका पुरुषहरू गनिए।

**गन्ती ४ः४-२०ः** प्रस्थान २५ः१५ पदमा यसो लेखिएको छः *'डन्डाहरू करारको सन्दुकका मुन्द्राहरूमा रहून्; ती त्यसबाट ननिकालिऊन्!'* तर गन्ती ४ः६ पदले के भन्छ भने, *'त्यसपछि पूजाहारीहरूले त्यसका डण्डाहरू लगाइदिऊन्।'* काइल र डेलित्छ नामक टिप्पणीमा दिएको सुझाउअनुसार गन्ती ४ः६ पद निम्न प्रकारले अनुवाद गर्न सकिन्छ, जस्तैः 'पूजाहारीहरूले त्यसका बोक्ने डन्डाहरू मिलाइदिऊन्।' [3)]

कहातीहरूको कार्यभार पहिले व्यक्त गरिएको छ (गन्ती ४ः४-२०)। इस्राएली-हरूले यात्रा शुरु गर्नुभन्दा अघि हारून र तिनका छोराहरूले निवासस्थान र त्यसका सामग्रीहरू पोका पार्नुपर्थ्यो (गन्ती ४ः५-१३)। करारको सन्दुक (गन्ती ४ः५-६), भेटीका रोटीको टेबल (गन्ती ४ः७-८), सुनको सामदान (गन्ती ४ः९-१०), सुनको धूपवेदी (गन्ती ४ः११) र सेवाका सबै सामानहरू (गन्ती ४ः१२), साथै पित्तलको होमबलिको वेदी (गन्ती ४ः१३-१४), यी सबै थोकहरू सिलको छालाले ढाकिनुपर्थ्यो। ती ढाकिएका सामानहरू बोक्ने काममा कहातीहरू नियुक्त भए। यस ठाउँमा हातखुट्टा धुने बाटाको कुरा गरिएन; तर उनीहरूले यो बाटा अवश्य पनि बोकेका हुनुपर्ला। यी ढाकिएका पवित्र सरसामानहरू छुन वा खोलेर हेर्ने अनुमति उनीहरूको थिएन, नत्र ता उनीहरू मर्नेथिए (गन्ती ४ः१४, १७-२०)। हारूनका छोरा एलाजार निवासस्थान र यसका पवित्र सामानहरूको प्रभारी थिए (गन्ती ४ः१६)।

महापवित्रस्थान र पवित्रस्थानको बीचमा भएको छेक्ने पर्दाले जहिले पनि करारको सन्दुकलाई नदेखिने गरी लुकाइराख्थ्यो (गन्ती ४ः५)। इस्राएलीहरूले यात्रा गरिरहेको बेलामा पनि यही पर्दाले करारको सन्दुकलाई ढाक्थ्यो। यस बीचको पर्दाले हाम्रा प्रभु येशूको शरीरको चित्रण गर्छ। प्रधान पूजाहारीले बाहेक अरू कसैले पनि करारको सन्दुकमाथि भएको परमेश्वरको सिंहासन-माथि दृष्टि लगाउन पाउँदैनथियो। तर गलगथामा त्राणको काम पूरा भएको यस महान् घटनापछि यो छेक्ने पर्दा सधैंको निम्ति दुई भाग हुने गरी च्यातियो (लूका २३ः४५)।

**गन्ती ४ः२१-२८ः** गेर्शोनीहरूलाई निवासस्थानका पर्दाहरू, भेट हुने पाल, आँगनका पर्दाहरू र आँगनको ढोकाको पर्दा

बोक्ने जिम्मा अह्राइयो। हारूनका छोरा इतामार गेर्शोनीहरूको प्रभारी थिए।

**गन्ती ४ः२९-३३ः** अनि मरारीका छोराहरूका परिवारकाहरूले निवासस्थानका फल्याकहरू, यसका साटाहरू, यसका खाँबाहरू, तिनका चूलघरहरू, आँगानका कीला र डोरीहरू बोक्ने काम पाए।

**गन्ती ४ः३४-४९ः** लेवीहरूको जनगणनाको परिणाम यस प्रकारको थियोः

| | |
|---|---|
| कहातीहरूको जनसंख्याः | २,७५० |
| गेर्शोनीहरूको जनसंख्याः | २,६३० |
| मरारीहरूको जनसंख्याः | ३,२०० |
| कुल संख्याः | ८,५८० |

तीस वर्षदेखि पचास वर्षसम्मका लेवी पुरुषहरूको संख्या आठ हजार पाँच सय अस्सी थियो।

### ग) गन्ती ५ः१-१०ः छाउनीको शुद्धता कायम राखेको, र पाप स्वीकार गर्ने नियम लागू गराएको

इस्राएलीहरूले छाउनीको शुद्धता कायम राख्नु थियो; यस खण्डमा तिनीहरूले यसको पूर्व-सतर्कतामा के-के गर्नुपरेको थियो, सो कुरामाथि ध्यानकेन्द्रित रहन्छ। गन्ती ५ः३ पदमा पेश गरिएको आज्ञाको आधार व्यवस्था २३ः१४ पदमा पाइन्छ, जहाँ यसो लेखिएको छः *'परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूको छाउनीको बीचमा हिँड्दै हुनुहुन्छ।'*

**गन्ती ५ः१-४ः** कुष्ठ-रोगी, आलो घाउ भएका व्यक्ति र मुर्दासँग सम्पर्कमा आएकाहरूलाई तिनीहरूले छाउनीदेखि बाहिर राख्नुपरेको थियो। छाउनी भन्नाले निवासस्थानको क्षेत्र र यसको वरिपरि इस्राएलीहरूले पाल टाँगेर बस्दा तिनीहरूले ओगटिरहेको क्षेत्र बुझिन्छ।

**गन्ती ५ः५-१०ः** कुनै पुरुष वा स्त्रीले एक-अर्काको विरुद्ध कुनै पाप गरेकोमा उसले पाप स्वीकार गर्नुको साथै एउटा दोषबलि पनि चढ़ाउनु आवश्यक थियो; अनि जुन कुरामा ऊ दोषी हुन्थ्यो, त्यसको क्षतिपूर्ति गर्दा यसमा त्यसको पाँचौं भाग थप्नुपरेको थियो। हानि भएको व्यक्ति मर्‍यो भने, अथवा त्यसको कुनै नजिकको नातेदार फेला पर्न सकिँएन भने, उसले यसको भर्ना पूजाहारीलाई तिर्नुपर्थ्यो।

### घ) गन्ती ५ः११-३१ः ईर्ष्याको सम्बन्धमा पेश गरिएको नियम

**गन्ती ५ः११-१५ः** यस खण्डमा फूट पक्रने विधि वर्णन गरिएको छ। यो विधि ईर्ष्या वा डाहको परीक्षण गर्ने जाँच भनिन्छ। जुन स्त्रीमाथि आफ्नो लोग्नेप्रति विश्वासघात गरेको आरोप लगाइएको थियो, त्यस स्त्रीको दोष वा निर्दोषता साबित गर्नु यस विधिको उद्देश्य थियो। यसको निम्ति त्यस स्त्रीले निवासस्थानको भुइँको धूलो मिसाएको पानी पिउनुपर्थ्यो। अनि ऊ दोषी भएकी भए यो पानी उसको निम्ति श्राप बन्नेथियो; फलस्वरूप उसको पेट सुन्निनुको साथै उसको जाङ पनि कुहुनेथियो। तर ऊ निर्दोष भएकी भए यस पानीबाट उसलाई कुनै प्रकारको हानि हुनेथिएन। गन्ती ५ः१२-१४ पदहरूबाट स्पष्ट भएको छ, कि लोग्ने आफ्नी स्वास्नी विश्वासघाती भएकी थिई कि थिइन, सो कुरामा निश्चित थिएन। सबैभन्दा पहिले यस लोग्नेले आफ्नी स्वास्नीलाई अन्नबलिको साथमा पूजाहारीकहाँ ल्याउनुपरेको थियो।

**गन्ती ५ः१६-३१ः** त्यसपछि पूजाहारीले एउटा माटोको भाँड़ामा पानी र धूलोको त्यो मिश्रण तयार गरे। तिनले त्यस स्त्रीलाई होमबलिको वेदीमा परमप्रभुको सामु हाजिर गराए, त्यसपछि तिनले उसको केश फुकालिदिए र उसका हातहरूमा त्यो अन्नबलि राखिदिए। तब पूजाहारीले उसलाई शपथ खान लगाए; यस शपथअनुसार यो स्त्री दोषी

भएकी भए त्यो पानी यस स्त्रीको निम्ति श्राप बन्नेथियो। यस स्त्रीलाई लाग्नुपर्ने श्रापहरू एउटा पुस्तकमा लेखेपछि पूजाहारीले भाँड़ामा भएको तीतो पानीमा त्यो लेख पखालेर मेटिदिए; त्यसपछि तिनले त्यो अन्नबलि परमप्रभुको सामु डोलाएर त्यसको एक मुठी होमबलिको वेदीमाथि जलाइदिए, र त्यसपछि यस स्त्रीलाई त्यो पानी पिउन लगाए। 'उसले यस स्त्रीलाई त्यो श्राप पैदा गर्ने पानी पिउन लगाओस्' भनेर गन्ती ५:२४ पदमा लेखिएको वाक्य गन्ती ५:२६ पदमा फेरि दोहोरिएको छ। यस स्त्रीले त्यो पानी एकपल्ट मात्र पिई। यदि ऊ दोषी थिई भने बाँझीपनको साथमा अघि यसलाई जानकारी दिइएका अन्य अशुभ सजायहरू यस स्त्रीमाथि आइपर्नेथिए। यदि यस सम्बन्धमा ऊ निर्दोष थिई भने, 'तँ शुद्ध भएस्' भनेर उसलाई शुद्ध भएकी घोषणा गरियो, अनि ऊ ती सजायहरूबाट मुक्त भई। त्यसपछि ऊ एउटा सामान्य विवाहित जीवन व्यतीत गर्न सकी र गर्भधारण गर्न सकी। गन्ती ५:२९-३१ पदहरूले ईर्ष्या वा डाहको परीक्षण गर्ने जाँचको संक्षिप्त सार दिन्छन्।

ईर्ष्याको निम्ति उचित कारणहरू भए-नभए ईर्ष्याले विवाहित जोड़ीको सम्बन्ध विच्छेद गर्न सक्दो रहेछ। अनि यस विधिले यस प्रकारको मामिला एकैपल्ट सधैंको निम्ति टुङ्ग्याउँथ्यो। किनकि यसरी दोषी व्यक्तिमाथि परमेश्वरको न्याय आइपर्नेथियो; तर निर्दोष व्यक्तिचाहिँ उसको जीवनसाथीका शङ्का-उपशङ्काबाट मुक्त हुन्थ्यो।

कति बाइबल-विद्यार्थीहरू छन्, जसको विचारमा, यस खण्डबाट भविष्यमा इस्राएली जातिको निम्ति यसमा लागू हुने प्रयोग बाँकी नै छ; किनभने एक दिन इस्राएलीहरू परमप्रभुप्रति अविश्वासी भएको सम्बन्धमा तिनीहरूको जाँच हुनेछ।

## ङ) गन्ती ६: नाजीरको सम्बन्धमा लागू हुने नियम

**गन्ती ६:१-८:** 'नाजीर' भन्ने शब्दको अर्थ 'अलग हुनु' भन्ने क्रियापदबाट आउँछ। नाजीरको भाकलचाहिँ स्वेच्छा-भाकल हुन्थ्यो; अनि जुनै पुरुष वा स्त्रीले केही निर्धारित समयको निम्ति यो भाकल गर्न सक्थ्यो। यहूदीहरूसँग 'मिश्ना' नामक पुस्तक छ, अनि यस पुस्तकअनुसार नाजीरको भाकल एक सय दिनसम्म लाग्न सक्थ्यो; तर सामान्य रूपले यस भाकलको अवधि तीस दिन हुन्थ्यो। विरलै कति मानिसहरू जीवनभरि नाजीर रहन्थे; यसको उदाहरण शमूएल, शिमसोन र बप्तिस्मा दिने यूहन्ना हुन्।

नाजीरको भाकलका तीनवटा शर्तहरू थिए: **क)** भाकल गर्ने व्यक्तिले दाखको फलदेखि लिएर त्यसको रससम्म केही पनि खाँदैनथियो, जस्तैः सिर्का, दाखमद्य, दाखको रस, अङ्गुर र किसमिस आदि (गन्ती ६:२-४); **ख)** उसले आफ्नो केश काट्दैनथियो (गन्ती ६:५); **ग)** ऊ मृत शरीरको छेउमा जाँदैनथियो (गन्ती ६:६-८)।

दाखमद्यले मनको हर्षको अर्थ लिन्छ भने, लामो केश पुरुषको निम्ति लज्जास्पद भएकोले यहाँ यसको अर्थ नम्रताको चिन्ह हो; अनि मृत शरीरको अर्थ अशुद्धता हो।

> 'यसरी नै नाजरीचाहिँ यस संसारका मानिसहरूको निम्ति एउटा रहस्य हुन्थ्यो र अहिले पनि छ; किनभने हर्षित हुनको निम्ति उसले आफूलाई संसारको आनन्ददेखि वञ्चित राख्छ; अनि बलवान् हुनका निम्ति ऊ दुर्बल हुन्छ; अनि आफ्ना आफन्तहरूलाई प्रेम गर्नको निम्ति उसले तिनीहरूलाई अवहेलना गर्छ (लूका १४:२६)।' [4)]

**गन्ती ६:९-१२:** यस अनुच्छेदमा कसैले अनजानमा कुनै मृत शरीर छोएर नाजीरको

भाकल भङ्ग गरेको बेलामा यस परिस्थितिमा उसले के-के गर्नुपर्छ, सो वर्णन गरिएको छ। पहिले उसले गन्ती १९ अध्यायमा पेश गरिएको सात दिने शुद्धीकरणको विधि पूरा गर्नुपरेको थियो। अनि सातौं दिनमा उसले आफ्नो कपाल खौरनुपरेको थियो; अनि भोलिपल्ट उसले दुईवटा ढुकुर वा दुईवटा परेवाका बच्चाहरू चढ़ाउनुपरेको थियो, एउटाचाहिँ पापबलिको निम्ति र अर्कोचाहिँ होमबलिको निम्ति। अनि उसले एउटा एकवर्षे भेड़ाको पाठो पनि दोषबलिको निम्ति ल्याउनु थियो। यी बलिहरू चढ़ाएर पनि उसले आफै नाजीरको रूपमा अलग बसेका सबै दिनहरू गुमाउँथ्यो; उसले आफ्नो भाकल फेरि शुरु गर्नुपरेको थियो। निष्कर्षमा आएर हामी यो भनौंः नाजीरको भाकल गरेको मानिस अशुद्ध भयो भने, उसले आफूलाई फेरि अर्पण गर्न सक्थ्यो; तर जति समय ऊ नाजीरको रूपमा अलग बस्यो, ती सबै दिनहरू 'अशुद्ध', अँ, व्यर्थ ठहरिए; किनकि नाजीरको रूपमा अलग बसेका ती सबै दिनहरू उसले गुमायो। अनि हाम्रो विषयमा चाहिँ? हाम्रो निम्ति यसको अर्थ यही हुन जान्छः विश्वासबाट पछि हटेको ख्रीष्ट-विश्वासी प्रभुमा पुनर्स्थापित हुन सक्छ; तर उसले परमेश्वरको सङ्गतिविना बिताएका दिनहरू बर्बाद भएको समय गनिन्छन्।

**गन्ती ६ः६-२१ः** यस खण्डको सन्दर्भ-चाहिँ नाजीरको भाकल पूरा भएको बेलामा भाकल गर्ने मानिसले के-के गर्नुपर्छ, यसको विधि हो। उसले चार किसिमका बलिहरू ल्याउनुपरेको थियोः एउटा होमबलि, एउटा पापबलि, एउटा मेलबलि र एउटा अन्नबलि (गन्ती ६ः१४-१५)। नाजीरले आफ्नो कपाल खौरथ्यो, र त्यो काटिएको केश मेलबलिमनि आगोमा हाल्थ्यो (गन्ती ६ः१८)। अनि यस विधिअन्तर्गत पूजाहारीले गर्नुपर्ने कर्तव्य गन्ती ६ः१६, १७, १९ र २० पदमा बताइएको छ। गन्ती ६ः२१ पदले यस स्वेच्छा-दानको कुरा गरेको छ, जुन स्वेच्छा-दान एकजना मानिसले आफ्नो नाजीरको भाकल पूरा भइसकेपछि चढ़ाउन सक्थ्यो।

**गन्ती ६ः२२-२७ः** *'परमप्रभुले तिमीलाई आशिष दिऊन्, तिमीलाई रक्षा गरून्; परमप्रभुले आफ्नो चेहरा तिमीमाथि चम्काऊन्, र उहाँ तिमीप्रति अनुग्रहकारी होऊन्; परमप्रभुले आफ्नो चेहरा तिमीमाथि लगाइदिऊन् र तिमीलाई शान्ति दिऊन्!'* गन्ती छ अध्यायका अन्तिम पदहरूमा उल्लेख गरिएको यस सुपरिचित र सुन्दर आशीर्वादको वचन लिएर हारून र तिनका छोराहरूले मानिसहरूलाई आशीर्वाद दिने गर्थे। महान् सुसमाचार प्रचारक डी. एल. मूडीलाई यो आशीर्वादको वचन खूबै मन परेको थियो; किनभने तिनले यस आशीर्वादको वचनको विषयमा यसो लेखेका छन्ः

'यो आशीर्वाद सारा पृथ्वीमाथि घोषणा गर्नु उचित छ; किनभने यसको घोषणा गर्दा कसैलाई कुनै हानि हुँदैन। यसकारण आउनुहोस्, आफ्नो हृदयमा यो आशीर्वादको वचन उच्चारण गर्नुहोस्! यो परमेश्वरको वाणी हो; यसकारण आफूले लेख्नुभएको हरेक पत्रको अन्तमा यो आशीर्वादको वचन हालेर आफ्नो पत्रको अन्त गर्नुहोस्! हरेक बिहान यो आशीर्वादको वचन उद्घोषणा गरेर आफ्नो दिन शुरु गर्नुहोस्! आफ्नो हरेक रात यस आशीर्वादको वचनद्वारा पवित्र पार्नुहोस्! यहाँ आशिष छ, यहाँ सुरक्षा छ; यहाँ जीवन छ, यहाँ सुखचैन छ; यहाँ निगाह छ, यहाँ उत्साह छ। यस आशीर्वादमा हाम्रो तुच्छ जीवनमाथि स्वर्गीय आनन्दले भरेको बिहानी उदाउने शक्ति छ। अनि यो स्वर्गीय सङ्गीत रच्नुहुने प्रभु स्वयम् हुनुहुन्छ, जसले स्वर्गबाट अनगिन्ती अमर स्तुतिगानहरूमध्ये यो सुन्दर रचनाचाहिँ हामीकहाँ प्रस्तुत गर्नुभएको हो।' [5)]

### च) गन्ती ७ः कुल-नायकहरूको भेटी

**गन्ती ७ः१-९ः** यस अध्यायको सन्दर्भ प्रस्थान ४०ः१७ पद नै हो, जुन बेलामा निवासस्थान भर्खरै खड़ा भइसकेको थियो। यहाँ बताइएका इस्राएलका शासकहरूचाहिँ तिनीहरूका बाह्र कुलहरूका मुखियाहरू थिए। यिनीहरूका नामहरू अघिबाट गन्ती १ः५-१६ र २ अध्यायमा दिइसकेका छन्। सबैभन्दा पहिले यिनीहरूले छवटा गोरु-गाड़ाहरू र बाह्रवटा गोरुहरू भेटीको रूपमा परमप्रभुको सामु ल्याए (गन्ती ७ः३)। मोशाले दुईवटा गाड़ा र चारवटा गोरुहरू गेर्शोनीहरूलाई अनि चारवटा गाड़ा र आठवटा गोरुहरू मरारीहरूलाई आ-आफ्नो जिम्मामा परेका निवासस्थानका सरसामानहरू बोक्ने काममा प्रयोग गर्नको निम्ति बाँड़िदिए। कहातीहरूलाई कुनै गाड़ा र कुनै गोरु दिइएन; किनकि उनीहरूले पवित्र सामग्रीहरूको अमूल्य बोझ आफ्नै काँध-हरूमा बोक्नुपर्थ्यो।

**गन्ती ७ः१०-८३ः** यी कुल-नायकहरूले होमबलिको वेदीको समर्पणको निम्ति बाह्र दिनसम्म भेटीहरू ल्याइरहे। यी भेटीहरूको विस्तृत विवरण यस प्रकारको छः

| दिनको संख्याः | कुल-नायकको नामः | कुलको नामः | सन्दर्भ-पदः |
|---|---|---|---|
| पहिलो दिन | नहशोन | यहूदा | गन्ती ७ः१२-१७ |
| दोस्रो दिन | नतनेल | इस्साकार | गन्ती ७ः१८-२३ |
| तेस्रो दिन | एलिआब | जबूलून | गन्ती ७ः२४-२९ |
| चौथो दिन | एलिसूर | रूबेन | गन्ती ७ः३०-३५ |
| पाँचौं दिन | शमूमिएल | शिमोन | गन्ती ७ः३६-४१ |
| छैटौं दिन | एल्यासाप | गाद | गन्ती ७ः४२-४७ |
| सातौं दिन | एलिशामा | एप्रैम | गन्ती ७ः४८-५३ |
| आठौं दिन | गमलिएल | मनस्से | गन्ती ७ः५४-५९ |
| नवौं दिन | अबिदान | बिन्यामिन | गन्ती ७ः६०-६५ |
| दसौं दिन | अहिएजेर | दान | गन्ती ७ः६६-७१ |
| एघारौं दिन | पगिएल | आशेर | गन्ती ७ः७२-७७ |
| बाह्रौं दिन | अहिरा | नप्ताली | गन्ती ७ः७८-८३ |

**गन्ती ७ः८४-८९ः** यी भेटीहरूको मुठ संख्या गन्ती ७ः८४-८८ पदमा दिइएको छ। परमेश्वरको निम्ति गरिएको कुनै पनि सेवा उहाँ कहिल्यै कुनै हालतमा पनि बिर्सनुहुन्न; उहाँले होशियारीसाथ यसको हिसाब-किताब राख्नुहुन्छ। यस समर्पणको भेटीको कार्य समाप्त भएपछि मोशा महापवित्र-स्थानभित्र गए; अनि उनले त्यहाँ कृपा-आसनमाथिबाट परमेश्वरलाई उनीसँग बोलिरहनुभएको सुने। हुन सक्छ, त्यस आवाजद्वारा उहाँले यी कुल-नायकहरूले चढ़ाएका भेटीहरूसँग पूरा प्रसन्न हुनुभएको कुरा व्यक्त गर्नुभयो कि कसो हो? (गन्ती ७ः८९)। मोशा लेवी-कुलबाट भए तापनि उनी पूजाहारी थिएनन्। तर परमेश्वरले उनीसँग विशेष व्यवहार गर्नुभयो, र उनलाई महापवित्रस्थानभित्र प्रवेश गर्ने अनुमति दिनुभयो। तर उहाँले उनलाई महापवित्र-स्थानभित्र प्रवेश गर्न मात्र दिनुभएको कहाँ हो र? उहाँले उनलाई 'मसँग भेट्न त्यहाँ आऊ' भन्ने निम्तोरूपी आज्ञा पो गर्नुभयो (प्रस्थान २५ः२१-२२)।

**छ) गन्ती ८: निवासस्थानका विभिन्न सेवाहरू**

**गन्ती ८:१-४:** हारूनलाई सुनको सामदानमा दियाहरू यस प्रकारले मिलाउने निर्देशन भयो, कि सामदानको सामु उज्यालो भएको होस्। मानौं ज्योतिले पवित्र आत्माको गवाहीको अर्थ लिन्छ र सामदानले ख्रीष्ट येशूको चित्रण गर्छ भने, सामदानको सामु उज्यालो हुने गरी यी दियाहरूले आफ्नो चमक दिनुपर्ने कुराले ख्रीष्ट येशूको महिमा गर्नु नै पवित्र आत्माको काम हो भन्ने सम्झना दिलाउँछ।

**गन्ती ८:५-१३:** लेवीहरूको समर्पण यस खण्डको सन्दर्भ हो। सबैभन्दा पहिले उनीहरूमाथि शुद्धीकरणको पानी छर्कियो; (शुद्धीकरणको पानी के हो, सो कुरा जान्न तपाईंले गन्ती १९ अध्याय हेर्नुहोला); त्यसपछि उनीहरूले आफ्ना शरीरका सबै रौंहरू खौरे र आफ्ना वस्त्रहरू धोए (गन्ती ८:७)। यसरी नै उनीहरू शुद्ध भए। त्यसपछि इस्राएलीहरूका प्रतिनिधिहरूले भेट हुने पालको ढोकामा लेवीहरूमाथि आफ्ना हातहरू राखे; अनि हारूनले लेवीहरूलाई परमेश्वरको सामु डोलाउने भेटीको रूपमा चढ़ाए। यस विधिले हामीलाई रोमी १२:१-२ पदको सम्झना गराउँछ; किनभने वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीहरूले आ-आफ्ना शरीरहरू परमेश्वरको निम्ति जिउँदो बलिदानको रूपमा समर्पण गर्नुपर्छ। अन्तमा मोशाले यी लेवीहरूको निम्ति दुईवटा बहरहरू, एउटालाई होमबलिको रूपमा र अर्कालाई पापबलिको रूपमा चढ़ाए।

**गन्ती ८:१४-२२:** इस्राएलीहरूको प्रस्थान गरिएको समयमा परमेश्वरले लेवीहरूको विषयमा जुन कुरा भन्नुभएको थियो, त्यो कुरा उहाँले यहाँ फेरि दोहोर्‍याउनुभयो: इस्राएलीहरूका जेठाहरूको सट्टामा उहाँले लेवीहरूलाई आफ्नै निम्ति छान्नुभयो। लेवीहरू पूजाहारीहरूका सहयोगीहरूको रूपमा नियुक्त भए। लेवीहरूको समर्पणको विधि परमप्रभुले गर्नुभएको आज्ञाअनुसार सुसम्पन्न भयो; त्यसपछि उनीहरूले भेट हुने पालको सम्बन्धमा आफ्नो कार्यभार सम्हाल्न थाले।

**गन्ती ८:२३-२६:** लेवीहरूको सेवा-काल पच्चीस वर्षको उमेरदेखि पचास वर्षको उमेरसम्म हुन्थ्यो। गन्ती ४:३ पदमा उनीहरूको सेवा गर्ने उमेर तीस वर्ष भएको बताइएको छ। यसकारण कसै-कसैको विचारमा, उजाड़स्थानमा हुँदा जस-जसले निवासस्थानका सरसामानहरू बोक्थे, तिनीहरूको उमेर तीस वर्ष भएको हुनुपर्थ्यो भन्ने अनुमान गरिन्छ। यस अनुमानअनुसार इस्राएलीहरू प्रतिज्ञाको देशमा पुगेर भेट हुने पाल स्थायी ठाउँमा खड़ा गरेपछि त्यसमा सेवा गर्ने व्यक्तिहरूको उमेर पच्चीस भएको हुनुपर्थ्यो, जसरी गन्ती आठ अध्यायमा लेखिएको छ। अरू मानिसहरू पनि छन्, जसले पच्चीस वर्षको उमेरदेखि तीस वर्षको उमेरसम्मको समयमा लेवीहरूको तालिमको समय देख्छन्। पचास वर्षको उमेर पुगेकाहरूले अवकाश प्राप्त गरे र त्यसपछि कुनै गह्रौं काम गर्दैनथिए; तर यस्ताहरूलाई अह्राउ-पराउ गर्ने काम अथवा कामकुराको निरीक्षण गर्ने अनुमति दिइयो (गन्ती ८:२५-२६)। यहाँ कामबाट छुट्टी लिएर सेवा नगर्ने र साथ दिने कुराको बीचमा छुट्टाइएको छ। काम भन्नाले गह्रौं चीजहरू बोक्ने परिश्रम बुझिन्छ भने, देखरेख वा निरीक्षणको काम यहाँ आफ्ना भाइहरूलाई साथ दिनु भनिएको छ।

कसैको भनाइ यस प्रकारको छ: लेवीहरूले ख्रीष्ट-विश्वासीहरूलाई चित्रण गर्छन्, किनभने ख्रीष्ट-विश्वासीहरूले मुक्ति पाएका छन्, तिनीहरू शुद्ध पारिएका छन् र प्रभुको सेवाको निम्ति अलग गरिएका छन्। अनि यस पृथ्वीमा तिनीहरूको अधिकारको

भाग हुँदैन। यसमा लेवीहरू र ख्रीष्ट-विश्वासीहरूको बीचको कुरा मिलेको छ।

### ज) गन्ती ९:१-१०:१०: निस्तार-चाड़, महिमाको बादल र चाँदीका तुरहीहरू

**गन्ती ९:१-१४:** अब परमेश्वरबाट निस्तार-चाड़ मनाउने आदेश आयो (गन्ती ९:१-२)। यहाँको कुरा गन्तीको पुस्तकको एक अध्यायमा लेखिएका कुराहरूभन्दा अघि भएको थियो। यसकारण बुझ्नुहोस्: गन्तीको पुस्तकमा लेखिएका कुराहरू सबै काल-क्रमबद्ध हुँदैनन्। यो निस्तार-चाड़ इस्राएली-हरूले मिस्र देशदेखि प्रस्थान गरेको दोस्रो वर्षको पहिलो महिनाको चौधौं दिनमा मनाइयो। अनि विधिवत् रूपले अशुद्ध भएकाहरूको निम्ति निस्तार-चाड़ मनाउने विशेष प्रबन्ध गरियो। तिनीहरू, जसको सम्पर्क कुनै मृत शरीरसँग सम्पर्क भयो, अथवा तिनीहरू, जो निस्तार-चाड़ मान्ने बेलामा यात्रामा थिए, तिनीहरूले एक महिना पछि अर्थात् दोस्रो महिनाको चौधौं दिनमा निस्तार-चाड़ मनाउन पाए (गन्ती ९:६-१२)। तर यी विशेष मानिसहरू छोड़ेर परमप्रभुको निस्तार-चाड़ नमनाउनेहरूलाई तिनीहरूले इस्राएली समाजबाट नामेट गर्नुपर्थ्यो। अनि जुन परदेशी वा गैर-यहूदी मानिसले परमप्रभुको निस्तार-चाड़ मनाउन चाह्यो, उसले यसो गर्न पाउँथ्यो, तर यहूदीहरूको निम्ति निर्धारित गरिएका सर्त-हरूअनुसार मात्र (गन्ती ९:१४)। सबैका निम्ति एउटा नियम लागू हुन्थ्यो।

**गन्ती ९:१५-२३:** यी पदहरूले आउँदो अध्यायमाथि आफ्नो पूर्व-नजर लगाइ-राख्छन्। किनभने यस खण्डमा यही महिमाको बादलको वर्णन गरिएको छ, जुन बादलचाहिँ निवासस्थान ढाक्थ्यो – दिनमा यो बादलको रूपमा देखा पर्थ्यो, र राति यस बादलले आगोको रूप लिन्थ्यो। जब-जब निवासस्थानदेखि महिमाको बादल उठ्थ्यो, तब-तब इस्राएलीहरूले आ-आफ्ना पालहरू तल झारेर यात्रा शुरु गर्थे। अनि जहाँ-जहाँ बादल अड़िन्थ्यो, त्यहाँ-त्यहाँ तिनीहरूले यात्रा बन्द गरेर त्यहीं आफ्ना पालहरू टाँग्थे। यो बादलचाहिँ परमेश्वरले आफ्ना जनहरूलाई अगुवाइ गर्नुभएको एउटा चिन्ह थियो। वर्तमान समयमा प्रभुले हामीलाई यस प्रकारले देखिने अगुवाइ नगर्नुभए तापनि उहाँले आफ्ना जनहरूको अगुवाइ गर्नुहुन्छ भन्ने नियम अझ पनि जारी रहेको छ। किनकि हामी दृष्टिको भारमा होइन, तर विश्वासको भारमा हिंड्ने गर्छौं (२ कोरिन्थी ५:७)। प्रिय भाइबहिनीहरूहो, जब प्रभु अघि बढ्नु-हुन्छ, तब अघि बढ्नुहोस्, तर त्योभन्दा पहिले आफ्नो पाइला नचाल्नुहोस्! किनकि कहाँ जानुपर्ने हो, सो सम्बन्धमा तपाईंलाई लागेको अनिश्चितता अन्धकार नसम्झनुहोस्, तर कहीं नजाने, तर आफ्नै ठाउँमा रहिरहने अगुवाइको प्रकाश सम्झनुहोस्!

**गन्ती १०:१-१०:** परमप्रभुले मोशालाई चाँदीका दुईवटा तुरहीहरू बनाउने आदेश दिनुभयो। यी तुरहीहरूको प्रयोग **क)** जन-समूहलाई भेट हुने पालको ढोकामा भेला गराउनु थियो (गन्ती १०:३ र ७); **ख)** मानिसहरूलाई यात्रामा अघि बढ़ भन्ने सङ्केत दिनु थियो; **ग)** अगुवाजनहरूलाई भेला गराउँदा एउटा तुरही मात्र बज्थ्यो (गन्ती १०:४); **घ)** लड़ाइँको दिनमा खतरा-ध्वनि बज्थ्यो (गन्ती १०:९); **ङ)** विशेष चाड़का दिनहरूको घोषणा गर्न ती तुरहीहरू बजाइन्थे (गन्ती १०:१०)।

बेग्ला-बेग्लै परिस्थितिहरूमा यी तुरहीहरू भिन्न-भिन्नै प्रकारले बज्थे। गन्ती १०:५ पदमा बताएअनुसार खतरा-ध्वनिचाहिँ यात्रा शुरु गर्ने चिन्ह थियो। जब पहिले पल्ट खतरा-ध्वनि बज्थ्यो, तब निवासस्थानको पूर्वपट्टि बसेका कुलहरूले आफ्नो यात्रा शुरु गर्थे। अनि जब

खतरा-ध्वनि दोस्रो पल्ट बज्थ्यो, तब त्यस ध्वनिले दक्षिणमा बसेका कुलहरूलाई यात्रा शुरु गर्ने सङ्केत दिन्थ्यो। अनि यही यस प्रकारले क्रमशः उत्तर र पश्चिममा बसेका कुलहरूको निम्ति पनि तुरही फुकिन्थ्यो। यी तुरहीहरूको काम उजाड़स्थानका यात्राहरू गर्दा मात्र सीमित हुँदैनथियो, तर प्रतिज्ञा गरिएको देशमा पनि यी तुरहीहरू प्रयोगमा आउनिथिए (गन्ती १०:९)। यहाँ, यस पदमा तपाईंले 'आफ्नो देशमा' भन्ने शब्द-हरूमाथि ध्यान दिनुहोला। परमेश्वरले अब्राहामसँग प्रतिज्ञा गर्नुभएको प्रण पूरा गर्नुहुनेथियो; उहाँले अब्राहामका भावी सन्तानहरूलाई त्यो देश दिनुहुनेथियो। तर तिनीहरूको अनाज्ञाकारिता र अविश्वासले त्यस देशमा प्रवेश गर्ने तिनीहरूको समय चालीस वर्ष ढिलो गराएको थियो।

# खण्ड २

## गन्ती १०:११-१२:१: सिनाई पर्वतदेखि मोआबका मैदानसम्मको यात्रा

### क) गन्ती १०:११-३६: सिनाईको उजाड़स्थानदेखि इस्राएलीहरू अघि बढ़ेका

**गन्ती १०:११:** यस पदले गन्तीको पुस्तकमा एउटा सुनिश्चित मोड़ आएको सङ्केत गर्दछ। अहिलेसम्म इस्राएलीहरू सिनाई पर्वतमा पाल टाँगेर बसेका थिए। तर गन्ती १०:११ पददेखि २२:२ पदसम्म सिनाई पर्वतदेखि यात्रा गरेर मोआबका मैदानसम्म भएको यात्राको विवरण पाइन्छ। मोआबका यी मैदानहरू प्रतिज्ञाको देशको ठीक सामुन्ने परेका थिए। उक्त खण्डअन्तर्गत बितेको समय लगभग चालीस वर्ष थियो। दोस्रो निस्तार-चाड़ मनाइएको कारणले तिनीहरूले पहिलो महिनाको बीसौं दिनभन्दा अघि यात्रा शुरु गरेनन् (गन्ती ९:१०-११)।

**गन्ती १०:१२-१३:** तिनीहरूको यस यात्राको पहिलो कदमले तिनीहरूलाई सिनाई पर्वतदेखि लगेर पारानको उजाड़स्थानमा पुऱ्यायो। त्यस उजाड़स्थानमा पुग्नुभन्दा अघि तिनीहरूले तीन ठाउँहरूमा बिसाए: तबेरा, किब्रोत-हत्तावा र हसेरोत। खास गरी गन्ती १२:१६ पदमा आएर मात्र इस्राएलीहरू पारानको उजाड़स्थानमा आइपुगे।

**गन्ती १०:१४-२८:** इस्राएली जातिका कुलहरूले कुन प्रकारको क्रमैले यात्रा गरे, सो वृत्तान्त यस खण्डमा दिइएको छ। हरेक कुलका अगुवाले आ-आफ्नो कुलको अघि हिँड़ेर अगुवाइ गरे। दुई अध्यायमा बताए-अनुसार तिनीहरूले यहाँ यही यात्राको क्रम कायम राखे। तर यहाँ एउटा भिन्नता देखिन्छः २:१७ पदअनुसार यात्रा गर्दा लेवीको कुललाई एप्रैमको अघि र गादको पछि राखिएको थियो। तर गन्ती १०:१७ पदमा गेर्शोनीहरू र मरारीहरू जबूलूनको पछि हिँड़ेका बताइएको छ, र कहातीहरू गादको पछि हिँड़ेका लेखिएको छ (गन्ती १०:२१)। गेर्शोनी र मरारीहरूले निवासस्थानका सबै सामानहरू लिएर कहातीहरूभन्दा पहिले यात्रा गरेको समुचित देखिन्छ; किनभने कहातीहरू निवासस्थानका पवित्र सामग्रीहरू लिएर आउँदाखेरि यिनीहरूले शिविर-स्थलमा निवासस्थानको पाल टाँग्ने काम सिद्ध्याइ-सक्थे।

**गन्ती १०:२९-३२:** होबाब मोशाका जेठान थिए। अनि मोशाका ससुराको नाम रूएल थियो, अन्य ठाउँअनुसार येत्रो थियो। अनि होबाब मिद्यानी भएको नाताले तिनी

उजाड़स्थानको वातावरणसँग चिरपरिचित थिए। अनि हुन सक्छ, यही कारणले मोशाले सायद तिनलाई इस्राएलीहरूलाई यात्रामा साथ दिन भनी निमन्त्रण दिए। *'तिमी हाम्रो निम्ति आँखा ठहर्नेछौ।'* बाइबलका धेरै टिप्पणीकारहरू छन्, जसले यस निम्तोमा मोशाको अविश्वास वा विश्वासको कमी देख्न खोजेका छन्; किनकि परमेश्वर स्वयम्ले पहिलेबाटै 'म तिमीहरूलाई अगुवाइ गर्नेछु' भन्ने प्रतिज्ञा गर्नुभएको थियो।

यस सम्बन्धमा श्री कुर्जले आफ्नो विचार यस प्रकारले व्यक्त गरेका छन्ः

> 'यस बादलको खाँबाले इस्राएलीहरू हिँड्नुपर्ने सामान्य मार्ग के हो, पाल टाँग्नुपर्ने स्थान कुनचाहिँ हो र एक ठाउँमा कति समय बस्नुपर्ने हो, सो कुराहरू निर्धारित गर्थ्यो। तर बुझ्नुहोस्ः मानिसको बुद्धि लगाउने काम यस प्रकारको अगुवाइबाट वञ्चित गरिएको थिएन नि ! किनभने पाल टाँग्ने काममा, खाने पानी खोज्ने सिलसिलामा, गाईबस्तु चराउने खर्क र गोठहरू लाग्ने ठाउँहरू पाउनुमा र दाउराको बन्दोबस्त गर्नको निम्ति बुद्धिको खाँचो थियो। अनि होबाबसँग यी सबै क्षेत्रहरूमा सुअनुभव थियो। यसकारण उजाड़स्थानको सम्बन्धमा तिनीसँग भएको ज्ञानले बादलको अगुवाइको कुरा काट्दैनथियो, तर यसमा थप सहयोग पुऱ्याउँथ्यो।' 6)

**गन्ती १०ः३३-३४ः** महापवित्रस्थान पवित्रस्थानदेखि अलग पार्ने जुन बीचको छेक्ने पर्दा थियो, त्यो पर्दा लिएर हारून र तिनका छोराहरूले करारको सन्दुक लपेट्थे (गन्ती ४ः५)। अनि यही करारको सन्दुक कहातीहरू यात्रा गरिरहेको जन-समूहको अघि-अघि बोकेर हिँड्थे। सिनाई पर्वतदेखि कादेश-बर्नेअसम्मको यात्रा गर्न तिनीहरूलाई तीन दिन लाग्यो। परमप्रभुले मानिसहरूको निम्ति विश्राम गर्ने ठाउँ खोज्नुभएको बेलामा महिमाको बादलले तिनीहरूलाई ढाकिरह्यो।

**गन्ती १०ः३५-३६ः** होबाबले इस्राएली-हरूलाई तिनीहरूको यात्रामा साथ दिए कि दिएनन्, सो कुरा हामीलाई निश्चित थाहै छैन। तर न्यायकर्ता १ः१६ र ४ः११ पदबाट के देखिन्छ भने, तिनी तिनीहरूसँगै गएको हुनुपर्ला; किनकि न्यायकर्ताहरूको समयमा तिनका भावी सन्तानहरू इस्राएलीहरूको बीचमा भेट्टाइए।

जब-जब बिहानीपख करारको सन्दुक अघि बढ्थ्यो, तब-तब मोशाले परमप्रभुलाई विजयको निम्ति पुकार्थे; अनि जब-जब बेलुकीपख करारको सन्दुकले विश्राम लिन्थ्यो, तब-तब तिनले परमप्रभुलाई 'आफ्ना मानिसहरूकहाँ फर्केर आउनुहोस्' भनी प्रार्थना चढ़ाउँथे।

### ख) गन्ती ११ः इस्राएलीहरूको छाउनीमा मच्चिरहेको विद्रोह

**गन्ती ११ः१-३ः** परमेश्वरले इस्राएली-हरूको भलाइको निम्ति जेजति गर्नुभयो, ती सबै उपकारहरू देखेर पनि उहाँका जनहरूले उहाँको विरोधमा गनगन गरेको चाहिँ कसरी ? परमेश्वरको वचनको यस भागमा आइपुगेर हजुरहरू यस कुरामा छक्क पर्नुभयो होला। *'उहाँको क्रोध दन्क्यो; अनि तिनीहरूको बीचमा परमप्रभुको आगो सल्केर छाउनीको छेउमा बस्नेहरूलाई भस्म पारिदियो'* (गन्ती ११ः१)। यस पहिलो पदबाट तिनीहरूको बीचमा त्यो असन्तुष्टि कहाँबाट आयो, सो केही सङ्केत पाइन्छ। किनभने यो असन्तोष-चाहिँ करारको सन्दुकदेखि टाढ़ा भएकाहरूको बीचमा मच्चियो। किनभने परमप्रभुबाट निस्केको यस आगोले छाउनीको छेउको भाग भस्म पारिदियो। 'तबेरा' भन्ने ठाउँले यस जलनबाट आफ्नो नाम पायो।

यसको विषयमा अनुवादको कुरा आयोः के.जे.वी. र एन.के.जे.वी.-बाइबलहरूले बताएअनुसार यस आगोले छाउनीको छेउमा बसेका केही असन्तुष्ट मानिसहरूलाई सखाप पार्‍यो; तर ए.एस.वी.को संस्करणले छाउनीको छेउको भाग भस्म पार्‍यो भनेर अनुवाद गरेको छ। जेसुकै भए तापनि मानिसहरूले यसबाट उहाँको दयावान् चेताउनी पाए; किनभने उहाँको सम्पूर्ण न्याय तिनीहरूमाथि आइपरेको भए यो कत्रो विनाश हुनेथियो, सो आफै विचार गर्नुहोस् !

**गन्ती ११ः४-९ः** अबको गनगन ठीक छाउनीको बीचमा मच्चिरहेको थियो। तर यस पल्ट गनगनचाहिँ 'मिश्रित झुण्ड' अर्थात् 'गैर-इस्राएली भीड़'बाट आएको थियो। गनगन निस्केको कारण यहाँ हुँदो रहेछ। जब इस्राएलीहरू मिस्र देश छोड़ेर गए, तब तिनीहरूको साथमा परमप्रभुमाथि विश्‍वास नगर्ने मानिसहरू पनि निस्केर आए। अनि यही मिश्रित झुण्डले घरिघरि इस्राएली-हरूलाई पिरोल्थ्यो। तिनीहरूमा भएको भक्तिहीनताको रोग इस्राएलीहरूलाई पनि लाग्यो; यसकारण तिनीहरूले स्वर्गबाट आएको मन्ना तुच्छ ठानेर मिस्र देशका खानेकुराहरूको लोभलालच गर्न थाले। यसको विषयमा भजन ७८ः१७-३३ पदको खण्डमा पढ्नुहोस्, र त्यस घटनाको विषयमा परमेश्‍वरको टिप्पणी हेर्नुहोस् !

> जस-जसलाई प्रभु येशूले स्वर्गबाट मन्ना खुवाएर तृप्त पार्नुभयो, ती मानिसहरूले आफ्ना दुष्कर्महरूद्वारा उहाँलाई दुःखित तुल्याउनु सम्भव भयो, कसरी ?
>
> तिनीहरूले उहाँको प्रेमको विरुद्ध कसरी पाप गर्न सके, कसरी ?
>
> तर उहाँदेखि तर्किजानेहरूको विद्रोह उहाँले सहनुभयो; उहाँले तिनीहरूको पाप धोइ-दिनुभयो; कसरी, अँ, कसरी ? यसमा सबैभन्दा अद्‌भुत कुरा छ।

**गन्ती ११ः१०-१५ः** यस अवस्थामा मोशाले पहिले परमप्रभुलाई पुकारे, र 'म ती वागी मानिसहरूलाई एकलैले सम्हाल्न सक्दिनँ' भन्ने प्रार्थना चढ़ाए; त्यसपछि उनले आफ्नो प्रार्थनामा उहाँलाई 'म यस भीड़ मानिसहरूका निम्ति उजाड़स्थानमा मासुको प्रबन्ध गर्न सक्दिनँ' भने। अन्तमा, उनले 'यी भारी समस्याहरूबाट उम्कन म मर्न पाऊँ' भन्ने माग गरे।

**गन्ती ११ः१६-१७ः** परमप्रभुले उनलाई के उत्तर दिनुभयो ? पहिले उहाँले मोशाको निम्ति उनीसँग मानिसहरूको बोझ काँध हाल्न सक्ने सत्तरीजना बूढ़ा प्रधानहरूलाई नियुक्त गर्ने प्रबन्ध गर्नुभयो। यसको विषयमा बाइबल-अध्ययन गर्नेहरूको बीचमा एउटा प्रश्‍न उठेको छ। किनकि तिनीहरूको विचारमा, मोशाको निम्ति यो सबैभन्दा असल उपाय थिएन। किनभने तिनीहरूको तर्क यस प्रकारको छः परमेश्‍वरले जे कुराको निम्ति आज्ञा गर्नुहुन्छ, त्यो कुरा पूरा गर्ने शक्ति पनि दिनुहुन्छ। यसो हो भने, जब मोशाको जिम्मेवारी घट्यो, तब उनलाई साथ दिने आत्मिक शक्ति पनि घट्यो; उनले नोक्सानी उठाए अरे।[7)]

यसभन्दा पहिले पनि मोशाले आफ्ना ससुराले दिएको सल्लाहअनुसार मानिस-हरूमाथि सामाजिक मामिलाहरूको सम्बन्धमा अधिकारीहरू नियुक्त गरेका थिए (प्रस्थान १८ः२५; व्यवस्था ९ः९-१५)। यसकारण हुन सक्छ, यहाँ यी चुनिएका सत्तरीजना बूढ़ा प्रधानहरू आत्मिक भार बोक्ने उनका सहयोगीहरू थिए, कि के हो ? यसकारण यी दुईवटा भिन्न-भिन्न नियुक्तिहरूको बीचमा खिचड़ी गर्नुहुँदैन।

**गन्ती ११ः१८-२३ः** अनि जनताको विषयमा परमेश्‍वरको उत्तर के थियो ? तिनीहरूले प्रशस्त गरी मासु खान पाउनेथिए। तिनीहरूलाई दिक्क लाग्ने गरी उहाँले तिनी-हरूको निम्ति प्रशस्त मासु पठाउनुहुनेथियो।

उहाँको यस मासुको प्रबन्धअनुसार तिनीहरूलाई एक महिना खान पुग्नेथियो। मोशालाई यसको विषयमा शङ्का लागेको थियो; तर परमप्रभुले 'म यो कुरा गरिछोड्छु' भन्ने प्रतिज्ञा गर्नुभयो। सिनाई पर्वत जाने बाटोमा परमेश्वरले अलौकिक रीतिले इस्राएलीहरूको निम्ति मासु जुटाइदिनुभयो (प्रस्थान १६:१३)। मोशाले यो कुरा मनमा राख्नुपर्नेथियो र परमप्रभुको क्षमताको विषयमा कुनै प्रश्न गर्नुहुँदैनथियो। तर के गर्ने ? जब परिस्थितिले हामीलाई चारैतिरबाट घेर्छ, तब प्रभुले बितेको समयमा गर्नुभएको दया र उपकारहरू हामी कति छिटो गरी भुलिपठाउँछौं ! ?

**गन्ती ११:२४-३०:** जब यी सत्तरीजना बूढ़ा प्रधानहरूको नियुक्ति पूरा भयो, तब परमप्रभुको आत्मा यिनीहरूमाथि उत्रनुभयो, र यिनीहरूले भविष्यवाणी गर्न थाले। भविष्यवाणी भन्नाले सीधा परमेश्वरबाट प्रकाश पाएर बोल्नु हो। छाउनीमा रहेका दुईजना बूढ़ा प्रधानहरूले पनि भविष्यवाणी गरे। यहोशूले यस कार्यबाट मोशाको अगुवापनको निम्ति खतरा आएको देखे र यिनीहरूलाई रोक्न खोजे। तर गन्ती ११:२९ पदमा प्रस्तुत गरिएको मोशाको सुभद्र उत्तरद्वारा उनले आफ्नो फराकिलो हृदय प्रकट गरे।

**गन्ती ११:३१-३५:** अनि परमेश्वरले प्रतिज्ञा गर्नुभएको मासु बट्टाई चराको रूपमा आयो। गन्ती ११:३१ पदमा यसो लेखिएको छः '... बतासले भुइँमाथि दुई हातजति हुने गरी छाउनीमा खसालिदियो।' यस वाक्यको अर्थ दुई प्रकारको छ। कि त बट्टाई चराहरू जमिनदेखि दुई हात मास्तिर उड़ेर आए, कि त यी चराहरू दुई हात बाक्लो हुने गरी जमिनमाथि थाक लागेर बसे। यी चराहरू दुई हात हुने गरी थाक बस्नु सम्भव छ। किनभने एक ठाउँदेखि अर्को ठाउँमा बसाइ सर्ने उड़िरहेका बट्टाई चराहरू लामो यात्राले गर्दा क्लान्त भएको हुनाले एउटा पानीजहाजमाथि थाक परेर खसेको बयान सुन्नमा आएको छ।[8] मानिसहरू यी चराहरूको मासुबाट आनन्द लिन निस्के; तर मासु तिनीहरूका दाँतहरूको बीचमै हुँदा नै परमप्रभुको डरलाग्दो महामारीको प्रहारले तिनीहरूमध्ये धेरैजना नाश भए। त्यस ठाउँको नाम किब्रोत-हत्तावा भयो, जसको अर्थ होः 'लालचका चिहानहरू'; किनकि मानिसहरूले गरेको लालचले तिनीहरूलाई चिहानमा पुर्‍याइदियो। अनि हसेरोतचाहिँ इस्राएलीहरूले किब्रोत-हत्तावाबाट हिँड़ेपछि छाउनी हालेको अर्को ठाउँ रहेछ (गन्ती ११:३५)।

### ग) गन्ती १२: हारून र मरियमको विद्रोह

**गन्ती १२:१-२:** यहाँ इस्राएलको इतिहासमा अर्को दुःखलाग्दो अध्याय आइरहेको छ, जुन अध्यायको सन्दर्भ दुईजना अगुवाहरू मरियम र हारूनको विषयमा छ। मरियम मोशाकी दिदी थिइन्, र हारून मोशाका दाजु थिए। यसो भए पनि यी दुईजनाले मोशाको विरोधमा बोले; किनकि उनले एउटी कुशी स्त्रीलाई विवाह गरेका थिए। यो मोशाको विरुद्धमा बोल्ने यिनीहरूको निहूँ थियो। तर मोशाको विरुद्धमा बोल्ने खास कारण गन्ती १२:२ पदमा दिइएको छ। यी दुईजना मोशाको अगुवापनसँग बेखुशी भएका रहेछन्; किनकि यिनीहरूले यसमा आ-आफ्नो हिस्सा पाउन चाहे; यिनीहरूले मोशासँग डाह गरे। त्यस बेलासम्म इस्राएलीहरूले कुशी स्त्रीहरूलाई विवाह गर्नुहुँदैन भन्ने कुनै नियम दिइएको थिएन। तर पछि, जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा आए, तब तिनीहरूलाई गैर-यहूदी स्त्रीसँग वैवाहिक सम्बन्ध राख्नु मनाही गरियो।

**गन्ती १२:३:** मोशाले आफैलाई निर्दोष ठहराउने कोशिश गरेनन्, तर यस कुरामा परमेश्वरमाथि भरोसा गरे, जसले उनलाई यस अगुवाको स्थानमा राख्नुभएको थियो। मोशाको यस अधिकारप्रति विरोध गर्नेहरू-मध्ये प्रथमतः तिनको परिवार थियो (गन्ती १२), अनि दोस्रो स्थानमा कोरह, दातान र अबिराम नामक अगुवाहरू आए (गन्ती १६), र अन्तमा, सम्पूर्ण समुदाय पनि थियो (गन्ती १६:४१-४२)। तर जब मोशाको विरोध गर्नेहरूमाथि परमेश्वरको सजाय आइपर्‍यो, तब उनी खुशी भएनन्, तर उनले यी विरोधीहरूको निम्ति अन्तर्विन्ती गरे। यस पृथ्वीमाथि जिउने सबै मानिसहरूभन्दा मोशा साँच्चै धेरै विनम्र मानिस थिए। आफ्नै नम्रताको बारेमा लेख्न उनलाई अलि कति पनि सुहाउँदैन भन्नेहरूले बुझून्: उनले लेखेको कुरा बिलकुल सही थियो। यसबाट २ पत्रुस १:२१[ख] पदमा लेखिएको कुरा पुष्टि भएको छः किनकि मोशाले र परमेश्वरका अन्य पवित्र जनहरूले जे लेखे, त्यो यिनीहरूले पवित्र आत्माको प्रेरणा पाएर लेखे।[9)]

**गन्ती १२:४-८:** तब परमेश्वरले मोशा, हारून र मरियमलाई भेट हुने पालको ढोकामा बोलाउनुभयो। त्यसपछि उहाँले मरियम र हारूनलाई हप्काउनुभयो, र यिनीहरूलाई सम्झाइदिनुभयोः मोशाजस्तै कुनै भविष्य-वक्ता नै थिएनन्, जो उनीजत्तिकै परमेश्वरको नजिक आउन सक्थे। उहाँले अरूहरूसँग सीधा होइन, तर कुनै दर्शन वा सपनाजस्तै माध्यमद्वारा बोल्नुहुन्थ्यो भने, उहाँ मोशासँग आमुन्ने-सामुन्ने बोल्नुहुन्थ्यो (गन्ती १२:८)। यस पदमा 'प्रत्यक्ष'को निम्ति प्रयोग गरिएको शब्दको अर्थ 'कुनै मध्यस्थ वा कुनै माध्यमविना' नै हो। *'परमप्रभुको स्वरूप उसैले हेर्नेछ।'* यहाँ परमेश्वरको स्वरूप भन्नाले उहाँको प्रदर्शित रूप वा उहाँको रूपको प्रतिबिम्ब बुझिन्छ। प्रस्थान १५:२० पदअनुसार मरियम एउटी भविष्यवक्तिनी थिइन्। तर परमप्रभुले मोशासँग जुन सम्बन्ध राख्नुभयो, सो सम्बन्ध र अन्य भविष्य-वक्ताहरूसँग कायम राख्नुभएको उहाँको सम्बन्धको बीचमा धेरै भिन्नता भएको कुरा उहाँले स्पष्ट पार्नुभयो। यस घटनापछि मरियमको विषयमा पढ्न पाउने एकमात्र बयान तिनको मृत्यु हो (गन्ती २०:१)।

**गन्ती १२:९-१०:** परमप्रभु यी दुईजनासँग रिसाउनुभयो, र त्यहाँदखि गइहाल्नुभयो। अनि मरियमचाहिँ? तिनको विद्रोहको कारणले तिनी कोर रोगले ग्रस्त भइन्; यो तिनको सजाय थियो। हारूनले कुनै सजाय भोग्नुपरेन; कसै-कसैको विचारमा यसको मतलब यही हो कि, मरियम यस विद्रोहमा अग्रसर थिइन्। अनि तिनीहरूले आफ्नो तर्कको निम्ति यो कुरा पेश गरेका छन्: 'गन्ती १२:१ पदमा प्रयोग गरिएको क्रियापद एक-वचन र स्त्रीलिङ्गमा छ; यसर्थ मरियमको नेतृत्वमा त्यस विद्रोहको पाप भएको हो।' तर अरू मानिसहरू पनि छन्, जसले 'आफ्नी दिदी कोरी भएकी देख्नु नै हारूनको निम्ति पर्याप्त सजाय थियो' भन्छन्। हारून प्रधान पूजाहारी थिए; अनि यदि तिनी कोरी भएका भए, तिनले मानिसहरूको पक्षमा पूजाहारीको कर्तव्य पूरा गर्न सक्नेथिएनन्। यसैले हुन सक्छ, तिनले ओगटेको यस उच्च पदले तिनलाई मरियमले भोग्नुपरेको तिरस्कृत अवस्थाबाट जोगाएको हुनुपर्ला।

**गन्ती १२:११-१३:** हारूनले मोशाको अघि आफ्नो पाप स्वीकार गरे; अनि मरियमको पक्षमा बोलेर 'तिनलाई त्यो मरेको बच्चाजस्तै हुन नदिनुहोस्, जसको मासु आफ्नी आमाको गर्भबाट निस्कँदाखेरि आधा कुहेको हुन्छ'[10)] भनेर आग्रह गरे। तब मोशाले मरियमको निम्ति अतर्विन्ती गरे। अनि उनको अतर्विन्तीको कारणले

परमेश्वरले मरियमलाई यस कोर-रोगबाट निको पार्नुभयो; तर तिनले सात दिनसम्म कोर-रोगको शुद्धीकरणको साजान्य विधि पालन गर्नुपरेको थियो। परमप्रभुले मोशालाई सम्झना गराउँदै यसो भन्नुभयो, *'उसका बुबाले उसको अनुहारमा थुकेको मात्र भए के ऊ सात दिनसम्म लज्जित हुनुपर्नेथिएन र? उसलाई छाउनीबाहिर सात दिनसम्म थुनेर राखियोस्।'*

### घ) गन्ती १३-१४: प्रतिज्ञा गरिएको देशको चेवा गरिएको

**गन्ती १३:१-२०:** यस अध्यायमा परमप्रभु आफैले 'जासुसहरूलाई प्रतिज्ञा गरिएको देशमा पठाओ' भन्ने आज्ञा दिनुभयो। तर व्यवस्था १:१९-२२ पदहरूअनुसार मानिसहरूले मोशालाई यसको सुझाउ दिए। निस्सन्देह यो ईश्वरीय आदेश मानिसहरूको विन्तीको प्रतिफल हुनुपर्ला; यद्यपि यो विन्ती तिनीहरूको अविश्वासबाट उब्जेको फल थियो। बाह्रजना जासुसहरूका नामको सूचि गन्ती १३:४-१५ पदको खण्डमा उल्लेख गरिएको छ। यी बाह्रजनाका नामहरूको बीचमा कालेब थिए (गन्ती १३:६) र यहोशू थिए (गन्ती १३:८)। यी दुईजनाका नामहरू हाम्रो ध्यान आकर्षण गर्न लायक छन्। मोशाले नूनका छोरा होशेको नाम यहोशू राखे (गन्ती १३:१६)। यी बाह्रैजना जासुसहरूको निम्ति मोशाको आदेश सुस्पष्ट थियोः तिनीहरू प्रतिज्ञाको देश र त्यसका बासिन्दाहरूको विषयमा सम्पूर्ण विवरण लिएर आउनु थियो (गन्ती १३:१७-२०)। पहिले तिनीहरू देशको दक्षिणमा परेको नेगेवमा जानुपरेको थियो; त्यसपछि तिनीहरू देशको बीचमा परेको पहाड़ी इलाकातिर लाग्नुपरेको थियो।

**गन्ती १३:२१-२९:** जासुसहरूले प्रतिज्ञाको देशको दक्षिणमा जीनको उजाड़-स्थानदेखि शुरु गरेर उत्तरको रेहोबसम्म चेवा गरे (गन्ती १३:२१)। गन्ती १३:२२-२४ पदको खण्डले देशको दक्षिण भागमा तिनीहरूले पूरा गरेको जासुसीको बयान गरेको छ। तिनीहरूले हेब्रोनमा अनाकका तीनजना सन्तानहरूलाई देखे, जोचाहिँ व्यवस्था २:१० पदअनुसार भीमकाय मानिसहरू थिए। अनि हेब्रोनकै छेउमा तिनीहरू दाखबारीहरूको बेंसीमा पुगे। त्यहाँ तिनीहरूले एउटा ठूलो अङ्गुरको झुप्पा काटेर एउटा घोंचामा बाँधे, जुन घोंचा दुईजनाले बोके; त्यो अङ्गुरको झुप्पा अनार र नेभाराहरूको साथमा तिनीहरूले इस्राएलको छाउनीमा ल्याइदिए। तिनीहरूले त्यस बेंसीको नाम 'एश्कोल' राखे, जसको अर्थ 'अङ्गुरको झुप्पा' हो। जासुसहरूको प्रतिवेदन सुन्दा तिनीहरूमध्ये धेरैजनाले प्रतिज्ञाको देश अति सुन्दर भएको भने, तर त्यस परमसुन्दर देशमा डरलाग्दा-डरलाग्दा मानिसहरू बस्दा रहेछन् भनेर बताए। यी जासुसहरूको रायअनुसार इस्राएलीहरूले यी बासिन्दा-हरूलाई धपाउन सक्नेथिएनन्। परमेश्वरले यी बासिन्दाहरूलाई धपाउँछु भन्ने प्रतिज्ञाको विषयमा के भयो त?

**गन्ती १३:३०-३२:** गन्ती १३:३३ पदमा उल्लेख गरिएका नेफिलहरूचाहिँ नूहको समयमा मानिसहरूमाथि आइपरेको जलप्रलयदेखि बाँचेका ठूला-ठूला कदका मानिसहरू बुझ्नुहुँदैन। किनभने इस्राएली-हरूले जलप्रलयभन्दा अघि जिएका नेफिलहरूको बारेमा सुनेका थिए; अनि तिनीहरूको विचारमा, कनान देशमा भएका ठूला-ठूला कदका मानिसहरूचाहिँ ती नेफिलहरू भएको हुनुपर्ला। कालेबले आफ्नो र यहोशूको पक्षमा बोलेर इस्राएली जाति लड़ाइँमा अवश्य विजयी हुने भरोसा व्यक्त गरे। तर अरूहरूले यो कुरा तत्कालै काटिहाले। 'त्यस देशले त आफ्नै

बासिन्दाहरूलाई निल्दो रहेछ' भन्ने वाक्यको अर्थ यस प्रकारको छः त्यस देशमा जिइरहेका बासिन्दाहरूले त्यहाँ बसोबास गर्न खोज्ने अन्य मानिसहरूलाई नाश गर्दा रहेछन्।

**गन्ती १३:३३:** दसजना जासुसहरूले गलत दृष्टिकोण अपनाए। तिनीहरूले आफैलाई कनान देशका मानिसहरूको दृष्टिकोणले हेरे र आफैलाई फट्याङ्ग्राहरू सम्झे। तर यहोशू र कालेबले इस्राएली जातिलाई परमेश्वरको दृष्टिकोणले हेरे, र आफैलाई देश कब्जा गर्न पूरा सक्षम देखे। विश्वास नगर्ने दसजना जासुसहरूको निम्ति ती भीमकाय मानिसहरू एउटा जित्नै नसक्ने ठूलो पहाड़ सरहको विशाल समस्या हुन गए। तर दुईजना विश्वासी जासुसहरूको निम्ति भने ती ठूलो कदका मानिसहरूको अस्तित्व मामुली कुरा थियो; त्यस कुराले यिनीहरूलाई कति पनि असर पार्न सकेन।

**गन्ती १४:१-१०:** तब सारा इस्राएली समुदायले मोशा र हारूनको विरुद्ध यसरी गनगन गर्न थाले: 'प्रतिज्ञा गरिएको देशमा शत्रुहरूको हातद्वारा मारिनको निम्ति परमप्रभुले हामीलाई मिस्र देशदेखि निकालेर ल्याउनुभएको रहेछ!' तिनीहरूले सीधा परमप्रभुमाथि दोष लगाए। अब तिनीहरूलाई मिस्र देशमा फर्काइलैजाने एकजना नयाँ अगुवाको आवश्यकता परेको थियो (गन्ती १४:१-३)। अनि जब यहोशू र कालेबले तिनीहरूलाई शान्त पार्दै 'हामी हाम्रो शत्रुमाथि अवश्य विजयी बन्नेछौं' भन्ने आश्वासन दिन खोजे, तब समुदायले ती दुईजनालाई ढुङ्गाले हानेर मार्ने मतो गर्‍यो (गन्ती १४:५-१०)।

गन्ती १४:३ र ४ पदले अविश्वासचाहिँ कति ठूलो मूर्खता हुँदो रहेछ, सो कुरा स्पष्ट रूपमा देखाउँछन्। मिस्र देशमा फर्कनु, कसरी? परमेश्वरले नाश गर्नुभएको भूमिमा फर्कने? त्यस भूमिमा फर्कने, जहाँ मानिसहरूले आफ्ना जेठा छोराहरूको निम्ति अझ विलाप गरिरहेका थिए? त्यस भूमिमा फर्केर जाने, जसका मानिसहरूलाई तिनीहरूले त्यहाँबाट प्रस्थान गरेको समयमा लुटपाट गरेका थिए? लाल समुद्रको बाटो भएर फर्कने, जहाँ मिस्र देशको सेना तिनीहरूलाई खेद्दै गर्दा डुबेर मरेका थिए? अनि मिस्र देशमा फर्केपछि फाराओले तिनीहरूलाई कस्तो किसिमको स्वागत गर्लान्? तर के गर्ने? परमेश्वरले तिनीहरूलाई कनान देशमाथि विजय दिनुहुनेछ भन्ने कुरा विश्वास गर्नुभन्दा मिस्र देशमाथि भरोसा गर्नु तिनीहरूलाई सजिलो भयो। परमप्रभुले मिस्र देशलाई प्रहार गर्नुभएको थियो; उहाँले लाल समुद्र दुई भाग पार्नुभएको थियो; उहाँले स्वर्गबाट मन्ना बर्साएर तिनीहरूलाई पाल्दै हुनुहुन्थ्यो; अनि उहाँले तिनीहरूलाई उजाड़स्थानको यात्राभरि अगुवाइ गर्नुभयो। र पनि तिनीहरूले आफूलाई ती मुठीभर भीमकाय मानिसहरूमाथि विजय तुल्याउनुहुने परमेश्वरको शक्तिमाथि भरोसा गर्न सकेनन्, कसरी? परमेश्वर तिनीहरूको निम्ति के हुनुहुन्थ्यो, सो कुरा तिनीहरूले आफ्नो व्यवहार र आफ्ना कामहरूद्वारा प्रकट गरे। तिनीहरूले उहाँमाथि र उहाँको शक्तिमाथि शङ्का गरे। के परमप्रभु ती भीमकाय मानिसहरूसित लड़ाइँ गर्न सक्ने सुयोग्य जोड़ा हुनुहुन्नथियो? बितेको एक वर्षभित्र तिनीहरूकहाँ प्रकट भएको उहाँको अनन्त शक्ति र उहाँका सद्‍गुणहरू तिनीहरूले मनमा थाम्न सकेनन्, कसरी? परमप्रभु तिनीहरूको बीचमा अद्‍भुत हुनुहुन्थ्यो; उहाँका चालहरू अपार थिए। तर तिनीहरूले यो बुझ्न वा ग्रहण गर्न सकेनन्। परमेश्वरको विषयमा अपनाएको तुच्छ धारणाले कुनै व्यक्तिको जीवनलाई, अँ, एउटा सम्पूर्ण राष्ट्रलाई नष्ट पार्न सक्दो रहेछ; यहाँ, यस ठाउँमा हाम्रो सामु यसको अफसोसपूर्ण सुस्पष्ट उदाहरण छ।

**गन्ती १४:११-१९:** यस अवसरमा परमप्रभुले यहूदीहरूलाई छोड्न चाहनुभयो। उहाँले मोशाका सन्तानहरू लिएर यिनीहरूबाट एउटा नयाँ जाति खड़ा गर्ने चेताउनी दिनुभयो (गन्ती १४:११-१२)। तर मोशाले तिनीहरूको पक्षमा परमप्रभुसित अन्तर्विन्ती गरे। उनले उहाँलाई के सम्झना दिलाए भने, अन्यजातिका मानिसहरूले ' "हेर, परमप्रभुले आफ्ना जनहरूलाई प्रतिज्ञाको देशमा पुर्‍याउन सक्नुभएन" भन्न नपाऊन्' (गन्ती १४:१३-१९)। यसमा परमेश्वरको अनादर हुने डर पो थियो। मोशाले यहाँ आफ्नो तर्क सकेसम्म बलियो तुल्याए। प्रस्थान ३४:६-७ पदहरूमा परमप्रभुले आफूलाई उनीकहाँ प्रकट गर्नुभएको थियो। अनि गन्ती १४:१८ पदमा मोशाले यही कुरा आफ्नो प्रार्थनाको आधार तुल्याए: 'परमप्रभु रिसाउनमा ढिलो र अति करुणामय हुनुहुन्छ; अधर्म र अपराध क्षमा गर्नुहुने हुनुहुन्छ, तर दोषीलाई कुनै रीतिले निर्दोष नठहर्‍याउनुहुने हुनुहुन्छ' भनेर उनले यहाँ आफ्नो प्रार्थनामा परमप्रभुको यथावत् चरित्र-विवरण दोहोर्‍याउँदैथिए। मोशाको धर्म र मानिसहरूको धर्म कति भिन्न रहेछ! मोशाको धर्म स्वर्गीय प्रकाशमाथि स्थापित थियो भने, मानिसहरूको धर्म केवल तिनीहरूकै कल्पनाको फल थियो।

**गन्ती १४:२०-३५:** मोशाको अर्जविन्तीको प्रत्युत्तरमा परमेश्वरले यी विद्रोही मानिसहरूलाई नाश गर्नुभएन; तर उहाँले 'केवल यहोशू र कालेबले चाहिँ प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेछन्' भन्ने उर्दी गर्नुभयो। बीस वर्ष पुगेका र त्यसभन्दा उँभोकाहरू, लड़ाइँमा जान सक्ने जेजति पुरुषहरू थिए, जो मिस्र देशबाट निस्केर आएका थिए, तिनीहरूमध्ये एउटै पनि प्रतिज्ञाको देशमा पुग्नेछैन नै' भनेर उहाँले फैसला गर्नुभयो (गन्ती २६:६४-६५; व्यवस्था २:१४)। चालीस वर्षसम्म तिनीहरूले उजाड़स्थानमा यता-उता घुमफिर गरिरहनेथिए, अँ, यस अविश्वासी पुस्ताको अन्तिम व्यक्ति नमरेसम्म तिनीहरूले मरुभूमिमा घुमिरहनुपर्नेथियो । बुबाहरूले गरेको विश्वासघातको दण्ड तिनीहरूका छोराछोरीहरूले भोग्नुपर्‍यो (गन्ती १४:३३)। तर चालीस वर्ष बितेपछि तिनीहरूका छोराछोरीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेछन्। चालीस वर्षको कुरा कहाँबाट आयो? किनकि जासुसहरूले चालीस दिनसम्म देशको चेवा गरेका थिए (गन्ती १४:३४)। 'चालीस वर्ष' पूर्णांक हो; तर वास्तवमा तिनीहरूले उजाड़स्थानमा घुमफिर गर्नुपर्ने समय लगभग अठतीस वर्ष भएको रहेछ। इस्राएलीहरू मिस्र देशबाट निस्केर आएको दिनदेखि कनान देशमा पुगेको दिनसम्म चालीस वर्ष लाग्नेथियो। परमप्रभुले तिनीहरूलाई दिन चाहनुभएको असल कुरा मानिसहरूले इन्कार गरे; यसकारण तिनीहरूले आफैले चुनेको खराबी तिनीहरूको भाग भयो। तिनीहरू प्रतिज्ञाको देशदेखि वञ्चित भए, यो ठीक छ; तर तिनीहरू अनन्तसम्म नाश भए भन्न मिल्दैन। किनभने तिनीहरूमध्ये धेरैजनासँग परमप्रभु-माथिको विश्वास त थियो। तर आफ्नो अनाज्ञाकारिताको कारणले तिनीहरूले यस जीवनमा परमेश्वरको सजाय भोगे।

इस्राएलीहरूले अठतीस वर्षसम्म यस उजाड़स्थानमा यता-उता घमफिर गरे, तर यस अवधिभित्र तिनीहरूले कुन बाटो लिए अथवा तिनीहरू एकै ठाउँमा कति समय बसे, सो स्पष्ट छैन। यसकारण अनुमान लाएर कसै-कसैको विचार यस प्रकारको छ: तिनीहरूले कम्तीमा सैंतीस वर्ष कादेशमा बिताए, र त्यसपछि तिनीहरूले एकै वर्षमा लाल समुद्रमा पर्ने अकाबाको खाड़ीको किनारै-किनारा भएर यात्रा गरे अरे। तर सिनाई पर्वत र मोआबका मैदानको बीचमा

तिनीहरू जति ठाउँहरूमा बसे, ती ठाउँहरूमध्ये कतिचाहिँ वर्तमान समयमा बेपत्ता छन्।

गन्ती १४:२१ पदमा परमप्रभुको महिमा देखा परेको बयान छ। यस महिमाले उहाँलाई धार्मिक न्यायकर्ताको रूपमा प्रकट गऱ्यो, जसले अनाज्ञाकारी इस्राएलीहरूको उचित न्याय गर्नुभयो। इस्राएलीहरूले परमेश्वरलाई दस पल्ट परीक्षा गरे (गन्ती १४:२२)। यसको विवरण यस प्रकारको छः

**क)** लाल समुद्रमा (प्रस्थान १४:११-१२);

**ख)** मारामा (प्रस्थान १५:२३);

**ग)** सीनको उजाड़स्थानमा (प्रस्थान १६:२);

**घ)** मन्नाको सम्बन्धमा तिनीहरूले दुई पल्ट उहाँलाई परिक्षा गरे (प्रस्थान १६:२० र २७);

**ङ)** रपीदीममा (प्रस्थान १७:१);

**च)** होरेबमा (प्रस्थान ३२:७);

**छ)** तबेरामा (गन्ती ११:१);

**ज)** किब्रोत-हत्तावामा (गन्ती ११:४)

**झ)** अनि कादेशमा तिनीहरूले जासुसहरूको प्रतिवेदनको विरुद्धमा गनगन गरे (गन्ती १४)।

मिस्र देशबाट निस्किआएका ६,०३,५५० इस्राएलीहरूमध्ये केवल दुईजना अर्थात् यहोशू र कालेबले प्रतिज्ञाको देशभित्र प्रवेश गरे (गन्ती १४:२९-३०; व्यवस्था २:१४)।

**गन्ती १४:३६-३८ः** प्रतिज्ञाको देशको विषयमा खराब खबर फैलाउने दसजना जासुसहरू त्यत्तिनैखेर एउटा महामारीद्वारा मारिए, तर यहोशू र कालेब उम्के।

**गन्ती १४:३९-४५ः** इस्राएलीहरूले आफूमाथि आइपर्ने विनाशको खराब खबर सुन्नेबित्तिकै 'हामी परमेश्वरको आज्ञा पालन गर्न तयार छौं' भन्ने कुरा मोशालाई बताए, र तत्कालै प्रतिज्ञाको देशमा प्रवेश गर्न तिनीहरू राजी भए। तिनीहरू एउटा पहाड़को टाकुरामा चढ़े, जुन पहाड़ सायद कादेश-बर्नेअको उत्तरमा परेको थियो होला (गन्ती १४:४०)। तर मोशाले तिनीहरूलाई भन्नुपऱ्योः तिनीहरूको आज्ञाकारिताको निम्ति ढिलो भइसक्यो। परमप्रभु तिनीहरूको पक्ष लिनुदेखि हटिसक्नुभयो। यस प्रकारको कोशिश नगर्ने भयो; किनकि तिनीहरू शत्रुहरूको हातबाट पराजय हुनेथिए। इस्राएलीहरूले मोशाको कुरा सुनेनन्। तिनीहरू देश कब्जा गर्न भनी यस पर्वतको टाकुरातिर उक्ले, तर त्यहाँ बसोबास गर्ने अन्यजातिहरूले तिनीहरूलाई आक्रमण गरे; अनि तिनीहरू आफ्नै ठाउँमा नपुगेसम्म खेदोमा परे (गन्ती १४:४५)।

### ङ) गन्ती १५ः कानन देशमा आएर मान्नुपर्ने विभिन्न नियमहरू

**गन्ती १५:१-२ः** गन्तीको चौध र त्यस पुस्तकको पन्ध्र अध्यायको बीचमा कति समय बित्यो, सो हामी जान्दैनौं। तर परमेश्वरले गन्ती १४:२३ पदमा *'तिनीहरूले निश्चय त्यो देश देख्न पाउनेछैनन्'* भन्नुभयो र गन्ती १५:२ पदमा आएर उहाँले *'जब तिमीहरू आफ्नो बसोबास गर्ने देशमा पुग्छौ'* भनेर भन्नुभयो। यो कति घतलाग्दो भिन्नता हो। परमेश्वरका उद्देश्यहरू कहिल्यै विफल हुँदैनन्; तर कहिलेकाहीं पापले यसमा बाधा पुऱ्याउला। उहाँले अब्राहामलाई 'कनान देश दिन्छु' भन्ने प्रतिज्ञा गर्नुभयो; अनि यदि अब्राहामका सन्तानहरूले अविश्वासमा रहेर प्रतिज्ञाको देश प्राप्त गर्न ढिलो गरे भने, उहाँले तिनको अर्को पुस्ताका सन्तानहरूलाई त्यो देश दिनुहुनेथियो; यसमा कुनै शङ्का छैन।

**गन्ती १५:३-२९ः** यस खण्डमा यी बलिदानहरूको वर्णन गरिएको छ, जुनचाहिँ इस्राएलीहरू प्रतिज्ञाको देशमा पुगेपछि तिनीहरूले परमप्रभुको निम्ति चढ़ाउनुपर्थ्यो।

प्रायः यी सबै बलिदानहरूको विस्तृत बयान अघि भइसक्यो। यस खण्डमा विशेष ध्यान समुदायले गरेको यस पापमाथि लगाइएको छ, जुन पाप समुदायले अनजानमा गरिपठायो (गन्ती १५:२२-२६), साथै त्यस पापमाथि पनि, जुन पाप एकजना व्यक्तिले अनजानमा गरिपठायो (गन्ती १५:२७-२९)। समुदायको निम्ति दुईवटा बलिपशुहरू चाहिएको थियोः होमबलिको निम्ति एउटा बहर र पापबलिको निम्ति एउटा बोका (गन्ती १५:२४)। तर लेवी ४ अध्यायअनुसार समुदायले केवल एउटा बहर ल्याउनुपरेको थियो। तर यही लेवी ४ अध्यायमा पाप गरेका अगुवाले एउटा बोका चढ़ाउनुपर्ने नियम उल्लेख गरिएको छ। यसकारण यस विषयमा सम्भवतः अर्थ यस प्रकारको छः गन्तीको पुस्तकमा समुदायले ल्याउनुपरेको र त्यसको अगुवाले ल्याउनुपरेको बलि एकै सासमा लेखिए, तर लेवीको पुस्तकमा यी दुईवटा कुराहरू अलग-अलग उल्लेख गरिए। गन्ती १५:२० र २१ पदहरूमा हामी घरिघरि पवित्र धर्मशास्त्र बाइबलमा दोहोरिएको आज्ञा पढ़्न पाउँछौंः 'पहिलो कुरा परमप्रभुलाई चढ़ाओ!' चाहे त्यो पहिलोचाहिँ पहिले जन्मेको पशुप्राणी होस्, चाहे अन्न र फलफूलको पहिलो फल किन नहोस्, हाम्रो सबैभन्दा उत्तम भाग परमप्रभुले पाउनैपर्छ। यसरी नै मानिसहरूले यस कुराको सम्झना जारी राख्नेथिएः तिनीहरूसँग भएका सबै थोकहरू परमप्रभुबाट आएका हुन्; यसकारण तिनीहरूका सबै थोकहरू उहाँकै हुन्।

**गन्ती १५:३०-३६ः** तर जुन मानिसले जानी-जानी पाप गर्‍यो, त्यस मानिसको निम्ति कुनै पापबलिको प्रबन्ध गरिएको थिएन; किनभने त्यो मानिस परमप्रभुको वचनको विरोधमा बागी भयो; त्यसको पाप त्यसको पूर्वपरिकल्पनाको फल हो; त्यसले जानी-बुझी परमेश्‍वरको आज्ञा उल्लङ्घन गर्‍यो। यस प्रकारको पाप गर्नेहरू समुदायबाट बहिष्कृत हुन्थे, नामेट हुन्थे (गन्ती १५:३०-३१)। जानी-बुझी गरेको पापको उदाहरण हामी गन्ती १५:३२-३६ पदको खण्डमा पढ़्छौं। यहाँ एकजना मानिस छ, जसले परमेश्‍वरको व्यवस्थाको एउटा सुपरिचित आज्ञा उल्लङ्घन गर्‍यो। विश्रामदिनमा त्यो मानिस उजाड़स्थानमा दाउरा बटुलिरहेको फेला पर्‍यो। त्यो मानिस मृत्युदण्डको योग्य छ भन्ने कुरा सबैलाई विदितै थियो (प्रस्थान ३१:१५)। तर यस्तो पाप गर्नेलाई मृत्युदण्ड कसरी दिनु हो, सो हालैसम्म प्रकट भएको थिएन। यसकारण अहिले परमप्रभुले *'त्यो मानिस निश्‍चय नै मारियोस्; छाउनी-बाहिर सम्पूर्ण समुदायले त्यसलाई ढुङ्गाले हानोस्'* भनेर घोषणा गर्नुभयो।

**गन्ती १५:३७-४१ः** परमेश्‍वरले यहूदीहरूलाई तिनीहरूका वस्त्रका किनारहरूमा झुम्काहरू बनाउने र यी झुम्काहरूमा नीलो रङ्गको धागो लगाउने आज्ञा गर्नुभयो। नीलो रङ्ग स्वर्गको रङ्ग हो; यसले 'तिमीहरूको जीवनमा पवित्रता र आज्ञाकारिता हुनुपर्छ; किनभने यस्ता सद्‌गुणहरू परमेश्‍वरका सन्तानहरूलाई पूरा सुहाउँछन्' भन्ने कुरा जनाउन खोजेको थियो।

### च) गन्ती १६-१७ः कोरहको विद्रोह

**गन्ती १६:१-३ः** कोरहचाहिँ हारूनको भतिजा थिए (प्रस्थान ६:१८-२१); यिनी एक लेवी त थिए, तर पूजाहारीचाहिँ होइन। कुरा स्पष्ट छ, कि यिनले केवल हारूनका परिवारकाहरूले पूजाहारीगिरीको अधिकार पाएको कुरामा आफ्नो असन्तुष्टि प्रकट गरे। अनि दातान, अबिराम र ओनचाहिँ रूबेनकुलका मानिसहरू थिए। अनि तिनीहरूले चाहिँ मोशाको अधिकारको विरोध गरे, जुन

अधिकार उनले तिनीहरूमाथि जमाए। ओनको नाम गन्ती १६:१ पदमा मात्र उल्लेख गरिएको छ; यसकारण अरूले भोगेको विनाशपूर्ण दण्डमा ऊ पनि पर्‍यो कि परेन, सो जान्न असम्भव छ। इस्राएली जातिका दुई सय पचासजना अगुवाहरूले हारूनको पूजाहारी-गिरी र मोशाको शासन-अधिकारको विरुद्धमा गरेको विद्रोहमा भाग लिए (गन्ती १६:२)। तिनीहरूले 'समुदायका सबै मानिसहरू पवित्र छन्, र तिनीहरूलाई बलिहरू चढ़ाउने अधिकारदेखि वञ्चित गर्नुहुँदैन' भन्ने तर्क मोशा र हारूनको सामु पेश गरे (गन्ती १६:३)।

**गन्ती १६:४-११:** यो मामिला हल गर्नको निम्ति मोशाले कोरह र विरोधी-पक्षकाहरू सबैलाई 'भोलिपल्ट आफ्ना धूपौराहरू लिएर परमप्रभुको सामु उपस्थित होओ' भन्ने आज्ञा दिए (गन्ती १६:६-७)। धूप जलाउने काम पूजाहारीको काम थियो। 'परमेश्वरले तिनी-हरूलाई पूजाहारीको मान्यता दिन चाहनु-भएन भने, उहाँले यस कुरामा आफ्नो बेखुशी अवश्य कुनै न कुनै तरिकाले देखाउनुहुन्छ' भन्ने कुरामा मोशा सुनिश्चित थिए।

**गन्ती १६:१२-१५:** मोशाले दातान र अबिरामलाई बोलाए; तर यिनीहरूले आउन मानेनन्, तर मोशाको अगुवापनमाथि झूटा दोषारोपण लगाइदिए। यी मानिसहरूले अघि गरिएको परमेश्वरको प्रतिज्ञाबाट आफ्नो कुरा उठाए (प्रस्थान ३:८)। परमेश्वरले इस्राएलीहरूलाई एउटा देशमा ल्याउने प्रतिज्ञा गर्नुभएको थियो, जहाँ दूध र मह बग्छ; तर मोशाले तिनीहरूलाई दूध र महको देशमा लगेको कहाँ हो र? उनले तिनीहरूलाई मिस्र देशरूपी दूध र मह बग्ने देशबाट निकालेर यस मरुभूमिमा पो ल्याइपुर्‍याए, जहाँ तिनीहरू मर्न लागेका थिए अरे। तिनीहरूको यस कुरामा कत्रो तिक्त व्यङ्ग्य हालिएको थियो।

गन्ती १६:१४ पदमा उल्लेख गरिएको यिनीहरूको दोषारोपण हामी कुन अर्थमा बुझौं? दातान र अबिरामको भनाइअनुसार मोशाले आफ्नो प्रतिज्ञा पूरा गर्न नसकेको कारणले आफ्नो असफलता देखाइसके अथवा इस्राएली मानिसहरूलाई यस उजाड़स्थानमा ल्याएकोमा आफ्नो खास उद्देश्य ढाकछोप गर्न जनताका आँखाहरू पोतेर अन्धा तुल्याउन खोजे अरे। अनि मोशाचाहिँ? उनले आफ्नो अगुवापनको खातिर अन्य शासकहरूले गरेजस्तै मानिस-हरूबाट तनखा नखोजेको कुरा परमप्रभुलाई सम्झना गराए (गन्ती १६:१५)।

**गन्ती १६:१६-२२:** भोलिपल्ट हारून र कोरह अनि तिनीहरूको साथमा दुई सय पचासजना विद्रोहीहरू भेट हुने पालको सामु आफ्ना धूपौराहरू लिएर उपस्थित भए। अनि सारा समुदाय पनि जम्मा भयो, कोरहलाई साथ दिन। यस घड़ीमै परमप्रभुको महिमा सारा समुदायको सामु देखा पर्‍यो। अनि परमप्रभुले मोशा र हारूनलाई तिनीहरूबाट अलग हुने आज्ञा दिनुभयो; किनभने उहाँले यी मानिसहरूलाई नष्ट गर्न लाग्नुभएको थियो। तर मोशा र हारूनले अन्तर्विन्ती गरे; अनि यस अन्तर्विन्तीको कारणले न्याय थामियो।

**गन्ती १६:२३-३५:** अब दृश्यस्थलमा हेरफेर आएको छ। अब कोरह, दातान र अबिराम बसेका पालहरूमाथि विवरण केन्द्रित रहन्छ (गन्ती १६:२४)। मोशाले बाँकी मानिसहरूलाई कोरह, दातान र अबिरामका पालहरूको वरिपरिको ठाउँबाट हटिजाने आज्ञा दिए। त्यसपछि उनले घोषणा गरेः *'यदि अरू सबै मानिसहरूको मृत्यु-अनुसार यिनीहरूको मृत्यु भयो भने, अथवा अरू सबै मानिसहरूमाथि आइपर्ने सामान्य दण्ड यिनीहरूमाथि आइपर्‍यो भने, परमप्रभुले मलाई पठाउनुभएको होइन!'* तर यदि परमप्रभुले अलौकिक ढङ्गले धरती

खोलेर यिनीहरूलाई निल्न लगाउनुभए, सबैलाई विदित थियो, कि यी मानिसहरूको विद्रोह साबित हुनेथियो (गन्ती १६:३०)। नभन्दै जमिन फाट्यो र धरतीले दातान र अबिराम र यिनीहरूका घरानाहरूलाई निलिदियो, ती सबै मानिसहरूलाई, जसले विद्रोहमा भाग लिएका थिए (गन्ती १६:३२-३३)।

कोरहको मृत्युको विषयमा, यिनको मृत्यु कहिले भएको हो भनेर निक्कै छलफल चल्दैछ। कतिजनाको विचारमा, यिनी दातान र अबिरामसँगै निलिए; तर अरूको सुझाउअनुसार यिनी दुई सय पचासजना विद्रोही मानिसहरूसँग आगोद्वारा भस्म भए (गन्ती १६:३५)। तर गन्ती २६:१० पदअनुसार यिनी दातान र अबिरामसँगै धरतीद्वारा निलिए। अनि गन्ती २६:११ पदअनुसार कोरहका सन्तानहरू उम्के। अनि यस विषयमा यो कुरा पनि तपाईंले याद गर्नुहोलाः मोशापछि उठेको इस्राएली जातिको अर्को महान् भविष्यवक्ता शमूएल कोरहवंशी थिए (१ इतिहास ६:२२-२३)। अनि अब अधोलोकको कुरा आयोः गन्ती १६:३० पदमा भनिएको 'अधोलोक'को अर्थ कि त चिहान हो, कि त यो मरेका आत्माहरू बस्ने ठाउँ भएको हुनुपर्ला।

इतिहास हेर्दा यस्ता विशेष समयहरू थिए, जब परमेश्वरले कतिका पापहरू तत्कालै न्याय गर्नुभयो, जुन पापहरूप्रति उहाँ पूरा बेखुशी हुनुहुन्थ्यो। यस प्रकारले उहाँले सदोम र गमोरा न्याय गर्नुभयो (उत्पत्ति १९:२४-२५); अनि यसरी नै उहाँले नादाब र अबिहूको न्याय गर्नुभयो (लेवी १०:१-२), र मरियमको न्याय गर्नुभयो (गन्ती १२:१०), अनि कोरह, दातान र अबिरामलाई लगायत दुई सय पचासजना विद्रोहीहरूको न्याय गर्नुभयो (गन्ती १६); अनि नयाँ नियममा आएर उहाँले यस प्रकारले हननिया र सफीराको न्याय गर्नुभयो (प्रेरित ५:५ र १०)। यसबाट कुरा स्पष्ट छः उहाँले आफूलाई पूरा बेखुशी लाग्ने पापहरू, सधैं यी पापहरू गर्नसाथ न्याय गरिहाल्नुहुन्न रहेछ; तर इतिहासका चुनिएका अवसरहरूमा उहाँले चेताउनीको रूपमा यसो गर्नुहुँदो रहेछ, भावी पुस्ताका मानिसहरूले यस्ता पापहरू नदोहोर्‍याऊन् भनेर।

गन्ती १६:३२ पदमा 'कोरहको पक्षका सबै मानिसहरू' भन्ने वाक्यको अर्थ कि त कोरहका नोकरहरू, कि त यिनलाई पछ्याउने अनुयायीहरू बुझ्न सकिन्छ।

**गन्ती १६:३६-४०ः** यी विद्रोहीहरूले प्रयोग गरेका धूपौराहरू पवित्र ठहरिए, अनि होमबलिको वेदी मोहोर्ने पाताहरू बनिए। यसरी यी धूपौराहरू सम्झनाको चिन्ह बने, कि हारूनको परिवारलाई मात्र पूजाहारीको पदाधिकार दिइएको थियो। यी धूपौराहरूमा भएको आगो एलाजारद्वारा पर-पर छरियो।

**गन्ती १६:४१-५०ः** त्यो गम्भीर घटना घटेको भोलिपल्ट मानिसहरूले मोशा र हारूनमाथि कोरह, दातान र अबिरामजस्तै परमेश्वरका जनहरूलाई मारेको दोष लगाए। तब परमप्रभु क्रोधित हुनुभयो र आफ्नो क्रोधमा मानिसहरूलाई नाश गर्न लाग्नुभएको थियो; तर मोशा र हारून तिनीहरूको निम्ति अन्तर्विन्ती गर्नको निम्ति भेट हुने पालको सामु गए (गन्ती १६:४३)। तब परमप्रभुले मानिसहरूलाई घातक महामारीले प्रहार गर्नुभयो। हारून आफ्नो धूपौरोमा धूप हाले र तुरुन्तै समुदायको बीचमा गएर तिनीहरूको निम्ति प्रायश्चित्त गरे; तब मात्र यो महामारी थामियो। यसो भए पनि त्यस बेलासम्म चौध हजार सात सय मानिसहरू यस महामारीको प्रहारमा परेर मरिसकेका थिए।

अघि यी अगुवाहरूले समुदायको साथ हारूनको पूजाहारीगिरीको अधिकारको विरोधमा आफ्नो सोर उठाएका थिए। तर यस

दुःखित घड़ीमा प्रधान पूजाहारी हारूनकै अन्तर्विन्तीमा यो महामारी बन्द भयो। मोशा र हारून परमप्रभुका जनहरूका हत्यारा कहाँ थिए र? होइन, यी दुईजना तिनीहरूलाई बचाउने कर्ताहरू पो थिए!

**गन्ती १७:१-९:** पूजाहारी-सेवा केवल हारूनको परिवारलाई दिइएको हो भन्ने कुरामा जोड़ दिने क्रममा परमेश्वरले इस्राएली जातिका सबै कुलहरूको पक्षमा एक-एकवटा लौरा भेट हुने पालमा साक्षीको सन्दुकको सामु रातभरि राख्ने आदेश दिनुभयो। अनि लेवी-कुलको लौरामा हारूनको नाम लेखिएको थियो। परमेश्वरको आज्ञाअनुसार पूजाहारी-गिरीको अधिकार त्यही कुलको हुन जानेथियो, जसको लौरामा टुसा पल्हाएको हुनेथियो। अनि भोलिपल्ट बिहान, जब ती लौराहरूको जाँच गरियो, तब हारूनको लौरामा टुसा पल्हाउनको साथै कोपिलाहरू लागेका र हाड़े-बदामहरू पनि फलेका भेट्टाइयो। हारूनको लौराले बौरिउठ्नुभएको ख्रीष्ट येशूलाई परमेश्वरबाट चुनिएको महापूजाहारीको रूपमा देखाउँछ। किनभने जसरी बसन्त ऋतुमा सबैभन्दा पहिले हाड़े-बदामको रूख फुल्छ, ठीक त्यस्तै बौरिउठ्नेहरूमा ख्रीष्ट येशू पहिलो फल हुनुभयो (१ कोरिन्थी १५:२० र २३)। अनि पवित्रस्थानमा भएको सुनको सामदानका हाँगाहरूचाहिँ हाड़े-बदामको आकारमा बनिएका तीनवटा पुष्पकोशहरू, साथै एक-एक कपिला र एक-एक फूल हुने गरी बनाइए (प्रस्थान २५:३३-३४)। अनि यस सामदानको दैनिक देखरेखको सम्बन्धमा जिम्मावारी पूजाहारीको हुन्थ्यो। हारूनको लौरा, त्यसमा लागेका टुसा र कोपिलाहरूको ढाँचामा, सुनको सामदानको बनावटसँग मेल खाएछ। यस कुराले हारूनको घराना पूजाहारीहरूको रूपमा परमेश्वरको सेवा गर्ने स्वर्गबाट नै चुनिएको तथ्य पुष्टि गरेको छ।

**गन्ती १७:१०-१३:** अबदेखि उसो हारूनको लौरा ती विद्रोहीहरूको विरुद्धमा एउटा चिन्ह-स्वरूप करारको सन्दुकभित्र राखेर छोड़ियो। अनि बल्ल मानिसहरू डरले थरथर भए र पवित्रस्थान र त्यसको छेउ-छाउमा जान डराए।

### छ) गन्ती १८-१९: लेवीहरूलाई दिइएका निर्देशनहरू

**गन्ती १८:१-७:** यो अध्याय प्रायः अघिल्लो अध्यायका अन्तिम दुई पदहरूसँग सम्बन्धित छ। किनकि मानिसहरूको डर शान्त पार्नको निम्ति परमप्रभुले यहाँ, यस ठाउँमा पवित्रस्थानको सेवाका निर्देशनहरू फेरि एकपल्ट दोहोर्‍याउनुभयो। ती निर्देशनहरू होशियारसाथ पालन गरेको खण्डमा तिनीहरू परमेश्वरको क्रोधमा पर्नदेखि डराउनुपर्दैनथियो। यसो गर्नको निम्ति कुनै उचित कारण नै थिएन। गन्ती १८:१ पदमा दुईवटा भाग छन्, जस्तैः *‘तिमी र तिमीसित तिम्रा छोराहरू’* र *‘तिम्रा बुबाको कुलका तिम्रा भाइहरू’*; ‘तिमी र तिमीसित तिम्रा छोराहरू’ भन्नाले पूजाहारीहरू बुझिन्छ भने, तिम्रा बुबाको कुलका तिम्रा भाइहरू भन्नाले लेवी कुलका सबैलाई बुझ्नुपर्छ। लेवीहरूले पवित्रस्थानको सम्बन्धमा गरिएका अधर्मको भार बोक्नुपरेको थियो भने, पूजाहारीहरूले आफ्नो पूजाहारीगिरीको सम्बन्धमा गरिएका अधर्मको भार बोक्नुपरेको बुझिन्छ। अनि यहाँ ‘अधर्मको भार बोक्नु’ भनेको यस पवित्र सेवाको सम्बन्धमा भएको कुनै लापरवाही वा कुनै भूलचूक भएमा यसको निम्ति जिम्मेवारी लिनु हो। लेवीहरू पूजाहारीहरूका सहयोगी थिए; तर उनी-हरूलाई पवित्रस्थानभित्र प्रवेश गर्ने अनुमति थिएन, नत्र ता उनीहरू मर्नेथिए। उनीहरू पूजाहारी-सेवा गर्नदेखि वञ्चित थिए।

**गन्ती १८:८-२०:** पूजाहारीहरूलाई विभिन्न बलिहरूबाट केही अंश ज्यालाको रूपमा दिइएको थियो (गन्ती १८:८-११)। अनि परमप्रभुको निम्ति चढ़ाइएका पहिलो फलहरू तिनीहरूकै भए, जस्तैः तेल, दाखमद्य र फलफूलहरूका पहिलो फलहरू (गन्ती १८:१२-१३)। इस्राएलीहरूबाट परमप्रभुलाई अर्पण गरिएको हरेक वस्तु तिनीहरूकै हुन्थ्यो (गन्ती १८:१४)। अनि पहिले जन्मेको हरेक मानिस र पहिले जन्मेको हरेक पशु पनि तिनीहरूले पाउने गर्थे। अनि जेठा छोराहरू र पहिले जन्मेको हरेक अशुद्ध पशुको सट्टामा पूजाहारीहरूले छुटाउने दाम पाउँथे। अनि परमप्रभुलाई बलि चढ़ाउने पशुहरूको सम्बन्धमा ती बलिपशुहरूबाट पहिले जन्मेकाहरू परमप्रभुकै थिए, र बलिदान गर्नुपर्थ्यो; अनि पूजाहारीहरूले तीबाट आफ्नो ठहराइएको हिस्सा पाउँथे (गन्ती १८:१७-१९)। गन्ती १८:१९ पदमा भनिएको 'नुनको करार'को अर्थ 'कहिल्यै उल्लङ्घन गर्न नसकिने चिरस्थायी करार' हो। पूजाहारीहरूले कुनै जमिन पाएनन्; किनकि परमप्रभु नै तिनीहरूको विशेष अंश र तिनीहरूको अधिकारको भाग हुनुहुन्थ्यो (गन्ती १८:२०)।

**गन्ती १८:२१-३२:** लेवीहरूले मानिसहरूबाट दशांशहरू प्राप्त गर्थे; अनि त्यसबाट उनीहरूले दसौं भाग पूजाहारीहरूलाई दिनुपर्थ्यो। अनि पूजाहारीहरूलाई दिइएको दशांश लेवीहरूले पहिले परमप्रभुको निम्ति उचाल्ने भेटीको रूपमा चढ़ाउँथे।

**गन्ती १९:१-१०:** पुरानो नियममा यस अध्याय नै हो, जसले शुद्धीकरणको निम्ति प्रयोग गरिएका सुयोग्य चित्रण पेश गर्छ। यस शुद्धीकरणको निम्ति रातो कोरलीको खरानी प्रयोग गरिएको छ। अनि यस शुद्धीकरणको नियम कुनै मृतकको सम्पर्कमा आएको अशुद्धताको निम्ति अपनाइएको थियो। भर्खरै इस्राएलीहरूले कादेशमा परमप्रभुको विरुद्ध विद्रोह गरेका थिए। अनि तिनीहरूको अविश्वासको कारणले तिनीहरू उजाड़-स्थानमा मर्न निस्कन लागेका थिए। छ लाखभन्दा बढ़ी मानिसहरू अठतीस वर्षभित्र मर्नेथिए, दिनमा चालीसभन्दा बढ़ी मानिसहरूको मृत्यु हुनेथियो। तब तिनीहरू मृत शरीरको सम्पर्कमा नआउने होइन; किनकि दिन प्रतिदिन कुनै न कुनै मानिस मर्नेथियो। यसकारण कुनै न कुनै व्यक्तिलाई रातो कोरलीको खरानीको आवश्यकता पर्थ्यो-पर्थ्यो।

एउटा निष्खोट रातो कोरलीको दरकार पर्‍यो, जुनचाहिँ छाउनीदेखि बाहिर लगेर मारियो (गन्ती १९:३)। अनि पूजाहारी एलाजारले भेट हुने पालको सामु त्यसको रगत सात पल्ट छर्के। त्यसपछि मारिएको कोरली त्यसको छाला र गोबरसमेत त्यसको सबै जलाइयो, देवदारको काठ, हिसप र सिन्दूरे रङ्गको लुगाको साथमा। यी सामग्रीहरू कोर-रोगीको शुद्धीकारणको निम्ति पनि प्रयोग गरिन्थे (लेवी १४:४र ६)। ती पूजाहारी र त्यो कोरली जलाउने मानिस साँझसम्म अशुद्ध रहे। तब शुद्ध भएको कुनै मानिसले सबै खरानी होशियारसाथ जम्मा गरेर छाउनीदेखि बाहिर राख्यो; किनकि भविष्य त्यसको काम आउनेथियो (गन्ती १९:९); अनि त्यो व्यक्ति पनि साँझसम्म अशुद्ध रह्‍यो।

**गन्ती १९:११-१९:** अब यस अनुच्छेदले त्यस रातो कोरलीको खरानी कहिले र कसरी प्रयोग गरिन्थ्यो, सो कुरा बताउँछ। कुनै मानिस छ, जो मरेको मानिसलाई छोएर मृत शरीरको सम्पर्कमा आयो; अथवा अर्को मानिस पनि छ, जो कसैको मृत्यु हुँदा त्यस मृतकको पालमा उपस्थित थियो। यी दुवै मानिसहरू विधिवत् रूपले अशुद्ध ठहरिए। यस परिस्थितिमा एकजना शुद्ध मानिसले

त्यस कोरलीको केही खरानी लिएर त्यो खरानी बगिरहेको पानीमा मिसाइदियो। त्यसपछि तेस्रो दिनमा र सातौं दिनमा त्यस शुद्ध व्यक्तिले खरानी मिसाइएको त्यस पानीमा हिसप चोपेर त्योचाहिँ अशुद्ध व्यक्तिलाई र अशुद्ध भएका सरसामानमाथि छर्क्यो। अनि सातौं दिनमा त्यस अशुद्ध व्यक्तिले आफ्नो वस्त्र धोयो र नुहायो, र साँझमा शुद्ध ठहरियो (गन्ती १९:१९)।

यसको विषयमा श्री चर्च विलियम्सले निम्न सुझाव पेश गरेका छन्:

> 'रातो रङ्गको कोरलीले ख्रीष्ट येशूलाई चित्रण गर्छ, जो बाहिर हेर्दा निष्खोट हुनुहुन्थ्यो र मनभित्र पनि पूरा निष्कलङ्क हुनुहुन्थ्यो। उहाँमा पापको कुनै गन्ध हुँदैनथियो। उहाँले रातो माटोको रङ्गको वस्त्ररूपी मानव शरीर धारण गर्नुभयो।' 11)

यतिसम्म साङ्केतिक अर्थ लगाउनु ठिक्कै छ होला; तर अर्थ लगाउने काममा हददेखि बाहिर जानुदेखि हामी होशियार बस्नुपर्छ।

त्यस रातो कोरलीको खरानी प्रयोग गरेको ऐतिहासिक वृत्तान्त हामी गन्ती ३१ अध्यायमा पाउँछौं। यसको सम्बन्धमा श्री जे. जी. मण्टलले यसो भनेका छन्:

> 'त्यस रातो कोरलीको खरानीको कुरा आयोः त्यस खरानीमा पापबलिका सबै मूल-तत्त्वहरू समावेश भएका थिए; अनि जुनै पनि समयमा कुनै असुविधाविना यो खरानी तत्काले प्रयोग गर्न सकिन्थ्यो। अनि एउटा रातो कोरलीको खरानी सयौं वर्षको निम्ति पुग्थ्यो। यहूदीहरूको लामो इतिहासमा जम्मै छवटा कोरलीहरूको खरानी पर्याप्त भयो; किनभने त्यसको अलिकति खरानी अशुद्ध मानिसलाई शुद्ध पार्न पुग्थ्यो; किनकि मुहानबाट बगेको स्वच्छ पानीको सद्‌गुण त्यस खरानीमा आउँथ्यो।' 12)

आउनुहोस्, हामी अब हिब्रूको पुस्तकको लेखकको कुरामाथि ध्यान दिऔं, जसले निम्न तर्क पेश गरेका छन्: *'किनकि यदि बहर र बोकाहरूको रगतले र रातो कोरलीको खरानीले अशुद्ध मानिसहरूमाथि छर्किँदा तिनीहरूलाई शारीरिक शुद्धिको निम्ति पवित्र पार्छ भने, ... परमेश्वरको सामु आफैलाई निष्कलङ्क चढ़ाउनुहुने ख्रीष्ट येशूको रगतले जीवित परमेश्वरको सेवा गर्न तिमीहरूको विवेक मरेका कामहरूबाट झन् कति बढ़ता गरी शुद्ध पार्छ, होइन र?'* ठीक छ, पुरानो नियमअन्तर्गत रातो कोरलीको खरानीले मानिसलाई विधिवत् अशुद्धताबाट शुद्ध पार्न सक्थ्यो; तब ख्रीष्ट येशूको रगतको शक्ति त्यस खरानीको शक्तिभन्दा असीमित हुनुपर्छ; किनभने ख्रीष्टको रगतले हाम्रो विवेक मरेका कामहरूबाट शुद्ध पार्छ र भित्रीय मनको सरसफाइ गर्छ (हिब्रू ९:१३-१४)।

यस सम्बन्धमा एकजना अनभिज्ञ लेखकको टिप्पणी यस प्रकारको छः

> 'रातो कोरलीको खरानीको आत्मिक अर्थ हामी यस प्रकारले लगाउँछौंः हाम्रो विरपरि चारैतिर फैलिरहेको आत्मिक मृत्युको सम्पर्कमा हामी नआउने होइनौं; यो त एउटा अपरिहार्य, नभई नहुने अनिवार्य कुरा हो। यसकारण परमेश्वरले आफ्नो दयामा यसको निम्ति त्यस खरानीद्वारा प्रबन्ध गरिदिनुभयो। इस्राएली-हरूको सन्दर्भमा त्यस खरानीले दोषबलिको अर्थ लिन्छ; किनभने तिनीहरूले आफ्ना मसीहको हत्या गरे। त्यस खरानीमा कताकतै दोषबलिको समानता देखिन्छ; तर त्यस खरानीले दोषबलिको स्थान लिँदैन।'

पुरानो नियममा पेश गरिएका विनियम-हरूमा पानीले धुने-पखाल्ने आदेशहरू समावेश गरिएका छन्, अँ, कहिलेकाहीं बगिरहेको पानीले धोइपखाल्ने र नुहाउने आदेशहरू हालिएका छन् (लेवी १५:१३)। वर्तमान युगमा यो तरिका संक्रमणदेखि बाँच्नको निम्ति सबैले मानिलिएका चिकित्साको माध्यम भएको छ।

**गन्ती १९ः२०-२२ः** जुन अशुद्ध भएको व्यक्तिले शुद्धीकरणको पानीद्वारा हुने शुद्धीकरण अस्वीकार गऱ्यो, त्यस मानिसको सजाय अनिवार्य थियो। यो कुरा छोड़ेर परमेश्वरले यो पनि निर्धारित गर्नुभयो कि त्यो शुद्ध पार्ने पानी छुने वा छर्कने व्यक्ति र त्यसले छुने जो पनि र जे पनि साँझसम्म अशुद्ध हुन्थ्यो।

**ज) गन्ती २०ः१-१३ः मोशाको पाप**

**गन्ती २०ः१ः** यस अध्यायको शुरुमा हामीले याद गर्नुपर्छः इस्राएलीहरू मिस्र देशदेखि निस्केर आएको चालीस वर्ष भइसक्यो; अनि तिनीहरूले प्रतिज्ञाको देशमा जासुसीहरूलाई पठाएको अठतीस वर्ष पूरा भएको थियो। मानिसहरू अठतीस वर्षसम्म यताउता घुमफिर गर्दा-गर्दै फेरि कादेशमा आइपुगे, जुन कादेश भन्ने ठाउँ जीनको उजाड़स्थानमा परेको थियो। यही ठाउँबाट तिनीहरूले जासुसीहरूलाई पठाएका थिए। यी विचराहरू अठतीस वर्षभित्र प्रतिज्ञाको देशको त्योभन्दा नजिक पुग्नै सकेनन्। यही ठाउँमा मोशाकी दिदी मरियम मरिन्, र तिनको दफन भयो। गन्तीको पुस्तकको उन्नाईस अध्याय र बीस अध्यायको बीचमा अठतीस बर्बाद भएका वर्षको अवधि परेको छ, जुन अवधिमा छ लाखभन्दा बढ़ी मानिसहरूको मृत्यु भएको थियो। यस पुस्ताभित्र तिनीहरूले चुपचापसँग अविश्वासको तीतो फलको कटनी गरे।

**गन्ती २०ः२-९ः** जुन मानिसहरूले यहाँ पानीको अभावले गर्दा मोशा र हारूनको विरुद्धमा गनगन गरे, ती मानिसहरू एउटा नयाँ पुस्ताका मानिसहरू थिए, तर तिनीहरूको कामकुरा तिनीहरूका बुबाहरूको जस्तै थियो (गन्ती २०ः२-५)। यस परिस्थितिमा परमप्रभुले मोशालाई *'चट्टानसँग कुरा गर, तब त्यसले आफ्नो पानी छोड्नेछ'* भन्ने आज्ञा दिनुभयो। मोशाले हारूनको लौरा साथमा लैजानु थियो, जुन लौरा निवासस्थान-भित्र राखिएको थियो (गन्ती २०ः९ र गन्ती १७ः१० आपसमा तुलना गर्नुहोस्)। हारूनको लौरा मोशाको हुने भयो (गन्ती २०ः११)। हारूनको लौरा पूजाहारीगिरीको अधिकारको चिन्ह थियो भने, मोशाको लौराचाहिँ न्याय र शासन-अधिकारको चिन्ह थियो।

**गन्ती २०ः१०-१३ः** योभन्दा पहिले पनि मानिसहरूले मस्सा र मरीबा भन्ने ठाउँमा पानीको विषयमा गनगन गरेका थिए। त्यस बेलामा परमप्रभुले मोशालाई *'त्यस चट्टानलाई हिर्काऊ र त्यसबाट पानी निस्कनेछ'* भन्ने आज्ञा गर्नुभएको थियो (प्रस्थान १७ः१-७। तर यसपालिचाहिँ परिस्थितिले मोशाको सहनशीलताको सीमा नाघिसकेको थियो; यसकारण एक, उनले सोचविचार नगरी बोलिपठाएर मानिसहरूलाई 'हे वागी विद्रोहीहो' भने (गन्ती २०ः१०)। दोस्रो, उनले आफ्नो लौराले त्यस चट्टानलाई दुई पल्ट हिर्काए, जब उनले त्यससित बोल्नु थियो। प्रस्थान १७ अध्यायमा हिर्काइएको चट्टानले येशू ख्रीष्टलाई चित्रण गर्छ, किनभने गलगथामा उहाँलाई हिर्काएर उहाँलाई क्रूसको मृत्युको चोट दिइयो। तर ख्रीष्ट येशूलाई एकैपल्ट मात्र हिर्काइयो; यसकारण त्यस चट्टानलाई पनि एक पल्ट मात्र हिर्काउनु थियो, जुन प्रहार अघि मोशाले त्यस चट्टानलाई दिइसकेका थिए। प्रभु येशूको मृत्युपछि पवित्र आत्मा दिइनुभयो। गन्ती २०ः११ पदमा उल्लेख गरिएको पानीचाहिँ पवित्र आत्माको प्रतीक थियो। मोशा र हारूनले पाप गरे; अनि उनीहरूको यस पापले गर्दा उनीहरू परमेश्वरको उर्दीअनुसार प्रतिज्ञाको देशमा प्रवेश गर्न पाएनन्। परमेश्वरले त्यस ठाउँको नाम 'मरीबा' राख्नुभयो; तर यो मरीबा भन्ने ठाउँ प्रस्तान १७ अध्यायमा भएको मरीबा होइन। यो

मरीबाचाहिँ कादेशको मरीबा भन्ने नामले चिनिन्छ। श्री जी. क्याम्पबेल मोर्गनले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

'अघि हामीले भनिसक्यौं, कि मोशाको रिस स्वाभाविक थियो। तर परमेश्वरका दासले आफ्नो रिसमा मानिसहरूकहाँ परमेश्वरको सचरित्र पेश गर्न सकेनन्, तर उहाँको कुरूप पेश गरे। वास्तवमा मोशाको विश्वासको अभाव उनको असफलताको कारण थियो; किनभने यस परिस्थितिमा उनको विश्वास चरमसीमामा आइपुग्न सकेन। मोशाले परमेश्वरमाथि विश्वास नगर्ने होइन, उहाँको शक्तिमाथि उनको पूरा विश्वास त थियो; तर उनले इस्राएली-हरूका आँखाको सामु उहाँलाई पवित्र पार्न सकेनन्; यहाँसम्म उनको विश्वास पुगेन। यसबाट सिक्नुपर्ने हाम्रो निम्ति एउटा महत्त्वपूर्ण पाठ छँदैछः यस्ता कामकुराहरू छन्, जुनचाहिँ बिलकुल ठीक छन्, तर जब यी कामकुराहरू गलत तरिकाले गरिन्छन्, तब यी कामकुरा-हरूका नतिजाहरू खराब निस्कन्छन्। हामीसँग एउटा भजन छ, जुन भजनको गहन अर्थ हामी समझदार भएनौं भने, हामी बुझ्न चुक्छौं, जसको बोल यस प्रकारको छः

"हे प्रभु, मसँग बोल्नुहोस्, ताकि म बोल्न सकूँ, अँ, तपाईंको सुरमा बोल्न सकूँ, तपाईंको जिउँदो प्रतिध्वनि बन्न सकूँ।"

यस भजनको बोल हामीले प्रवक्तको एउटा प्रार्थना सम्झनु पर्याप्त हुँदैन, जसको माग 'हे प्रभु, तपाईंको सन्देश प्रचार गर्न सकूँ' भन्नु हो। तर यो विन्ती यस प्रकारको प्रार्थनाभन्दा पनि अझ बढ़ी छ। हामी उहाँको सन्देश उहाँकै सुरमा, उहाँको स्वभावअनुसार बोल्न सक्नु-पर्छ। अनि यही क्षेत्रमा मोशा असफल भए; अनि फलस्वरूप उनी यस असफलताको कारणले प्रतिज्ञाको देशबाट वञ्चित रहे।' 13)

### झ) गन्ती २०ः१४-२९ः हारूनको मृत्यु

**गन्ती २०ः१४-२१ः** इस्राएलीहरूले यस उजाड़स्थानबाट सरासर उत्तरतर्फ गएर प्रतिज्ञाको देशमा प्रवेश गर्नु थिएन, तर पूर्वमा एदोमीहरूको देश पार गरेपछि उत्तर दिशामा मृत सागरको पूर्वीय किनारा-किनाराबाट भएर प्रतिज्ञाको देशमा प्रवेश गर्नु थियो; योजना यस प्रकारको थियो। त्यसपछि मात्र तिनीहरूले यर्दन नदी पार गर्नेथिए। तर एदोमका राजाले इस्राएलीहरूलाई आफ्नो मुलुकबाट भएर जान दिएनन्। यहूदीहरूले एदोम राज्यको कुनै हानि गर्नेथिएनन्, न तिनीहरूको पानी पिउनेथिए, न तिनीहरूका खेतबारीहरूबाट अन्न खानेथिए, अँ, उनी-हरूले तिनीहरूलाई तिनीहरूको कुनै थोक नबिगार्ने आश्वासन दिए। तर तिनले उनी-हरूलाई एदोमबाट भएर जान दिएनन्।

इतिहासको कुरा होः राजा शाऊलको पालोमा इस्राएली जातिले एदोमीहरूको विरुद्ध लड़ाइँ गर्‍यो र तिनीहरूलाई परास्त गर्‍यो। एदोमीहरू याकूबको दाजु एसावका सन्तान थिए।

**गन्ती २०ः२२-२९ः** मानिसहरूले कादेश-देखि हिँड़ेर होर पहाड़सम्म यात्रा गरे, जुन होर पहाड़ एदोमको सिमानाको छेउमा परेको थियो। अनि तिनीहरू होर पहाड़मा आइपुगेपछि हारूनको मृत्यु भयो। अनि तिनका छोरा एलाजारले तिनको स्थान लिए। श्री मेथ्यू हेन्रीले यसको विषयमा यसो लेखेका छन्ः

'निस्सन्देह हारून आफ्नो अपराधको कारणले मरे। तर तिनी कुकर्मीको मृत्यु मरेनन्; तिनी महामारीद्वारा वा स्वर्गबाट बर्सेको आगोद्वारा मारिएनन्; तर तिनी शान्तिसित मरे, तिनको मृत्यु सम्मानजनक मृत्यु थियो। किनकि "हारून आफ्ना मानिसहरूसित मिल्न गए" भन्ने कुरा लेखिएको छ, तिनी परमेश्वरको अनुग्रहको अङ्गालोमा मरे; तिनको विषयमा तिनी आफ्ना मानिसहरूबाट नामेट भए भन्ने कुरा लेखिएको छैन; त्यो त ईश्वरीय न्यायमा परेर मर्नेहरूको विषयमा प्रयोग गरिएको भाषा

हो। अनि ती मोशा जसले आफ्नै हातैले हारूनलाई प्रधान पूजाहारीका वस्त्रहरू पहिराएका थिए, ती मोशाले आफ्नै हातले अहिले यी वस्त्रहरू तिनीबाट फुकाले। किनभने यी प्रधान पूजाहारीका वस्त्रहरूसित तिनी मर्नु पूजाहारीगिरीको दृष्टिले असुहाउँदो हुनेथियो।' 14)

**ञ) गन्ती २१:१-२२:१: पित्तलको साँप**

**गन्ती २१:१-३:** अरादका राजा प्रतिज्ञाको देशको दक्षिण भागमा बस्थे। जब तिनले इस्राएलीहरू उजाड़स्थानमा पाल टाँगेर बसेका र देशलाई आक्रमण गर्न आइरहेका सुने, तब तिनले होर्मा भनिने ठाउँमा तिनीहरूमाथि जाइलागे; तर त्यहाँ तिनको ठूलो हार भयो (गन्ती २१:१-३)।

**गन्ती २१:४-९:** यहाँ लाल समुद्रको कुरा आयो: जुन लाल समुद्रको खाड़ीको विषयमा यस पदमा कुरा गरिएको छ, त्यो लाल समुद्रको खाड़ीचाहिँ इस्राएलीहरू मिस्त्रीहरूबाट उम्कँदा पार भएको 'सूएज' नामक लाल समुद्रको खाड़ी होइन, तर त्यसको 'अकाबा' नामक दोस्रो खाड़ी थियो (गन्ती २१:४)। तर यो पनि सम्भव छ, कि इस्राएलीहरू हिँड़ेको बाटोको नाम लाल समुद्रको बाटो थियो होला; किनभने तिनीहरू अकाबाको खाड़ीतिर फर्केर गएनन् होला, तर निस्सन्देह यस मार्गमा अघि बढ़े।

यस ठाउँमा मानिसहरूले फेरि आफ्नो रहनसहनको अप्ठ्यारो स्थितिको विषयमा गनगनाए; फलस्वरूप परमेश्वरले तिनीहरूको बीचमा अग्निमय विषालु सर्पहरू पठाइदिनुभयो। धेरै मानिसहरूको मृत्यु भयो; अनि अझ धेरै मानिसहरू मृत्युको मुखमा परिरहेका थिए। मोशाले तिनीहरूको निम्ति अन्तर्विन्ती गरे। अनि यस प्रार्थनाको उत्तरमा परमेश्वरले एउटा पित्तलको साँप बनाएर खाँबामा झुन्ड्याउने आज्ञा दिनुभयो। अनि उहाँले 'जस-जसले यो पित्तलको साँप हेर्छन्, तिनीहरू निको हुनेछन्' भन्ने प्रतिज्ञा गर्नुभयो। यस घटनाबाट प्रसङ्ग उठाएर प्रभु येशूले निकोदेमसलाई के भन्नुभयो भने: उहाँ पनि यस हेतुले काठमा उचालिनु आवश्यक थियो, कि उहाँलाई विश्वासको साथ हेर्ने पापी जनहरूले उहाँमाथि राखिएको विश्वासद्वारा अनन्त जीवन पाउन सकून् (यूहन्ना ३:१-१६)। तब यो प्रश्न रहेको छ: के तपाईंले प्रभु येशूमाथि विश्वासको दृष्टिले हेरेर अनन्त जीवन पाउनुभयो?

त्यही पित्तलको साँप पछिबाट इस्राएली जातिको निम्ति ठेस लाग्ने कारण बन्यो; अनि राजा हिजकियाहको शासनकालमा त्यो नष्ट गरियो (२ राजा १८:४)।




**उजाड़स्थानदेखि कनान देशको छेउसम्म इस्राएलीहरूले गरेको यात्रा**

**गन्ती २१:१०-२०:** इस्राएलीहरू होर पहाड़देखि मोआबका मैदानसम्म कुन बाटो लिएर हिँड़े, सो वर्तमान समयसम्म पत्ता पाइन। तर गन्ती २१:१०-२२:१ पदको खण्डमा तिनीहरू जहाँ-जहाँ पाल टाँगेर बसे, सो ठाउँहरूको विस्तृत विवरण लेखिएको छ। गन्ती २१:१४ पदमा 'परमप्रभुका युद्धहरू' नामक पुस्तक उल्लेख छ, जुन पुस्तक एउटा ऐतिहासिक विवरण भएको हुनुपर्ला, जुन विवरणचाहिँ अहिलेसम्म उपलब्ध भएको छैन। 'बेर'को ठाउँको नाम उल्लेखणीय छ (गन्ती २१:१६-१८); किनभने यस ठाउँमा जब अगुवाजनहरूले सुक्खा मरुभूमिको भुइँ खने, तब परमप्रभुले अलौकिक रीतिले तिनीहरूको निम्ति पानी जुटाइदिनुभयो।

**गन्ती २१:२१-२६:** जब इस्राएलीहरू एमोरीहरूको देशको छेउमा आइपुगे, तब तिनीहरूले त्यस देशबाट भएर जाने अनुमति मागे, तर पाएनन्। नभन्दै एमोरीहरूका राजा सिहोनले इस्राएली जातिसित लड़ाइँ गर्ने घोषणा गरे; तर तिनको हार ठूलो भयो। ती एमोरीहरूका राजा र तिनका मानिसहरू लड़ाइँमा इस्राएलीहरूद्वारा पराजय होऊन् भन्ने उद्देश्यले परमप्रभुले तिनको हृदय कठोर पार्नुभयो, जसरी उहाँले फाराओको हृदय कठोर पार्नुभएको थियो (व्यवस्था २:३०)। अबचाहिँ 'एमोरीहरूको अधर्म'को नाप पूरा भयो (उत्पत्ति १५:१६)। अनि परमप्रभुले इस्राएलीहरूलाई आफ्नो न्यायको हतियार तुल्याएर एमोरीहरूमाथि आफ्नो न्याय पूरा गर्नुभयो।

**गन्ती २१:२७-३०:** यी पदहरूमा उल्लेख गरिएको आहानरूपी गीतले भन्न खोजेको अर्थ हामीलाई यसो लाग्छः 'हेश्बोन शहर भर्खरै एमोरीहरूले मोआबीहरूको हातबाट कब्जा गरेका रहेछन्। तर अबचाहिँ त्यो शहर इस्राएलीहरूको हातमा परेको छ। यदि मोआबको यही शहर आक्रमण गरेर जित्नेहरू आफै पराजय भए भने, मोआब देशको सैनिक शक्ति तेस्रो दर्जाको भएको हुनुपर्ला।'

अनि यो आहान किन उद्धृत गरियो त? यसको अर्को कारण पनि थियो होला। हेश्बोनको भूक्षेत्रचाहिँ मोआबीहरूको हातमा थिएन, तर सम्पूर्ण रीतिले एमोरीहरूका राजा सिहोनको हातमा आएको थियो भन्ने कुराको प्रमाण दिन लेखिएको पनि हुन सक्छ। अनि यो कुरा महत्त्वपूर्ण थियो; किनकि परमेश्वरले इस्राएलीहरूलाई मोआबीहरूबाट तिनीहरूको कुनै पनि भूमि कब्जा गर्न मनाही गर्नुभएको थियो (व्यवस्था २:९)।

**गन्ती २१:३१-२२:१:** इस्राएलीहरूले यात्रा गरेको खास मार्ग खोजिनिकाल्नु गाह्रो भएको छ। तर यसको विषयमा के सामान्य सुझाउ दिइएको छ भने, तिनीहरू होर पहाड़देखि पूर्व लागे, त्यसपछि एदोमको पश्चिमी सिमाना हुँदै उत्तरतिर जेरेद खोलामा पुगे। पूर्वमा तिनीहरू जेरद खोला पछ्याउँदै एदोम र मोआबको बीचको सिमानामा अघि बढ़े, त्यसपछि उत्तरतिर लागेर तिनीहरू मोआबको पूर्वीय सिमाना भएर अर्नोन नदीमा आइपुगे। अनि त्यहाँबाट तिनीहरूले पश्चिममा राजमार्ग ताके। तिनीहरूले एमोरीहरूका राजा सिहोनमाथि विजय प्राप्त गरेपछि तिनीहरू उत्तरमा अघि बढ़ेर ओगको राज्यमा पसे, र बाशान कब्जा गरे। बाशान-चाहिँ एउटा खूबै मलिलो खर्क थियो। बाशान यर्दनको पूर्वपट्टि पर्छ, इस्राएलीहरू प्रतिज्ञाको देश प्रवेश गर्नुपर्ने ठाउँदेखि उत्तरमा पर्छ। बाशान कब्जा गरेपछि इस्राएलीहरू मोआबका मैदानमा फर्के र यरीहोको सामु यर्दनको पारिपट्टि आफ्ना पालहरू टाँगेर बसे (गन्ती २२:१)। यी मैदानहरू एमोरीहरूले मोआब-बाट कब्जा गरेका थिए, तर 'मोआबका मैदान' भन्ने नाम रहिरह्यो (गन्ती २१:२६)।

# खण्ड ३

## गन्ती २२ः२-३६ः१३ः मोआबका मैदानमा घटेका घटनाहरू

### क) गन्ती २२ः२-२५ः१८ः अगमवक्ता बालाम

#### अ) गन्ती २२ः२-४०ः बालाकले बालमलाई बोलाएको

**गन्ती २२ः२-१४ः** जब एमोरीहरूदेखि दक्षिणमा बस्ने मोआबीहरूले एमोरीहरू कसरी इस्राएलद्वारा परास्त भए भन्ने कुरा सुने, तब तिनीहरू डरले आतङ्कित भए, जसको निम्ति खास कुनै कारण थिएन (व्यवस्था २ः९)। तरैपनि राजा बालाकले इस्राएली जातिलाई श्राप दिन अगमवक्ता बालामलाई भाड़ामा लिन खोजे। बालामचाहिँ एक अन्यजाति अगमवक्ता थिए; तर तिनीसँग साँचो परमेश्वरको विषयमा केही मात्रामा ज्ञान भएको देखिन्छ। अनि तिनीद्वारा इस्राएली जाति छुट्टै बसेको, परमेश्वरको दृष्टिमा धर्मी ठहरिएको अनि यस जातिको शोभा र महिमाको विषयमा आफ्नो मन प्रकट गर्न परमप्रभुलाई सठीक लाग्यो।

गन्ती २२ः७-१४ पदको खण्डमा बालामलाई बोलाउने बालाकको पहिलो प्रयासको बयान लेखिएको छ। यस सिलसिलामा बालाकका सन्देश-वाहकहरू पहिलो पल्ट बालामकहाँ आइपुगे। यी सन्देश-वाहकहरूको हातमा जोखना हेर्ने इनाम पनि थियो। तिनी इस्राएली जातिलाई सराप्न सफल भएमा तिनलाई इनामको रूपमा ठूलो रकम दिइनेथियो। तर परमप्रभुले तिनलाई यसो भन्नुभयोः 'तिमीले इस्राएलीहरूलाई नसराप्नू! किनभने मैले यस जातिलाई आशिष दिएको छु।' बालाक नामको अर्थ 'विनाशकारी' हो भने, बालाम नामको अर्थ-चाहिँ कि त 'मानिसहरूलाई निल्ने', कि त 'मानिसहरूलाई अल्मल्याउने' हो।

**गन्ती २२ः१४-२१ः** त्यसपछि बालाकले बालामलाई बोलाउन दोस्रो पल्ट मानिसहरू पठाए। इस्राएली जातिको विषयमा परमेश्वरको इच्छा के रहेछ, सो बालामलाई थाहा भएकै थियो। रपनि कतै उहाँले आफ्नो मन बदली गर्नुहुन्छ कि भन्ने निहुँले तिनले उहाँको सम्मुखमा जाने आँट गरे। तब परमप्रभुले बालामलाई बालाकका मानिस-हरूसँग जाने आदेश दिनुभयो; तर तिनले त्यो मात्र बोल्न पाए, जुन कुरा परमप्रभुले तिनलाई बताउनुहुनेथियो; उहाँले यही सर्त राख्नुभयो। बालाम बालाकका मानिसहरूसँग गएको खास कारण २ पत्रुस २ः१५-१६ पदहरूमा स्पष्ट पारिएको छ। तिनले 'अधर्मबाट हुने नीच कमाइ'को लोभ गरेका रहेछन्। यसो हो भने, बालामचाहिँ ज्यालामा काम गर्ने यस प्रचारकको प्रतीक हुन्, जसले आफूले पाएको ईश्वरीय वरदान धन कमाउनको निम्ति चलाएर बेप्रयोग गर्छ।

**गन्ती २२ः२२-२७ः** *'अनि परमप्रभुका दूत तिनको विरोधी भएर बाटोमा खड़ा हुनुभयो;'* यहाँ, यस पदमा परमप्रभुका दूत भन्नाले देह-धारण हुनुभन्दा अघि देखा पर्नुभएको ख्रीष्ट बुझ्नुपर्लो (गन्ती २२ः२२)। उहाँ तीन पल्ट बालाम र तिनको गधाको अघि तिनीहरूलाई रोक्न भनी तिनीहरूको बाटोमा उभिनुभयो; किनकि उहाँले बालामको मनसाय बुझ्नु-भएको थियो। जब गधाले परमप्रभुका दूतलाई पहिलो पल्ट देख्यो, तब त्यो आफ्नो बाटो छोड़ेर बारीतिर लाग्यो। यसको निम्ति निर्दोष पशुले बालामको हातबाट पिटाइ खायो। दोस्रोपल्ट परमप्रभुका दुत दाख-

बारीका दुईवटा बारहरूको बीचमा छिरेर जाने साँघुरो बाटोमा उभिनुभयो। डरले आतङ्कित भएको गधा पर्खालमा टाँसिन पुग्यो र बालामको खुट्टा भित्तामा चेप्टाइपठाएको हुनाले त्यो गधा फेरि पिटियो। तेस्रोपल्ट परमप्रभुका दूत फेरि कतै पनि फर्कन नसक्ने एउटा साँघुरो गल्लीमा उभिनुभयो। डरले हताश भएको गधा भुइँमा थचक्कै बसि-पठाउँदा फेरि तेस्रोपल्ट पनि त्यसले मालिकको हातबाट नराम्रोसँग पिटाइ खायो। गधाचाहिँ हठीपनको चिन्ह हो; तर त्यस गधाले कुन बेलामा आफ्नो हठीपन त्याग्नुपर्छ, सो जान्दथियो, तर ती हठी र आफ्नै स्वार्थमा चल्ने मतलबी अगमवक्ताले भने यो जान्न सकेनन्।

**गन्ती २२:२८-४०:** परमेश्वरले त्यस गधालाई बालामसँग बोल्ने शक्ति दिनुभयो; र त्यसले अगमवक्तालाई तिनको निर्दयी व्यवहारको विषयमा हप्कायो (गन्ती २२:२८-३०)। तब पो बालामले परमप्रभुका दूतलाई बल्ल देख्न सके, जसको हातमा म्यानबाट थुतेको तरवार थियो। तिनले उहाँको मुखबाट उहाँ किन आउनुभएको थियो, सो अब सुनेः तिनको अनाज्ञा-कारिताको विरोध गर्न उहाँ तिनको बाटो छेक्नुभएको थियो (गन्ती २२:३१-३४)। त्यसपछि परमप्रभुका दूतले बालामलाई बालाककहाँ जाने अनुमति दिनुभयो, परमेश्वरले तिनलाई दिनुभएको शब्दबाहेक अरू कुनै कुरा बोल्न नपाउने सर्तमा (गन्ती २२:३५)।

अनि बालामलाई भेटेपछि बालाकले आफ्ना देवताहरूलाई केही बलि चढ़ाए।

### आ) गन्ती २२:४१-२४:२५: बालामका ईश्वर-वाणीहरू

**गन्ती २२:४१-२३:१२:** भोलिपल्ट बालाकले बालामलाई पिस्गा नाम गरेको अग्लो पर्वतमाथि लगे, जहाँबाट तिनले तलतिर इस्राएलीहरूका पालहरू देख्न सके। पछिबाट मोशाले यही पहाड़देखि प्रतिज्ञाको देश हेर्ने एकमात्र मौका पाए, अनि त्यहीं उनको मृत्यु भयो (व्यवस्था ३४:१ र ५)।

यस अध्यायमा र अर्को अध्यायमा बालामले इस्राएली जातिको सम्बन्धमा उच्चारण गरेका चारवटा स्मरणयोग्य ईश्वर-वाणीहरू छन्। पहिला तीनवटा ईश्वर-वाणीहरू सातवटा वेदीमाथि सातवटा बहरहरू र सातवटा भेड़ाहरू होमबलि गरेपछि तिनको मुखबाट निस्के। पहिलो ईश्वर-वाणीमा 'जुन जातिलाई परमेश्वरले सराप्नुभएको छैन, त्यस जातिलाई म कसरी सराप्न सक्छु' भनेर बालामले आफ्नो असमर्थता व्यक्त गरे। यसको भविष्यवाणी यस प्रकारको छः इस्राएली जाति अन्यजातिहरूबाट पूरा अलग बसेर जिउनेछ र तिनीहरूका अनगन्ती सन्तानहरू हुनेछन्। यस वाणीअनुसार इस्राएली जाति एउटा धर्मी जाति थियो, जसको आउँदो सुदिनको सुन्दर भाग्य डाहा गर्न लायकको हुँदो रहेछ (गन्ती २३:७-१०)।

बालाकले यस ईश्वर-वाणीमा व्यक्त गरिएको आशीर्वादप्रति आफ्नो आपत्ति जनाए; तर यसमा केही फाइदा थिएन; किनभने अगमवक्ताले अरू केही होइन, परमप्रभुको वचन नै बोल्नुपरेको थियो।

**गन्ती २३:१३-१५:** बालाकले बालामलाई यस हेतुले अर्कै ठाउँमा लगे, कि त्यहाँबाट ती अगमवक्ताले इस्राएलीहरूलाई देख्न त पाऊन्, तर तिनीहरूमाथि कम अनुकूल दृष्टि लगाइदिऊन् (गन्ती २३:१३-१४)।

**गन्ती २३:१६-२६:** अब दोस्रो ईश्वर-वाणी आयोः बालकलाई निश्चित थाहा लागेको होस्, कि इस्राएली जातिमाथि निर्धारित गरिएको परमेश्वरको आशिषको

विषयमा कुनै हेरफेर आउँदैन; त्यो त चिरस्थायी र अपरिवर्तनीय हुन्छ (गन्ती २३:१८-२०)। गन्ती २३:२१ पदको शुरुको खण्डमा इस्राएली जातिको निर्दोष ठहरको विषयमा कुरा गरिएको छ, तिनीहरूको व्यवहारको होइन। तिनीहरू विश्वासद्वारा धर्मी ठहरिएका थिए। ठीक त्यस्तै वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरू पनि प्रभु येशू परमेश्वरका प्रिय पुत्रको सम्पूर्ण सिद्धतामा उहाँको सामु उभिएका छन्।

आउनुहोस्, हामी गन्ती २३:२१ पदको दोस्रो खण्ड पनि हेरौं: परमप्रभु इस्राएली जातिको साथमा हुनुभएको थियो; यसकारण उहाँका जनहरूले ललकार गर्न सके; किनकि राजाहरूको महाराजले तिनीहरूको बीचमा राज्य गरिरहनुभएको थियो। उहाँले तिनी-हरूलाई मिस्र देशको दासत्वबाट छुटकारा दिनुभएको थियो; उहाँले तिनीहरूलाई बलवान् तुल्याउनुभयो। इस्राएली जातिको विरुद्धमा बोलिएको कुनै पनि श्राप परमेश्वरका जनहरूलाई लाग्दैनथियो; बरु इस्राएलीहरूले चाड़ै हासिल गर्ने विजयमाथि विजयले गर्दा अन्यजातिहरूले स्वीकार गर्नेथिए: 'अहो, हेर, तिनीहरूको पक्षमा परमेश्वरले के-के गर्नुभएको छ!' (गन्ती २३:२२-२४)।

बालामले इस्राएलीहरूलाई सराप्न सकेनन्, भइगयो; तर तिनले इस्राएलीहरूलाई आशीर्वाद गर्न छोड़िदिऊन् – यो बालाकको माग र आदेश थियो (गन्ती २३:२५)। तर यसको उत्तरमा ती अगमवक्ताले आफ्नो प्रतिवाद सुनाए: परमप्रभुले भन्नुभएको कुरा-बाहेक तिनले अरू केही पनि बोल्न सक्दैनथिए।

**गन्ती २३:२७-३०:** बालाकले बालामलाई तेस्रोपल्ट इस्राएली जातिलाई श्राप दिने पार्न खोजे, र यसको निम्ति उनले तिनलाई पोरको टाकुरामाथि लगे।

**गन्ती २४:१-२:** परमेश्वर इस्राएली जातिलाई आशिष दिनुमा सुदृढ़ हुनुभएको देखेर बालाम श्रापको वाणी पाउन खोज्न गएनन्। तिनी त्यस पहाड़बाट तल इस्राएली-हरूका पालहरू हेर्दै रहे, तब परमेश्वरको आत्मा तिनीमाथि आउनुभयो, र तिनलाई तिनको इच्छा र बुद्धिदेखि बाहिरका कुराहरू बोल्ने प्रेरणा दिनुभयो।

**गन्ती २४:३-९:** तेस्रो ईश्वर-वाणीको सन्देश यस प्रकारको छ: इस्राएलीहरूका पालहरूमा कति सुन्दरता थियो! अनि इस्राएली जातिको विषयमा 'यो अत्यन्त फलदायक हुनेछ; यसले चौतर्फी फलिफाप गर्नेछ; यसको महिमाले पूर्ण राज्य हुनेछ; यसले आफ्ना सबै शत्रुहरूलाई कुल्चीमिल्ची पार्नेछ' भन्ने भविष्यवाणी आयो।

गन्ती २४: ७ पदमा उल्लेख गरिएको अगागको नामको कुरा आयो: हुन सक्छ, अगागचाहिँ अमालेकीहरूको बीचमा एउटा सामान्य नाम थियो होला।

कसले आराम गरिरहेको सिंहलाई जगाउने आँट गर्ला? यसको कोही हुनेछैन नै (गन्ती २४:९)। इस्राएली जातिलाई आशीर्वाद दिनेहरू आशिषित हुनेछन्, यस जातिलाई सराप्नेहरूमाथि श्राप आइपर्नेछ। बालामको ईश्वर-वाणीमा अब्राहामसँग बाँधिएको करारका शब्दहरू दोहोरिएका छन्, जहाँ परमप्रभुले तिनलाई भन्नुभएको थियो: *'जसले तिमीलाई आशीर्वाद दिनेछन्, तिनीहरूलाई म आशिष दिनेछु; अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु'* (उत्पत्ति १२:३)।

**गन्ती २४:१०-१४:** अब पूरा निराश भइसकेका बालाकले बालामलाई 'तिमी कस्तो अगमवक्ता?! तिमीले मलाई किन सहयोग नगरेको' भन्ने आरोप लगाए; तर बालामले उनलाई जवाफ दिएर उनलाई सम्झना गराए: 'परमप्रभुले मलाई भन्नुभएको

कुरा मात्र म बोल्नेछु भनेर मैले तपाईंलाई अघिबाटै भनें, होइन र?' बालाकबाट छुट्टिएर आफ्नो घर फर्कने बेलामा तिनले मोआबका राजा बालाकलाई यो प्रस्ताव गरेः 'इस्राएली जातिले मोआबीहरूलाई आउँदा दिनहरूमा के-के गर्नेछ, के म तपाईंलाई सुनाऊँ?'

**गन्ती २४ः१५-१९ः** चौथो ईश्वर-वाणीको सन्दर्भचाहिँ एकजना राजा थिए, जसको उपनाम यस वाणीमा 'तारा' र 'राजदण्ड' थियो, र जो इस्राएली जातिबाट उठ्नेछन् र मोआब र शेतका सन्तानहरूलाई नष्ट गर्नेछन् (गन्ती २४ः१७ पद यर्मिया ४८ः४५ पदसँग तुलना गर्नुहोस्)। यी भावी शासकले एदोम देशलाई पनि अधीन पार्नेछन्। यस भविष्यवाणीको केही अंश राजा दाऊदमा पूरा भयो; अनि यो भविष्यवाणी ख्रीष्ट येशूको दोस्रो आगमनमा पूरा रूपले पूरा हुनेछ।

**गन्ती २४ः२०-२५ः** बालामले अमालेकीहरू, केनीहरू, अश्शूर र एबेरका मानिसहरूको विषयमा उस्तै-उस्तै अशुभ वाणीहरू बोले (गन्ती २४ः२०-२४)। अमालेकीहरूको सर्वनाश हुनेछ। केनीहरूको जनसंख्या निरन्तर घट्दै जानेछ, र अन्तमा अश्शूरीहरूले तिनीहरूलाई कैद गरेर लैजानेछन्। अनि अश्शूरीहरूचाहिँ? कित्तिमबाट सेनाहरू आउनेछन् र तिनीहरूले अश्शूरलाई कैद गरेर लैजानेछन्। कित्तिमचाहिँ प्रायः साइप्रस हो; तर यहाँ यसको अर्थ ग्रीस देशलाई सङ्केत गरेको होला अर्थात् महान् अलेक्जाण्डरका सेनाहरूलाई अङ्कित गरेको होला। अनि एबेर जातिचाहिँ एबेर नामक पूर्खाका गैर-यहूदी सन्तानहरू हुनुपर्ला, जुन एबेर जलप्रलयपछि बाँचेका थिए (उत्पत्ति ११ः२४)।

तर बालाकसँग बालाम छुट्टिनुभन्दा अघि तिनले गन्ती २५ आध्यायमा उल्लेख गरिएको दुःखद घटनाको सिलसिलामा मोआबीहरूले अपनाएको दुष्ट योजनाको निम्ति प्रेरणा गरे।

### इ) गन्ती २५ः बालामको कारणले इस्राएलीहरूको बीचमा आएको भ्रष्टाचार

**गन्ती २५ः१-३ः** यस अध्यायमा बालामको नाम उल्लेख गरिएको छैन। तर हामी गन्ती ३१ः१६ पदबाट के जान्दछौं भने, यहाँ, यस खण्डमा बयान गरिएको, इस्राएलीहरूलाई भ्रष्ट पार्ने यस डरलाग्दो भ्रष्टाचारमा तिनको ठूलो हात थियो। राजा बालाकले बालामलाई दिन खोजेका जोखना हेर्ने इनामहरूले तिनलाई इस्राएली जातिलाई सराप्ने तुल्याउन सकेनन्, तर अन्तमा यी अधर्मका ज्यालाहरू व्यभिचार र मूर्तिपूजाद्वारा इस्राएलीहरूलाई भ्रष्ट पार्न बालामलाई मनाउन सफल भए। किनभने तिनको कारणले इस्राएलीहरूमध्ये कति मानिसहरूले मोआबी स्त्रीहरूसित व्यभिचार गरे र ती स्त्रीहरूसँग लाएर मूर्तिपूजा गरे। जब शैतानले सीधा आएर विश्वासीहरूलाई पापमा फसाउन सक्दैन, तब घुमाउरो चाल अपनाएर त्यो कति पल्ट सफल हुँदो रहेछ।

यस खण्डमा बालामको चरित्रको साँचो रूप देखा परेको छ। यहाँसम्म आइपुग्नुभन्दा अघि हामीले बालामलाई परमेश्वरको वचनप्रति इमानदार र परमेश्वरका जनहरूको प्रेमी अगमवक्ता ठानेका थियौं होला। तर गन्ती ३१ः१६ र २ पत्रुस २ः१५-१६ पदहरूबाट हामीले के सिकेका छौं भने, तिनी एक दुष्ट, पतित भक्तिहीन व्यक्ति रहेछन्, जसले अधर्मबाट नीच लाभ उठाउन खोजे। *'बालामले बालाकलाई इस्राएलीहरूको सामु ठेस लाग्ने कारण राख्न अर्थात् मूर्तिहरूलाई चढ़ाइएका प्रसादहरू खान र व्यभिचार गर्न सिकायो'* (प्रकाश २ः१४)। यसरी नै तिनले इस्राएलीहरूलाई ठेस खुवाए। तिनले बालाकलाई दिएको सल्लाहअनुसार गरियो;

यसकारण बाल-पोरको थानमा घिनलाग्दो मूर्तिपूजा सुसमपन्न भयो।

**गन्ती २५ः४-८क**ः तब परमेश्वरको आज्ञा मोशाकहाँ आयोः 'व्यभिचारको दोष लागेका यी सबै अगुवाहरूलाई घाममा झुन्ड्याऊ!' तर यो आदेश पूरा हुनुभन्दा अघि शिमोन-कुलका एकजना जिम्री नामक अगुवाले एउटी मिद्यानी स्त्रीलाई इस्राएली जातिको छाउनीभित्र ल्याए; तिनले उसलाई आफ्नो पालमा ल्याउन लागेका थिए (गन्ती २५ः१४)। तब प्रधान पूजाहारी एलाजारका छोरा पीनहासले ती दुईजनालाई भालाले घोचेर मारे। श्री सामुएल रिडुले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

> 'पीनहासको नामको अर्थ "पित्तलको मुख" हो। अनि यो नाम उनको निम्ति सुहाउँदो छ; किनभने उनी परमेश्वरप्रति पूरा समर्पित थिए, र दयामाया नगरी उनले यस पापको उचित सजाय दिए। यसो हुनाले उनले आफ्नो निम्ति र आफ्नो परिवारको निम्ति अनन्त पूजाहारी-पद हासिल गरे।' [15)]

**गन्ती २५ः८ख-१३ः** परमेश्वरले इस्राएलीहरूको छाउनीमा एउटा भयानक महामारी पठाउनुभयो; अनि यस महामारीको चपेटमा चौबीस हजार मानिसहरू मरे (१ कोरिन्थी १०ः८ पदअनुसर एकै दिनमा तेईस हजारजना मरे)। पीनहासले यस सम्बन्धमा वीरता देखाएको हुनाले छाउनीमा यो महामारी थामियो; किनभने यिनी आफ्ना परमेश्वरको निम्ति जलिउठे; यसकारण परमेश्वरले आफ्नो उर्दीअनुसार पीनहासको परिवारको निम्ति सदा रहिरहने पूजाहारी-पद सुदृढ़ पार्नुभयो।

**गन्ती २५ः१४-१५ः** जिम्रीचाहिँ शिमोन-कुलको नायके भएका हुनाले र जुन स्त्रीसित तिनले व्यभिचार गरे, त्यो स्त्री मिद्यानी नायकेकै छोरी भएकी हुनाले हुन सक्छ, न्यायकर्ताहरू यी दुईजनालाई सजाय गर्न हिचकिचाए होलान्; तर पीनहास अलिकति पनि हिचकिचाएनन्, किनकि यिनी आफ्ना परमेश्वरको निम्ति जलिउठे।

**गन्ती २५ः१६-१८ः** परमप्रभुले मोशालाई मिद्यानीहरूको विरुद्धमा लड़ाइँ गर्ने आज्ञा दिनुभयो, जुन मिद्यानीहरू त्यस बेलासम्म मोआबीहरूसँग छासमिस भएका थिए। अनि गन्ती ३१ अध्यायमा आएर यो आज्ञा पूरा गरियो।

### ख) गन्ती २६ः दोस्रो जनगणना

**गन्ती २६ः१-५१ः** परमेश्वरले मोशालाई फेरि इस्राएलीहरूको जनगणना लिने निर्देशन दिनुभयो; किनकि तिनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए; तिनीहरूले त्यहाँ बसोबास गर्ने बासिन्दाहरूसित लड़ाइँ गरेर आ-आफ्ना अधिकारको भाग पाउन लागेका थिए। इस्राएलीहरूको जनसंख्या पहिलो जनगणनादेखि १,८२० जनहरू घटेका रहेछन्। दोस्रो जनगणनाको हिसाबकिताब यस प्रकारको छः

| **कुलको नामः** | **गन्ती १ः पहिलो जनसंख्याः** | **गन्ती २६ः दोस्रो जनसंख्याः** |
|---|---|---|
| रूबेन (गन्ती २६ः५-११) | ४६,५०० | ४३,७३० |
| शिमोन (गन्ती २६ः१२-१४) | ५९,३०० | २२,२०० |
| गाद (गन्ती २६ः१५-१८) | ४५,६५० | ४०,५०० |
| यहूदा (गन्ती २६ः१९-२२) | ७४,६०० | ७६,५०० |

| | | |
|---|---|---|
| इस्साकार (गन्ती २६:२३-२५) | ५४,४०० | ६४,३०० |
| जबूलून (गन्ती २६:२६-२७) | ५७,४०० | ६०,५०० |
| यूसुफ (गन्ती २६:२८-३७) | | |
| - मनस्से (गन्ती २६:३४) | ३२,२०० | ५२,७०० |
| - एप्रैम (गन्ती २६:३७) | ४०,५०० | ३२,५०० |
| बिन्यामिन (गन्ती २६:३८-४१) | ३५,४०० | ४५,६०० |
| दान (गन्ती २६:४२-४३) | ६२,७०० | ६४,४०० |
| आशेर (गन्ती २६:४४-४७) | ४१,५०० | ५३,४०० |
| नप्ताली (गन्ती २६:४८-५१) | ४३,४०० | ४५,४०० |
| कुल संख्याः | ६,०३,५५० | ६,०१,७३० |

गन्तीको पुस्तकको एक अध्यायमा इस्राएलीहरूको जनसंख्या ६,०३,५५० थियो भने, गन्ती २६ अध्यायमा आएर तिनीहरूको जनसंख्या ६,०१,७३० भएछ। यति लामो समयमा यस कमी किन भएको हो, सो विषयमा श्री डी. एल. मूडीले यसो भन्दै टिप्पणी गरेका छन्ः

> 'चालीस वर्षसम्म इस्राएलीहरूको जनसंख्या बढ्न सकेन; अनि हाम्रो विषयमा चाहिँ केकस्तो छ? चाहे मण्डलीको रूपमा होस्, चाहे व्यक्तिगत रूपमा होस्, हाम्रो अविश्वासको फल पनि यस्तै हुन सक्छ।' 16)

यस सम्बन्धमा सबैभन्दा घतलाग्दो कुरा यही होः शिमोन-कुलबाट लगभग ३७,००० मानिसहरू घटेका छन्। गन्ती २५ अध्यायमा शिमोन-कुलका मानिसहरू बाल-पोरको सम्बन्धमा बढ़ी संलग्न रहेका देखिन्छ; किनभने जिम्रीचाहिँ यस कुलको प्रमुख नायके थिए। अनि हुन सक्छ, चौबीस हजारजना मारिएकाहरूमध्ये सबैभन्दा बढ़ी शिमोनीहरू थिए कि के हो?

अनि गन्ती २६:११ पदमा बताइएको छ कि कोरहका सन्तानहरू कोरह आफ्ना बुबासँग मरेनन्।

**गन्ती २६:५२-५३ः** अब यस दोस्रो जनगणनाको संख्याअनुसार हरेक कुलले प्रतिज्ञाको देशमा आ-आफ्नो अधिकारको भाग पाउनेथियो। देश चिट्ठा हालेर बाँड़चुँड़ गरिनेथियो। यस भनाइको अर्थ यो थियोः हरेक कुलले पाउने क्षेत्रफल त्यसको जन-संख्यामा भर पर्थ्यो भने, देशमा कुलको भाग कहाँ पर्ने हो, सो कुरा चिट्ठाद्वारा निर्धारित गरिनेथियो।

**गन्ती २६:५७-६५ः** लेवीहरूको जन-संख्या छुट्टै लिइयो। तिनीहरूको जनसंख्या २३,००० थियो। केवल यहोशू र कालेबका नामहरू दुवै जनगणनाको सूचिमा समावेश थिए। अरू बाँकी सबैजना, जसका नामहरू पहिलो जनगणनाको सूचिमा हालिएका थिए, उजाड़स्थानमा मरे। गन्ती २६:६४-६५ पदहरूको सन्दर्भ ती लड़ाइँमा जान सक्ने मानिसहरू थिए, जो पहिलो जनगणनामा गनिएका थिए। लेवीहरू र स्त्रीहरू यस सूचिबाट बाहेक थिए, यद्यपि अठतीस वर्ष लामो यात्राको अवधिभित्र तिनीहरूमध्ये धेरैजनाको मृत्यु पनि भएको हुनुपर्छ।

### ग) गन्ती २७:१-१२ः छोरीहरूको पैतृक अधिकारको भाग के हो?

मनस्से-कुलबाट सलोफादका पाँचजना छोरीहरू थिए। यिनीहरू मोशाकहाँ आए, र

'हामीलाई हाम्रा बुबाका दाजुभाइहरूको बीचमा कुनै न कुनै अधिकारको भाग दिनुहोस्' भनेर उनलाई विन्ती गरे, यद्यपि दोस्रो जनगणनाअनुसार यिनीहरूसँग कुनै पुरुषको नाम नै थिएन, जसको नाममा यिनीहरूले कनान देशमा कुनै अधिकारको भाग पाउन सक्नेथिए (गन्ती २६:५३)। तिनीहरूका बुबा उजाड़स्थानमा मरे; तर तिनी कोरहको पक्ष लिनेहरूको कुसङ्गतमा परेका दोषी मानिस थिएनन्। यस मामिलामा परमप्रभुले उत्तर दिनुभयो र भन्नुभयोः सलोफादका छोरीहरूले आफ्ना बुबाको अधिकारको भाग पाउनुपर्छ। अंशबन्डाको सम्बन्धमा परमेश्वरको सामान्य इच्छा यही थियोः बाबुको अधिकारको भाग छोराहरूले पाउँथे; नभए छोरीहरूले पाउँथे, अथवा दाजुभाइहरूले, कि काका-मामाहरूले, कि त नजिकको साइनु लाग्ने मानिसहरूले त्यो अधिकारको भाग पाउनुपर्थ्यो। यस प्रकारले बुबाको अधिकारको भाग आफ्नै परिवारभित्र रहिरहनेथियो (गन्ती २७:१-११)।

### घ) गन्ती २७:१२-२३: यहोशू मोशाको उतराधिकारी भए

**गन्ती २७:१२-१४:** परमेश्वरले मोशालाई 'तिमी अब चाँड़ै मर्नेछौ' भन्ने पूर्व-सूचना दिनुभयो। उहाँले उनलाई 'अबारीम पहाड़मा उक्लिजाऊ' भन्ने आदेश दिनुभयो। अबारीम-चाहिँ वास्तवमा मृत सागरको पूर्वमा अवस्थित भएको पर्वतमाला हो, जुन पर्वतमालामा नबो पहाड़ पनि पर्थ्यो, जहाँ मोशाको मृत्यु भयो।

**गन्ती २७:१५-२३:** मोशा निःस्वार्थी मानिस थिए; यसैले उनले आफूपछि मानिसहरूको अगुवाइ गर्न सक्ने एकजना सुयोग्य अगुवाको विषयमा विचार गरे। अनि परमेश्वरको नियुक्तिअनुसार नूनका छोरा यहोशू उनको उत्तराधिकारी भए। पूजाहारीगिरीको सम्बन्धमा र इस्राएली-हरूमाथि शासन गर्ने अधिकारको सम्बन्धमा कुरा यस्तो हुन्थ्योः कुनै परिवारभित्र आएको अधिकार एउटा पुस्तादेखि अर्को पुस्तामा सर्दै जान्थ्यो। तर मोशाको उत्तराधिकारी उनको छोरा होइन, तर उनको सेवक पो भए (प्रस्थान २४:१३)।

### ङ) गन्ती २८-३०: निर्धारित समयहरू-अनुसारका बलिहरू र भाकलका नियम-हरू

**गन्ती २८-२९:** यी अध्यायहरूमा प्रतिज्ञाको देशमा मानिसहरूले चढ़ाउनुपर्ने बलिहरू र मनाउनुपर्ने चाड़हरू के-के हुन्, सो कुरा तिनीहरूलाई फेरि एकपल्ट सम्झना गराइयो।

***क)*** *दिन प्रतिदिन चढ़ाउनुपर्ने बलिहरूः*

तिनीहरूले हरेक बिहान र हरेक बेलुका एउटा होमबलि चढ़ाउनुपर्थ्यो; त्यसको साथमा तिनीहरूले एउटा अन्नबलि र एउटा अर्घबलि पनि चढ़ाउनु थियो (गन्ती २८:३-८)।

परमप्रभुको मन्दिर रहुन्जेल इस्राएलीहरूले दिन प्रतिदिन बिहान-बेलुका निम्न बलिहरू चढ़ाउनु थियोः

तिनीहरूले हरेक बिहान र हरेक बेलुका एउटा निष्खोट भेड़ाको पाठो होमबलिको रूपमा चढ़ाउनु थियो। यसको साथमा तिनीहरूले निम्न अन्नबलि चढ़ाउनुपरेको थियोः हिनको एक चौथाइ शुद्ध तेलसँग मिसिएको एक एपाको दसौं भाग मैदा। अनि यसको साथमा अर्घबलि पनि निर्धारित गरिएको थियोः हिनको एक चौथाइ दाखमद्य।

बिहानको होमबलि चढ़ाउनुभन्दा अघि धूपवेदीमा धूप जलाइन्थ्यो भने, बेलुकाको होमबलि चढ़ाएपछि फेरि धूप जलाइन्थ्यो।

यहूदीहरूको मन्दिर स्थापित भएको समयदेखि यता र त्यो मन्दिर रहुन्जेल यो नित्य होमबलि निरन्तर चढ़ाइरहन्थ्यो। पूजाहारीहरूले दैनिक बलि चढ़ाउने काममा यो नित्यक्रम चलिरहन्थ्यो। श्री मोफ्फटले प्रयोग गरेका शब्दअनुसार यो लेवीहरूको 'मतिमन्द ड्यूटि' हुन्थ्यो, जसले अविराम दिनदिनै यी बलिहरू चढ़ाइबस्थे। यस प्रक्रियाको अन्त कहिल्यै भएन; अनि गर्नुपर्ने सबै कामहरू गरिसकेर पनि मानिसहरूको विवेकमा पापको दोष रहिरहेको र परमेश्वरदेखि अलग भएको भान भइरहन्थ्यो।

***ख)*** *साप्ताहिक बलिहरूः*

हरेक विश्राम-दिनमा साप्ताहिक होमबलि त्यसको अन्नबलि र त्यसको अर्घबलिको साथमा चढ़ाइन्थ्यो (गन्ती २८:९-१०)।

***ग)*** *मासिक बलिहरूः*

हरेक महिनाको पहिलो दिनमा एउटा होमबलि त्यसको अन्नबलि र त्यसको अर्घबलिको साथमा चढ़ाइन्थ्यो (गन्ती २८:११-१४)। अनि नित्य होमबलि र त्यसको अर्घबलिबाहेक पापबलिको रूपमा बाख्राको एउटा पाठो चढ़ाइन्थ्यो (गन्ती २८:१५)।

**परमप्रभुका चाड़हरूः**

***क)*** *निस्तार-चाड़ः* हरेक वर्षको पहिलो महिनाको चौधौं दिनमा निस्तार-चाड़ मनाइन्थ्यो (गन्ती २८:१६)।

***ख)*** *अखमिरी रोटीहरूको चाड़ः* निस्तार-चाड़को भोलिपल्ट, यस पहिलो महिनाको पन्ध्रौं दिनदेखि एक्काइसौं दिनसम्म अखमिरी रोटीहरूको चाड़ मनाइन्थ्यो (गन्ती २८:१७-२५)।

***ग)*** *हप्ताहरूको चाड़ः* हप्ताहरूको चाड़मा इस्राएलीहरूले परमप्रभुको निम्ति एउटा नयाँ अन्नबलि चढ़ाउँथे (गन्ती २८:२६-३१)। यहाँ गन्ती २८:२६ पदमा लेखिएको 'पहिला फलहरूको दिन' र लेवी २३:९-१४ पदको खण्डमा उल्लेख गरिएको 'पहिलो फसलको चाड़'को बीचमा छुट्ट्याउनुपर्छ।

***घ)*** *तुरहीहरूको चाड़ः* हरेक वर्षको सातौं महिनाको पहिलो दिनमा तुहरीहरू फुक्ने दिन पर्थ्यो (गन्ती २९:१-६)।

***ङ)*** *प्रायश्चित्तको दिनः* हरेक वर्षको सातौं महिनाको पहिलो दिनमा प्रायश्चित्तको दिन पर्ने गर्थ्यो (गन्ती २९:७-११)।

***च)*** *झुपड़ीहरूको चाड़ः* सातौं महिनाको पन्ध्रौं दिनदेखि एक्काइसौं दिनसम्म झुपड़ीहरूको चाड़ मनाइन्थ्यो (गन्ती २९:१२-३४)। यस चाड़को आठौं दिनमा विशेष विश्राम-दिन पालन गरिन्थ्यो (गन्ती २९:३५-३९)।

**गन्ती ३०:१-५ः** यस अध्यायमा भाकलहरूको सम्बन्धमा विभिन्न निर्देशनहरू दिइएका छन्। जुन मानिसले परमप्रभुलाई कुनै भाकल गर्‍यो, यस मानिसले यो भाकल अवश्य पूरा गर्नैपर्नेथियो। तर आफ्नो बुबाको देखरेखमा रहेकी एउटी जवान स्त्रीले कुनै भाकल गर्दै गरेको बेलामा उसका बुबाले सुन्यो भने उसले सुनेको यस पहिलो दिनमा त्यो भाकल रद्द गर्न सक्थ्यो। तर आफ्नी छोरीको यस भाकलको विषयमा सुनेर पनि उसले यसको विरोधमा सुनेको दिनमा केही भनेन, तर ऊ चुप रह्यो भने, त्यो भाकल लागू हुनेथियो र उसकी छोरीले त्यो भाकल पूरा गर्नुपर्थ्यो।

**गन्ती ३०:६-१६:** गन्ती ३०:६-८ पदको खण्डमा पेश गरिएको मामिला यस प्रकारको भएको देखिन्छः एउटी स्त्रीले आफ्नो विवाह हुनुभन्दा अघि एउटा भाकल गरी, जुन भाकलको विषयमा यसको पतिले केही सुनेको थिएन। तर जुन दिनमा उसले यस भाकलको बारेमा पहिलो पल्ट सुन्यो, उसले त्यस दिनमा त्यो भाकल रद्द गर्न सक्थ्यो। तर विधवा र त्यागिएकी स्त्रीले गरेका भाकलहरू कायम रहन्थे (गन्ती ३०:९)। कुनै विवाहिता स्त्रीले गरेको भाकल उसको पतिले त्यसको विषयमा सुनेको पहिले दिनमा नै रद्द गर्न सक्थ्यो (गन्ती ३०:१०-१५)। यसरी पति घरको शिर हुने कुरा कायम रहन्थ्यो। तर पत्नीले गरेको भाकल यसको पतिले पछिबाट रद्द गरे भने, त्यसको दोष पतिको हुनेथियोः उसले कि त एउटा निर्धारित दोषबलि चढ़ाउनुपर्थ्यो, कि त परमप्रभुबाट कुनै न कुनै सजाय पाउनेथियो (गन्ती ३०:१५)।

### च) गन्ती ३१: मिद्यानीहरूको विनाश

**गन्ती ३१:१-११:** परमेश्वरले मोशालाई 'मिद्यानीहरूलाई नष्ट गर' भन्ने आज्ञा दिनुभयो; किनभने उनीहरूले परमेश्वरका जनहरूलाई बाल-पोरमा व्यभिचार र मूर्तिपूजामा फसाएर भ्रष्ट पारेका थिए। यसकारण बाह्र हजार इस्राएली सिपाहीहरू मिद्यानीहरूको विरुद्धमा निस्के, र तिनीहरूले उनीहरूका सबै पुरुषहरूलाई मारे। प्रधान पूजाहारी एलाजारको सट्टामा छोरा पीनहास लड़ाइँमा गए (गन्ती ३१:६)। यसको कारण यो थियो होलाः यिनले जिम्री र तिनीसँग व्यभिचार गरेकी त्यस मिद्यानी स्त्रीलाई मारेर इस्राएली जातिको छाउनीदेखि परमप्रभुको क्रोध हटाइदिएका थिए (गन्ती २५)। अनि अहिले यिनी जीवित परमेश्वरको सेनालाई अगुवाइ गर्दै मिद्यानीहरूमाथि परमप्रभुको सजाय पूरा गर्न निस्के। गन्ती ३१:७ पदमा भनिएको 'सबै पुरुषहरू' भन्ने वाक्यांशको अर्थ यो होः यसको सन्दर्भ मिद्यानीहरूको सेना हो; सबै मिद्यानीहरू होइन। किनभने गिदोनको पालोमा मिद्यानीहरू फेरि इस्राएली जातिको निम्ति विपत्तिको कारण बने (न्यायकर्ता ६)। सूरचाहिँ कोज्बी नामक मिद्यानी स्त्रीका बुबा थिए (गन्ती ३१:८), जुन कोज्बी इस्राएली जातिको छाउनीमा मारिएकी थिई (गन्ती २५:१५)।

अनि यहाँ फेरि एकपल्ट बालामको कुरा आयोः बालाम पनि यस अवसरमा मारिए; किनकि कि त तिनी घर फर्किएका थिएनन्, कि त तिनी कुनै कामको सिलसिलामा फेरि मिद्यानमा फर्किआएका थिए।

**गन्ती ३१:१२-१८:** इस्राएलीहरूले मिद्यानका सबै सिपाहीहरूलाई मारे; तर तिनीहरूले उनीहरूका स्त्रीहरू र केटाकेटी-हरूलाई जोगाइराखे। तिनीहरू गर्वको साथ प्रशस्त लुटको माल आफ्नो साथमा लिएर आफ्नो छाउनीमा फर्केर आए। मोशा तिनीहरूसँग रिसाए; किनभने तिनीहरूले इस्राएली जातिका मानिसहरूलाई पापमा फसाउनेहरूलाई जीवितै राखे। यसकारण उनले सबै केटाहरू र कुनै पुरुषसँग शारीरिक सम्पर्कमा आएका सबै स्त्रीहरूलाई मार्ने आदेश दिए। तर सबै बालिकाहरूलाई तिनीहरूले जिउँदै छोड़िराखे; हुन सक्छ, घरेलु काममा सघाउने हिसाबले। इस्राएली जातिलाई आगामी भ्रष्टाचारबाट बचाउनको निम्ति यस प्रकारको कड़ा न्याय एकदम अनिवार्य थियो।

**गन्ती ३१:१९-५४:** लड़ाइँबाट फर्केर आएका सबै सिपाहीहरू र तिनीहरूका कैदीहरू विधिवत् शुद्धीकरणको निम्ति सात दिनसम्म छाउनी-बाहिर बस्नुपर्‍यो (गन्ती ३१:१९)। अनि लुटका मालहरू पनि कि त आगोद्वारा कि त पानीद्वारा शुद्ध पारिनुपर्‍यो

(गन्ती ३१:२१-२४)। लुटका मालहरू लड़ाइँमा जाने सिपाहीहरू र इस्राएली समुदायको बीचमा बाँड़िए (गन्ती ३१:२५-४७)। लड़ाइँमा जाने सिपाहीहरूमध्ये कसैको मृत्यु नभएको कारणले तिनीहरू यति कृतज्ञ थिए, कि तिनीहरूले परमप्रभुलाई ठूलो धन्यवादको भेटी चढ़ाए (गन्ती ३१:४८-५४)।

### छ) गन्ती ३२: रूबेन, गाद र मनस्सेको आधा कुलको अधिकारको भाग

**गन्ती ३२:१-१५:** जब रूबेनीहरू र गादीहरूले यर्दन नदीको पूर्वपट्टि भएको खूबै मलिलो खर्क देखे, तब तिनीहरूले त्यही ठाउँमा स्थायी रूपले बसोबास गर्न पाऔं भन्ने अनुरोध गरे (गन्ती ३२:१-५)। मोशाले तिनीहरूको यस अनुरोधमा तिनीहरूले यर्दन नदी तरेर कनान देशमा रैथाने अन्य-जातिहरूसित लड़ाइँ गर्न आफ्ना दाजुभाइ-हरूको साथमा जान चाहेका छैनन् भन्ने अर्थ लगाए (गन्ती ३२:६-१५)। के तिनीहरूका बुबाहरूले कादेश-बर्नेअमा पनि इस्राएली-हरूलाई प्रतिज्ञाको देशमा प्रवेश गर्नदेखि निरुत्साहित तुल्याएका थिएनन् र?

**गन्ती ३२:१६-४२:** तर जब रूबेन-कुल र गाद-कुलका मानिसहरूले तीनै पल्ट मोशालाई 'हामी निश्चय नै यर्दानको पश्चिमी भागमा पर्ने प्रतिज्ञाको देशको निम्ति लड़ाइँ गर्ने नै छौं' भन्ने आश्वासन दिए, तब मोशाले तिनीहरूलाई त्यहाँ बसोबास गर्ने अनुमति दिए (गन्ती ३२:१६-३२)। यसकारण गादीहरू, रूबेनीहरू र यूसुफको छोरा मनस्सेको आधा कुलले एमोरीहरूका राजा सीहोनको राज्य र बाशानका राजा ओगको राज्य अधिकारको भागको रूपमा प्राप्त गरे। त्यहाँ तिनीहरूले पर्खालले घेरिएका शहरहरू निर्माण गरे र बस्तीहरू बसाए, अनि भेड़ाबाख्राहरूको निम्ति गोठहरू पनि बनाए (गन्ती ३२:३३-४२)।

एकतिर धेरैजनाको विचारमा, यस सम्बन्धमा रूबेनीहरू र गादीहरूले सठीक निर्णय गरेनन्; किनकि तिनीहरूले चुनेको भूमि असल र मलिलो भए तापनि शत्रुहरूको आक्रमणको निम्ति खुला थियो। तिनीहरू यर्दन नदीको सुरक्षाको आड़ पाएनन्। रूबेन, गाद र मनस्सेको आधा कुलचाहिँ इस्राएली-हरूका कुलहरूमध्ये पहिला कुलहरू थिए, जुन कुलहरू पछिल्ला वर्षहरूमा शत्रुहरूद्वारा कब्जा हुनुको साथै कैदमा पनि लगिए। अर्कोतिर, यो तर्क बसेको छः यदि यर्दनको पूर्वतिर मलिलो भूमिमा इस्राएलीहरूमध्ये कसैले बसोबास गर्न नचाहे त्यस भूमिसित तिनीहरूले के गर्नुपर्नेथियो? किनकि परमेश्वरले त्यो भूमि तिनीहरूको हातमा सुम्पिदिनुभयो, अँ, तिनीहरूलाई त्यो भूमि कब्जा गर्ने आज्ञा पनि दिनुभयो (व्यवस्था २:२४ र ३१; व्यवस्था ३:२)।

### ज) गन्ती ३३: इस्राएलीहरूले यात्रा गर्दा कहाँ-कहाँ छाउनी हाले, यसको विवरण

**गन्ती ३३:१-४९:** यस अध्यायमा मिस्र देशदेखि मोआबका मैदानसम्म इस्राएलीहरूले कहाँ-कहाँ यात्रा गरे, सो कुराको सर्वेक्षण गरिएको छ। हामीले यस विषयमा अघि भनिसक्यौं, कि तिनीहरूले यात्रा गरेका सबै ठाउँहरू कहाँ-कहाँ थिए, सो निश्चित रूपले पत्ता लगाउनु असम्भव छ। यो अध्याय यस प्रकारले भाग गर्न सकिन्छः **क)** मिस्र देशदेखि सिनाई पर्वतसम्मको यात्रा (गन्ती ३३:५-१५); **ख)** सिनाई पर्वतदेखि कादेश-बर्नेअसम्मको यात्रा (गन्ती ३३:१६-३६); **ग)** कादेश-बर्नेअदेखि होर पहाड़सम्मको यात्रा (गन्ती ३३:३७-४०); अनि **घ)** होर पहाड़देखि मोआबका मैदानसम्मको यात्रा (गन्ती ३३:४१-४९)। गन्ती २१ अध्यायमा

पेश गरिएको वर्णनसित तुलना गर्दा के देखिन्छ भने, यहाँ प्रस्तुत गरिएको सूचि पूरा भएको छैन रहेछ, तर अधूरो भएको रहेछ।

**गन्ती ३३:५०-५६:** प्रतिज्ञाको देश कब्जा गर्नेहरूको निम्ति परमेश्वरको आदेश सुस्पष्ट थियोः तिनीहरूले कनान देशका सबै बासिन्दाहरूलाई तिनीहरूको नामनिशान नहुने गरी नष्ट गर्नुपर्‍यो। वर्तमान समयमा यस प्रकारको आदेश अति निर्दयी भएको सुनिन्छ। तर याद गर्नुहोस्ः कनान देशका बासिन्दाहरूभन्दा भ्रष्ट, चरित्रहीन र दुष्ट मानिसहरू यस पृथ्वीमा छँदैथिएनन्। परमेश्वरले यिनीहरूलाई चार सय वर्षसम्म सहनुभयो र यिनीहरूसित धीरजको साथ व्यवहार गर्नुभयो; तर यिनीहरूमा कहिल्यै कुनै असल परिवर्तन आएन। उहाँलाई राम्ररी थाहै थियो, कि उहाँका जनहरूले कनानी-हरूलाई नष्ट गरेनन् भने, कनानीहरूको चरित्रहीनता र यिनीहरूको मूर्तिपूजाजस्ता आत्मिक रोगहरूले इस्राएली जातिलाई पनि संक्रमण गर्नेथिए। यसकारण इस्राएलीहरूले यी कनान देशका जातिहरूका मानिसहरूलाई नष्ट गर्नु मात्र होइन, तर मूर्तिपूजाको निशान र गन्ध समेत यस देशबाट हटाउनुपरेको थियो (गन्ती ३३:५२)।

### झ) गन्ती ३४: प्रतिज्ञा गरिएको देशको साँधसिमाना

**गन्ती ३४:१-१५:** परमेश्वरले इस्राएली जातिलाई प्रतिज्ञा गरेर दिनुभएको भूमिको साँधसिमानाको विवरण गन्ती ३४:१-१५ पदको खण्डमा दिइएको छ। सामान्य रूपले भन्नु हो भने, प्रतिज्ञाको देशको दक्षिणको सिमानाचाहिँ मृत सागरको दक्षिणी टुप्पादेखि मिस्रको खहरे खोला हुँदै भूमध्यसागरसम्म थियो (गन्ती ३४:३-५); अनि यसको पश्चिमको सिमाना भूमध्यसागर थियो (गन्ती ३४:६); अनि यसको उत्तरको सिमानाले चाहिँ भूमध्यसागरदेखि होर पर्वत ताक्यो (गन्ती ३३ अध्यायमा उल्लेख गरिएको होर पहाड़ अर्को हो), अनि होर पर्वतदेखि सिमाना हमातको मुखसम्म पुग्यो र हसर एनानमा टुङ्गियो (गन्ती ३४:७-९)। अनि यसको पूर्वीय सिमाना हसर एनानको दक्षिणदेखि फैलिएर गालीलको किन्नेरेतको[17] समुद्रमा र त्यहाँदेखि यर्दन नदी हुँदै मृत सागरसम्म गयो (गन्ती ३४:१०-१२)। नौ कुलहरू र आधा कुलले यस सिमानाभित्र परेको भूमिमा अधिकारको भागको रूपमा पाउनेथिए। किनकि दुई कुलहरू र आधा कुलले यर्दन नदीको पूर्वपट्टिको भूमि आफ्नो अधिकारको भागको रूपमा पक्का गरिसकेका थिए (गन्ती ३४:१३-१५)।

**गन्ती ३४:१६-२९:** यहाँ, यस खण्डमा अधिकारका भागहरू बाँड़चुँड़ गर्नको निम्ति छानिएका मानिसहरूका नामको सूचि प्रस्तुत गरिएको छ।

**कनान देशको आसपास**



**ञ) गन्ती ३५:१-५: लेवीहरूका शहरहरू**

लेवी-कुलका मानिसहरूले इस्राएली जातिका अरू कुलहरूसँग कुनै अधिकारको भाग पाउँदैनथिए; यसकारण परमेश्वरले तिनीहरूको निम्ति अठचालीस शहरहरू छुट्ट्याउनू भन्ने आज्ञा गर्नुभयो। गन्ती ३५:४ र ५ पदमा बताइएका खुला जमिनहरूका नापहरू कुन प्रकारले बुझ्नु हो, सो हामीलाई गाह्रो परिरहेको छ। तापनि यति भन्न सकिन्छ, कि लेवीहरूका शहरहरूको वरिपरि तिनीहरूलाई गाईबस्तुहरू चराउने खर्क दिइएको थियो। हुन सक्छ, गन्ती ३५:४ पदमा बताइएको एक हजार हातचाहिँ गन्ती ३५:५ पदमा भनिएको दुई हजार हातको नापभित्र समावेश भएको थियो होला।

**ट) गन्ती ३५:६-३४: शरणनगरहरू र हत्याराको निम्ति मृत्युदण्ड**

**गन्ती ३५:६-८:** लेवीहरूका अठचालीस शहरहरूमध्ये छवटाचाहिँ शरणनगरहरूको रूपमा छुट्टाइनुपर्‍यो। किनकि अनजानमा कसैको हत्या गर्ने व्यक्तिले ती छवटा शहरहरूमध्ये कुनै एउटा शहरमा भागेर न्यायको जाँच नहोउन्जेल त्यहाँ शरण लिन सक्थ्यो। जुन कुलहरूसँग जमिनको ठूलो क्षेत्रफल थियो, ती कुलहरूले यसको हिसाबअनुसार लेवीहरूलाई बढ़ी शहरहरू दिए; तर जुन कुलसँग थोरै जमिन थियो, त्यस कुलले लेवीहरूलाई धेरै शहरहरू दिनुपरेन।

**गन्ती ३५:९-२१:** यर्दन नदीको पूर्वपट्टि तीनवटा शरणनगरहरू निर्धारित भए र यर्दन नदीको पश्चिमपट्टि पनि तीनवटा शरणनगरहरू निर्धारित भए। प्रायः जुनै पनि ज्यानमारालाई मारिएको व्यक्तिका आफन्तहरूले बदला लिन खेद्थे। तर त्यो ज्यानमारा भागेर कुनै एउटा शरणनगरमा पुग्यो भने, त्यो ज्यानमारा न्यायको जाँच नहोउन्जेल त्यस ठाउँमा सुरक्षित रहन्थ्यो (गन्ती ३५:१२)। तर हत्यारा ठहराइएको व्यक्तिको निम्ति कुनै शरणनगर सुरक्षाको आड़ हुँदैनथियो (गन्ती ३५:१६-१९)। घृणा गरेर वा शत्रुता राखेर गरेको हिंसा हत्या ठहरिन्थ्यो र यस अपराधको निम्ति मृत्युदण्ड दिइन्थ्यो (गन्ती ३५:२०-२१)।

**गन्ती ३५:२२-२८:** कुनै मानिसको हिंसा हत्या थियो कि थिएन, सो कुरा जाँच्ने र निधो गर्ने काम समुदायको कर्तव्य थियो (गन्ती ३५:२२-२४)। अनजानमा कसैको ज्यान लिने व्यक्ति निर्दोष साबित भएमा प्रधान पूजाहारीको मृत्यु नहोउन्जेल त्यो हत्या गर्ने मानिस त्यस शरणनगरमा रहनुपर्थ्यो। त्यसपछि मात्र त्यसलाई आफ्नो घरमा फर्कन दिइन्थ्यो (गन्ती ३५:२८)। तर यदि हत्याको बदला लिने व्यक्तिले त्यस ज्यानमारालाई शरणनगरदेखि बाहिर निस्केको फेला पार्‍यो र त्यसलाई मार्‍यो भने, त्यसको दोष हत्याको बदला लिने व्यक्तिलाई लाग्दैनथियो (गन्ती ३५:२६-२८)।

प्रधान पूजाहारीको मृत्युले शरणनगरहरूमा भागेर जानेहरूलाई स्वतन्त्रता प्रदान गर्‍यो। हत्याको बदला लिनेहरूले तिनीहरूलाई केही हानि गर्न सक्दैनथिए। हाम्रा महापूजाहारी येशू ख्रीष्टको मृत्युले हामीलाई व्यवस्थाद्वारा हामीमाथि लगाइएका सबै दोषारोपहरूदेखि मुक्त गराएको छ। प्रधान पूराहारीको मृत्यु हुनुपर्ने सर्तमा के बुद्धि हुनेथियो र, जब यस तथ्यले हाम्रा प्रभु येशूले क्रूसमा पूरा गर्नुभएको उहाँको त्राणको कामको चित्रण गर्दैन भने, तपाईं आफै भन्नुहोस्!

यस तथ्यसित श्री मेरिल एफ. उङ्गरले यहूदीहरूको परम्पराका कतिवटा बेलीबिस्तारहरू जोड़ेर यसो भनेका छन्:

'यो यहूदीहरूका धर्मगुरुहरूले भनेको कुरा होः सन्हेद्रिन नामक महासभाको जिम्मेवारी के थियो भने, तिनीहरूले ज्यानमाराको उपयोगको निम्ति शरणनगरहरूतिरका सबै सड़कहरू सफा र सकेसम्म ठीकठाक राख्नुपर्थ्यो। ती सड़क-हरूमा कुनै थुम्कीहरू उठेका हुनुहुँदैनथियो, हरेक खोलानाला र नदीमाथि पुल बनाइएको हुनुपर्थ्यो। अनि ती सड़कहरूको चौड़ाइ कम्तीमा बत्तीस हात हुनुपर्थ्यो। हरेक दोबाटोमा 'शरणस्थान' लेखिएको तख्ता राखिन्थ्यो। अनि धर्मशास्त्र पढ्ने दुईजना विद्यार्थीहरूलाई नियुक्त गरिन्थ्यो, जसले शरणनगरतिर भागेर जाने मानिसलाई साथ दिन्थे र त्यस ज्यानमाराबाट हत्याको बदला लिन खोज्नेहरूलाई तिनी-हरूलाई बाटोमा उसलाई खेदेका भेटाउँदा मनाउन खोज्थे अरे।' 18)

यसबाट निम्न साङ्केतिक अर्थ निकाल्न सकिन्छः इस्राएलीहरू ती हत्याराहरू हुन्, जसले येशू मसीहलाई मृत्युदण्ड दिए। तर तिनीहरूले यो काम अनजानमा गरे (प्रेरित ३:१७)। प्रभु येशूले क्रूसमा यसो भन्दै प्रार्थना गर्नुभयोः *'... तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्'* (लूका २३:३४)। जसरी एकजना ज्यानमारा आफ्नो घरबाट निक्लिनु-परेको र शरणार्थी भएर एउटा शरणनगरमा जिउनुपर्थ्यो, ठीक त्यसरी नै इस्राएली जाति पनि त्यस समयदेखि अहिलेसम्म निर्वासनमा जिइरहेको छ। तर एक दिन तिनीहरूको पुनर्स्थापना हुनेछ, तर यो पुनर्स्थापना महा-पूजाहारीको मृत्युपछि हुने होइन; किनभने महापूजाहारी येशू ख्रीष्टको मृत्यु फेरि कहिल्यै हुने नै छैन। तर जब उहाँ राज्य गर्न आउनुहुनेछ, तब इस्राएली जातिको पुनर्स्थापना हुनेछ।

**गन्ती ३५:२९-३४:** हत्याराहरूको निम्ति मृत्युदण्ड निर्धारित गरिएको थियो; हत्याराको निम्ति मृत्युदण्डबाट उम्कने ठावैं थिएन, यसको निम्ति कुनै क्षतिपूर्ति थिएन (गन्ती ३५:३०-३१)। अनि ज्यानमाराचाहिँ? कुनै ज्यानमाराले शरणनगरबाट हुने रिहाइ कुनै मोल तिरेर खरिद गर्न सक्दैनथियो (गन्ती ३५:३२)। जुन रगत मानिसको हत्यामा बगाइन्थ्यो, त्यस रगतले भूमिलाई अशुद्ध पार्थ्यो; यसकारण त्यस हत्याराको मृत्यु त्यस बगाइएको रगतको माग थियो (गन्ती ३५:३३-३४)। ख्रीष्ट येशूको मृत्यु पनि यस दृष्टिकोणले हेर्दा के नतिजा निस्कन्छ?

### ठ) गन्ती ३६ः विवाहिता छोरीहरूको अधिकारको भाग के हो?

यर्दनको पूर्वपट्टि गिलादमा बसोबास गरेका मनस्सेको आधा कुलका प्रतिनिधिहरू एउटा समस्या लिएर मोशाकहाँ आए (गन्ती २७:१-११ पदको खण्ड हेर्नुहोस्)। यदि सलोफादका छोरीहरूले अन्य कुलका पुरुषहरूसँग विवाह गरे भने, तिनीहरूको अधिकारको भाग जुबिली वर्षमा निश्चित र चिरस्थायी रूपले आफ्नो कुलदेखि अर्को कुलमा सरेर जान्छ भन्ने उनीहरूको डर थियो (गन्ती ३६:४)। यस समस्याको समाधान यस प्रकारले भयोः तिनीहरूले आफ्नै कुलभित्रका पुरुषहरूसँग विवाह गर्नुपर्थ्यो। यसरी एउटा कुलको अधिकारको भाग अर्को कुलमा सरेर जानदेखि रोकिन्थ्यो (गन्ती ३६:५-११)। यसकारण सलोफादका छोरीहरूले त्यस्तै गरे र मनस्सेको कुलभित्र विवाह गरे (गन्ती ३६:१०-१२)। अनि गन्ती ३६:१३ पदले छब्बीस अध्यायदेखि यहाँसम्म आइरहेको खण्डको सार व्यक्त गरेको छ।

गन्तीको पुस्तकमा निम्न तीनवटा प्रकाण्ड कुराहरू देखिन्छन्ः

**क)** मानिसको हृदय निरन्तर दुष्ट र अविश्वासले पूर्ण हुन्छ।

**ख)** परमप्रभुको पवित्रता महान् छ र उहाँको कृपाद्वारा सन्तुलन गरिएको छ।

**ग)** मोशा परमेश्वरको जनले पापी मानिसहरू र पवित्र परमेश्वरको बीचमा मध्यस्थ भई तिनीहरूको निम्ति अन्तर्विन्ती गरे।

गन्तीको पुस्तक लेखिएको समयदेखि उसो मानिसको हृदयमा कुनै हेरफेर आएको छैन, न ता परमेश्वरको पवित्रता र कृपामा नै कुनै परिवर्तन आएको छ। तर मोशाको स्थानमा प्रभु येशू ख्रीष्ट आउनुभएको छ। उहाँ हाम्रा एकमात्र मध्यस्थ हुनुहुन्छ। उहाँमा, उहाँबाटको शक्तिमा हामीले इस्राएली जातिका पापहरू दोहोर्‍याउनुपर्दैन; अनि यसरी हाम्रो जीवनले परमेश्वरको क्रोध उठाउनुपर्दैन, जसरी तिनीहरूले घरिघरि उहाँको क्रोध उठाइरहन्थे। हामीले गन्तीको पुस्तकको अध्ययनबाट कुनै फाइदा उठाउनु हो भने, *'यी सबै कुराहरू उदाहरणको रूपमा तिनी-हरूमाथि आइपरे, र हाम्रै चेताउनीको निम्ति लेखिएका हुन्'* भन्ने कुरा हामीले सधैं सम्झना गर्नुपर्छ (१ कोरिन्थी १०:११)।

## ENDNOTES:


1) **Introduction:** W. Graham Scroggie, *Know Your Bible, Vol. 1, The Old Testament*, p. 35.
2) **3:14–39:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 80.
3) **4:4–20:** C. F. Keil and F. Delitzsch, *"Numbers," in Biblical Commentary on the Old Testament*, III:25.
4) **6:1–8:** George Williams, *Student's Commentary on the Holy Scriptures*, p. 82.
5) **6:24–26:** D. L. Moody, *Notes from My Bible,* p. 41.
6) **10:29–32:** Quoted by John W. Haley, *Alleged Discrepancies of the Bible*, p. 431.
7) **11:16-17:** In Moses' defense the following points are worth noting: 1) God does not rebuke Moses; 2) God rather encourages Moses, promising him that after the seventy were endued with His Spirit, they would share his burden; 3) God Himself answers his need; 4) Moses was leading up to 2,000,000 complaining and unspiritual people; 5) Verse 17 does not indicate a decrease in Moses' enduing with the Spirit, but rather a distribution of the same Spirit to the seventy.
8) **11:31–35:** See International Standard Bible Encyclopedia under "Quails," IV:2512.
9) **12:3:** It is always possible, that an inspired editor (such as Joshua) added these words later.
10) **12:11–16:** Keil and Delitzsch, *"Numbers,"* III:81.
11) **19:11–19:** George Williams, *Student's Commentary,* p. 88.
12) **19:11–19:** J. G. Mantle, *"Better Things"*, pagination unavailable.
13) **20:10–13:** G. Campbell Morgan, *"Searchlights from the Word",* pp. 47–48.
14) **20:22–29:** Matthew Henry, *"Numbers," in Matthew Henry's Commentary on the Whole Bible*, I:662.
15) **25:4–8a:** Samuel Ridout, further documentation unavailable.
16) **26:1–51:** D. L. Moody, *Notes from my Bible*, p. 43.
17) **34:1–15:** Chinnereth (pronounced Kin–) is Hebrew for 'harp', named from the shape of the Sea of Galilee.
18) **35:22-28:** Merrill F. Unger, *Unger´s Bible Dictionary*, p. 208

## BIBLIOGRAPHY

Harrison, R. K. "Numbers." In the *Introduction to the Old Testament*. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1969.

Henry, Matthew. "Numbers." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. I. McLean, VA: Mac-Donald Publishing Company, n.d.

Jensen, Irving L. *Numbers*. Chicago: Moody Press, 1964.

Keil, C. F. and Delitzsch, F. "Numbers." In *Biblical Commentary on the Old Testament. The Pentateuch*. Vol. 3. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Lange, John Peter. "Numbers." In *Commentary on the Holy Scriptures, Critical, Doctrinal and Homiletical*. Vol. 3. Translated by Philip Schaff. Reprint. Grand Rapids: Zondervan Publishing House, 1980.

Merrill, Eugene H. "Numbers." In the *Bible Knowledge Commentary*. Wheaton: Victor Books, 1985.

Wenham, Gordon J. *Numbers: An Introduction and Commentary*. Downers Grove, IL: InterVarsity Press, 1981.

# अवस्थाको पुस्तकको टिप्पणी

# व्यवस्थाको पुस्तकको भूमिका

*'व्यवस्थाको पुस्तकचाहिँ पुरानो नियमका सबैभन्दा महान् पुस्तकहरूमध्ये एक हो। युगयुगका मानिसहरूको बीचमा परिवारको र व्यक्तिगत भक्तिमाथि यस पुस्तकको असल प्रभाव पवित्र बाइबलका अरू सबै पुस्तकको प्रभावभन्दा बढ़ी भएको छ। नयाँ नियममा यस पुस्तकबाट असी पल्टभन्दा बढ़ी केही खण्ड उद्धृत गरिएको छ। अनि यही कारणले शुरुका इसाईहरूले आफ्ना लेख र प्रचारमा उत्पत्ति, व्यवस्था, भजनसंग्रह र यशैयाको पुस्तक – पुरानो नियमका यी चारवटा पुस्तकहरू सन्दर्भको आधार तुल्याउँथे।'*

*श्री जे. ए. थम्पसन*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

उजाड़स्थानमा हाम्रा प्रभु येशू ख्रीष्ट चालीस दिन र चालीस रातसम्म शैतानद्वारा परीक्षामा पर्नुभयो। उहाँका परीक्षाहरूमध्ये विशेष गरी तीनवटा परीक्षाहरू हाम्रो आत्मिक लाभको निम्ति सुसमाचारका पुस्तकहरूमा वर्णन गरिएका छन्। यी तीनै पल्ट ख्रीष्ट येशूले पुरानो नियम 'आत्माको तरवार'को रूपमा प्रयोग गर्नुभयो; यति मात्र होइन, तर हरेक पल्ट उहाँले केवल त्यस आत्मिक तरवारको एकै पुस्तकरूपी 'धार' चलाउनुभयो – व्यवस्थाको पुस्तक। हुन सक्छ, यो पुस्तक येशू ख्रीष्टलाई धेरै मन पर्ने पुस्तकहरूमध्ये एक भएको हुनुपर्ला; यसो हो भने, हामीले पनि यो पुस्तक प्रिय मान्नुपर्छ। धेरै ठाउँहरूका मानिसहरूले व्यवस्थाको पुस्तक हेलचेक्र्याइँ र बेवास्ता गरेका छन्; यो दुःखलाग्दो कुरा हो। हुन सक्छ, ग्रीक भाषामा लेखिएको 'सेप्टुवजिन्ट' नामक पुरानो नियमको अनुवादबाट आएको यस पुस्तकको शीर्षक यसको बेवास्ता गरेको मूलकारण हुन सक्छ। किनभने अँग्रेजीमा यस पुस्तकको शीर्षक 'ड्युटेरोनोमी' भयो, जसको अर्थ 'दोस्रो पल्ट व्यवस्था' अथवा 'व्यवस्था दोहोरिएको' हो। यसैले होला, 'अरे, यहाँ नयाँ कुरा केही पनि छैन, तर प्रस्थानको पुस्तकमा, लेवीको पुस्तकमा र गन्तीको पुस्तकमा जेजति कुराहरू प्रस्तुत गरिएका छन्, केवल ती कुराहरू व्यवस्थाको पुस्तकमा दोहोरिन्छन्' भन्ने भूल-धारणा कसै-कसैको मनमा यस पुस्तकको विषयमा उठेको होला। तर बुझ्नुहोस्ः परमेश्वरले केही कुरा दोहोऱ्याउनुभयो भने, उहाँले बिनसित्ति यसो गर्नुहुन्न, तर यसो गरेकोमा एउटा विशेष कारण र उद्देश्य हुनुपर्छ। अनि यो पनि होः केही कुरा दोहोऱ्याउँदा उहाँले त्यसमा कुनै नयाँ जोड़ दिन चाहनुहुन्छ र त्यसका केही नयाँ बुँदाहरू प्रकट गर्नुहुन्छ। व्यवस्थाको पुस्तकसँग कुरा पनि यस्तै छ। व्यवस्थाको पुस्तक एउटा गजबको पुस्तक हो, होशियारसाथ अध्ययन गर्न लायकको पुस्तक हो।

### ख) यस पुस्तकको लेखक को हुन्?

यस पुस्तकको लेखक मोशा नै हुन्। तर हुन सक्छ, परमप्रभुले कतै आत्माप्रेरित

सम्पादकहरूलाई प्रयोग गर्नुभयो होला, जसले मोशाको लेखमा केही नयाँ बुँदाहरू थपेर सुनमा सुगन्ध लगाइदिए होलान्। यस पुस्तकको अन्तिम अध्यायको सन्दर्भ मोशाको मृत्यु भएको हुनाले उनले यो अध्याय कसरी लेख्न सके त ? यो प्रश्न उठ्नु अनिवार्य हो। तर हुन सक्छ, मोशाले यो अध्याय भविष्यवाणीको रूपमा लेखे; हुन सक्छ, यहोशूले अथवा अरू कसैले यो अध्याय लेखे।

उदारवादी आलोचकहरूले के भनेका छन् भने, 'व्यवस्थाको पुस्तकचाहिँ ख्रीष्टपूर्व ६२० सालमा राजा योसियाहको पालोमा भेट्टाइएको व्यवस्थाको पुस्तक हो।' तिनीहरूको विचारमा, यो पुस्तक एउटा छलसाजी धार्मिक पुस्तक हो अरे। किनभने यहूदीहरूले अन्य कुनै ठाउँमा होइन, तर यरूशलेममा अवस्थित भएको मन्दिरमा मात्र परमेश्वरको उपासना गरून् भन्ने हेतुले यस पुस्तकको लेखकले मोशाको लेख्ने शैली अपनाए अरे।

वास्तवमा, कुनै पुस्तक धार्मिक छल हुनै सक्दैन नै। एउटा पुस्तक कि त धार्मिक पुस्तक हो, कि त छलसाजी रचना हो। छलसाजी पुस्तक धार्मिक हुँदैन। धार्मिक पुस्तक छलको रचना हुन सक्दैन।

अब २ राजाको २२ अध्यायको कुरा आयोः त्यस समयमा भेट्टाइएको व्यवस्थाको पुस्तकचाहिँ पेन्टटुकका पाँचवटा पुस्तकहरू हुनुपर्छ; त्यसमा कुनै शङ्का छैन। योसियाहका दुईजना पूर्वज मनस्से र अमोनचाहिँ दुष्ट राजाहरू थिए। तिनीहरूले मूर्तिपूजालाई परमप्रभुको मन्दिरमा नित्य स्थान दिए। तर कुरा स्पष्ट छ, कि कुनै भक्त जनले अघि कुनै समयमा यस मन्दिरमा व्यवस्थाको पुस्तक लुकाइराखेका हुनुपर्छ।

परमेश्वरको वचन भेट्टाउँदा र त्यस वचनप्रतिको समर्पणले सधैं जागृति ल्याउँछ-ल्याउँछ। सोह्रौं शताब्दीमा मच्चिरहेको ठूलो धर्मसुधार यसको साक्षी छ।

मोशा यस पुस्तकको लेखक हुन् भन्ने कुरा पुष्टि गर्ने छोटो संरक्षण तपाईंले कृपया यस पुरानो नियमको टिप्पणीको पुस्तकमा 'पेन्टटुकको भूमिका'को शीर्षकअन्तर्गत हेर्नुहोला।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

व्यवस्थाको पुस्तक मोटामोटी ख्रीष्टपूर्व १,४०६ सालमा लेखिएको थियो। हुन सक्छ, यसमा केही सामग्रीहरू मोशाको मृत्युपछि थपिए होलान्, जुन थप सामग्रीहरू पनि आत्माको प्रेरणाको फल भएका हुन्। यस पुस्तकको लेख्ने मितिको विषयमा गरिएको विस्तृत तर्क पढ्नको निम्ति तपाईंले फेरि 'पेन्टटुकको भूमिका' नामक खण्डमा हेर्नुहोला।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

व्यवस्थाको पुस्तकचाहिँ नयाँ पुस्तामाथि केन्द्रित रहेको परमप्रभुको व्यवस्थाको पुनर्बयान हो; यो कुरा दोहोरिनु मात्र भन्न मिल्दैन; किनभने इस्राएलीहरूको चालीस वर्षको उजाड़स्थानको यात्राको अवधिभित्र एउटा नयाँ पुस्ता जन्मेको थियो। अनि यस नयाँ पुस्ताका मानिसहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए। परमेश्वरको आशिष उपभोग गर्नको निम्ति तिनीहरूले परमप्रभुको व्यवस्था जान्नुपरेको थियो र पालन गर्नुपरेको थियो।

यस पुस्तकका पहिला तीनवटा अध्यायहरूमा सिनाई पर्वतदेखि यताको इस्राएली जातिको इतिहासमा आत्मिक अर्थ लगाइन्छ; किनकि कुरा स्पष्ट छः जस-जसले इतिहासबाट सिक्दैनन्, तिनीहरूले

बितेको पुस्ताका मानिसहरूका गल्तीहरू दोहोरयाउनैपर्छ। यसकारण इतिहास जान्नुमा ठूलो महत्त्व छ। अनि यस खण्डमा सिकाउन चाहेको पाठ यही हो।

व्यवस्था ४-२६ अध्यायहरूमा, यस पुस्तकको दोस्रो खण्ड यसको मुख्य भाग हो; यस खण्डमा परमेश्वरले आफ्ना जनहरूसित स्थापित गर्नुभएको व्यवस्थाका प्रमुख नियमहरू फेरि एकपल्ट प्रस्तुत गरिएका छन्। त्यसपछि व्यवस्था २७-३३ अध्यायहरूको तेस्रो खण्डमा इस्राएलीहरूले प्रतिज्ञाको देशभित्र प्रवेश गरेको समयदेखि ख्रीष्ट येशूको दोस्रो आगमनसम्मको पूर्वदर्शन पेश गरिएको छ। परमेश्वरले इस्राएली-हरूलाई अनुग्रह देखाउनुभएको र तिनी-हरूमाथि आफ्नो शासन कायम राख्नुभएको कुरामा उहाँका उद्देश्यहरू के-के हुन्, सो यस खण्डबाट जानिन्छ। अनि यस पुस्तकको अन्तमा मोशाको मृत्युको बयान छ र उनको उत्तराधिकारी यहोशूको नियुक्ति पनि उल्लेख गरिएको छ (व्यवस्था ३४)।

प्रेरित पावलले यस व्यवस्थाको पुस्तकमा इस्राएली जातिको निम्ति मात्र होइन, तर हाम्रो निम्ति पनि सन्देश छ भन्ने कुरा हामीलाई सम्भना गराएका छन्। व्यवस्था २५:४ पदको टिप्पणी गर्दै तिनले यसो भनेका छन्: *'... कि के उहाँले विशेष गरी हाम्रो निम्ति यसो भन्दै हुनुहुन्न र? हो, यो हाम्रो निम्ति नै लेखिएको हो'* (१ कोरिन्थी ९:१०)।

यस पुस्तकमा प्रशस्त अर्तीहरू छन्; व्यवस्था ५:१ पदका शब्दहरू लिएर यी अर्तीहरूको समूहको सारांश यसरी दिन सकिन्छः *'सुन ..., सिक ... र होशियारसाथ पालन गर!'*

## रूपरेखाः

**खण्ड १) व्यवस्था १-४ः मोशाको पहिलो उपदेशः इस्राएलीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेको**

**क) व्यवस्था १ः१-५ः** परिचय

**ख) व्यवस्था १ः६-४६ः** होरेबदेखि कादेशसम्मको यात्राको छोटो विवरण

**ग) व्यवस्था २ः** कादेश-बर्नेअदेखि हेश्बोनसम्मको यात्राको छोटो विवरण

**घ) व्यवस्था ३ः** यर्दन नदीको पूर्वपट्टिको भाग कब्जा गरेको

**ङ) व्यवस्था ४ः** आज्ञाकारी हुन दिइएको अर्ती

**खण्ड २) व्यवस्था ५-२८ः मोशाको दोस्रो उपदेशः प्रतिज्ञाको देशमा आफ्नो पवित्रता कायम राख !**

**क) व्यवस्था ५ः** सिनाई पर्वतमा बाँधिएको करारको पुनर्विचार

**ख) व्यवस्था ६ः** अनाज्ञाकारिताको विरुद्धमा दिइएका चेताउनीहरू

**ग) व्यवस्था ७ः** मूर्तिपूजा गर्ने अन्यजातिहरूसँग कसरी व्यवहार गर्नुपर्ने हो, सो सम्बन्धमा दिइएका निर्देशनहरू

**घ) व्यवस्था ८ः१-११ः७ः** बितेका घटनाहरूबाट सिक्नुपर्ने पाठहरू

**ङ) व्यवस्था ११ः८-३२ः** आज्ञाकारिताको निम्ति तिनीहरूले पाउने इनामहरू के-के हुन् ?

**च) व्यवस्था १२ः** परमप्रभुको उपासनाको सम्बन्धमा केही नियमहरू

**छ) व्यवस्था १३ः** झूटा अगमवक्ताहरू र मूर्तिपूजकहरूलाई दिनुपर्ने सजाय

**ज) व्यवस्था १४ः१-२१ः** शुद्ध र अशुद्ध खानेकुराहरू

**झ) व्यवस्था १४ः२२-२९ः** दशांश

**ञ) व्यवस्था १५ः** ऋणी र कमारा-कमारीहरूप्रति गर्नुपर्ने व्यवहार

**ट) व्यवस्था १६ः** परमप्रभुका तीनवटा निर्धारित चाड़हरू

**ठ) व्यवस्था १७ः** न्यायकर्ताहरू र राजाहरूको विषयमा

**ड) व्यवस्था १८ः** पूजाहारीहरू, लेवीहरू र अगमवक्ताहरूको विषयमा

**ढ) व्यवस्था १९ः** अपराधीहरूमाथि लागू हुने कानुन

**ण) व्यवस्था २०ः** लड़ाइँको सम्बन्धमा दिइएको नियमावली

**त) व्यवस्था २१-२५ः** विभिन्न नियमहरू

**थ) व्यवस्था २६ः** विभिन्न संस्कारहरू र नियम पारित हुने तरिकाहरू

**द) व्यवस्था २७-२८ः** श्राप र आशिषहरू

**खण्ड ३) व्यवस्था २९-३०ः मोशाको तेस्रो उपदेशः प्रतिज्ञाको देशको निम्ति दिइएको करार**

**क) व्यवस्था २९ः१-२१ः** मोआबमा गरिएको करार

**ख) व्यवस्था २९ः२२-२९ः** करार भङ्ग गर्दा हुने सजाय

**ग) व्यवस्था ३०ः** करारको अधीनतामा फर्केर आउँदा हुने पुनर्स्थापना

**खण्ड ४) व्यवस्था ३१-३४ः मोशाका अन्तिम दिनहरूः प्रतिज्ञाको देशदेखि बाहिर उनको मृत्यु**

**क) व्यवस्था ३१ः** मोशाको उत्तराधिकारी

**ख) व्यवस्था ३२ः** मोशाको स्तुतिगान

**ग) व्यवस्था ३३ः** मोशाले दिएको आशीर्वाद

**घ) व्यवस्था ३४ः** मोशाको मृत्यु

# व्यवस्थाको पुस्तकको टिप्पणी

## खण्ड १

### व्यवस्था १-४ः मोशाको पहिलो उपदेशः इस्राएलीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेको

**क) व्यवस्था १ः१-५ः परिचय**

**व्यवस्था १ः१-२ः** व्यवस्थाको पुस्तक कहाँबाट शुरु हुन्छ? यस पुस्तकले इस्राएलीहरू मोआबका मैदानमा पाल टाँगेर बसेको समयदेखि शुरु गर्छ। गन्ती २२ः१ पदले बताएअनुसार इस्राएलीहरू त्यहाँ पुगेका थिए। अनि व्यवस्था १ः१ पदले यो जानकारी थपेको छः तिनीहरू सूपको अघिल्तिरको मैदानमा बसेका रहेछन्। 'सूप' भन्ने शब्दको अर्थ लाल समुद्र हो; यसो हो भने, मोआबका मैदानहरू दक्षिणपट्टि लाल समुद्रको अकाबाको खाड़ीसम्म फैलिएर गएका बुझिन्छ। होरेब अर्थात् सिनाई पर्वतदेखि तिनीहरूको यात्रा सेईर पहाड़को बाटो भएर कादेश-बर्नेअमा आइपुगेको थियो, जुन कादेश-बर्नेअ भन्ने ठाउँ कनान देशको मुखमा परेको थियो। अनि तिनीहरूको यो यात्रा एघार दिन मात्र होइन, तर अठतीस वर्ष लागेको थियो। तर अब इस्राएलीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न तयार भए।

**व्यवस्था १ः३-५ः** इस्राएलीहरूले मिस्र देश छोड़ेको चालीसौं वर्षमा मोशाले तिनीहरूलाई कनान देशमा प्रवेश गर्न लागेको बेलामा यो उपदेश दिए। भर्खरै तिनीहरूले एमोरीहरूका राजा सीहोनलाई र बाशानका राजा ओगलाई मारेका थिए (गन्ती २१)।

**ख) व्यवस्था १ः६-४६ः होरेबदेखि कादेश-बर्नेअसम्मको यात्राको छोटो विवरण**

व्यवस्था १ः६-३ः२८ पदको खण्डमा हामी सिनाई पर्वतदेखि मोआबका मैदानसम्म इस्राएलीहरूले यात्रा गरेर बितेको अठतीस वर्षको अवधिको बारेमा मोशाले पुनर्विचार गरेको वर्णन पढ्न पाउँछौं। यस अवधिभित्र के-के घटेको थियो, सो विषयमा हामीले अघि गन्तीको पुस्तकमा विस्तृत चर्चा गरिसकेको कारणले हामी यहाँ यसको छोटो सर्वेक्षण मात्र दिन्छौंः **क)** व्यवस्था १ः६-८ः परमेश्वरले इस्राएलीहरूलाई प्रतिज्ञाको देशमा जाने र त्यो देश कब्जा गर्ने आज्ञा दिनुभएको थियो। **ख)** व्यवस्था १ः९-१८ः परमेश्वरको निर्देशनमा इस्राएलीहरूका निम्ति सुयोग्य न्यायकर्ताहरू नियुक्त भएका थिए, जसले तिनीहरूको बीचमा उठ्ने सानाठूला मामिला-हरूको न्याय गर्नुपरेको थियो। **ग)** व्यवस्था १ः१९-२१ः सिनाई पर्वतदेखि कादेश-बर्नेअसम्म तिनीहरूले ठूलो र डरलाग्दो उजाड़स्थान हुँदा यात्रा गरेका थिए। **घ)** व्यवस्ता १ः२२-४६ः तिनीहरूले कनान

देशको चेवा गर्न जासुसहरू पठाएका थिए; अनि त्यसको सिलसिलामा तिनीहरूले पछि विद्रोह गरेका थिए। **ङ)** व्यवस्था १:३४-३८: मिस्र देशबाट निस्किआएका कुनै पनि सिपाहीले प्रतिज्ञाको देशभित्र प्रवेश गर्न पाएन; केवल यहोशू र कालेबले त्यस देशमा जान पाए।

### ग) व्यवस्था २: कादेश-बर्नेअदेखि हेश्बोन-सम्मको यात्राको छोटो विवरण

**व्यवस्था २:१-२३: क)** व्यवस्था २:१-७: कादेश-बर्नेअदेखि इस्राएलीहरूले एदोमका सिमानाहरू हुँदै यात्रा गरेका थिए। परमेश्‍वरको निर्देशनअनुसार तिनीहरूले एदोमीहरूसँग लड़ाइँ गर्न पाउँदैनथिए। **ख)** व्यवस्था २:८-१५: एदोमका सिमानाहरू पछाड़ि छोड़ेर तिनीहरू जेरेदको बेंसीमा आइपुगे; तर तिनीहरूले मोआबी-हरूसँग पनि लड़ाइँ गर्न पाउँदैनथिए, जसको देश त्यहाँबाट शुरु भएको थियो। **ग)** व्यवस्था २:१६-१९: परमप्रभुले इस्राएलीहरूलाई आज्ञा गर्नुभएको थियो; यसैले तिनीहरूले अम्मोनीहरूलाई दुःख दिन, अँ, यिनीहरूलाई छुन पाउँदैनथिए; किनकि उहाँले त्यो देश लूतका सन्तानहरूलाई अधिकारको भागको रूपमा दिनुभएको थियो। परमप्रभुले अघि एसावका सन्तान-हरूको पक्षमा काम गरेर उनीहरूको सामुबाट होरीहरूलाई, अनि अव्वीहरू र कप्तोरी-हरूलाई नष्ट पार्नुभएको थियो; अनि ठीक त्यस्तै उहाँले अम्मोनीहरूको पक्षमा काम गर्नुभयो र जम्जुम्मी नामक भीमकाय मानिसहरूलाई[1)] त्यहाँबाट निकालिदिनुभयो (व्यवस्था २:२०-२३)।

**व्यवस्था २:२४-३७:** दुई अध्यायको बाँकी भागको सन्दर्भ त्यो चक्नाचूर गर्ने पराजय हो; किनभने एमोरीहरूका राजा सीहोनले इस्राएलीहरूको हातबाट ठूलो हार खानुपरेको थियो। व्यवस्था २:२९[क] पदमा यस्तो लेखिएको छः '... *जस्तो सेईरमा बस्ने एसावका सन्तानहरूले र आरमा बस्ने मोआबीहरूले मसित गरे।*' यस पदको खण्डबाट के सङ्केत पाइन्छ भने, इस्राएलीहरू एदोमीहरूको देशको सिमाना-सिमाना हुँदै त्यो देश फेरो मारेको बेलामा एसावका सन्तानहरूले तिनीहरूलाई खानेकुरा र पिउने पानी बेचे। तर गन्ती २०:१४-२२ पदको खण्डमा उल्लेख गरिएको विवरणअनुसार एदोमका राजा इस्राएलीहरूलाई सहायता दिन अलिकति पनि राजी थिएनन्। तर यिनले तिनीहरूको घोर विरोध गरे। यसकारण हुन सक्छ, यिनका मानिसहरूमध्ये कसै-कसैले इस्राएलीहरूलाई खानेकुरा र पिउने पानी बेचेका हुनुपर्ला। अनि हुन सक्छ, व्यवस्था २:१०-१२ र २०-२३ पदको खण्डहरू कसैले यहाँ, यस ठाउँमा मोशाको मृत्युपछि थपेको सम्भव देखिन्छ। यसो भए पनि पवित्र धर्मशास्त्रका यी खण्डहरू पवित्र आत्माको प्रेरणाको फल हुन्; यसमा कुनै शङ्का छैन।

### घ) व्यवस्था ३: यर्दन नदीको पूर्वपट्टिको भाग कब्जा गरेको

**व्यवस्था ३:१-११:** बाशानका राजा ओगको राज्यअन्तर्गत साठीवटा शहरहरू थिए, ती सबै शहरहरू अग्ला-अग्ला पर्खाल-हरूले घेरिएका र मूलढोकाहरू भएका शहरहरू थिए, जुन मूलढोकाहरूमा बलिया आग्लाहरू लगाइएका थिए। यस इलाकामा धेरै बस्तीहरू पनि थिए। परमप्रभुले यी शत्रुहरूलाई आफ्ना जनहरूको हातमा सुम्पिदिनुभयो।

अब ओगको कुरा आयोः तिनी एक भीमकाय मानिस थिए, जसको फलामले बनिएको पलङ नौ हात लामो र चार हात चौड़ा थियो। यस फलामको पलङको

विषयमा श्री जे. ए. थम्पसनले के भनेका छन् भने, तिनको यो पलङ तिनको सुत्ने खाट थिएन, तर तिनको समाधि पो भएको रहेछ, जब उक्त टिप्पणीकारले यसो लेखेका छन्ः

> 'ओगको मृत्यु हुँदा तिनको दफन तिनको निम्ति असिताश्म नामक ढुङ्गाले बनिएको एउटा ठूलो शवपेटिकामा भएको थियो (शवपटिकाको अक्षरशः अर्थ पलङ्ग नै हो, अर्थात् तिनको अन्तिम विश्रामस्थल बुझिन्छ)। फलामे शवपेटिका किन भनिएको छ? असिताश्म ढुङ्गाको रङ फलामे हो। ... अनि व्यवस्था ३ः११ पदअनुसार व्यवस्थाको पुस्तक लेखिएको समयमा तिनको शवपटिका अम्मोनीहरूको रब्बामा देख्न सकिन्थ्यो।' [2)]

**व्यवस्था ३ः१२-२०ः** इस्राएलीहरूले यर्दनको पूर्वपट्टि कब्जा गरेको देशचाहिँ रूबेनीहरू, गादीहरू र मनस्सेको आधा कुल मानिसहरूको बीचमा बाँड़ियो (व्यवस्था ३ः१२-१७)। तर मोशाले यिनीहरूलाई आज्ञा गरे, कि यिनीहरूका सबै योद्धाहरू आफ्ना हातहतियार भिरेर यर्दनको पारिपट्टि परेको प्रतिज्ञाको देश कब्जा गर्न आफ्ना दाजुभाइहरूलाई सहायता गर्नू! त्यसपछि तिनीहरू आफ्नो अधिकारको भागमा, आफ्ना घरपरिवारकहाँ फर्कन सक्नेथिए।

**व्यवस्था ३ः२१-२९ः** त्यस बेलामा मोशाले यहोशूलाई 'बितेको समयमा प्राप्त गरेका विजयहरूको सम्झना कायम राख र भविष्यका दिनहरूमा हासिल गर्ने विजय-हरूको निम्ति परमप्रभुमाथि भरोसा गर' भन्ने आज्ञा दिए (व्यवस्था ३ः२१-२२)।

तर परमप्रभु मोशासँग रिसाउनुभएको थियो; किनभने उनी मरीबामा इस्राएलीहरूको सम्बन्धमा अनाज्ञाकारी भएका थिए। यसैले उनले यर्दन नदी पार गर्न पाउँदैनथिए। तर परमेश्वरले उनलाई पिस्गाको टाकुराबाट प्रतिज्ञाको देशको चारैतिर एक झलक हेर्ने मौका दिनुभयो (व्यवस्था ३ः२३-२९)।

### ङ) व्यवस्था ४ः आज्ञाकारी हुन दिइएको अर्ती

व्यवस्थाको चार अध्यायदेखि मोशाले व्यवस्थाका नियमहरू दोहोर्‍याउन लागेका छन्। अनि यस सिलसिलामा उनले एकमात्र सत्य परमेश्वरको भक्ति र सेवा गर्नुपर्ने कुरामा जोड़ दिन्छन्। उहाँबाट भड्किएर जानेहरूले मूर्तिहरूलाई पूजा गर्नुपर्नेथियो र आफूमाथि सजायमाथि सजाय निम्त्याउनेथिए।

**व्यवस्था ४ः१-२४ः** इस्राएलीहरूले कनान देशमा प्रवेश गर्न लागेका थिए; यसकारण तिनीहरू आफैले पालन गर्नुपर्ने विधिहरू र नियमहरू के-के हुन्, सो जान्नुपरेको थियो; किनभने यी विधि र नियमहरू परमप्रभु तिनीहरूका परमेश्वरका विधि र नियमहरू थिए (व्यवस्था ४ः१)। तिनीहरूले ती विधि र नियमहरूमा कुनै कुरा थप्नुहुँदैनथियो र कुनै कुरा घटाउनुहुँदैनथियो (व्यवस्था ४ः२)। तिनीहरूले बाल-पोर र त्यहाँ घटेको घटना सधैं याद गर्नुपरेको र त्यसबाट गम्भीर चेताउनी लिनुपरेको थियो; किनभने परमेश्वरले बालको पूजा गर्नेहरू सबैलाई दण्ड दिएर तिनीहरूलाई नाश गर्नुभएको थियो (व्यवस्था ४ः३-४)। मूर्तिपूजा गर्नेहरूमाथि परमेश्वरको क्रोध आइपरेको यस घटनादेखि धेरै समय बितेको थिएन र त्यहाँ भइरहेका कुराहरू तिनीहरूको सम्झनामा सजीव थिए। यो व्यवस्था तिनीहरूले पालन गर्नुपरेको थियो; तब अन्य-जातिहरूको दृष्टिमा इस्राएलीहरू एउटा महान् जाति ठहरिनेथिए (व्यवस्था ४ः५-८)। परमप्रभुको पछि लाग्दाखेरि कुन-कुन आशिषहरू पाइँदा रहेछन्, सो कुरा तिनीहरूले बितेको समयमा गरेका अनुभवहरूबाट जान्नुपर्नेथियो। अनि विशेष गरी सिनाई पर्वतमा तिनीहरूलाई दस आज्ञाहरू दिइएको

दिनको सम्झना तिनीहरूले जारी राख्नुपरेको थियो (व्यवस्था ४:९-१३)। याद रहोस्ः होरेब पर्वत भन्नु र सिनाई पर्वत भन्नु एउटा कुरा हो; किनभने यस पहाड़का दुईवटा नामहरू यी हुन्।

त्यस स्मरणीय दिनमा के-के भएको थियो? *'अनि आगोको बीचबाट परमप्रभु तिमीहरूसँग बोल्नुभयो; तिमीहरूले शब्द-हरूको आवाज त सुन्यौ, तर कुनै रूप देखेनौ; तिमीहरूले केवल एउटा सोर सुन्यौ।'* हो, तिनीहरूले त्यस दिनमा परमेश्वरको कुनै रूप देख्दैनथिए। उहाँले त्यस दिनमा विभिन्न तरिकाद्वारा आफ्नो प्रदर्शन गर्नुभयो; त्यो त तिनीहरूले देख्न पाएका थिए; तर परमेश्वरलाई कुनचाहिँ प्रतिमूर्ति वा कुनचाहिँ मूर्तिको रूप प्रस्तुत गर्ने हो, सो कुरा जान्न तिनीहरूले केही पनि देखेका थिएनन्, यसको एक झलक पनि पाएका थिएनन्। यसकारण परमेश्वरलाई कुनचाहिँ रूप दिने? तिनीहरूले उहाँलाई कुनै पनि आकार, कुनै पनि रूप दिन पाउँदैनथिए; अहँ, घाम, जून र ताराहरू समेत तिनीहरूलाई पुज्न मनाही थियो (व्यवस्था ४:१४-१९)। परमप्रभुले इस्राएलीहरूलाई मिस्र देशको दासत्वबाट छुटकारा दिनु-भएकोमा उहाँको उद्देश्य के थियो, सो तिनीहरूले सधैं याद गर्नुपर्नेथियो। अनि मोशा अनाज्ञाकारी भएको र उनले सजाय पाएको कुरा उनले तिनीहरूलाई फेरि सम्झना दिलाए। मूर्तिपूजाको विरोधमा परमेश्वरको क्रोध आइपर्ने नै छ भन्ने कुरा उनले तिनी-हरूलाई सम्झाइदिए (व्यवस्था ४:२०-२४)।

व्यवस्था ४:९: *'केवल आफ्नो विषयमा होशियार रहो ... नत्र तिमीले यी कुराहरू बिर्सिनेछौ।'* व्यवस्था ४:१५-१६: *'यस-कारण आफ्नो विषयमा खूबै होशियार रहो, ... नत्र कहीं तिमीहरूले आफूलाई भ्रष्ट पारौला कि।'* व्यवस्था ४:२३: *'आफ्नो विषयमा होशियार रहो, नत्र कहीं तिमी-हरूले परमप्रभु आफ्ना परमेश्वरको वाचा बिर्सिनेछौ।'* मानिसको हृदयका झुकाउ र कमजोरीहरू मोशालाई राम्ररी थाह थियो; अनि यसकारण उनले पूरा गम्भीरताको साथ मानिसहरूलाई सम्पूर्ण मनले ध्यान दिन लगाए।

**व्यवस्था ४:२५-४०:** इस्राएली जाति भविष्यमा भड्किएर मूर्तिहरूतिर लागे, तिनीहरू कैदमा जानुपर्नेथियो (व्यवस्था ४:२५-२८)। तर यस परिस्थितिमा पनि, तिनीहरू पश्चात्ताप गरेर आफ्नो सारा हृदयले पमरप्रभुकहाँ फर्के भने, उहाँले तिनीहरूलाई पुनर्स्थापित गर्नुहुनेथियो (व्यवस्था ४:२९-३१)।

इस्राएली जातिले उपभोग गर्न पाएका सौभाग्यहरू अरू कुनै जातिले पनि कहिल्यै पाएको थिएन। विशेष गरी मिस्र देशबाट तिनीहरूको छुटकारा भएको सम्बन्धमा परमप्रभु तिनीहरूका परमेश्वरले तिनीहरूका आँखाहरूको सामु तिनीहरूको निम्ति कस्ता-कस्ता अचम्मका कामहरू गर्नुभएको थियो? यी त अघि कहिल्यै नभएका अपूर्व आश्चर्यकर्महरू थिए (व्यवस्था ४:३२-३८)। यसकारण तिनीहरू उहाँप्रति आज्ञाकारी रहनुपर्नेथियो र यसरी नै तिनी-हरूले निरन्तर उहाँका आशिषहरू उपभोग गर्न पाउनेथिए (व्यवस्था ४:३९-४०)।

तर इस्राएली जातिको इतिहास साक्षी छः तिनीहरूको अनाज्ञाकारिता र तिनीहरूले परमप्रभु परमेश्वरका चेताउनीहरू गम्भीरता-पूर्वक नलिएको कारणले तिनीहरू कैदमा लगिए; यस कैदी भएको अवस्थामा तिनीहरू खारिए। यसकारण बुझ्नुहोस्ः परमेश्वरका चेताउनीहरू बेकम्मा शब्दहरू होइनन्। कुनै पनि मानिसले र कुनै पनि जातिले उहाँका चेताउनीहरू हल्का लिन सक्दैन नै। यस्तो

व्यक्ति विशेष वा जाति विशेष दण्ड नदिई छोड़िनेछैन ।

**व्यवस्था ४ः४१-४३ः** मोशाले यर्दन नदीको पूर्वपट्टि तीनवटा शरणनगरहरू छुट्ट्याएः बेसेर, रामोत-गिलाद र गोलान ।

**व्यवस्था ४ः४४-४९ः** यहाँदेखि मोशाले आफ्नो दोस्रो उपदेश शुरु गर्छन् । उनले यो दोस्रो उपदेश यर्दन नदीको पूर्वपट्टि, मोआबका मैदानमा दिएका थिए। अनि व्यवस्था ४ः४८ पदमा एउटा विशेषता छः किनकि केवल यस पदमा हर्मोन पहाड़लाई 'सियोन[3] पर्वत' अर्थात् सिर्योन भनिएको छ ।

# खण्ड २

## व्यवस्था ५-२८ः मोशाको दोस्रो उपदेशः प्रतिज्ञाको देशमा आफ्नो पवित्रता कायम राख !

### क) व्यवस्था ५ः सिनाई पर्वतमा बाँधिएको करारको पुनर्विचार

**व्यवस्था ५ः१-६ः** पाँच अध्यायको सन्दर्भचाहिँ सिनाई पर्वतमा दिइएका दस आज्ञाहरू हुन्, जसको पुनर्विचार यस खण्डमा गरिन्छ। व्यवस्था ५ः३ पदमा यसरी पढ्नुपर्लाः *'परमप्रभुले यो वाचा हाम्रा पिता-पुर्खाहरूसँग* ***मात्र*** *होइन, तर हामीसँग* ***पनि*** *बाँध्नुभयो ।'* किनभने यो करार तिनीहरूका पितापुर्खाहरूसित बाँधिएको कुरा ठिक्कै हो; तर यो करार इस्राएलीहरूका भावी सन्तान-हरूको निम्ति पनि थियो ।

**व्यवस्था ५ः७-२१ः दस आज्ञाहरू**

*पहिलो आज्ञाः*

व्यवस्था ५ः७ः *'मेरो सामु तिम्रो अरू कुनै ईश्वर हुनुहुँदैन ।'* यसर्थ परमप्रभु परमेश्वरलाई छोड़ेर तिनीहरूले अरू कुनै पनि भगवान्‌लाई मान्नुहुँदैनथियो, नत्रता तिनीहरूले उहाँको जलन उठाउनेथिए ।

*दोस्रो आज्ञाः*

व्यवस्था ५ः८-१०ः *'तिमीले आफ्नो निम्ति कुनै खोपेको मूर्ति बनाउनुहुँदैन; चाहे माथि आकाशमा होस्, चाहे तल पृथ्वीमा होस् अथवा पानीभित्र किन नहोस्, तिमीले कुनै थोकको प्रतिमूर्ति बनाउनुहुँदैन !'* यस दोस्रो आज्ञाले पहिलो आज्ञामा भनिएको कुरा दोहोर्‍याएको होइन; किनभने मानिसहरूले कुनै आकृतिलाई नगरेर तर कुनै कल्पित वस्तुलाई सम्झेर पूजा गर्न सक्छन्; अँ, तिनीहरूले सूर्य र चन्द्रमालाई पुज्न सक्छन् । परमेश्वरको अवहेलना गर्ने छोराछोरीहरूले तिनीहरूका बुबाहरूले भोगेको दण्ड भोग्नु-पर्नेछन् (व्यवस्था ५ः९) ।

*तेस्रो आज्ञाः*

व्यवस्था ५ः११ः *'तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा लिनुहुँदैन ।'* दण्ड नपाई कसैले पनि परमप्रभुको नाम व्यर्थमा लिन सक्दैन ।

*चौथो आज्ञाः*

व्यवस्था ५ः१२-१५ः *'परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई आज्ञा गर्नुभएअनुसार तिमीले विश्रामदिन पवित्र राख्ने गरी त्यस दिनलाई मान्नुपर्छ ।'* प्रस्थान २०ः८-११ पदको खण्डमा विश्रामदिन पवित्र राख्नलाई निम्न कारण दिइएको थियोः परमेश्वरले सृष्टिको उत्पत्ति सिद्ध्याउनुभएको हुनाले उहाँले विश्राम लिनुभएको थियो । तर यहाँ, यस खण्डमा विश्रामदिन मान्ने अर्को कारण पेश गरिएको छः विश्रामदिन मानेर यहूदीहरूले 'हामी मिस्र देशमा दासदासीहरू थियौं' भन्ने कुरा मनमा राख्नुपरेको थियो

(व्यवस्था ५:१५)। यी दुईवटा कारणहरूमा कुनै मेल नखाने कुरा छैन; किनभने विश्रामदिन मान्नुपर्ने दुईवटा मुख्य कारणहरू पो हुँदा रहेछन्।

*पाँचौं आज्ञा:*

व्यवस्था ५:१६: *'परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई आज्ञा गर्नुभएअनुसार तिमीले आफ्ना बुबालाई र आफ्नी आमालाई आदर गर्नुपर्छ!'* यसमा थपेको छः 'तिम्रो आयु लामो होस् र प्रतिज्ञाको देशमा तिम्रो भलाइ होस्।'

*छैटौं आज्ञा:*

व्यवस्था ५:१७: *'तिमीले हत्या गर्नुहुँदैन।'* मानिसको ज्यान लिन मनाही गरिएको थियो र मनाही छँदैछ।

*सातौं आज्ञा:*

व्यवस्था ५:१८: *'तिमीले व्यभिचार गर्नुहुँदैन।'* परस्त्रीगमन गर्न निषेध गरिएको थियो।

*आठौं आज्ञा:*

व्यवस्था ५:१९: *'तिमीले चोरी गर्नुहुँदैन।'* लाम हात गरेर कसैको सम्पत्ति हासिल गर्न मनाही गरिएको थियो।

*नवौं आज्ञा:*

व्यवस्था ५:२०: *'तिमीले आफ्नो छिमेकीको विरोधमा कुनै झूटो गवाही दिनुहुँदैन।'* कसैले पनि आफ्नो छिमेकीको विरुद्ध झूट बोल्न पाउँदैनथियो।

*दसौं आज्ञा:*

व्यवस्था ५:२१: *'तिमीले आफ्नो छिमेकीकी पत्नीको लालच गर्नुहुँदैन; तिमीले आफ्नो छिमेकीको घर, उसको खेतबारी, उसको कमाराकमारी, उसको गाईगोरु वा गधा, अँ, तिमीले आफ्नो छिमेकीको कुनै पनि थोकको लालच गर्नुहुँदैन।'* अरू कसैको सम्पत्तिको लोभलालच गर्न सशक्त मनाही गरिएको थियो।

**व्यवस्था ५:२२:** यस पदको बारेमा श्री जे. ए. थम्पसनले यस प्रकारको टिप्पणी गरेका छन्:

> ' "*उहाँले अरू कुनै कुरा थप्नुभएन*" भन्ने वाक्यांश निक्कै असाधरण छ; अनि यस वाक्यको अर्थ यस प्रकारको हुनु सम्भव छः यी दस आज्ञाहरू परिपूर्ण थिए, यहाँसम्म कि यस करारमा अरू कुनै आज्ञा थप्नु आवश्यक परेन; यी दस आज्ञाहरू पर्माप्त थिए; किनभने यस करारमा हाल्नुपर्ने आधारभूत शिक्षा-समूह यी आज्ञाहरूमा पूर्ण थियो। यी दस आज्ञाबाहेक अरू जेजति नियमहरू छन्, ती नियमहरू केवल मूलभूत शिक्षाको व्याख्या वा त्यसको विस्तार गर्ने उप-नियमहरू हुन्।
>
> उक्त वाक्यको विषयमा दोस्रो अर्थ पनि सम्भव छ। यस वाक्यांशले भन्न खोजेको कुरा यस्तो छ होलाः परमप्रभुले त्यस विशेष अवसरमा जेजति भन्न चाहनुभयो, त्यो यति नै थियो। त्यस बेलामा परमप्रभुले यी दस आज्ञाहरू मात्र दिन चाहनुभयो, बस! अनि बाँकी नियमहरू उहाँले अरू समयहरूमा दिनुहुनेथियो। किनकि हामी जान्दछौं कि इस्राएलीहरूको हातमा भएको व्यवस्थाको पुस्तक निक्कै ठूलो ग्रन्थ हो, जुनचाहिँ परमेश्वरको रचनाको रूपमा तिनीहरूले उहाँबाट प्राप्त गरे।' [4)]

**व्यवस्था ५:२३-३३:** जुन समयमा परमेश्वरले यो व्यवस्था दिनुभएको थियो, त्यस समयमा उहाँको उपस्थितिको भयानक प्रदर्शनको कारणले मानिसहरू मृत्युको डरले थरथर भएका थिए। यसैले तिनीहरूले मोशालाई परमप्रभुकहाँ पठाएका थिए; उनले उहाँसित बरताव गरून् र उहाँलाई आश्वासन दिऊन्, कि उहाँले तिनीहरूलाई जे-जे आज्ञा गर्नुहुन्छ, तिनीहरू उहाँका सबै आज्ञाहरू मान्न

तयार थिए। (तर तिनीहरूले यस्तो विवेकहीन भाकल गर्दा आफ्नो पापमय स्वभाव र आफ्नो दुर्बलताको ख्यालै गरेनन्)। यही कारणले परमप्रभुका बाँकी नियमहरू र विधिहरू तिनीहरूको मध्यस्थ मोशाद्वारा तिनीहरूलाई दिइएका थिए। व्यवस्था ५:३०-३१ पदहरूअनुसार यी दस आज्ञाहरू सबै इस्राएलीहरूले सुन्ने गरी बोलिएका थिए, जब तिनीहरू सिनाई पर्वतमा रहेका थिए।

अब व्यवस्था ५:२८ पदको कुरा आयोः मानिसहरूले 'हामी परमप्रभुको व्यवस्था पालन गर्नेछौं' भन्ने प्रण दिएकोमा उहाँले यहाँ तिनीहरूको प्रशंसा गर्नुभएन। तर तिनीहरूले आफ्नो डर र भय व्यक्त गरेको कुरा उहाँलाई सठीक लागेको थियो (यो कुरा व्यवस्था १८:१६-१८ पदको खण्डसित तुलना गर्नुहोस्!)। *'तिनीहरूमा यस्तै हृदय भइरहे त!'* तिनीहरूसँग उहाँका आज्ञाहरू पालन गर्ने हृदय छँदैथिएन भन्ने कुरा परमेश्वरलाई थाह थियो। तिनीहरूमा आज्ञाकारी हृदय भएको उहाँको ठूलो चाहना थियो; किनकि यसो हुँदा उहाँले तिनीहरूलाई प्रशस्त गरी आशिष दिन सक्नुहुनेथियो (व्यवस्ता ५:२८-३३)।

### ख) व्यवस्था ६: अनाज्ञाकारिताको विरुद्धमा दिइएका चेताउनीहरू

**व्यवस्था ६:१-९:** इस्राएलीहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्ने बेलामा तिनीहरूको नैतिक अवस्था सठीक रहेको परमेश्वरले इच्छा गर्नुभयो। उहाँले चाहनुभएझैं त्यस देशका आशिषहरू उपभोग गर्नको निम्ति तिनीहरू आज्ञाकारी हुनुपर्थ्यो। यसकारण मोशाले यहाँ, यस खण्डमा तिनीहरूलाई कनान देशमा जीवन व्यतीत गर्न सुहाउँदो व्यावहारिक अर्ती दिए (व्यवस्था ६:१-२)। इस्राएलीहरू 'परमप्रभु एकमात्र सत्य परमेश्वर हुनुहुन्छ' भन्ने सत्यताको साक्षी बन्नुपरेको थियो (व्यवस्था ६:३-४)। *'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर्नुपर्छ'* भन्ने सर्वोच्च आज्ञाअनुसार तिनीहरूले परमप्रभुलाई सबैभन्दा बढ़ी प्रेम गर्नुपरेको थियो र उहाँको वचन पालन गर्नुपरेको थियो (व्यवस्था ६:५-६)। तिनीहरूले आफ्ना छोराछोरी-हरूलाई परमप्रभुका आज्ञाहरू यत्नसँग सिकाउनुको साथसाथै उनीहरूलाई जीवनको हरेक क्षेत्रमा मार्गदर्शन दिनुपरेको थियो।

संयुक्त राज्य अमेरिकामा धेरै इसाई बुबाआमाहरूले यो खण्ड लिएर आफ्ना छोराछोरीहरूलाई ख्रीष्टीय विश्वासको सम्बन्धमा मात्र होइन, तर लौकिक विषय-हरूको सम्बन्धमा पनि शिक्षादीक्षा दिने प्रेरणा पाएका छन्। अनि यही कारण तिनीहरूले आफ्ना छोराछोरीहरूलाई स्कूल पठाउँदैनन्।

अनि येशू ख्रीष्टको जमानामा यहूदीहरूले साँच्चै व्यवस्था-पेटिकाहरू आफ्ना हातहरूमा र आफ्ना दुईवटा आँखाहरूको बीचमा निधारमा झुन्ड्याउने गर्थे (व्यवस्था ६:८)। तर निस्सन्देह परमप्रभुले यो आज्ञा दिएर बरु तिनीहरूको क्रियाकलाप र तिनी-हरूका चाहनाहरू व्यवस्थाद्वारा नियन्त्रित भएको चाहनुभयो। तिनीहरूका हातहरूले तिनीहरूको क्रियाकलाप, र तिनीहरूका आँखाहरूले तिनीहरूका चाहनाहरू चित्रण गर्छन्।

व्यवस्था ६:४-९ पदको खण्ड हिब्रूमा 'शेमा!' भनिन्छ, जसको अर्थ 'सुन!' हो। अनि भक्त यहूदीहरूले यो खण्ड व्यवस्था ११:१३-२१ र गन्ती १५:३७-४१ पदका खण्डको साथमा विश्वासको सारको रूपमा दिनहुँ पाठ गर्थे।

*' "हे इस्राएल, सुन! परमप्रभु हाम्रा परमेश्वर* ***एकै*** *परमप्रभु हुनुहुन्छ"* (व्यवस्था

६:४); यस पदमा 'एक'को निम्ति प्रयोग गरिएको हिब्रू-शब्दको अर्थ नयाँ नियमबाट प्राप्त भएको बृहत् प्रकाशको ज्योतिमा हेर्दा महत्त्वपूर्ण हुन्छ। किनभने यो 'एखाद' भन्ने शब्द पूर्ण एकताको निम्ति होइन, तर संयुक्त एकताको निम्ति प्रयोग गरिन्छ। अनि यस कुराले परमेश्वरको निम्ति प्रयोग गरेका 'यहोवा एलोहिम' भन्ने दुईवटा शब्दहरूसित मेल खाएको छ। किनभने 'यहोवा' भन्ने नामले उहाँको एकतामा जोड़ दिएको छ भने 'एलोहिम'भन्ने शब्दले उहाँ त्रिएक हुनुहुन्छ भन्ने तत्त्वमाथि जोड़ दिएको छ।

पवित्र धर्मशास्त्र बाइबलको पहिलो पदमा पनि यस किसिमको त्रिएकताको विषयमा रहस्यमय सङ्केतहरू पाइन्छन्, जुन पदमा परमेश्वरको निम्ति प्रयोग गरिएको 'एलोहिम' भन्ने बहुवचन-शब्दको पछि यससित सम्बन्धित क्रियापद एकवचनमा छः 'सृष्टि गर्नुभयो'; अनि उत्पत्ति १:२६ पदमा बहुवचन संज्ञा 'हामी' र 'हाम्रो' भन्ने शब्दहरूपछि एकवचन संज्ञा शब्द 'स्वरूप' र 'प्रतिरूप' लेखिएको पाइन्छ।'

स्क्रिप्चर यूनियनको दैनिक पाठबाट उद्धृत

**व्यवस्था ६:१०-१५:** *'तब होशियार होऊ, नत्र कहीं तिमीले परमप्रभुलाई बिर्सौला !'* परमेश्वरका जनहरूले प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेका थिए, जहाँ तिनीहरूले ठूलो समृद्धि उपभोग गर्नेथिए। यस परिस्थितिमा तिनीहरूले परमप्रभुलाई भुलिपठाउने डर हुनेथियो, जसले तिनी-हरूलाई त्यो व्यवस्था दिनुभएको थियो। तिनीहरू भड्किएर अन्य देवताहरूको पछि लाग्ने खतरा जारी हुनेथियो। तिनीहरूको आज्ञाकारिताचाहिँ परमेश्वरको कृपादृष्टि पाउने माध्यम होइन रहेछ, तर उहाँप्रति भएको प्रेम देखाउने तरिका हो भन्ने कुरा तिनीहरूले बुझ्नुपरेको थियो। बाइबलीय प्रेमचाहिँ न्यानो भावुकता होइन, तर परमेश्वरको प्रत्यक्ष इच्छा सधैं सकभर आज्ञापालन गर्ने सुदृढ़ परिकल्पना हो। अनि परमेश्वरलाई प्रेम गर्ने कुरा चाहेमा गर्दा हुने भयो र नचाहे नगर्दा पनि हुने भयो जस्तै कुरा होइन; किनभने हाम्रो कुशलता यसमाथि निर्भर गर्छ। परमप्रभु जलन गर्ने परमेश्वर हुनुहुन्छ। अनाज्ञाकारी भएर तिनीहरूले उहाँ-सित बाँधेको करार भङ्ग गरे भने उहाँले तिनीहरूलाई नष्ट गर्नुहुनेथियो। यसरी नै जलन गर्नुहुने परमेश्वरले आफ्नो महिमाको निम्ति आफ्नो जोश देखाउनुहुनेथियो।

**व्यवस्था ६:१६:** *'तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई परीक्षा नगर !'* भनेर प्रभु येशूले यो पद मत्ती ४:७ र लूका ४:१२ पदमा उद्धृत गर्नुभयो, जब शैतानले उहाँलाई परीक्षा गरेर उहाँलाई 'मन्दिरको टुप्पाबाट तल हाम फाल' भन्ने सुझाउ दिएको थियो। तर यहाँ कुरा प्रस्थान १७ अध्यायमा फर्केको छ; मस्सा भन्ने ठाउँमा मानिसहरूको निम्ति पर्याप्त पिउने पानी थिएन; तब परमप्रभु तिनीहरूको पक्षमा हुनुहुन्छ भन्ने कुरामा तिनीहरूले शङ्का गरेका थिए। यसर्थ परमेश्वरको वास्ता र भलाइको विषयमा शङ्का गर्नुचाहिँ उहाँलाई परीक्षा गर्नु हो।

**व्यवस्था ६:१७-२५:** इस्राएली जाति आफ्ना शत्रुहरूमाथि विजयी बन्ने कुरा तिनीहरूको आज्ञाकारिताको फल हुनेथियो (व्यवस्था ६:१७-१९)। अनि तिनीहरूले आउँदा पुस्ताका भावी सन्तानहरूलाई मिस्र देशको दासत्वबाट पाएको दिव्य छुटकाराको विषयमा र परमप्रभुको हातबाट सिनाई पर्वतमा व्यवस्था पाएको घटनाको विषयमा शिक्षा दिनुपरेको थियो; उनीहरूको भलाइ र आशिष यसमाथि निर्भर गर्नेथियो (व्यवस्था ६:२०-२५)।

अब एउटा काम गर्नुहोस्! व्यवस्था ६:२५ पद रोमी ३:२१-२२ पदहरूसित तुलना गर्नुहोस्! *'हामीले यी सबै आज्ञाहरू होशियारसाथ पालन गर्‍यौं भने;'* यो

व्यवस्थाको भाषा हो। तर अनुग्रहको करारले यसो भन्दछः *'परमेश्वरको धार्मिकताचाहिँ येशू ख्रीष्टमाथि राखिएको विश्वासद्वारा विश्वास गर्ने सबैको निम्ति हो र सबैमाथि आउँछ।'* अनुग्रहको युगमा बाँचिरहेका ख्रीष्ट-विश्वासीहो, तपाईंहरू धार्मिकताको पोसाकले ढाकिनुभएको छ; तपाईंहरूले ख्रीष्ट येशूमा पाउनुभएको धार्मिकता परमेश्वरको धार्मिकता हो, जुन धार्मिकतामाथि व्यवस्था आधारित थियो (२ कोरिन्थी ५:२१); अनि यो कसरी भयो ? यसको निम्ति हामीले काम गरेका होइनौं, तर प्रभु येशूमाथि विश्वास गरेका हौं; हामीले सिर्फ यति गरेका हौं (रोमी ४:५)।

### ग) व्यवस्था ७ः मूर्तिपूजा गर्ने अन्य-जातिहरूसँग कसरी व्यवहार गर्नुपर्ने, यस सम्बन्धमा दिइएका निर्देशनहरू

**व्यवस्था ७:१-५ः** 'होशियार ! तिमीहरू कनान देशका बासिन्दाहरूसित कुनै हालतमा पनि मिल्नुहुँदैन' भनेर इस्राएलीहरूलाई कड़ा चेताउनी दिइएको थियो; किनभने यी बासिन्दाहरू मूर्तिपूजक जातिहरू थिए। उहाँले हित्ती, गिर्गाशी, एमोरी, कनानी, परिज्जी, हिव्वी र यबूसी नाम गरेका सातवटा जातिहरूको विषयमा यो कुरा गर्नुभएको थियो। इस्राएलीहरूले यी अन्यजातिहरूलाई प्रहार गरेर पूरा नष्ट गर्नुपर्नेथियो र उनीहरूका मूर्तिहरूको कुनै कण र गन्ध समेत रहन दिनुहुँदैनथियो; किनकि यी जातिहरूले साह्रै घिनलाग्दा, गन्दगी भन्न नहुने पापहरू गरि-रहन्थे, जसको फोहोर-मैलाबाट इस्राएली जाति जोगिनुपर्नेथियो। अब व्यवस्था ७:३ पदको कुरा आयोः परमेश्वरले पूर्वानुमान गर्नुभयो कि इस्राएलीहरू व्यवस्था ७:२ पदमा आज्ञा गरिएका कुराहरू पूरा गर्न असफल हुनेछन्; नत्र ता उहाँले तिनीहरूलाई 'उनीहरूसित बिहावारी गर्नुहुँदैन' भन्ने आदेश दिनुहुनेथिएन। तिनीहरूले यी सबै जाति-हरूका मानिसहरूलाई नष्ट गर्नु हो भने त निश्चय नै उनीहरूको सम्बन्धमा कुनै अन्तर्विवाह गर्ने खतरा हुनेथिएन।

**व्यवस्था ७:६-११ः** परमेश्वरले इस्राएली जातिलाई आफ्नै निम्ति अलग गर्नुभयो। तिनीहरू अरू जातिहरूजस्तै हुन उहाँले चाहनुभएन। अनि उहाँले तिनीहरूलाई किन छान्नुभयो त ? तिनीहरू संख्यामा बढ़ी भएको कारणले उहाँले तिनीहरूलाई चुन्नुभएको होइन; किनकि पृथ्वीमा भएका सबै जाति-हरूभन्दा तिनीहरूचाहिँ कम थिए। उहाँले तिनीहरूलाई प्रेम गर्नुभयो; उहाँले तिनीहरूलाई चुन्नुभएको एकमात्र कारण यही रहेछ। यसमा 'तिनीहरूले सबै कुराहरूमा उहाँको आज्ञापालन गरून्' भन्ने उहाँको चाहना थियो।

*'उहाँलाई प्रेम गर्नेहरू र उहाँका आज्ञाहरू पालन गर्नेहरूसित उहाँले हजार पुस्तासम्म आफ्नो करार र कृपा कायम राख्नुहुन्छ'* (व्यवस्था ७:९)। हजार पुस्ता भन्नाले कहिल्यै नटुङ्गिने, अनन्तसम्म बुझिन्छ। परमप्रभुले कनानीहरूलाई किन घृणा गर्नुभयो ? किनभने तिनीहरूका कामहरू साह्रै दुष्ट हुन्थे। अनि उहाँले इस्राएली जातिलाई किन प्रेम गर्नुभयो ? यसको निम्ति तिनीहरूमा कुनै खास कारण थिएन; यसको निम्ति तिनीहरूले कुनै असल काम गरेका थिएनन्। होइन, उहाँले तिनीहरूलाई प्रेम गर्नुभएको एकमात्र कारण उहाँको प्रेम गर्ने मनसाय थियो; अनि यस सम्बन्धमा उहाँले तिनीहरूका पिता-पूर्खाहरूसँग खानुभएको शपथ कायम राख्नु थियो। सर्वाधिकारी परमेश्वरले आफ्नो अनुग्रहमा कसरी मानिसहरूलाई चुन्नुहुन्छ, सो कुरा कसले पूरा बुझ्न सकेको छ र ?

**व्यवस्था ७:१२-२६ः** प्रतिज्ञाको देशमा परमेश्वरका जनहरू उहाँप्रति पूरा विश्वास-योग्य रहनुपरेको थियो। तब उहाँले तिनी-हरूलाई असंख्य सन्तानहरू, प्रशस्त अन्न-

बाली, ठूलो पशुधन, कुशलता र सुस्वास्थ्य दिनुको साथै तिनीहरूका शत्रुहरूमाथि पनि विजय दिनुहुनेथियो (व्यवस्था ७:१२-१६)। तिनीहरूलाई तिनीहरूका शत्रुहरूदेखि डर लागेको बेलामा तिनीहरूले बितेको समयमा परमेश्वरका शक्तिशाली छुटकारा-हरूको सम्झना गर्नुपर्नेथियो, विशेष गरी तिनीहरूले मिस्र देशको दासत्वबाट पाएको छुटकारा याद गर्नुपर्नेथियो (व्यवस्था ७:१७-१९)। उहाँले बितेको समयमा तिनीहरूको निम्ति जेजस्तो गर्नुभयो, उहाँले तिनीहरूको पक्षमा फेरि त्यही गर्नुहुनेथियो, अर्थात् उहाँले तिनीहरूका शत्रुहरूलाई नाश पार्न अरिङ्गाल पठाउनुहुनेथियो। अरिङ्गाल भन्ने शब्दको अर्थ हामीले कि त अक्षरशः रूपमा लिन सक्छौं, कि त इस्राएलीहरूका शत्रुहरूलाई पराजय गर्ने सेनाको साङ्केतिक अर्थमा लिन सक्छौं (व्यवस्था ७:२०-२४)। उहाँले तिनीहरूका सबै शत्रुहरूलाई एकैपल्टमा नष्ट गर्नुहुनेथिएन, नत्र ता देशमा जङ्गली पशुहरूको संख्या बढ्नेथियो (व्यवस्था ७:२२)। अबाद नभएका क्षेत्रहरू जङ्गली पशुहरूको वृद्धि हुने स्थल बनिनेथिए; तर मानिसहरूका बस्तीहरूमा जङ्गली पशुहरू फैलिएर जान सक्नेथिएनन्। परमेश्वरले एकैपल्टमा तिनीहरूका सबै शत्रुहरूलाई नष्ट नगर्नुभएको अर्को कारण हामीले न्यायकर्ता २:२१-२३ पदहरूमा पढ्न पाउँछौं: उहाँले बाँकी रहेका अन्यजातिहरूलाई इस्राएली जातिलाई जाँच गर्ने हतियारको रूपमा प्रयोग गर्नुहुनेथियो। सबै मूर्तिहरू सम्पूर्ण रीतिले नष्टभ्रष्ट गरिनुपर्थ्यो, नत्र ता ती मूर्तिहरू इस्राएलीहरूको निम्ति परीक्षाको कारण बन्नेथिए (व्यवस्था ७:२५-२६)। इस्राएली-हरूको निम्ति कनानी जातिहरूबाट खास खतरा आउने होइन, तर यिनीहरूका मूर्तिहरूबाट पो ठूलो खतरा आउनेथियो, र ती मूर्तिहरूको पूजाको सम्बन्धमा गरिने घोर व्यभिचारबाट गम्भीर खतरा आउनेथियो। यसर्थ जुन लड़ाइँहरू तिनीहरूले लड्नु-पर्नेथियो, ती लड़ाइँहरूमा शारीरिक लड़ाइँहरू होइन, तर आत्मिक लड़ाइँहरू सबैभन्दा ठूला, सबैभन्दा खतरा हुनेथिए। तिनीहरू यी आत्मिक लड़ाइँहरू लड्न सधैं तम्तयार हुनुपरेको थियो।

### घ) व्यवस्था ८:१-११:७: बितेका घटना-हरूबाट सिक्नुपर्ने पाठहरू

श्री जे. ए. थम्पसन्‌ले व्यवस्था आठ र नौ अध्यायको छोटो-मीठो व्याख्या गरेर यसो भनेका छन्:

> 'यस खण्डमा बितेका घटनाहरूबाट सिक्नुपर्ने दुईवटा मुख्य पाठहरू पेश गरिएका छन्। पहिलो पाठ तिनीहरूले उजाड़स्थानमा बितिरहेको समयभरि परमेश्वरको वास्ता अनुभव गरेको सम्बन्धमा छ; किनभने जुन बेलामा इस्राएलीहरू असहाय थिए, त्यस बेलामा उहाँले तिनीहरूको निम्ति प्रबन्ध गर्नुभयो। त्यस बेलामा उहाँले अति सिपालो भई सुहाउँदो किसिमले तिनीहरूको ताड़ना गरेर तिनीहरूलाई नम्रताको पाठ सिकाउनुभयो। यस अनुभवको सम्झनाद्वारा तिनीहरू घमण्ड-देखि बाँच्नेथिए। तिनीहरूले यस नौलो देशमा सुरक्षासाथ बसेर र त्यसको भरपूरी उपभोग गरेर आफ्नै बल र बुद्धिद्वारा यो सफलता र समृद्धि प्राप्त गरेको गर्व कहिल्यै नगरून् (८:१-२०)। तिनीहरूले सिक्नुपर्ने दोस्रो पाठ यस प्रकारको थियो: तिनीहरूले गर्न लागेको अभियानमा जुन विजयहरू हासिल गर्नेथिए, यी विजयहरू तिनीहरूले आफ्नै धार्मिकताको कारणले प्राप्त गर्ने नै होइन, न ता तिनीहरूले यो कुरा 'हेर, हामी कति धर्मी रहेछौं' भन्ने ईश्वरीय अनुमोदन सम्झनुपर्नेथियो (९:१-८)। किनभने तिनीहरूको विषयमा कुरा अर्को थियो: तिनीहरूले त्यो सुनको बाछा बनाएको विषयमा कसो हो? (९:७-२१)। अनि तबेरा, मस्सा र किब्रोत-हत्तावाको विषयमा कसो हो?

कयौं पल्ट इस्राएली जातिले प्रमाणित गरेको थियोः तिनीहरू एउटा हठी र विद्रोही जाति रहेछन् (९ः२२-२९)।' 5)

**व्यवस्था ८ः१-५ः** मोशाले फेरि एकपल्ट परमेश्‍वरका जनहरूलाई उहाँप्रति आज्ञाकारी हुने आग्रह गरे; किनभने उहाँ तिनीहरूप्रति अति प्रेमिलो बुबा हुनुहुन्छ, जसले तिनीहरूको फिक्री गरेर तिनीहरूको निम्ति प्रबन्ध गर्नुहुन्छ र तिनीहरूलाई रक्षा गर्नुहुन्छ। बितेको समयमा परमप्रभुले तिनीहरूलाई नम्र तुल्याउन, तिनीहरूलाई जान्न र तिनीहरू आज्ञाकारी हुन् कि होइनन् भन्ने कुरा पत्ता लगाउन तिनीहरूको जीवनमा परीक्षाहरू आउन दिनुभएको थियो। अनि उहाँले तिनीहरूलाई स्वर्गबाट मन्ना खुवाउनुभयो। चालीस वर्षभरि तिनीहरूका लुगाहरू फाटेनन्, कसरी? र तिनीहरूका जुत्ताहरू पुराना भएनन्, कसरी? चालीस वर्षसम्म उजाड़स्थानमा यताउता घुमफिर गर्दा-गर्दै तिनीहरूका खुट्टाहरू नसुनिन, कसरी?

इस्राएलीहरूको हृदयमा के थियो, सो परमेश्‍वरलाई राम्ररी थाह थियो। यसकारण उहाँले उजाड़स्थानमा इस्राएलीहरूको परीक्षा गरेर तिनीहरूलाई जान्ने कोशिश गर्नुभएको होइन (व्यवस्था ८ः२); तर उहाँले तिनीहरूमा भएको विद्रोही स्वभाव यस हेतुले तिनीहरूकहाँ प्रकट गर्न चाहनुभएको थियो, कि तिनीहरू उहाँको कृपा र अनुग्रहको निम्ति बढ़ी कृतज्ञ बन्न सकून्। तिनीहरूले परमप्रभुको डर मान्न सिक्नुपरेको थियो। उजाड़स्थानमा तिनीहरूले सिक्नुपर्ने अर्को पाठचाहिँ यही थियो।

**व्यवस्था ८ः६-२०ः** मोशाले परमेश्‍वरले बितेको समयमा गर्नुभएको कामकुरा यहाँ आफ्नो तर्कको एकमात्र आधार तुल्याएनन्, तर उनको तर्क उहाँले के-के गर्न लाग्नुभएको थियो, त्यस तथ्यमाथि पनि आधारित थियो (व्यवस्थ ८ः६-७)। कनान देश कति उत्तम देश थियो, सो कुरा व्यवस्था ८ः७-९ पदमा बयान गरिएको छ। तर तिनीहरूको समृद्धिमा एउटा खतरा के थियो भने, तिनीहरूले परमेश्‍वरको गुण बिर्सन सक्नेथिए; अनि परमप्रभुलाई भुलेर तिनीहरू अनाज्ञाकारी बन्न सक्नेथिए। तिनीहरू यस्ता खताराहरूदेखि सधैं होशियार बस्नुपरेको थियो (व्यवस्था ८ः१०-२०)। परमेश्‍वर विश्‍वासयोग्य हुनुहुन्थ्यो। तर एक हातले ताली बज्दैन। इस्राएली जाति पनि उहाँप्रति विश्‍वासयोग्य हुन आवश्यक थियो। परमेश्‍वरले तिनीहरूका पितापुर्खाहरूसँग बाँध्नुभएको करार कायम राखिरहनुभएको थियो (व्यस्था ८ः१८)। तब के, के परमेश्‍वरका जनहरूले उहाँलाई दिएको आफ्नो प्रण पूरा गर्नुपर्नेथिएन र? (प्रस्थान १९ः८)। अवश्य तिनीहरूले यस करारको सम्बन्धमा आफ्नो भाग पूरा गर्नुपरेको थियो। अनि यस विषयमा यो कुरा पनि सुनिश्‍चित थियो, कि यदि इस्राएलीहरूले परमेश्‍वरले तिनीहरूको पक्षमा गर्नुभएका सामर्थ्यका कामहरू बिर्से भने, र तिनीहरूले यत्रो धनसम्पत्ति प्राप्त गरेको श्रेय आफ्नै शक्ति र आफ्नै हातको बललाई दिए भने, परमप्रभुले तिनीहरूलाई नाश गर्नुहुनेथियो, जसरी उहाँले कनानमा भएका जातिहरूलाई नष्ट गर्नुभयो।

**व्यवस्था ९ः१-३ः** यो नौ अध्यायचाहिँ इस्राएलीहरूले चाँड़ै लड़ाइँमा सामना गर्नुपर्ने जातिहरूको विवरणबाट शुरु गर्छ। इस्राएली जाति ती जातिहरूदेखि डराउनुहुँदैनथियो, जसरी तिनीहरू चालीस वर्षअघि उजाड़स्थानमा डराएका थिए; किनभने परमेश्‍वर तिनीहरूको पक्षमा लड़ाइँ गर्न लाग्नुभएको थियो। *'उहाँले तिनीहरूलाई नष्ट पार्नुहुनेछ ... अनि यसरी नै तिमीहरूले तिनीहरूलाई धपाउनेछौ र तिनीहरूलाई चाँड़ै नष्ट गर्नेछौ'* (व्यवस्था ९ः३)। के तपाईंले यहाँ सर्वाधिकारी परमेश्‍वरको भाग के हो र मानिसहरूले पूरा गर्नुपर्ने जिम्मेवारी के रहेछ,

सो देख्नुभयो ? यी दुवै कुराहरू मिलेर काम गर्नुपर्नेथियो, तब प्रतिज्ञाको देश कब्जा गर्न सजिलो रहेछ, अधिकार गर्न सकिँदो रहेछ।

**व्यवस्थान ९:४-७:** परमेश्वरले कनान देशका जातिहरूलाई धपाउनुभएपछि, इस्राएलीहरूले त्यसको विषयमा घमण्ड गर्नुहुँदैनथियो। व्यवस्था ९:४-६ पदको खण्डमा तीन पल्ट एकै किसिमको चेताउनी दिइएको छः मानिसहरूले आफ्नै धार्मिकता विजयको कारण ठान्ने खतरा सधैं जारी रहेको छ। तर परमेश्वरले इस्राएली जातिलाई यो देश दिने कारण अर्को छः चार पदअनुसार त्यहाँका बासिन्दाहरूमा भएको दुष्टता यसको एउटा कारण थियो भने, उहाँले अब्राहाम, इसहाक र याकूबसँग खानुभएको शपथचाहिँ यसको अर्को कारण थियो (व्यवस्था ९:५)। हो, त्यो देश इस्राएलीहरूलाई दिन लागेको थियो, तर तिनीहरूमा भएको कुनै गुण वा योग्यताको कारणले होइन। किनकि तिनीहरू एउटा हठी जाति थिए (व्यवस्था ९:६); अँ, तिनीहरू परमेश्वरलाई बारम्बार रिस उठाइरहने विद्रोही पो भएका थिए (व्यवस्था ९:७)।

**व्यवस्था ९:८-२३:** मोशाले यसको सम्बन्धमा एउटा उदाहरण प्रस्तुत गरेः होरेब पर्वतमा परमेश्वरका जनहरूले उहाँको रिस उठाइदिएका थिए (व्यवस्था ९:८-२१)। व्यवस्था ९:२२-२३ पदहरूमा अरू कति ठाउँहरूका नाम उल्लेख गरिएका छन्, जुन-जुन ठाउँमा इस्राएलीहरूले पाप गरेका थिएः तबेरा (गन्ती ११:३); मस्सा (प्रस्थान १७:७), किब्रोत-हत्तावा (गन्ती ११:३४) र कादेश-बर्नेअ (गन्ती १३:३१-३३)। यस पदमा ख्याल गर्नुहोस्ः त्यो सुनको बाछा फेरि कहिल्यै फेला नपर्ने गरी त्यो नाश गरिएको थियो (व्यवस्था ९:२१)।

**व्यवस्था ९:२४-२९:** सिनाई पर्वतमा मोशाको अन्तर्विन्तीले मात्र इस्राएलीहरूलाई परमप्रभुको क्रोधबाट बचाएको थियो। उनले परमेश्वरको सामु उहाँका जनहरूको धार्मिकता आफ्नो अर्जविन्तीको आधार तुल्याएका थिएनन्; किनभने कुरा स्पष्ट छ, कि तिनीहरूको आफ्नै धार्मिकता छँदैथिएन। तर **क)** *'हे प्रभु, तपाईंले **आफ्ना** जनहरूलाई र **आफ्नो** अधिकारको भाग नष्ट नगर्नुहोस्'* भनेर उनले आफ्नो अर्जविन्ती परमेश्वरको स्वामित्वमाथि बसालेका थिए (व्यवस्था ९:२६); **ख)** *'आफ्ना दासहरू अब्राहाम, इसहाक, याकूबलाई सम्झनुहोस्'* भन्दाखेरि उनको प्रार्थनाको जग परमेश्वरको प्रतिज्ञा भएको बुझिन्छ (व्यवस्था ९:२७); अनि **ग)** आफ्नो अन्तर्विन्ती गर्दा उनले परमेश्वरको शक्तिको विषयमा सवाल उठ्ने सम्भावना यसरी व्यक्त गरेका थिएः *'नत्र ता कतै त्यस देशले, जहाँबाट तपाईंले हामीलाई निकालेर ल्याउनुभयो, यसो भन्लाः "परमप्रभुले तिनीहरूलाई त्यस देशभित्र ल्याइपुऱ्याउन सक्नुभएन, जुन देश उहाँले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएको थियो'* (व्यवस्था ९:२८)। यसरी मिस्रीहरूले परमेश्वरको शक्ति खिसी गर्नेथिए।

व्यवस्था १०:१ पदमा भएको कथनले हामीलाई सिनाई पर्वतमा भएका घटना-हरूकहाँ फर्काएर लैजान्छ। पवित्र बाइबलमा लेखिएका वृत्तान्तहरू सधैं कालक्रमबद्ध हुँदैनन्; किनभने त्यसमा प्रस्तुत गरिएका घटनाहरू प्रायः आत्मिक वा नैतिक दृष्टिकोणले प्रस्तुत गरिन्छन्, जुन कुराचाहिँ कालक्रम-बद्धताभन्दा मुख्य हो। अनि मलाई के लाग्छ भने, व्यवस्था १०:११ पद पछि यस अध्यायको विभाजन[6)] गरिएको भए बढ़ी उपयुक्त देखिन्छ; किनकि व्यवस्था १०:१-११ पदको खण्ड सिनाई पर्वतमा घटेका घटना-हरूसित सम्बन्ध राख्छ, तर व्यवस्था १०:१२ पददेखि मोशाको अर्तीअनुसार हामीप्रति देखाइएको परमेश्वरको अनुग्रहले पूर्ण

व्यवहारको माग उहाँप्रति हाम्रो आज्ञापालन नै हो।

**व्यवस्था १०ः१-५ः** यस अनुच्छेदले दस आज्ञाहरू दोस्रो पल्ट दिइएको र यी ढुङ्गाका दुईवटा पाटीहरू करारको सन्दुकभित्र राखिएको घटना बयान गरेको छ। अब तीन पदको कुरा आयोः यस वाक्यबाट मोशाले आफ्नै हातले यो करारको सन्दुक बनाएका थिए भन्ने अर्थ बुझ्नुहुँदैन; तर उनले अघिबाटै यो सन्दुक बनाउन लगाए – यो यस वाक्यको सठीक अर्थ हो। धेरै पल्ट यस्तो लेखिएको पाइन्छः जुन काम कुनै व्यक्ति विशेषले गरे भनेर लेखिएको छ, त्यो काम यी व्यक्तिले खास गरी अरूलाई अह्राए वा गर्न लगाए।

**व्यवस्था १०ः६-९ः** यी पदहरूमा, विशेष गरी व्यवस्था १०ः६-७ पदमा मोशाको बयान गराइमा आकस्मिक अन्तराल आएको देखिन्छ। वास्तवमा यी पदहरू कोष्ठकबद्ध लेख हुन्, जुन लेखमा पछिको समयमा घटेका केही घटनाहरू बीचमा हालिए। किनकि यस कोष्ठकबद्ध लेखले पाठकहरूलाई हारूनको मृत्यु भएको समयमा ल्याइपुऱ्याउँछ। कति बाइबल-अनुवादहरूमा यी पदहरू कोष्ठक-चिन्हहरूद्वारा छुट्ट्याइएका छन्; तब यो खण्ड बुझ्न अलिक सजिलो पर्छ।

हुन सक्छ, मोसेरा त्यो क्षेत्र भएको हुनुपर्ला, जहाँ होर पर्वत परेको थियो; किनभने त्यस पहाड़मा हारूनको मृत्यु भएको थियो (गन्ती २०ः२५-२८)। मोसेरा कहाँ परेको थियो, यो कुरा वर्तमान समयमा पत्ता पाइन। हारूनको मृत्युको कुरा गर्दा-गर्दै सायद मोशाको ध्यान त्यस पूजाहारीगिरीमाथि पुऱ्याएको थियो होला। यसैले उनले लेवीको कुल कसरी पूजाहारीय कुलको रूपमा चुनिएको थियो, सो कुरा यहाँ आफ्नो विषयवस्तु तुल्याए होलान् (व्यवस्था १०ः८-९)। व्यवस्था १०ः८ पदमा त्यस पूजाहारीगिरीका तीनवटा कामहरू उल्लेख गरिएका छन्ः **क)** पूजाहारीहरूले करारको सन्दुक बोक्नु थियो; **ख)** परमप्रभुको सेवा गर्नको लागि यिनीहरू उहाँको सामु खड़ा रहनुपरेको थियो; **ग)** यिनीहरूले मानिसहरूलाई परमप्रभुको नाममा आशीर्वाद दिनुपरेको थियो। पूजाहारीको सेवाको सम्बन्धमा यहाँ पेश गरिएका निर्देशनहरू यस पुस्ताका मानिसहरूलाई जान्न आवश्यक थियो, जो कनान देशभित्र प्रवेश गर्न लागेका थिए।

**व्यवस्था १०ः१०-११ः** मोशा यहाँ अघि उठाइसकेको आफ्नो विषयमा फर्के। उनी आफै सिनाई पर्वतमा फेरि दोस्रो पल्ट चालीस दिन र चालीस रात परमेश्वरको उपस्थितिमा बसेको कुरा उनले मानिसहरूलाई सम्झना गराए, जुन बेलामा उनले तिनीहरूको पक्षमा अन्तर्विन्ती गरेका थिए। परमेश्वरले उनको विन्ती सुन्नुभयो र गर्न लागेको सजाय रोकिराख्नुभयो, अनि 'प्रतिज्ञाको देश अधिकार गर्न जाओ' भनेर तिनीहरूलाई अघि बढ्ने आदेश दिनुभयो।

**व्यवस्था १०ः१२-२२ः** परमेश्वरले आफ्ना जनहरूको विषयमा केकस्तो चाहना र आशा राख्नुभयो? यो कुरा निम्न शब्दहरूले व्यक्त गर्छन्ः *'परमप्रभु तिम्रा परमेश्वरको डर मान्नु ... उहाँका सबै मार्गमा हिँड्नु ... उहाँलाई प्रेम गर्नु ... आफ्नो सम्पूर्ण हृदय र प्राणले उहाँको सेवा गर्नु ... उहाँका आज्ञाहरू पालन गर्नु'* (व्यवस्था १०ः१२-१३)। परमेश्वरका सबै आज्ञाहरू तिनीहरूलाई तिनीहरूकै भलाइको निम्ति दिइएका थिए (व्यवस्था १०ः१३[ख])। मानिसहरूले परमेश्वरको आज्ञापालन किन गर्नुपरेको थियो? यसको विषयमा मोशाले तिनीहरूलाई निम्न कारणहरू पेश गरेः परमेश्वर महान् हुनुहुन्छ (व्यवस्था १०ः१४); उहाँले इस्राएली जातिलाई स्वेच्छाले आफ्नो विशेष जाति हुनको निम्ति चुन्नुभएको थियो (व्यवस्था

१०:१५), अनि उहाँले तिनीहरूसित सधैं धार्मिक व्यवहार र न्याय कायम राख्नुभयो (व्यवस्था १०:१७-२०); अनि बितेको समयमा उहाँले इस्राएलीहरूप्रति प्रशस्त दयाका कामहरू देखाउनुभएको थियो (व्यवस्था १०:२१-२२)। अनि खतना गरिएको हृदय त्यो हृदय हो, जसले उहाँको आज्ञापालन गर्दछ (व्यवस्था १०:१६)।

**व्यवस्था ११:१-७:** मोशा फेरि एकपल्ट केही आत्मिक पाठहरू खोजिनिकाल्न इस्राएलको इतिहासमाथि पुनर्विचार गर्न पुगेछन्। व्यवस्था ११:२ पदमा मोशा मिस्र देशबाट बाँचेर आएको पुस्ताका उत्तरजिवी मानिसहरूसँग बातचित गर्छन्, उजाड़स्थानमा जन्मेका मानिसहरूसँग होइन। अनि हामी यो कुरा पनि याद गरौंः मिस्र देशबाट निस्कि-आएका बीस वर्षदेखि उँभोका सिपाहीहरूले कनान देशभित्र प्रवेश गर्न पाएनन् (व्यवस्था २:१४; यहोशू ५:६)।

परमेश्‍वरले आफ्ना जनहरूलाई मिस्र देशदेखि छुटकारा दिनुभयो, र तिनीहरूलाई उजाड़स्थानको बाटो भएर डोऱ्याउनुभयो; तर उहाँले दातान र अबिरामको विद्रोह सहनु-भएन। परमेश्‍वरले मूर्तिपूजक मिस्रीहरूलाई गर्नुभएको न्याय र इस्राएलीहरूको बीचमा भएका विद्रोहीहरूमाथि आइपरेको उहाँको कड़ा सजायचाहिँ तिनीहरूका निम्ति सिक्नु-पर्ने पाठहरू थिए, जसबाट तिनीहरूले उहाँको रिस उठाउनुचाहिँ कति ठूलो मूर्खता हो भन्ने पाठ सिक्नु थियो।

### ङ) व्यवस्था ११:८-३२: आज्ञाकारिताको निम्ति तिनीहरूले पाउने इनामहरू

**व्यवस्था ११:८-१७:** अब त्यसको ठीक विपरीत कुरा आयोः तिनीहरूले प्रतिज्ञाको देशमा दीर्घायु उपभोग गर्नु हो भने, तिनीहरूले हरेक आज्ञा पालन गर्नु थियो (व्यवस्था ११:९)। आज्ञाकारी मानिसले प्रतिज्ञाको देशका आशिषहरू उपभोग गर्न पाउनेथियो; यसमा कस्ता-कस्ता आशिषहरू समावेश भएका थिए, सो कुरा व्यवस्था ११:१०-१२ पदहरूमा बताइएको छ। तिनीहरूले उपभोग गर्न पाउने प्रतिज्ञाको देश कति उत्तम देश हुँदो रहेछ!!

*'जहाँ तिमीले आफ्नो बीउ छर्थ्यौ र* ***आफ्नो खुट्टाले पानी हाल्थ्यौ'*** भन्ने वाक्यको निम्ति कुनै स्पष्टीकरण चाहिन्छ। मिस्र देशमा खुट्टाले कुनै पेडल चलाएर तिनीहरूले कुवाबाट पानी निकाल्थे; अथवा हुन सक्छ, तिनीहरूले नालाको जलद्वार खोल्ने र बन्द गर्ने यन्त्र खुट्टाको बलले चलाउँथे होलान्। जे होस्, मिस्र देशचाहिँ प्रायः बाँझो भूमि थियो, जसको जमिन पानीले सिँचेर फलदायक बनाइएको थियो। तर प्रतिज्ञाको देशमाथि सृष्टिका मालिकको विशेष कृपादृष्टि रहन्थ्यो (व्यवस्था ११:११-१२)। तिनीहरूको निम्ति प्रशस्त बर्साद र फसलको भरपूरीचाहिँ आज्ञाकारिताको इनाम हुनेथियो (व्यवस्था ११:१३-१५); तर तिनीहरूले परमेश्‍वरलाई बिर्सिपठाए वा मूर्तिपूजातिर लागेमा यसको नतिजा खड़ेरी र जमिनको बाँझोपन सुनिश्‍चित हुनेथियो।

**व्यवस्था ११:१८-२१:** घरपरिवारमा परमेश्‍वरको वचन बातचित गर्ने विषय हुनुपरेको थियो। तिनीहरूले उहाँको वचन प्रेम गर्नुपरेको थियो र आफ्नो व्यवहारमा उतार्नुपरेको थियो। परमेश्‍वरको वचन व्यवहारमा ल्याएको इनामचाहिँ उहाँले 'दिन्छु' भनेर शपथ खानुभएको देशमा तिनीहरूको आयु र तिनीहरूका छोराछोरीहरूको आयु बढ्नेथियो, र पृथ्वीमाथिको आकाशको आयुजत्तिकै हुनेथियो (व्यवस्था ११:२१)।

> 'वर्तमान समयका कति यहूदीहरूले व्यवस्था ११:१८[ख] पदको अर्थ अक्षरशः लिए, र आफ्ना निधारहरूमा व्यवस्था-पेटिकाहरू बाँध्न थाले, जुन पेटिकाहरूमा तिनीहरूले पवित्र धर्मशास्त्र-

बाट केही खण्डहरूको प्रतिलिपि हालेका छन्; अनि तिनीहरूले घरको ढोकाका खाँबाहरूमाथि परमेश्‍वरको वचनका केही खण्ड लेखे र अझै लेख्ने गर्छन् । तर *"मेरा वचनहरू आफ्नो हातमा बाँध्नू"* भनेर भन्न खोजेको तात्पर्य के हो, सो कुराको विषयमा व्यवस्था ११ः१९* पदले अर्थ खोल्छः हामीले आफ्ना दुईवटा हातहरू कुनै तुच्छ र अयोग्य कामको निम्ति प्रयोग गर्नुहुँदैन । अनि हाम्रो निधारमा बाँधिएको वचनको खास अर्थ यस प्रकारको हुनुपर्लाः हाम्रा आँखाहरू परमेश्‍वरको नियन्त्रणमा रहेका छन्; यसर्थ हामी जे हेर्छौं र जुन थोकको लोभ गर्छौं, यो सबको सब उहाँको अनुशासनमा रहिरहन्छ । अनि घरको ढोकाको चौकटमा लेखिएको वचन हामीले कुन अर्थमा लिऔं त ? यसको अर्थ यही होलाः हाम्रो घरपरिवार परमेश्‍वरप्रतिको जिम्मेवारी शिरोपर गर्ने परिवार हो; यसकारण यस दिव्य बाध्यतामा परेर हामी आफ्नो पारिवारिक जीवनमा कुनै लापरवाही गर्नेछैनौं, न ता हाम्रो जिम्मामा छोड़िएका आफ्ना छोराछोरीहरूको बेवास्ता गर्नेछौं (व्यवस्था ११ः१९) ।'

स्क्रिप्चर यूनियनको दैनिक पाठबाट उद्धृत

**व्यवस्था ११ः२२-२५ः** परमप्रभुका मार्गहरूमा हिँड्नेहरू जतिले निस्सन्देह कनानका अन्यजातिहरूलाई धपाउनेथिए र आफूले टेकेको सारा भूमि अधिकार गर्नेथिए। व्यवस्था ११ः२४ पदमा भूमि अधिकार गर्ने नियम पेश गरिएको छः प्रतिज्ञाको जम्मै देश तिनीहरूकै थियो; तर तिनीहरू गएर त्यो आफ्नो तुल्याउनुपरेको थियो । ठीक त्यसरी नै हामीले पनि विश्‍वासद्वारा परमेश्‍वरका प्रतिज्ञाहरू आफ्नै बनाउनुपर्छ। यस पदमा बयान गरिएको सिमाना इस्राएली जातिले कहिल्यै कब्जा गरेन । इतिहास यसको साक्षी छ। हो, राजा सुलेमानको राज्य यूफ्रेटिस नदीदेखि लिएर मिस्र देशको सिमानासम्म पुग्यो (१ राजा ४ः२१)। तर वास्तवमा इस्राएलीहरूले त्यो सारा भूभाग अधिकार गरेनन्; किनभने १ राजा ४ः२१ पदमा बताइएको भूभागमा यस्ता राज्यहरू पनि समावेश गरिए, जुन राज्यहरूले राजा सुलेमानलाई कर त तिरे, तर जसको आफ्नो सरकार रहेको थियो । यसो हो भने, व्यवस्था ११ः२४ पदको कुरा कहिले पूरा हुनेछ त ? यो पद र योजस्ता अन्य धेरै पदहरू प्रभु येशू ख्रीष्टको एक हजार वर्षको राज्यको समयमा पूरा हुने नै छन् ।

**व्यवस्था ११ः२६-३२ः** इस्राएली जातिको सामु आशिष र श्राप राखियो। आज्ञाकारिताको फलस्वरूप तिनीहरूले आशिष पाउनेथिए भने, तिनीहरूको अनाज्ञाकारिताले श्राप निम्त्याउनेथियो । कनान देशमा दुईवटा पहाड़हरू थिए, जसले यो तथ्य प्रस्तुत गरेः गेरिजीम पहाड़ आशिषको पक्ष थियो भने, एबाल पहाड़ श्रापको पक्ष थियो । यी दुईवटा पहाड़हरू शेकेमको नजिक अवस्थित थिए, र यिनको बीचमा एउटा सानो बेंसी परेको थियो। पूजाहारीहरूले आज्ञाकारी हुनेहरूमाथि आइपर्ने आशिषहरू के-के हुन्, सो कुराको उद्घोषणा गरेको बेलामा इस्राएली जातिका छवटा कुलहरूका मानिसहरू गेरिजीम पहाड़मा उभिनुपर्नेथियो। ठीक त्यस्तै पूजाहारीहरूले अनाज्ञाकारी हुनेहरूमाथि आइपर्ने श्रापहरूको पाठ गरेर सुनाउँदाखेरि अरू बाँकी कुलका मानिसहरू एबाल पहाड़मा उभिनुपर्नेथियो । आशिषहरू सुनाउँदा र श्रापहरू सुनाउँदा मानिसहरूले हरेक आशिष र हरेक श्राप सुनेपछि 'आमेन' अर्थात् 'यस्तै होस्' भन्नुपर्नेथियो । यी दुईवटा पहाड़हरूको महत्त्व केमा थियो, सो कुरा जान्न तपाईंले व्यवस्था २७ः११-२६ पदको खण्ड पढ्नुहोला ।

हुन सक्छ, मोरे भन्ने ठाउँमा भएका फँलाटका रूखहरूचाहिँ उत्पत्ति ३५ः१-४ पदको खण्डमा उल्लेख गरिएका रूखहरू

थिए होलान्। त्यही ठाउँमा याकूबले सैयौं वर्षअघि आफ्नो घरपरिवारलाई मूर्तिपूजादेखि शुद्ध पारेका थिए। सायद यो सन्दर्भ दिइएको कारण भौगोलिक मार्गदर्शन दिनुको साथै आत्मिक मार्गदर्शन दिने उद्देश्यले पनि दिइएको थियो, यसमा शङ्का छैन।

### च) व्यवस्था १२: परमप्रभुको उपासनाको सम्बन्धमा केही नियमहरू

**व्यवस्था १२:१-३:** परमेश्वरका जनहरूले प्रतिज्ञाको देशमा प्रवेश गरेपछि, त्यहाँ तिनीहरूले सबै मूर्तिहरू र सबै पूजा-थानहरू भत्काएर नष्ट पार्नुपर्नेथियो – हरेक स्थान, जहाँ कनानी जातिहरूले झूटा देवीदेवताहरूको पूजा गर्थे। 'अशेरा'हरूचाहिँ शुक्र देवीका काठका मूर्तिहरू थिए भने, खाँबाहरू बाल देवताका आकृति थिए।

**व्यवस्था १२:४-१४:** परमेश्वरले आराधनाको निम्ति एउटा निर्धारित स्थान ठहराउनुहुनेथियो, जुन स्थानमा मानिसहरूले बलिहरू चढ़ाउनुपर्नेथियो र भेटीहरू ल्याउनुपर्नेथियो। अनि यो निर्धारित ठाउँ पहिले शीलो थियो, जहाँ शुरुमा निवासस्थान खड़ा गरियो (यहोशू १८:१); पछि त्यो निर्धारित ठाउँ यरूशलेम भयो, जहाँ परमेश्वरको मन्दिर निर्माण गरियो। परमेश्वरद्वारा नियुक्त गरिएको एकमात्र ठाउँमा उहाँको आराधना ग्रहणयोग्य हुनेथियो। तर हामी ख्रीष्ट-विश्वासीहरूका निम्ति आराधनाको केन्द्र प्रभु येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पवित्र स्थान होइन। किनभने उहाँ अदृश्य परमेश्वरको प्रत्यक्ष प्रतिरूप हुनुहुन्छ। उजाड़स्थानको समयमा परमेश्वरले इस्राएलीहरूको बीचमा कति अनियमितताहरू सहनुभयो। तर कनान देशमा पुगेपछि तिनीहरू यस सम्बन्धमा अझै पनि अनजान रहनुहुँदैनथियो र अज्ञानताको काम गर्नुहुँदैनथियो (व्यवस्था १२:८-९)।

**व्यवस्था १२:१५-२८:** लेवी १७:३-४ पदहरूमा परमेश्वरले आज्ञा गर्नुभएको थियो, कि गोरु, भेड़ा वा बोकाजस्तै कुनै बलिको पशु मार्न इस्राएलीहरूले त्यो भेट हुने पालको ढोकामा ल्याउनुपरेको थियो। तर अहिले, जब मानिसहरूले कनान देशमा पसेर त्यहाँ बसोबास गर्न लागेका थिए, उक्त नियममा हेरफेर आउनुपरेको थियो। अबदेखि उसो यहूदीहरूले बलिपशुको रूपमा प्रयोग हुने घरेलु पशुहरू मारेर मृग र हरिणको मासुजस्तै खान पाउनेथिए। मृग र हरिणचाहिँ शुद्ध पशु थिए, तर ती पशुहरू बलि गरिएका थिएनन्। विधिवत् रूपले शुद्ध भएका र अशुद्ध भएका दुवै मानिसहरूको निम्ति यो अनुमति लागू हुनेथियो। तर रगतचाहिँ, अहँ, कसैले पनि कहिल्यै कुनै रगत खानुहुँदैनथियो; किनकि रगतचाहिँ प्राणीहरूको प्राण हो, अनि सबैको प्राण परमेश्वरको हो।

**व्यवस्था १२:२९-३२:** *'होशियार, नत्र ता "यी जातिहरूले आफ्ना देवताहरूलाई जसरी पुज्थे, म पनि त्यसरी नै गर्नेछु" भन्दै तिमीले कतै तिनीहरूका देवताहरूको विषयमा सोधखोज गरौला कि?'* यो इस्राएलीहरूको निम्ति परमेश्वरको गम्भीर चेताउनी थियो। तिनीहरूले कनान देशका जातिहरूले मूर्तिपूजा गर्दा अपनाएका विधिहरू जान्ने कोशिश अलिकति पनि नगरे हुनेथियो। किनभने यसो गर्नाले तिनीहरू ती दुष्ट विधिहरू एकमात्र सत्य परमेश्वरको आराधनामा समावेश गर्ने आफ्नो चाहनाको शिकार बन्ने खतरा जारी रहनेथियो। व्यवस्था १२:३१ पदको सन्दर्भचाहिँ मोलेक र कमोश देवताको पूजापाठसँग सम्बन्धित घिनलाग्दा, घृणित चलनहरू हुन्। नयाँ नियममा आएर प्रेरित पावलले हामीलाई के सिकाएका छन् भने, दुष्ट आत्माहरूले मूर्तिपूजा गर्ने प्रेरणा दिँदा रहेछन् (१ कोरिन्थी १०:२०)। तब मूर्तिपूजा गर्ने त्यो वास्तविक स्रोत जानेपछि हामी मूर्तिपूजाको निर्दयता र

भ्रष्टताको विषयमा अझै किन अचम्मित हुने त? किनभने यस प्रकारको आत्मिक अन्धकारप्रति मानिसको हृदयको झुकाउ कतिको छ, सो देखाउन व्यवस्थाको पुस्तकका प्रापकहरू सबैभन्दा असल उदाहरण हुन्; किनभने एकमात्र सत्य परमेश्वरको प्रकाश खोज्नुभन्दा तिनीहरू यस्तै किसिमको घोर अन्धकारतिर सजिलैसँग खिँचिए। यस सम्बन्धमा इस्राएली जातिको तेस्रो राजा सुलेमानको कुरा आयोः तिनले साँच्चै कमोश र मोलेक देवताहरूका निम्ति यरूशलेममा, परमप्रभुले आफ्नो नाम राख्नुभएको ठाउँमा वेदीहरू बनाए (१ राजा ११ः७)।

### छ) व्यवस्था १३ः झूटा अगमवक्ताहरू र मूर्तिपूजकहरूलाई दिनुपर्ने सजाय

चाहे कुनै व्यक्ति होस्, चाहे कुनै झुण्ड किन नहोस्, जसले परमेश्वरका जनहरूलाई मूर्तिपूजा गर्न सुरुयाउनेथियो, त्यस्तालाई तिनीहरूले अवश्य ढुङ्गाले हानेर मार्नुपर्नेथियो, चाहे त्यो मानिस अगमवक्ता होस्, (व्यवस्था १३ः१-५), चाहे त्यो मानिस नजिकको नातेदार होस्, (व्यवस्था १३ः६-११), चाहे तिनीहरूलाई सुरुयाउनेहरूचाहिँ कुनै विशेष समुदाय किन नहोऊन् (व्यवस्था १३ः१२-१८)। जुन अगमवक्ताले अगमवाणी बोलेरै मानिसहरूलाई मूर्तिपूजा गर्न उत्साहित तुल्याउनेथियो, त्यसको हातद्वारा आश्चर्यकर्महरू पूरा भए तापनि त्यस अगमवक्ताको पछि कोही पनि लाग्नुहुँदैनथियो। किनकि त्यो मानिस अवश्य एउटा झूटा अगमवक्ता हुनेथियो; यसैले तिनीहरूले त्यसलाई मृत्युदण्ड दिनैपर्नेथियो। जुन नजिकको नातेदारले आफ्नो परिवारलाई फुस्ल्याएर मूर्तिपूजा गर्न लाउनेथियो, त्यो नातेदार पनि मारिनुपर्नेथियो।

व्यवस्था १३ः१३ पदमा अधम मानिसहरूको कुरा गरिएको छ। ती अधम मानिसहरूचाहिँ 'बेलियालका सन्तानहरू' थिए, अँ, यस हिब्रू शब्दको अर्थअनुसार 'निकम्मा मानिसहरू' थिए, शैतानका सन्तानहरू थिए। यहाँको उदाहरणअनुसार ती दुष्ट दलबन्दी गर्नेहरूले आफ्ना शहरका मानिसहरूलाई हाँकेर र भड्काएर परमेश्वरदेखि मूर्तिहरूतिर लैजानेथिए। यसकारण इस्राएलीहरूले त्यस शहरका मानिसहरूलाई लगायत यी दुष्टहरू सबैलाई मार्नुको साथै त्यस शहरमा आगो लगाएर त्यो शहर पनि सर्वनाश गर्नुपर्नेथियो।

मूर्तिपूजातिर लागेको इस्राएली शहरसित त्यही व्यवहार गरिनुपर्नेथियो, जुन व्यवहार कनानी शहरहरूसित गरिन्थ्योः यो शहर पनि र ती शहरहरू पनि सत्यानाश गरिनु थियो। परमेश्वर पक्षपाती हुनुहुन्न; उहाँ पापसँग कड़ा कारवाही गर्नुहुन्छ; उहाँले आफ्ना चुनिएका मानिसहरूको पापसित पनि उस्तै कारवाही गर्नुहुन्छ। तर आफ्ना मानिसहरूसित उहाँको कारवाहीको उद्देश्य अर्कै छ। यसको निम्ति हामी यो यहूदी शहरको उदाहरण लिऔंः सारा इस्राएली जातिको सुधार होस् भन्ने हेतुले उहाँले तिनीहरूका पितातुल्य तिनीहरूसित ताड़नारूपी कारवाही गर्नुहुनेथियो।

### ज) व्यवस्था १४ः१-११ः शुद्ध र अशुद्ध खानेकुराहरू

**व्यवस्था १४ः१-२ः** यी पहिला दुईवटा पदहरूले मरेको मानिसको निम्ति आफ्नो शरीरमा काटेर चोटहरू लगाउने प्रथामाथि प्रतिबन्ध लगाउँछन्, जुन प्रथा मूर्तिपूजकहरूको प्रथा थियो। मानिसको शरीर परमेश्वरको सृष्टि हो; यसकारण यहूदीहरूले मानिसको शरीर आदर गर्थे, अन्यजातिहरूले भन्दा बढ़ी आदर गर्थे।

**व्यवस्था १४ः३-२१[क]ः** यस अनुच्छेदले शुद्ध र अशुद्ध खानेकुराको विषयमाथि

पुनर्विचार गर्दछ, चाहे त्यो खानेवस्तु जनावरहरू होऊन् (व्यवस्था १४:४-८), चाहे माछाहरू होऊन् (व्यवस्था १४:९-१०), चाहे उड्ने कीराफट्याङ्ग्राहरू होऊन् (व्यवस्था १४:१९), वा चराहरू होऊन् (व्यवस्था १४:११-१८ र २०)। व्यवस्था १४:१९ पदअन्तर्गत नपरेका शुद्ध कीरा-फट्याङ्ग्राहरू पनि छन्; यसको विषयमा तपाईंले जानकारी लेवी ११:२१-२२ पदबाट लिनुहोला। किनभने लेवी ११ अध्यायमा खान हुने-नहुने पशुप्राणीहरूको विषयमा उस्तै किसिमको सूचि दिइएको छ। यी दुईवटा सूचिहरू दुरुस्त छैनन्, दुरुस्त हुन खोजेका पनि होइनन्। कति पशुहरू स्वास्थ्यकारी थिएनन्, यसैले ती पशुहरू अशुद्ध थिए भने, कति पशुहरू मूर्तिपूजामा प्रयोग गरिन्थे अथवा अन्यजातिका मानिसहरूले यी पशुहरूको पूजा गर्थे ।

खानेकुराको सम्बन्धमा नयाँ नियमको शिक्षा के हो, सो कुरा हामीले मर्कूस ७:१५, रोमी १४:१४ र १ तिमोथी ४:३[ख]-५ पदका खण्डहरूबाट जान्न पाएका छौं।

अन्यजातिका मानिसहरूले आफैआफ मरेको पशुको मासु खान पाउँथे; तर यहूदीहरूलाई यसो गर्न मनाही गरिएको थियो (व्यवस्था १४:२१[क])। आफैआफ मरेको पशुको मासु खाँदा तिनीहरूले व्यवस्था १२:२३ पदमा दिइएको आज्ञा उल्लङ्घन गर्नेथिए; किनभने त्यस पशुको मृत शरीरबाट त्यसको रगत नियमअनुसार निकालिएको हुनेथिएन।

**व्यवस्था १४:२१[ख]:** बाख्राको पाठोको मासु त्यसको माउको दूधसँग पकाउन मनाही गरिएको थियो। हुन सक्छ, सायद यो एउटा कनानीहरूको प्रथा भएको हुनुपर्ला। पेन्टटुकअन्तर्गत यो कुरा तीन पल्ट निषेध गरिएको छ। यसमा सहजज्ञानको कुरा छ; किनभने यस आज्ञाले मानिसहरूलाई विषाक्त खानेकुरा खानुबाट जोगाउँथ्यो; किनकि दूधको तर लागेको मासु छिट्टै बासी हुनु सम्भव थियो। यो कुरा छोड़ेर प्रमाणित भएको छ कि यी दुईवटा थोकहरू एकसाथ खानाले यिनमा भएको क्यालसियम रद्द गरिन्छ।

यही प्रतिबन्धबाट यहूदीहरूका धर्मगुरु-हरूले विभिन्न नियमहरू सृजना गरे; यसैले यहूदीहरूले मासुको निम्ति छुट्टै वर्तनहरू र दूधका खानेकुराहरूको निम्ति छुट्टै वर्तनहरू प्रयोग गर्ने गर्छन्।

### झ) व्यवस्था १४:२२-२९: दशांश

**व्यवस्था १४:२२-२७:** यस खण्डको सन्दर्भ दशांश दिने कुरा हो। यस विषयमा कुनै-कुनै टिप्पणीकारहरूको विचारमा, यस खण्डले लेवी २७:३०-३३ पदको खण्डसित सम्बन्ध राख्दैन, जहाँ पहिलो दशांशको कुरा गरिएको छ, जुन पहिलो दशांश सम्पूर्ण रूपले परमप्रभुको हुन्थ्यो र लेवीहरूलाई दिइन्थ्यो; इस्राएलीहरूले त्यसबाट कुनै थोक खान पाउँदैनथिए। तर यहाँ, यस खण्डमा अर्को दशांश, दोस्रो दशांशको विषयमा कुरा गरिएको बढ़ी सम्भव देखिन्छ, जसको नाम 'उत्सवको दशांश' भनिन्छ। यस दशांशबाट चढ़ाउने व्यक्ति आफैले पनि खान पाउँथ्यो।

यी दोस्रा दशांशहरूको विषयमा सामान्य नियम यस्तो हुन्थ्योः जुन ठाउँ परमेश्वरले आराधनाको केन्द्रको रूपमा नियुक्त गर्नुभयो, त्यस ठाउँमा यो दशांश ल्याइन्थ्यो। तर दशांश चढ़ाउने व्यक्तिको घरचाहिँ परमेश्वरले आफ्नो नाम राख्नुभएको ठाउँदेखि टाढ़ा रहेको थियो र उसले आफ्नो दशांशका थोकहरू बोकेर त्यहाँ ल्याउन सक्दैनथियो भने, उसले दशांशका थोकहरू बेचेर नगदमा परिणत गर्न पाउँथ्यो, र त्यो पैसा लिएर परमेश्वरको पवित्रस्थानमा जान पाउँथ्यो, र त्यहाँ खानेकुरा

र पिउने कुरा किनेर परमप्रभुको उपस्थितिमा खाँदै-पिउँदै आनन्द मनाउन पाउँथ्यो ।

व्यवस्था १४ः२६ पदमा तपाईंले ख्याल गर्नुभयो होला, कि पवित्र बाइबलले रक्सीबाट पूरा अलग रहने शिक्षा दिएको छैन। तर यस विषयमा पवित्र बाइबलको शिक्षा यस प्रकारको छः हामी मात्तिनुहुँदैन; हामी मिताहारी, अँ, स्वल्पाहारी हुनुपर्छ; हामी आत्मसंयमी हुनुपर्छ; हामी कुनै कुलतमा पर्नुहुँदैन; अनि अरूलाई ठेस खुवाउने जुनसुकै कुराबाट हामी अलग रहनुपर्छ। दाखमद्य र मदिराको बीचको भिन्नता यसैमा छः दाखमद्य अङ्‌गुरबाट बनिन्छ; तर मदिराचाहिँ अन्न, फलफूल वा महबाट बनिन्छ।

यो दोस्रो दशांश चढ़ाउने व्यक्ति कि त दशांश बोकेर, कि त त्यसको बराबरी पैदा बोकेर दुई वर्ष यस निर्धारित आराधनाको केन्द्रमा जानुपरेको थियो;

**व्यवस्था १४ः२८-२९ः** तर तेस्रो वर्षमा चाहिँ उसले यो दोस्रो दशांश आफ्नो ठाउँमा लेवी, परदेशी, टुहुरा-टुहुरी र विधवाहरूलाई खुवाउनको निम्ति उपयोग गर्ने गर्थ्यो। परमप्रभुले गरिब, दुःखी र खाँचोमा परेकाहरूलाई उच्च प्राथमिकता दिनुभएको हामी यहाँ फेरि एकपल्ट देख्छौं। *'जसले गरिबमाथि दया देखाउँछ, उसले परमप्रभुलाई सापट दिन्छ; अनि उसले जेजति दिएको छ, त्यो उहाँले उसलाई फिर्ता गरिदिनुहुन्छ'* (हितोपदेश १९ः१७)।

### ञ) व्यवस्था १५ः ऋणी र कमाराकमारी-हरूप्रति गर्नुपर्ने व्यवहार

**व्यवस्था १५ः१-३ः** हरेक सातौं वर्षको अन्तमा इस्राएलीहरूको बीचमा सबै ऋणहरू माफ गरिनुपरेको थियो। अनि यो सम्भव छ, कि त्यो सातौं वर्ष र विश्राम-वर्ष एकै सालमा हुने गरी सँगै पर्ने गर्थे होलान्। तर जुन ऋणहरू विदेशीहरूले यहूदीहरूबाट लिएका थिए, ती ऋणहरू तिनीहरूले उनीहरूलाई माफ गर्नुपरेको थिएन। यो नियम केवल यहूदीहरूको बीचमा भएका ऋणहरूको लेनदेनको विषयमा लागू थियो। श्री मेथ्यू हेन्रीले यसको बारेमा निम्न टिप्पणी गरेका छन्ः

> 'हरेक सातौं वर्षचाहिँ छोड़िदिने वर्ष हुने गर्थ्यो, जुन वर्षमा जमिनले खनजोतबाट विश्राम लिन पाउँथ्यो र कमाराहरूले कामको बन्धनबाट छुटकारा पाउँथे; अनि त्यस वर्षका कल्याण-कार्यहरूमध्ये एउटाचाहिँ यो हुन्थ्योः ऋण दिने साहूहरूले ऋण लिएर यस वर्षको अन्तसम्म तिर्न नसक्नेहरूलाई माफ गर्नुपर्थ्यो। अनि हुन सक्छ, तिनीहरूमध्ये कसैको ऋण तिर्ने औकात थियो होला; तब के गर्ने? जुन ऋण ऋणदाताले कहिल्यै कानुनी कारवाइद्वारा फेरि हासिल गर्न सक्दैनथियो, त्यो माफ दिएको ऋणले ऋणीको विवेकमा अवश्य काम गर्नेथियो र उसलाई त्यो ऋण पछिबाट तिर्न बाध्यता गराउनेथियो; यसमा शङ्का छैन।' 7)

पवित्र धर्मशास्त्र बाइबलमा अङ्क 'सात' भरपूरी वा परिपूर्णता जनाउने संख्या हो। अनि समयको परिपूर्णतामा परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो, र उहाँद्वारा हामीलाई पापहरूको क्षमाको घोषणा गर्नुभयो – अबदेखि 'छोड़िदिने वर्ष' केवल यहूदीहरूको निम्ति मात्र होइन, जसरी व्यवस्था १५ः३ पदले भनेको छ, तर सबै मानिसहरूको निम्ति शुरु भएको हो।

**व्यवस्था १५ः४-६ः** के चार पद र एघार पदको बीचमा मेल नखाने केही कुरा छ, जसरी कसै-कसैलाई यी पदहरूको बीचमा अमेल भएको लागेको छ? व्यवस्था १५ः४ पदले के अड़कल काटेको थियो भने, यस्तो एउटा समय हुनेथियो, जुन बेलामा देशमा कुनै गरिब मानिस हुनेथिएन क्यारे। तर व्यवस्था १५ः११ पदले स्पष्टसँग बताएको छ,

कि देशमा सधैंभरि गरिब मानिसहरू हुनेथिए। यस सम्बन्धमा श्री हाइन्रिक बुल्लिङ्गरको टिप्पणी लाभदायक देखिन्छ, जसले यसो भनेका छन्ः

> 'चार पदको अर्थ "तिनीहरूको बीचमा कोही पनि गरिब नहोस्" हुनुपर्ला।' 8)

अर्को शब्दमा भन्नु हो भने, यहूदीहरूले हरेक सातौं वर्षमा ऋणमा परेका आफ्ना दाजुभाइहरूलाई ऋण माफ गर्नुपर्नेथियो, यस हेतुले कि तिनीहरूको बीचमा कोही मानिस पनि निरन्तर गरिबीमा जिउनुपर्नेथिएन। अनि ऋणदाताको कुनै हानि-नोक्सानी हुने नै थिएन, किनभने परमेश्वरले ऋणदाताहरूलाई प्रचुर मात्रामा आशिष दिनुहुनेथियो। अनि व्यवस्था १५ः११ पदको विषयमा कुरा यस्तो छः देशमा सधैं गरिब मानिसहरू हुनेथिए; किनकि कि त यहूदीहरूमाथि परमप्रभुको सजाय परेर यसो हुनेथियो, कि त तिनीहरूले खाँचोमा परेकाहरूमाथि टिठ्याएर यिनीहरूसित बाँड्चुँड् गर्नुपर्छ भन्ने पाठ तिनीहरूले सिक्नुपर्नेथियो।

**व्यवस्था १५ः७-११ः** 'छोड्दिने वर्ष' नजिक आइरहेको देखेर कसैले पनि त्यस वर्षमा सबै ऋणहरू रद्द हुने डरले प्रेरित भई गरिब इस्राएली दाजुभाइलाई रुपियाँपैसा सापट नदिनुहुँदैनथियो। व्यवस्था १५ः९ पद-अनुसार यस अवस्थामा सापट नदिने प्रेरणाचाहिँ नीच र दुष्ट विचारको फल भनिएको छ। यस सम्बन्धमा इतिहास साक्षी छ, कि यहूदीहरू आफ्ना जनहरूको वास्ता गर्ने जातिको रूपमा प्रसिद्ध भएका छन्। अनि जुन कुरा मोशाले व्यवस्था १५ः१० पदमा भने, त्यो कुरा प्रेरित पावलले २ कोरिन्थी ९ः७ पदमा पनि भनेका छन्ः *'परमेश्वरले हर्षसाथ दिनेलाई प्रेम गर्नुहुन्छ।'* यस पदमा लेखिएको कुरा एउटा आज्ञा हो; तर यति मात्र होइन, त्यो त एउटा प्रतिज्ञा पनि हो; किनभने परमेश्वर कसैको ऋणी हुनुहुन्न। *'उदार चित्त भएको मन हृष्टपुष्ट पारिनेछ; अनि जसले अर्काको बारी सिँच्छ, त्यसको पनि सिँचिनेछ'* (हितोपदेश ११ः२५)।

**व्यवस्था १५ः१२-१५ः** सातौं वर्षमा हिब्रू कमाराकमारी पनि स्वतन्त्र गरिनुपरेको थियो (व्यवस्था १५ः१२-१८)। तर यस अवसरमा यहूदी मालिकले उदार चित्तसँग कमाराको निम्ति प्रबन्ध गरी उसलाई पठाउनुपर्नेथियो, उसलाई रित्तै पठाउनुहुँदैनथियो। परमेश्वरले आफ्ना जनहरूलाई मिस्र देशको दासत्वदेखि निकालेर ल्याउनुभएको बेलामा उहाँले तिनीहरूको निम्ति प्रशस्त गरी प्रबन्ध गरिदिनुभयो (प्रस्थान १२ः३५-३६)। अनि यही कारणले स्वतन्त्र गरिएको कमारा पनि रित्तो हात जानुहुँदैनथियो। आफ्ना जनहरूका निम्ति परमप्रभुको चाहना यही होः तिनीहरूले उहाँकै देखासिकी गरून्, अथवा उहाँको स्वर्ण नियमको परिभाषाअनुसार गरून्ः 'जसरी प्रभुले तिमीसित व्यवहार गर्नुभयो, ठीक त्यसरी नै आफ्नो दाजुभाइसित गर!'

**व्यवस्था १५ः१६-१८ः** अर्कोतिर यसो गर्न पनि सम्भव थियोः कुनै कमाराले स्वतन्त्रता हुन इन्कार गर्न सक्नेथियो; उसले आफ्ना मालिकलाई प्रेम गरेर यसको 'स्थायी सेवक' बन्न सक्नेथियो। उसले मालिकको घरको ढोकामा आफ्नो कानको लोती सुतारीले छेंड्दिएर आफ्नो मनसाय प्रकट गर्नेथियो। ज्यालामा काम गर्ने नोकरको भन्दा कमाराको मूल्य दोबर गनिन्थ्यो।

**व्यवस्था १५ः१९-२३ः** यहाँ, यस पदबाट शुरु भएर व्यवस्था १६ः१७ पदसम्म कतिवटा नियमहरू पेश गरिएका छन्, जुन नियमहरू परमप्रभुले आफ्नो नाम राख्नको निम्ति चुन्नुभएको ठाउँमा यहूदीहरूले पूरा गर्नुपर्नेथियोः

**अ)** *व्यवस्था १५ः१९-२३ः* तिनीहरूले पहिले जन्मेका पशुहरू उहाँको निम्ति छुट्ट्याउनुपरेको थियो।

तिनीहरूले शुद्ध पशुहरूबाट पहिले जन्मेको हरेक नरपशुचाहिँ परमप्रभुलाई चढ़ाउनुपरेको थियो; अनि मानिसहरूले उहाँको निम्ति चढ़ाइएका पशुहरूबाट आफ्नो हिस्सा खान पाउँथे; तर तिनीहरूले त्यसको रगत खानुहुँदैनथियो। परमप्रभुको निम्ति चढ़ाइएको बलिपशु विकृत हुनुहुँदैनथियो, तर पूरा निष्खोट हुनुपरेको थियो; किनभने तिनीहरूले परमेश्वरलाई सर्वोत्तम थोक दिनुपरेको थियो; उहाँको निम्ति सर्वोत्तम बाहेक अरू केही पनि चल्दैनथियो।

**आ)** *व्यवस्था १६:१-८:* तिनीहरूले निस्तार-चाड़ र अखमिरी रोटीहरूको चाड़ मान्नुपरेको थियो।

**इ)** *व्यवस्था १६:९-१२:* तिनीहरूले हप्ताहरूको चाड़ वा पेन्टेकोष्टको चाड़ मान्नुपरेको थियो।

**ई)** *व्यवस्था १६:१३-१७:* तिनीहरूले झुपड़ीहरूको चाड़ मान्नुपरेको थियो।

### ट) व्यवस्था १६: परमप्रभुका तीनवटा निर्धारित चाड़हरू

**व्यवस्था १६:१-८:** सोह्र अध्यायमा परमप्रभुका तीनवटा चाड़हरूको पुनर्विचार गरिएको छ, जुन चाड़हरूको निम्ति सबै इस्राएली पुरुषहरू हरेक वर्ष केन्द्रीय पवित्रस्थानमा जानुपरेको थियो। श्री डी. एल. मूडीले ती चाड़हरूको उद्देश्यको बारेमा यसो लेखेका छन्:

'यी पवित्र चाड़हरू निम्न उद्देश्यहरूको निम्ति दिइएका थिए:

**क)** यी चाड़हरूले परमेश्वरका जनहरूलाई अन्य जातिहरूबाट छुट्ट्याउँथे।

**ख)** यी चाड़हरूले तिनीहरूलाई तिनीहरूले अघिबाट पाइराखेका आशिषहरूको सम्झना सजीव र ताजा राख्थे।

**ग)** यी चाड़हरू यी आशिषहरूको प्रतीक र चित्रण थिए, जुन आशिषहरू तिनीहरूले आउँदो समयमा ख्रीष्ट येशूबाट प्राप्त गर्नेथिए।

**घ)** यी चाड़हरूले परमेश्वरका जनहरूलाई एकसाथ परमेश्वरको आराधना गर्न लाउँथे।

**ङ)** यी चाड़हरूले परमेश्वरद्वारा निर्धारित गरिएको पवित्र सेवाको विशुद्धता कायम राख्न साथ दिन्थे।' [9)]

निस्तार-चाड़ र अखमिरी रोटीहरूको चाड़ एकसाथ पर्ने गर्थे; अनि यी दुईवटा चाड़हरूको बीचमा नजिकको सम्बन्ध थियो। निस्तार-चाड़को वर्णन व्यवस्था १६:१, २ र ४-७ पदमा दिइएको छ भने, अखमिरी रोटीहरूको चाड़को वर्णन व्यवस्था १६:३-४ र ८ पदमा दिइएको छ। यी चाड़हरू परमेश्वरले आफ्ना जनहरूको पक्षमा गर्नुभएको त्राणको कामको सम्झना गराउन स्थापित भएका थिए। तर नयाँ नियमका विश्वासीहरूको निम्ति प्रभुभोजचाहिँ हरेक हप्ता मनाउने एउटा 'सम्झनाको चाड़' हो, जुन प्रभुभोजमा ख्रीष्ट येशू हाम्रो निस्तारको पाठो हाम्रो निम्ति बलि हुनुभयो भन्ने सम्झना गरिन्छ।

अखमिरी रोटीहरूको चाड़ले त्यस साक्षीको योग्य जीवनको चित्रण गर्छ, जुन प्रकारको उदाहरणीय जीवन, अँ, प्रशंसाले पूर्ण जीवन मुक्ति पाएकाहरूले जिउनुपर्छ, *'परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनुभएको उहाँको आशिषअनुसार'* (व्यवस्था १६:१७); अनि उनीहरूले सबै प्रकारका वैरभाव र दुष्टतादेखि अलग रहेको जीवन जिउनुपर्छ (१ कोरिन्थी ५:८)।

यहाँ निस्तार-चाड़को सम्बन्धमा दिइएका कति बुँदाहरू प्रस्थान १२ र १३ अध्यायमा दिइएका बुँदाहरूभन्दा बेग्लै छन्, जस्तैः यस चाड़मा तिनीहरूले चढ़ाउन पाउने बलिपशुहरू फरक र यी बलिपशुहरू कुन ठाउँमा बलि गर्न पाउनेथिए, त्यो पनि फरक छ।

**व्यवस्था १६:९-१२:** गहुँको फसलको कटनीको शुरुमा, जब त्यसको पहिलो फल काटिन्थ्यो, तब हप्ताहरूको चाड़ अर्थात् पेन्टकोष्टको चाड़ मानिन्थ्यो। यस हप्ता-हरूको चाड़ले पवित्र आत्मालाई वरदानको रूपमा दिइएको कुरा चित्रण गर्छ। यो चाड़ हामी पहिलो फलको चाड़सँग खिचड़ी गर्नुहुँदैन, जुन पहिलो फलचाहिँ जौको पहिलो काटिएको बिटा थियो। त्यो पहिलो फलको चाड़ अखमिरी रोटीहरूको चाड़को दोस्रो दिनमा मानिन्थ्यो। *'आफ्नो हातको स्वेच्छा-दानको सौगात चढ़ाएर तिमीले परमप्रभु आफ्ना परमेश्‍वरको निम्ति हप्ताहरूको चाड़ मनाउनू, जुन सौगात तिमीले परमप्रभु आफ्ना परमेश्‍वरले तिमीलाई आशिष दिनुभएअनुसार दिनू!'* (व्यवस्था १६:१०)। जुन स्वेच्छा-दान यस चाड़मा चढ़ाइन्थ्यो, त्यो स्वेच्छा-दान मानिसले पाएको आशिषअनुसारको मात्रामा चढ़ाउनुपर्थ्यो; अनि २ कोरिन्थी ८ र ९ अध्यायमा पनि ठीक त्यही कुरा सिकाइएको छ। हप्ताहरूको चाड़मा चढ़ाइने स्वेच्छा-दान फसलको अन्न हुन्थ्यो।

**व्यवस्था १६:१३-१५:** झुपड़ीहरूको चाड़ फसलको अन्तमा मनाइन्थ्यो; अनि यस चाड़ले त्यस आउँदो समयमाथि हाम्रो नजर लगाउँछ, जुन समयमा इस्राएली जाति फेरि आफ्नै देशमा बस्नेछ, ख्रीष्ट येशूको शासन-अधिकारमनि बस्नेछ।

**व्यवस्था १६:१६-१७:** वर्षमा तीन पल्ट सबै इस्राएली परूषहरू आफ्नो औकात-अनुसारको भेटी लिएर परमप्रभुको सामु देखा पर्नुपरेको थियो। श्री डी. एल. मूडीले सबै इस्राएली पुरुषहरू उपस्थित हुनुपर्ने यी तीनवटा चाड़हरूको आत्मिक अर्थ यस प्रकारले दिएका छन्:

> 'निस्तार-चाड़, पेन्टेकोष्टको चाड़ र झुपड़ीहरूको चाड़ले त्राणको कामको हरेक भाग चित्रण गर्छन्, जस्तैः
>
> **क)** निस्तार-चाड़ले त्यस दुःखकष्टको चित्रण गर्छ, जुन दुःखकष्ट ख्रीष्ट येशूले क्रूसको मृत्युमा सहनुभयो।
>
> **ख)** पेन्टेकोष्टको चाड़ले पवित्र आत्माको आगमनद्वारा हामीलाई जुन अनुग्रह दिइएको छ, त्यो अनुग्रह चित्रण गर्छ।
>
> **ग)** झुपड़ीहरूको चाड़ले त्यही महिमाको चित्रण गर्छ, जुन महिमा राजाहरूको महाराजको दोस्रो आगमनमा प्रकट हुनेछ, त्यस अन्तिम विजयोल्लासमा।' **10)**

**व्यवस्था १६:१८-२०:** न्यायकर्ताहरू पूरा इमान्दार, धर्मी र निष्पक्ष हुनुपरेको थियो। यिनीहरूले कसैबाट कुनै घूस लिनुहुँदैनथियो; किनभने घूसले यिनीहरूलाई ठीक प्रकारको न्याय गर्नदेखि असक्षम तुल्याइदिनेथियो।

**व्यवस्था १६:२१-२२:** अशेराको मूर्ति एउटा काठको मूर्ति थियो, जुन काठको खाँबाचाहिँ शुक्र देवीको नाममा खड़ा गरियो। धन्न, परमप्रभुको वेदी अन्तिम आएर यरूशलेमको मन्दिरमा खड़ा गरिनेथियो, जहाँ कुनै रूख रोप्न सम्भव हुनेथिएन। तर के गर्ने? त्यहाँ रूख रोप्न नसके ता पनि त्यो घिनलाग्दो अशेरा-मूर्तिचाहिँ भावी दिनमा परमप्रभुको मन्दिरमा खड़ा गरिनेथियो (२ राजा २३:६)।

### ठ) व्यवस्था १७: न्यायकर्ताहरू र राजाहरू

**व्यवस्था १७:१:** सबै बलिपशुहरू निष्खोट हुनुपरेको थियो। किनभने ती बलि-पशुहरूले पापरहित, खोटरहित परमेश्‍वरको थुमाको प्रतीक थिए।

**व्यवत्था १७:२-७:** कुनै व्यक्तिमाथि मूर्तिपूजाको आरोप भए त्यसको जाँचपड़ताल गरिन्थ्यो। त्यसलाई साबित तुल्याउन दुई कि तीनजना साक्षीको आवश्यकता पर्‍यो। मूर्तिपूजाको दोष साबित भयो भने, त्यस मानिसलाई ढुङ्गाले हानेर मारिन्थ्यो।

**व्यवस्था १७:८-१३:** कुनै शहरका बूढ़ा प्रधानहरूको निम्ति समाल्न गाह्रो परेको कुनै मामिला पेश गरियो भने उनीहरूले यो मुद्दा न्यायकर्ताकहाँ लानुपरेको थियो। व्यवस्था १७:९ पदचाहिँ १७:१२ र १९:१७ पदहरू-सँग तुलना गर्दा के देखिन्छ भने, न्याय गर्ने पूजाहारीहरू र न्यायकर्ताहरूका विभिन्न टोलीहरू भएका लाग्छ, जसले ती कठिन मुद्दाहरू न्याय गर्ने गर्थे। व्यवस्था १७:१२ पदमा प्रधान पूजाहारी र सर्वोच्च न्यायकर्ताको विषयमा कुरा गरिएको हुनुपर्ला; किनभने यी दुवै शब्दहरूको सामु 'त्यस' भन्ने निश्चितार्थी विशेषण लगाइएका छन्। यसर्थ यी दुईजना यी टोलीका अगुवाहरू भएका हुनुपर्ला। परमेश्वरको पवित्रस्थान जहाँ खड़ा भएको थियो, त्यस ठाउँमा यो अदालत बस्दथियो। अनि त्यस अदालतले लिएको न्यायको फैसला स्थिर रहन्थ्यो, निर्णायक हुन्थ्यो। यो इस्राएलको सर्वोच्च न्यायालय थियो। जुन अपराधी ठहरिएको व्यक्तिले प्रधान पूजाहारीको वा सर्वोच्च न्यायकर्ताको फैसला अस्वीकार गर्थ्यो, त्यो व्यक्ति मारिन्थ्यो (व्यवस्था १७:१२-१३)।

**व्यवस्था १७:१४-२०:** मानिसहरूले राजाको माग गर्नेछन् भन्ने कुरा परमेश्वरले चार सय वर्षभन्दा अघि जान्नुभएको थियो। यसकारण उहाँले यी शासनकर्तामा हुनुपर्ने गुणहरू यस प्रकारले पेश गर्नुभयोः

**क)** *व्यवस्था १७:१५:* उनी परमेश्वरबाट चुनिएका मानिस हुनुपर्छ।

**ख)** *व्यवस्था १७:१५:* उनी इस्राएली हुनुपर्छ, अर्थात् उनी यहूदी दाजुभाइ-हरूको बीचबाट आएको हुनुपर्छ।

**ग)** *व्यवस्था १७:१६:* उनले घोड़ाहरूको संख्या बढ़ाउनुहुँदैन। आफ्ना शत्रुहरू-माथिको विजय यस प्रकारको लौकिक, भौतिक कुराहरूमाथि भर परेर होइन, तर परमप्रभुमाथि भरोसा गरेर उनले विजय प्राप्त गर्नुपर्छ।

**घ)** *व्यवस्था १७:१६:* उनले मानिस-हरूलाई मिस्र देशमा फर्किजाने तुल्याउनुहुँदैन; किनभने मिस्र देशका घोड़ाहरूले तिनीहरूलाई कुनै हालतमा पनि लड़ाइँमा बचाउन सक्नेथिएनन्।

**ङ)** *व्यवस्था १७:१७:* उनले पत्नीहरूको संख्या बढ़ाउनुहुँदैन। एक त, उनलाई बहुविवाह मनाही गरिएको छ। अनि दुई, 'होशियार, नत्र ता यी पत्नीहरूले तिमीलाई मूर्तिपूजातिर भड्काउनेछन्' भनेर उनलाई चेताउनी दिइएको छ। अनि तीन, यस प्रकारको बिहेवारी-माथि पनि प्रतिबन्ध गरिएको हो, जुन बिहेवारीचाहिँ राजनीतिक दृष्टिकोणले गरिन्छ।

**च)** *व्यवस्था १७:१७:* उनले आफ्नो निम्ति धेरै सुन र चाँदी थुपार्नु-हुँदैन; किनभने धनसम्पत्तिले उनलाई परमप्रभुमाथि भरोसा गर्नदेखि बहकाउन सक्छ।

**छ)** *व्यवस्था १७:१८-२०:* उनले परमप्रभुको व्यवस्थाको एक प्रति आफ्नो निम्ति लेख्नुपर्छ; उनले त्यो व्यवस्था पढ्नुपर्छ र पालन गर्नुपर्छ; नत्र ता उनी घमण्डी, स्वेच्छाचारी बन्ने डर थियो। व्यवस्थामाथि ध्यान दिन राजाले निरन्तर समय निकाल्नुपर्छ र यसरी नै उनी मानिसहरूको उच्च नमुना र आदर्श बन्नुपर्छ।

**ज)** *व्यवस्था १७:२०:* उनी घमण्डले फुलिनुहुँदैन।

इस्राएली जातिको स्वर्ण समयमा राजा सुलेमानले तिनीहरूमाथि राज्य गरे, जसले प्रायः यी सबै निषेध आज्ञाहरू उल्लङ्घन गरे, र जसले यसरी नै आफैमाथि विनाश निम्त्याए

र आफ्नो राज्यको पतन गराए (१ राजा १०:१४-११:१०)।

**ड) व्यवस्था १८ः पूजाहारीहरू, लेवीहरू र अगमवक्ताहरू**

**व्यवस्था १८:१-८ः** यहाँ फेरि एकपल्ट पूजाहारीहरू र लेवीहरूप्रति परमेश्वरको वास्ता देखिन्छ; किनभने उनीहरूले कुलको रूपमा प्रतिज्ञाको देशमा कुनै अधिकारको भाग पाएनन्। यसकारण मानिसहरूले उनीहरूलाई सम्हाल्नुपरेको थियो। बलिपशुहरूबाट उनीहरूले पाउने हिस्सा यही थियोः बलि-पशुको पाता, दुईवटा गाला र भुँड़ी; अनि अन्न, दाखमद्य, तेल र ऊनबाट पहिलो फल उनीहरूको हुन्थ्यो।

व्यवस्था १८:६-८ पदको खण्डमा एकजना लेवीको कुरा गरिएको छ, जसले आफ्नो घरबार बेचेर परमेश्वरको सेवा गर्न उहाँले आफ्नो नाम राख्न चुन्नुभएको ठाउँमा बसाइ सर्छ। उसले अरू लेवीहरूसँग इस्राएलीहरूका भेटीहरूमा भाग पाउनुपरेको थियो, साथै आफ्नो बेचेको पैतृक सम्पत्तिको पूरा दाम पनि उसकै भएको थियो। याद रहोस्ः लेवीहरूले कुलको रूपमा प्रतिज्ञाको देशमा कुनै अधिकारको भाग नपाए तापनि आफ्नो निम्ति धनसम्पत्ति कमाउन र हासिल गर्न सक्थे।

**व्यवस्था १८:९-१४ः** इस्राएलीहरूलाई गुप्तविद्या जान्ने मानिससँग सम्पर्क राख्न सशक्त मनाही थियो। यहाँ आत्मालोकसँग सम्पर्क गर्ने आठवटा माध्यमहरू दिइएका छन्; यी आठवटै माध्यमहरू परमेश्वरले 'घृणित कार्यहरू' भन्नुभएको छ, जस्तैः **क)** जादुविद्या वा बोक्सीविद्या जान्ने, **ख)** ज्योतिषविद्या जान्ने, वा जोखना र साइत हेर्ने, **ग)** शकुन बताउने, हात-रेखा हेर्ने, भावी भाग्य बताउने, बाबा र माताहरू, **घ)** तन्त्रमन्त्र गर्ने, टुनामुना गर्ने, झारफुके, धामी-झाँक्री, बिजुवा, बुङतिङ-लामा आदि, **ङ)** मोहनी लाउने, **च)** भूतप्रेत खेलाउने, दुष्ट आत्माको प्रभावमा परेर फलाक्ने वा अगमवाणी गर्ने, **छ)** बोक्सेरो-विद्या जान्ने अनि **ज)** मरेकाहरूलाई बोलाउने र मृतकहरूसित बातचित गर्ने। यी गुप्तविद्याका विभिन्न दुष्ट कलाहरूको बीचमा छुट्ट्याउन गाह्रो पर्ला।

तर दुःखको कुरा के हो भने, तीन हजार चार सय वर्षभन्दा अघि यी निषेधाज्ञाहरूलाई जति नै खाँचो परेको थियो, उत्तिकै यी निषेधाज्ञाहरूलाई 'प्रबुद्ध' भएको आधुनिक युगमा आवश्यक पर्छ। यस सम्बन्धमा श्री हेन्री जी. बोशले यसो लेखेका छनः

> 'शैतानवाद, दुष्ट आत्माहरू, भूतप्रेत र तान्त्रिक विद्या आदि अन्धकारका शक्तिहरू छन्, अशुभ कुराहरू हुन् – काल्पिक कुरा, इन्द्रजाल, जादुको खेल होइनन्। जादुविद्या, ज्योतिषशास्त्र र अन्य तान्त्रिक शक्तिहरू चलाउन जान्न खोज्ने गुप्तविद्यामा चारैतिर चासो के साह्रै बढ़ेको छ!? यसबाट हामी यस युगको अन्तमा आइपुगेको जान्दछौं। किनभने योचाहिँ अन्तका लक्षणहरूमध्ये एक हो। ... हजारौं मानिसहरूले हरेक दिन राशिफल हेर्ने गर्छन्, प्रेतात्मा-संवाद गोष्ठीमा भाग लिन्छन् वा आफ्ना मरेका प्रियहरूसँग सम्पर्क राख्न खोज्छन्। शैतानवाद र भूतप्रेतहरूमा मानिसहरूको चासो किन यत्रो? जब पवित्र बाइबलले घरिघरि हामीलाई "गुप्तविद्याका कुनै कला नचलाओ" भन्ने चेताउनी दिन्छ, जस्तैः लेवी १९:३१ र २०:२७; २ इतिहास ३३:६; यर्मिया १०:२; गलाती ५:१९-२०।
>
> यस विषयमा पवित्र धर्मशास्त्र बाइबलमा दिइएका यी चेताउनीहरू कति आवश्यक छन्, कति! यी चेताउनीहरू अलिकति पनि पुराना भएका रहेनछन्। हामी त्यस्ता अन्धकारका कुराहरूसँग खेलबाड़ नगरौं! नत्र ता कतै हामी काललाई पो चुम्बन गर्न पुग्छौं कि?' 11)

यस सम्बन्धमा *'परमप्रभु आफ्ना परमेश्‍वरको सामु सिद्ध होऊ'* भन्ने अर्थ के हो त ? यी मनाही गरिएका संचार, यी निषेध गरिएका सम्पर्कको सम्बन्धमा हामी त्यस बेलामा निर्दोष ठहरिन्छौं, जुन बेलामा हामी केवल परमेश्‍वरको वाणीतिर आफ्नो कान थाप्छौं र उहाँको मात्र सोर सुन्छौं (व्यवस्था १८:१३)।

**व्यवस्था १८:१५-१९:** यहाँ आकाश-पातालको फरक छः उक्त तान्त्रिक अगुवा-हरूको दुष्टता ठूलो छ; तर व्यवस्था १८:१५ पदमा एउटा परमसुन्दर भविष्यवाणी पेश गरिएको छः किनकि यी गुप्तविद्या चलाउने-हरूको ठीक विपरीतमा ख्रीष्ट येशू हुनुहुन्छ; उहाँ परमेश्‍वरको साँचो भविष्यवक्ता हुनुहुन्छ (प्रेरित ३:२२-२३)। व्यवस्था १८:१५, १७ र १९ पदमा यी भविष्यवक्ताको विषयमा दिइएको वर्णनमाथि विचार लगाउनुहोस्ः

**क)** एक भविष्यवक्ता खड़ा हुनेछन्; भविष्यवक्ता भन्नाले परमेश्‍वरको वचन बोल्ने प्रवक्ता बुझ्नुपर्छ।

**ख)** तिनी इस्राएलीहरूको बीचबाट खड़ा हुनेछन्; यसो हो भने, तिनी एकजना मानिस हुनेछन्।

**ग)** तिनी तिनीहरूको दाजुभाइहरूबाट खड़ा हुनेछन्; तिनी यहूदी मानिस हुनेछन्।

**घ)** तिनी मोशाजस्तै हुनेछन्; जसरी परमेश्‍वरले मोशालाई खड़ा गर्नुभयो, त्यसरी नै उहाँले ती भविष्यवक्तालाई पनि खड़ा गर्नुहुनेछ।

**ङ)** *'म आफ्ना वचनहरू तिनको मुखमा हाल्नेछु'*; यसर्थ ती भविष्यवक्ता आत्माको प्रेरणाले परिपूर्ण हुनेछन्।

च) *'अनि म तिनलाई जे-जे आज्ञा गर्नेछु, ती सबै कुराहरू तिनले तिनीहरूलाई भन्नेछन्;'* यसर्थ तिनको भविष्यवाणी ईश्‍वरीय प्रकाशले परिपूर्ण हुनेछ।

छ) *'हरेक जसले मेरा वचनहरू सुन्दैन, जुनचाहिँ तिनले मेरो नाममा बोल्नेछन्, त्यसबाट म यसको लेखा लिनेछु।'* तिनले बोलेका कुराहरू सुन्ने र तिनको आज्ञापालन गर्ने उत्तरदायित्व सबै मानिसहरूको कर्तव्य हुँदो रहेछ।

यस खण्डमा अरू के शिक्षा दिइएको छ भने, ती भविष्यवक्ताले परमेश्‍वर र मानिसको बीचमा मध्यस्थको सेवा गर्नेछन्। सिनाई पर्वतमा मानिसहरू यति साह्रै डराएका थिए; यसकारण तिनीहरूले परमेश्‍वरलाई 'हामीसँग आफै नबोल्नुहोस् र हामीले त्यो भस्म पार्ने आगो फेरि देख्नु नपरोस्' भन्ने विन्ती गरे; किनकि तिनीहरूलाई तत्कालै मरिजानुपर्ने डर लागेको थियो। तिनीहरूको यही विन्तीको उत्तरमा परमेश्‍वरले ख्रीष्ट येशूलाई मध्यस्थको रूपमा पठाइदिने प्रतिज्ञा गर्नुभयो। यस खण्डमा ख्रीष्ट येशू यहूदीहरूको आशा हुनुहुनेछ भन्ने अर्थ सही हो भन्ने कुरा हामी कसरी जान्ने त ? यस खण्डको वास्तविक अर्थ यही हो भन्ने कुरा सुसमाचारका पुस्तकहरूबाट सुस्पष्ट देखिन्छ (यूहन्ना ६:१४ र ७:४०)।

**व्यवस्था १८:२०-२२:** अब झूटा अगमवक्ताहरूको कुरा आयोः झूटा अगम-वक्ताहरूलाई विभिन्न तरिकाहरूले खुट्ट्याउन सकिन्छ। हामीले अघिबाटै सिकिसक्यौं, कि झूटा अगमवक्ताहरूले मानिसहरूलाई एकमात्र सत्य परमेश्‍वरको सेवा-आराधना गर्नदेखि भड्काएर मूर्तिपूजातिर लैजान खोज्छन् (व्यवस्था १३:१-५)। अनि यहाँ यस्ताहरूलाई खुट्ट्याउन सक्ने अर्को तरिका पनि दिइएको छः त्यस झूटो अगमवक्ताले गरेको पूर्वकथन पूरा हुन आएन भने तिनीहरूले त्यस अगमवक्तालाई मृत्युदण्ड दिनुपर्नेथियो, र त्यसले तिनीहरूमाथि सम्भवतः लगाउन सक्ने श्रापसँग डराउनु-पर्दैनथियो।

## ढ) व्यवस्था १९ः अपराधीहरूमाथि लागू हुने कानुन

**व्यवस्था १९ः१-१०ः** यहाँसम्म तीनवटा शरणनगरहरू यर्दन नदीको पूर्वपट्टि स्थापित भइसकेका थिए। यसकारण मोशाले मानिस-हरूलाई 'यर्दन नदीको पश्चिमपट्टि पनि ठीक-ठीक ठाउँमा तीनवटा शहरहरू ठहराओ' भन्ने कुरा सम्झना गराए, ताकि हत्या गर्ने मानिसले रगतको बदला लिने मानिसदेखि सजिलै भागेर त्यहाँ शरण लिन सकोस् (व्यवस्था १९ः१-७)। यदि इस्राएलीहरूले प्रतिज्ञा गरिएको जम्मै देश कब्जा गरे भने यस निर्देशनमा अझ एउटा प्रबन्ध थपिनेथियोः तिनीहरूले अझै तीनवटा शरणनगरहरू छुट्ट्याउनुपर्नेथियो (व्यवस्था १९ः८-१०)। तर यी तीनवटा थप शरण-नगरहरूको विषयमा हामी फेरि कहिल्यै पढ्दैनौं; किनभने इस्राएली जातिले उत्पत्ति १५ः१८ पदमा प्रतिज्ञा गरिएको जम्मै देश कहिल्यै अधिकार गरेन। यर्दन नदीको पश्चिमपट्टि निर्धारित गरिएका तीनवटा शरणनगरहरू केदेश, हेब्रोन र शेकेम हुन् (यहोशू २०ः७)।

**व्यवस्ता १९ः११-१३ः** शरणनगरले कुनै हत्यारा साबित भएको कुनै व्यक्तिलाई सुरक्षा दिँदैनथियो। ती शरणनगरहरूमध्ये कुनै एउटामा त्यो भागेर गए तापनि यस शरणनगरका बूढ़ा प्रधानहरूले त्यसको कुरा केरकार गर्नुपर्थ्यो। अनि त्यो हत्यारा ठहरियो भने, तिनीहरूले त्यसलाई रगतको बदला लिने मानिसको हातमा सुम्पिदिनु थियो।

**व्यवस्था १९ः१४ः** यहाँ सिमाना-ढुङ्गाको कुरा आयोः सिमाना-ढुङ्गा भन्नाले कुनै व्यक्तिको जमिनको सिमाना छुट्ट्याउन राखिएको ढुङ्गा बुझिन्छ। कसैले राति आएर ती सिमाना-ढुङ्गाहरू सारेर आफ्नो जमिन बढ़ाउनु सम्भव थियो; यसरी त्यसले आफ्नो छिमेकीको सिमाना मिच्नेथियो। तर शरण-नगरहरूको विषयमा लेखिएको खण्ड र साँचो-झूटा गवाहीहरूको सम्बन्धमा अपनाउनुपर्ने कानुनी कारवाइको बारेमा लेखिएको खण्डको बीचमा यो पद किन हालियो, सो हामीलाई भन्न गाह्रो छ; तरै पनि यस पदबाट पाइने शिक्षा सुस्पष्ट छ। हुन सक्छ, जमिनको विषयमा उठेको झगड़ाबाट हत्या हुने सम्भवना जारी थियो कि ?

**व्यवस्था १९ः१५-२१ः** कसैमाथि मुद्दा लगाउनको निम्ति एकजनाले दिएको साक्षी पर्याप्त थिएन; यसो गर्न दुई वा तीन साक्षीहरू हुनु आवश्यक थियो। झूटो साक्षी दिने व्यक्तिलाई पूजाहारीहरू र न्यायकर्ताहरूको सामु पेश गरिन्थ्यो र उनीहरूद्वारा त्यसको न्याय जाँच हुनु थियो (व्यवस्था १७ः१८-१९)। त्यसले आफ्नो झूटो गवाहीद्वारा अरू कसैलाई जेजस्तो गर्न खोज्यो, ठीक त्यही सजाय त्यसलाई दिइन्थ्यो (व्यवस्था १९ः१६-२१)।

पश्चिमी मुलुकमा 'आँखाको बदलामा आँखा' र 'दाँतको बदलामा दाँत' भन्ने नियम ल्याटिन भाषाअनुसार 'लेक्स् टलिओनिस्' अर्थात् 'प्रतिशोधी कानुन' भनिन्छ। मानिस-हरूले यो साटो फेर्ने नियम कति क्रूर नियम हो भन्छन्; तर वास्तवमा, यस नियमले कसैलाई क्रूरै हुने छुट दिँदैन, तर बरु अपराधीलाई दिइने सजायमाथि सीमा पो लगाइदिन्छ। यस खण्डको सन्दर्भमा यस नियमले झूटो साक्षीमाथि लगाउनुपर्ने सजाय के हो, सो पूर्वनिर्धारित गर्थ्यो।

## ण) व्यवस्था २०ः लड़ाइँको सम्बन्धमा दिइएको नियमावली

**व्यवस्था २०ः१-८ः** यो बीस अध्याय परमेश्वरका जनहरूको निम्ति लड़ाइँको नियमावली हो। पूजाहारीहरूले शत्रुहरूसित

भिड्न लड़ाइँमा उत्रन लागेका सैनिकहरूलाई उत्साह दिनुपरेको थियो; यो उनीहरूको जिम्मेवारी थियो। लड़ाइँमा जानदेखि कति मानिसहरूलाई छुट हुन्थ्यो, जस्तैः **क)** तिनीहरू, जसले भर्खरै एउटा नयाँ घर बनाएका थिए; **ख)** तिनीहरू, जसले भर्खरै एउटा दाखबारी लगाएका थिए, तर त्यसबाट कुनै फल खान पाएका थिएनन्; **ग)** तिनीहरू, जसले भर्खरै एउटी कन्यालाई मगनी गरेका थिए, तर उससितको विवाह सुसम्पन्न भएको थिएन; अनि **घ)** तिनीहरू, जो डरछेरुवा थिए र जसको हृदय हताश भएको थियो।

'यहूदी लेखकहरू यस कुरामा सहमत छन् कि यस किसिमको घर फर्कन पाउने छुट केवल ती लड़ाइँहरूमा मात्र दिइन्थ्यो, जुनचाहिँ इस्राएलीहरूले स्वेच्छाले गर्ने गर्थे; तर अमालेकी र कनानीहरूसित जस्तै ईश्वरीय आदेशअनुसार तोकिएका लड़ाइँहरूमा कसैलाई छुट हुँदैनथियो, हरेक पुरुषलाई लड़ाइँमा जाने बाध्यता हुन्थ्यो रे।' [12)]

**व्यवस्था २०ः९ः** हरेक असल सेना संगठित हुन्छ, र सिपाहीहरूको बीचमा विभिन्न दर्जाहरू हुन्छन्; ठीक त्यस्तै यहाँ अधिकारीहरूले सिपाहीहरूलाई अगुवाइ गर्ने सेनापति र कप्तानहरूलाई नियुक्त गरे।

**व्यवस्था २०ः१०-२०ः** इस्राएली जातिले अपनाउनुपर्ने लड़ाइँ गर्ने रणनीति अरू जातिहरूको जस्तै थिएन, तर भिन्नै थियो; किनभने तिनीहरूले परमप्रभुको निर्देशन-अनुसार लड़ाइँ गर्नुपरेको थियो। ती भिन्नता-हरूले नै इस्राएलीहरू प्रेमिलो परमेश्वरको अधीनस्त पवित्र जाति हुन् भन्ने चिनारी दिन्थे। लड़ाइँ गर्नु आवश्यक थियो; तर परमप्रभुले लड़ाइँबाट पैदा हुने हानि र खराबीहरू नियन्त्रणमा राख्नुहुनेथियो। तपाईंले अश्शूरी-हरू[13)] र अरू जातिहरूले लड़ाइँ गर्दा अपनाएका क्रूर व्यवहारहरू अध्ययन गर्नुभयो भने, तपाईंले यहाँ प्रस्तुत गरिएका ईश्वरीय आदेशहरूको प्रशंसा गर्नुहुनेथियो। इस्राएली-हरूले लड़ाइँ कसरी गर्नुपर्नेथियो, सो सम्बन्धमा दिइएका निर्देशनहरूअनुसार तिनी-हरूले निम्न भिन्नताहरू कायम राख्नुपरेको कुरामाथि ध्यान दिनुहोस्ः

**क)** *व्यवस्था २०ः१०-१८ः* तिनीहरूले टाढ़ा र नजिकका शहरहरूको बीचमा छुट्ट्याउनुपरेको थियो। कनान देशमा भएका शहरहरूका मानिसहरू यति भ्रष्ट र नीच थिए, कि यिनीहरूबाट इस्राएलीहरूलाई आसन्न खतरा आउँथ्यो; यी शहरहरू नष्ट पारिन योग्य थिए। तर यी शहरहरू छोड़ेर अरू शहरहरू पनि थिए, जुन शहरहरूसँग इस्राएलीहरूले पहिले शान्तिको प्रस्ताव राख्नुपरेको थियो; किनभने ती शहरहरू नष्ट पारिनुपर्ने जातिहरूका थिएनन्, तर अब्राहाम-सँग प्रतिज्ञा गरिएको क्षेत्रभित्र परे। जुन शहरले शान्तिको प्रस्ताव स्वीकार गरेन, इस्राएलीहरूले त्यस शहरमा भएका सबै पुरुषहरूलाई मार्नुपरेको थियो, तर स्त्रीहरू र केटाकेटीहरूलाई जिउँदै राख्नुपरेको थियो। किनकि ती शहरहरूबाट इस्राएलीहरूलाई दूषित हुने यति ठूलो खतरा आउँदैनथियो, जत्तिकै खतरा इस्राएली जातिलाई दिइएको सिमानाभित्र भएका शहरहरूबाट आउँथ्यो।

**ख)** *व्यवस्था २०ः१९-२०ः* तिनीहरूले फल दिने र फल नदिने रूखहरूको बीचमा छुट्ट्याउनुपरेको थियो। यस आदेशद्वारा भन्न खोजेको कुरा यही होः इस्राएलीहरूले लड़ाइँ गर्दा तबाही रणनीति अपनाउन पाउँदैनथिए। तिनीहरूले काम लाग्ने थोकहरू बचाइ-राख्नुपरेको थियो; तिनीहरूले देशमा जथाभाबी विध्वंसन गर्नुहुँदैनथियो।

### त) व्यवस्था २१-२५ः विभिन्न नियमहरू

**अ)** व्यवस्था २१ः१-९ः कसैको मृत्यु हत्या थियो कि थिएन, सो कुरा समाधान हुन नसक्दा गरिने प्रायश्चित्त यस्तो थियोः देशमा

कुनै मारिएको मानिस फेला पर्‍यो, र त्यसको हत्याराको पत्ता पाइएन भने, त्यस मरेको मानिसलाई फेला परेको ठाउँको नजिकको शहरका बूढ़ा प्रधानहरूले त्यस व्यक्तिको खातिर प्रायश्चित्त गर्नु आवश्यक थियो। यसको निम्ति तिनीहरूले एउटा कोरली बग्ने खोला भएको बेंसीमा लगेर मार्नुपरेको थियो। तिनीहरूले आफ्ना हातहरू कोरलीमाथि धोएर यस अपराधमा केही हात नभएको, तर बिलकुल निर्दोष भएको कुरा स्वीकार गरे; यसैले तिनीहरूले 'त्यस रगतको दोष हामीमाथि नलागोस्' भनेर अर्जविन्ती गर्नुपरेको थियो। यस सम्बन्धमा रक्तपातको दोष कसको थियो, सो सुनिश्चित हुन नसके ता पनि यस विषयमा समष्टिगत दोष त थियो, जसको निम्ति उक्त कारबाही गर्नुपरेको थियो। किनभने देश जुनै हालतमा पनि यस रगतको दोषबाट शुद्ध अर्थात् मुक्त पार्नुपरेको थियो। अनि मारिएको मानिस जहाँ फेला परेको थियो, त्यस ठाउँको नजिकको शहरले यो जिम्मावारी उठाउनुपरेको थियो।

एकजना अज्ञात भाइले व्यवस्था २०:१-९ पदको खण्डको शीर्षक यसरी राखेका छन्: 'आफ्नो पुत्रको विषयमा परमेश्वरले गर्नुभएको ठूलो न्यायिक अनुसन्धान'। किनभने इस्राएली जातिलाई ख्रीष्टको हत्यारूपी मृत्युको सम्बन्धमा रगतको दोष लागेको थियो, र तिनीहरू त्यस रगतको दोषबाट उचित तरिकाले मुक्त हुनुपरेको थियो।

### आ) व्यवस्था २१:१०-१४: लड़ाइँमा कब्जा गरिएका स्त्री कैदीहरू

इस्राएली मानिसले लड़ाइँमा कब्जा भएकी एउटी सुन्दरी स्त्रीलाई विवाह गर्न पाउँथ्यो; तर पहिले त्यस स्त्रीले विधिवत् शुद्धीकरण गर्नुपरेको थियो र एक महिना अलग बस्नुपरेको थियो। तर याद रहोस्: यस खण्डमा पेश गरिएको नियम कनान देशका स्त्रीहरूको विषयमा लागू थिएन। तर यस प्रकारको विवाहको निम्ति एउटा परीक्षण-काल दिइएको थियो; यदि इस्राएली मानिस त्यस स्त्रीसित सन्तुष्ट थिएन भने उसले त्यस स्त्रीलाई छोड़िदिन सक्थ्यो। तर उसले त्यस स्त्रीलाई अर्कोको हात बेच्न पाउँदैनथियो र त्यससँग नीच व्यवहार देखाउन पाउँदैनथियो।

### इ) व्यवस्था २१:१५-१७: पहिले जन्मेकाहरूको अधिकार

एउटी अवहेलित पत्नीबाट जन्मेको छोराचाहिँ पहिले जन्मेको छोरा थियो भने, त्यस छोराबाट आफ्नो जन्मसिद्ध अधिकार खोस्न सकिँदैनथियो। यी पदहरू लिएर कसैले पनि परमेश्वरले बहुविवाहको अनुमोदन गर्नुभएको कुरा दावी गर्नुहुँदैन। यहाँ कुरा अर्को छः बहुविवाह भएको खण्डमा उहाँले पहिले जन्मेको छोराको अधिकार सुरक्षित राख्नुभयो; बस् यति हो।

कहिलेकाहीं परमेश्वरले आफ्नो सर्वाधिकारमा परिवारको जेठा छोरालाई छोड़ेर कान्छोलाई आशीर्वाद दिनुहुँदो रहेछ। याकूब र एसाव अथवा एप्रैम र मनस्सेको विषयमा कुरा यस्तो थियो। तर यो कुरा यहाँ प्रस्तुत गरिएको नियमदेखि बाहिरको कुरा हो; किनभने परमेश्वरले आफ्नो इच्छाअनुसार कसैलाई आशिष दिन चुन्नुहुन्छ, अँ, चुन्न पाउनुहुन्छ।

### ई) व्यवस्था २१:१८-२१: हठी र विद्रोही छोराहरूसित अपनाउनुपर्ने व्यवहार

शहरका बूढ़ा प्रधानहरूद्वारा एउटा विद्रोही छोराको विद्रोहको दोष साबित भएपछि त्यो ढुङ्गाले हानेर मारिन्थ्यो। यो व्यवहार र लूकाको सुसमाचारको पन्ध्र अध्यायमा बयान

गरिएको उड़न्ता पुत्रलाई दिइएको न्यानो स्वागतको बीचमा तुलना गर्नुहोस् !

### उ) व्यवस्था २१ः२२-२३ः झुन्ड्याइएका अपराधीहरूको मृत शरीरहरू

यस खण्डले निश्चय नै ख्रीष्ट येशूको सङ्केत गर्दछ। उहाँ निर्दोष हुनुहुन्थ्यो, तरैपनि उहाँ एउटा रूखमा झुन्ड्याइनुभयो। उहाँले त्यो श्राप सहनुभयो, जुन श्राप हामीले पाउनुपर्नेथियो। उहाँको मृत शरीर क्रूसमा रातभरि राख्न दिइएन। यसको सन्दर्भ तपाईंले यूहन्ना १९ः३१ पदमा हेर्नुहोला।

मारिनुभएको थुमालाई धन्यवाद, प्रशंसा र महिमा भएको होस्,
जसले क्रूसको कष्ट सहेर आफ्नो प्राणको मूल्यमा हामीलाई दाम तिरेर छुट्टाउनुभयो;

मारिनुभएको थुमालाई आदर, वैभव र पराक्रम भइरहोस्, जो आफ्नो पुत्रीय अधिकारअनुसार सिंहासनमाथि विराजमान हुनुहुन्छ,
उहाँलाई नै स्वर्ग र पृथ्वीमाथि सारा अधिकार दिइएको छ।

श्री जेम्स मन्टगोमेरी

### ऊ) व्यवस्था २२ः१-२२ः नौवटा व्यावहारिक नियमहरू

**व्यवस्था २२ः१-३ः** यस अध्यायमा लेवी १९ः१८ पदको व्याख्या बढ़ाउँदै लगिएको छ। किनकि यहाँ, यस खण्डमा *'आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर'* भन्ने सामान्य आज्ञाको विस्तार भएको छ। किनभने तिनीहरूले आफ्ना शत्रुहरूसँग पनि छिमेकीलाई गरेझैं व्यवहार देखाउन आवश्यक थियो (प्रस्थान २३ः४-५)। यसो हो भने, कुनै इस्राएलीलाई आफ्नो छिमेकीले अर्थात् आफ्नो दाजुभाइले हराएको पशुप्रणी, वस्त्र वा कुनै थोकको वास्ता नराख्ने अनुमति थिएन। कसैले यसको दावी नगरुन्जेल उसले त्यो भेट्टाएको थोक आफ्नो घरमा लगेर राख्नुपरेको थियो।

**व्यवस्था २२ः४ः** इस्राएलीहरूलाई आफ्नो छिमेकीको पशु बाटोमा लड़ेको देखेपछि त्यसलाई उठाउनमा सहायता पुर्‍याउनुपर्ने बाध्यता पनि थियो।

**व्यवस्था २२ः५ः** पुरुषले स्त्रीको, र त्यसै गरी स्त्रीले पुरुषको वस्त्र पहिरिनुहुँदैनथियो। परमेश्वर विपरीत लिङ्गको वस्त्र पहिरिने चलन घृणा गर्नुहुन्छ।

**व्यवस्था २२ः६-७ः** तिनीहरूले चराको गुँड़बाट त्यसका बच्चाहरू लैजान पाउँथे, तर माउ-चरालाई छोड़िदिनुपर्थ्यो, यस हेतुले कि त्यसले अरू बच्चाहरू उत्पन्न गरिरहन सकोस्।

**व्यवस्था २२ः८ः** घरको कौसीबाट कोही पनि मानिस नलड़ोस् भन्ने उद्देश्यले तिनीहरूले घरको समतल छतको वरिपरि बार लगाउनुपर्थ्यो। किनभने घरको छानामा मानिसहरू भेला हुन्थे, आपसमा सङ्गति गर्ने गर्थे।। यसबाट हामीले यो पनि सिकौंः हाम्रा नानीहरू र हाम्रा निष्फिक्री जवान छोराछोरीहरूको सङ्गति पहरा दिनु खाँचो छ।

**व्यवस्था २२ः९-११ः** यहूदीहरूलाई निम्न कुराहरू गर्न मनाही गरिएको थियोः

**क)** तिनीहरूले दाखबारीमा दुई थरीका बीउहरू छर्नुहुँदैनथियो।

**ख)** तिनीहरूले गोरु गधासँग नारेर जोत्नुहुँदैनथियो। किनकि गोरु शुद्ध पशु थियो भने, गधाचाहिँ एउटा अशुद्ध पशु थियो।

**ग)** तिनीहरूले सुती र ऊनको धागोले मिसिएर बनेको वस्त्र पहिरनुहुँदैनथियो।

'आफ्नो दाखबारीमा दुई किसिमका बीउ लगाउनुहुँदैन' भन्ने पहिलो निषेधाज्ञाले के सङ्केत गराउँछ भने, परमेश्वरको वचनको विशुद्ध शिक्षामा केही कुरा थप्नुहुँदैन। अनि 'शुद्ध र अशुद्ध पशु एकसाथ ननार्नू' भन्ने दोस्रो निषेधाज्ञाले विवाहको सम्बन्धमा र सेवा-

सङ्गतिको सम्बन्धमा हामी कुनै असमान जुवामनि आउनुहुँदैन भन्ने अर्थ लिन्छ भने; अनि 'सुती र ऊनले बनेको लुगा नलगाउनू' भन्ने तेस्रो निषेधाज्ञाले ख्रीष्ट-विश्वासीको जीवन र व्यवहार दुवै धर्म र अधर्मले बुनेकोजस्तै हुनुहुँदैन ।

**व्यवस्था २२ः१२ः** यहूदीहरूले आफ्नो वस्त्रका चारै कुनाहरूमा झुम्काहरू लगाउनुपर्थ्यो; तिनीहरूले सदैव परमप्रभुको आज्ञापालन गर्नुपर्छ भन्ने नित्य सम्झना दिलाउनु यी झुम्काहरूको काम थियो (गन्ती १५ः१७-४१) । तिनीहरूले यी झुम्काहरू कुन उद्देश्यले बनाउनुपरेको थियो, सो सुस्पष्ट रूपले गन्ती १५ः३७-४१ पदको खण्डमा बताइएको छ ।

### ओ) व्यवस्था २२ः१३-३०ः कुमारीपनको विरुद्ध हुने अपराधहरू

**व्यवस्था २२ः१३-२१ः** यस अनुच्छेदमा कुरा यस्तो छः यहाँ एकजना मानिस छ, जसले एउटी केटीलाई विवाह गरिसकेपछि त्यसको कुमारीपनको विषयमा शङ्का गर्छ । हुन सक्छ, कुमारीपनको प्रमाणस्वरूप विवाहको ओछ्यानमा भएको सुती कपड़ामा विवाहको पहिले रातमा यस कन्यासित स्त्री-प्रसङ्ग गर्दा छोड़िएका दागहरू मानिनुपर्ला होला ।[14] यस केटीका बुबा कि यसकी आमाले यसको कुमारीपनको प्रमाण प्रस्तुत गर्न सके भने, त्यस शङ्कालु पतिलाई सजाय दिइयो, त्यसलाई चाँदीको एक सय शेकेल जरिवाना लगाइयो र त्यसले यस विवाह गरेको स्त्रीसँग विवाहको बन्धन कायम राख्नुपर्‍यो । तर यस केटीले विवाह गर्नुभन्दा पहिले व्यभिचार गरेकी फेला पर्‍यो भने यो केटी ढुङ्गाले हानेर मारियो ।

**व्यवस्था २२ः२२-३०ः** यस अध्यायको बाँकी भागको सन्दर्भचाहिँ विभिन्न प्रकारले गरिएको व्यभिचार हो, जस्तैः

**क)** परस्त्रीगमन र परपुरुषगमन पक्रा परेका स्त्री र पुरुष दुवै ढुङ्गाले हानेर मारिन्थे ।

**ख)** यदि शहरभित्र कुनै पुरुषले एउटी मगनी भइसकेकी स्त्रीलाई बलात्कार गर्‍यो, तर त्यो स्त्री आफ्नो बचाउको निम्ति कराइन भने, यी दुवैजना दोषी ठहरिन्थे, र तिनीहरूले यी दुवैलाई ढुङ्गाले हानेर मार्नुपर्थ्यो ।

**ग)** तर कुनै पुरुषले एउटी मगनी भइसकेकी स्त्रीलाई एकान्त ठाउँमा भेट्टाएर त्यसलाई बलात्कार गर्‍यो भने, जहाँ कसैले त्यस स्त्रीको गोहार मागेको चिच्च्याहट सुन्न सक्दैनथियो, यसो भएको खण्डमा पुरुष मात्र ढुङ्गाले हानेर मारिन्थ्यो, तर स्त्रीचाहिँ निर्दोष ठहरिन्थी ।

**घ)** कन्यासँग सम्भोग गर्ने पुरुषले कन्याको बुबालाई चाँदीको पचास शेकेल तिर्नुको साथै त्यस कन्यालाई विवाह पनि गर्न आवश्यक थियो ।

**ङ)** अनि व्यवस्था २२ः३० पदले कौटुम्बिक व्यभिचार र गोत्रगमन अर्थात् रगतको साइनु लाग्ने वा आफ्नै परिवारको सदस्यसँग गरिने सम्भोगमाथि प्रतिबन्ध लगाएको छ ।

### औ) व्यवस्था २३ः१-८ः परमप्रभुको सभामा प्रवेश गर्नदेखि वञ्चित भएकाहरू

निम्न व्यक्तिहरूले परमप्रभुको सभामा पस्न पाउँदैनथिए; परमप्रभुको सभामा पस्न नपाउनु भनेको यी मानिसहरूले नागरिकको पूरा अधिकार उपभोग गर्न पाउँदैनथिए; तिनीहरूले परमप्रभुको आराधना गर्न नजिक जान पाउँदैनथिए ।

**क)** त्यो मानिस, जसको गुप्त अङ्गमा चोट लागेको वा त्यो काटिएको छ ।

**ख)** अवैध वैवाहिक सम्बन्धबाट[15] जन्मेको ठिमाहा ।

**ग)** अम्मोनी वा मोआबी ।

**घ)** एदोमी वा मिस्री ।

व्यवस्था २३ः४ पदले के भन्छ भने, मोआबीहरूले इस्राएलीहरूलाई रोटी र पानी लिएर भेटेका थिएनन्। तर व्यवस्था २ः२९ पदले बताएअनुसार कोही मोआबीहरूले यहूदीहरूलाई खाद्यान्न बेचे भन्ने सुझाउ दिन्छ। यस सम्बन्धमा कुरा यस्तो छः 'रोटी र पानी लिएर भेट्नु' भनेको 'अथितिलाई दिने न्यानो सत्कार गर्नु' हो। अनि निस्सन्देह मोआबीहरूले यसो गर्दैनथिए।

कुनै नपुंसकले परमप्रभुको सभामा पस्न पाउँदैनथियो। दसौं पुस्तासम्म अवैध वैवाहिक सम्बन्धबाट जन्मेको कुनै ठिमाहा, कुनै मोआबी र कुनै अम्मोनी परमप्रभुको सभामा प्रवेश गर्नदेखि वञ्चित हुन्थ्यो। तर एदोमी र मिस्री मानिसले तीन पुस्तापछि सभामा पस्न पाए। तर हरेक नियममा अपवादहरू छन्। उदाहरणको निम्ति, जब कुनै व्यक्तिले परमप्रभुको खोजी गरेको थियो, तब ऊ यस नियमबाट छुट पायो। अनि दाऊदका शूरवीरहरूमध्ये कोही अम्मोनी र मोआबीहरू थिए (१ इतिहास ११ः३९ र ४६)। कसैको विचारमा, यस प्रकारको बहिष्कार केवल पुरुषहरूमा लागू हुन्थ्यो; यसकारण मोआबी रूथमाथि यो नियम लागू भएन। फेरि अरू भाइहरू छन्, जसले 'दसौं पुस्तासम्म' भन्ने वाक्यांशमा भावात्मक भाषा छ भन्छन्, जसको अर्थ 'कहिल्यै हुँदैन' हो।

### औं) व्यवस्था २३ः९-१४ः छाउनीमा कायम राख्नुपर्ने, अनिवार्य हुनुपर्ने शुद्धता

व्यवस्था २३ः९ पदले त्यही मानिसलाई चेताउनी दिन्छ, जो फौजी भएर घरदेखि टाढ़ा बसेको छ, अनि यस अवस्थामा पापको परीक्षामा पर्न सक्छ। हुन सक्छ, यस पदले व्यवस्था २३ः१०-१४ पदको खण्डको भूमिका दिन खोजेको होला।

यहाँ स्वप्नदोषको विषयमा प्रस्तुत गरिएको नियमबाट के बुझिन्छ भने, परमेश्वरको दृष्टिमा जीवन उत्पादन गर्ने प्रजनन कति पवित्र कुरा रहेछ।

हरेक सिपाहीले छाउनी शुद्ध कायम राख्नको निम्ति आफ्ना हातहतियारहरूको साथमा एउटा खन्ती पनि बोक्नुपर्थ्यो; किनभने दिसा बसेपछि उसले मलमुत्र तत्कालै माटोले पुरिहाल्नुपर्थ्यो। इतिहासभरि सबै सेनाहरूले यो साधारण नियम पालन गरेका भए, तिनीहरूले धेरै चोटि महामारी फैलिने खतरा टार्न सक्नेथिए।

### अः) व्यवस्था २३ः१५-२५ः सामाजिक र धार्मिक नियमहरू

**व्यवस्था २३ः१५-१६ः** आफ्नो मालिकबाट उम्केको कमारालाई तिनीहरूले फेरि उसको मालिकको हातमा सुम्पनुहुँदैनथियो। यसरी नै इस्राएली जाति अत्याचारमा परेकाहरूको निम्ति शरणस्थल बन्नेथियो।

**व्यवस्था २३ः१७-१८ः** प्रतिज्ञाको देशमा वेश्या वा पुरुष-वेश्याको निम्ति कुनै ठावैं थिएन। यस देशले यस्ताहरूलाई सहन सक्दैनथियो। अनि वेश्याको कमाइ भाकलको रूपमा कहिल्यै परमप्रभुको भवनमा ल्याइनुहुँदैनथियो। अनि यहाँ, यस ठाउँमा 'कुकुरको दाम'को अर्थ पुरुष-वेश्याको निम्ति तिर्नुपर्ने रकम हो।

**व्यवस्था २३ः१९-२०ः** एकजना यहूदीले आफ्नो यहूदी दाजुभाइसँग ब्याजमा ऋण दिन मनाही थियो। तिनीहरूले विदेशीबाट ब्याज लिन पाउँथे। प्रस्थान २२ः२५ पदमा गरिब यहूदीको विषयमा पेश गरिएको नियम यहाँ बढ़ाइएको छ। किनभने त्यहाँ तिनीहरूले आफ्नो जातिको कुनै गरिब दाजुभाइमाथि कुनै ब्याज नलगाउने आदेश पाइसके।

**व्यवस्था २३ः२१-२३ः** कुनै भाकल गर्नु हो भने, तिनीहरूले भाकल स्वेच्छाले गर्नुपर्थ्यो। कसैले पनि भाकल गर्नुपर्दैनथियो; तर

कुनै भाकल गरिसकेपछि मानिसले त्यो भाकल पूरा गर्ने बाध्यता रहन्थ्यो ।

**व्यवस्था २३:२४-२५:** यात्रीहरूलाई बाटोमा जाँदै गरेको बेलामा दाखबारीबाट अङ्गुर टिपेर खाने अनुमति हुन्थ्यो; तर तिनीहरूले कति पनि अङ्गुर भाँड़ामा हालेर लैजान पाउँदैनथिए। ठीक यसरी नै तिनीहरूले अन्नमाथि हँसिया नचलाईकन हातले बटुल्न सके जति मात्र अन्न लैजान पाउँथे। हाम्रा प्रभु येशूको जमानामा उहाँका बाह्रजना चेलाहरूले यस नियमबाट फाइदा उठाए (मर्कूस २:२३)।

### ऋ) व्यवस्था २४:१-५: सम्बन्ध-विच्छेद, त्यागपत्र र पुनर्विवाह

कुनै मानिसले आफ्नी पत्नीमा केही अशुद्धता भेट्टायो भने, त्यसले उसलाई एउटा लिखित त्याग-पत्र दिएर छुटानाम गर्न पाउँथ्यो। यसो गरेर त्यो स्त्री फेरि कसैसँग विवाह गर्न स्वतन्त्र हुन्थी। तर उसको दोस्रो पतिको मृत्यु भयो भने, अथवा त्यसले पनि उसलाई त्याग-पत्र दियो भने, उसको विवाह पहिलो पतिसँग फेरि हुनु सम्भव थिएन; यसो गर्न उसलाई मनाही थियो। परमप्रभुले इस्राएली जातिलाई पनि त्याग-पत्र दिनुभयो (यर्मिया ३:१-८)। तर भविष्यमा इस्राएली जाति आफ्नो अविश्वासयोग्यताबाट शुद्ध पारिनेछ; त्यसपछि परमप्रभुले यस जातिलाई फेरि आफ्नी पत्नीको रूपमा ग्रहण गर्नुहुनेछ। अहो, परमेश्वरको अगाध प्रेमको गहिराइ कति हो कति!! प्रेम पाउन नालायकलाई प्रेम गर्न उहाँ कति झुक्नुहुन्छ कति!!

### अअ) व्यवस्था २४:५-२५:४: विभिन्न सामाजिक नियमहरू

**व्यवस्था २४:५:** भर्खरै विवाह गरेको पुरुषचाहिँ विवाहको पहिलो वर्षभरि लड़ाइँमा जानुपर्दैनथियो। यस नियमले उसलाई विवाहको सम्बन्ध विकसित गर्नुको साथै आफ्नो परिवार शुरु गर्ने समय प्रदान गर्दथियो। किनभने ऊ लड़ाइँमा गएर मऱ्यो भने, उसको नाम इस्राएलबाट हराउनेथियो, उसको नजिकको नातेदारले उसको निम्ति सन्तान खड़ा गरेन भने।

'छुटाउने कुटुम्ब'[16] भन्नाले मरेको मानिसको सबैभन्दा नजिकको नातेदार बुझिन्छ, जोचाहिँ त्यस विधवालाई विवाह गर्न सक्षम र राजी हुन्थ्यो। अनि यस विवाहको सम्बन्धबाट जन्मेको पहिलो बालक मृतकको उत्तराधिकारी हुन्थ्यो। यस नियमले परिवारको नाम कायम राख्थ्यो, साथै यसरी नै मरेको मानिसको अधिकारको भाग पनि त्यही परिवारमा रहन्थ्यो।

**व्यवस्था २४:६:** कुनै व्यापारको लेन-देनमा ऋण लागेको व्यक्तिको घरबाट जाँतोको तल्लो वा माथिल्लो फग्ल्याँटो धरौटी वा बन्धकको रूपमा लैजान मनाही गरिएको थियो; किनभने यसो गर्नाले ऋणदाताले अन्न पिँध्ने साधन लिएर ऋण लिने व्यक्तिको जीवन खतम पार्नेथियो।

**व्यवस्था २४:७:** अपहरणकर्ता वा कमारा-कामारीलाई किनबेच गर्ने मानिसलाई मृत्युदण्ड दिइन्थ्यो।

**व्यवस्था २४:८-९:** कोर रोगको प्रकोपमा परेको खण्डमा तिनीहरूले लेवीहरूलाई पहिले नै दिइएका निर्देशनहरू अनुसरण गर्नुपर्थ्यो। यसमा मरियमको सम्झनाले जन-चेतना खोल्ने काम गर्नुपरेको थियो।

**व्यवस्था २४:१०-१३:** सापट तिर्न नसक्ने मानिसको घरमा पसेर त्यहाँबाट धरौटीको रूपमा कुनै सामान निकाल्नुहुँदैनथियो। अनि त्यो मानिस अति गरिब भएको कारणले त्यसले आफ्नो ओढ्ने वस्त्र धरौटीको रूपमा दिइपठायो भने, ऋणदाताले

त्यसको वस्त्र हरेक साँझमा फर्काइदिनुपर्थ्यो, ताकि त्यसले त्यो लुगा ओढ़ेर सुत्न सकोस् ।

**व्यवस्था २४:१४-१५:** ज्यालादारी नोकरको ज्याला त्यही दिनमा, घाम अस्ताउनुभन्दा अघि नै दिइहाल्नुपर्थ्यो ।

**व्यवस्ता २४:१६:** कुनै पनि मानिसलाई अर्को मानिसको पापको खातिर मृत्युदण्ड दिनुहुँदैनथियो ।

**व्यवस्था २४:१७-२२:** अनि तिनीहरूले परदेशी, टुहुरा र विधवाहरूको निम्ति सठीक न्याय कायम राख्नुपर्थ्यो । तिनीहरूले आफ्नो बारीबाट फसल उठाउँदा एउटै अन्नको बाला नराखीकन त्यसको सम्पूर्ण फसल उठाउनुहुँदैनथियो । तर तिनीहरूले सिलाबाला टुहुरा र असहायहरूको निम्ति छोड्नुपर्थ्यो । अनि यही नियम जैतुन र अङ्गुरको विषयमा पनि लागू हुन्थ्यो । यसको विषयमा श्री रोनाल्ड साइडरले टिप्पणी गरेर यसो भनेका छन्:

> 'तिनीहरूले मिस्र देशमा सहेका अत्याचार र गरिबीको सम्झनाले तिनीहरूलाई उदारचित्तसँग फसलको सिलाबाला गरिब परदेशी, विधवा र टुहुराटुहुरीहरूको निम्ति छोड़िदिने तुल्याउनुपर्थ्यो ।' 17)

जब श्री जोहन न्यूटनले ख्रीष्ट येशूमा नयाँ जन्म पाए, तब तिनले व्यवस्था २४:२२ पदका शब्दहरू ठूला अक्षरमा एउटा कागजमा लेखे, र त्यो कगाज अगेनुमाथि झुन्ड्याए; यसरी नै यी शब्दहरूको नित्य सम्झना तिनको मनमा जारी रहन सक्यो ।

**व्यवस्था २५:१-३:** झगड़ा गर्ने मानिसको दोष साबित भयो भने, त्यसलाई चालीसभन्दा बढ़ी पल्ट कुटाइ खान लाउनुहुँदैनथियो । यसकारण यहूदीहरूले प्रायः उनन्चालीस पल्ट मात्र पिटाइ लगाउने गर्थे, नत्र ता तिनीहरूलाई गन्तीमा तलमाथि गरेर यो नियम भङ्ग गरिपठाउने डर हुन्थ्यो (२ कोरिन्थी ११:२४) ।

**व्यवस्था २५:४:** दाइँ गर्ने गोरुको मुखमा मोहोला नलगाईकन तिनीहरूले त्यसलाई केही अन्न खान दिनुपर्थ्यो । प्रेरित पावलले यो पद १ कोरिन्थी ९:९-११ पदको खण्डमा पेश गरेको शिक्षाको आधार तुल्याए, जब तिनले 'हामीले आत्मिक क्षेत्रमा परिश्रम गर्ने मानिसको ख्याल गर्नुपर्छ र उसलाई हाम्रा भौतिक कुराहरूमा भागी तुल्याउनुपर्छ' भन्ने कुरा सिकाए। यसरी नै प्रेरित पावलले हामीलाई यस नियमभित्र आत्मिक अर्थ रहेको कुरा बताएका छन्। यस पदले भन्न खोजेको कुराको अक्षरशः अर्थ सुदृढ़ रहन्छ । तर प्रेरित पावलले भन्न चाहेको तात्पर्य के हो भने, धेरै पल्ट परमेश्वरको वचनको धरातलमनि कुनै न कुनै आत्मिक पाठ लुकेर रहेको हुन्छ भन्ने कुरा स्पष्ट छ। परमेश्वरको वचन परिश्रमसाथ अध्ययन गर्ने व्यक्तिले महत्त्वपूर्ण आत्मिक पाठहरू खोजेर निकालिहाल्छ र यी पाठहरूद्वारा भन्न खोजेको कुरामाथि ध्यान दिन्छ ।

### आआ) व्यवस्था २५:५-१०: वंश कायम राख्ने कौटुम्बिक विवाहको नियम

यदि कुनै इस्राएली मानिस छोराहीन भएर मऱ्यो भने, उसको नाम इस्राएली जातिबाट लोप भएर जाने डर थियो, र उसको अधिकारको भाग उसको परिवारको हातबाट फुस्कने खतरा थियो। यसकारण मरेको व्यक्तिको भाइले यस विधवालाई विवाह गर्नुपरेको थियो । यस प्रकारको देवर-विवाह उहिलेका धेरै जातिहरूमा पाइन्थ्यो । मृतकको भाइले यसो गर्न अस्वीकार गरेको खण्डमा यस विधवाले शहरका बूढ़ा प्रधानहरूकहाँ गएर यो कुरा बताउनुपरेको थियो । तब यसको देवरलाई यी बूढ़ा प्रधानहरूको सामु बोलाइन्थ्यो र त्यसले आफ्नो अनिच्छा मानिलिनुपरेको थियो। देवर आफ्नो अस्वीकृतिमा अड़िरह्यो भने, यस विधवाले

यी बूढ़ा प्रधानहरूको सामु त्यसको एउटा चप्पल खोलेर त्यसको अनुहारमा थुकिदिई। अनि त्यस दिनदेखि त्यसले आफ्नो दाजुको वंश कायम राख्न अस्वीकार गरेको कारणले त्यसले 'चप्पल फुकालिएको मानिसको घराना' भन्ने निन्दात्मक नाम कमायो।

लेवी २०:२१ पदले यहूदी मानिसलाई आफ्नो दाजुकी वा आफ्नो भाइकी पत्नीलाई विवाह गर्न मनाही गरेको छ, तर यहाँ आएर उसलाई यसको विवाह गर्ने आज्ञा गरिएको छ। लेवीको पुस्तकको खण्डको सन्दर्भ दाजु जीवित रहेको अवस्था हो भने, व्यवस्थाको पुस्तकको यस खण्डको सन्दर्भ कसैको दाजुको मृत्यु भइसकेर उसको निस्सन्तान भएको अवस्था हो।

### इ) व्यवस्था २५:११-१९: तीन विभिन्न नियमहरू

**व्यवस्था २५:११-१२:** दुईजना मानिसहरूले आपसमा झगड़ा गरिरहेको बेलामा के भयो भने, एकजनाकी पत्नीले बीचमा पस्दै अर्को मानिसको गुप्त अङ्ग समाती भने, त्यसको समात्ने हात काटिनुपर्थ्यो। त्यसले गरेकी अनुचित कामद्वारा त्यो चोट लागेको मानिस निस्सन्तान रहने खतरा भएको कारणले त्यसलाई यस प्रकारको कड़ा दण्ड दिइन्थ्यो।

**व्यवस्था २५:१३-१६:** किनबेच अथवा लेनदेनमा सठीक किसिमका ढक र तराजु, माना, पाथी इत्यादि राख्नु आवश्यक थियो। किनभने यस्तो हुन्थ्योः मानिसहरूसँग मालसामान किन्दा एक किसिमको र मालसामान बेच्दा अर्को किसिमको नापजोख गर्ने सामग्रीहरू प्रयोग गर्थे। तर यो छली काम परमप्रभुको दृष्टिमा घृणित थियो।

**व्यवस्ता २५:१७-१९:** अमालेकीहरूको विश्वासघात र निर्दयताको कारणले इस्राएलीहरूले यिनीहरूलाई नामनिशान नहुने गरी नाश गर्नुपर्नेथियो (प्रस्थान १७:८-१६)। *'तिमीले यो कुरा नबिर्स!'* भनेर परमेश्वरले इस्राएलीहरूलाई आज्ञा गर्नुभयो; किनभने तिनीहरूले यो कुरा भुल्न सम्भव थियो, अनि तिनीहरूले यो कुरा भुले पनि। राजा शाऊलले आफ्नो शासनकालमा अमालेकीहरूलाई पूरा नष्ट गरेनन्, र यसरी परमप्रभुको आज्ञा उल्लङ्घन गरे (१ शमूएल १५:)। अनि इतिहास साक्षी छः राजा हिजकियाको शासनकालमा मात्र *'तिनीहरूले उम्केका बाँकी अमालेकीहरूलाई प्रहार गरे'* (१ इतिहास ४:४३)।

## थ) व्यवस्था २६: विभिन्न संस्कारहरू र नियम पारित हुने तरिकाहरू

### अ) व्यवस्था २६:१-११: पहिलो फलको नियम

मानिसहरू कनान देशमा स्थायी रूपले बस्न थालेपछि तिनीहरू परमेश्वरले आफ्नो नाम राख्नको निम्ति छान्नुभएको पवित्रस्थानमा जानुपर्नेथियो र तिनीहरूले आफ्नो जमिनले उब्जाएका सबै अन्नबालिको पहिलो फल पूजाहारीको सामु प्रस्तुत गर्नुपर्नेथियो। यसरी नै तिनीहरूले खुशीसाथ परमेश्वरले तिनीहरूको निम्ति गर्नुभएको उपकार स्वीकार गर्ने मौका पाउनेथिए। परमप्रभुको उपस्थितिमा तिनीहरूले उहाँले तिनीहरूसँग गर्नुभएको अनुग्रहले पूर्ण व्यवहारको बेलीबिस्तार गर्नुपर्नेथियो। तिनीहरूले आफ्ना पुर्खा याकूब, ती घुमन्ते-फिरन्ते अरामी मानिसबाट कुरा शुरु गरेर तिनीहरूले उहाँको सामु मिस्र देशमा सहनुपरेको कठोर दासत्वको सम्झना गर्नु थियो, साथै त्यहाँबाट परमेश्वरको हातद्वारा पाएको शक्तिशाली छुटकाराको स्मरण गर्नु थियो। अन्तमा तिनीहरूले दूध र मह बग्ने देश कसरी

अधिकार गरे, सो कुरा बताउनुपर्नेथियो। यस प्रस्तुतिमा श्री फिलिप केल्लरले आफ्नो रङ्ग र रस थपेर यो कुरा यसरी सजीव वर्णन गरेका छन्ः

> ‘पवित्र धर्मशास्त्र बाइबलमा प्रतिज्ञाको देश बयान गर्दा यसलाई सधैं “दूध र मह बग्ने देश” भनिएको छ। अनि इस्राएलीहरूलाई मिस्र देशबाट निकालेर यस दूध र मह बग्ने देशभित्र ल्याउन परमेश्वरले सकभर प्रयास गर्नुभयो। “दूध र मह बग्ने देश” भनेर यहाँ साङ्केतिक भाषा प्रयोग गरिएको छ; यति मात्र होइन, तर निस्सन्देह वैज्ञानिक भाषा पनि प्रयोग गरिएको छ। किनकि कृषि शब्दावलीमा हामी पनि चरमसीमामा पुगेका बसन्त ऋतु र ग्रीष्म ऋतुको सन्दर्भमा ‘दूध बग्ने’ र ‘मह बग्ने’ शब्द चलाउने गर्छौं। किनभने त्यस बेलामा खर्कहरू हरिया घाँस र फूलहरूले ढकमक्क भरेको अवस्थामा हुन्छन्। तब गाईबस्तुहरूले प्रशस्त घाँसको आहार पाउँछन्, र मौरीहरू फूलका फूलहरूको रस बटुल्न आउँछन्। यही अवस्था “दूध र मह बगेको” भनिन्छ। यसर्थ दूध र मह बग्ने देश त्यो हो, जसमा प्रशस्त हरियो खाइलाग्दा खर्कहरू पाइन्छन्। अनि जब परमेश्वरले इस्राएलीहरूलाई यस प्रकारको देशको विषयमा कुरा गर्नुभयो, तब उहाँले आफ्ना जनहरूको निम्ति आनन्दले, विजयले र पूरा सन्तुष्टिले भरिपूर्ण भएको प्रशस्त जीवन देखेर यसो भन्नुभएको हो।’ 18)

### आ) व्यवस्था २६ः१२-१५ः तेस्रो वर्षमा चढ़ाइने दशांशको विधि

अघि पहिलो फलको कुरा गरिएको थियो भने, त्यसमाथि थपेर यहूदीहरूले यहाँ दोस्रो दशांश पनि चढ़ाउनुपर्नेथियो। यस दोस्रो दशांशको नाम ‘उत्सवको दशांश’ भनिन्छ; अनि यो दोस्रो दशांशचाहिँ हरेक तेस्रो वर्षमा लेवी, परदेशी, टुहुराटुहुरी र विधवाहरूसित बाँड़चुँड़ गरिनु थियो। यो दशांश तिनीहरूले आफ्ना बस्ने ठाउँहरूमा खाँचोमा परेका-हरूसित बाँड्नुपर्नेथियो। त्यस बेलामा तिनीहरूले यसो भनेर परमप्रभुको सामु यस दशांशको सम्बन्धमा स्वीकार गर्नु थियोः *‘तपाईंले मलाई आज्ञा गर्नुभएका सबै कुरा-हरूअनुसार मैले गरेको छु।’*

### इ) व्यवस्था २६ः१६-१९ः करार पारित गर्ने एकमात्र तरिका

मानिसहरूले परमप्रभुका चालहरूमा हिँड्ने प्रण दिएको कारणले उहाँले तिनी-हरूलाई आफ्नै विशेष जातिको रूपमा स्वीकार गर्नुभयो र तिनीहरूलाई अरू सबै जातिहरूभन्दा उच्च पार्नेछु भन्ने प्रतिज्ञा गर्नुभयो। परमेश्वरले तिनीहरूलाई अरू जातिहरूबाट अलग गर्नुभएको कारणले तिनीहरू एउटा पवित्र जाति भए; किनकि तिनीहरूमा पवित्रताको कुनै सद्‌गुण छँदै-थिएन। इस्राएल परमप्रभुको विशिष्ट धन भएको कारणले तिनीहरू पृथ्वीमाथि भएका अरू सबै जातिहरूभन्दा बेग्लै थिए। तिनी-हरूले परमेश्वरबाट यत्रो मान पाएको माग के थियो? तिनीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्नुपर्थ्यो। तिनीहरूको समुचित प्रति-क्रिया यही हुनेथियो।

### द) व्यवस्था २७-२८ः श्राप र आशिषहरू

**व्यवस्था २७ः१-८ः** इस्राएलीहरू यर्दन नदी तरेर प्रतिज्ञाको देशभित्र पसेपछि, तिनीहरूले त्यहाँ ठूला-ठूला ढुङ्गाहरू स्मारकको रूपमा खड़ा गरेर र चुनाले लिपेर ती ढुङ्गाहरूमाथि व्यवस्थाका सबै वचनहरू लेख्नुपर्नेथियो। यी स्मारक-ढुङ्गाहरू तिनी-हरूले एबाल पहाड़माथि खड़ा गर्नुपर्नेथियो, साथै नकाटिएका ढुङ्गाहरू लिएर तिनीहरूले त्यहाँ परमप्रभुको निम्ति एउटा वेदी बनाउनुपर्नेथियो, जुन वेदीका ढुङ्गाहरूमाथि कुनै फलामको हतियार लाग्नुहुँदैनथियो।

**व्यवस्था २७ः९-१०ः** *'हे इस्राएल, चुप लागेर सुन! आजको दिनमा तिमी परमप्रभु आफ्ना परमेश्‍वरको प्रजा भएका छौ।'* यहूदीहरू अघिदेखि नै परमेश्‍वरका जनहरू त थिए; यो उहाँको रोजी थियो। तर अबचाहिँ तिनीहरू प्रतिज्ञाको देशभित्र प्रवेश गर्न लागेका थिए। अब विशेष अर्थमा तिनीहरू उहाँको प्रजा भए। उहाँले तिनीहरूलाई देखाउनु-भएको कृपादृष्टिको माग तिनीहरूको प्रेमले पूर्ण आज्ञाकारिता थियो।

**व्यवस्था २७ः११-१३ः** इस्राएलीहरूका छवटा कुलहरू गेरिजीम पहाड़माथि खड़ा भएर त्यहाँ उच्चारण गरिएका आशीर्वादहरू पुष्टि गर्न 'आमेन' अर्थात् 'तथास्तु', 'यस्तै होस्' भन्नको निम्ति नियुक्त भए। यी छवटा कुलहरूचाहिँ लेआ र राहेलबाट जन्मेका याकूबका सन्तानहरू थिए। अनि बाँकी छवटा कुलहरू एबाल पहाड़माथि श्रापहरू पुष्टि गर्नको निम्ति उभिनुपर्नेथियो। तपाईंले यहाँ एप्रैम-कुल र मनस्से-कुलका नामहरू अलग-अलग गरी नलिइएको तर त्यसको सट्टामा यूसुफको कुल सूचिमा हालिएको कुरामाथि ध्यान दिनुहोला। रूबेन याकूबको जेठा छोरा थिए; तिनले आफ्नो जन्मसिद्ध ज्येष्ठ-अधिकार गुमाए, र जबूलून, जो लेआको कान्छा छोरा थिए, यी दुईजनाका कुलहरू एबाल पहाड़माथि दासीहरूबाट जन्मेका छोराहरूका कुलहरूको साथमा कड़ा हुनेथिए। याकूबका प्रिय मानिएका छोरा-हरूका सबै कुलहरू गेरिजीम पहाड़माथि उभिनेथिए।

**व्यवस्था २७ः१४-१६ः** अनि लेवीहरू-चाहिँ? यिनीहरूको विषयमा व्यवस्था २७ः९ पदमा पढ्नुहोस्! यिनीहरू यी दुईवटा पहाड़हरूको बीचमा भएको बेंसीमा उभिने-थिए। अनि जब यिनीहरूले श्रापहरू र आशीर्वादहरू घोषणा गर्नेथिए, तब मानिस-हरूले पुष्टिमा 'आमेन!' भन्नुपर्नेथियो। व्यवस्था २७ः१५-२६ पदको खण्डमा श्रापहरू उल्लेख गरिएका छन्। मूर्तिपूजा गर्ने मानिसमाथि आउने श्राप, बुबाआमाप्रति अनादर देखाउनेमाथि आउने श्राप, जमिनको साँधसिमाना सारेर बेइमानी गर्नेमाथि आउने श्राप, अन्धालाई धोका दिनेमाथि आउने श्राप, परदेशी, अनाथ र गरिबहरूबाट फाइदा उठाउनेमाथि आउने श्राप, विभिन्न गोत्रगमन र कौटुम्बिक व्यभिचार गर्नेमाथि र पशुगमन गर्नेमाथि आउने श्राप, गुप्तमा छिमेकीको हत्या गर्नेमाथि र घूस लिएर निर्दोषको हत्या गर्नेमाथि आउने श्राप र परमेश्‍वरको व्यवस्था उल्लङ्घन गर्नेमाथि आउने श्राप – यी सबै श्रापहरू घोषणा गरिनेथिए।

यहोशू ८ः३० पददेखिको खण्डमा आएर यो समारोह इतिहासमा पूरा भयो। यसमा याद गर्नुहोस्ः मोशाले यहोशूलाई दिएका सबै आदेशहरूअनुसार यहोशूले कति होशियार-साथ यो कार्यक्रम पूरा गरे।

अर्को कुरा पनि याद गर्नु लायकको छः यस सत्ताइस अध्यायमा श्रापहरू मात्र उल्लेख गरिएका छन्; यसमा महत्त्व छ। किनभने प्रेरित पावलले हामीलाई स्मरण गराएका छन् कि *'जतिजना व्यवस्थाका कामहरूबाटका हुन्, तिनीहरू सबैजना श्रापमनि छन्'* (गलाती ३ः१०)। तब स्पष्ट छः इस्राएलीहरूले व्यवस्था उल्लङ्घन गर्ने नै थिए; यति मात्र होइन, तर तिनीहरू नियमित रूपले श्रापमनि हुन्थे।

**व्यवस्था २८ः१-१४ः** यसको पहिलो पद व्यवस्था छब्बीस अध्यायको अन्तमा लेखिएको पदसित आफ्नो सम्बन्ध जोड्छ, जहाँ लेखिएको थियोः *'तब उहाँले तिमीलाई प्रशंसामा, नाममा र महिमामा आफूले बनाउनुभएका सबै जातिहरूभन्दा उच्च पार्नुहुनेछ'*; किनकि यहाँ फेरि यही कुरा दोहोरिएको छः *'परमप्रभु तिम्रा परमेश्‍वरले तिमीलाई पृथ्वीका सबै जातिहरूभन्दा उच्च*

*पार्नुहुनेछ।'* यसो हो भने, हामीले व्यवस्थाको पुस्तकको सत्ताइस अध्याय बीचमा हालिएको कोष्ठकबद्ध लेख सम्झनुपर्ला। धेरै बाइबल-विद्यार्थीहरूलाई के लागेको छ भने, व्यवस्था २८:३-६ पदको खण्डमा उल्लेख गरिएका आशिषहरू र गेरिजीम पहाड़मा उद्घोषणा गरिएका आशीर्वादहरू एकै होइनन्; तर यहाँ मोशाले यस अध्यायभरि भविष्यमा इस्राएलीहरूमाथि के-के आइपर्नेछ, सो विषयमा कुरा गरे जस्तै देखिन्छ। व्यवस्था २८:१-१४ पदसम्म आज्ञाकारिताको फल-स्वरूप मिल्ने आशीर्वादहरूको बारेमा कुरा गरिएको छ भने, व्यवस्था २८:१५-६८ पदसम्म बाँकी चौवन्न पदहरूमा परमप्रभुलाई त्याग्ने मानिसहरूमाथि परिआउने श्रापहरूको बारेमा कुरा गरिएको छ। पहिले हामी आशिषहरूको कुरा गरौंः सबै जातिहरूभन्दा उच्च हुने सर्वश्रेष्ठता, भौतिक प्रशस्तता, फलदायीता, परिपूर्णता, सन्तानको वृद्धि, अन्नको भरपूरी, लड़ाइँमा हुने विजय र देश-विदेशसँग सफल व्यापार-वाणिज्य आदि कुराहरू यस आशिषभित्र समावेश गरिएका छन्।

**व्यवस्था २८:१५-३७:** अब श्रापहरूको कुरा आयोः अभावग्रस्तता, बाँझोपन, उब्जनीमा घटी आउनु र फसल नहुनु, महामारीहरू, रोगहरू, वृक्ष र हाँगाहरू सुक्ने किसिम-किसिमका ढुँड़ी-रोगहरू, खड़ेरी, लड़ाइँमा हुने हार, पागलपन, भयत्रास, विरोध, विपत्ति, विनाश र शक्तिहीनता आदि कुराहरू यी श्रापहरूमध्ये हुन् (व्यवस्था २८:१५-३२)। अनि व्यवस्था २८:३३-३७ पदको खण्डमा तिनीहरू कैद गरेर विदेशमा लगिनेछन् भन्ने भविष्यवाणी गरिएको छ, जुन भविष्यवाणी अश्शूरमा र बेबिलोनमा कैद लगिएका निर्वासनहरूमा पूरा भयो।

श्रापको कारणले इस्राएली जाति सबै जातिहरूको बीचमा अत्यास, उपमा र खिसीको पात्र बन्नेथियो।

**व्यवस्था २८:३८-४६:** यहूदीहरूमाथि कुनचाहिँ श्राप आइनपर्नेथियो त? जमिन श्रापित हुनेथियो र त्यसले आफ्नो उब्जनी दिनेथिएन; दाखबारीहरूमा र जैतुनका रूखहरूमा फल नलाग्ने वा फल झर्ने श्राप पर्नेथियो। तिनीहरूका छोराछोरीहरू कैदमा लगिनेथिए, साथै सलहहरूले रूखपात र त्यसमा लागेका फलहरू खाएर शेष पार्नेथिए। परदेशीहरू उन्नति गर्दै जानेथिए, तर यहूदीहरूको चाहिँ अधोगति हुनेथियो। व्यवस्था २८:१२ र २८:४४ पदको बीचमा कुनै अमेल छैन। यहूदीहरू आज्ञाकारी भए तिनीहरू विभिन्न जातिहरूलाई ऋण दिनेथिए; तर तिनीहरू अनाज्ञाकारी भए तिनीहरूले परदेशीबाट ऋण लिनुपर्नेथियो।

**व्यवस्था २८:४७-५७:** यस खण्डमा विदेशी सेनाको हमला र घेराबन्दी हुने बेलामा तिनीहरूले सहनुपरेका आतङ्क र त्रासहरूको वर्णन गरिएको छ। मानिसहरूको परिस्थिति यति नाजुक हुनेथियो, कि तिनीहरू नरभक्षण गर्नेसम्म पुग्नेथिए। यो कुरा त्यस बेलामा पूरा भयो, जब एक समयमा बेबिलोनको सेनाले र त्यसपछि रोमी सेनाहरूले यरूशलेम घेरामा हाले। यी दुवै अप्ठ्याराभन्दा अप्ठ्यारा परिस्थितिमा मानिसहरू व्यापक रूपले मान्छेको मासु खान पुगे। यस्तो अवस्थामा सभ्य र सज्जन मानिसहरू क्रूर र नरभक्षक भए।

**व्यवस्था २८:५८-६८:** महामारीहरू र रोगहरूले इस्राएली जातिको जनसंख्या पूरा घटाउनेथिए। अनि यी विपत्तिहरूबाट उम्केकाहरू पृथ्वीभरि छरपस्ट हुनेथिए र निरन्तर सतावटको डरमा जिउनेथिए। परमेश्वरले आफ्ना जनहरूलाई पानीजहाज-हरूमा हालेर फेरि मिस्र देशमा पुर्‍याउनु-

हुनेथियो। इतिहासकार योसेफसको कुरा विश्वास गर्नु हो भने, इस्वी संवत् ७० सालमा रोमी सेनापति तीतसको पालोमा यो भविष्यवाणी आंशिक रूपले पूरा भयो; किनभने तिनीद्वारा यहूदीहरू पानीजहाजहरूमा हालीकन त्यहाँ लगिए र दासदासीको रूपमा बेचिए। तर यहाँ, अठसट्ठी पदमा लेखिएको *'परमप्रभुले तिमीलाई फेरि* ***मिस्रमा*** *ल्याउनु-हुनेछ'* भन्ने वाक्यमा आत्मिक अर्थ लाग्न सम्भव छ। यसर्थ दासत्व यसको सामान्य अर्थ हुन सक्छ। बितेको समयमा परमेश्वरले इस्राएली जातिलाई मिस्रीहरूको वास्तविक दासत्वबाट छुटाउनुभएको थियो। तर यस जातिले उहाँलाई प्रेम गर्दैनथियो भने, यसले आफूमाथि उहाँको सर्वाधिकार स्वीकार गर्दैनथियो र उहाँप्रति कुनै आज्ञाकारिता देखाउँदैनथियो भने; यस जातिले उहाँकी पत्नी भई पतिव्रतमा आफैलाई शुद्ध राख्दैनथियो भने, यसले उहाँको विशिष्ट धन हुन चाहँदैनथियो भने, तर यसले अन्यजातिहरूजस्तै हुन माग्नेथियो भने, ठिक्कै छ, यो जाति फेरि दासत्वमा बेचिनेथियो। तर कसैले यसलाई दासको रूपमा राख्नेथिएन; किनभने यतिखेर यो जाति पूरा लाचार र नालायक बनि-सक्नेथियो।

*'किनभने हरेक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै फिर्ता लिइनेछ'* (लूका १२:४८)। इस्राएली जातिलाई अरू सबै जातिहरूलाई भन्दा बढ़ी सौभाग्यहरू दिइएका थिए; यसकारण यस जातिको कर्तव्य पनि अरूको भन्दा ठूलो थियो; अनि यसले भोग्नुपर्ने दण्ड पनि बढ़ी थियो।

यी श्रापहरूको विषयमा मनन गर्दा हामीलाई परमप्रभुको दन्किरहेको र यहूदी-हरूमाथि खनिएको क्रोधको विषयमा अचम्म लाग्छ। यहाँ शब्दहरूको बल घटाइँदैन; यहाँ कुनै कुरा हाम्रो कल्पनामा सुम्पिएको छैन, तर एक-एक कुरा सफासँग बताइएको छ। मोशाले कोरेको नक्सा घाढ़ा रङ्गको छ, अति कड़ा भएको छ, तर पूरा यथार्थ छ, पूरा वास्तविक छ। आफ्नो जीवनमा अनाज्ञा-कारिताको फल के हो, सो कुरा इस्राएली जातिले राम्ररी बुझ्नुपरेको थियो; नत्र ता यसले 'परमप्रभु तिम्रा परमेश्वर' भन्ने महिमित र भययोग्य नामको डर मान्न सिक्न सक्नेथिएन (व्यवस्था २८:५८)।

# खण्ड ३

## व्यवस्था २९-३०: मोशाको तेस्रो उपदेशः प्रतिज्ञाको देशको निम्ति दिइएको करार

### क) व्यवस्था २९:१-२१: मोआबमा पारित गरिएको करार

**व्यवस्था २९:१:** हिब्रू बाइबलमा भएझैं व्यवस्था २९:१ पद अघिल्लो अध्यायमा गाभिनु सठीक ठहरिएला। तर श्री काइल र श्री डैलिचले यो पद उनन्तीस र तीस अध्यायहरूको शीर्षकको रूपमा लिएका छन्।[19)]

**व्यवस्था २९:२-९:** मानिसहरूले त्यो करार उल्लङ्घन गरेका थिए, जुन करार परमेश्वरले तिनीहरूसित सिनाई पर्वतमा बाँध्नुभएको थियो। यसकारण अब तिनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्न लागेको बेलामा मोशाले अब तिनीहरूलाई व्यवस्थाको पुस्तकमा पेश गरिएको करार पारित गर्ने आह्वान गरे; किनभने व्यवस्थाको पुस्तक हालैमा मोआबका मैदानमा लेखिँदैथियो।

परमप्रभु र उहाँले तिनीहरूकै निम्ति राख्नुभएका उहाँका उद्देश्यहरू के-के थियो, सो कुरा बुझ्न मानिसहरूसँग न जान्ने हृदय, न बुझ्ने मन थियो। यसकारण परमप्रभुले तिनीहरूलाई बुझ्ने हृदय, देख्ने आँखाहरू र सुन्ने कानहरू दिन चाहनुभयो। तर के गर्ने? तिनीहरूको निरन्तर अविश्वास र अनाज्ञाकारिताले गर्दा तिनीहरू ती दानहरू पाउन पूरा अयोग्य ठहरिए। इस्राएली जातिले स्वर्गबाट मन्ना पाइरहेको थियो र चट्टानबाट निस्किरहेको पानी उपभोग गरेको थियो। तब तिनीहरूको उत्तरजीविकाले मानवीय हातले बनाइएका थोकहरूमाथि निर्भर गरेन, जस्तैः रोटी, दाखमद्य आदि। यसबाट इस्राएलीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई चिन्नु पर्नेथियो; उहाँ तिनीहरूप्रति कति विश्वासयोग्य र प्रेमले भरपूर हुनुहुन्थ्यो!

परमप्रभुसित बाँधिएको करार कायम राख्ने प्रोत्साहन दिने हेतुले मोशाले फेरि एकपल्ट परमेश्वरले इस्राएलीहरूलाई देखाउनुभएको उपकार पुनरावलोकन गरे, जस्तैः उहाँले मिस्र देशमा देखाउनुभएका आश्चर्यकर्महरू, उहाँको सामर्थी हातद्वारा प्राप्त गरिएको महान् छुटकारा, तिनीहरूले उजाड़स्थानमा बिताएका चालीस वर्षभरि उहाँको दिव्य प्रबन्ध, हेश्बोनका राजा सीहोन र बाशानका राजा ओगमाथि हासिल गरिएका विजयहरू, यर्दनको पारिपट्टिको देश रूबेन, गाद र मनस्सेको आधा कुललाई बाँड़िएको कुरा।

**व्यवस्था २९ः१०-२१ः** मोशाले सबै मानिसहरूलाई परमप्रभुसँगको यस करारमा प्रवेश गर्नलाई शपथ खाने आह्वान गरे (व्यवस्था २९ः१०-१३); तिनीहरूले याद गर्नुपरेको थियो, कि यो करार तिनीहरूका सन्तान-दरसन्तानहरूको निम्ति पनि थियो (व्यवस्था २९ः१४-१५)। तिनीहरू यो करार कायम राख्नुमा असफल भए भने, यसको नतिजा साह्रै तीतो हुनेथियो। 'हे वागीहरूहो, अन्यजातिहरूका मूर्तिहरूको पूजा गर्नुदेखि होशियार बस! मूर्तिपूजा गरेर तिमीहरूले परमेश्वरको क्रोधबाट उम्कनेछौं भन्ने मिथ्या सोच नगर!' (व्यवस्था २९ः१६-२१)। अंग्रेजी आर.एस.भी.-बाइबलले व्यवस्था २९ः१९ पद यसरी अनुवाद गरेको छः 'अनि जब त्यसले यस शपथरूपी करारका यी वचनहरू सुन्छ र 'म आफ्नै हृदयको हठी चालमा चले पनि मलाई केही पनि हानि हुँदैन' भन्दै त्यसले आफ्नो हृदयमा आफूलाई आशीर्वाद दिन्छ, तब यो त चिसो र सुक्खा भएको दुवैलाई एकसाथ उड़ाएर लैजानुजत्तिकै हुनेथियो।' यसो हो भने, कोही पनि उम्कनेथिएन।

### ख) व्यवस्था २९ः२२-२९ः यो करार भङ्ग गर्दाखेरि मिल्ने सजाय

**व्यवस्था २९ः२२-२८ः** पुस्ताहरू फेरिँदै जानेथिए, र विदेशी जातिहरू पनि आउनेथिए र जानेथिए। इस्राएल देशको उजाड़ अवस्था देखेर आउँदा पुस्ताका मानिसहरू अवाक् हुनेथिए। किनकि त्यो त सदोम र गमोरा, अद्मा र सबोयीम भन्ने मैदानका शहरहरूजस्तै भएको थियो। जब तिनीहरूले यसको विनाशको कारण के हो, सो सोध्नेथिए, तब यसको सही उत्तर यही हुन्छः *'किनकि परमप्रभु तिनीहरूका पितापुर्खाहरूका परमेश्वरले तिनीहरूसित बाँध्नुभएको उहाँको करार तिनीहरूले त्यागिदिए; किनकि तिनीहरू गएर अरू देवताहरूको पूजा गरे र दण्डवत् गरे'* (व्यवस्था २९ः२५-२६)।

**व्यवस्था २९ः२९ः** कति गुप्त राखिएका रहस्यहरू छन्; ती रहस्यहरू परमप्रभुका हुन्। यिनमा उहाँका न्याय गर्ने अज्ञात तरिकाहरू गन्न सकिन्छ। तर मोशाले यहाँ मानिसहरूलाई के सम्झना गराउन खोजे भने, तिनीहरूले पूरा गर्नुपर्ने जिम्मावारीचाहिँ सुस्पष्टसँग प्रकट

भएको थियो ! तिनीहरूले परमप्रभुसँग बाँधिएको यो करार कायम राख्नुपरेको थियो । उनले भन्न खोजेको तात्पर्य यो होः जब कसैले प्रकाश पाउँछ, तब यस प्रकाशको साथमा उसको जिम्मेवारी पनि आउँछ । मानिसहरू आज्ञाकारी हुनैपर्छ । परमप्रभुको वचनदेखि माथि कोही न्यायकर्ता भएर बस्दैन । यो आत्मिक नियम हामी नयाँ नियममा पनि धेरै चोटि भेट्टाएका छौं । यसको उदाहरणको निम्ति हामी यहाँ याकूब ४:१७ पद दिन्छौं, जहाँ यसो लेखिएको छः *'यसकारण जसले भलाइ गर्न जान्दछ, तर त्यो गर्दैन, उसको निम्ति यो पाप ठहरिन्छ ।'* भलाइ जान्नु प्रकाश हो भने, भलाइ गर्नु यस प्रकाशसित आएको कर्तव्य हो ।

### ग) व्यवस्था ३०ः करारको अधीनतामा फर्केर आउँदा हुने पुनर्स्थापना

**व्यवस्था ३०:१-१०ः** तीस अध्यायमा अनुमान गरिएको छः मानिसहरूले करार भङ्ग गर्ने नै थिए र तिनीहरू कैदमा लगिने नै थिए । अनि कुरा ठीक योजस्तै हुन आयो पनि । यसो भए पनि जब तिनीहरू पश्चात्ताप गरेर परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्कनेथिए, तब उहाँ तिनीहरूमाथि टिठ्याउनुहुनेथियो र तिनीहरूको पुनर्स्थापना गर्नुहुनेथियो । उहाँले तिनीहरूलाई कैददेखि छुटकारा दिएर आफ्नो देशमा फर्काएर ल्याउनुहुनेथियो । तिनीहरूको पुनर्स्थापना दुई किसिमका हुनेथियो । आफ्नो देशमा फर्कन पाउनु यसको शारीरिक पुनर्स्थापना थियो भने, तिनीहरूको आत्मिक पुनर्स्थापना पनि हुनेथियोः *'परमप्रभु तिम्रा परमेश्वरले तिम्रो हृदय र तिम्रा सन्तान-हरूको हृदयको खतना गर्नुहुनेछ'* (व्यवस्था ३०:६) । पुनर्स्थापना गरिएका मानिसहरूले यस आज्ञाकारिताबाट आशिष उठाउनेथिए, तर तिनीहरूका शत्रुहरूचाहिँ श्रापित हुनेथिए । परमप्रधानका सल्लाहहरू चुक्नेछैनन्, उहाँका आशिषका पात्रहरू, जसका निम्ति यी दिव्य सल्लाहहरू काममा लगाइन्छन्, ती पात्रहरू चुक्न र विफल हुन सक्छन् र हुन्छन् पनि । परमेश्वरले तिनीहरूका पितापुर्खा-हरूसँग शपथ खानुभएको वचन पूरा गर्नुहुने नै थियो, र यिनीहरूका सन्तानहरूलाई प्रतिज्ञा गरिएको देश सधैंको निम्ति दिनुहुनेथियो । तिनीहरू कैदमा जाने नै थिए; यो अनिवार्य थियो । परमेश्वरलाई यो कुरा राम्ररी थाहा थियो । तर त्यसपछि निस्सन्देह उहाँले तिनी-हरूको पुनर्स्थापना गर्नुहुनेथियो र तिनीहरूलाई परिवर्तन गर्नुहुनेथियो । सर्तरहित प्रेमको कारवाही यस्तो पो हुन्छ । परमेश्वरको प्रेम कति महान् छ !

व्यवस्था ३०:६ पदमा एउटा विषय उठाइएको छ, जुन विषय त्यो नयाँ करार थियो, जसको विषयमा भविष्यवक्ताहरूले सयौं वर्षपछि प्रकाश पाए (यर्मिया ३२:३९ पददेखि र इजकिएल ३६:२४ पददेखि) । यो नयाँ करार पुरानो नियममा प्रकट भए तापनि ख्रीष्ट येशूको मृत्यु नभएसम्म पारित भएन; किनकि उहाँको रगतचाहिँ त्यस नयाँ करारको रगत थियो, जुन रगतमा त्यो नयाँ करार स्थापित भयो (लूका २२:२०) ।

**व्यवस्था ३०:११-१४ः** परमेश्वरको यस करारमा बुझ्न नसक्ने केही पनि थिएन, र यो करार तिनीहरूबाट टाढ़ा पनि थिएन । यसमा गुप्त केही पनि थिएन; अहँ, यसमा अपार र अगम केही पनि थिएन । तिनीहरूले यो करार कठोर परिश्रमद्वारा खोजिनिकाल्नुपरेन; किनकि परमप्रभुले यो व्यवस्थारूपी करार तिनीहरूकहाँ ल्याइदिनुभयो; अनि यो करार पालन गर्नु नै तिनीहरूको एकमात्र जिम्मावारी थियो ।

यी पदहरू प्रेरित पावलले रोमी १०:५-८ पदको खण्डमा ख्रीष्ट येशू र मुक्तिको सुसमाचारमाथि लागू गराइदिएका छन् ।

परमेश्वरसँग बाँधिएको यो करार कायम राख्न तिनीहरूको निम्ति सजिलो थिएन, तर तिनीहरूको असफलता भएको खण्डमा उहाँले तिनीहरूको निम्ति प्रबन्ध गरिदिनुभएको थियोः मानिसहरूले पश्चात्ताप गर्नुपरेको थियो र परमेश्वरकहाँ निर्धारित गरिएका बलिहरू चढ़ाउनुपरेको थियो। यी सबै बलिहरू ख्रीष्ट येशूको छायाचित्रण गर्ने प्रतीक थिए; यसैले यहाँबाट हामीले सिक्नुपर्ने पाठ यस प्रकारको छः जसले पाप गर्छ, त्यसले पश्चात्ताप गर्नुपर्छ र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ। के तपाईंले आफ्ना पापहरू मानिलिनुभयो ? के तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुभयो ?

**व्यवस्था ३०ः१५-२०ः** एकतिर जीवन र भलाइ थियो भने, अर्कोतिर मृत्यु र खराबी थियो; अनि मानिसहरूले यी दुईवटा कुराको बीचमा छान्नुपरेको थियो। मोशाले मानिसहरूको सामु राखेको सर्त यस प्रकारको थियोः आज्ञाकारिताको निम्ति जीवन ठहरिएको थियो, तर अनाज्ञाकारिताको निम्ति मृत्यु तोकिएको थियो। मोशाले मानिसहरूलाई आग्रह गरेर तिनीहरूलाई जीवन र आशिष चुन्ने विन्ती गरे। भनेजस्तै तिनीहरूको प्रतिक्रिया भएदेखि त्यसले असल-असल प्रतिफलहरू तिनीहरूकहाँ ल्याउनेथिए, जस्तै दीर्घायु र प्रशस्त जीवन, आत्मिक जीवन पनि, जसरी *'... र उहाँसँग टाँसिरहन सक'* भन्ने शब्दहरूको साङ्केतिक अर्थ हुन्छ होला (व्यवस्था ३०ः२०)। यसबाहेक अरू विकल्प के हुन सम्भव थियो ? केवल श्रापमा परेर नाश हुनु बाँकी थियो।

# खण्ड ४

## व्यवस्था ३१-३४ः मोशाको जीवनका अन्तिम दिनहरूः प्रतिज्ञाको देशदेखि बाहिर उनको मृत्यु

### क) व्यवस्था ३१ः मोशाको उत्तराधिकारी

**व्यवस्था ३१ः१-८ः** यहाँ आएर मोशाको उमेर एक सय बीस वर्ष पुगेको थियो। उनले आफ्नो विषयमा परमेश्वरको सुदृढ़ निर्णय जान्दथिएः उनले यर्दन नदी पार गरेर प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेथिएनन्। तर उनले मानिसहरूलाई सम्झना गराएः परमप्रभु तिनीहरूको साथमा जानुहुनेथियो; अनि यहोशू तिनीहरूको अगुवा हुनेथिए, जो तिनीहरूको अघि-अघि जानेथिए। यसकारण तिनीहरूले शत्रुहरूमाथि पाउने विजय सुनिश्चित हुनेथियो। त्यसपछि मोशाले आफ्नो सट्टामा नियुक्त भएका नयाँ अगुवा यहोशूलाई मानिसहरूको सुनाइमा उत्साह दिए र *'परमप्रभु तिम्रो साथमा रहिरहनुहुनेछ'* भनी तिनलाई निश्चित गराए (व्यवस्था ३१ः७-८)।

**व्यवस्था ३१ः९-१३ः** मोशाले यो व्यवस्थाको पुस्तक लेखे र त्यो पुस्तक लेवीहरूको जिम्मामा सुम्पे। यो व्यवस्थाको पुस्तक करारको सन्दुकको छेउमा राखिरहनुपरेको थियो। दस आज्ञारूपी ढुङ्गाका दुईवटा पाटीहरू अघिबाट करारको सन्दुकभित्र राखिएका थिए (प्रस्थान २५ः१६; हिब्रू ९ः४)। यसकारण बुझ्नुहोस्ः यो व्यवस्थाको एक प्रति करारको सन्दुकको छेउमा राखियो। अनि हरेक सातौं वर्षमा सबै

इस्राएलीहरूको कानमा लेवी पूजाहारीहरूले व्यवस्थाको पुस्तक पढ़ेर सुनाउनुपर्थ्यो।

पवित्र धर्मशास्त्र बाइबलको पठनचाहिँ बाइबलीय सिद्धान्तमा अनुदारपन्थ मण्डली-हरूमा लोप भएको यो के हो? यो एउटा दुःखलाग्दो कुरा हो। इस्वी संवत् १८२०-१८९६ सालसम्म बाँचिरहेका श्री सी. एच. मेकिन्टोशले लेखेका मूल्यवान् शब्दहरू, जुनचाहिँ आजभन्दा एक शताब्दीभन्दा अघि लेखिए, अभाग्यवश तिनका यी शब्दहरू वर्तमान समयमा झन् बढ़ी सत्य ठहरिएका छन्ः

> 'परमेश्वरको वचन प्रिय मानिँदैन, पढ़िँदैन, अध्ययन गरिँदैन, यो के हो? कुन व्यक्तिको जीवनमा, कसको परिवारमा र कुन मण्डलीमा परमेश्वरको वचनको नित्य पठन गरिन्छ त? मलाई भन्नुहोस्! मानिसहरूको रुचि तुच्छ, निकम्मा किताबहरूमा छ, जुनचाहिँ तिनीहरूका व्यक्तिगत अभिलाषाहरूको खुराक बनेका छन्। सङ्गीतमा, मण्डलीका रीतिबद्ध सभाहरू र भव्य संस्कारहरूमा मानिसहरूको ठूलो चाहना छ। हजारौं मानिसहरू सङ्गीतको कार्यक्रममा भेला हुन्छन्; अनि यसको निम्ति तिनीहरू प्रवेश-शुल्क पनि तिर्न तयार छन्। तर पवित्र धर्मशास्त्र बाइबलको पठन गर्ने सेवा-सङ्गतिको विषयमा थोरैजनाले मात्र चासो राख्छन्। हाम्रो बीचमा कुरा यस्तो छ; यस वास्तविकताबाट हामी उम्कन सक्दैनौं; किनकि यसका तर्कहरू बलिया छन्। धर्मको निम्ति मानिसहरूको जोश उम्लिन्छ; हाम्रो बीचमा यस प्रकारको धार्मिक उत्तेजनाको निम्ति तृष्णा पूरा बढ़िरहेको छ। तर ठीक त्यस्तै पवित्र धर्मशास्त्र बाइबलको शान्त पठनमा पनि अरुचि उत्तिकै बढ़िरहेको छ, ख्रीष्टको स्थानीय मण्डलीमा आत्मिक दान-वरदानको प्रयोगमा चासो राख्ने कुरा नगरे पनि हुन्छ। यो तथ्य नकार्नु शत प्रतिशत गलत हो। हामी यस कुराबाट आफ्ना आँखाहरू बन्द गर्न सक्दैनौं। किनकि हाम्रो चारैतिर यसका लक्षणहरू देखा परिरहेका छन्।
>
> तर परमेश्वरलाई धन्यवाद होस्! यहाँ र त्यहाँ, कता-कतै केही मानिसहरू छन्, जसले परमेश्वरको वचनलाई साँच्चै प्रेम गर्छन् र जो पवित्र सङ्गतिको तृष्णा गरेर परमेश्वरको वचनका अमूल्य सत्यताहरू अध्ययन गर्नुमा प्रसन्न हुन्छन्। प्रभुले यस्ताहरूको संख्या बढ़ाइदिऊन् र यिनीहरूलाई यिनीहरूको बाँकी जीवनका सबै दिनहरूमा आशिष दिऊन्!' **20)**

**व्यवस्था ३१ः१४-१८ः** मोशाको मृत्युको घड़ी आइरहेको थियो; तब परमेश्वरले उनलाई यहोशूको साथमा भेट हुने पालमा बोलाउनुभयो, र त्यहाँ उहाँ उनीहरूको सामु बादलको खाँबामा देखा पर्नुभयो। परमेश्वरले उनलाई प्रकट गर्नुभयो, कि उनको मृत्युपछि इस्राएलीहरूले चाँड़ै आफैलाई मूर्तिपूजामा दिइहाल्नेथिए र यसरी आफूमाथि परमेश्वरको क्रोध निम्त्याउनेथिए।

**व्यवस्था ३१ः१९-२२ः** त्यसपछि उहाँले मोशालाई एउटा स्तुतिगान रचेर यो गीत इस्राएलीहरूलाई यस उद्देश्यले सिकाउने आज्ञा दिनुभयो, कि आउने दिनहरूमा यस गीतको शब्दहरूले तिनीहरूको विरुद्धमा साक्षी दिनेथिए।

**व्यवस्था ३१ः२३ः** तब परमेश्वरले आफ्ना जनहरूलाई अगवाइ गरेर प्रतिज्ञाको देशमा ल्याइपुऱ्याउन भनी यहोशूलाई तिनीहरूको अगुवाको रूपमा आफैले नियुक्त गर्नुभयो र तिनलाई *'बलिया होऊ र खूबै साहसी होऊ'* भन्ने प्रोत्साहन दिनुभयो। मलाई के लाग्छ भने, परमप्रभुबाट सुनेका यी व्यक्तिगत वचनहरूले तिनलाई निक्कै बलियो तुल्याएको हुनुपर्ला। तिनले भर्खर परमेश्वरको मुखबाट इस्राएली जातिको पतन र पथभ्रष्ट हुने विषयमा सुने (व्यवस्था ३१ः१६)। यसकारण तिनको सामु राखिएको कार्यभारको सम्बन्धमा तिनी हताश हुनु-हुँदैनथियो, तर तिनलाई परमेश्वरको आश्वासन आवश्यक थियो।

**व्यवस्था ३१:२४-२७:** अब व्यवस्थाको पुस्तक लेवीहरूको हातमा सुम्पियो, जुन लेवीहरूचाहिँ इस्राएलीहरूले परमेश्वरलाई त्यागिदिएको खण्डमा तिनीहरूको विरुद्धमा गवाह हुनुपर्नेथियो।

**व्यवस्था ३१:२८-३०:** त्यसपछि परमेश्वरले मोशालाई आज्ञा गर्नुभएअनुसार उनले निम्न स्तुतिगान इस्राएली जातिका सबै कुलहरूका बूढ़ा प्रधानहरू र अधिकारी-वर्गलाई सुनाइदिए।

### ख) व्यवस्था ३२: मोशाको स्तुतिगान

**व्यवस्था ३२:१-३:** पहिले मोशाको गीतको सारांश यस प्रकारले दिन उचित देखिन्छः सारा सृष्टि यस गीतमार्फत परमप्रभुको वचन सुन्न भेला हुनुपर्छ। यस गीतमा ताजापन छ, पानीको झरीमा भएजस्तो, यसमा मौलाउने पोषण-शक्ति छ, शीतमा भएजस्तो। व्यवस्था ३२:३ पद यस गीतको शीर्षकको रूप लिन सकिन्छ; किनभने यस पदमा मोशाले मानिसहरूलाई परमेश्वरको महानताको गुणगान गर्न लगाउँछन्; किनकि इतिहासमा परमेश्वरले आफ्नो प्रजासँग कसरी व्यवहार गर्नुभयो, यस सन्दर्भमा यस गीतले उहाँको महानता प्रकट गर्छ।

**व्यवस्था ३२:४-९:** परमेश्वरको महानता, उहाँको न्याय, उहाँको विश्वास-योग्यता र उहाँको पवित्रता देखेर पनि इस्राएलीहरूले उहाँलाई भुले, त्यागे र उहाँको विरुद्धमा पाप गरे। परमप्रभुका सद्गुणहरूमा जुन महिमाको प्रदर्शन गर्न लागेको थियो, त्यस प्रदर्शनको निम्ति यहाँ, यस गीतको खण्डमा इस्राएली जातिको टेढ़ापना र दुष्टताको अँध्यारो पृष्ठभूमि लिइयो। उहाँ तिनीहरूका पिता र सृष्टिकर्ता हुनुहुन्थ्यो; तर उहाँले तिनीहरूबाट पाउनुभएको धन्यवाद अति क्षुद्र र सूक्ष्म भयो। जुन बेलामा परमप्रधानले जातिहरूको बीचमा पृथ्वी विभाजन गर्नुभयो, त्यस बेलामा उहाँले सबैभन्दा पहिले आफ्नै जनहरूको खाँचोको निम्ति प्रबन्ध गर्नुभयो। तिनीहरूप्रति उहाँको प्रेम र वास्ता यस्तै थियो।

**व्यवस्था ३२:१०-१४:** दस पदमा इस्राएली राष्ट्रको जन्म र यसको शुरुका दिनहरूको वर्णन गरिएको छ। तिनीहरू मिस्र देशबाट निस्केर आए; त्यसपछि परमेश्वरले आफ्ना जनहरूलाई अगुवाइ गर्नुभयो, तिनी-हरूलाई शिक्षा दिनुभयो र गरुड़ले आफ्ना बच्चाहरूलाई प्रेम र रक्षा गरेझैं उहाँले तिनीहरूलाई प्रेम गरेर रक्षा गर्नुभयो, सुरक्षित राख्नुभयो (व्यवस्था ३२:११)। इस्राएली जातिको सुरक्षामा कुनै पराई देवताको हात थिएन। तब यो जाति किन मूर्तिपूजातिर लाग्यो? परमप्रभुले तिनीहरूलाई देखाउनु-भएको उपकारको निम्ति किन पराईले धन्यवाद पाएको? यो त भएन। व्यवस्था ३२:१३ पददेखि यस गीतको बोलले भविष्यवाणीको रूप लिएको छ। किनकि उहाँले तिनीहरूलाई प्रतिज्ञाको देशमा ल्याउनुभएको र त्यसका आशिषहरूको भागी तुल्याउनुभएको सन्दर्भमा यो खण्ड लेखिएको हो।

**व्यवस्था ३२:१५-२०:** यशूरून् इस्राएली जातिको साहित्यिक नाम हो। यस गीतमा प्रयोग गरिएको नामको अर्थ 'सीधा', 'सच्चा' वा 'इमानदार' हो। तर सुनाम पाएको यो इस्राएली जाति मूर्तिहरूतिर पो लागेछ, अँ, यसले परमप्रभुको विरुद्धमा विद्रोह गरेछ र उहाँको रिस उठाएछ। तिनीहरूले प्रेतहरूको पूजा रोजे, र तिनीहरू आफ्ना छोराछोरी-हरूलाई होमबलि गर्नेसम्म पुगे। तिनीहरू कहाँसम्म पतित भए? तिनीहरू नचिनेका नयाँ देवताहरूलाई पुज्ने मूर्खतामा डुबे। यसरी नै तिनीहरूले साँचो चट्टानलाई

अवहेलना गरे; तिनीहरूले आफ्नै पितालाई भुलिपठाए। फलस्वरूप परमप्रभुले तिनीहरूबाट आफ्नो अनुहार लुकाउनुभयो। उहाँले आफ्ना जनहरूबाट आफ्नो अनुहार लुकाउनुभएको कुरा कसरी जानिन्छ? तिनीहरू कैदमा बेचिएको कुराबाट यो प्रमाणित भयो।

**व्यवस्था ३२:२१-३३:** इस्राएली जातिलाई पर पन्साउनुभएपछि परमेश्वरले तिनीहरूलाई डाही तुल्याउने हेतुले अन्य-जातिहरूप्रति अनुग्रहको व्यवहार देखाउनुभयो, जसरी वर्तमान समयमा मण्डलीको युगमा पनि यस्तो भइरहेको छ। यस अवधिभरि इस्राएली जाति छरपस्ट हुनुको साथै सतावटमा परेको थियो। तर तिनीहरू सम्पूर्ण रीतिले नाश भएनन्; किनभने इस्राएली जातिका शत्रुहरूले यसको पतन भएकोमा गलत अर्थ नलगाऊन् भन्ने परमप्रभुको इच्छा थियो। तिनीहरूका शत्रुहरूले भरोसा गरेको चट्टान तिनीहरूका चट्टानभन्दा कहाँ बलियो थियो र? तर इस्राएली जातिका चट्टानले तिनीहरूलाई तिनीहरूको दुष्टताको खातिर तिनीहरूका शत्रुहरूको हातमा नाश हुन सुम्पिदिनुभयो।

**व्यवस्था ३२:३४-४३:** जुन जातिहरू परमेश्वरले इस्राएली जातिलाई सजाय दिन चलाउनुभयो, ती जातिहरूबाट उहाँले बदला लिने सन्दर्भमा यो खण्ड लेखिएको छ। दुवै साटो फेर्ने र बदला लिने काम परमप्रभुका हुन् (व्यवस्था ३२:३५), साथै न्याय गरेर छुटाउने काम पनि उहाँको हो (व्यवस्था ३२:३६)। उहाँले आफ्ना विरोधीहरूसँग कारवाही गर्नेछु भनेर उहाँले आफ्नै नाममा शपथ खानुभयो; किनभने त्योभन्दा ठूलो अरू कुनै नाम नै थिएन। व्यवस्था ३२:४१-४२ पदमा हेर्नुहोस्, यो न्याय कति सम्पूर्ण हुँदो रहेछ। फलस्वरूप परमेश्वरका जनहरू र सबै जातिका मानिसहरूले रमाउन पाउँदा रहेछन्; किनभने परमेश्वरले बदला लिनुभयो, अनि आफ्ना जनहरू र आफ्नो देशको निम्ति प्रायश्चित्त गर्नुभयो।

**व्यवस्था ३२:४४-४७:** यसरी नै यस मोशाको गीतले इस्राएली जातिको ऐतिहासिक र भविष्यवाणीरूपी रूपरेखा प्रस्तुत गरेको छ। यस गीतको बोल पढ़ेर सुनाइसकेपछि मोशाले मानिसहरूलाई यसो भन्दै गम्भिरतापूर्वक यी शब्दहरू मनमा राखेर परमप्रभुको पछि लाग्ने आग्रह गरे: *'किनकि यो तिमीहरूको निम्ति कुनै व्यर्थको कुरा होइन; किनभने यो तिमीहरूको जीवन हो।'*

**व्यवस्था ३२:४८-५२:** तब परमप्रभुले मोशालाई नबो पहाड़को टाकुरामाथि उक्लने आदेश दिनुभयो, जुन टाकुरादेखि उनले प्रतिज्ञा देश एकचोटि नियालेर हेर्ने मौका पाउनेथिए। उनले मरीबा-कादेशमा गरेको आफ्नो पापको कारणले प्रतिज्ञाको देशभित्र प्रवेश गर्न पाएनन्, तर नबो पहाड़मा नै उनको मृत्यु हुनेथियो, अनि मोआबको बेंसीमा उनको दफन हुनेथियो (व्यवस्था ३४:६)।

### ग) व्यवस्था ३३: मोशाले दिएको आशीर्वाद

यस अध्यायका कति ठाउँहरूमा प्रयोग भएका हिब्रू शब्दहरूको अर्थ अस्पष्ट छ। यही कारणले विभिन्न टिप्पणीकारहरूले यस खण्डमा विभिन्न अर्थ लगाएका र आ-आफ्नो विचार व्यक्त गरेका छन्। यस्तो अवस्थामा एक-एक हिब्रू शब्दको सम्भवतः अर्थ निकाल्न हाम्रो टिप्पणीको उद्देश्य नै होइन; किनभने यो त हददेखि बाहिरको प्रयास ठहरिनेथियो। यसकारण हामी यहाँ, यस ठाउँमा एक-एक आशीर्वादको विषयमा भविष्यवाणीको दृष्टिकोण लिएर यसको संक्षिप्त अर्थ मात्र पेश गर्छौं।

**व्यवस्था ३३:१-५:** परमेश्वरका जन मोशाको अन्तिम कामचाहिँ इस्राएली जातिका बाह्रैवटा कुलहरूलाई आशीर्वाद दिनु थियो।

व्यवस्था ३३ः२-५ पदहरूमा परमेश्‍वरको प्रेम र वास्ताको प्रशंसा गरिएको छ, जुन प्रेम र वास्ता उहाँका जनहरूलाई मिलेको थियो। उहाँले सिनाई पर्वतमा तिनीहरूलाई व्यवस्था दिनुभयो। सेईर र पारान पहाड़को बाटो भएर तिनीहरूको कनान देशतर्फको यात्रा अघि बढ़िरहेको थियो। मोशाले कविताको भाषा प्रयोग गरेर परमप्रभुलाई ‘यशूरून्का राजा’ भन्ने नाम दिए, जसले राजा भएर आफ्नो प्रजालाई विजयतिर डोर्‍याउनुभयो। त्यसपछि इस्राएलीहरूको एक-एक कुलको निम्ति मिल्ने एक-एक आशीर्वाद प्रस्तुत गरिएको छ, जस्तैः

**व्यवस्था ३३ः६ः** *रूबेनः* रूबेन-कुलको इलाका यर्दनको पूर्वपट्टि परेको थियो, मोआब देशको सिमानाको उत्तरमा परेको थियो। यस परिस्थितिमा रूबेन-कुललाई आक्रमण गर्न सजिलो हुनेथियो। यसकारण ‘रूबेनका सन्तानहरू नाश नहोऊन्, तर संख्यामा वृद्धि भएर जाऊन्’ भन्ने प्रार्थना चढ़ाइएको छ।

यहाँ, यस ठाउँमा शिमोन-कुलको कुरा गरिएको छैन; तर यहाँ जन्मक्रमअनुसार यसको निर्धारित ठाउँ हुनुपर्नेथियो। तर शिमोन-कुल यहूदामा गाभियो र यस कुलसित मिसियो। यसकारण यहूदा-कुललाई दिइएको आशीर्वाद शिमोन-कुललाई पनि समेटेको हुन सक्छ।

**व्यवस्था ३३ः७ः** *यहूदाः* कनान देश कब्जा गर्दा यहूदा-कुलले लड़ाइँमा अग्रसर भई अगुवा हुने भूमिका निभाउनेथियो। परमप्रभुलाई विन्ती गरिएको छः ‘हे प्रभु, यसका योद्धाहरूलाई सहायता गर्नुहोस्, र यिनीहरू लड़ाइँबाट सकुशलतासाथ आफ्ना जनहरूकहाँ फर्किआऊन्!’

**व्यवस्था ३३ः८-११ः** *लेवीः* परमेश्‍वरको तुम्मीम र उहाँको ऊरीम लेवीहरूका भए; मानिसहरूले मस्सा र मरीबाको पानीनिर यही कुललाई आलोचना गरेका थिए। लेवी-कुल त्यही कुल थियो, जुनचाहिँ परमप्रभुको पक्षमा आफ्नै मानिसहरूको विरुद्धमा खड़ा भयो, जब ती मानिसहरूले सुनको बाछाको पूजा गरेका थिए। लेवीहरू मानिसहरूलाई शिक्षा दिन र बलिहरू चढ़ाउन अलग गरिएका थिए। मोशाले तिनीहरूको निम्ति प्रार्थना गरेर ‘तिनीहरूको धनसम्पत्तिमाथि आशिष रहोस्, तिनीहरूको सेवा ग्रहण गर्नुहोस् र तिनी-हरूलाई अवहेलना गर्नेहरूलाई नाश गर्नुहोस्’ भन्ने विन्ती चढ़ाए।

**व्यवस्था ३३ः१२ः** *बिन्यामिनः* परमप्रभुको मन्दिरचाहिँ पृथ्वीमा परमेश्‍वरको वासस्थान थियो। अनि त्यो मन्दिर बिन्यामिनको इलाकाभित्र अवस्थित हुने-थियो, जुन इलाका चारैतिरबाट डाँड़ाहरूले घेरिएको हुनेथियो। यसकारण बिन्यामिन-कुलको चित्र पूरा सुन्दर देखिन्छः अतिप्रिय कुल यही हुँदो रहेछ, जसका मानिसहरूले परमप्रभुसँग घनिष्ठ सङ्गति उपभोग गर्नेथिए।

**व्यवस्था ३३ः१३-१७ः** *यूसुफः* यूसुफका सन्तानहरूको साँधसिमानाभित्र परेको जमिनचाहिँ माथिबाट आकाशको शीतद्वारा र जमिनभित्रबाट पानीका मुहान-हरूद्वारा सिंचिनेथियो वा भिजिनेथियो। यसकारण यो जमिन अति फलदायक हुनेथियो; उहाँ जसले आफूलाई जलिरहेको पोथ्रामा प्रकट गर्नुभएको थियो, उहाँको निगाह र शुभेच्छा त्यसमाथि रहिरहनेथियो। यूसुफका दुईजना छोराहरू महिमाले पूर्ण र शक्तिशाली बन्नेथिए र विभिन्न जातिहरूमाथि विजय हुनेथिए। जन्मसिद्ध ज्येष्ठ-अधिकार एप्रैमको थियो; यसकारण उसलाई लाखौं-लाख सन्तानको प्रतिज्ञा दिइएको थियो भने, मनस्सेलाई हजारौंहजार सन्तानको मात्र प्रतिज्ञा दिइएको थियो।

**व्यवस्था ३३ः१८-१९ः** *जबूलून* र *इस्साकारः* तिनीहरू देश-विदेशमा सफल हुनेथिए; तिनीहरूले यरूशलेम परमप्रभुको

पर्वतमा जाति-जातिका मानिसहरूलाई उहाँको सेवा र आराधना गर्न अगुवाइ गर्नेथिए। यी दुईवटा कुलहरू समुद्रहरूको भरपूरी र तिनका किनारमा भएको धन खाएर पूरा तृप्त हुनेथिए। यो इतिहासको कुरा होः अहिलेसम्म तिनीहरूले जाति-जातिहरूलाई परमप्रभुको सेवा-आराधनामा अगुवाइ गरेको कुनै विवरण पाइँदैन; अनि यी दुवै कुलहरूका इलाकाहरू बितेको समयमा चारैतिरबाट सधैं भूभागले घेरिएको हुन्थ्यो। यसकारण हाम्रो अनुमानअनुसार यहाँ पेश गरिएको आशीर्वाद ख्रीष्ट येशूको हजार वर्षको राज्यमा पूरा हुनुपर्नेछ।

**व्यवस्था ३३ः२०-२१ः** *गादः* परमेश्वरले यस कुललाई यर्दनको पूर्वमा ठूलो भूमि दिनुभयो। गादले यो देश कब्जा गर्न र यसको रक्षा गर्न सिंहले जस्तै लड़ाइँ गरेको थियो। त्यसले आफ्नो लागि चुनेको भूमि क्या राम्रो थियो! त्यो भूमि अति राम्रो खर्क थियो, जुनचाहिँ अगुवाजनको भागको रूपमा छुट्ट्याएर राखिएको थियो। तर गादले अरू कुलका अगुवाहरूसँग काँधमा काँध मिलाएर यर्दनको पश्चिममा भएको प्रतिज्ञाको देश कब्जा गर्न सहयोग पुर्‍यायो। यसरी नै यस कुलले परमपरभुको धर्ममय इच्छा पूरा गर्‍यो।

**व्यवस्था ३३ः२२ः** *दानः* दानलाई सिंहको डमरुसँग तुलना गरिएको छ, जुनचाहिँ हिंस्रक र बलियो छ, र जसले ढुकेर बसेको ठाउँबाट शत्रुलाई अकस्मात् आक्रमण गर्छ। शुरुमा दानको सिमाना कनान देशको दक्षिण-पश्चिममा परेको थियो; तर कतिजना दानीहरूले उत्तरी-पूर्वतिर आफ्नो बसाइ सरे, र बाशानको सिमानाको छेउमा अतिरिक्त इलाकाहरू कब्जा गरे।

**व्यवस्था ३३ः२३ः** *नप्तालीः* नप्ताली-कुलको इलाका कनान देशको उत्तरी-पूर्वमा परेको थियो, र यसको सिमाना दक्षिणमा गालीलको समुद्रलाई पनि छोयो। यो कुल परमप्रभुको निगाह र आशिषको भरपूरीले सुसम्पन्न थियो।

**व्यवस्था ३३ः२४-२५ः** *आशेरः* आशेर-कुलको आशिष यस प्रकारको थियोः यसका प्रशस्त सन्तानहरू हुनेथिए, अरू कुलहरूसँग यसको असल सम्बन्ध कायम रहनेथियो र यसको भूमि जैतुनको तेलले पोखिनेथियो। फलाम र पित्तलजस्ता धातुहरू जुत्ता बनाउन कति असामान्य सामग्रीहरू हुँदा रहेछन्। श्री काइलले जुत्ताको सट्टामा 'किल्लाहरू' भनेर अनुवाद गरेका छन्। श्री एफ. डब्ल्यू. ग्रान्टले व्यवस्था ३३ः२५ पदको अन्तिम वाक्यको चाखलाग्दो अनुवादको विषयमा निम्न सुझाउ दिएका छन्ः

> 'वर्तमान विद्वान्हरूले "शक्ति" भन्ने शब्दको बदलीमा "विश्राम" पढ्छन्। यसो हो भने, शक्ति र विश्राम – यी दुवै कुराहरूले इस्राएली-हरूको स्थायी सुरक्षा कति राम्रोसँग व्यक्त गर्नेथिए। अनि हुन सक्छ, "तिम्रा दिनहरू-अनुसार तिम्रो शक्ति भएको होस्" भन्ने हामीलाई प्रिय लागिरहेको वाक्य खारिज गर्न हामी हतपत तयार नहोऔं; ठिक्कै छ; तर तपाईं आफै भन्नुहोस्ः "तिम्रा दिनहरूअनुसार तिम्रो विश्राम भएको होस्" भन्ने वाक्यचाहिँ पक्का पनि यस उदेकलाग्दो आशीर्वादको निम्ति नमिल्ने अन्त हुनेथिएन; यसमा कुनै शङ्का छैन।' 21)

**व्यवस्था ३३ः२६-२९ः** यी अन्तिम पदहरूमा परमेश्वरको महानताको बढ़िबढ़ाउ गरिएको छ; किनभने उहाँले आफ्नो महानता आफ्ना जनहरूको पक्षमा काममा लगाउनु-भएको हो। यशूरून्का परमेश्वर अद्वितीय परमेश्वर हुनुहुन्छ; उहाँ स्वर्गदेखि सहायता गर्नुहुन्छ। व्यवस्था ३३ः२७ पदका शब्दहरूले लाखौं मानिसहरूलाई आड़ दिएका छन्ः *'अनन्त परमेश्वर तिम्रा शरणस्थान*

*हुनुहुन्छ, र मनिपट्टि अनन्त पाखुराहरू हुन्छन् ।'*

परमेश्वरको प्रतिज्ञा जारी रहेको थियो। यसैकारण उहाँले भविष्यमा इस्राएली जातिका शत्रुहरूलाई नाश गर्नुहुनेथियो; इस्राएलीहरू सुरक्षित हुनेथिए; तिनीहरूको शान्ति र समृद्धि हुनेथियो; अनि तिनीहरूले विजय प्राप्त गर्नेथिए। यसरी नै मोशाको स्तुतिगान समाप्त भयो ।

## घ) व्यवस्था ३४ः मोशाको मृत्यु

**व्यवस्था ३४ः१-८ः** यहाँ, परमेश्वरको वचनको यस भागमा अरू कसैले मोशाको मृत्युको वर्णन लेखे। यसो भए पनि यस कुराले पेन्टटुकको बाँकी भाग मोशा आफूले लेखेका थिए भन्ने तथ्यमाथि कुनै खास प्रभाव पार्दैन ।[22] मोशाले प्रतिज्ञाको देश देख्न पाए; त्यसपछि नबो पहाड़मा उनको मृत्यु भयो, अनि परमप्रभुले हाम्रो निम्ति अज्ञात स्थानमा उनको दफन गर्नुभयो। परमेश्वरले मोशाको चिहान गुप्तमा राख्ने कारण यही थियोः उहाँले मानिसहरूलाई यी महान् व्यवस्थापकको समाधि निर्माण गर्नदेखि रोक्न चाहनुभयो, नत्र ता तिनीहरूले अवश्य त्यहाँ गएर उनको पूजा गर्नेथिए। मोशा आफ्नो मृत्युमा एक सय बीस वर्ष भएका थिए; तर उनी अझै पनि बलिया र फूर्तिला थिए; अनि उनको बुद्धि तेज थियो। यो कुरा व्यवस्था ३१ः२ पदसँग मेल नखाने होइन। किनभने मोशाले अबदेखि उसो मानिसहरूको अगुवाइ गर्न नसक्ने कारण शारीरिक होइन, तर आत्मिक थियो। परमेश्वरले उनलाई सीधा भन्नुभएको थियोः उनले गरेको पापले गर्दा उनले परमेश्वरका जनहरूलाई कनान देशभित्र ल्याइपुर्‍याउन पाउनेथिएनन्। यसकारण बुझ्नुहोस्ः मोशाको शरीर कमजोर भएको थिएन; तर उनी अयोग्य ठहरिएको हुनाले उनले यसो गर्न सकेनन्।

**व्यवस्था ३४ः९ः** तब यहोशूले आफ्नो कार्यभार उठाए र सेनापतिको रूपमा आफ्नो काम शुरु गरे। गन्ती २७ः१८-२३ पदको खण्डमा उल्लेख गरिएको परमप्रभुको वचनअनुसार मोशाले यहोशूलाई आफ्ना उत्तराधिकारीको रूपमा सुनिश्चित गरे। यसरी नै उनका सेवक उनको ठाउँमा उनको उत्तराधिकारी बने। योचाहिँ मोशाको नम्रताको निम्ति अर्को साक्षी हो।

**व्यवस्था ३४ः१०-१२ः** अन्तमा यहाँ मोशालाई दिइएको सम्मान र श्रद्धाञ्जली अरू कुनचाहिँ मानिसलाई दिन सकिनेथियो? यसको योग्य को हुन सक्नेथियो? यो कुरा पक्का हो, यी अन्तिम पदहरू लेखिएको समयमा पृथ्वीमा ख्रीष्ट येशू देखा पर्नुभएको थिएन। यसकारण हामी बुझौंः व्यवस्था ३४ः१० पदमा बताइएको कुरा ख्रीष्टको पहिलो आगमन भएको बेलासम्म मात्र लागू हुनेथियो।

*'अनि मोशा उहाँको सम्पूर्ण घरमा साँच्ची नै एउटा सेवकको रूपमा विश्वासयोग्य थिए'* (हिब्रू ३ः५)। उनी आफ्नो पापको खातिर मर्नुपर्‍यो; उनको चिहानको कुनै पत्ता छैन। तर उनको प्रतिरूप प्रभु येशूचाहिँ *'आफ्नै घरमाथि पुत्रको रूपमा विश्वासयोग्य हुनुहुन्थ्यो'* (हिब्रू ३ः५-६)। उहाँ हाम्रा पापहरूको निम्ति मर्नुभयो; उहाँको चिहान रित्तो छ; किनभने उहाँ पिताको दाहिने हातपट्टि बस्नलाई स्वर्गमा चढ़िजानुभयो। *'यसकारण हे पवित्र भाइहरूहो, स्वर्गीय बोलावटका भागीदारहरूहो, हामीले स्वीकार गरेका प्रेरित र महापूजाहारीलाई अर्थात् ख्रीष्ट येशूलाई ध्यान देओ! ... किनकि जसरी घरको भन्दा घरको निर्माणकर्ताको बढ़ता आदर हुन्छ, त्यसरी नै उहाँ पनि मोशाभन्दा बढ़ता गरी महिमाको योग्य ठहरिनुभयो।'* (हिब्रू ३ः१ र ३)।

## ENDNOTES:

1) **2:1–23:** “Giants” (transliterated *rephâ’îm*), were an ancient race of giants, from whom Og was descended. The word ‘rephaim’ came to mean any people of large stature.
2) **3:1–11:** J. A. Thompson, *Deuteronomy: An Introduction and Commentary*, p. 93.
3) **4:44–49:** The Syriac Version reads ‘Sirion’.
4) **5:22:** J. A. Thompson, *Deuteronomy*, p. 119.
5) **8:1 Introduction:** Ibid., p. 134.
6) **10:1 Introduction:** The chapter and verse divisions in the Bible were made centuries after the originals were written.
7) **15:1–3:** Matthew Henry, *“Deuteronomy,” Matthew Henry’s Commentary on the Whole Bible*, I:786.
8) **15:4–6:** E. W. Bullinger, *The Companion Bible*, p. 259.
9) **16:1–8:** D. L. Moody, *Notes from My Bible*, pp. 44, 45.
10) **16:16-17:** Ibid., p. 45.
11) **18:9–14:** Henry G. Bosch, *Our Daily Bread*, Grand Rapids: Radio Bible Class, June–July–August 1989, August 31.
12) **20:1–8:** Matthew Henry, *“Deuteronomy,”* I:806.
13) **20:10–20:** See Introduction to Jonah for some details.
14) **22:13–21:** Another possible meaning is that “tokens of virginity” should be translated “tokens of adolescence,” that is, that the girl was menstruating regularly. A man who married such a girl would expect to have evidence of this after his marriage unless, of course, she became pregnant by him at once. What was needed was evidence that at the time of marriage the girl was not pregnant and was menstruating. If she had been guilty of sexual misconduct after betrothal, any pregnancy before marriage would eventually show up and a child would be born before nine months had elapsed. The law of verses 13–21 might therefore be concerned with the bride’s conduct during her betrothal period prior to marriage and the ’tokens of adolescence’ might have been a pregnancy test. (J. A. Thompson, *Deuteronomy*, pp. 236. See also discussion on p. 235.)
15) **23:1–8:** The category may refer specifically to offspring of incestuous relations among Jews, or of mixed relations with pagans.
16) **24:5:** “Kinsman redeemer” is the older term from the KJV.
17) **24:17–22:** Ronald Sider, *Rich Christians in an Age of Hunger*, p. 92.
18) **26:1–11:** Phillip Keller, *A Shepherd Looks at Psalm 23*, pp. 46, 47.
19) **29:1:** C. F. Keil and F. Delitzsch, *“Deuteronomy.” In Biblical Commentary on the Old Testament*, III:446.
20) **31:9–13:** C. H. Mackintosh, *“Deuteronomy,” in Notes on the Pentateuch*, p. 895.
21) **33:24-25:** F. W. Grant, *“Deuteronomy,” in The Numerical Bible*, I:622.
22) **34:1–8:** See “Introduction to the Pentateuch” for a defense of the Mosaic authorship of the Pentateuch in this commentary.

## BIBLIOGRAPHY


Grant, F. W. "Deuteronomy." In *The Numerical Bible*. Vol. I. Neptune, NJ: Loizeaux Brothers, 1977.

Henry, Matthew. "Deuteronomy." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. I. MacLean, VA: MacDonald Publishing Company, n.d.

Keil, C. F. and Delitzsch, F. "Deuteronomy." In *Biblical Commentary on the Old Testament. The Pentateuch*, Vol. III. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kline, Meredith G. "Deuteronomy." In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Mackintosh, C. H. "Deuteronomy." In *Notes on the Pentateuch*. Neptune, NJ: Loizeaux Brothers, 1972.

Shultz, Samuel J. *Deuteronomy: The Gospel of Love*. Everyman's Bible Commentary. Chicago: Moody Press, 1971.

Thompson, J. A. *Deuteronomy: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1974.

Towns, Elmer L. "Deuteronomy." In the *Liberty Bible Commentary*. Lynchburg, VA: The Old-Time Gospel Hour, 1982.